# झङ्कार



सार्वजनिक सेवा प्रसारण नेपाल

## रेडियो नेपाल

रेडियो नेपालको मुख~पत्र

# हार्दिक मङ्गलमय शुभकामना

नव वर्ष २०८३ को आगमनको शुभ अवसरमा समस्त आदरणीय श्रोताहरूमा सुख, समृद्धि र समुन्नतिको हार्दिक शुभकामना व्यक्त गर्दै रेडियो नेपालबाट प्रसारित कार्यक्रमका सम्बन्धमा सुझाव, सल्लाह र प्रतिक्रिया पठाउनु हुन विनम्र अनुरोध गर्दछौं।

रेडियो नेपालको प्रसारण मिडियम वेभका विभिन्न फ्रिक्वयन्सीहरू, एफ.एम. ब्याण्डमा मुलुकका विभिन्न भागमा रहेका ३६ वटा एफ.एम. रिले प्रसारण केन्द्रका फ्रिक्वयन्सीहरू ९८, १०० र १०३ मेगाहर्ज, रेडियो नेपालको वेबसाइट www.radionepal.gov.np र **www.radionepalonline.com** अनि रेडियो नेपाल मोबाइल एप, ओटिटि एप, रेडियो नेपाल युटुब च्यानल र रेडियो नेपालको फेसबुक पेजबाट पनि रेडियो नेपालको प्रसारण सजिलैसँग सुन्न सकिन्छ।

**सार्वजनिक सेवा प्रसारण नेपाल**
**रेडियो नेपाल परिवार**

## सम्पादकीय

**प्रमुख सल्लाहकार**
डा. महेन्द्र विष्ट
कार्यकारी अध्यक्ष

**सल्लाहकार**
विष्णुराम न्यौपाने
का.मु. प्रमुख प्रशासकीय अधिकृत

**प्रधान सम्पादक**
ताराप्रसाद वस्ती
(कार्यक्रम महाशाखा प्रमुख)

**सम्पादक मण्डल**
अर्जुन श्रेष्ठ
यशोदा अधिकारी
सन्तोष पौडेल

**प्रकाशक**
सार्वजनिक सेवा प्रसारण नेपाल
रेडियो नेपाल

**मुद्रक**
ग्लोवल नेपाल प्रिन्टङ प्रेस सर्विस
प्रा.लि. अनामनगर, काठमाडौं ।

नेपालको सञ्चार इतिहासको गौरवपूर्ण अध्याय कोरेको रेडियो नेपाल ७६ औँ वर्षमा प्रवेश गरेको छ। लामो अनुभव, विश्वास र ऐतिहासिक विरासत बोकेको रेडियो नेपाल नयाँ युगअनुसार आफूलाई पुनःपरिभाषित गर्ने मोडमा उभिएको छ। यस सुखद अवसरमा सम्पूर्ण श्रोता, शुभेच्छुक तथा विज्ञापनदाताहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ।

रेडियो नेपालले साढे सात दशकभन्दा लामो यात्रामा नेपाली जनजीवनसँग आत्मीय सम्बन्ध स्थापित गर्दै सूचना, शिक्षा र मनोरञ्जनका क्षेत्रमा आफूलाई भरपर्दो सञ्चार माध्यमका रूपमा स्थापित गरिरहेको छ। सत्य, तथ्य र निष्पक्ष सूचनाको सम्प्रेषणमा सदैव प्रतिबद्ध रेडियो नेपालले नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्दै प्रविधिमा आधुनिकता, सामग्रीमा समावेशिता र नागरिकको सहभागितालाई मूल मन्त्र मान्दै आएको छ।

आपत्‌विपत् र महामारीजस्ता कठिन घडीहरूमा रेडियो नेपाल सधैँ नागरिकको साथमा उभिएको छ। जनताको पीडा, दुःख र आशालाई आवाज दिँदै समाजका हरेक वर्गसँग सहयात्रा गरेको यस संस्था सार्वजनिक सेवा प्रसारण नेपाल आगामी दिनहरूमा आफूलाई अझ समावेशी, उत्तरदायी र नागरिक केन्द्रित माध्यमका रूपमा रुपान्तरण गर्न अग्रसर छ। प्रविधिको तीव्र विकाससँगै सञ्चार क्षेत्रका नवीन अवसरलाई आत्मसात् गर्दै रेडियो नेपाल आवाजविहीनहरूको आवाज बन्ने प्रण गर्दछ।

नेपालको प्रसारण क्षेत्रको जननी माध्यम रेडियो नेपालको ७६औँ वार्षिकोत्सवको अवसरमा प्रकाशित 'झङ्कार' मार्फत् हामी देश, विदेशका तमाम शुभेच्छुक श्रोतामा पुनः हार्दिक शुभ कामना व्यक्त गर्दै झङ्कारका लागि विज्ञापन दिएर सहयोग गर्ने विज्ञापनदाता र लेखरचना उपलब्ध गराउनु हुने लेखकज्यूहरूप्रति आभार व्यक्त गर्दछौँ।

यहाँहरूको रचनात्मक सुझाव सदैव मार्गदर्शन हुनेछ।

झङ्कार

वर्ष ७५, चैत्र २०८२

# सार्वजनिक सेवा प्रसारण नेपाल

## सञ्चालक समिति



डा. महेन्द्र विष्ट
कार्यकारी अध्यक्ष



गौरव गिरी
सदस्य



अनिता गुरुङ
सदस्य



फूलमान वल तामाङ
सदस्य



डा. भूमिराज चापागाईं
सदस्य



विष्णुराम न्यौपाने
सचिव

# झङ्कार

## विषय सूची


१. सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय मान्यता र राष्ट्रिय अभ्यास ~ डा. महेन्द्र विष्ट ५
२. रेडियो नेपालको रूपान्तरण र नागरिकको भरोसा ~ डा. भूमिराज चापागाईं १३
३. प्रविधिबाट प्रभावित बन्दै 'सन्देश', अपवाद छैन रेडियो ~ धर्मेन्द्र झा २०
४. मैले चिनेको रेडियो नेपाल ~ अमृता लम्साल २४
५. विश्वविद्यालय शिक्षामा रेडियो पत्रकारिता: सिद्धान्त, अभ्यास र चुनौती ~ डा. देवराज अर्याल ३२
६. डिजिटल युगमा रेडियोको नयाँ मार्गचित्र ~ डा. घमराज लुइँटेल ३९
७. एआईको युगमा रेडियो : प्रविधिगत रूपान्तरण, नैतिक चुनौती र भविष्य~ अजय शर्मा ५०
८. रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान प्राप्त स्रष्टाहरू ~ डा. टीका भण्डारी ६०
९. अन्तर्राष्ट्रिय मञ्चमा रेडियो नेपाल ~ डा. जनार्दन बिष्ट ७३
१०. मेरी आमाको जीवन रूपान्तरण गर्ने रेडियो ~ महेश्वरी बिष्ट रावल ७८
११. पत्रकारितामा प्रविधिमैत्री रूपान्तरण ~ जीवन भण्डारी ८४
१२. पिएसबीमा डिजिटल प्रविधि : २०८२ को निर्वाचन ~ प्रमोद दाहाल/अनिल हुमागाईं ८९
१३. रेडियो नेपाल युगौँयुग बजिरहनुपर्छ ~ युवराज शर्मा ९५
१४. नागरिक शिक्षा प्रवर्द्धनमा रेडियो नेपाल ~ उद्धव सिंह च्वाँगढी १०१
१५. राष्ट्रभाषामा प्रसारण : चुनौती र सम्भावना ~तिलबिक्रम चेम्जोङ १०९
१६. रेडियो नेपाल, उद्यमशीलता र युवा ~ अर्जुन श्रेष्ठ १२२
१७. युवा पुस्तामा रेडियोको सान्दर्भिकता ~ यशोदा अधिकारी १२६
१८. स्टुडियो नम्बर ६: एक अर्ग्यानिक नोष्टाल्जिया ~ दीपक समीर १३४
१९. त्यो रेडियो नेपाल ~ सन्तोष पौडल १३८
२०. रेडियो प्रसारण र यसको महत्त्व ~ मनोजकुमार साह १४७
२१. जलवायु परिवर्तन: जनचेतना अभिवृद्धिमा रेडियो नेपालको भूमिका ~ बालिका मादेन १५२
२२. तारिणीप्रसाद स्मृति सञ्चारग्राम : रेडियो नेपालको नयाँ आयाम ~ बलराम दाहाल १५९
२३. युवा पुस्ताको दृष्टिमा रेडियो नेपाल ~ निर्मला कुँवर १६९
२४. पुस्तक समीक्षा–रेडियो नेपालका ७५ वर्ष: १०१ स्रष्टा ~ दुर्गाप्राद घिमिरे १७६
२५. रेडियो नेपालको वार्षिक योजना र सम्पन्न गतिविधि २०८२ ~ सुरेन्द्रप्रसाद यादव १८०
२६. वार्षिक तालिम गतिविधिको एक झलक ~ कुमार धिताल १८५
२७. विशेष कार्यक्रम उत्पादन तथा प्रसारण ~ टंकनाथ खनाल १९६
२८. रेडियो नेपालको केन्द्रीय तथा प्रादेशिक प्रसारण तालिका २०४


*झङ्कारमा प्रकाशित लेख, रचनामा व्यक्त विचार लेखकका निजी हुन् ।*

**रेडियो नेपालको मुख~पत्र**

# झङ्कार




रेडियो नेपालको मुख–पत्र

# झङ्कार

## सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय मान्यता र राष्ट्रिय अभ्यास



*डा. महेन्द्र विष्ट*

नेपालमा सार्वजनिक सेवा प्रसारणको अभ्यास अहिले शैशवकालमा छ। यसको अवधारणामा छलफल हुन थालेको दुई दशक र नीतिगत व्यवस्था भएको एक दशक भएपनि सार्वजनिक सेवा प्रसारण ऐन जारी भएको डेढ वर्ष मात्र हुँदैछ। कानुनी व्यवस्था, नीतिगत तथा संरचनागत स्थिति, विषयवस्तु र प्रस्तुतिको पुनर्संरचना, कर्मचारी समायोजन एवम् नयाँ संगठन ढाँचाको कार्यान्वयनका आधारमा यो अहिले संक्रमणकालीन अवस्थामा छ। विश्वमा सार्वजनिक सेवा प्रसारणको अभ्यास हुन थालेको एक शताब्दी भएको छ। लोकतान्त्रिक शासन प्रणाली भएका प्रायजसो मुलुकमा सार्वजनिक सेवा प्रसारणको स्थापना वा रूपान्तरण भएको छ। जहाँ भएको छैन, त्यहाँ पनि प्रक्रिया अघि बढिरहेको छ। कतिपय मुलुकमा सरकारले प्रसारण माध्यमको स्थापना गर्दै सार्वजनिक सेवा प्रसारणको स्वरूपमा गर्ने गरेको छ भने कतिपयमा सरकार मातहत रहने गरी स्थापना भएका प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण गर्ने गरिएको छ।

### नेपाली मिडियाको चुनौती

नेपालमा पत्रकारिताको जग बसेको करिब डेढ शताब्दी भएपनि यसको व्यावसायिक अभ्यास हुन थालेको २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि मात्र हो। यद्यपि राजनीतिक अस्थिरता, आर्थिक सङ्कट, प्राकृतिक विपत्ति र महामारीको कारण नेपाल मिडियाको विज्ञापन बजार खुम्चिदै गएकोमा पछिल्लो समयमा सूचना प्रविधिमा आएको परिवर्तनलाई सहीरूपमा आत्मसात् गर्न नसक्दा परम्परागत सञ्चारमाध्यम बहुआयामिक सङ्कटमा धकेलिएका छन्। विज्ञापन बजार खुम्चिएको छ भने परम्परागत माध्यमको बजार एवम् पाठक/श्रोता/दर्शक नयाँ माध्यमतिर सर्दै गएका छन्। यसले गर्दा व्यावसायिक सञ्चारमाध्यमहरू संस्था धान्नकै लागि बजारसँग सम्झौता गर्न तयार हुनुपर्ने बाध्यतामा जाँदा यसको विश्वसनीयतामाथि प्रश्न उठिरहेको अवस्था छ।

सार्वजनिक सेवा प्रसारण नागरिकको आवाज बोक्ने, सत्यको पक्षमा उभिने, सही सूचना प्रवाह गर्ने माध्यमका रूपमा लिइन्छ। यसले आधिकारिक सूचनाको प्रवाह र जिम्मेवार पत्रकारिताको अभ्यास गर्ने भएकोले यसप्रतिको विश्वसनीयता बढी रहन्छ। शेयरकास्ट इनिसियटिभले गरेको मिडिया सर्भेक्षण अनुसार रेडियो नेपाल र नेपाल टेलिभिजन आ–आफ्नो माध्यममा आधिकारिक र विश्वसनीय सूचनामा पहिलो स्थानमा छन् भने मिडियम प्रयोगका दृष्टिले दोस्रो स्थानमा छन्। रेडियो नेपाल र नेपाल टेलिभिजन दुवै संस्थाको आय–व्ययको स्थिति विश्लेषण गर्दा दुवै संस्था आन्तरिक स्रोतबाट

धान्न सक्ने अवस्थामा छैनन् । सार्वजनिक सेवा प्रसारणको अवधारणा अनुसार विज्ञापनबाट सञ्चालन हुने वा व्यापारिक दृष्टिले प्रतिष्पर्धी या नाफामुखी हुने यसको प्रकृति पनि होइन । त्यस्तो अभ्यास गर्नु सान्दर्भिक हुँदैन । यसैले पनि दीगो सञ्चालनका लागि दीगो स्रोतको सुनिश्चितता आवश्यक हुन्छ । रेडियो नेपाल र नेपाल टेलिभिजनको वर्तमान अवस्था विश्लेषण गर्दा यसको सबैभन्दा ठूलो चुनौती नै यही हो ।

## रेडियो नेपालको वर्तमान अवस्था

२००७ साल चैत २० गते स्थापना भएको नेपालको पहिलो प्रसारण संस्था रेडियो नेपालले हाल ३६ एफएम रिले प्रसारण सहित ३ मिडियम वेभ, ७ प्रादेशिक प्रसारण केन्द्र र एक सञ्चारग्राम एवम् अनलाइन तथा डिजिटल प्लेटफार्ममार्फत प्रसारण गरिरहेको छ । ९४ प्रतिशत जनसंख्यामा पहुँच रहेको रेडियो नेपालले २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम सञ्चालन गर्दै आएको छ । कुल ५५८ जना स्थायी दरबन्दी रहेकोमा ३०८ जना स्थायी तथा २२३ जना करार, ज्यालादारी, सिफ्ट र बुलेटिनमा कार्यरत छन् । सेवा निवृत्त भई नियमित निवृत्तिभरण लिइरहेका कर्मचारीको संख्या ३०९ छ । रेडियो नेपालको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट ७८ करोड १३ लाख ६८ हजार ७९९ रहेको छ ।

## नेपाल टेलिभिजनको वर्तमान अवस्था

२०४१ साल माघ १७ गते परियोजनाको रूपमा स्थापना भई २०४२ पुस १४ गतेदेखि नियमित प्रसारण गर्दै आएको नेपालको पहिलो टेलिभिजन प्रसारण संस्था नेपाल टेलिभिजनले टेरेष्ट्रियल एवम् स्याटेलाइट प्रविधिमार्फत ६ वटा एचडी च्यानल र अनलाइन तथा डिजिटल प्लेटफर्म सञ्चालन गर्दै आएको छ ।

७२ प्रतिशत जनसंख्यामा पहुँच रहेको नेपाल टेलिभिजनका विभिन्न च्यानलले तामाङ, गुरुङ, नेपाल, लिम्बु, मैथिली, डोट्याली, थारु, संस्कृत, नेपाली, अङ्ग्रेजी र साङ्केतिक गरी ११ भाषामा समाचार र १४ भाषामा कार्यक्रम सञ्चालन गर्दै आएको छ । कुल ४३४ जना स्थायी दरवन्दी रहेकोमा २०८ जना स्थायी तथा १४१ जना करार, ज्यालादारीमा कार्यरत छन् । नेपाल टेलिभिजनको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट १ अर्व २१ करोड ८५ लाख ५३ हजार ९९० रहेको छ ।

## सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण प्रक्रिया

नेपालमा २००७ सालमा रेडियो नेपालको स्थापना गर्दा सरकारी विभागअन्तर्गत रहेकोमा पछि रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१ बमोजिम सञ्चालन हुने व्यवस्था गरियो । यस्तै २०४१ सालमा नेपाल टेलिभिजन स्थापना गर्दा सरकारले परियोजनाको रूपमा अघि बढाएकोमा २०४२ सालमा प्रसारण प्रारम्भ गर्दा सञ्चार संस्थान ऐन, २०२८ बमोजिम सञ्चालन हुने प्रबन्ध गरियो । लामो समयसम्म दुवै संस्था सरकारी सञ्चारमाध्यमका रूपमा रहे ।

२०४६ सालमा भएको जनआन्दोलनको परिणामस्वरूप नेपालमा प्रजातन्त्रको पुनस्थापना भई २०४७

सालमा जारी संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेसँगै सरकारी सञ्चारमाध्यमलाई प्रजातान्त्रिकरण गर्ने अवधारणा विकास भयो । २०६२/६३ को क्रान्तिपछि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएसँगै सार्वजनिक सेवा प्रसारणको अवधारणामाथिको बहसले गति लियो । यस अवधिमा गठन भएका विभिन्न समितिले यो अवधारणालाई स्पष्ट गर्दै लगे भने पत्रकारिता क्षेत्रमा पनि यसको माग बढ्दै गयो ।

राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा सार्वजनिक सेवा प्रसारणको स्थापना गरी रेडियो नेपाल र नेपाल टेलिभिजनलाई रूपान्तरण गर्ने उल्लेख गरिएपछि यसको कानुनी व्यवस्था गर्न सार्वजनिक सेवा प्रसारण विधेयक तर्जुमा गरियो । संघीय संसदमा २०७७ सालमा पेश भएको यो विधेयक संसदको दुवै सदनबाट पारित भई २०८१ असोज २२ गते राष्ट्रपतिबाट प्रमाणीकरण भयो । ऐनमा भएको व्यवस्थाबमोजिम प्रमाणीकरण भएको एकतिसौँ दिन अर्थात् २०८१ कार्तिक २३ गतेबाट ऐन लागू भयो ।

सार्वजनिक सेवा प्रसारण ऐनमा व्यवस्था भएबमोजिम लोक सेवा आयोगका अध्यक्षको संयोजकत्वमा गठित सिफारिस समितिले खुला प्रतिष्पर्धाको आधारमा योग्यताक्रमसहित गरेको सिफारिस बमोजिम मन्त्रिपरिषद्को २०८१ मङ्सिर २८ गतेको निर्णयअनुसार सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्षको नियुक्ति भई २०८१ पुसदेखि नयाँ सञ्चालक समितिले सार्वजनिक सेवा प्रसारणको कार्यसञ्चालन प्रारम्भ गर्‍यो । सार्वजनिक सेवा प्रसारण ऐन बमोजिम रेडियो नेपाल र नेपाल टेलिभिजन एउटै छातामुनि समेटिएर सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भए ।

ऐन जारी भएको नौ महिनापछि २०८२ असारमा सार्वजनिक सेवा प्रसारण नियमावली जारी भयो । विज्ञ समूहको परामर्श र सरोकारवाला पक्षको सहभागितामा तयार भएका कर्मचारी सेवा शर्त विनियमावली र आर्थिक प्रशासनसम्बन्धी विनियमावली सार्वजनिक सेवा प्रसारण नेपाल सञ्चालक समितिको निर्णयबमोजिम नेपाल सरकारको स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा प्रस्तुत भइसकेको अवस्था छ । विज्ञहरूको सहभागिता संगठन तथा व्यवस्थापन (O&M) सर्भे तयार भई संस्थाभित्र छलफलको चरणमा छ भने सङ्क्रमणकालीन व्यवस्थापनका अन्य कार्यहरू पनि धमाधम भइरहेको स्थिति छ ।

बजेटको सीमितता र पछिल्लो समयमा घटित नयाँ राजनीतिक घटनाक्रमसँगै मुलुक नयाँ सङ्क्रमणमा रहेका कारण सोचेजस्तो गति लिन नसके पनि सार्वजनिक सेवा प्रसारणले रूपान्तरणको प्रक्रियालाई यस अवधिमा उल्लेख्य रूपमा अघि बढाएको छ । सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय मान्यता र राष्ट्रिय आवश्यकता अनुसार रेडियो नेपाल र नेपाल टेलिभिजनको समाचार र कार्यक्रमलाई पुनः प्राथमिकीकरण गरिएको छ भने प्रस्तुतिको शैलीमा बदलाव आएको छ । सार्वजनिक सेवा प्रसारणले विषयवस्तुका दृष्टिले तीन प्राथमिकता निर्धारण गरेको छ – राष्ट्रिय एकता, समृद्धि र विपतमा नागरिकको जीवन रक्षा । यस्तै माध्यमका दृष्टिले पनि तीन क्षेत्र रहेका छन्– रेडियो प्रसारण, टेलिभिजन प्रसारण र अनलाइन तथा डिजिटल प्लेटफार्म ।

सार्वजनिक सेवा प्रसारणको नयाँ अवधारणा, अन्तर्राष्ट्रिय मान्यता र अभ्यासलाई आत्मसात् गर्दै

राष्ट्रिय आवश्यकता अनुसार समाचारमा नयाँ नयाँ विषयले प्राथमिकता पाएका छन् भने थुप्रै नयाँ कार्यक्रमहरू थपिएका छन्। रेडियो नेपालतर्फ यस अवधिमा नागरिक शिक्षा लगायतका नयाँ नयाँ कार्यक्रमले प्रवेश पाएका छन् भने कार्यक्रमका विषयवस्तुमा विविधता थपिएको छ। नेपाल टेलिभिजनतर्फ अङ्ग्रेजी च्यानल एनटिभी वर्ल्डको सुरुवात र डिजिटल प्लेटफर्मको प्रभावकारी सञ्चालन हुँदा पहुँच विस्तार भएको छ। रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रसारणमा प्रविधिमा सुधारका साथै प्रविधि रूपान्तरणसहितका अन्य कार्यहरू पनि भएका छन्। कर्मचारीहरूको दक्षता वृद्धि, अन्तरघुलन र सार्वजनिक सेवा प्रसारणमैत्री कार्यव्यवहारका निम्ति पुनर्ताजगी–प्रशिक्षणका शृङ्खला पनि चलिरहेका छन्। श्रोता–दर्शकसँगको सम्बन्ध र सहभागिता वृद्धिका निम्ति विभिन्न कार्यक्रम हुनुका साथै अन्य संस्थागत पहल पनि भइरहेका छन्। यद्यपि सार्वजनिक सेवा प्रसारणका अन्तर्राष्ट्रिय मान्यता र अभ्यासका आधारमा हेर्दा यी प्रयासहरू महत्त्वपूर्ण भएपनि प्रारम्भिक चरणका कार्यहरू मात्र हुन् भन्न सकिन्छ।

## प्रसारण प्रणाली र सार्वजनिक सेवा प्रसारण

अन्तर्राष्ट्रिय तहमा मूलतः सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र व्यापारिक प्रसारण गरी तीन चक्के प्रसारण प्रणाली (Three tire broadcasting system) को अभ्यास भएको पाइन्छ। नेपालमा लामो समयसम्म यस्तो तीन चक्के प्रसारण प्रणालीमा सामुदायिक र व्यापारिक प्रसारणले व्यापकता लिएपनि सार्वजनिक सेवा प्रसारणको अभाव रह्यो। त्यसको सट्टा सरकारी प्रसारण प्रणालीको अभ्यास भयो। जुन लोकतान्त्रिक मुलुक सुहाँउदो नभएको कारण अन्ततः सार्वजनिक सेवा प्रसारणको बाटोमा जानु अपरिहार्य थियो। कतिपय अवधारणागत अस्पष्टता र कानुनी अपरिपक्वताले गर्दा अपेक्षित उपलब्धि हाँसिल हुन नसके पनि नेपाल अहिले अन्तर्राष्ट्रिय तहमा तीन चक्के प्रसारण प्रणालीको अभ्यासमा अघि बढिसकेकोमा भने दुई मत छैन।

## अन्तर्राष्ट्रिय अभ्यास

विश्वमा सार्वजनिक सेवा प्रसारणको अभ्यास एक शताब्दिअघि सन् १९२० को दशकबाट हुन थालेको हो। सन् १९२२ मा स्थापना भएको ब्रिटिस ब्रोडकास्टिङ कम्पनी सन् १९२७ जनवरी १ देखि ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसनको नामबाट सार्वजनिक सेवा प्रसारणमा परिणत भयो। स्रोत र जवाफदेहिताको हिसाबले संसदअन्तर्गत रहेको बीबीसी विश्वभर स्वतन्त्र, स्वायत्त र जवाफदेही सार्वजनिक प्रसारकको रूपमा चिनिन्छ। सन् १९२४ मा स्थापना भई तीन वटा संस्था टोकियो, ओसाका र नागोया स्टेसन गाभिएर सन् १९२६ मा जापान ब्रोडकास्टिङ कर्पोरेसन (एनएचके) को जन्म भयो। सन् १९५० देखि नयाँ प्रसारण कानुनअन्तर्गत सञ्चालित एनएचके प्राकृतिक विपत्तिको पूर्वसूचना, समाचार र जनचेतना एवम् शिक्षामूलक सामग्री प्रसारणमा विश्वमै उदाहरणीय सार्वजनिक प्रसारक मानिन्छ।

सन् १९८० को दशकदेखि विश्वमा सरकार नियन्त्रित रेडियो तथा टेलिभिजनलाई सार्वजनिक प्रसारकमा

परिणत गर्ने लहर चल्यो । यो क्रम युरोप, अमेरिका, अफ्रिका र एसियामा पनि बढ्दो छ । भारतमा सन् १९९० मा पारित प्रसार भारती (ब्रोडकास्टिङ कर्पोरेसन अफ इण्डिया) ऐन अनुसार रेडियो आकाशवाणी र दूरदर्शनलाई एकीकृत गरेर सन् १९९७ देखि सार्वजनिक सेवा प्रसारकको रूपमा सञ्चालन गरिँदै आएको छ । सरकारी र संस्थागत गरी दुई खाले कर्मचारी एवम् रेडियो र टेलिभिजन दुई अलग संगठन ढाँचामा रहेको प्रसार भारती अहिले पनि संगठनात्मक एकीकरण र कर्मचारी समायोजनका दृष्टिले सङ्क्रमणमै छ ।

विश्वका थुप्रै लोकतान्त्रिक मुलुकमा सार्वजनिक सेवा प्रसारकको स्थापना गरी सरकारी प्रसारण माध्यमलाई त्यसमा रूपान्तरण वा समाहित गर्ने क्रम चलिरहेको छ । यसो गर्दा त्यसको सञ्चालन ढाँचामा पनि विविधता देखिन्छ । यस्तो मिडिया पद्धति विकास गर्दा धेरैजसोमा राज्यले नै स्वतन्त्र, स्वायत्त र जवाफदेहिताको प्रत्याभूतिसहित बलियो सार्वजनिक सेवा प्रसारकको स्थापना गरेका छन् भने कतिपयमा कानुन र अभ्यासमा सुधार गर्दै सार्वजनिक सेवा प्रसारणलाई सुदृढ गरिँदै लगेको छ ।

## सार्वजनिक सेवा प्रसारणका मानक

सार्वजनिक सेवा प्रसारणका निश्चित मानक स्थापित छन् । यूरोपियन ब्रोडकाष्टिङ्ग युनियन (इबीयू) ले सन् २०१२ मा पुनः परिभाषित गरेका सार्वजनिक सेवा प्रसारणका ६ वटा प्राथमिकताहरूमा व्यापकता (universality), स्वायत्तता (independence), सर्वोत्कृष्टता (excellence), विविधता (diversity), जवाफदेहिता (accountability) एवम् नवीनता (innovation) पर्दछन् ।

युनेस्कोले सार्वजनिक सेवा प्रसारणका मुख्य मानकका रूपमा अभिव्यक्ति स्वतन्त्रता (freedom of expression), बहुलता र विविधता (pluralism and diversity), स्वतन्त्रता (independence), कोष (funding) एवम् नवीनतम् प्रविधि (new technology) लाई लिएको छ । युनेस्कोले पीएसबीको म्यान्डेट, सेवा प्रवाह, शासकीय संरचना, नियमन विधि र वित्तीय प्रणाली जस्ता सूचकका आधारमा विश्वका विभिन्न पीएसबीको मूल्याङ्कनसमेत गर्ने गर्दछ । युनेस्कोका साथै अन्य विभिन्न संस्थाहरूले गरेका अध्ययनले औँल्याए अनुसार, संस्थाको स्थायित्व र स्वायत्तता, उपयुक्त आर्थिक स्रोतको छनोट, गुणस्तरीय सामग्रीको उत्पादन एवम् उत्पादित सामग्रीहरूको प्रवर्धन र दर्शक–श्रोतासम्मको पहुँच एवम् नयाँ पिँढीलाई यसप्रति आकर्षित गर्नु सार्वजनिक सेवा प्रसारणका मुख्य चुनौती रहेका छन् ।

## आर्थिक ढाँचा

सार्वजनिक सेवा प्रसारणको स्थायित्व र दीगोपनाको प्रमुख आधार आर्थिक स्रोतको व्यवस्थापन हो । विश्वका विभिन्न देशले आत्मसात गरेको पीएसबी मोडलमा आर्थिक मोडल पनि फरक फरक खालको छ । यसमा मूलतः लाइसेन्स शुल्क, कर, सरकारी अनुदान, विज्ञापन तथा कार्यक्रम प्रायोजन र बाह्य सहयोग रहेका छन् । यसलाई मूलतः तीन वर्गमा बाँड्न सकिन्छ । पहिलो, राज्यले नै लाइसेन्स शुल्कमार्फत दरिलो आर्थिक आधार बनाई सुरक्षित र बलियो सार्वजनिक सेवा प्रसारण

बनाएका जस्तैः बेलायत, जर्मनी, बेल्जियम, नेदरल्याण्डस्, जापान आदि। दोस्रो, लाइसेन्स शुल्क जस्तो दरिलो आधार नभएका तर राज्यबाट गरिने सार्वजनिक अनुदान र विज्ञापनबाट सञ्चालन हुने सार्वजनिक सेवा प्रसारण जस्तैः फ्रान्स, अष्ट्रेलिया, क्यानडा, दक्षिण अफ्रिका आदि। तेस्रो, राज्यको तर्फबाट कम लगानी र व्यावसायिक प्रतिष्पर्धाबाट सञ्चालन हुने सार्वजनिक सेवा प्रसारण जस्तैः इटली, पोर्चुगल, स्पेन, न्यूजील्याण्ड आदि। मध्यमखालको वित्तीय प्रणाली अर्थात् व्यापारिक (Commercial) तथा सार्वजनिक (Public) स्रोत राखेर मिश्रित (Hybrid) मोडेलको अभ्यास विश्वका कतिपय सार्वजनिक सेवा प्रसारणमा भइरहेको छ। नेपाली सार्वजनिक सेवा प्रसारणको वितीय ढाँचा कतिपय अस्पष्टताका बाबजुद यस्तै मिश्रित अर्थात हाइब्रिड खालको रहेको मान्न सकिन्छ, जसले थुप्रै जटिलता उत्पन्न गराउने जोखिम रहेको छ। सार्वजनिक सेवा प्रसारणको सञ्चालन सम्बन्धित राष्ट्र, समाज, संस्कृति, प्रविधि, सञ्चार माध्यमको विविधिकरणको अवस्था जस्ता विविध कारणले फरक फरक तरीकाबाट भइरहेको छ।

## नेपालमा पीएसबीको चुनौती र अवसर

पछिल्लो समयमा विश्वव्यापिरूपमा सार्वजनिक सेवा प्रसारण (पीएसबी) को नयाँ स्वरूपका रूपमा सार्वजनिक सेवा माध्यम (पीएसएम) को अवधारणा विकास भएको छ। नेपालमा पीएसबीमा रेडियो प्रसारण र टेलिभिजन प्रसारणसँगै अनलाइन माध्यम र डिजिटल प्लेटफर्म सञ्चालनको म्याण्डेट पनि समाहित रहेको छ। यसको क्षेत्र, माध्यम र स्वरूपका दृष्टिले यो पीएसबीको परम्परागत मान्यता भन्दा व्यापक अनि पीएसएमको मान्यतासँग मेल खाने खालको छ। यसले सोही अनुसारको अभ्यास पनि गरिरहेको छ।

सार्वजनिक सेवा प्रसारणले प्रसारण गर्ने विषयवस्तु भौगोलिक अखण्डता र राष्ट्रिय एकता, सामाजिक तथा सांस्कृतिक सद्भाव, राष्ट्रिय हितसँगै संघीय लोकतान्त्रिक प्रणाली, बहुलता र विविधता, लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जनहित, सीमान्तकृत समुदायको उत्थान, शिक्षा, स्वास्थ्य, ज्ञान, विज्ञान, प्रविधि, भाषा, कला, संस्कृति, सम्पदा, कृषि, उद्योग, पर्यटन, पर्यावरण, जलवायु परिवर्तन, खेलकुद, मनोरञ्जन लगायत छन्। कतिपय पीएसबीले उच्च प्राथमिकता दिने गरेको विपद् र अन्य आपतकालीन अवस्थासम्बन्धी सूचना तथा पूर्व जानकारी प्रवाह गरी जनचेतना जगाउने दायित्व पनि यसलाई सुम्पिएको हुँदा यसको क्षेत्र फराकिलो छ। यसले समाजका सबै वर्ग क्षेत्रसँगै युवा पुस्तालाई पनि यसप्रति आकर्षित गर्ने विषयलाई प्राथमिकतामा राखेको छ। यद्यपि प्रविधि र स्रोत–साधनको सीमितताका कारण त्यसमा चुनौती कायमै छ।

विश्वव्यापीरूपमा पीएसबीको स्थायित्व, स्वतन्त्रता र दीगोपनका सन्दर्भमा आर्थिक स्रोतलाई बढी चासोका साथ हेरिने गर्दछ। नेपालमा पीएसबीको कोषमा संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, बाह्य स्रोतबाट प्राप्त रकम र संस्थाको आम्दानीबाट प्राप्त रकम रहने व्यवस्था छ। आर्थिक स्रोतको दृष्टिले नेपालको पीएसबीको मोडल मिश्रित प्रकृतिको देखिए तापनि यसमा थप स्पष्टतासहित दीगो

आधार तय गर्नुपर्ने खाँचो छ। यो नेपालको पीएसबीको लागि अर्को चुनौती हो।

पीएसबीको मूल मर्म यसको स्वायत्तता र स्वतन्त्रता हो। ऐनले यो अवधारणालाई स्वीकार गरेपनि कतिपय प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्डसँग मेल नखाने प्रकृतिका रहेकोले यसको अभ्याससँगै त्यसमा पुनरावलोकन गर्दै जानुपर्ने खाँचो छ। पीएसबीको स्थापित मान्यता, अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय आवश्यकता अनुसार आधिकारिक सूचना र जवाफदेही पत्रकारिता अभ्यासमार्फत यसले आफूलाई रूपान्तरण गर्नु आजको मुख्य चुनौती हो भने त्यो चुनौती भित्र अवसर पनि गाँसिएको छ। परम्परागत माध्यम त्यसमा पनि लोकतान्त्रिक प्रणाली भएको देशमा सरकारी सञ्चारमाध्यमको पहिचान बोक्नु आफैँमा रक्षात्मक अवस्था रहेको बेला सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण नयाँ यात्राका लागि ठूलो अवसर हो।

निष्कर्षमा भन्दा नेपालमा सार्वजनिक सेवा प्रसारण नयाँ अभ्यास भएकोले यसले थुप्रै चुनौतीको सामना गर्नुपर्ने स्थिति अवश्य पनि छ। यद्यपि युगसापेक्ष यात्रामा निस्किएकोले यसका सामु चुनौतीका पहाडसँगै अवसरका फाँटहरू पनि छन्। चुनौतीको पहाड छिचोल्दै अवसरको फाँटलाई गुल्जार बनाउन आवश्यक छ त केवल इमान्दार पहल अनि दर्बिलो साथको।

*(लेखक सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष हुनुहुन्छ।)*






## कलैया उपमहानगरपालिका

### कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको अनुरोध

- आगो उत्पन्न हुने सलाई, लाइटर, ग्यास सिलिन्डर र चुलो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गरौं,
- विद्युतजन्य सामग्री हिटर, गिजर, पखा, आइरन, एसी लगायत उपकरण लाई काम सकिएपछि बन्द गरौं,
- पूजाकोठामा सिन्केधुप र बाटेको धुप, भान्सामा दाउरा, कोइला बालेर नछोडौं,
- गाईबस्तु चरनका निम्ति राम्रो हुन्छ भनी वनमा डढेलो नलगाऔं, वनमा वनभोज गर्दा र सुकेको घाँस परालको छेउमा तथा वनजङ्गल जाँदा चुरोटको ठुटा राम्रोसँग निभाएर मात्र फालौं,
- अत्यन्त प्रज्वलनशील पदार्थको ओसारपसार र विद्युतीय तारको व्यवस्थापनमा ध्यान दिउँ,
- नक्सा पास गरी मात्र घरको संरचना बनाऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

रामविनय कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत

रौशन परबिन
उपप्रमुख

विनोद प्रसाद साह
प्रमुख

**कलैया उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेश प्रदेश (नेपाल)

# रेडियो नेपालको रूपान्तरण, दायित्व र नागरिक भरोसा



*डा. भूमिराज चापागाईं*

विसं. २००७ चैत्र २० गते 'प्रजातन्त्र नेपाल रेडियो' का रूपमा सुरु भएको रेडियो नेपालको यात्रा एउटा सञ्चार माध्यमको विकासक्रम मात्र होइन, आधुनिक नेपालको इतिहास, लोकतान्त्रिक चेतना र सांस्कृतिक पहिचानको जीवन्त अभिलेख पनि हो। राणाहरूको १०४ वर्षे निरङ्कुश शासन अन्त्य भई प्रजातन्त्रको उदय भएपछि तारिणीप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको प्रसारण सेवाले सात दशकभन्दा बढी समयदेखि नेपाली जनजीवनमा सूचना, शिक्षा र मनोरञ्जनको उज्यालो पुर्‍याउँदै आएको छ। २००७ साल पछिका हरेक राजनीतिक परिवर्तन, सामाजिक आन्दोलन, आपत्विपत् र सांस्कृतिक जागरणका अभियानहरू रेडियो नेपालको ध्वनिमा सुरक्षित छन्, त्यसैले रेडियो नेपाललाई एक अर्थमा आधुनिक नेपाली समाजको सामूहिक स्मृति पनि भन्न सकिन्छ।

७६ औं वर्षको यो ऐतिहासिक अवसरमा आइपुग्दा रेडियो नेपालले सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting- PSB) को मर्मअनुसार समग्र सामग्रीहरूमा रूपान्तरण गर्नुपर्ने समय आएको छ। डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल, 'अनडिमान्ड' सामग्री र बदलिँदो श्रोताको व्यवहारले सञ्चार जगत्को परिदृश्य फेरिएको छ। अब रेडियोको प्रतिस्पर्धा केवल अर्को माध्यमसँग होइन, नागरिकको समय, रुचि, आवश्यकता र माध्यमप्रतिको विश्वाससँग छ। यस अर्थमा रेडियो नेपालको विद्यमान ख्यातिलाई कायम गर्दै अझ उपयोगी, सान्दर्भिक, विश्वसनीय र नागरिकमैत्री संस्थामा रूपान्तरण गर्नु अपरिहार्य छ।

सार्वजनिक सेवा प्रसारणको सार 'लोकप्रियता' मात्र होइन, 'विश्वास' पनि हो। विश्वास बलियो भए सङ्कटका समयमा पनि रेडियो नागरिकको आधार बन्न सक्छ, विश्वास कमजोर भए डिजिटल युगमा रेडियोका प्रसारण केन्द्रहरू, विगतको ख्याति वा इतिहासले मात्र श्रोता रोकेर राख्न सक्दैनन्। त्यसैले रेडियो नेपालले आगामी दिनमा रूपान्तरणलाई केन्द्रमा राखी प्रविधि, समावेशिता र नागरिक सहभागितालाई प्राथमिकतामा राख्दै नागरिकको भरोसा बढाउने र समृद्धिका लागि रचनात्मक सार्वजनिक संवाद गर्ने साझा लक्ष्य प्राप्तिका लागि काम गर्नुपर्छ।

## १) रेडियो नेपालको रूपान्तरण

### (क) प्रविधिको समायोजन:

आज सूचना प्राप्त गर्ने तौरतरिका नै बदलिएको छ। पहिले रेडियो, पत्रिका वा टेलिभिजनले सूचना 'दिने' गर्थे, अहिले मोबाइलको स्क्रिनले सूचना 'छानेर' दिन्छ। सामाजिक सञ्जालले प्रयोगकर्तालाई आफूले चाहेको सामग्री आफूले चाहेको बेला हेर्न, पढ्न, सुन्न र प्रतिक्रिया दिन मिल्ने सुविधा दिएको छ। डिजिटल अल्गोरिदमले रेडियोको 'टाइम–स्लट' संस्कृति नै असान्दर्भिक बनाई दिएको छ।

रेडियोले दिने सूचना, सन्देश र मनोरञ्जनका विकल्पहरू पनि बढेका छन्। प्रविधिलाई पच्छ्याउँदै रेडियो नेपालले पनि मोबाइल एप र अनलाइन पोर्टल (www.radionepalonline.com) मार्फत रेडियो सामग्री नागरिकको हात–हातमा पुऱ्याउनु प्रविधि प्रयोगको पहिलो चरण मात्र हो। त्यसपछि नागरिकमैत्री अनुभव निर्माणको चरण सुरु हुन्छ। अर्थात् सञ्चालनमा भएका डिजिटल एप/पोर्टल छिटो, सरल, खोज्न–सुन्न सजिलो र अन्तरक्रियात्मक हुनुपर्दछ। नागरिकलाई 'कहाँ क्लिक गर्ने ?' भन्दा 'के सुन्ने?' मा बढी ध्यान हुने हुँदा सोही बमोजिम प्लेटफर्मको डिजाइन र रेडियो सामग्रीको उपलब्धता हुनुपर्दछ। सबैभन्दा महत्त्वपूर्ण, रेडियो नेपालले आफ्ना उत्कृष्ट सामग्रीलाई पडकास्ट, विषयगत शृङ्खला, छोटो क्लिप, र फिचर स्टोरीका रूपमा अन–डिमान्ड उपलब्ध गराउनुपर्छ। नागरिकले रेडियोको समयमा मात्र होइन, आफूले चाहेको समयमा आफ्नो मनपर्ने कार्यक्रम सुन्न चाहन्छन्। यसले युवा पुस्ता र विदेशमा रहेका नेपालीहरूलाई समेत जोड्न मद्दत गर्छ। यससँगै, डिजिटल उपस्थितिलाई केवल 'प्रसारणको अर्को च्यानल' नबनाई दुई–तर्फी संवादको माध्यम बनाउनु जरुरी छ।

## (ख) बहुभाषिक र समावेशी आवाज

रेडियो नेपालले 'नयाँ नेपालको समावेशी आवाज' भन्ने मूल नारालाई आत्मसात् गर्दै २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम प्रसारण गर्दै आएको छ। बहुभाषिक देश नेपालमा स्थानीय भाषामा सामग्री प्रसारण हुनु अपनत्व र पहुँचको महत्त्वपूर्ण आधार हो। तर समावेशिता भाषामा मात्र सीमित हुनु हुँदैन। स्थानीय समुदायको यथार्थ जीवनशैली, भोगाइ, समस्या, र अवसर जस्ता विषयलाई रेडियोले समुदायले बुझ्ने भाषामा, समुदायले विश्वास गर्ने शैलीमा प्रस्तुत गर्नुपर्छ। स्थानीय कला–साहित्य, रैथाने ज्ञान, परम्परा, खानपान, मौलिक संस्कार, गीत–सङ्गीत, भेषभूषा, चाडपर्व, तथा समुदायका असल अभ्यासहरूलाई 'लोकप्रिय मनोरञ्जन'को रूपमा होइन, पहिचान, गौरव र आत्मसम्मानको रूपमा प्रसारण गर्न सकियो भने मात्रै बहुभाषिकता अर्थपूर्ण हुन्छ। स्थानीय भाषामा नागरिकका दैनिक समस्या र सरोकारका विषयहरूलाई स्थान दिनु र नागरिक केन्द्रित सामग्रीहरू प्रसारण गर्नु नै सार्वजनिक सेवा प्रसारण नेपालको दायित्व हो। तर त्यो सामग्री 'औपचारिकता' नबनोस् भन्नका लागि गुणस्तर, समय, प्रस्तुति र वितरणलाई उत्तिकै महत्त्व दिनुपर्छ। भाषागत सामग्रीलाई पनि डिजिटलमा अन–डिमान्ड बनाइयो भने भाषिक समुदायका नयाँ पुस्ता र प्रवासमा रहेका नागरिकहरूको समेत सहज पहुँच हुन्छ।

## (ग) नागरिक सहभागिता र विधागत विविधताः

हामीले प्रविधि त हात हातमा पुऱ्यायौँ तर नागरिक सहभागिता, विधागत विविधता, नागरिकको रुचि र आवश्यकताको सम्बोधन भयो कि भएन भन्ने अहम् प्रश्न बाँकी नै छ। आजका नागरिक निष्क्रिय श्रोता मात्र बन्न चाहँदैनन्। उनीहरूका सरोकार रेडियोमा उठोस्, गुनासो सुनियोस्, आफ्नो आवाज

र अनुभव प्रसारण होस् भन्ने चाहना बढ्दै गएको छ। सामाजिक सञ्जालको जस्तो पूर्ण डिजिटाइज्ड अल्गोरिदम अहिले नै रेडियोमा सम्भव नहोला, तर नागरिकहरू कस्ता विषयमा सरोकार राख्छन् ? उनीहरू कस्ता विषयवस्तु रेडियोबाट सुन्न, अन्तरक्रिया गर्न र सुनाउन चाहन्छन्? भन्ने विषयलाई केन्द्रमा राखी तथ्याङ्कमा आधारित सामग्री उत्पादनको रणनीति बनाउँने र रेडियोलाई नागरिकको बदलिँदो व्यवहारसँग जोड्दै 'लाइभ प्रसारण'लाई मात्र होइन, नागरिकले रुचि राखेका वा माग गरेका सामग्रीलाई प्राथमिकतामा राख्नुपर्छ। नागरिक सहभागिता 'फोन–इन' कार्यक्रमले मात्र हुँदैन। रेडियो नेपालले विषयगत मत सर्वेक्षण, प्रश्न–उत्तर, नागरिक प्रतिक्रिया, नागरिक संवाद, स्थानीय बहस, स्थलगत रिपोर्टिङ, समस्या समाधानमा केन्द्रित कार्यक्रम तथा 'मानिसहरूको कथा र गाथा' सङ्कलन गरी रेडियो सामग्रीका रूपमा प्रसारण गर्ने अभ्यास बढाउँदा नागरिकहरू 'श्रोता' बाट 'योगदानकर्ता' बन्न थाल्छन्। सार्वजनिक सेवा प्रसारणको सफलता 'कति घण्टा प्रसारण भयो?' होइन, कति उपयोगी भयो, कति विश्वास बढायो, कति नागरिकलाई जोड्यो भन्ने प्रश्नबाट मात्र मापन हुन्छ। यी प्रश्नको उत्तर खोज्न रेडियो नेपालले नियमित श्रोता अध्ययन (श्रोता सर्वेक्षण), प्रसारित सामग्रीहरूको मूल्याङ्कन (सन्तुष्टी मापन) र फिडब्याक लिने प्रणालीलाई संस्थागत गर्नुपर्छ। रेडियो नेपालले नागरिकका सरोकार, गुनासो तथा सुझाव सङ्कलन र 'कुन विषयमा कार्यक्रम बनाउने?' भन्ने प्रक्रियामा समेत नागरिक सहभागिता बढाउने प्रणाली विकास गर्नुपर्छ।

## २) आशा र भरोसा जगाउने रेडियो

नेपाली समाजमा विशेषगरी सञ्जालहरूमा पछिल्लो समय एउटा नकारात्मक भाष्य (Narrative) स्थापित भएको देखिन्छ कि देशमा केही भएको छैन, यहाँ केही छैन, यहाँ केही हुँदैन र भविष्य केवल विदेशमा मात्र छ। यस्तो निराशाले केवल मनोविज्ञान मात्र होइन, समाजको श्रम, उद्यम, नवप्रवर्तन र सामूहिक ऊर्जा पनि कमजोर पारिरहेको छ। देशमा केही पनि नभएको होइन। केही भएको छ र अझै हुन्छ भन्ने भावना जागृत गर्नुपर्नेछ। देशमा भएका सकारात्मक पक्षहरूका बारेमा सुसूचित नहुँदा नकारात्मकता मात्र फैलिन्छ। इतिहासका बारेमा बेखबर रहेर वर्तमानले दोष पाउने अवस्था आउनु हुँदैन। त्यसका लागि नेपाल कस्तो कस्तो अवस्थाबाट गुज्रेर यहाँसम्म आई पुगेको हो भन्ने बारेमा थाहा दिनु महत्त्वपूर्ण हुन्छ। देशमा भएका सकारात्मक परिवर्तनहरूलाई ओझेलमा पर्न दिनु हुँदैन। सार्वजनिक सेवा प्रसारणको रूपमा रेडियो नेपालको मुख्य दायित्व यो निराशालाई चिर्दै नागरिकमा आशा र विश्वास जगाउनु पनि हो।

(क) परिवर्तनको तथ्याङ्कीय चित्रण: २०५२ सालदेखि २०६२ सम्मको सशस्त्र द्वन्द्व, मधेश आन्दोलन, थरुहट आन्दोलन, जनजाति आन्दोलन, भौगोलिक तथा क्षेत्रीय आन्दोलन, २०७२ को महाभूकम्प र कोभिड–१९ को महामारी जस्ता ठूला सङ्कटहरूका बाबजुद पनि पूर्वाधार, सडक सञ्जाल, विद्युतीकरण, सञ्चार सुविधा, स्वास्थ्य–शिक्षाको पहुँचमा क्रमिक प्रगति गरेको छ। प्रतिव्यक्ति आयमा

वृद्धि भएको छ। नेपाल अति कम विकसित राष्ट्रहरूको सूचीबाट यही २०२६ भित्र विकासोन्मुख राष्ट्रको सूचीमा प्रवेश गर्दैछ। यसै सन्दर्भमा नेपाल २०२६ भित्र (अति कम विकसित राष्ट्र) को श्रेणीबाट बाहिरिँदै विकासोन्मुख देशको श्रेणीमा प्रवेश गर्ने प्रक्रियामा छ। देशले आर्थिक/मानव विकास र सुरक्षा तथा जोखिमका न्यूनतम मापदण्डहरूमा सुधार भएपछि मात्र कुनै पनि देश अति कम विकसित राष्ट्रको सूचीबाट विकासोन्मुख देश (Developing Countries) को श्रेणीमा प्रवेश गर्ने हो। यस्ता सकारात्मक परिवर्तनका कथाहरूले नागरिकमा 'बिस्तारै केही हुँदैछ' र आगामी दिन अझै राम्रो हुन्छ भन्ने विश्वास र भरोसा जागृत गराउँछ। यस्ता तथ्यहरूलाई सरल भाषामा स्पष्ट पार्दै, यसको अवसर र चुनौतीबारे बहस चलाउनु रेडियो नेपालजस्तो सार्वजनिक सेवा प्रसारकको जिम्मेवारी हो। आगामी दिनमा रेडियो नेपालले नागरिकमा सकारात्मक आशा र भरोसा जगाउने खालका अझै धेरै सामग्रीहरूको उत्पादन तथा प्रसारणमा जोड दिनुपर्नेछ।

(ख) अवसरको पहिचान र सफलताका कथाहरू: देशमै रहेर कृषि, पर्यटन, उद्यमशीलता र नवप्रवर्तनमा सफल भएका नेपालीहरूको कथा रेडियोले प्राथमिकताका साथ प्रसारण गर्नुपर्छ। आफ्नै देशमा पसिना बगाएर परिवारसँग खुसीसाथ बसेका उद्यमीहरूको सफलताको कथाले विदेश पलायन हुन खोज्ने युवाहरूलाई स्वदेशमै अवसर देख्ने र यहीँ बसेर केही गर्ने प्रेरणा प्रदान गर्दछ। सफलताका कथा केवल प्रेरणा होइनन्, ती सम्भावनाको प्रमाण हुन्। नेपालमा भएका लगानीका सम्भावना, साना तथा लघु उद्यमका क्षेत्र र सरकारले प्रदान गर्ने सहुलियतका बारेमा जानकारी दिएर नागरिकलाई आर्थिक रूपमा सक्रिय हुन रेडियोले प्रेरित गर्नुपर्छ। आफ्नो घरपरिवार, समुदाय र देशमा बसेर आफ्नै भाषा संस्कृति र सांस्कृतिक उत्सवहरूमा रमाउँदै नयाँ नयाँ काम गर्न पाउनु आफैँमा स्वर्णिम अवसर हो। आमसञ्चार माध्यमहरूले देशमा भएका सम्भावनाहरूको उजागर गर्दै प्रयत्नशील उद्यमीहरूलाई सफलताको उचाइतर्फ पुग्न प्रेरित हुने सामग्री प्रसारण गर्नुपर्दछ। यदि विद्यमान कानुनी वा नीतिगत उल्झनले उद्यमीलाई समस्या उत्पन्न गरिरहेको छ भने रेडियो नेपालले त्यसबारे प्रमाणमा आधारित बहस चलाएर नीति निर्मातालाई दबाब दिने सार्वजनिक भूमिका खेल्नुपर्छ। 'यहाँ केही छैन', 'गरेर केही हुँदैन' भनी सम्भावना नै नदेख्ने हिस्सालाई 'नेपालमा यी–यी क्षेत्रमा, यो–यो सम्भावना छ' भनी आशाको किरण देखाउने खालका कार्यक्रममा जोड दिनुपर्नेछ।

## ३) सुशासन र समृद्धिका लागि रेडियोको दायित्व:

रेडियो नेपाल केवल सूचना प्रवाह गर्ने मात्र होइन, सार्वजनिक सेवा प्रसारण संस्थाका रूपमा सुशासनको लागि खबरदारी गर्ने र समृद्धिको बाटो देखाउने संवाहक पनि हो। रेडियो नेपालले सुशासन प्रवर्द्धन र समृद्धिका लागि सार्वजनिक संवाद संस्थागत गर्नु पर्दछ।

(क) सेवा प्रवाहमा सहजीकरण: सेवा दिने डेस्कका कर्मचारीको व्यवहार र सेवाग्राहीको सन्तुष्टिका बारेमा नियमित कार्यक्रम चलाउँदा सुशासन प्रवर्द्धनका लागि मद्दत पुग्छ। सेवा प्रक्रिया, आवश्यक कागजात, समयसीमा, र नागरिक अधिकारबारे जानकारी दिनु, सेवाग्राहीका गुनासो प्रसारण गर्नु र सम्बन्धित कार्यालयलाई जवाफदेही बनाउनु 'सुशासनका लागि सार्वजनिक सेवा' हो। सार्वजनिक कार्यालयबाट प्राप्त हुने सेवामा ढिलासुस्ती, झमेला र असन्तुष्टि आएमा सेवाग्राहीका गुनासो सुन्ने र

सम्बन्धित कार्यालयसमक्ष पुऱ्याउदा कर्मचारी थप जिम्मेवार बन्ने र सेवाग्राहीले सहजै सेवा प्राप्त गर्ने वातावरण बन्दै जान्छ ।

(ख) नीतिगत बहस र नीति–साक्षरताः कतिपय नीति नियम कागजमा ठिक देखिए पनि व्यवहारमा अव्यावहारिक हुन्छन् । तिनले विकासमा अवरोध पुऱ्याइरहेका हुन्छन् । रेडियो नेपालले विज्ञ, सरोकारवाला र प्रभावित समुदायबिच बहस चलाएर नीति सुधारका विकल्प प्रस्तुत गर्नुपर्छ । यसले नागरिक मत निर्माण गर्छ र सरकारलाई जनमैत्री नीति बनाउन दबाब सृजना गर्छ । विद्यमान नीतिहरूको व्यावहारिक पक्षको विश्लेषण गरी नीति निर्माताहरूलाई आवश्यक सुझाव प्रदान गर्नु सार्वजनिक सेवा प्रसारण संस्थाको दायित्व पनि हो ।

(ग) विकासको साथी र खबरदारीः रेडियोले नागरिकका आकाङ्क्षा र सरकारको कार्यसम्पादन दुवैलाई नजिकबाट नियालिरहेको हुन्छ । विकासका कामबारे नागरिकलाई सुसूचित गर्नु, निर्माणाधीन आयोजनाको ढिलाइबारे निरन्तर खबरदारी गर्नु, रोकिएको कामको कारण खोतल्नु, र सरोकारवालालाई उत्तरदायी बनाउनु रेडियोको काम हो । सुशासन कायम गर्न भ्रष्टाचार र अनियमितताका विरुद्ध नागरिक मत निर्माण गर्ने कार्यमा रेडियो नेपालले सम्पादकीय स्वतन्त्रताका साथ भूमिका खेल्नुपर्छ । किनकि विश्वसनीयता नै सार्वजनिक सेवा प्रसारण संस्थाको शक्ति हो ।

## ४) राष्ट्रिय विपद्मा रेडियो नेपालः

विपद्को समयमा रेडियो सूचनाको माध्यम मात्र होइन, जीवन बचाउने साधन पनि हो । विसं. २०७२ को भूकम्पका बेला टेलिभिजन र इन्टरनेट अवरुद्ध हुँदा ब्याट्रीबाट चल्ने रेडियोमार्फत उद्धार, राहत र सुरक्षाका सन्देश व्यापक रूपमा पुऱ्याएको अनुभव आज पनि स्मरणीय छ । कोभिड–१९ जस्ता महामारी र बर्सेनी आउने बाढी–पहिरोका बेला गलत सूचना चिर्दै आधिकारिक जानकारी प्रवाह गर्नु, जोखिम न्यूनीकरण सन्देश प्रसारण गर्नु र राहत तथा पैरवीका लागि दबाब सिर्जना गर्नु रेडियो नेपालको महत्त्वपूर्ण योगदान हो । नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक भएकाले रेडियो नेपालले पूर्व–सूचना प्रणाली, सङ्कटमा पनि प्रसारण नरोकिने पूर्वाधार, र आपत्कालीन प्रसारण तथा समन्वय क्षमतामा लगानी सुदृढ बनाउनु रेडियो नेपालको मुख्य चुनौती र अनिवार्य दायित्व दुवै हो । सङ्कटका बेला रेडियो नेपालले 'सूचना दिन्छ' मात्र होइन, 'समन्वय गर्छ, भ्रम चिर्छ र भरोसा दिन्छ' भन्ने क्षमता निर्माण गर्नुपर्छ ।

## आगामी मार्गचित्रः

७६ वर्षको यात्रामा रेडियो नेपालमा सङ्गृहीत भएका हजारौँ गीत, ऐतिहासिक आवाज र अभिलेखहरू राष्ट्रिय सम्पत्ति हुन् । ती सामग्रीलाई उच्च गुणस्तरमा डिजिटाइज गरी अनलाइन तथा OTT प्लेटफर्ममार्फत नयाँ पुस्ताको पहुँचमा पुऱ्याउनु पर्दछ । सार्वजनिक सेवा प्रसारणको मर्मअनुसार राजनीतिक हस्तक्षेप र निजी स्वार्थबाट मुक्त भई निष्पक्ष, सन्तुलित र तथ्यपरक पत्रकारितामार्फत नागरिकको विचार र अभिव्यक्ति सुनिश्चित गर्नु रेडियोको प्रमुख दायित्व हो । बदलिँदो समय र नयाँ पुस्ताको रुचिलाई ध्यानमा राख्दै पडकास्ट, सर्ट–क्लिप, र सामाजिक सञ्जालमा रेडियो सामग्रीको उपस्थिति बलियो बनाउन आधुनिक डिजिटल प्रविधिमा लगानी बढाउनु आवश्यक देखिन्छ । साथै, संघीयताको मर्म

बमोजिम सातै प्रदेशका प्रादेशिक प्रसारण केन्द्रहरूलाई अझ सशक्त र स्रोत–सम्पन्न बनाई स्थानीय सरकारका उपलब्धि र जनसरोकारका समस्याहरूलाई राष्ट्रिय मूलधारमा ल्याएर राज्य र नागरिकबिच एउटा बलियो सेतुको भूमिका निर्वाह गर्नु पर्दछ। स्थानीय आवाजलाई राष्ट्रिय मूलधारमा ल्याउनु सार्वजनिक सेवा प्रसारण संस्थाको महत्त्वपूर्ण कार्य हो।

रेडियो केवल एउटा यन्त्र होइन, यो नेपाली समाजको भरोसाको केन्द्र हो र यो भरोसालाई जोगाई राख्नु नै यसको प्रमुख दायित्व हो। रेडियो नेपाल नेपाली समाजको हरेक उकाली ओरालीको साक्षी हो। ७६ वर्षको यो निरन्तर यात्राले यसलाई एउटा परिपक्व संस्थाका रूपमा स्थापित गरेको छ। देशमा केही भएको छैन भन्ने नकारात्मकतालाई चिर्दै सुशासन, समृद्धि र विकासको यात्रामा नागरिकलाई ऐक्यबद्ध गर्नु यसको प्रमुख जिम्मेवारी हो। विकास निर्माणका काममा भएका प्रगतिलाई जनतासम्म पुऱ्याउने, भ्रष्टाचार र ढिलासुस्तीलाई खबरदारी गर्ने र विपद्को समयमा सबैभन्दा भरपर्दो साथी बन्ने आफ्नो धर्मलाई रेडियो नेपालले आगामी दिनमा अझै सशक्त रूपमा निर्वाह गर्नुपर्छ। ७६ औं वार्षिकोत्सवको यस शुभ अवसरमा रेडियो नेपालले 'नयाँ नेपालको समावेशी आवाज' लाई अझ बुलन्द बनाउँदै नागरिकको भरोसाको केन्द्रका रूपमा अटल रहन आफ्नो रूपान्तरणलाई तीन तहमा गति दिनैपर्छः 'प्रविधिमा आधुनिकता, सामग्रीमा समावेशिता, र सम्बन्धमा नागरिक सहभागिता'।

*(लेखक सार्वजनिक सेवा प्रसारण नेपालका सञ्चालक समिति सदस्य एवम् मिडिया अनुसन्धानकर्ता हुनुहुन्छ।)*

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकाले घटना घटेको पैंतीस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकरीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरक परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्जिक धकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

## शिक्षा तथा संस्कृति मन्त्रालय
**मधेश प्रदेश, जनकपुरधाम**

विद्यार्थी भर्ना अभियानका लागि शिक्षा तथा संस्कृति मन्त्रालय
मधेश प्रदेश, जनकपुरधामको अपिल

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार आगामी २०८३ वैशाख १ गतेबाट आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति कुनै पनि कम्पनी तथा फर्महरुमा संस्थापक सदस्य, शेयर धनी, सञ्चालक वा कुनै पनि पदमा निर्वाचित वा नियुक्त हुन पाउने छैनन् र कुनै पनि सरकारी सेवामा प्रवेश गर्न सक्ने छैनन् । त्यसैले पनि आधारभूत शिक्षाको महत्त्वबारे जनस्तरमा सन्देश फैलाउन र २०८३ सालको नयाँ शैक्षिक सत्रका लागि विद्यालय भर्नाको लागि सूचना लक्षित वर्गसम्म पुर्‍याउँन नागरिक समाज, शैक्षिक जगत्, कलाकारिता क्षेत्र र सबै सरोकारवालाहरुलाई सहजीकरण गर्न मन्त्रालय हार्दिक अपिल गर्दछ ।

शिक्षा तथा संस्कृति मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

## "सुरक्षित रहौं, रोकथाम गरौं, नियन्त्रण गरौं"

डेंगीको मुख्य लक्षणहरु
- उच्च ज्वरो आउनु,
- बेस्सरी टाउको दुख्नु,
- जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु,
- शरीरमा राता बिमराहरु आउनु,
- आँखाको गेडी दुख्नु,
- वाकवाकी लाग्नु वा वान्ता लाग्नु,

डेंगीका लक्षणहरु देखिएमा के गर्ने वा डेंगीवाट बच्ने उपायहरु :
- स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने,
- घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनको लागि र जिउ दुखेको कम गर्नको लागि प्यारासिटामल बाहेकका हुफिन र एस्प्रिन जस्ता औषधी सेवन नगर्ने ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, मधेश प्रदेश ।

## सन्दर्भ : रेडियो नेपालको स्थापना दिवस
## प्रविधिबाट प्रभावित बन्दै 'सन्देश', अपवाद छैन रेडियो



*धर्मेन्द्र झा*

पत्रकारिता र सञ्चार प्रक्रियामा सन्देशको निकै ठूलो महत्त्व हुन्छ। एक किसिमले भन्ने हो भने सञ्चार जहिल्यै सन्देशको वरिपरि केन्द्रित हुन्छ। सञ्चारको प्रक्रिया गतिशील हुने नै सन्देशका लागि हो भनेर भनियो भने गलत हुनेछन्। वास्तवमा पत्रकारिता सन्देश अभिव्यक्तिको माध्यम हो। तर अहिले यही सन्देश प्रविधिबाट प्रभावित हुने अवस्थाको निर्माण भएको छ भन्दा असङ्गत नठहरिएला। खास गरी श्रव्य र श्रव्यदृश्य अर्थात् रेडियो र टेलिभिजनका सन्दर्भमा त यो अवस्था निकै महत्त्वपूर्ण मानिएको छ। पछिल्ला केही दशकमा सञ्चार प्रविधिका क्षेत्रमा भएको अभूतपूर्व विकासले इन्टरनेटमा आधारित न्यू (नयाँ) मिडिया (सञ्चारका नयाँ माध्यम)को प्रादुर्भाव भएको छ। खासमा यो मिडियाले छापा र विद्युतीय परम्परागत सञ्चारमाध्यमका सामु ठूलो चुनौती प्रस्तुत गरेका छन् र कतिपय सन्दर्भ त पुराना भनाउँदा परम्परागत मिडियालाई विस्थापनको डिलमा पुऱ्याएको वा पुऱ्याउने प्रयास गरेको छ भनेर पनि मूल्याङ्कन गर्ने गरिएको छ।

रङ्गीन टेलिभिजनको अविष्कारपछिका दिनमा पत्रकारिता र आमसञ्चारका प्रसिद्ध विद्वान मार्शल म्याकलुहानले एकपटक भनेका थिए, मिडियम इज द म्यासेज अर्थात् माध्यम नै सन्देश हो। कालान्तरमा उनले आफ्नो धारणामा परिमार्जन गरे। सारमा उनको सङ्केत थियो, प्रविधिले सञ्चारको मूल प्रक्रियालाई प्रभावित गर्न सक्छ। तर आज कताकता लाग्न सक्छ मार्शल सही थिए। आज सञ्चार तथा सूचना प्रविधिको यति विकास भएको छ कि साँच्चै सन्देश निर्माण तथा आदानप्रदान प्रक्रिया पूर्णतः यसबाट प्रभावित हुन पुगेको हो कि भन्ने भान हुन्छ। यसैको परिणाम हुन सक्छ पछिल्ला दिनमा मिडिया साक्षरताको सन्दर्भलाई बल पुगेको छ। यो त भयो पत्रकारितामाथिको प्रभावको कुरो। तर मानव समाजको शायद यस्तो कुनै क्षेत्र बाँकी छैन जो सूचना र सञ्चार प्रविधिको पछिल्लो विकासबाट अछुतो रहेको होस्। स्वभाविक रूपमा नेपाल र नेपाली समाज पनि यसबाट प्रभावित नै छ।

सन् १४४० को दशकमा जर्मनीमा गुटेनवर्गद्वारा छापाखानाको अविष्कारपछिका दिनमा पत्रकारिताले औपचारिक रूपमा विकास यात्रा प्रारम्भ गरेको हो। त्यसवेलादेखिको समयको मूल्याङ्कन गर्ने हो भने पछिल्लो करिब तीन दशक यस्तो समयावधि हो जुन समयमा पत्रकारिताले अत्यन्तै द्रुतगतिमा विकास गरेको छ। प्रविधिको विकासले पत्रकारिताको परम्परागत स्वरूपलाई नै विस्थापित गर्न सक्ने खतरा बढेको छ। आजको पत्रकारिता प्रविधिबाट यति बढी प्रभावित भइसक्यो कि आज पत्रकारितामा रोबोट र एआइ (आर्टिफिसियल इन्टेलीजेन्स) को प्रयोग भइरहेको अवस्था छ। स्वाभाविक रूपले नेपाल पनि अपवाद छैन। यहाँ पनि पत्रकारितामा प्रविधिको मनग्गे प्रभाव परेको छ। नेपालजस्तो कम विकसित देशमा पनि आधुनिक सञ्चार प्रविधिको प्रयोगविना पत्रकारिता कर्म असम्भवजस्तै बन्न

पुगेको छ। नेपाली पत्रकारिता क्षेत्रमा पनि प्रविधिगत दक्ष जनशक्तिको मागमा निकै वृद्धि हुन पुगेको अनुभव गर्न थालिएको छ।

नेपालले पछिल्लो दशकमा अनुभूत गर्न सकिने गरी फड्को मारेको क्षेत्र हो सूचना र सञ्चार प्रविधि र यसबाट प्रभावित छ नेपालको पत्रकारिता क्षेत्र। हालसम्मको अवस्थाको मूल्याङ्कनको प्रयत्न गर्ने हो भने नेपालमा सञ्चार प्रविधिसँग सम्बन्धित जनशक्तिको ठूलो संख्या तयार भइसकेको छ। यसै क्षेत्रको सवलीकरणमा बल पुग्ने गरी पछिल्ला समयमा नेपालले आवश्यक नीति तयार गर्ने प्रयत्न गरेको छ। सञ्चार प्रविधिको विकासको कुरा गर्दा पछिल्लो समयमा आइपिटिभि र आइभिरेडियोको विकासलाई गौण मानेर पन्छिन सकिँदैन। केही कुरा यहाँ नेपालको रेडियोको सन्दर्भलाई नै आधार मानेर चर्चा गर्ने प्रयत्न गरिएको छ।

नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापनापछि संस्थागत स्वरूप धारण गरेको पहिलो संगठित संस्था हो रेडियो नेपाल। यसको औपचारिक स्थापनाको घोषणा सोही वर्षको चैत २० गते भएको थियो। त्यसपछि अनवरतरूपमा यो संस्था नेपाल र नेपालीको सूचनाको निरन्तरको साथी बन्दै आएको छ। अनेक समस्याको सामना गर्दै अनेक उकालीओराली छिचोल्दै रेडियो नेपालको यो यात्राले नेपाल र नेपालीलाई कहिल्यै सञ्चारविहीन बन्न दिएन। जनतासम्म सन्देश पुऱ्याउन रेडियो अहोरात्र जुटिरह्यो। तर समयसँगै विकसित सञ्चार प्रविधिका क्षेत्रका पछिल्ला सर्न्दहरूले रेडियोको त्यो परम्परागत शान र मानलाई प्रभावित गरेको छ। निसङ्कोच भन्न सकिन्छ, अनन्त चुनौती थपिएका छन्। तर रेडियो नेपाल असान्दर्भिक बन्ने सम्भावना भने कम छ। रेडियो नेपाल अनुभवी छ। परिपक्व छ। एक हदसम्म सुविधा सम्पन्न पनि छ। संरचनागत रूपमा सुदृढ पनि छ। सम्बन्धित क्षेत्रबाट थोरै समर्पित र सुदृढ प्रयास भए भने अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। यति हुँदाहुदै पनि यसको विकास र प्रवर्द्धनका दिशामा केही समस्या र चुनौती विद्यमान छन्। आगामी दिनमा तिनको सम्बोधन निश्चय पनि राष्ट्रिय कार्यभार बन्न सक्नुपर्ने कुरामा विमति हुन सक्दैन।

रेडियो नेपाल, नेपालको सबैभन्दा अग्रज रेडियो संस्था हो। यस आधारमा यो रेडियोको नेता हो। यसले नेपालका सबै रेडियोको नेतृत्व गर्न सक्नुपर्छ। कुनै दुईमत हुन सक्दैन, नेपालको रेडियोको समग्र विकासमा निजी क्षेत्रका रेडियोको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण छ। यस क्षेत्रमा अहिलेसम्म जे जति उपलब्धि सूचीबद्ध गर्ने प्रयास गरिएको छ त्यसमा निजी क्षेत्रको योगदानको पनि कदर गरिनु उचित हुन्छ। छरिएर रहेको यो क्षेत्रलाई संगठित गर्नु, जनशक्तिको पहिचान र तिनको प्रवर्द्धन, आवश्यक नीतिको निर्माण र कार्यान्वयन, जनशक्तिलाई आवश्यक शिक्षा र प्रशिक्षणजस्ता विषयमा सरकारलगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु आवश्यक छ। पछिल्लो समयमा सार्वजनिक सेवा प्रसारण (पिएसबि)को स्थापना भएको छ र यसको मूल दायित्व माथि चर्चा त गरिएकै विषय हुन्। रेडियोको विकास र सुदृढीकरणका सन्दर्भमा सम्बन्धित जिम्मेबार निकायबाट उचित नीति तर्जुमा आवश्यक छ। निश्चय पनि भविष्यमा पिएसबिले यो दायित्व निर्वाह गर्ने नै छ।

माथि उल्लेख गरियो, आजको पत्रकारिता एक हदसम्म सञ्चार प्रविधिको विकासबाट प्रभावित छ।

सूचना तथा सञ्चार प्रविधिको द्रुततर विकासका कारण समग्रमा पत्रकारिताको स्वरूप नै परिवर्तित हुन पुगेको छ। रेडियो नेपाल यसको अपवाद हुन सक्दैन र छैन पनि। निश्चय पनि आजको पत्रकारिता प्रविधिबाट निर्देशित हुन बाध्य छ भन्दा अनुचित हुँदैन। विशेष गरी इन्टरनेटको विकास भएपछिका दिनमा सञ्चार र पत्रकारिता क्षेत्रमा प्रविधिको हस्तक्षेप बढेको छ र यसका राम्रा नराम्रा दुवै प्रभाव यस क्षेत्रमा अनुभूत गरिएको छ भन्दा अतिशयोक्ति हुँदैन। इन्टरनेटमा आधारित डिजिटल प्रविधिले पत्रकारिताका माध्यमलाई तीव्र बनाएको छ। प्रभावकारी पनि बनाउने प्रयत्न गरिएको छ। आमव्यक्तिमा सूचनाको शीघ्र सम्प्रेषणलाई सहज बनाएको छ। पत्रकारितालाई व्यावसायिक पत्रकारको कित्ताबाट नागरिक पत्रकारिताको कित्तामा पुऱ्याउने काम गरेको छ। प्रविधिको प्रयोगले पत्रकारितालाई यति प्रतिस्पर्धी बनाएको छ कि, आजको समयमा पत्रकारले कुनै पनि घटना र स्कूपलाई एकछिन पनि 'होल्ड' गर्न सक्दैन। एकजनाले होल्ड गरेछ भने पनि अर्को पत्रकारले त्यस्ता सूचना तत्काल सम्प्रेषण गर्छ। यसो गर्दा उसले सूचनाको सत्य स्थापित गर्न आवश्यक सम्पादकीय प्रक्रिया (एडिटोरियल प्रोसेस) र 'गेट किपिंग' को अवधारणालाईं अनुशरणमा समस्या बोध गरेको हुन सक्छ। यसो हो भने यसले निश्चय पनि समाचारमा विश्वसनीयताको सङ्कट निम्त्याएको छ/निम्त्याउँछ। रेडियो नेपाल मात्र होइन, नेपालका समग्र रेडियोले यो यथार्थलाई स्वीकार गरी भविष्यका लागि आवश्यक रणनीति तय गर्नु जरुरी छ।

माथि उल्लेख गरिसकियो, वर्तमानमा व्यावसायिक र नागरिक गरी पत्रकारिता दुई कित्तामा विभाजित छ। यसलाई सम्भव बनाएको छ इनटरनेटमा आधारित डिजिटल प्रविधिले। इन्टरनेटको विकासपछि न्यू मिडिया निकै सशक्त ढङ्गले उपस्थित भएको छ। यसले सामाजिक सञ्जाल र अनलाइनको प्रयोगलाई जनसामान्यको पहुँचमा ल्याएको छ। आज सूचना सम्प्रेषणका लागि पत्रकार नै भइरहनुपर्छ भन्ने मान्यता क्रमशः अस्वीकृत भइरहेको छ। तर जनसामान्यको पहुँचमा पुगेका डिजिटल प्लेटफर्ममार्फत् सम्प्रेषित सूचनाको आँधीवेहरीले सँगसँगै विश्वसनीयतामा सङ्कट निम्त्याएको छ भन्दा दुई मत भइरहनु पर्दैन। यसो हुनुको मूल कारण हो, सम्पादकीय प्रक्रियाको अनुशरणमा समस्या। कहाँसम्म भने व्यावसायिकरूपमा पत्रकारिता गर्नेहरूमै पनि सामाजिक सञ्जाल र अनलाइनको प्रयोग गरी सूचना सम्प्रेषण गर्ने सन्दर्भमा समस्या छ। कुनै दुई मत छैन, आजको सन्दर्भमा सामाजिक सञ्जाल पत्रकारिताको अत्यन्त ठूलो निर्णायक अङ्गका रूपमा विकसित भएको छ, हुँदैछ र यसबाट रेडियोलगायतका परम्परागत मिडियाहरू प्रभावित हुने क्रम पनि जारी छ।

*(लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ।)*

# सुनछहरी गाउँपालिका पोबाङ, रोल्पाको जनहितमा जारी शन्देश

- व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र नजिकको वडा कार्यालयमा गई दर्ता गर्ने बानी बसालौं ।
- गाउँपर टोल सफा र स्वच्छ राखी सभ्य नागरिकको परिचय दिऔं । चर्पीमा मात्रै दिशापिसाब गरौं ।
- प्लाष्टिक जन्य फोहोरहरुको उचित व्यवस्थापन गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने र समृद्ध गाउँपालिका निर्माण अभियानमा सहकार्य र साझेदारी गरौं ।
- बालश्रमको अन्त्य गरी बालअधिकार सुनिश्चित गरौं। घरेलु हिंसा विरुद्ध डटेर लडौं सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- बालबालिकाहरुलाई लगाउन पर्ने खोप स्वास्थ्य संस्थामा लगि नियमित समयमा खोप लगाई बालमृत्युदर घटाऔं ।
- बालविवाह बहुविवाह छाउपडी जस्ता कुप्रथा रोक्नलाई सबै लागि परौं।
- वातावरण जोगाउन रुख रोपी हरियाली बढ़ाऔं । छोराछोरीमा भेदभाव नगरी सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं ।
- विकास निर्माण कार्यहरुमा जनसहभागिता बढाऔं र सामाजिक विसंगति र विकृतिको अन्त्य गरौं ।
- सुनछहरी गाउँपालिकाका पर्यटकिय स्थलहरु सुनछहरी झरना, विवाड दह, टिलाचन दह, घुम्न गई आन्तरिक तथा वाह्य पर्यटनको प्रवर्धन र विकास गरौं ।
- चुरोट, विदी, तमाखु, सुल्पा, चिलिम आदी धुम्रपान जन्य वस्तुहरु स्वास्थ्यका लागि हानिकारक हुनुका साथै आगलागिको मुख्य कारण पनि हुन त्यसैले यस्ता वस्तुहरु नखाऔं यदि खाईहाले पनि यसको आगो राम्रो सँग निभाऔं ।

धनबहादुर पुन मगर
अध्यक्ष
ननकला घर्ती
उपाध्यक्ष
प्रेमबहादर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

## मैले चिनेको रेडियो नेपाल



*अमृता लम्साल*

पचासको दशक, साउनको पहिलो हप्ताको कुरा हो, एक दिन थाकेर लखतरान पर्दै घर पसेकी थिएँ। घरमा आउने बित्तिकै, घरको काम गर्न सहयोगीको रूपमा बसेकी महिलाले सोधिन्, 'दुल्नानी,(दुल्है नानी भन्ने सम्बोधन हाम्रो पालामा सहरको घरहरूमा निकै प्रचलनमा थियो) यो पुष्पलाल भनेको को हो ?'

मैले जिल्ल पर्दै सोधेँ, किन र ?

किनकि, उनी पढेलेखेकी थिइनन्, न त कुनै राजनैतिक चेत भएकी व्यक्ति थिइन्।

उनको जवाफ थियो, 'रेडियोले पुष्पलाल, पुष्पलाल ! पुष्पलाल ..... भनिराछ, त्यसैले सोधेको !'

त्यो दिन नेपाल कम्यूनिष्ट पार्टीका संस्थापक पुष्पलालको स्मृति दिवस परेको थियो। रेडियो नेपालबाट पुष्पलालको स्मृतिमा विशेष कार्यक्रम प्रसारण भैरहेको थियो। मेरो घरको काम गर्ने सहयोगीको रेडियोप्रतिको लगाव देखेर उनलाई एउटा प्यानासोनिक ब्यान्डको, सानो, खैरो रङको रेडियो किनेर दिएकी थिएँ। त्यो रेडियोले बिहान पाँच बजेदेखि राती उनी नसुतुन्जेल बन्द हुन पाउँदैनथ्यो।

उनलाई रेडियो किनेर दिनुको पनि कारण थियो, आफुले रेडियो किन्न सक्ने आर्थिक अवस्था नहुँदासम्म, आफ्नो एउटा छुट्टै रेडियो भैदिएपनि हुने भन्ने लागिरहन्थ्यो। त्यसैले पनि उनको रेडियो प्रेमलाई धित मार्न रेडियो किनिदिएकी थिएँ। रेडियो उपहार दिएको उनी दोस्रो व्यक्ति थिइन्।

तर, उनको रेडियो प्रेमले मलाई कहिलेकाहीँ तनाव दिन्थ्यो। किनकि, उनले रेडियो सुनेर नजानेको कुराको जवाफ मैले खोजेर दिनुपर्थ्यो। यो त पचासको दशकको कुरा थियो।

झन्, हाम्रो पालाको त के कुरा भयो र !

हाम्रो घरमा सेतो र खरानी रङ्गको सम्मिश्रणको 'ट्रान्जिस्टर' थियो। थाहाभएन, किन त्यसलाई रेडियो नभनी 'ट्रान्जिस्टर' भनिन्थ्यो। त्यो डेनमार्कमा बनेको थियो। सायद, त्यो हामीभन्दा जेठो थियो।

बिहान, रेडियो नेपाल सुरुहुने समय हुनेबित्तिकै घरको मुलीले ट्रान्जिस्टरको कान निमोठ्ने चलन थियो।

अनि, ट्रान्जिस्टरले शँखध्वनिसहित, भजन सुरु गर्थ्यो:

'जय शिव शंकर शम्भु

जय गिरिजाधीश

शिव जय गिरिजाधीश

जय जय करूणा सागर

जय जय करूणा सागर

पशुपति जगदीश .......'

ती शब्दहरू र त्यसलाई माझ्ने सङ्गीत अहिले पनि उत्तिकै कर्णप्रिय लाग्छन्।

समाचारमा त आधाभन्दा बढी समय, श्री ५ महाराजधिराज .......

श्री ५ बडामहारानी सरकार........

मौसुफ सरकार....... आदि आदि सुनेरै बित्थ्यो। खासमा त्यतिबेला समाचारको महत्त्व अहिलेजस्तो नभएर पनि हो कि।

त्यतिहुँदा पनि, बर्माका 'उथान्ट'को नाम समाचारबाटनै थाहा पाएको हो।

तर, समाचारवाचकको स्वरले भने मनमा गहिरो छाप पारेको थियो। सामाजिक अभियन्ता तथा जेण्डर एक्टिभिस्ट भारती सिलवाल गिरीलाई चिनाउने काम रेडियो नेपालले नै गरेको हो। उहाँको गहिरो आवाजमा सुनेको समाचारको पहिलो लाइन, 'दिस इज रेडियो नेपाल, द न्युज रेड बाइ भारती सिलवाल गिरी !' ले पारेको प्रभावमार्फत चिनेको भारती सिलवाल गिरीको पहिलो प्रभावले, उहाँसँग प्रभावित हुन झनै मद्दत गर्‍योजस्तो लाग्छ।

हामी बन्द समाजमा हुर्किएका व्यक्ति, हाम्रो सूचनाको स्रोत, मनोरञ्जन गर्ने साधन, नाटकजस्तो विधालाई जान्ने मौका केवल, केवल रेडियोबाट मात्रै मिल्थ्यो।

शनिवारको दिन सायद, साढे एक बजे रेडियो नाटक आउँथ्यो, अझ दशैंताका प्रसारण गरिने नाटकमा 'हाहाहाहाह....! को अट्टहासपूर्ण आवाज, मदनदास श्रेष्ठको नाम अहिलेसम्म बिर्सिएको छैन।

बडादसैंको नौरथामा नुपुर भट्टाचार्यको स्वरमा बिहान बज्ने,

'या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता।

नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः॥

या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता।

नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः॥ .....' देवीस्तोत्र सुनेपछि मन नै रमाइलो हुन्थ्यो, साँच्चै दशैं आएजस्तै रमाइलो लाग्थ्यो।

रेडियोले मनमा बसाइदिएको त्यो अनुभूति र त्यसले दिएको आनन्द आजसम्म पनि ज्युँ का त्युँ छ।

किशोरवयमा रेडियोले भावुक हुन र रोमाञ्चित हुन पनि सिकायो।

'पोखिएर घामको झुल्का भरि संघारैमा<br>
तिम्रो जिन्दगीको ढोका खोलुँ खोलुँ लाग्छ है<br>
सयपत्री फूलसितै फक्री आँगनमा<br>
बतासको भाका टिपी बोलूँ-बोलूँ लाग्छ है<br>
कति-कति आँखाहरू बाटो छेक्न आउँछन्<br>
परेलीमा बास माग्न कति आँखा धाउँछन्<br>
यति धेरै मानिसका यति धेरै आँखाहरू

मलाई भने तिम्रै आँखा रोजूँ-रोजूँ लाग्छ है

त्यसैले त तिमीसित सोधूँ-सोधूँ लाग्छ है।' हरिभक्त कटुवालको कवितालाई नारायण गोपालको गायकीले जगाइदिएको अदृश्य प्रेमीको कामना।.....सपनाको संसारमा विचरण..... जीवनमा अनुभव त भएन तर, रेडियोकै कारणले दिएको त्यो कल्पनाको संसारबाट बिमुख गराउने ताकत कसैमा थिएन।

किशोर वय, स्वप्नील प्रेमीको पछाडि लाग्दा विचार गर्नु है ! भन्नेखालको सन्देश दिने गीत,

'मायालु हजार हुन्छन् ,तर माया एक हुन्छ

बुझेर माया देऊ, दिनुपर्ने एउटै हुन्छ

दिनुपर्ने एउटै हुन्छ

मिलनका म्वाईहरू, मायाका चिन्ह होइनन्

तृष्णाले छट्पटेका, यौवनका दोष ती हुन्

मायाको गुण मुटुको.... गहिराई भित्र हुन्छ

त्यो लिन गाह्रो हुन्छ,

दिन पनि गाह्रो हुन्छ

बुझेर माया देऊ, दिनुपर्ने एउटै हुन्छ

दिनुपर्ने एउटै हुन्छ।' जतिखेर पनि बजिरहे हुन्थ्यो भन्ने चाहना हुन्थ्यो। उक्त गीतका रचना र सङ्गीतकार गोपाल योञ्जन र गायक ध्रुव के.सी. त आँखाले नदेख्दा नै भावना र कल्पनामा भगवानतुल्य भैसक्नु भएको थियो, कारण उही रेडियो नेपाल नै थियो।

अझ, रेडियोले मलाई दिएको उपहार त मेरी छोरीको नाम हो, जुन मसँग जीवनभर रहनेछ। पाठकहरूलाई अचम्म लाग्ला के भनेको होला भनेर, तर, अचम्म नमान्नुस् ! कुरा, ३५/३६ सालतिरको हो, रेडियो नेपालमा एउटा गीत बज्थ्यो, त्यो गीत त मैले बिर्सिसकेँ, गीतको बिचमा, 'अनुपमा।.....' के के भनेर डायलग आउँथ्यो। त्यो कसले लेखेको र गाएको केही थाहा छैन। म गर्भवती हुँदा, त्यो गीत पटकपटक सुनेकी थिएँ, छोरी जन्मिएपछि पनि सुनेँ। त्यसपछि, त्यो नाम यति मन पऱ्यो कि, मैले, मेरी छोरीको नाम 'अनुपमा' राखेँ।

विश्वमा रेडियोको आविष्कार सन् १८९० को मध्यमा भएको इतिहासले देखाउँछ। त्यससलाई अडियोको रूपमा सन् १९०६ मा अमेरिकन आविष्कारक रेजिनाल्ड ए. फेस्सेन्डेनले क्रिस्मसको अघिल्लो दिन इलेक्ट्रोम्याग्नेटिक वेभ्स्लाई करिब एक किलोमिटर परसम्म प्रसारण गरेर तारविहीन प्रसारण गर्ने पहिलो व्यक्तिको रूपमा आफूलाई स्थापित गराए।

रेडियोको आविष्कार भए लगत्तै रेडियो प्रसारण सेवा सुचारु भएको थिएन, यसकोलागि १४ वर्ष कुर्नुपऱ्यो। मनोरञ्जनात्मक कार्यक्रम लिएर सन् १९२० मा अमेरिकाको पेन्सेलभेनिया राज्यको विलकिन्सबर्गबाट पहिलो रेडियो स्टेसन 'केडीकेए'ले र मिचिगनको डेट्रवाइटबाट 'डब्लुडब्लुजे' स्टेसनले व्यापारिक प्रसारण सुरु गर्न थालेको इतिहास भेटिन्छ।

तर, त्योभन्दा अगाडि, सन् १९१० को जनवरी १३ तारिखको दिन, अमेरिकाको न्युयोर्क राज्यको

मेट्रोपोलियन ओपेरा हाउसबाट लाइव प्रसारण भएको रहेछ ।

नेपालको परिप्रेक्षमा रेडियो प्रसारण सुरु भएको विसं. २००७ चैत २० गते, अर्थात् सन् १९५१ अप्रिल १ तारिखलाई मानिन्छ । तारिणीप्रसाद कोइरालाको नेतृत्वमा स्थापित राणा सरकारविरुद्धको आन्दोलनमा सघाउन सुरु गरिएको 'नेपाल प्रजातन्त्र रेडियो'लाई नै कालान्तरमा 'रेडियो नेपाल' भनियो ।

तर, त्योभन्दा धेरै अगाडि, सन् १९२९/३० तिर नै नेपालमा रेडियो प्रसारण भएकोबारे, पोखरा निवासी सुनिल उलक, जो, पुराना फोटोहरूको सङ्ग्रहकर्ता तथा इतिहासमा रुचि राख्ने व्यक्ति हुनुहुन्छ, उहाँकाअनुसार अंग्रेज सरकारले इन्डियन ब्रोडकास्टिङ कम्पनीलाई अनुमति दिएपछि १९८४ को सावन ८ मा बम्बैबाट र भदौ १० मा कलकत्ताबाट प्रसारण सुरु भएपछि नै नेपालमा पनि रेडियोको प्रवेशको थालनी भएको देखिन्छ । राणा प्रधानमन्त्री चन्द्रशम्शेरको समयमा होल्याण्डबाट उत्पादित फिलिप्सको रेडियोहरू बेलायतबाट नेपालमा प्रवेश भयो । त्यसबेला रेडियो हुनु भनेको धनाढ्यको प्रतीक थियो । अझ रेडियो सेट बजाउन घरमा एन्टेना ठड्याउनु पर्ने हुँदा रेडियो लुकाएर सुन्न मिल्दैनथ्यो । तसर्थ रेडियो सेट राख्न राणा सरकारसँग अनुमति लिनु पर्दथ्यो । अनुमति नलिई रेडियो सुनेमा जेल सजाय समेत हुन्थ्यो । आधिकारिक जानकारीमा मदनमणि दीक्षितका अनुसार १९८६ (विसं) मा देवमणि दीक्षितले बेलायतबाट मगाएको रेडियो सातौँ थियो । दोस्रो विश्वयुद्ध ताका बेलायतमा रेडियो कमी भएपछि अमेरिकाबाट उत्पादित फिलिप्सकै Philco ब्रान्डका रेडियोहरू भित्रिन थालेको थियो ।

१९९२–९३ मा जुद्धशम्शेरले इलेक्ट्रिक इन्जिनियर काशिराज पाण्डेलाई विदेशी रेडियो सुनेर समाचारको सँगालो 'द न्यूज रिल' तैयार गराई राणा दरबारमा उपलब्ध गराउन लगाएका थिए । यसरी रेडियोका समाचारलाई अप्रत्यक्ष रूपमा प्रसार गर्न थालिएको थियो । यो नै नेपालमा रेडियोको महत्वको सुरुवात थियो । यसरी जनतालाई रेडियो सुन्ने बनाउने राणा सरकार दोस्रो विश्वयुद्धको समयमा अंग्रेज विरूद्धको समाचारले चर्चा पाउदा जनतालाई रेडियो सुन्न बन्देज लगाउन पुग्यो । १९९८ को दशैँ अगाडि जुद्धशम्शेरले देश (काठमाडौ) मा भएका सम्पूर्ण रेडियो सेट जफत गराउदा यसको संख्या ४०० वटा थियो । (फेसबुक पोस्ट मे १३, २०१८, २०७५ बैशाख ३०)

उलकका अनुसार, कमलमणि दीक्षितले आफ्नो पुस्तक 'बिर्सेको सम्झेको' मा रेडियो सम्बन्धी आफ्नो अनुभव लेख्नुभएको छ, जसमा भनिएको छ, विसं. १९९५ मा ठूलो घर अर्थात् ठूलो कान्छा बुबाको मा रेडियो सुन्न उहाँ पुल्चोकदेखि गैह्रीधारासम्म हिँडेर पुग्नु हुन्थ्यो । विश्व युद्धको समाप्तीपछि सबैले रेडियो फिर्ता पाए । साथमा कमलमणिको बाबाले पनि रेडियो राख्ने अनुमति पाउनुभयो । त्यसपछि घरमै रेडियो सुन्न पाउनुभयो । तर पछि पद्मशम्शेरको समयमा बिजुली अड्डाबाट प्रसारित रेडियो भने उहाँ बनारसमा पढ्न जानुभएकोले सुन्न पाउनु भएन ।

उलक आफ्नो खोजबाट प्राप्त जानकारी दिदैँ लेख्नुहुन्छ, 'जुद्धशम्शेरले जफत गराएका रेडियो सेटलाई विश्वयुद्धको समाप्तीपछि फिर्ता गरिदिए । यसपछि प्रधानमन्त्री बनेका पद्मशम्शेरले रेडियो राख्न फुकुवा गरिदिए । साथै काठमाडौमा नै रेडियो प्रसारणको सुरुवात नै गराए । समाचार सङ्कलनको कार्यमा सुरुमा राखिएका काशिराज पाण्डेले २००३ माघ १४ गते देखि दिउँसो १ बजेबाट १:३० सम्म बागबजार बिजुली अड्डाबाट नेपाल ब्रोडकास्टिङ नामबाट रेडियो प्रसारणको आरम्भ गरेका थिए । दोस्रो विश्वयुद्धबाट फर्केका सैनिकले बोकेर ल्याएका वायरलेससेटबाट रेडियो प्रसारण गरेका थिए । ठूला

ठूला लाउड स्पिकरबाट रामायणका श्लोकहरू बजाएर रेडियो प्रसारणको आरम्भ गरिएको थियो। पछि यो प्रसारण काठमाडौँ उपत्यका बाहिर पनि सुनिएको समाचार छापिएको थियो। यो रेडियो प्रसारणको समय बिस्तारै १०:०० देखि ३:०० बजेसम्म बनाइएको थियो।

उहाँको अनुसन्धानले देखाएअनुसार, सार्वजनिक रूपमा नेपालमा पहिलो रेडियो प्रसारण २००३ माघ १४ गते प्रसारण आरम्भ भएको र त्यसको उद्घोषण गर्ने नेपाल ब्रोडकास्टिङका काशीराज पाण्डे थिए। त्यतिबेला, उनका साथमा अर्का उद्घोषक त्यतिबेलाका गोरखापत्रका सम्पादक प्रेमराज शर्मा थिए। नेपाल ब्रोडकास्टिङबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि कविता बाचन गरेका थिए।

सुनिल उलकले, विभिन्न स्रोतहरू, रेडियो नेपालको सामाजिक इतिहास –मार्टिन चौतारी, बिर्सेको सम्झेको – कमलमणी दीक्षित, आनन्दमय आकाश – मदनमणी दीक्षित, पत्रकारिताको इतिहासमा दोहोरिएको खोट – गणेश राई (कान्तिपुर) तथा विभिन्न व्यक्तिसँगको कुराकानीबाट तयार पारेको सामग्रीअनुसार, 'पहिलो पटक राणा प्रधानमन्त्री पद्मशम्शेरको विशालनगर दरबारमा भएको भाषणलाई रेडियोबाट समेत प्रत्यक्ष प्रसारण गरिएको थियो। ठूला ठूला स्पिकर जोडिएकाले नजिकका सबैले राम्ररी सुन्न पाए। साथमा रेडियोबाट पनि प्रसारण जोडिएकोले चारभञ्ज्याङभित्र सबैले सो भाषण सुन्ने अवसर पाएका थिए। यसरी शुभारम्भ भएको रेडियो प्रसारण पद्मशम्शेरको पतनसँगै २००४ सालको अन्तमा बन्द भयो। मोहनशम्शेरले व्यवस्थित रूपमा रेडियो शुभारम्भ गर्ने उद्देश्यले ट्रान्समिटरहरू झिकाएका थिए तर सो सामग्री २०१३ सालमा मात्र काठमाडौ आइपुग्यो।'

नेपालमा प्रसारणको प्रयास पटकपटक भएको देखिन्छ। उलक भन्नुहुन्छ, 'विसं. २००५ को सावन १८ गते मोहनशम्शेरको समयमा पनि मोहन आकाशवाणीबाट केही सामग्री प्रसारण गरी आकाशवाणीबाट पनि रेडियो प्रसारण गर्न सकिने सफलता हासिल भएको थियो। यसरी नै २००७ मा राणा विरोधी प्रचारको लागि उपयोग गर्दै २००७ मङ्सिर २५ देखि माघ १९ गतेसम्म भोजपुरमा नारदमुनि थुलुङले ग्रीसबाट लिएर आएको आकाशवाणीका सामग्रीबाट जयन्द्रबहादुर थपलियाले रेडियो उद्घोषण गरी थालनी गरेका थिए। यस कार्यका लागि नारदमुनि थुलुङले टेक्निकल सहयोग गरेका थिए। नारदमुनि थुलुङ जो भारतीय सेनाको गोरखा राइफलमा भर्ती भई दोस्रो विश्वयुद्धमा ग्रीस पुगेका थिए। युद्धको समाप्तीपछि उनले ग्रीस रेडियोबाट विश्वमा शान्तिको आवश्यकता र अपरिहार्यताका बारेमा बोलेका थिए। उनको यही अनुभवले नै भोजपुरबाट 'स्वतन्त्र नेपाल रेडियो' उद्घोषणको शुभारम्भ भएको थियो। बिहान–साँझ दुई पटक क्रान्तिकारी समाचार प्रसारण गर्ने गरेकोमा एक दिन अचानक समाचारमा जयन्दबहादुर थपलियाले धनकुटा आक्रमण गर्ने समय र स्थान नै समाचारमा पढिदिए पछि राणापक्षीय सैनिकले पाख्रीबासमा सात जना भोजपुरे योद्धालाई हत्या गरेपछि सो ट्रान्समिटरलाई रातारात विराटनगरस्थित रघुपती जुट मिलमा लगिएको थियो। जहाँबाट तारिणीप्रसाद कोइरालाले नेपाल प्रजातन्त्र रेडियो नामबाट २००७ माघ २० गते दिउसो २ बजे 'यो प्रजातन्त्र रेडियो हो, हामी मुक्ति सङ्ग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौ' भन्ने शब्दबाट उद्घोषण थालेका थिए। विराटनगरबाट नियमित प्रसारण हुन थालेपछि काठमाडौँमा समेत यसको प्रभाव पर्न थालेको थियो। जसले गर्दा मोहनशम्शेरले बिजुली अड्डाबाट साँझ सात बजेबाट साढे सातसम्म भजन तथा समाचार प्रसारित गरेका थिए। देशमा प्रजातन्त्रको लहर चलेको समय, केही समयपछि जुट मिलबाट पनि प्रसारण बन्द भयो। केही

समय अन्यत्रबाट प्रसारण भए पनि नियमित हुन सकेन। प्रजातन्त्र आएपछि पुनः नियमित प्रसारणको थालनी भयो। २००७ साल चैत्र २० गते प्रजातन्त्र नेपाल रेडियोको नियमित प्रसारण आरम्भ भयो। पहिलो दिन बिहान ८ बजे 'यो प्रजातन्त्र नेपाल रेडियो हो' भन्ने वाक्यसहित रश्मी राज्यलक्ष्मीले कार्यक्रम शुभारम्भ गरे। तारिणीप्रसाद कोइराला रेडियो नेपालको प्रथम कार्यकारी प्रमुख नियुक्त भएका थिए, यसैले बाँकी कार्यक्रम तारिणीप्रसाद कोइरालाले सञ्चालन गरे।

यसरी शुभारम्भ भएको 'प्रजातन्त्र नेपाल रेडियो' को नाम पछि 'नेपाल रेडियो' हुँदै 'रेडियो नेपाल' भयो। जुन नाम हालसम्म नै कायम रहेको छ। पहिलो दिन मात्र एक घण्टा प्रसारण भएको रेडियो प्रसारण समय बढाउँदै लैजाने क्रममा अचेल २४ घण्टा नै प्रसारण हुनुको साथै सातै प्रदेशबाट पनि प्रसारणको थालनी भइसकेको छ।

तारिणीप्रसाद कोइराला केवल ९ महिना स्टेसन डाइरेक्टरको रूपमा सेवा गरेका थिए। २००८ पुसमा उनलाई पदबाट बर्खास्त गरिएको थियो। तर नेपालमा रेडियोको इतिहास लेखिँदा तारिणीप्रसादलाई उचाईमा पुऱ्याइन्छ। जबकि काशिराज पाण्डे तथा नारदमुनि थुलुङको चर्चा नै गरिँदैन।

कुनैबेला घरमा रेडियो राख्न लाइसेन्स लिनु पर्थ्यो आजको दिनमा त हातमा (मोबाइल फोनमा) रेडियो बोकेर हिंड्ने दिन आइसक्यो। हामी कुन जमानाबाट कहाँ पुगिसकेछौँ!

देशको हरेक कुनामा ४२ वर्षसम्म एकाधिकारकासाथ प्रभुत्व जमाएको रेडियो नेपालले त्यतिबेला कृषि कार्यक्रमदेखि बाल कार्यक्रमसम्मका श्रोताहरूलाई आफूसँग बाँधेर राखेको थियो। अहिले पनि हाम्रो पुस्ताका अधिकांशले कृषि कार्यक्रम चलाउने रेडियोको 'बुढी आमै' लक्ष्मी भुसालको 'हरि शरणम्' ! थेगो भुलेका छेनौँ होला !तर, २०५२ साल चैत २० गते रेडियो सगरमाथाले एफएम प्रसारण परीक्षण गरे पश्चात् र २०५४ जेठ ९ गतेदेखि आधिकारिक रूपमा निजी एफएम सञ्चालन गर्नथालेपछि रेडियोको श्रोताहरू बाँडिन थाले। किनकि, आमनागरिकलाई, सरकारी नियन्त्रणमा रहेको रेडियो वा सञ्चारमाध्यम भन्दा सरकार बाहिरबाट सञ्चालन हुने माध्यमहरूमा अलि बढी चासो र रुचि हुनु मानवीय स्वभाव नै हो।

त्यसको बाबजुद, रेडियो नेपालले स्थापनाकालदेखि नै  सञ्चालन गर्दै आएको समाचार, सूचना, मनोरञ्जन र जनचेतनामूलक विभिन्न कार्यक्रमहरूको पहुँच अन्य एफएम रेडियोहरूभन्दा बढी हुने भएकोले यसको महत्व अझ धेरै छ, हाल यसले २६ भाषामा समाचार र २५ भाषामा विभिन्न कार्यक्रमहरू प्रसारण गर्नु भनेको ती भाषाहरू बोल्ने सम्पूर्ण समुदायलाई सु–सूचित गर्नु पनि हो, जुन अन्य एफएमहरूलाई अझै पनि आर्थिक तथा अन्य कारणले कठिन हुनसक्छ। अर्को महत्वपूर्ण कुरा के हो भने राज्यले प्रदान गर्ने सूचनाहरू, अन्य स्रोतबाट आएको भन्दा बढी विश्वसनीय रेडियो नेपालबाट प्रसारण भएको तथ्यपूर्ण हुन्छ भन्ने आम धारणा कायमै छ। रेडियो नेपालले नेपाली र अङ्ग्रेजीका साथै विभिन्न राष्ट्रभाषाहरूमा दैनिक समाचार बुलेटिनहरू प्रसारण गर्दछ। शिक्षा र जनचेतनाको लागि, स्वास्थ्य, कृषि, शिक्षा र संवैधानिक अधिकारका विषयमा श्रोताहरूलाई सुसूचित गराउने कार्यक्रमहरू सञ्चालन हुन्छन्, जसको उपादेयता ग्रामीण क्षेत्रमा ज्यादै महत्वपूर्ण हुन्छ।

बालबालिकाहरूका लागि विशेष बाल कार्यक्रम, जेष्ठ नागरिकहरूसँग सम्बन्धित उनीहरूको संरक्षण, अधिकार र हक हितका लागि बनेका कानुन, स्वास्थ्यको अधिकार, राज्यले दिने सुविधा इत्यादिबारे

विशेष कार्यक्रमहरू बनाएर प्रसारण गर्दा, उनीहरू आफ्नो हक र अधिकारबारे सु–सूचित भई दुर्व्यवहार र उत्पीडनमा कम पर्ने हुनसक्छन्। यसको लागि रेडियो नेपालले अलि बढी ध्यान पुऱ्याउनुपर्ने जस्तो लाग्छ।

महिलाका अधिकार, जातीय तथा वर्गीय विभेदकाविरुद्ध धेरै भन्दा धेरै कार्यक्रमहरू, जिङ्गलहरू रेडियोबाट सुनाउने गरियो भने नपढेका आमनागरिकले पनि जान्ने, सिक्ने मौका पाउने थिए। अहिले पनि त्यस्ता कार्यक्रम नभएका त होइनन् तर, त्यो पर्याप्त छैन। त्यस्ता विषयहरूलाई, मनोरञ्जन तथा सङ्गीतको माध्यमबाट पनि रेडियोबाट प्रसारण गर्न सकिन्छ।

रेडियो नेपाल सार्वजनिक सेवा प्रसाारण संस्थाका रुपमा रुपान्तरण भैसकेपछि, आमनागरिकको अपेक्षा अझै बढेको छ। हुन त, सार्वजनिक सेवा प्रसारण भने पनि, यसमा सरकारको स्वामित्व हटेको छैन तापनि, अबका दिनहरूमा विभिन्न जातजाति, लिङ्ग, वर्ग, समुदाय, भाषा, संस्कृति आदिबारेमा कार्यक्रम निर्माण गरेर देशको सबै भूभागमा पऱ्याउने काम सार्वजनिक सेवा प्रसारण संस्थाभित्र रहेको रेडियो नेपालले गरोस् भन्ने अपेक्षा राख्नु गलत नहोला।

त्यसकोलागि उही परम्परागत सूचनामात्रै प्रवाह गर्ने होइन कि, अन्तर्राष्ट्रिय स्तरमा भएका विज्ञान प्रविधिका कुरादेखि लिएर, जनस्वास्थ्य, जनहित, जलवायु परिवर्तन, पर्यायवरण, विपद् र आपत्कालीन स्थितिमा गर्नुपर्ने कार्यहरूजस्ता कुराहरूलाई पनि प्राथमिकतामा राखेर, सूचना सम्प्रेषण गर्ने कार्य गर्नुपर्दछ। त्यसबाहेक, लोपोन्मुख मातृभाषा, कला, संस्कृति र सम्पदाको संरक्षण, खेलकुद र मनोरञ्जनात्मक कार्यक्रमहरूको उत्पादन तथा प्रसारण त अपरिहार्य नै हुन आउँछ।

त्यस्ता कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा मानव अधिकारका मूल्य, मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात् गर्नुपर्ने हुन्छ।

हालको रेडियो नेपाल २०५२ साल अगाडिको एकछत्र राज गरेको रेडियो नेपाल होइन, २०७३ सालसम्म सूचना तथा सञ्चार मन्त्रालयका अनुसार ६९७ वटा रेडियो सञ्चालन गर्न मन्त्रालयबाट इजाजत लिइसकेका थिए र त्यतिबेलासम्म, ५६३ नियमित सञ्चालनमा नै थिए। त्यही आँकडा हेर्ने हो भने पनि, अब रेडियो सञ्चालन मात्रै गर्ने भन्दा पनि रेडियो नेपालले दिने सन्देश कति महत्त्वपूर्ण छ र यसले व्यापक रूपमा देशका सबै जातजाति, लिङ्ग, धर्म, समुदाय, संस्कृति आदि इत्यादिलाई समेटेको छ कि छैन भन्नेतर्फ ध्यान दिन जरुरी छ।

*(लेखक अधिकारकर्मी हुनुहुन्छ।)*

**मुसिकोट नगरको समृद्धिका आधारः**

**सामाजिक विकास र न्यायसँगै कृषि, उद्योग, पर्यटन र पूर्वाधार ॥**

**मुसिकोट नगरपालिकाको अनुरोध**

- ❑ सकारात्मक सोचका साथ विकासीय कार्यमा सहयोग गरौं।
- ❑आफ्नो घर आँगन टोलबस्ती सधैं सफा र हराभरा राखौं।
- ❑ गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसुति गराऔं।
- ❑बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- ❑ आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौं।
- ❑ जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- ❑जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं।
- ❑नगरपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौं।
- ❑बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔं। बालमैत्री व्यवहार कायम गरौं।
- ❑ आफ्नो घर वरपर रुख विरुवा रोपी हरियाली र सुन्दर नगर बनाऔं।

**रेडियो नेपालको ७६औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा**
**सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।**

मेयरः जिवलाल खरेल (जिवन),
उपमेयरः गंगा श्रेष्ठ,
प्रमुख प्रशासकिय अधिकृतः मोहन अर्याल
एवम् मुसिकोट नगरकार्यपालिकाको कार्यालय परिवार, वामीटक्सार, गुल्मी, लुम्बिनी प्रदेश



**Nepal Re**

Since
**2014**

Greetings from your
Reinsurance Partner !




Symbol of
Trust & Security

NATIONAL FLAG CARRIER REINSURANCE COMPANY OF NEPAL

**QMS : ISO 9001:2015 Certfied Company**
**FSR : AA- (Stable) by ICRA Nepal**

**Nepal Reinsurance Company Limited**
*(An Undertaking of Nepal Government)*

LS Complex, Thapathali,
Kathmandu MNP, Nepal
Tel: + 977-01-5970401/402
Email: nepalre@ntc.net.np
Web: www.nepalre.com.np
LinkedIn:company/nepalre

# विश्वविद्यालय शिक्षामा रेडियो पत्रकारिताः सिद्धान्त, अभ्यास र चुनौती



डा. देवराज अर्याल

पत्रकारिता शिक्षा आधुनिक समाजमा सूचना, विचार र ज्ञानको प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने एक महत्त्वपूर्ण शैक्षिक विद्या हो। यसले सञ्चार, आमसञ्चार, पत्रकारिता एवम् समग्र मिडिया प्रणाली र प्रविधिको बारेमा आवश्यक ज्ञानका साथसाथै सिप र दक्षता एकसाथ प्रदान गरेको हुन्छ। आजको आधुनिक समाजमा आइपुग्दा पत्रकारिता शिक्षाको दायरा मौखिक सञ्चार कलाको साथसाथै छापामाध्यम, रेडियो, टेलिभिजन, अनलाइन हुँदै सामाजिक सञ्जालका प्लेटफर्म र कृत्रिम बौद्धितासम्म विस्तारित भैसकेको छ। तथापि, रेडियो पत्रकारिता– विशेषगरी नेपालजस्ता विकासशील देशहरूका लागि अझै पनि प्रभावकारी माध्यमको रूपमा स्थापित छ। यस सन्दर्भमा पत्रकारिता शिक्षाअन्तर्गत रेडियो पत्रकारिता अध्ययन गर्दा सैद्धान्तिक ज्ञान र व्यावहारिक दक्षताको संयोजन आवश्यक हुन्छ।

## पत्रकारिता शिक्षामा रेडियो

रेडियो पत्रकारिता ध्वनि (Audio) मा आधारित सञ्चार माध्यम हो, जसले छिटो, सुलभ र व्यापक रूपमा सञ्चार र सूचनाको पहुँच प्रदान गर्दछ। म्याक्सवेल DofsDA; र डोनाल्ड शा (१९७२) ले प्रतिपादन गरेको एजेण्डा सेटिङ सिद्धान्तअनुसार मिडियाले कुन विषयवस्तुलाई प्राथमिकता दिन्छ भन्ने कुराले जनताको सोच र धारणा निर्माणमा प्रभाव पार्दछ। यस आधारमा हेर्दा रेडियोले पनि समाचार र कार्यक्रममार्फत जनमत निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। त्यसमा पनि नेपालमा रेडियो प्रयोग र सुन्ने अभ्यास अहिले पनि उल्लेखनीय रूपमा छ। विभिन्न समयमा भएका अध्ययन–अनुसन्धानका अनुसार नेपालमा करिब ५० देखि ७० प्रतिशत जनसंख्या रेडियो सुन्ने गर्दछ, विशेष गरी ग्रामीण क्षेत्रमा यसको प्रभाव अझै बलियो रहेको छ। नेपालको भौगोलिक बनावट हिमाल, पहाड र तराइजस्ता संरचनात्मक आधारमा निर्माण भएको र अधिकांश बस्ती अहिले पनि ग्रामीण प्रकारको भएकाले सूचना सम्प्रेषण र प्राप्तिका लागि रेडियो माध्यम अनुकूल र भरपर्दो रूपमा रहेको हो।

त्यसैगरी, प्रयोग र सन्तुष्टिको सिद्धान्त (Uses and Gratifications Theory) ले दर्शक/श्रोता किन मिडिया प्रयोग गर्छन् भन्ने व्याख्या गर्छ। रेडियोको हकमा, श्रोताहरू सूचना, मनोरञ्जन र भावनात्मक एकाकारका लागि रेडियो सुन्ने गर्छन्, जसले पत्रकारिता शिक्षा–शिक्षणमा श्रोतामुखी सामग्री विकासको महत्त्व देखाउँछ। यस अर्थमा नेपालमा अध्ययन अध्यापन हुने विश्वविद्यालयका पाठ्यक्रमहरूमा उल्लिखित पक्षहरूको सान्दर्भिकता र महत्त्व दर्शाउछ। नेपालको सन्दर्भमा, विश्लेषण गर्दा मूलत २००७ सालमा स्थापना भएको रेडियो नेपाल र सामुदायिक रेडियो सञ्चालन गर्ने संस्था–

विशेषगरी अकोराबले सामुदायिक रेडियोको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । ग्रामीण र दुर्गम क्षेत्रमा रेडियो अझै पनि सूचना पहुँचको प्रमुख माध्यम हो । त्यसैले पत्रकारिता शिक्षामा रेडियो पत्रकारिता समावेश गर्नु अत्यन्त आवश्यक मानिन्छ ।

यतिबेला पत्रकारिता शिक्षामा रेडियो पत्रकारिता अध्ययन अध्यापन गर्दा विभिन्न चुनौतीहरू पनि देखिएका छन् । प्राविधिक उपकरणको कमी, प्रशिक्षित जनशक्तिको अभाव र डिजिटल मिडियाको तीव्र विकास र आर्थिक समस्याको कारणले गर्दा रेडियोको परम्परागत अभ्यासलाई चुनौती दिएको छ । यद्यपि, पछिल्लो समयमा विकसित भएका पोडकास्टिङ र अनलाइन रेडियो जस्ता नयाँ प्रविधिहरूले रेडियो पत्रकारिता भविष्यलाई अझै सशक्त र फराकिलो बनाउने सम्भावना पनि त्यत्तिकै बलियो रूपमा देखिएको छ ।

## रेडियो पत्रकारिताको सान्दर्भिकता

रेडियो पत्रकारिता भनेको रेडियो माध्यममार्फत समाचार, सूचना, विचार र मनोरञ्जन प्रस्तुत गर्ने पत्रकारिताको एउटा महत्त्वपूर्ण आयाम हो । यसमा ध्वनिको प्रयोग गरी श्रोतालाई जानकारी पुऱ्याइन्छ । रेडियो पत्रकारिताले ग्रामीण तथा दुर्गम क्षेत्रसम्म पनि सजिलै पहुँच बनाउने क्षमता राख्छ, जसले गर्दा यसलाई जनसञ्चारको प्रभावकारी माध्यम मानिन्छ । समाचार बुलेटिन, अन्तर्वार्ता, रेडियो म्यागजिन, बहस कार्यक्रम र विशेष रिपोर्टहरू यसको प्रमुख सामग्री हुन् ।

रेडियोको प्रमुख विशेषता भनेको यो पूर्ण रूपमा ध्वनिमा आधारित माध्यम हुनु हो, जसले श्रोतालाई सुन्ने माध्यमबाट सन्देश दिन्छ । यसको अर्को महत्त्वपूर्ण विशेषता 'तात्कालिकता' अर्थात् तत्काल सूचना प्रसारण गर्ने क्षमता हो, जसले गर्दा घटनाहरू छिटो श्रोतासम्म पुग्छन् । साथै, रेडियो सजिलै उपलब्ध हुने माध्यम हो, किनकि यसलाई चलाउन सस्तो उपकरण र न्यून प्रविधि भए पनि पर्याप्त हुन्छ । त्यसैले, विद्युत् वा इन्टरनेट सीमित भएको ठाउँमा पनि रेडियो प्रभावकारी हुन्छ । अन्य मिडियासँग तुलना गर्दा रेडियो सरल, सस्तो र सहज पहुँचयोग्य माध्यमको रूपमा चिनिन्छ । टेलिभिजनजस्तो दृश्य ९खष्कगब्० नहुने भए पनि रेडियोले कल्पनाशीलता बढाउँछ, किनकि रेडियोमा श्रोताले आफैँ दृश्यको कल्पना गर्छन् । पत्रपत्रिका भन्दा छिटो सूचना दिनसक्ने यसको विशेषता हो भने रेडियो डिजिटल मिडियाभन्दा कम प्रविधिमा पनि सञ्चालन गर्न सकिन्छ । तर, दृश्य सामग्री नहुनु यसको सीमितता हो । जसले गर्दा आजको डिजिटल युगमा रेडियोलाई अन्य मिडियाको पूरक माध्यमको रूपमा लिनु पर्ने परिस्थिति निर्माण भएको छ ।

## नेपालमा पत्रकारिता शिक्षा

पत्रकारिता शिक्षामा रेडियोको महत्त्वपूर्ण स्थान रहेको छ, किनकि यो जनसञ्चारको सबैभन्दा पुरानो र प्रभावकारी माध्यमहरूमध्ये एक हो । विश्वव्यापी आधुनिक सञ्चारको विकासलाई हेर्दा रेडियो प्रसारणको सुरुवात सन् १९२० मा अमेरिकामा स्थापित KDKA रेडियोदेखि नै भएको हो । विशेष गरी

विकासशील देशहरूमा, जहाँ अझै पनि इन्टरनेट वा टेलिभिजनको पहुँच सीमित छ, त्यहाँ रेडियोले सूचना प्रवाहमा केन्द्रीय भूमिका खेल्दै आएको छ। त्यसैले, पत्रकारिता शिक्षामा रेडियो पत्रकारितालाई आधारभूत विषयका रूपमा समावेश गरिन्छ। यसले विद्यार्थीहरूलाई समाचार उत्पादन, आवाजको प्रयोग र श्रोतामुखी सामग्री निर्माण गर्ने सीप विकास गर्न मद्दत गर्दछ।

नेपालको सन्दर्भमा विश्लेषण गर्दा पत्रकारिता शिक्षाको प्रारम्भ विसं. २०३३ सालदेखि त्रिभुवन विश्वविद्यालयबाट भएको हो। त्यत्तिबेला राजधानीको रत्नराज्य लक्ष्मी क्याम्पसमा प्रविणता प्रमाणपत्र तहदेखि पत्रकारिता शिक्षाको कार्यक्रम सञ्चालन भएको थियो। त्रिविले त्यसबेलादेखि नै पत्रकारिता विषयको पाठ्यक्रममा रेडियो पत्रकारितालाई प्राथमिकताका साथ समेटेको थियो। अहिले यो आधारभूत तहको पत्रकारिता शिक्षाको कार्यक्रम राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत सञ्चालित कक्षा ११ र १२ मा समावेश गरिएको छ। यता विश्वविद्यालयमा भने २०३६ सालदेखि पत्रकारिता विषयमा स्नातक तहको शैक्षिक कार्यक्रम सञ्चालनमा आएको हो। त्यतिबेला स्नातक तहको पाठयक्रममा रेडियो पत्रकारितालाई एकसय पूर्णाङ्कका छुट्टै पेपरको रूपमा समावेश गरियो थियो।

यतिबेला नेपालमा त्रिभुवन विश्वविद्यालयसहित पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, मध्यमपश्चिम र सुदुरपश्चिम विश्वविद्यालयमा पनि पत्रकारिता विषय पठनपाठन हुने गरेको छ। तथापि, पत्रकारिता विषयलाई उच्च प्राथमिकताका साथ अध्यापन गराउने र सर्वाधिक विद्यार्थी संख्या रहेको प्रमुख विश्वविद्यालय भनेको त्रिभुवन विश्वविद्यालय नै हो। हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा स्नातकोत्तर (एमए), दर्शनाचार्य (एमफील), विद्यावारिधि (पीएचडी) सम्मको पठनपाठन हुने गरेको छ। यसैगरी त्रिभुवन विश्वविद्यालयअन्तर्गतका प्रमुख आङ्गिक क्याम्पसहरू– आर.आर., पी.के., सरस्वती, पोखराको पी.एन. क्याम्पस, विराटनगरको महेन्द्र मोरङ र सम्बन्धन प्राप्त क्याम्पसअन्तर्गत लगभग ८० वटा क्याम्पसहरूमा पत्रकारिता विषयको पठन–पाठन हुने गरेको छ। संख्यात्मक रूपमा भन्दा स्नातक तहमा ३६ सयको हाराहारीमा विद्यार्थी रहेका छन् भने स्नातकोत्तर तहमा एक सय र दर्शनाचार्य तहमा सरदर वार्षिक २३ जनाको हाराहारीमा विद्यार्थीहरू अध्ययनतर रहेका छन्।

## विश्वविद्यालयको पाठ्यक्रममा रेडियो

त्रिभुवन विश्वविद्यालयको स्नातक तहमा रेडियो पत्रकारितालाई दुईवटा मुख्य विषयहरू मार्फत् व्यवस्थित रूपमा समेटिएको छ। JMC-426M Broadcast Journalism पूर्ण रूपमा रेडियो र टेलिभिजन जस्ता प्रसारण माध्यमहरूमा केन्द्रित रहेको विषय हो। यसअन्तर्गत विद्यार्थीहरूले रेडियोको विकासक्रम, यसको सामाजिक प्रभाव र प्रसारणका आधारभूत सिद्धान्तहरूको सैद्धान्तिक ज्ञान प्राप्त गर्छन्। साथै, यस विषयले प्रयोगात्मक पक्षलाई विशेष जोड दिँदै रेडियोका लागि समाचार लेख्ने शैली, अन्तर्वार्ता लिने कला र कार्यक्रम उत्पादनका प्राविधिक सीपहरू सिकाएर विद्यार्थीलाई दक्ष बनाउँछ।

अर्कोतर्फ, JMC-422M Principle and Practices of Journalism ले पत्रकारिताको समग्र जग

बुझाउने कार्य गर्दछ। यस विषयमा रेडियो पत्रकारितालाई एउटा महत्त्वपूर्ण विधाको रूपमा परिचय गराइन्छ, जहाँ विद्यार्थीहरूले रेडियो पत्रकारिताका आधारभूत नियमहरू, व्यावसायिक नैतिकता र समाचार सङ्कलनका सामान्य प्रक्रियाहरूको बारेमा जानकारी पाउँछन्।

यसैगरी त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार विषयको स्नातकोत्तर (MA) तहको पाठ्यक्रममा रेडियो पत्रकारितालाई विशेष महत्त्व दिँदै JMC ६०१–१: रेडियो कार्यक्रम उत्पादन (Radio Program Production) लाई एउटा छुट्टै विषयको रूपमा समावेश गरिएको छ। यस पाठ्यक्रमअन्तर्गत रेडियो लेखन, विभिन्न ढाँचाका कार्यक्रम उत्पादन, अन्तर्वार्ता तथा छलफल र रेडियोका लोकप्रिय कार्यक्रमहरूको बारेमा विस्तृत अध्ययन गराइन्छ। विशेषगरी विद्यार्थीहरूको व्यावहारिक दक्षताका लागि स्वर, उच्चारण, समाचार बुलेटिन प्रस्तुतीकरण, पोडकास्टिङ र डिजिटल इन्टिग्रेसन जस्ता पक्षहरूलाई प्राथमिकता दिइएको छ, जसबाट विद्यार्थीहरूले पर्याप्त ज्ञान र सीप हासिल गर्न सक्दछन्। यसका साथै, JMC-504:Broadcasting Journalism र JMC-505: Communication Revolution जस्ता विषयहरूमा पनि रेडियो पत्रकारिताका लागि आवश्यक पर्ने महत्त्वपूर्ण सामग्रीहरू समेटिएका छन्। विश्वविद्यालयहरूले पत्रकारिता विषयको पाठ्यमक्रमा रेडियो पत्रकारिताको विषयलाई प्रर्याप्त रूपमा स्थान दिइएको पाइन्छ।

## पाठ्यक्रममा प्रायोगिक र सैद्धान्तिक पक्षको सन्तुलन

रेडियो पत्रकारिता शिक्षामा प्रायोगिक र सैद्धान्तिक दुवै पक्ष अत्यन्त महत्त्वपूर्ण हुन्छन्। सैद्धान्तिक पक्षले विद्यार्थीलाई पत्रकारिताका सिद्धान्त, समाचार मूल्य, एजेन्डा सेटिङ, र सञ्चार मोडेलहरूबारे ज्ञान दिन्छ। अर्कोतर्फ, प्रायोगिक पक्षले विद्यार्थीलाई स्क्रिप्ट लेखन, आवाज रेकर्डिङ, सम्पादन र कार्यक्रम प्रस्तुतीकरण जस्ता सीपहरू सिकाउँछ। यी दुवै पक्षको सन्तुलनले विद्यार्थीलाई सक्षम र व्यावसायिक रेडियो पत्रकार बन्ने आधार निर्माण गर्दछ। वास्तवमा त्रिभुवन विश्वविद्यालयले निर्माण गरेको स्नातक तह र स्नातकोत्तर तहको पाठ्क्रममा यो पक्षलाई बलियो रूपमा स्थापित गरिएको छ। स्नातक तहको शैक्षिक कार्यक्रममा ७० प्रतिशत अंश सैद्धान्तिक पक्षमा केन्द्रित रहेको छ भने ३० प्रतिशत अंश प्रायोगिक पक्ष समावेश गरिएको छ। यसैगरी स्नातकोत्तर तहको पाठ्क्रममा प्रायोगिक पक्ष ४० र सैद्धान्तिक पक्ष ६० प्रतिशत कायम गरिएको छ।

वास्तवमा विश्वविद्यालय र क्याम्पसहरूमा रेडियो कार्यक्रमहरूलाई शिक्षण–सिकाइ प्रक्रियाको महत्त्वपूर्ण अङ्गका रूपमा विकास गरिएको छ। पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग र आर.आर. क्याम्पसले आफ्नो शैक्षिक रेडियो सञ्चालन गरेका छन्। त्यसैगरी, धेरै क्याम्पसहरूले स्टुडियो स्थापना गरेका छन्। जहाँ विद्यार्थीहरूले प्रत्यक्ष रूपमा कार्यक्रम उत्पादन र प्रसारण गर्ने अवसर पाउँछन्। यस्ता कार्यक्रमहरूमा समाचार, छलफल, सांस्कृतिक प्रस्तुति, र शैक्षिक सामग्री समावेश हुन्छन्। यसले विद्यार्थीलाई वास्तविक कार्य अनुभव दिलाउने मात्र होइन, उनीहरूको आत्मविश्वास, प्रस्तुतीकरण क्षमता र व्यावसायिक दक्षता पनि बढाउने अवसर प्रदान गरेको हुन्छ।

## पत्रकारिता शिक्षा र रेडियो नेपाल

जहाँसम्म नेपालको पत्रकारिता शिक्षा र रेडियो नेपालको सन्दर्भ छ– यी दुई संस्था एकअर्काको परिपूरकको रूपमा रहँदै आएका छन्। पत्रकारिता शिक्षाको दृष्टिकोणबाट हेर्दा, रेडियो नेपाललाई एउटा महत्त्वपूर्ण अध्ययन र अभ्यास (learning laboratory) को रूपमा लिन सकिन्छ। यसले सूचना प्रवाह, जनचेतना र ग्रामीण क्षेत्रमा प्रभाव पार्ने आफ्नो भूमिकामार्फत् विद्यार्थीहरूलाई सार्वजनिक सेवामा पत्रकारिताको वास्तविक अभ्यास बुझ्न मद्दत गर्दै आएको छ।

रेडियो नेपालका समाचार संरचना, भाषा प्रयोग र कार्यक्रम ढाँचाहरू अध्ययन गर्दा विद्यार्थीहरूले कसरी सन्तुलित, विश्वसनीय र जनमुखी सामग्री तयार पारिन्छ भन्ने सिक्छन्। साथै, यसको कार्यक्रमहरू –जस्तै स्वास्थ्य, शिक्षा र कृषिसम्बन्धी सामग्री–पत्रकारितामा विकास सञ्चारको उत्कृष्ट उदाहरणका रूपमा प्रयोग गर्न सकिन्छ। यसले विद्यार्थीहरूलाई पत्रकारिता केवल समाचार दिने माध्यम मात्र नभई सामाजिक परिवर्तनको उपकरण पनि हो भन्ने बुझाउँछ। विशेषगरी ग्रामीण क्षेत्रमा यसको प्रभाव अध्ययन गर्दा, मिडियाले कसरी सीमान्तकृत समुदायलाई सशक्त बनाउन सक्छ भन्ने व्यावहारिक ज्ञान प्राप्त हुन्छ। यता त्रिभुवन विश्वविद्यालयले पनि रेडियो नेपालका लागि आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउँदै आएको छ। विश्वविद्यालयबाट शिक्षा लिएका कतिपय व्यक्तिहरू दक्ष जनशक्तिका रूपमा रेडियो नेपालमा क्रियाशील रहेका छन्। यसैगरी आवश्यकताअनुसार विश्वविद्यालयले विशेषज्ञ सेवा पनि उपलब्ध गराउँदै आएको छ। यस आधारबाट हेर्दा नेपालको सन्दर्भमा पत्रकारिता शिक्षा र रेडियो नेपालको बिचमा एक प्रकारको अन्तरसम्बन्ध र अन्तरनिर्भता कायम रहँदै आएको छ।

## रेडियो पत्रकारितामा शिक्षाको भूमिका

पत्रकारिता शिक्षाले रेडियो पत्रकारितामा आवश्यक पर्ने आवश्यक सीपहरू विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। अध्ययनक्रममार्फत् विद्यार्थीहरूले स्पष्ट, आकर्षक र विश्वसनीय आवाज प्रयोग गर्ने तथा प्रभावकारी प्रस्तुतीकरण गर्ने अभ्यास पाउँछन्, जसले श्रोतासम्म सन्देश जीवन्त रूपमा पुऱ्याउन मद्दत गर्छ। साथै, स्क्रिप्ट लेखनसम्बन्धी प्रशिक्षणले छोटो, सरल र श्रोतामुखी भाषा प्रयोग गर्ने क्षमता विकास गराउँछ, जसले सामग्रीलाई सहज र प्रभावकारी बनाउँछ। यसैगरी, पत्रकारिता शिक्षाले अन्तर्वार्ता सीप विकासमा पनि विशेष जोड दिन्छ, जसले विद्यार्थीहरूलाई सही प्रश्न सोध्न, आवश्यक जानकारी निकाल्न र संवादलाई रोचक बनाउन सक्षम बनाउँछ। प्रायोगिक कक्षाहरू र अभ्यासमार्फत् उनीहरूले आत्मविश्वास, धैर्य र सञ्चार कौशल सुधार गर्छन्। साथै, रेकर्डिङ, एडिटिङ र उपकरण सञ्चालन जस्ता प्राविधिक ज्ञान पनि शिक्षण प्रक्रियामार्फत् सिकाइन्छ। यसरी, पत्रकारिता शिक्षाले सैद्धान्तिक र प्रायोगिक दुवै पक्षबाट विद्यार्थीलाई दक्ष, पेशागत र प्रभावकारी रेडियो पत्रकार बन्न मद्दत गर्दछ।

## वर्तमानमा देखिएका चुनौती र सम्भावना

नेपालको सन्दर्भमा रेडियो पत्रकारिता पढाउने क्रममा विभिन्न चुनौतीहरू देखिएका छन्। सबैभन्दा ठूलो समस्या भनेको प्रविधिको अभाव हो। त्रिभुवन विश्वविद्यलायको केन्द्रीय विभागमा भौतिक पूर्वाधार र प्रविधिको मात्रा उपलब्ध रहेको भए पनि धेरै कलेज तथा विश्वविद्यालयहरूमा पर्याप्त रेकर्डिङ स्टुडियो,

एडिटिङ सफ्टवेयर र आधुनिक उपकरणहरूको कमी हुन्छ। यसका कारण विद्यार्थीहरूले सैद्धान्तिक ज्ञान पाए पनि व्यावहारिक सीप राम्रोसँग विकास गर्न कठिन हुन्छ।

त्यसैगरी, प्रायोगिक अवसरको कमी पनि अर्को महत्त्वपूर्ण चुनौती हो, किनकि सबै क्याम्पसहरूमा रेडियो वा इन्टर्नसिपको पर्याप्त व्यवस्था छैन, जसले वास्तविक कार्य अनुभव प्राप्त गर्न सीमितता ल्याउँछ। अर्कोतर्फ, डिजिटल मिडियाको तीव्र विकासले पनि चुनौती थपेको छ। विद्यार्थीहरू बढी डिजिटल प्लेटफर्मतर्फ आकर्षित हुँदा परम्परागत रेडियोप्रति रुचि घट्ने सम्भावना देखिएको छ। यसले पाठ्यक्रमलाई अद्यावधिक गर्ने, रेडियोलाई डिजिटलसँग एकीकृत गर्ने (जस्तैः अनलाइन रेडियो, पोडकास्ट) आवश्यकता बढाएको छ। यद्यपि, उल्लिखित चुनौतीहरूको बिचमा पनि विश्वविद्यालय पत्रकारिता शिक्षा प्रविधि सुधार, प्रायोगिक अवसर विस्तार र नयाँ माध्यमसँग समायोजन गर्दै अगाडि बढिरहेको छ।

## सन्दर्भ सूची


Baran, S. J., & Davis, D. K. (2012). Mass Communication Theory: Foundations, Ferment, and Future. Wadsworth.

Boyd, A. (2001). Broadcast Journalism: Techniques of Radio and Television News. Focal Press.

Community Radio Network Nepal (CRNN). (n.d.). Reports and publications.

Dominick, J. R. (2011). The Dynamics of Mass Communication. McGraw-Hill.

Fleming, C. (2002). The Radio Handbook. Routledge.

McQuail, D. (2010). McQuail's Mass Communication Theory. Sage Publications.


*(लेखक त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा प्राध्यापनरत हुनुहुन्छ।)*


**परिवर्तन गाउँपालिका पुतलाचौर रोल्पाको**
**जनहितमा जारी सन्देश**

१ व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र नजिकको वडा कार्यालयमा गई दर्ता गर्ने बानी बसालौं।
२. गाउँघर, टोल सफार स्वच्छ राखी सभ्य नागरिकको परिचय दिऔं।
३. चर्पीमा मात्रै दिशापिसाब गरौ।
४. प्लाष्टिकजन्य फोहोरहरुको उचित व्यवस्थापन गरौं।
५. सार्वजनिक सम्पतिको संरक्षण गरौ र समुद्र गाउँपालिका निर्माण अभियानमा सहकार्य र साझेदारी गरौं।
६. बालश्रमको अन्त्य गरी बालअधिकार सुनिश्चित गरौं।
७. घरेलु हिंसा विरुद्र डटेर लडौं। सभ्य समाज निर्माणमा सहयोग गरौं।
८. बालबालिकाहरुलाई लगाउनु पर्ने खोप स्वास्थ्य संस्थामा लगि नियमित समयमा खोप लगाई बालमृत्युदर घटाउ।
९. बालविवाह, बहुविवाह जस्ता कुप्रथा रोक्नलाई सबै लागि परौं।
१०. वातावरण जोगाउन रुख रोपी हरियाली बढाऔं।
११. छोराछोरीमा भेदभाव नगरी सबै बालबालिकालाई विद्यालय पठाऔं।
१२. विकास निर्माण कार्यहरुमा जनसहभागिता बढाऔं र सामाजिक विसंगती र विकृतिको अन्त्य गरौं।
१३. गाउँपालिकाबाट निःशुल्क शिक्षा कार्यकम अघि बढाइएको हुंदा, यसको प्रवर्द्धन गरौं।

अध्यक्ष : सुकबहादुर बुढा
उपाध्यक्षः कलादेवी खत्रीनी
निम बहादुर के.सी. : प्रमुख प्रशासकीय अधिकृत

## गंगादेव गाउँपालिका सानडाडा रोल्पाको
### जनहितमा जारी सूचना

१. आगलागी, पहिरो, बाढी आदी जस्ता विपद् सम्बन्धी कुनै जानकारी भएमा तुरुन्तै स्थानीय प्रशासनलाई जानकारी गराऔं।
२. व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई दर्ता गर्ने बानी बसालौं।
३. खानेपानीको मुहान सफा र सुरक्षित राखौं, पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
४. समय समयमा स्वास्थ्य परिक्षण गरौं।
५. आफ्नो लगायत परिवारको स्वास्थ्य बिमा गरी गराऔं।
६. प्लास्टिक जन्य फोहोरको उचित व्यवस्थापन गरौ।
७. घरेलु हिंसा विरुद्ध डटेर लागौ, सभ्य समाज निर्माणमा सहयोग गरौं।
८. बालविवाह, बहुविवाह जस्ता कुप्रथा रोक्न सबै लागि परौं।
९. किसानहरुका लागि आवश्यक मल, बीउ तथा प्राविधिक सहायता, अनुदान तथा सहुलियतका कार्यक्रमहरुको जानकारीका लागि सम्बन्धित शाखामा सम्पर्क गरौं।
१०. तोकिएको समयमा व्यवसाय नविकरण गरौं। कर तथा दस्तुर समयमै तिरौ।
११. सार्वजनिक सम्पतिको संरक्षण गरौं र समृद्ध गाउँपालिका निर्माणमा हातेमालो गरौ।
१२. आफ्ना बालबालिकाहरुलाई समयमै विद्यालय पठाऔं
१३. आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहि सँग सेयर नगरौं।
१४. बालबालिकालाई पढाईका साथै अतिरिक्त क्रियाकलापमा समेत सहभागि गराऔं।
१५. लैङ्गिक समनता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं।

अध्यक्षः हरिबहादुर पुन
उपाध्यक्षः अमृताकुमारी केसी (वली)
प्रमुख प्रशासकीय अधिकृतःशालिकराम वस्नेत

## लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
### बडाचौर रोल्पाको जनहितमा जारी शन्देश

❑ व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र नजिकको वड़ा कार्यालयमा गई दर्ता गर्ने बानी बसालौं।
❑ गाउँघर, टोल सफा र स्वच्छ राखी सभ्य नागरिकको परिचय दिऔं।
❑ चर्पीमा मात्रै दिशापिसाब गरौं। प्लाष्टिकजन्य फोहोरहरुको उचित व्यवस्थापन गरौं।
❑सार्वजनिक सम्पत्तिको संरक्षण गरी र समृद्ध गाउँपालिका निर्माण अभियानमा सहकार्य र साझेदारी गरौं।
❑बालश्रमको अन्त्य गरी बालअधिकार सुनिश्चित गरौं। घरेलु हिंसा विरुद्ध डटेर लडौं। सभ्य समाज निर्माणमा सहयोग गरौं।
❑ बालबालिकाहरुलाई लगाउनु पर्ने खोप स्वास्थ्य संस्थामा लगी नियमित समयमा खोप लगाई बाल मृत्युदर घटाऔं।
❑ बालविवाह, बहुविवाह, छाउपडी जस्ता कुप्रथा रोक्नलाई सबै लागी परौं ।
❑ वातावरण जोगाउन रुख रोपी हरियाली बढाऔं।
❑ छोराछोरीमा भेदभाव नगरी सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं।
❑ विकास निर्माण कार्यहरुमा जनसहभागिता बढाऔं र सामाजिक विसङ्गति र विकृतिको अन्त्य गरौं।
❑ अनुमतिपत्रवालाले मात्र मदिरा उत्पादन, बिक्री तथा वितरण गरौं।
❑ मदिराको उत्पादक वा विक्रेताले आफ्नो स्थायी लेखा नम्वरको बिल राख्ने साथै हरेक वर्ष नवीकरण गरौं।

अध्यक्ष : भरतकुमार थापा
उपाध्यक्ष : दिलकुमारी गुरुङ
प्रमुख प्रशासकीय अधिकृतः अनिल रिजाल

# ट्रान्समिटरदेखि छोटा रिलसम्मः डिजिटल युगमा रेडियोको नयाँ मार्गचित्र



*डा. घमराज लुइँटेल*

## १. परिचयः तरल माध्यम र ध्वनिको निरन्तरता

झन्डै एक शताब्दीसम्म रेडियोलाई यसको हार्डवेयर–अर्थात् विद्युतीय–चुम्बकीय स्पेक्ट्रम (Electromagnetic Spectrum), एनालग ट्रान्समिटर र रेडियो रिसिभर सेटहरूका माध्यमबाट परिभाषित गरियो। आज, त्यो हार्डवेयर–केन्द्रित परिभाषा पूर्णतया पुरानो भइसकेको छ। समसामयिक मिडिया परिदृश्यमा रेडियो 'तरल' (Liquid) बनेको छ। Marshall McLuhan (१९६४) ले रेडियोलाई एक 'हट' (Hot) माध्यमको रूपमा व्याख्या गरेका थिए, जसले सुन्ने क्षमताको विस्तार गर्दछ र श्रोतासँगको गहन र व्यक्तिगत सम्बन्ध स्थापना गर्दछ। डिजिटल युगमा, यो सम्बन्ध ट्रान्समिटरको भौतिक सीमाको बन्धनबाट अलग 'स्ट्रिम' (Stream) मा आधारित भएको छ।

डिजिटल क्रान्तिले रेडियोलाई कमजोर गरेको छैन, बरु उल्टै यसलाई भूगोल र रेखीय समयको कडा सीमाको बन्धनबाट उन्मुक्त गरिदिएको छ। यद्यपि, यो स्वतन्त्रताले केही गम्भीर चुनौतीहरू पनि साथै ल्याएको छः परम्परागत विज्ञापन मोडलहरूको क्षय, स्ट्रिमिङ दिग्गजहरूबाट 'एल्गोरिदम' मा आधारित प्रतिस्पर्धा र उत्पादन संस्कृतिमा आमूल परिवर्तनको आवश्यकता आजको रेडियो केवल एउटा यन्त्र मात्र रहेन; बरु यो एउटा ध्वनि ब्रान्ड (Sonic Brand) बन्न पुगेको छ, जुन लाइभ प्रसारण, पोडकास्ट, सामाजिक सञ्जाल भिडियो र अन्तरक्रियात्मक डिजिटल प्रवाहको रूपमा एकैसाथ अस्तित्वमा छ।

## २. मिडिया सम्मिलन, प्रविधि–निर्देशवाद र नयाँ मिडिया

रेडियो प्रसारणको वर्तमान रूपान्तरित अवस्थाबारे चर्चा गर्न पहिले मिडियाका केही सान्दर्भिक सैद्धान्तिक अवधारणाहरूलाई केलाउनुपर्ने हुन्छ। तीमध्ये हामी Jenkin˜ (२००६), Toffler (१९८०), Hendy (२०१३), Manovich (२००१), Brecht (१९३२) लगायतका सैद्धान्तिक अवधारणाहरूसँगै रेडियो प्रसारणको समकालीन रूपान्तरणको चर्चा गर्दैछौं।

### २.१ Henry Jenkins र सम्मिलन संस्कृति (Convergence Culture)

आधुनिक रेडियोको गतिशीलता बुझ्न Henry Jenkins (२००६) को 'सम्मिलन संस्कृति' सिद्धान्त अपरिहार्य छ। Jenkins का अनुसार, सम्मिलन केवल एउटा प्राविधिक प्रक्रिया मात्र होइन, बरु यो एउटा सांस्कृतिक परिवर्तन हो जहाँ 'सामग्री विभिन्न मिडिया प्लेटफर्महरूका माध्यमबाट प्रवाहित हुन्छ'। उनले यसका तीन मुख्य स्तम्भहरू पहिचान गरेका छन्।

- मिडिया सम्मिलन (Media Convergence): रेडियो अब अलग–थलग र सीमित माध्यममा आधारित सञ्चार प्रणाली रहेन। परम्परागत रूपमा एफएम डायलमा मात्र सीमित रहने कार्यक्रमहरू

अहिले Facebook Live, Spotify का पोडकास्ट, तथा त्ष्पत्यप जस्ता डिजिटल प्लेटफर्ममार्फत बहुआयामिक रूपमा प्रसारित र उपयोग हुन थालेका छन् ।

❑ सहभागितामूलक संस्कृति (Participatory Culture): Jenkins का अनुसार श्रोताहरू अब केवल निष्क्रिय सूचना वा कार्यक्रम सुन्ने व्यक्ति मात्र रहेनन् । Alvin Toffler ले सन् १९८० मा आफ्नो पुस्तक The Third Wave मा पहिलोपल्ट प्रयोगमा ल्याएको उपभोग र उत्पादन एकैसाथ गर्न सक्ने हिसाबमा सञ्चार उपभोक्ताको व्याख्या गर्दै प्रोज्युमर (Prosumer) शब्दको प्रयोग गरेका थिए । उनको यो अवधारणा जस्तै समकालीन रेडियो श्रोताहरू पनि अब रेडियो सुन्ने मात्रै नभई सामग्री उत्पादन समेत गर्न सक्ने 'प्रोज्युमर' (Prosumer) बन्न पुगेका छन्, जसले व्हाट्सएप, ट्वीटर र प्रत्यक्ष स्टुडियो अन्तरक्रिया मार्फत प्रसारणको रूपरेखा र सामग्री नै तय गर्दछन् । जसले गर्दा रेडियो एउटा 'मोनोलोग' अर्थात् एकपक्षीय प्रवाह वा एकालाप मात्रै नभई 'मल्टिलोग' वा बहुपक्षीय संवाद्को माध्यम बन्न पुगेको छ ।

❑ अन्तर–मिडिया प्रस्तुति (Transmedia Storytelling): यसमा एउटै सामग्री वा ब्रान्ड अनुभवलाई विभिन्न प्लेटफर्महरू मार्फत फरक–फरक ढंगले प्रस्तुत गर्ने गरिन्छ । उदाहरणका लागि, एउटा रेडियो समाचारको एउटा सानो अंश टिकटकमा 'टिजर' को रूपमा राख्न सकिन्छ, बिहानीको मुख्य कार्यक्रममा लाइभ अन्तर्वार्ताको रूपमा त्यही सामग्री रहन सक्छ र एउटा विस्तृत पोडकास्टको रूपमा पनि राख्न सकिन्छ ।

२.२ प्रविधि–निर्धारणवाद (Technological Determinism) कि प्रविधिको सामाजिक निर्माणवाद (SCOT) ?

रेडियोको विकासलाई अक्सर प्रविधि–निर्धारणवाद (Technological Determinism)को माध्यमबाट हेरिन्छ, जसले प्रविधि (जस्तैः इन्टरनेट, AI) ले नै सामाजिक परिवर्तन ल्याउँछ भन्ने तर्क गर्दछ । यद्यपि, Hendy (२०१३) जस्ता विद्वानहरू प्रविधिको सामाजिक निर्माणवाद (Social Construction या Technology – SCOT) को पक्षमा उभिएका छन् । यो सिद्धान्तले मानवीय आवश्यकता र सामाजिक चाहनाले प्रविधि अपनाउने मोडालिटी कुरा निर्धारण गर्छ भन्ने मान्यता राख्दछ । मिडियाको सन्देश ग्रहण गर्ने सन्दर्भमा कुरा गर्दा टेलिभिजन वा स्क्रिनले बहुइन्द्रिय संलग्नताको माग गर्छ, ती हुन् –आँखा र कान । तर रेडियो वा ध्वनि माध्यमले एकल इन्द्रिय संलग्नताको माग गर्छ, त्यो हो कान । मानिसलाई ड्राइभिङ गर्दा होस् वा अन्य काम गर्दा 'हात र आँखा चलाउन नपर्ने' (Hands free, Eyes free) सूचना प्राप्तिको माध्यम आवश्यक परिरहने सामाजिक बाध्यताकै कारण रेडियो प्रसारणलाई डिजिटल युगमा अनुकूलन हुन र 'सफ्टवेयरीकरण' (Softwareization) हुन प्रेरित गरेको हो ।

२.३ Lev Manovich का नयाँ मिडियाका पाँच सिद्धान्त

Lev Manovich (२००१) ले नयाँ मिडियालाई पुरानो मिडियाबाट अलग गर्ने पाँच आधारभूत सिद्धान्तहरूको पहिचान गरेका छन्, जसलाई आधुनिक रेडियोले पूर्ण रूपमा आत्मसात गरिसकेको छ । गणितीय प्रतिनिधित्व (Numerical/digital Representation): एनालग युगमा रेडियो एउटा निरन्तर

तरंग (Wave) थियो, तर आज यो डाटा (bits and bytes) मा आधारित छ। यसले गर्दा ध्वनिलाई कम्प्युटर सफ्टवेयर मार्फत गणितीय सटिकताका साथ सम्पादन गर्न र पुनः उत्पादन गर्न सम्भव भएको छ।

खण्डित हुन सक्ने लचक क्षमता (Modularity): रेडियो सामग्री अब एउटा विशाल र नटुक्रिने ब्लक होइन। यो साना–साना खण्डहरू (Modules) जस्तै जिंगल, अन्तर्वार्ता, सङ्गीत र समाचार खण्डहरूमा विभाजित हुन सक्छन् जुन डेटाबेसमा सुरक्षित हुन्छन्। यिनलाई स्वतन्त्र रूपमा सम्पादन गर्न, स्थान परिवर्तन गर्न वा विभिन्न प्लेटफर्मका लागि पुनः प्रयोग गर्न सकिन्छ।

स्वचालन (Automation): यहाँ कृत्रिम बुद्धिमत्ता (AI) को विवेकपूर्ण प्रयोग हुन्छ। स्वचालनले रेडियो स्टेसनहरूलाई २४ सै घण्टा मानवीय हस्तक्षेप बिना सञ्चालन गर्न मद्दत गर्छ, जस्तै स्वचालित संगीत तालिका निर्माण, मौसम अपडेट र ट्राफिक सूचनाहरू।

परिवर्तनशीलता (Variability): रेडियो सामग्री डिजिटल र ससाना खण्डमा टुक्र्याउन सकिने (nrs) भएकाले रेडियो उत्पादन र प्रसारण अब डिजिटल युगमा आफ्नो स्वरूप परिवर्तन गर्न सक्ने अवस्थामा आइपुगेको छ। यस चरणमा एउटै अन्तर्वार्ता धेरै स्वरूपमा उपलब्ध हुन सक्छः उच्च गुणस्तरको एफएम प्रसारण, कम ब्यान्डविथको मोबाइल स्ट्रिम, युट्युबका लागि स्टुडियोमा खिचेको भिडियो वा स्क्रिप्टमा आधारित ब्लग।

फ्रिक्वेन्सीबाट शब्दकुन्जी यात्रा (Keyword Transcoding): यो सबैभन्दा गहिरो सिद्धान्त हो, जसले कसरी कम्प्युटर प्रविधिले सांस्कृतिक पक्षलाई प्रभाव पार्छ भन्ने देखाउँछ। हिजो हामी मिटरब्याण्ड बटारेर रेडियो स्टेसन फ्रिक्वेन्सीमा खोज्थ्यौँ भने अबको डिजिटल दुनियाँमा रेडियोलाई 'फ्रिक्वेन्सी' बाट होइन, शब्दकुन्जी (Keyword) बाट खोज्छौं। जस्तै इन्टरनेट वा एप स्टोरमा 'रेडियो नेपाल' टाइप गरेर इन्टरनेटमा, एपमा रेडियो नेपाल खोज्ने र पढ्ने पनि सुन्ने पनि। अनि त्यहाँको अडियन्स इन्टरफेसमा मन लागेको कुरा लेख्ने पनि। रेडियो एपको इन्टरफेसले नै हामीले रेडियोको सांस्कृतिक सामग्री कसरी अनुभव गर्छौं भन्ने कुरा तय गर्दछ।

## ३. मिडिया र अन्तरक्रियात्मकता

आधुनिक मिडियाको विकाससँगै सञ्चारको स्वरूप पनि परिवर्तन हुँदै गएको छ। परम्परागत प्रसारण माध्यम, जस्तै रेडियो र टेलिभिजन, प्रायः एकतर्फी थिए, जहाँ श्रोता वा दर्शक केवल सूचना ग्रहण गर्ने भूमिकामा थिए। डिजिटल युगले यसमा ठूलो परिवर्तन ल्याएको छ। सामाजिक सञ्जाल, स्ट्रिमिङ प्लेटफर्म, र इन्टरनेट रेडियोले श्रोता/दर्शकलाई सक्रिय सहभागी बनाएको छ, जसले मिडियालाई केवल सुन्ने वा हेर्ने माध्यमभन्दा अन्तरक्रियात्मक प्लेटफर्ममा परिणत गरेको छ (Jenkins, २००६)।

### ३.१ Bertolt Brecht र दुईतर्फी रेडियो

१९३० को दशकमा जर्मन नाटककार Bertolt Brecht (१९३२) ले रेडियोको स्वरूपमाथि गम्भीर प्रश्न

उठाउँदै यसलाई केवल एकतर्फी प्रसारण माध्यम नभई दुईतर्फी सञ्चार प्रणालीमा रूपान्तरण गर्नुपर्ने तर्क प्रस्तुत गरेका थिए। आफ्नो निबन्ध The Radio as an Apparatus या Communication मा उनले रेडियोलाई वितरणमुखी साधन (distribution apparatus) बाट दुईपक्षीय अन्तरक्रियात्मक सञ्चार साधन -communication apparatus) मा रूपान्तरण गर्नुपर्नेमा जोड दिएका थिए, जहाँ श्रोता सन्देश ग्रहण गर्ने मात्रै होइन, प्रतिक्रिया दिने र अन्तरक्रियामा सहभागी हुने अधिकार समेत राख्दछन्।

आजको डिजिटल युगमा Brecht को यो अवधारणा धेरै हदसम्म साकार भएको देखिन्छ। फोन–इन कार्यक्रम, सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रतिक्रिया, तथा प्रयोगकर्ताको सक्रिय सहभागिताले रेडियोलाई केवल 'सुन्ने माध्यम' बाट 'अन्तरक्रियात्मक प्लेटफर्म' मा रूपान्तरण गरेको छ। तथापि, यस अन्तरक्रियात्मकताले अझै पूर्ण स्वतन्त्रता पाएको छैन। डिजिटल खाडलका कारण सबै श्रोता समान रूपमा सहभागी हुन सकिरहेका छैनन् र प्लेटफर्महरूको संरचना तथा पहुँचका सीमाहरूले सहभागितालाई अझै प्रभाव पारिरहेका छन् (Van Dijck, Poell, & de Waal, २०१८)। यसरी, आधुनिक रेडियो Brecht ले कल्पना गरेको दुईतर्फी सञ्चारतर्फ उन्मुख भए पनि, यसको पूर्ण सम्भावना अझै विकासकै क्रममा रहेको देखिन्छ।

## ४. डिजिटल–फर्स्ट रणनीति र सामग्री प्रसारको बहुआयामिकता

आजको डिजिटल युगमा रेडियो प्रसारण माध्यममा मात्रै सीमित छैन, बरु यो क्रमशः एउटा उत्पादित सामग्री राख्ने ठूलो र फराकिलो डालो (content hub) का रूपमा विकसित हुँदै गएको छ। परम्परागत रूपमा रेडियोले एउटा कार्यक्रम तयार गरेर निश्चित समयमा एफएम वा एएममार्फत प्रसारण गर्थ्यो। तर अहिले सामग्री उत्पादन र वितरणको तरिका पूर्ण रूपमा बदलिएको छ। रेडियोले अब सामग्रीलाई पहिले नै डिजिटल प्लेटफर्ममा कसरी प्रस्तुत गर्ने भन्ने सोचेर तयार पार्छ, जसलाई डिजिटल–फर्स्ट रणनीति भनिन्छ। यस रणनीतिले विशेषगरी मोबाइल र सामाजिक सञ्जालमा सक्रिय युवा पुस्तासम्म पुग्न मद्दत गर्छ, जसले गर्दा रेडियोको पहुँच र प्रभाव दुवै विस्तार हुन्छ (Jenkins, २००६)।

कार्यक्रम उत्पादनको यस रूपान्तरणलाई अझ स्पष्ट रूपमा बुझ्न COPE (Create Once, Publish Everywhere) रणनीतिलाई सम्झिनुपर्ने हुन्छ। यसको आधारभूत अवधारणा सरल छ– उत्पादन गरिसकेपछि एउटै सामग्रीलाई विभिन्न प्लेटफर्म र स्वरूपमा प्रयोग गर्ने। स्टुडियोमा लिइएको एउटा अन्तर्वार्तालाई अब केवल एकपटक प्रसारण गरेर मात्रै त्यसको वितरण चक्र पूरा हुँदैन बरु त्यसलाई विभिन्न माध्यमअनुसार पुनः संरचना गरिन्छ, विभिन्न प्लेटफर्ममा राखिन्छ, जसले गर्दा सामग्रीको आयु (content lifecycle) पनि लम्बिन्छ र यसको बहुउपयोग हुन्छ र प्रभाव पनि बहुआयामिक बन्छ।

यसै सन्दर्भमा, स्टुडियोमा लिइने एउटै अन्तर्वार्ताबाट विभिन्न प्रकारका सामग्रीहरू उत्पादन गरिन्छ। पहिलो, अन्तर्वार्तालाई एकतर्फी अडियो (linear audio) को रूपमा परम्परागत एफएम/एएम मार्फत प्रसारण गरिन्छ, जसले नियमित रेडियो श्रोतालाई समेट्छ। दोस्रो, त्यही सामग्रीलाई भिजुअल रेडियो

(visual radio) का रूपमा रूपान्तरण गरिन्छ, जहाँ स्टुडियोको गतिविधिलाई भिडियोसहित फेसबुक वा युट्युब जस्ता प्लेटफर्ममा प्रत्यक्ष वा रेकर्डेड रूपमा स्ट्रिमिङ गरिन्छ। यसले रेडियोलाई केवल सुन्ने माध्यमबाट हेर्न मिल्ने माध्यममा रूपान्तरण गर्दै टेलिभिजनसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ (Stachyra, २०२३)। तेस्रो, अन्तर्वार्ताका मुख्य अंशहरूलाई छानेर 'अन–डिमान्ड अडियो' को रूपमा पोडकास्ट प्लेटफर्महरूमा राखिन्छ, जसले श्रोतालाई आफूले चाहेको समयमा सामग्री सुन्ने स्वतन्त्रता प्रदान गर्दछ। यसले 'समय–सीमाभित्र बाँधिएको प्रसारण' बाट 'समयको सीमाबिहीन स्वतन्त्र उपभोग' तर्फको परिवर्तनलाई संकेत गर्छ (Manovich, २००१)। चौथो, यस्ता अडियो सामग्रीका साना तर प्रभावकारी अंशहरूलाई माइक्रो–कन्टेन्ट (micro–content) का रूपमा तयार पारिन्छ–जस्तै २०–३० सेकेन्डका आकर्षक क्लिपहरू–जसलाई इन्स्टाग्राम, टिकटक वा रिल्समा साझा गरिन्छ। यस्ता छोटा टिजरहरूले दर्शक/श्रोतालाई मूल कार्यक्रमतर्फ आकर्षित गर्ने प्रवेशद्वारको रूपमा काम गर्छन्। पाँचौं, अन्तर्वार्ताका मुख्य अंश ट्रान्सक्राइब र सम्पादन गरी वेवसाइटमा राखिन्छ। जसका कारण फुर्सद्मा श्रोताले पढ्न पनि पाउँछन्। यसमा अन्तर्वार्ताका तस्बिर राख्न सकिन्छ।

यसरी एउटै अन्तर्वार्ताले फरक–फरक प्लेटफर्ममा फरक रूप लिँदै बहुस्तरीय सञ्चार प्रक्रिया सिर्जना गर्न सक्छ। Manovich (२००१) ले उल्लेख गरेझैँ, डिजिटल मिडियाको मूल विशेषता नै यसलाई भाँचकुँच र जोडजाड गर्न सकिने 'मोडुलारिटी' गुण र पुनःप्रयोग हुन सक्ने योग्यता हो, जुन आजको रेडियो अभ्यासमा स्पष्ट रूपमा देखिन्छ। यस प्रक्रियाले रेडियोलाई केवल एकपटक सुन्ने माध्यमबाट निकालेर, पुनः हेर्न, सुन्न, सेयर गर्न, पुनः प्रयोग गर्न र पढ्न सकिने गतिशील सामग्री प्रणालीमा रूपान्तरण गरिसकेको छ।

यसैसँग सम्बन्धित अर्को महत्त्वपूर्ण पक्ष हो भिजुअल रेडियो र मिडिया सम्मिलन (media convergence)। पहिले रेडियोको शक्ति यसको 'अदृश्यता' मा थियो, जहाँ श्रोताले केवल आवाज सुन्थे र आफ्नै कल्पनाका आधारमा दृश्य निर्माण गर्थे। तर अहिलेको डिजिटल परिवेशमा 'सादृश्यता' पनि उत्तिकै महत्त्वपूर्ण भएको छ। Stachyra (२०२३) का अनुसार, आजको सन्दर्भमा रेडियोका हकमा 'सुनिनका लागि पनि देखिनु' पनि आवश्यक भएको छ। यसले रेडियो प्रस्तोताहरूलाई केवल आवाजमा सीमित नराखी उनीहरूलाई दृश्यात्मक रूपमा पनि चिनिने बनाएको छ, जसले गर्दा श्रोतासँगको सम्बन्ध अझ अन्तरक्रियात्मक र घनिष्ठ बन्न पुगेको छ।

यो सम्पूर्ण प्रक्रिया Jenkins (२००६) ले व्याख्या गरेको मिडिया सम्मिलन (Meda convergence) को व्यावहारिक रूप हो, जहाँ परम्परागत र नयाँ मिडियाबीचको सीमा क्रमशः हराउँदै गएको छ। आजको रेडियो कार्यक्रम केवल अडियो सामग्री मात्र होइन; यो बहुआयामिक, बहु–प्लेटफर्म र निरन्तर रूपान्तरण भइरहने बहुउपयोगी सामग्री प्रणाली समेत हो।

समग्रमा हेर्दा, डिजिटल–फर्स्ट रणनीति र COPE मोडलले रेडियोलाई आधुनिक, लचिलो र प्रतिस्पर्धी बनाएको छ। यसले नयाँ पुस्तासँगको दूरी घटाएको छ र सामग्रीको पहुँचलाई व्यापक बनाएको छ। तर यस प्रक्रियामा एउटा महत्त्वपूर्ण सन्तुलन आवश्यक छ– प्रविधिको उपयोगसँगै रेडियोको मौलिकता,

आत्मीयता र मानवीय स्पर्शलाई जोगाएर राख्नु। यही सन्तुलन कायम गर्न सकेमा मात्र रेडियो भविष्यमा पनि सशक्त र सान्दर्भिक माध्यमका रूपमा स्थापित रहिरहन सक्छ।

## ५. रेडियो: विपद् र भ्रामक सूचनाविरुद्धको जीवनरेखा

मिडियाको समग्र संरचनामा रेडियोलाई प्राय: 'पहिलो सूचना प्रवाहकर्ता' (First Responder) मानिन्छ। यसको कारण स्पष्ट छ– यो सरल, सहज पहुँचयोग्य र निरन्तर चलिरहने माध्यम हो।

इन्टरनेट, टेलिभिजन वा मोबाइलजस्ता डिजिटल माध्यमहरू भौतिक पूर्वाधारहरूमा निर्भर हुन्छन्। तर विपद् वा सङ्कटको समयमा यस्ता पूर्वाधारहरू अवरुद्ध हुन सक्छन्। त्यस्तो अवस्थामा पनि रेडियो न्यूनतम स्रोतमा सञ्चालन हुन सक्ने भएकाले सूचना प्रवाहको सबैभन्दा भरपर्दो माध्यम बन्न पुग्छ। सानो रेडियो सेट, ब्याट्री, दम वा सौर्य ऊर्जाबाट समेत यसको प्रयोग सम्भव हुन्छ।

रेडियोले केवल सूचना मात्र दिँदैन, सङ्कटको बेला मानिसहरूलाई सचेत, संयमित र सुरक्षित रूपमा रहन मार्गदर्शन पनि गर्छ। स्थानीय भाषा र सन्दर्भमा प्रसारण हुने भएकाले यसले समुदायसँग सीधा सम्बन्ध जोड्छ र अफवाह तथा भ्रामक सूचनालाई कम गर्न सहयोग पुऱ्याउँछ।

यसैले रेडियोलाई केवल सूचना दिने माध्यम होइन, आवश्यक समयमा जीवन जोगाउन सहयोग गर्ने एउटा प्रभावकारी र विश्वसनीय सञ्चार प्रणालीका रूपमा बुझिन्छ।

### ५.१ भ्रामक सूचनाको बाढी र 'प्रामाणिक सूचना हब' को भूमिका

डिजिटल युगले सूचना प्रवाहलाई सहज र तीव्र बनाएको छ। तर यसको अर्को पाटो पनि छ– भ्रामक, मिथ्या सूचना (misinformation) र गलत जानकारीको तीव्र फैलावट। सामाजिक सञ्जालहरूमा कुनै पनि अपुष्ट सूचना छिटो भाइरल हुन सक्छ, जसले समाजमा भ्रम, त्रास र अस्थिरता सिर्जना गर्न सक्छ। यस अवस्थालाई 'इन्फोडेमिक' (Infodemic) भनिन्छ।

यस्तो परिस्थितिमा रेडियोको भूमिका अझ महत्त्वपूर्ण हुन्छ। रेडियो सम्पादकीय हिसाबले जिम्मेवार माध्यम हो, जहाँ सामग्री प्रसारण हुनुअघि त्यसको तथ्य–जाँच र प्रमाणीकरण गरिन्छ। त्यसैले रेडियोबाट आउने सूचना सामान्यतया विश्वसनीय र प्रामाणिक हुन्छ।

Wardle / Derakhshan (२०१७) ले भने झैँ, सूचना अव्यवस्थाको समयमा सञ्चार माध्यमहरूले सूचना छनौटकर्ता' (Information Gatekeeper) को भूमिका निर्वाह गर्नुपर्छ। रेडियो जस्ता माध्यमले सूचना वा समाचार प्रसारण गर्दा यसका स्रोतहरूको समेत जिम्मेवारीपूर्वक छनौट गरी सबै क्षेत्र र वर्गको प्रतिनिधित्व गराउने भूमिका खेल्नु पर्छ (Luitel, २०२४)। उदाहरणका लागि, यदि कुनै मिथ्या वा भ्रामक सूचना सामाजिक सञ्जालमा फैलिएको छ भने, रेडियोले त्यसको तथ्य–जाँच गर्छ, आधिकारिक स्रोतसँग पुष्टि गर्छ र सही सूचना प्रसारण गर्छ। यसरी रेडियोले सूचना–भ्रान्ती (Information fallacy), मिथ्या सूचना वा गलत सूचनालाई नियन्त्रण गर्दै समाजमा सूचना सन्तुलन

कायम राख्न सहयोग पुऱ्याउनुपर्छ र पुऱ्याउँछ पनि।

नेपालजस्तो देशमा, जहाँ सबै नागरिकहरू डिजिटल रूपमा समान रूपमा साक्षर छैनन्, रेडियो अझै पनि विश्वासिलो सूचना स्रोतको रूपमा स्थापित छ। विशेषगरी ग्रामीण क्षेत्रहरूमा रेडियो नै सूचनाको प्रमुख माध्यम हो। यस्तो अवस्थामा रेडियोले सही र प्रमाणित सूचना उपलब्ध गराएर समाजमा स्थिरता कायम राख्न महत्त्वपूर्ण योगदान दिन्छ।

रेडियोले विपद् र सूचना सङ्कटको समयमा केवल सञ्चार माध्यमको रूपमा मात्र नभई जीवनरेखाको रूपमा सेवा प्रदान गर्छ। यसको सरल प्रविधि, व्यापक पहुँच र मानवीय सम्पर्कले यसलाई अन्य माध्यमभन्दा फरक र प्रभावकारी बनाउँछ। विशेषगरी विपद्को समयमा रेडियो विश्वसनीय, पहुँचयोग्य र तुरुन्त सूचना दिने माध्यमका रूपमा स्थापित भएको छ। भविष्यमा प्रविधि जति विकसित भए पनि सङ्कटको समयमा रेडियोको महत्त्व घट्ने होइन, बरु अझ स्पष्ट रूपमा बढ्ने निश्चित छ (UNESCO, 2018 International Telecommunication Union, 2020)।

यसैले, रेडियोको विकास र सुदृढीकरणलाई केवल प्राविधिक दृष्टिले मात्र होइन, सामाजिक र मानवीय आवश्यकताको दृष्टिले पनि बुझ्नु आवश्यक छ।

## ६. कृत्रिम बौद्धिकता र स्वचालनः रेडियो उत्पादनमा मानव प्राधान्यता

कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence–AI) को तीव्र विकासले रेडियो प्रसारण क्षेत्रमा उल्लेखनीय परिवर्तन ल्याएको छ। समाचार स्क्रिप्ट लेखन, अडियो सम्पादन, ट्रान्सक्रिप्सन, श्रोता विश्लेषणदेखि लिएर कृत्रिम आवाज (synthetic voice) मार्फत् प्रस्तुति गर्ने अभ्याससमेत विस्तार हुँदै गएको छ। यद्यपि यी प्रविधिहरूको प्रयोग गर्दा विवेकपूर्ण प्रयोग अत्यन्त आवश्यक हुन्छ, किनकि अत्यधिक वा असावधानीपूर्ण प्रयोगले रेडियोको मूल शक्ति– आवाजको आत्मीयता, विश्वसनीयता र भावनात्मक सम्पर्कलाई कमजोर बनाउन सक्छ।

UNESCO ले विश्व रेडियो दिवस २०२६ को अवसरमा रेडियोको विश्वसनीयता, समावेशिता र मानव–केन्द्रित सञ्चारको भूमिकालाई विशेष रूपमा जोड दिएको छ। यस सन्दर्भमा, एआईको प्रयोग विस्तार हुँदै गए पनि रेडियोको माइक पूर्ण रूपमा यन्त्रलाई सुम्पिनु हुँदैन भनेर युनेस्कोले सल्लाह दिएको छ, जसले मानव उत्पादक, मानव प्रस्तोतालाई केन्द्रविन्दुमा राख्नुपर्ने र एआई जस्तो उन्नत प्रविधिलाई सहायकको भूमिकामा मात्रै सीमित राख्नुपर्ने आवश्यकतालाई उजागर गरेको छ (UNESCO, २०२६)।

यो प्रसङ्गमा (Uncanny Valley) को अवधारणा महत्त्वपूर्ण हुन्छ। (Uncanny Valley) भनेको त्यस्तो अवस्था हो, जहाँ मानव जस्तै देखिने यन्त्र वा एआई पात्रले मानिसमा असहज, अविश्वासिलो वा डरलाग्दो भावना उत्पन्न गराउँछ। मोरी (Mori, १९७०) ले प्रस्तुत गरेको यस सिद्धान्त अनुसार, कुनै कृत्रिम वस्तु वा आवाज मानव जस्तो जस्तो देखिए वा सुनिए पनि पूर्ण रूपमा मानव नभएमा मानिसमा असहजता, अनौठोपन वा अविश्वासको भावना उत्पन्न हुन्छ। रेडियोमा कृत्रिम आवाजको प्रयोग गर्दा यही

समस्या देखा पर्न सक्छ, जहाँ आवाज 'मानव जस्तै' भए पनि त्यसमा प्राकृतिक उतारचढाव, भावनात्मक गहिराइ र सन्दर्भअनुकूल अभिव्यक्ति नहुँदा श्रोताले दुरी महसुस गर्न सक्छन्। यसले रेडियोको विश्वसनीयता र प्रभावकारितामा प्रत्यक्ष असर पार्न सक्छ।

त्यसैले, रेडियो उत्पादनमा एआईको प्रयोग मानव प्रतिस्थापनका हिसाबले होइन, "मानव–सहयोग" को रूपमा गरिनुपर्छ। उदाहरणका लागि, ट्रान्सक्रिप्सन, आवाजको स्पष्टता, अनावश्यक ध्वनि र हल्ला कटाउन वा हटाउन (noise reduction), सामग्री वर्गीकरण तथा डाटा विश्लेषणजस्ता प्राविधिक र पृष्ठभूमिका कार्यहरूमा एआईको प्रयोग अत्यन्त प्रभावकारी हुनसक्छ। तर समाचार वाचन, संवेदनशील विषयहरूको प्रस्तुति वा भावनात्मक सम्प्रेषण आवश्यक पर्ने कार्यक्रमहरूमा मानव प्रस्तोताको भूमिका अपरिहार्य रहन्छ। यसले रेडियोको मानवीय स्पर्श (human touch) लाई कायम राख्न मद्दत गर्छ।

यसबाहेक, कृत्रिम आवाज प्रयोग गर्दा पारदर्शिताको नीति कार्यान्वयन गर्नु पनि आवश्यक छ। एआईद्वारा तयार पारिएको सामग्रीका हकमा श्रोताहरूलाई उक्त सामग्री एआईद्वारा सिर्जित वा प्रस्तुत गरिएको हो भनेर स्पष्ट रूपमा जानकारी दिनुपर्छ। यसले भ्रम, गलत सूचना (misinformation) र विश्वासको सङ्कटलाई न्यूनीकरण गर्न मद्दत गर्छ (Wardle & Derakhshan, २०१७)। साथै, एआई प्रयोगसँग सम्बन्धित नैतिक प्रश्नहरू, जस्तै आवाजको नक्कल (voice cloning), स्वीकृति (consent), तथा डेटा गोपनीयतालाई पनि गम्भीरतापूर्वक विचार गर्नु आवश्यक छ (Zuboff, २०१९)।

नेपाली सन्दर्भमा हेर्दा, बहुभाषिकता, स्थानीय उच्चारण, सांस्कृतिक सन्दर्भ र सामाजिक संवेदनशीलताका कारण पूर्ण रूपमा एआईमा निर्भर रेडियो उत्पादन अझै व्यावहारिक छैन। बरु "हाइब्रिड मोडेल" (AI + Human) बढी उपयुक्त देखिन्छ, जहाँ एआईले दक्षता र गति प्रदान गर्छ भने मानवले सन्दर्भ, संवेदना र विश्वसनीयता सुनिश्चित गर्छ।

यसै सन्दर्भमा, नेपाली समाचार पोर्टलहरूमा कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोगबारे यस पङक्तिकारले गरेको पछिल्लो अध्ययनले पनि के देखाएको छ भने समाचार वा उत्पादन कक्षमा मानव–प्राधान्य प्रणाली (human–in–the–loop) कायम राख्न सक्दा मात्रै सूचना अधिक विश्वसनीय र जिम्मेवार बन्न सक्छ, जसले रेडियो जस्ता परम्परागत सञ्चार माध्यमलाई अझ प्रभावकारी बनाउन मद्दत गर्छ (Luitel, २०२६)।

यसरी, रेडियोमा एआईको प्रयोगलाई विवेकपूर्ण, सन्तुलित र पारदर्शी बनाइएमा यसले उत्पादन क्षमतामा वृद्धि गर्नुका साथै सामग्रीको गुणस्तर सुधार्न सहयोग पुऱ्याउँछ। तर यदि यसलाई अन्धाधुन्द रूपमा प्रयोग गरियो भने (Uncanny Valley) जस्तो असहजता उत्पन्न भई श्रोतासँगको सम्बन्ध कमजोर बन्न सक्छ। त्यसैले, भविष्यको रेडियो प्रविधिमैत्री मात्र होइन, मानवीय मूल्यहरूसँग सन्तुलित समेत हुन आवश्यक छ।

## ७. दिगोपनका रणनीतिहरू र भविष्यको मार्ग

रेडियोले आफ्नो लामो इतिहासमा सञ्चारको सबैभन्दा पहुँचयोग्य माध्यमको रूपमा पहिचान बनाएको

छ र आज पनि समुदायका लागि आवश्यक सूचना, चेतना र संवादको स्रोत बनेको छ (UNESCO, २०२४; ITU, २०२५) । तर डिजिटल युगमा इन्टरनेट, विभिन्न पलेटफर्म र सामाजिक सञ्जालको विस्तारसँगै रेडियोले आफ्नो अर्थ, भूमिका र उपभोक्ता पहुँचलाई पुनःव्याख्या गर्न जरुरी छ । यसैले रेडियोले अब केवल एउटा प्लेटफर्म मात्र नभई 'ध्वनि ब्रान्ड' (sonic brand) को रूपमा आफूलाई पुनर्संरचना गर्नुपर्छ । ध्वनि ब्राण्ड भनेको यस्तो पहिचान हो, जसले समुदायसँग गहिरो सम्बन्ध, विश्वास र निरन्तरता कायम राख्न मद्दत गर्दछ ।

७.१ व्यापक–स्थानीकरण (Hyper–Localization): रेडियोले आफ्नो सामग्री उत्पादनमा स्थानीय सन्दर्भलाई प्राथमिकता दिनुपर्छ । जस्तैः स्थानीय प्रशासन, स्वास्थ्य सेवा, स्थानीय गतिविधि, समस्या, उपलब्धि, गौरव, खुसी र दुःखका क्षण, सडक स्तरीय सूचना र साना–ठूला घटनाहरूको प्रत्यक्ष रिपोर्टिङ । यस्ता स्थानीय कार्यक्रमहरूको कभरेज डिजिटल स्ट्रिमिङ सेवाहरूले सहजै गर्न सक्दैनन्, जसले रेडियोलाई समुदायसँग अझ नजिक पुऱ्याउँछ (UNESCO, २०२२) ।

नेपालमा ३०० भन्दा बढी सामुदायिक रेडियो स्टेशनहरूले स्थानीय भाषा र विविध सांस्कृतिक समस्यालाई कार्यक्रममार्फत प्रसारित गर्दै आएका छन्, जसले सामाजिक समावेशिता र स्थानीय पहिचानलाई प्रवर्द्धन गरेको छ (Acharya, २०२४; Pokharel, २०२५) । सार्वजनिक प्रसारण सेवाका रूपमा राष्ट्रिय रेडियो सेवा रेडियो नेपालले राष्ट्रिय एकता प्रवर्द्धनका अतिरिक्त आफ्ना बहुभाषी कार्यक्रम, समाचार तथा क्षेत्रीय प्रसारणमार्फत स्थानीय भावना र आवश्यकतालाई समेट्दै आएको प्रसङ्ग पनि यहाँ उल्लेखनीय छ ।

७.२ प्लेटफर्म तटस्थता (Platform Agnosticism): आजको जीवनशैलीमा स्मार्ट स्पिकर (जस्तै Alexa वा Google Home), मोबाइल एप र अनलाइन स्ट्रिमिङलाई 'नयाँ प्रविधिको रेडियो सेट' का रूपमा प्रयोग गर्न थालिएको छ (UNESCO, २०२१) । यसको अर्थ पारम्परिक प्रसारणभन्दा पर गएर अब आफ्ना प्रसारण सामग्रीहरूलाई यिनै नयाँ प्लेटफर्महरूमा सहजै उपलब्ध गराउनु आवश्यक छ । रेडियोले छोटा क्लिपहरू, रिप्लेकोड, भ्वाइस बोटहरू, र डिजिटल पोडकास्टिङ मार्फत आफ्नो सामग्रीलाई बृहत् प्रयोगकर्ता–समूहसम्म पुऱ्याउन सक्छ । यसले श्रोताको अनुभवलाई व्यक्तिगत र आफू अनुकूल बनाइरहेको हुन्छ ।

७.३ आम्दानीका स्रोतको विविधीकरण (Revenue Diversification): आजको डिजिटल युगको महत्त्वपूर्ण कुरा के हो भने रेडियोले परम्परागत विज्ञापनमा मात्रै भर पर्नु हुँदैन । डिजिटल सदस्यता, ब्रान्डेड सामग्री (ब्रान्ड–इन्डोर्स कार्यक्रम), प्रायोजनयुक्त सिरिज कार्यक्रम, शैक्षिक साझेदारी र स्थानीय व्यापारिक साझेदारहरूसँग मिलेर नयाँ आयका स्रोतहरू विकास गर्नुपर्छ । यसले आर्थिक दिगोपनलाई बलियो बनाउँछ र रेडियोलाई दीर्घकालीन रूपमा सञ्चालनयोग्य बनाउँछ (Pokharel, २०२५) । रेडियोको सब्क्रिप्सन, युट्युब, फेसबुक, टिकटक, इन्स्टाग्राम जस्ता सामाजिक प्लेटफर्मबाट मोनिटाइजेसनमार्फत पनि आम्दानी गर्न सकिन्छ । यौटा व्यक्तिले पोडकास्ट र युट्युबबाट पैसा कमाइरहेको छ भने रेडियोले त झनै यसलाई अगाडि बढाउने ठाउँ छ ।

७.४ डिजिटल एकीकरण र नवप्रवर्तनः रेडियोलाई केवल AM/FM प्रसारणमा सीमित नराखी, डिजिटल उपकरणहरूसँगै आयाम विस्तार गर्नु आवश्यक छ। नेपाल लगायत धेरै विकासोन्मुख देशहरूमा सामुदायिक रेडियोहरूले अनलाइन स्ट्रिमिङ, पोडकास्टिङ र सामाजिक सञ्जालमार्फत कार्यक्रम प्रसारण गर्दै आएका छन्। यसबाट रेडियो युवा श्रोताहरूलाई आकर्षित गर्ने मात्र होइन, मिथ्या सूचना, हल्ला र गलत जानकारी सच्याउने माध्यम पनि बन्न पुगेको छ (UNESCO, २०२१; Pokharel, २०२५)।

७.५ समुदाय–केन्द्रित सहभागिता (Community Centered Participation): समुदाय रेडियोको आत्मा हो। कार्यक्रममा स्थानीय समुदायका सदस्यहरूको सहभागिता, प्रत्यक्ष प्रतिक्रिया र रिपोर्टिङले रेडियोलाई विश्वासयोग्य बनाउँछ (UNESCO, २०२२; GDCRC, २०२५)। रेडियोले स्थानीय समस्याहरूमा संवाद् कार्यक्रम, सार्वजनिक सुनुवाइ र श्रोतासँग प्रत्यक्ष अन्तरक्रिया गर्ने माध्यमका रूपमा काम गर्नु पर्दछ ।

७.६ दिगो विकास र सामाजिक योगदान

रेडियोले स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, वातावरणीय चेतना र प्राकृतिक प्रकोप तयारीजस्ता विषयमा समुदायलाई जानकारी र शिक्षा दिन ठूलो भूमिका खेलेको छ (InfoFocus, २०२५)। यसले सूचनाको स्रोत भन्दा माथि उठेर सामाजिक रूपान्तरण र सशक्तीकरणको माध्यम बन्ने सम्भावनालाई पुष्टि गरेको छ।

यसरी रेडियोले परम्परागत भूमिका र आधुनिक आवश्यकताहरूका बिचमा सेतूको काम गर्दै नवीनतम–ध्वनि ब्रान्डको रूपमा आफूलाई पुनर्संरचना गर्दा मात्र यसको दिगोपन र प्रभावकारिता दीर्घकालमा कायम रहन्छ।

*नोटः यो लेखको सिन्दर्भ सामग्री शब्दसिमाको कारण हटाइएको छ। पाठकलाई चाहिएमा उपलब्ध गराउन सकिनेछ।*

*(लेखक त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा प्राध्यापनरत हुनुहुन्छ।)*




## थवाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

### थबाङ रोल्पाद्वारा जनहितमा जारी शन्देश

- ❑ व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र नजिकको वडा कार्यालयमा गई दर्ता गरौं।
- ❑ गाउँघर टोल सफा र स्वच्छ राखौ। खुला दिसा पिसाव नगरौं शौचालयको प्रयोग गरौं। प्लास्टिकजन्य फोहोरको व्यवस्थापन गरौं।
- ❑ सार्वजनिक सम्पत्तिको संरक्षण गरौं र समृद्ध गाउँपालिका निर्माण अभियानमा सहकार्य गरौं।
- ❑ बालश्रम तथा घरेलु हिंसा अन्त्य गर्दै सभ्य समाज निर्माणमा योगदान गरौं। बालबालिकालाई नियमित खोप लगाई बालमृत्यु दर घटाऔं। बालविवाह, बहुविवाह, छाउपडी जस्ता कुप्रथा अन्त्य गरौं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- ❑ वातावरण जोगाऔं, वृक्षारोपण गरी हरियाली बढाऔं। विकास निर्माण कार्यमा जनसहभागिता बढाऔं र सामाजिक विकृति तथा विसङ्गति अन्त्य गरौं।
- ❑ मुलुकका १०० प्रमुख गन्तव्यभित्र परेको धार्मिक तथा पर्यटकीय क्षेत्र जलजलाको संरक्षण र प्रवर्द्धन गरौं। ऐतिहासिक तथा साहसिक गुरिल्ला ट्रेकिङ मार्गको अवलोकन तथा भ्रमण गरौं। आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरी स्थानीय अर्थतन्त्र सुदृढ बनाऔं।

अध्यक्ष : ऋषिकेशव बुढामगर

उपाध्यक्षः शर्मिला बुढामगर

गणेश वि.क. : प्रमुख प्रशासकीय अधिकृत

## रुन्टीगढी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय होलेरीको सूचना

रुन्टीगढी गाउँपालिकाको कार्यालय होलेरी, रोल्पा भित्र बसो वास गर्ने सम्पूर्ण वासिन्दाहरुलाई सम्बन्धित वडामा गई आफ्नो बालबालिकाको जन्म दर्ता समयमै गर्न गराउँन हुन सम्पूर्ण रुन्टीगढीवासीहरुमा यो सूचना मार्फत सुसुचित गरौंउँदछौं। आवश्यक पर्ने कागजातहरुः

- ❑ निवेदन पत्र तथा बालवालिकाको बुवा आमाको नागरिता।
- ❑चालु आ.व. को मालपोत र घरजग्गा कर वा एकीकृत सम्पति कर तिरेको रसिद।
- ❑ अस्पतालमा जन्म भएको हकमा सम्बन्धित अस्पतालले जन्मेको भनि प्रमाणित गरेको परिचयपत्रको प्रतिलिपि।
- ❑ सेवा प्रदान गर्ने अधिकारी वडा सचिव, लाग्ने दस्तुर : निःशुल्क, लाग्ने समय : सोही दिन सर्जमिनको हकमा बढीमा ३ दिन।

*नोट : ३५ दिन भित्र जन्म दर्ता नगरेको हकमा जरिमाना दस्तुर वापत रु २०० हुने छ।*

अध्यक्ष : जनक पुन

उपाध्यक्षः सरिता के. सी.

धनीप्रसाद खड्का : प्रमुख प्रशासकीय अधिकृत

## मिति २०७८ पौष २९ गते बालश्रम मुक्त घोषणा भएको लुम्बिनी प्रदेशकै पहिलो स्थानीय तह त्रिवेणी गाउँपालिका रोल्पाको जनहितमा जारी सन्देश

- ❑ १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका भनिन्छ, कसैले पनि विद्यालय नपठाई ललाइफकाइ डरधम्की दिई वा सहमतिमा १४ वर्ष मुनिका बालवालिकालाई उनीहरुको शारीरिक, मानसिक वा संवेगात्मक विकासमा नकारात्मक असर पर्नेगरी कुनै पनि किसिमको श्रममा लगाउनु हुँदैन।
- ❑ बालविवाह नगरौं नगराऔं, वर्तमानका साझेदार र भविष्यका कर्णधारका रुपमा रहेका बालबालिकाहरुको सुन्दर भविष्य निर्माण गर्न तथा अधिकारको सुनिश्चितताका लागि सबै बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पठाऔं। बालश्रम लगायत सबै किसिमका शोषण, हिंसा तथा दुर्व्यवहारको अन्त्य गर्न आ–आफ्नो क्षेत्रवाट सहयोग गरौं। "बाल विवाह" भन्नाले कुनै पनि राष्ट्रको कानुनमा विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बुझाउँछ।
- ❑ सामान्यतया १८ वर्ष भन्दा कम उमेरमा गरिने विवाह बाल विवाह हो। विभिन्न देशमा बिवाह गर्न योग्य उमेर भनेर आ आफ्नै कानुनी रुपमा निर्धारित उमेर तोकिएको छ। २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा विवाह स्वतः बदर हुने छ।
- ❑ समुदाय वा टोलवस्तीमा बालश्रम भए गरेको देखे वा थाहा पाएमा नजिकको वडा कार्यालय वा देहायका कार्यालयमा तत्काल जानकारी गराउनुहोस्। जिल्ला प्रहरी कार्यालय, रोल्पा १०४, त्रिवेणी गाउँपालिका, रोल्पा ९८५७८२४५८५, बाल हेल्प लाइन १०९८

अध्यक्ष : कर्ण बहादुर बाठा

उपाध्यक्षः लेखमणि डाँगी

चेतनारायण कंडेल : प्रमुख प्रशासकीय अधिकृत

# एआईको युगमा रेडियो : प्रविधिगत रूपान्तरण, नैतिक चुनौती र भविष्य



अजय शर्मा


## शोधसार

प्रसारणमाध्यम अर्थात् रेडियो मानवसभ्यताको सञ्चार इतिहासमा एक महत्त्वपूर्ण आविष्कारका रूपमा स्थापित भएको छ, जसले सूचना, शिक्षा र मनोरञ्जनलाई विश्वव्यापी रूपमा विस्तार गर्न निर्णायक भूमिका खेलेको छ। प्रारम्भिक वायरलेस सञ्चार प्रयोगबाट सुरु भएको रेडियो प्रविधि समयक्रमसँगै विभिन्न चरणहरू पार गर्दै आज कृत्रिम बौद्धिकता (एआई) को युगमा प्रवेश गरेको छ। यस परिवर्तनले रेडियोलाई परम्परागत प्रसारण माध्यमबाट डिजिटल, अन्तरक्रियात्मक र डाटामा आधारित सञ्चार प्रणालीमा रूपान्तरण गरिरहेको छ। यस अध्ययनले रेडियोको ऐतिहासिक विकास, प्रविधिगत रूपान्तरण, एआईको प्रभाव तथा नेपालमा यसको प्रयोगको अवस्थालाई विश्लेषण गर्दछ। विशेषतः एआईको प्रयोगले सामग्री उत्पादन, सम्पादन, अनुवाद तथा वितरण प्रक्रियामा दक्षता वृद्धि गरे पनि यसले पत्रकारिताका आधारभूत मूल्य सत्यता, विश्वसनीयता, पारदर्शिता र उत्तरदायित्वमा चुनौती सिर्जना गरेको देखिन्छ। गुणात्मक अध्ययन पद्धतिमा आधारित यस अनुसन्धानले देखाउँछ कि एआई रेडियोका लागि अवसर र चुनौती दुवै हो। त्यसैले, एआईलाई सहायक उपकरणका रूपमा प्रयोग गर्दै मानवकेन्द्रित सम्पादकीय नियन्त्रण कायम राख्नु आवश्यक छ। यसरी मात्र रेडियोले आफ्नो विश्वसनीयता कायम राख्दै भविष्यमा पनि प्रभावकारी सञ्चार माध्यमका रूपमा स्थापित रहन सक्दछ।



## शब्दकुञ्जी

रेडियो, कृत्रिम बौद्धिकता, डिजिटल रूपान्तरण, पत्रकारिता, आचारसंहिता


## १. विषय प्रवेश

रेडियो सञ्चारको इतिहासले मानव सभ्यताको विकासमा गहिरो प्रभाव पारेको छ। वायरलेस सञ्चारको अवधारणाले भौगोलिक दुरीलाई अप्रासङ्गिक बनाउँदै विश्वलाई आपसमा जोड्ने कार्य गरेको छ। प्रारम्भिक वैज्ञानिक प्रयोगहरूले विद्युत चुम्बकीय तरङ्गमार्फत् सञ्चार सम्भव हुने आधार तयार पारे, जसले पछि रेडियो प्रविधिको विकासलाई सम्भव बनायो। रेडियोको विकाससँगै यसले सूचना प्रवाहको स्वरूप नै परिवर्तन गर्‍यो। प्रारम्भिक चरणमा सैन्य र समुद्री सञ्चारमा सीमित रहेको रेडियो विस्तारै सार्वजनिक सूचना, शिक्षा र मनोरञ्जनको प्रमुख माध्यमका रूपमा स्थापित भयो। यसले लोकतान्त्रिक अभ्यास, जनचेतना अभिवृद्धि र सूचना पहुँच विस्तारमा महत्त्वपूर्ण योगदान पुर्‍यायो।

समकालीन सन्दर्भमा रेडियो कृत्रिम बौद्धिकता (एआई) को प्रभावमा नयाँ चरणमा प्रवेश गरेको छ। मानेभिच (२०२६) का अनुसार एआई रेडियोका लगभग सबै कार्यप्रवाहहरूमा प्रयोग भइरहेको छ, जसले उत्पादनदेखि वितरणसम्मको प्रक्रिया समेट्छ। एआई रेडियो स्टेशनका कार्यप्रवाहका लगभग हरेक चरणमा उपस्थित छ। सामग्री उत्पादनदेखि वितरण र प्रसारणसम्म यसले भूमिका खेलिरहेको छ। यसले स्क्रिप्ट लेखन, सम्पादन, सङ्गीत छनोट, श्रोता विश्लेषण, स्वचालित प्रसारण, वास्तविक समयमै अनुवाद तथा अन्य धेरै कार्यहरूमा सहयोग गर्दछ।

एआईको प्रयोगले सामग्री उत्पादन, विश्लेषण र वितरण प्रक्रियालाई छिटो, सटिक र प्रभावकारी बनाएको छ। यससँगै नयाँ नैतिक र पेसागत प्रश्नहरू पनि उत्पन्न भएका छन्। एआईको प्रयोगले पत्रकारिताको मूल मूल्यमा सत्यता, निष्पक्षता र उत्तरदायित्वलाई कसरी प्रभावित गर्छ भन्ने प्रश्न आजको प्रमुख बहस बनेको छ (शर्मा, २०८२)। नेपालको सन्दर्भमा रेडियो अझै पनि विशेषगरी ग्रामीण क्षेत्रमा सबैभन्दा प्रभावकारी सञ्चारमाध्यमका रूपमा रहेको छ। त्यसैले एआईको प्रभावलाई नेपाली रेडियोको सन्दर्भमा विश्लेषण गर्नु अत्यन्त सान्दर्भिक देखिन्छ।

## २. अध्ययन विधि

यस अनुसन्धानका लागि विश्लेषण र तुलनात्मक दृष्टिकोण प्रयोग गरिएको छ। नेपाल सरकारद्वारा जारी नीति दस्तावेजहरू, प्रेस काउन्सिल नेपालका आचारसंहिताहरू, तथा सञ्चार र एआईसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदनहरूलाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ। साथै, विभिन्न अनुसन्धान लेख, संस्थागत प्रतिवेदन, तथा सञ्चार विज्ञहरूको विचारलाई द्वितीय स्रोतका रूपमा समावेश गरिएको छ। यस अध्ययनले विश्व र नेपालको सन्दर्भलाई तुलनात्मक रूपमा विश्लेषण गर्दै एआई र रेडियोबिचको अन्तरसम्बन्धको समग्र मूल्याङ्कन गर्ने प्रयास गरेको छ।

## ३. सैद्धान्तिक पर्याधार

पत्रकारिता र कृत्रिम बौद्धिकता (एआई) बिचको सम्बन्ध बुझ्न सैद्धान्तिक आधार अत्यन्त महत्त्वपूर्ण हुन्छ। यस अध्ययन दुई प्रमुख सैद्धान्तिक दृष्टिकोणमा आधारित छ। पहिलो, सामाजिक उत्तरदायित्व सिद्धान्त (सोसल रिस्पोन्सिबिलिटी थ्योरी) हो। यस सिद्धान्तअनुसार प्रेस स्वतन्त्र हुनुपर्छ तर त्यो स्वतन्त्रता समाजप्रतिको उत्तरदायित्वसँग सन्तुलित हुनुपर्छ। पिटरसन (१९५६) का अनुसार सञ्चार माध्यमले सत्य, निष्पक्ष र सन्तुलित सूचना प्रवाहमा ध्यान दिनुपर्छ। दोस्रो, एआई नैतिकता सिद्धान्त (एआई इथिक्स फ्रेमवर्क) हो, जसलाई फ्लोरिडी र काउल्स (२०१९) तथा युनेस्को (२०२१) ले विकास गरेका छन्। यसअनुसार एआई प्रयोग पाँच आधारभूत मूल्यमा आधारित हुनुपर्छ, कल्याण, हानीरहितता, न्याय, स्वायत्तता र पारदर्शिता। यी दुई सैद्धान्तिक दृष्टिकोणले देखाउँछन् कि एआई प्रविधि प्रयोग गर्दा अन्तिम जिम्मेवारी मानवमा नै रहन्छ। त्यसैले पत्रकारितामा एआई प्रयोग गर्दा मानवीय नियन्त्रण र नैतिकता अनिवार्य हुन्छ।

## ४. रेडियो प्रविधिको विकास र एआईतर्फको यात्रा

रेडियो प्रविधिको विकास मानव इतिहासमा भएका महत्त्वपूर्ण वैज्ञानिक आविष्कार र प्रविधिगत नवप्रवर्तनहरूको परिणाम हो। यसको प्रारम्भिक आधार विद्युत् चुम्बकीय तरङ्गसम्बन्धी अनुसन्धानबाट सुरु भएको हो, जसले तारबिहीन सञ्चार सम्भव हुने सैद्धान्तिक आधार तयार गऱ्यो। १९औँ शताब्दीको अन्त्यतिर निकोला टेस्ला र गुग्लिएल्मो मार्कोनीजस्ता वैज्ञानिकहरूको योगदानले रेडियो प्रविधिको व्यावहारिक प्रयोगलाई गति दियो। विशेषतः सन् १८९६ मा मार्कोनीले वायरलेस टेलिग्राफीको पेटेन्ट प्राप्त गरेपछि रेडियो सञ्चारले औपचारिक रूप लिएको मानिन्छ।

प्रारम्भिक चरणमा रेडियो प्रविधि मुख्यतः सैन्य र समुद्री सञ्चारमा प्रयोग गरिन्थ्यो। त्यसबेला प्रयोग गरिएका उपकरणहरू भ्याकुम ट्युब प्रविधिमा आधारित थिए, जसका कारण उपकरणहरूको आकार ठूलो, ऊर्जा खपत उच्च र सञ्चालन जटिल हुने गर्थ्यो। तथापि, यो चरणले दीर्घ दुरीसम्म सन्देश प्रसारण गर्न सकिने सम्भावना प्रमाणित गऱ्यो। २०औँ शताब्दीको मध्यतिर ट्रान्जिस्टर प्रविधिको विकासले रेडियो प्रविधिमा क्रान्तिकारी परिवर्तन ल्यायो। ट्रान्जिस्टरको प्रयोगले रेडियो उपकरणहरू साना, सस्तो र पोर्टेबल बन्न पुगे, जसले रेडियोको पहुँच आम नागरिकसम्म विस्तार गऱ्यो। यस विकासक्रमले रेडियोलाई केवल प्रविधिगत साधन मात्र नभई जनसञ्चारको प्रभावकारी माध्यमका रूपमा स्थापित गऱ्यो।

प्रसारण प्रविधिमा पनि महत्त्वपूर्ण रूपान्तरण देखियो। प्रारम्भमा मिडिया वेभ र सर्ट वेभमार्फत् प्रसारण गरिन्थ्यो, जसले लामो दुरीसम्म सिग्नल पठाउन सक्थ्यो तर ध्वनि गुणस्तर सीमित थियो। पछि फ्रिक्वेन्सी मोडुलेसन (एफएम) प्रविधिको विकाससँगै ध्वनि गुणस्तरमा उल्लेखनीय सुधार आयो। एफएम प्रविधि सस्तो, स्पष्ट र स्थानीय प्रसारणका लागि उपयुक्त भएकाले विश्वभर लोकप्रिय भयो (बराल, २०८१)। यसले रेडियोलाई स्थानीयकरणतर्फ उन्मुख गराउँदै सामुदायिक रेडियोको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ।

डिजिटल प्रविधिको उदयसँगै रेडियो पत्रकारिता नयाँ चरणमा प्रवेश गऱ्यो। इन्टरनेट, मोबाइल सञ्चार र डिजिटल अडियो प्रविधिको विकासले रेडियोलाई परम्परागत प्रसारण प्रणालीबाट डिजिटल मल्टिप्लाटफर्म माध्यममा रूपान्तरण गऱ्यो। अहिले रेडियो केवल रेडियो सेटमा सीमित नरही मोबाइल एप, वेब स्ट्रिमिङ, पोडकास्ट र सामाजिक सञ्जालमार्फत् पनि उपलब्ध छ। यसले श्रोताको पहुँचलाई भौगोलिक सीमाभन्दा बाहिर विस्तार गरेको छ (अन्तर्राष्ट्रिय दूरसञ्चार संघ, २०२६)। अन्तर्राष्ट्रिय दूरसञ्चार संघका अनुसार डिजिटल रूपान्तरणको निरन्तरतामा अहिले रेडियो कृत्रिम बौद्धिकता (एआई) को युगमा प्रवेश गरिरहेको छ। अन्तर्राष्ट्रिय स्तरमा बीबीसी, रोयटर्स र अन्य प्रमुख सञ्चार संस्थाहरूले एआईमा आधारित सामग्री उत्पादन, स्वचालित स्क्रिप्टिङ, डाटा विश्लेषण तथा व्यक्तिगत सामग्री सिफारिस प्रणाली अपनाउन थालेका छन्। एआईले रेडियोलाई डाटामा सञ्चालित र स्मार्ट सञ्चार प्रणालीका रूपमा रूपान्तरण गरिरहेको छ।

एआईको प्रयोगले रेडियोको कार्यप्रवाहमा स्वचालनको नयाँ आयाम थपेको छ। समाचार सङ्कलन,

सामग्री विश्लेषण, अडियो सम्पादन र प्रसारण व्यवस्थापन जस्ता कार्यहरू अब एल्गोरिदममार्फत् सञ्चालन गर्न सम्भव भएको छ। यसले कार्यदक्षता बढाउनुका साथै समय र स्रोतको बचत गरेको छ (गिरी, २०८२)। तर, यस विकासक्रमले के प्रविधिको तीव्र विकासले रेडियोको मानवीय पक्षलाई कमजोर बनाइरहेको छ ? भन्ने प्रश्न उठिरहेको छ। रेडियो प्रविधिको विकास केवल उपकरणको विकास मात्र होइन, सञ्चारको दर्शनमा पनि परिवर्तन हो।

यसरी हेर्दा रेडियोको यात्रा भ्याकुम ट्युबदेखि एआईसम्मको मात्र होइन, परम्परागत एकतर्फि सञ्चारबाट अन्तरक्रियात्मक, डाटामा आधारित र बुद्धिमान प्रणालीतर्फको रूपान्तरणसमेत हो। भविष्यमा रेडियोको स्वरूप अझै परिवर्तनशील रहनेछ, जहाँ प्रविधि र मानवबिचको सहकार्यले यसको दिशा निर्धारण गर्नेछ।

## ५. नेपालमा रेडियोको विकास र भूमिका

नेपालमा रेडियोको विकास देशको राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरणसँग गहिरो रूपमा सम्बन्धित रहेको छ। वि.सं २००७ साल चैत २० गते रेडियो नेपालको स्थापना भएपछि नेपालमा औपचारिक रूपमा प्रसारण रेडियोको सुरुवात भएको हो (बराल, २०८१)। प्रारम्भिक चरणमा सीमित प्रविधि र स्रोतका बाबजुद रेडियो नेपालले राष्ट्रिय एकता, सूचना प्रवाह र सरकारी सन्देश सम्प्रेषणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

सुरुवाती दिनहरूमा रेडियो मुख्यतः सरकारी नियन्त्रणमा आधारित माध्यमका रूपमा सञ्चालन भएको थियो। रेडियोले राज्यका नीति, कार्यक्रम र सूचनाहरू जनतासम्म पुऱ्याउने कार्य गऱ्यो। यद्यपि, समयक्रमसँगै राजनीतिक परिवर्तन विशेषतः बहुदलीय प्रजातन्त्रको पुनःस्थापना र त्यसपछिको लोकतान्त्रिक अभ्याससँगै सञ्चार क्षेत्रमा खुलापन आउन थाल्यो। यसले निजी र सामुदायिक रेडियोहरूको विकासका लागि मार्ग प्रशस्त गऱ्यो।

लिलाराज भट्टराई (सन् २०२५) का अनुसार विसं. २०५० को दशकपछि एफएम रेडियोको विस्तारसँगै नेपालमा प्रसारण क्षेत्रले नयाँ मोड लियो। विशेषगरी सामुदायिक रेडियोहरूको उदयले सञ्चारलाई केन्द्रबाट स्थानीय तहसम्म विस्तार गऱ्यो। रेडियो सगरमाथाजस्ता सामुदायिक रेडियोहरूले स्थानीय आवाज, भाषा र मुद्दाहरूलाई प्राथमिकता दिँदै सञ्चारको लोकतान्त्रीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याए। यसले सञ्चारलाई केवल सूचना प्रसारणको माध्यम मात्र नभई जनसहभागिता र सामाजिक संवादको प्लेटफर्मका रूपमा स्थापित गऱ्यो।

नेपालको भौगोलिक बनावट पहाडी, हिमाली र दुर्गम क्षेत्रहरूको उपस्थितिका कारण अन्य सञ्चारमाध्यमहरूको पहुँच सीमित रहेको अवस्थामा रेडियो सबैभन्दा सुलभ र प्रभावकारी माध्यमका रूपमा स्थापित भएको छ। विशेषगरी ग्रामीण क्षेत्रमा रेडियो अझै पनि सूचना प्राप्त गर्ने प्रमुख स्रोतका रूपमा रहेको छ। विद्युत्, इन्टरनेट वा टेलिभिजन पहुँच सीमित भएका स्थानहरूमा रेडियोले शिक्षा, स्वास्थ्य, कृषि र विपद् व्यवस्थापनसम्बन्धी जानकारी प्रवाहमा महत्त्वपूर्ण भूमिका खेलेको छ (भट्टराई, २०२५)।

रेडियोले नेपालको लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउन पनि उल्लेखनीय योगदान दिएको छ। निर्वाचनका समयमा मतदाता शिक्षा, सार्वजनिक बहस, र राजनीतिक जानकारी प्रसारणमार्फत् रेडियोले नागरिक सचेतना अभिवृद्धि गरेको छ। यसले पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता प्रवर्द्धनमा सहयोग पुऱ्याएको देखिन्छ।

सांस्कृतिक दृष्टिकोणबाट पनि रेडियोले महत्त्वपूर्ण भूमिका खेलेको छ। विभिन्न भाषा, संस्कृति र परम्परालाई समेट्दै रेडियोले राष्ट्रिय पहिचान निर्माणमा योगदान दिएको छ। स्थानीय भाषामा कार्यक्रम प्रसारणले भाषिक विविधताको संरक्षण र प्रवर्द्धनमा समेत सहयोग पुऱ्याएको छ।

हाल डिजिटल प्रविधिको विस्तारसँगै नेपाली रेडियोले नयाँ चुनौती र अवसर दुवैको सामना गरिरहेको छ। इन्टरनेट, सामाजिक सञ्जाल र स्ट्रिमिङ प्लेटफर्महरूको विकासले श्रोताको ध्यान विभाजित गरेको छ। विशेषगरी युवा पुस्ता डिजिटल माध्यमतर्फ आकर्षित हुँदै जाँदा परम्परागत रेडियो श्रोताको संख्या घट्ने चुनौती देखिएको छ (भट्टराई, २०२५)। तर, यही डिजिटल रूपान्तरणले रेडियोलाई नयाँ अवसर पनि प्रदान गरेको छ। अनलाइन स्ट्रिमिङ, मोबाइल एप र पोडकास्टमार्फत् रेडियोले आफ्नो पहुँच विश्वव्यापी बनाउन सकेको छ। यसले विदेशमा रहेका नेपाली श्रोतासँग पनि सम्बन्ध कायम राख्न सहयोग पुऱ्याएको छ।

रेडियो नेपालले परम्परागत प्रसारण प्रणालीलाई त्यागेर नयाँ डिजिटल युगमा प्रवेश गर्ने लक्ष्य राखेको छ। सार्वजनिक सेवा प्रसारण नेपालका कायम मुकायम प्रमुख प्रशासकीय अधिकृत विष्णुराम न्यौपानेका अनुसार, अहिले हामीसँग भएको प्रविधिमा जुन इन्टरनेट बेस्ट प्रविधि छ, त्यसलाई अब हामी ओटीटीमा गएर आफ्नो कन्टेन्टलाई डिस्ट्रिब्युसन गर्नू योजना रहेको छ (न्यौपाने, २०२४)। यसले के देखाउँछ भने रेडियो नेपाल अब केवल रेडियो तरङ्गमा मात्र सीमित नभई डिजिटल प्लेटफर्म र भविष्यमा एआईमा आधारित वितरण प्रणालीतर्फ उन्मुख हुँदैछ। रेडियो नेपालले परम्परागत एनालग प्रसारणबाट डिजिटल युगतर्फ फड्को मार्दै इन्टरनेट र ओटीटी प्लेटफर्मलाई प्राथमिकता दिएको छ। यसले भविष्यमा एआईमा आधारित सामग्री वितरण र श्रोता विश्लेषणका लागि नयाँ सम्भावनाहरू सिर्जना गरेको छ।

विषयवस्तुमा रेडियो नेपालले विस्तारै आफूलाई परिमार्जन गर्दै गइरहेको छ। पहिलाको रेडियो नेपाल र अहिलेको रेडियो नेपालको तुलना गर्दाखेरी प्रविधिमा पनि रूपान्तरण गर्दै आइरहेको छ र कार्यक्रमको कन्टेन्टमा पनि परिवर्तन भइरहेको छ। यसरी नै अघि बढेमा रेडियो नेपालले प्रतिस्पर्धामा सहजै टिक्न सक्छ। केवल नाम मात्र होइन, सामग्री र प्रविधि दुवैमा रूपान्तरण आवश्यक छ (शुक्ल, २०२४)।

रेडियो नेपाल परिपक्व हुँदै आएको संस्था हो र यसलाई पूर्ण रूपमा अपरिपक्व भन्न मिल्दैन। तर, अहिलेको परिवेशमा धेरै चुनौतीहरू देखिएका छन्। अन्तर्राष्ट्रिय स्तरका मिडियासँग तुलना गर्दा अनुसन्धान र विकास (आर एन्ड डी) तथा अडियन्स रिसर्चमा अझ सुदृढ हुन आवश्यक छ। डिजिटल माध्यम, अनलाइन प्लेटफर्म र पोडकास्टहरूको प्रतिस्पर्धाबिच रेडियो सञ्चालन व्यक्तिगत सोचभन्दा पनि निश्चित मापदण्डभित्र रहनुपर्छ र जनताको रुचिसँग सन्तुलन कायम गर्नुपर्छ (अधिकारी, २०२४)।

यसरी हेर्दा, नेपालमा रेडियोको विकास केवल प्रविधिगत यात्रा मात्र होइन, सामाजिक रूपान्तरण,

लोकतान्त्रिक अभ्यास र सांस्कृतिक संरक्षणसँग जोडिएको प्रक्रिया हो । भविष्यमा पनि रेडियोले आफ्नो सान्दर्भिकता कायम राख्न डिजिटल प्रविधि र एआईसँग समन्वय गर्दै श्रोतामुखी र विश्वसनीय सञ्चारमाध्यमका रूपमा आफूलाई रूपान्तरण गर्नुपर्ने देखिन्छ ।

## ६. एआईको प्रयोग र अवसर

कृत्रिम बौद्धिकता (एआई) को प्रयोगले प्रसारण रेडियोको संरचना, सामग्री उत्पादन प्रक्रिया र श्रोता पहुँच प्रणालीमा गहिरो परिवर्तन ल्याएको छ। परम्परागत रूपमा रेडियो सामग्री उत्पादन समय, जनशक्ति र आर्थिक स्रोतमा निर्भर हुने भएकाले यसको कार्यप्रवाह तुलनात्मक रूपमा ढिलो र श्रम गहन हुने गर्थ्यो तर एआईको प्रयोगसँगै सामग्री उत्पादन, सम्पादन, अनुवाद तथा वितरण प्रक्रियामा उल्लेखनीय दक्षता र गति आएको छ (शर्मा, २०८२)।

अन्तर्राष्ट्रिय स्तरमा हेर्दा बीबीसीले समाचार उत्पादन र अनुवादमा एआईको प्रयोग गर्दै बहुभाषिक सामग्री विस्तारमा सफलता हासिल गरेको छ। रोयटर्सले 'रोयटर्स एआई स्ट्राटेजी' अन्तर्गत डाटामा आधारित समाचार उत्पादन र स्वचालित रिपोर्टिङ प्रणाली प्रयोग गर्दै समाचार उत्पादनलाई तीव्र र सटीक बनाएको छ (रोयर्टस, २०२३)। यस्तै, संयुक्त राज्य अमेरिकामा केही रेडियो संस्थाहरूले एआईमा आधारित भ्वाइस सिन्थेसिस प्रयोग गरी स्वचालित समाचार बुलेटिन उत्पादन गर्न थालेका छन्, जसले २४ घण्टा निरन्तर प्रसारणलाई सम्भव बनाएको छ। जेनेरेटिभ एआईको विकाससँगै रेडियो सामग्री उत्पादनमा नयाँ आयाम थपिएको छ। अडियो स्क्रिप्ट निर्माण, स्वचालित भ्वाइस ओभर, पुराना अभिलेखबाट सामग्री पुनःप्रयोग तथा बहुभाषिक अनुवाद जस्ता कार्यहरू सहज भएका छन्। यसले विशेषगरी साना र सामुदायिक रेडियोहरूलाई सीमित स्रोतमा पनि गुणस्तरीय सामग्री उत्पादन गर्न सक्षम बनाएको छ।

नेपालको सन्दर्भमा पनि केही सञ्चार माध्यमहरूले एआई प्रयोग गर्न थालेका छन्। समाचार स्क्रिप्ट लेखन, अनुवाद, सामाजिक सञ्जाल व्यवस्थापन तथा अडियो सम्पादनमा एआई उपकरणहरूको प्रयोग बढ्दो क्रममा छ। यसले विशेषगरी जनशक्ति र स्रोतको अभाव भएका रेडियो संस्थाहरूलाई सहयोग पुऱ्याएको छ (शर्मा, पुरी, २०८२)। एआईले श्रोताको व्यवहार विश्लेषण गर्न पनि महत्त्वपूर्ण भूमिका खेलेको छ। डाटामा आधारित प्रणालीमार्फत् श्रोताको रुचि, समय र सामग्री प्राथमिकता बुझ्न सकिन्छ, जसका आधारमा व्यक्तिगत सामग्री सिफारिस गर्न सम्भव भएको छ। यसले रेडियोलाई परम्परागत एकतर्फी सञ्चार माध्यमबाट अन्तरक्रियात्मक प्रणालीमा रूपान्तरण गरेको छ।

सूचना सम्प्रेषणमा प्रविधिले यसरी फड्को मारिरहेको अवस्थामा सार्वजनिक सेवा प्रसारण नेपाल पनि चुप लागेर बस्ने अवस्था छैन। यदि हामी प्रविधिसँगै अगाडि बढ्न सकेनौँ भने प्रविधिले हामीलाई पछाडि छोड्ने छ र हामी यो बजारबाट हराउने छौँ। तसर्थ समयमै हामीले आफ्नो प्रसारणलाई नयाँ प्रविधिमार्फत् बजारमा स्थापित गर्नुपर्ने देखिन्छ (बराल, २०८१)। उनका अनुसार यस अवस्थामा सार्वजनिक सेवा प्रसारण नेपालले आफ्नो परम्परागत प्रसारणलाई यथावत् पनि राख्ने र एक छुट्टै पहिचानको रेडियो र

टेलिभिजनको संयुक्त डिजिटल प्लेटफर्म तथा ओटिटि प्लेटफर्म आफैँ सञ्चालनमा ल्याउनु पर्ने हुन्छ। यसका लागि विद्यमान जनशक्तिको अलावा केही थप जनशक्ति बजारबाट लिनुपर्ने हुन्छ र व्यापारिक प्रयोजनको लागि विशेष 'डिजिटल मार्केटिङ स्ट्राटेजी' स्थापित गरिनुपर्छ।

## ७. एआईको प्रयोग र चुनौती

एआईको प्रयोगसँगै रेडियो उद्योगमा जति अवसरहरू सिर्जना भएका छन्, त्यति नै गम्भीर चुनौतीहरू पनि देखा परेका छन्। सबैभन्दा महत्त्वपूर्ण चुनौती सत्यता र विश्वसनीयताको हो। एआई प्रणालीहरू इन्टरनेटमा उपलब्ध डाटा, एल्गोरिदम र सीमित डाटावेसमा आधारित हुने भएकाले यिनीहरूले उत्पादन गर्ने सामग्री सधैँ प्रमाणित र विश्वसनीय हुन्छ भन्ने एकीन हुँदैन। यसका कारण गलत, अपुष्ट वा भ्रामक जानकारी प्रसारण हुने जोखिम रहन्छ (शीन, २०२४)।

अन्तर्राष्ट्रिय स्तरमा पनि यो समस्या गम्भीर रूपमा देखिएको छ। उदाहरणका लागि, विभिन्न समाचार संस्थाहरूले एआई सिर्जित सामग्रीमा तथ्यात्मक त्रुटि र दृष्टिभ्रम (हलुसिनेशन) को समस्या देखिएको बताएका छन्। बीबीसी र रोयटर्सजस्ता संस्थाहरूले एआई प्रयोग गर्दा अनिवार्य रूपमा मानव सम्पादकीय परीक्षण गर्नुपर्ने नीति अवलम्बन गरेका छन्। यी सबै अध्ययनहरूले एआई पूर्णरूपमा विश्वसनीय प्रणाली होइन भन्ने पुष्टि गर्छन् (अन्तर्राष्ट्रिय दूरसञ्चार संघ, २०२६)।

पूर्वाग्रह वा पक्षधरता (बायस) पनि अर्को महत्त्वपूर्ण चुनौती हो। यदि एआईलाई प्रशिक्षण दिइएको डाटा पक्षपाती छ भने त्यसले उत्पादन गर्ने सामग्री पनि निष्पक्ष नहुन सक्छ (फ्लोरिडी र काउल्स, २०१९)। यसले पत्रकारिताको आधारभूत मूल्यः निष्पक्षता र वस्तुनिष्ठतालाई चुनौती दिन सक्छ। नेपालको सन्दर्भमा यो समस्या झन् जटिल देखिन्छ। स्थानीय भाषिक सन्दर्भ, सांस्कृतिक विविधता र सीमित डाटा स्रोतका कारण एआई प्रणालीहरू पूर्णरूपमा सान्दर्भिक सामग्री उत्पादन गर्न सक्षम नहुन सक्छन्। यसले गलत सन्दर्भ वा भ्रामक व्याख्या उत्पन्न गर्न सक्छ।

स्रोतको पारदर्शिता पनि गम्भीर समस्या हो। एआईद्वारा उत्पादन गरिएका सामग्रीको स्रोत स्पष्ट नहुन सक्छ, जसले समाचारको विश्वसनीयता कमजोर बनाउँछ। श्रोताले सुनेको सामग्री मानवद्वारा तयार गरिएको हो वा एआईद्वारा भन्ने स्पष्ट नहुँदा विश्वासको सङ्कट उत्पन्न हुन्छ। रोजगारीको सन्दर्भमा पनि एआईले चुनौती सिर्जना गरेको छ। स्वचालनका कारण समाचार लेखन, सम्पादन र प्रसारणसँग सम्बन्धित कार्यहरूमा मानव श्रमको आवश्यकता घट्न सक्छ। यसले पत्रकार तथा प्राविधिकहरूको भविष्यमा अनिश्चितता ल्याउन सक्छ (एन्डरसन, २०२०)।

यसका अतिरिक्त डाटा गोपनीयता र कपीराइट उल्लङ्घन जस्ता मुद्दाहरू पनि एआईसँग सम्बन्धित गम्भीर चुनौती हुन्। एआईले प्रयोग गर्ने डाटा संवेदनशील हुन सक्छ, जसको दुरुपयोगको सम्भावना रहन्छ। त्यसैले एआईको प्रयोगले रेडियोको प्रमुख मूल्य, विश्वास, सत्यता र सामाजिक उत्तरदायित्वमा प्रत्यक्ष चुनौती सिर्जना गरेको छ। यसको प्रयोग गर्दा निरन्तर नियमन गर्दै नैतिकताभित्र राख्नुपर्छ।

एआईको प्रयोगले पूर्वाग्रहको जोखिम बढाउने भएकाले पुनः परीक्षण र पुनः जाँच अनिवार्य हुनुपर्छ।

मुख्य कुरा पुनः जाँच नै हो। यसका लागि समाचार कक्षमा कार्यविधि बनाएर लागु गर्नुपर्छ। एआईको सहयोगमा गरिने पत्रकारितामा पारदर्शी बनाउन समाचार कक्षभित्र र पाठकमाझ एआईको प्रयोगबारे स्पष्ट जानकारी गराउनु आवश्यक छ (गिरी, २०८२)। युनेस्कोको सहयोगमा अकोराबले तयार पारेको निर्देशिकामा पनि एआई प्रयोगका अवस्था र सावधानी समावेश गरिएको छ, जसलाई देशभरका सामुदायिक रेडियोमा लागु गरिएको छ।

एआईको प्रभावकारी र उत्तरदायी प्रयोगका लागि नयाँ र पुरानो दुवै पुस्तालाई तालिम दिन जरुरी छ। प्रविधिमैत्री पुस्ता भए पनि कहाँ र किन प्रयोग गर्ने भन्ने ज्ञान अभाव देखिएको छ। तसर्थ कार्यशाला, निर्देशिका र स्पष्ट नीतिका आधारमा मात्रै सामुदायिक पत्रकारितामा एआईलाई सन्तुलित रूपमा समेट्न सकिन्छ (शर्मा, पुरी, २०८२)।

## ८. एआई, पत्रकारिता र आचारसंहिता

एआईको तीव्र विस्तारसँगै पत्रकारिता क्षेत्रमा आचारसंहिता र नैतिकताको प्रश्न झन् महत्त्वपूर्ण बनेको छ। परम्परागत पत्रकारितामा सत्यता, निष्पक्षता, पारदर्शिता र उत्तरदायित्व जस्ता मूल्यहरू आधारभूत मानिन्छन् तर एआईको प्रयोगसँगै यी मूल्यहरूको पुनर्व्याख्या आवश्यक भएको छ। अन्तर्राष्ट्रिय स्तरमा युनेस्कोले एआई प्रयोग मानव अधिकार, पारदर्शिता र उत्तरदायित्वमा आधारित हुनुपर्ने स्पष्ट मार्गदर्शन दिएको छ। बीबीसीले एआई प्रयोगसम्बन्धी सम्पादकीय मार्गनिर्देशन तयार गरेको छ, जसमा एआईद्वारा उत्पादन गरिएका सामग्रीमा मानव निगरानी अनिवार्य गरिएको छ। यस्तै, रोयर्टसले पनि एआई प्रयोग गर्दा मानव समावेशी (ह्युमन इन द लुप) प्रणाली अपनाएको छ। यसको अर्थ रोयर्टसले अन्तिम निर्णय मानवद्वारा हुने सुनिश्चित गरिदिएको छ (युनेस्को, २०२१, बीबीसी, २०२३, रोयर्टस, २०२३)। यी अभ्यासहरूले एआईलाई पूर्ण स्वतन्त्र प्रणालीका रूपमा होइन, सहायक उपकरणका रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता छ भन्ने स्पष्ट पारेका छन्। "एआईले सूचना दिन सक्छ तर समाचारको अन्तिम निर्णय मानवद्वारा नै हुनुपर्छ" भन्ने अवधारणा अन्तर्राष्ट्रिय स्तरमा स्थापित भइसकेको छ।

नेपालको सन्दर्भमा विद्यमान पत्रकार आचारसंहिता (२०७३ र २०७६) मा एआईको प्रत्यक्ष उल्लेख नभए पनि त्यसमा उल्लिखित सिद्धान्तहरू, सत्यता, स्रोत पुष्टि, निष्पक्षता र जिम्मेवारी एआई प्रयोगमा पनि समान रूपमा लागु हुन्छन्। प्रेस काउन्सिल नेपालले पनि एआई प्रयोग गर्दा आचारसंहिताभित्र रहनुपर्ने आवश्यकता औँल्याएको छ (प्रेस काउन्सिल नेपाल, २०८१)।

कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग गर्दा पारदर्शिता, तथ्य पुष्टि र सम्पादकीय जिम्मेवारी सुनिश्चित गर्नुपर्छ (गोरखापत्र संस्थान, २०८२)। गोरखापत्र संस्थानले एआई प्रयोगलाई पूर्ण स्वतन्त्र प्रणालीका रूपमा होइन, मानव नियन्त्रणमा आधारित जिम्मेवार उपकरणका रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता औँल्याएको छ, जहाँ सामग्रीको सत्यता, स्रोतको विश्वसनीयता र सम्पादकीय उत्तरदायित्वलाई प्राथमिकता दिनुपर्ने गोरखापत्र संस्थाले हालसालै जारी गरेको गोरखापत्र संस्थानका प्रकाशनमा कृत्रिम बौद्धिकता बुद्धिमत्ता (एआई) प्रयोगसम्बन्धी नीति, २०८२ मा उल्लेख छ।

यसै सन्दर्भमा, नेपाली रेडियो नेटवर्कले १८ बुँदे 'कृत्रिम बुद्धिमत्ता (एआई) नीति २०८१' जारी गरी प्रसारण क्षेत्रमा एआई प्रयोगलाई संस्थागत र जिम्मेवार बनाउन प्रारम्भिक पहल गरेको छ। साथै नेपालमा अनलाइन टिभी पत्रकार संघले 'एआई आचारसंहिता २०८२' जारी गरेर प्रारम्भिक प्रयास गरेको छ। यसले एआई प्रयोगमा पारदर्शिता, स्रोत खुलासा र मानव सम्पादकीय नियन्त्रणलाई प्राथमिकता दिएको छ। यद्यपि, स्पष्ट कानुनी संरचना, संस्थागत नीति र कार्यान्वयन संयन्त्र अझै विकासको चरणमा छन्। यसले सञ्चार संस्थाहरूलाई एआई प्रयोग गर्दा अस्पष्टता सिर्जना गरेको छ।

यस सन्दर्भमा तीन तहमा सुधार आवश्यक देखिन्छ :

१. नीतिगत तहमा : स्पष्ट नीतिगत व्यवस्था र मार्गनिर्देशन

२. संस्थागत तहमा : एआई र प्रयोग नीति

३. शैक्षिक तहमा : एआई र पत्रकारिता तालिम

अन्ततः एआईको प्रयोगलाई नैतिक, पारदर्शी र मानवकेन्द्रित बनाउनु नै भविष्यको पत्रकारिताको प्रमुख चुनौती र आवश्यकता हो।

## ८. निष्कर्ष

रेडियोले प्रारम्भिक वायरलेस सञ्चारबाट सुरु भएर आज कृत्रिम बौद्धिकता (एआई) को युगसम्म आइपुग्दा ठूलो रूपान्तरणको अनुभव गरेको छ। विश्वस्तरमा यसले सूचना, शिक्षा र मनोरञ्जनको प्रमुख माध्यमका रूपमा समाज विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ। साथै रेडियोले नेपालमा लोकतन्त्र सुदृढीकरण, सामाजिक चेतना विस्तार र ग्रामीण क्षेत्रमा सूचना पहुँच बढाउन विशेष योगदान दिएको छ।

प्रविधिगत विकासक्रममा रेडियो भ्याकुम ट्युबदेखि ट्रान्जिस्टर, एफएम र डिजिटल माध्यम हुँदै एआईसम्म विकसित भएको छ। एआईले सामग्री उत्पादन, सम्पादन, अनुवाद र श्रोता विश्लेषणलाई छिटो र प्रभावकारी बनाएको छ। विशेषगरी जेनेरेटिभ एआईले सञ्चार क्षेत्रलाई अझ आधुनिक र प्रतिस्पर्धी बनाएको छ तर एआईसँगै सत्यता, विश्वसनीयता, डाटा गोपनीयता र नैतिकता सम्बन्धी चुनौतीहरू पनि देखिएका छन्। भ्रामक सूचना, पूर्वाग्रह र रोजगारीमा पर्ने असरजस्ता विषय गम्भीर चिन्ताका रूपमा देखिएका छन्। एआईलाई पूर्ण विकल्प नभई सहायक उपकरणका रूपमा प्रयोग गर्नुपर्छ। मानव सम्पादकीय नियन्त्रण, नैतिकता र उत्तरदायित्वलाई केन्द्रमा राख्दै स्पष्ट नीति र मापदण्ड आवश्यक छन्। अन्ततः, रेडियोको भविष्य प्रविधि र मानव मूल्यबिच सन्तुलनमा आधारित रहनेछ।

### सन्दर्भसामग्री

गोरखाप संस्थान। (२०८२)। गोरखापत्र संस्थानका प्रकाशनमा कृत्रिम बौद्धिकता/बुद्धिमत्ता (एआई) प्रयोगसम्बन्धी नीति– २०८२।

नेपाल सरकार। (२०८२)। राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति, २०८२। सञ्चार तथा सूचना प्रविधि

मन्त्रालय।

प्रेस काउन्सिल नेपाल। (२०८२, असोज)। संहिता (अङ्क ६६)।

बराल, चिन्तामणि। (२०८१)। सार्वजनिक सेवा प्रसारणमा डिजिटल प्लाटफर्म। झङ्कार (रेडियो नेपालको मुखपत्र)।

रेडियो नेपाल। (२०२४, अप्रिल)। विशेष परिसंवाद : हीरक महोत्सव (भिडियो)। युट्युब।

https://youtu.be/PJpQmc2zb0k

शर्मा, अजय। (२०८२, असोज)। पत्रकारितामा एआईको प्रयोग र आचारसंहिता। संहिता, अङ्क ६६।

शर्मा, पुरी। (२०८२)। पत्रकारितामा एआई। बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय सञ्चार रजिस्ट्रारको कार्यालय।

English

Bhattarai, L. (2025). Nepali radio: Issues of survive and thrive. Media: Issues of Ethics and Sustainability, 5(5), 30–47. https://www.nepjol.info/index.php/nmies/article/view/85894

Floridi, L., & Cowls, J. (2019). A unified framework of five principles for AI in society. Harvard Data Science Review. https://doi.org/10.1162/99608f92.8cd550d1

Maniewicz, M. (2026, February 3). Broadcast radio in the age of AI. International Telecommunication Union. https://www.itu.int/hub/2026/02/broadcast-radio-in-the-age-of-ai/

Parajulee, S. (2017). Seven decades of radio listening in Nepal. Westminster Papers in Communication and Culture, 4. https://doi.org/10.16997/wpcc.85

Peterson, T. (1956). The social responsibility theory of the press. University of Illinois Press.

Reuters. (2023). Reuters AI strategy. Reuters.

UNESCO. (2021). Recommendation on the ethics of artificial intelligence. UNESCO. https://unesdoc.unesco.org/

*(लेखक गोरखापत्र दैनिकमा सह–सम्पादकका रूपमा कार्यरत हुनुहुन्छ।)*

# रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान
## (स्रष्टागत स्मृति, सांस्कृतिक पूँजी र स्रष्टा–सम्मानको विमर्श)



*डा. टीका भण्डारी*

नेपाली सङ्गीतको इतिहास केवल धुन र शब्दहरूको संयोजन मात्र होइन; यो समय, समाज र संवेदनाको जीवित अभिव्यक्ति पनि हो । यस अभिव्यक्तिलाई स्वर, शब्द र संरचनाको माध्यमबाट जन–जनसम्म पुऱ्याउने कार्यमा सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको योगदान अनुपमेय छ । रेडियो नेपाल नेपाली सङ्गीतको इतिहास, विकास र प्रसारको केन्द्रीय धुरी हो । यसले सूचना र सञ्चारका परम्परागत भूमिकाभन्दा पर पुगेर सांस्कृतिक पुनरुत्पादनको कार्यसमेत गर्दै आएको छ । स्रष्टा–सर्जकहरूलाई राष्ट्रको अमूल्य सांस्कृतिक पूँजीका रूपमा स्वीकार गर्दै तिनको सिर्जनात्मक योगदानलाई अभिलेखीकरण, प्रसारण तथा सम्मानमार्फत रेडियो नेपालले नेपाली सङ्गीतलाई केवल श्रव्य माध्यममा सीमित नराखी सांस्कृतिक स्मृतिको आधारका रूपमा स्थापित गरिसकेको छ ।

'रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान' केवल एक औपचारिक पुरस्कार मात्र हैन । नेपाली कला–सांस्कृतिक इतिहासको संस्थागत मान्यताको एक महत्त्वपूर्ण आरम्भिक बिन्दु पनि हो ।  यस संस्थाले स्रष्टा–सर्जकहरूको सिर्जनात्मक यात्रालाई राष्ट्रिय पहिचानसँग जोड्दै 'रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान' ले नेपाली सङ्गीतका अग्रज स्रष्टाहरूको योगदानलाई स्तुत्य र स्मृतितुल्य तुल्याएको छ । प्रस्तुत लेख यसै ऐतिहासिक प्रक्रियाको अध्ययन, विश्लेषण र पुनर्स्मरण हो । यस लेखमा समेटिएका तथ्यहरू, स्रष्टाहरूका जीवन–यात्रा र योगदानहरू केवल व्यक्तिगत सफलताका कथाहरू मात्र होइनन्; ती नेपाली समाज, संस्कृति र चेतनाको विकासक्रमसँग गाँसिएका गहिरा आयामहरू हुन् । यस लेखले विगतलाई सम्झँदै वर्तमानलाई बुझ्ने र भविष्यका लागि मार्गनिर्देशन गर्ने विश्वास लिइएको छ ।

यसको प्रारम्भिक वर्षमै रेडियो नेपालका प्रथम गायक हरिप्रसाद रिमाल र स्वरकी अद्वितीय साधिका तारादेवी (मरणोपरान्त) लाई सम्मानित गरिएको थियो । यो त आफैँमा गहिरो प्रतीकात्मक अर्थ सहितको एउटा सुखद कार्य पनि हो । यसले नेपाली प्रसारण तथा सङ्गीत परम्पराका आधारस्तम्भहरूलाई औपचारिक रूपमा सम्मानित गर्दै अभिलेखीकरण गर्ने संस्थागत अभ्यास प्रारम्भ भएको सङ्केत गर्दछ ।

### उकाली ओरालीहरूमा

बाल गायिका तारादेवीको उदय हुँदै गर्दा धेरैले अनुमान लगाएका थिए – तारा भविष्यको नेपाली सङ्गीतको चम्किलो तारा नै हुने छिन् भनेर । उहाँको उदय नेपाली समाजमा प्रतिभाको यथार्थ पहिचान र त्यसको सर्वस्वीकार्यताको प्रतिनिधि उदाहरण थियो । गोरखापत्रले 'पाँच वर्षीया गायिका' शीर्षकमा

उहाँको रेडियो नेपालको प्रस्तुति सार्वजनिक गरिदिएपछि त्यसको चर्चा सुरु भयो। यो त्यतिकै सेलाएन बरू झन् झन् परिस्कृत हुँदै गयो। किनकि उहाँको सङ्गीत–यात्रा केवल व्यक्तिगत अभिरुचिको दायरामा मात्र सीमित थिएन, अनुशासन, निरन्तर साधना तथा परम्परागत गुरु–शिष्य परम्पराको सशक्त समन्वयका रूपमा थियो, जसको पुष्टि उस्ताद भैरवबहादुर थापासँगको गुरु चेली बिचको सामिप्यको अध्ययनले गर्दछ।

स्वर किन्नरी तारादेवीले श्रोताको मात्र हैन, त्यसबेलाका रेडियो नेपालका व्यवस्थापकहरूको समेत मन जित्दै जानु भयो, जसको सुखद परिणाम थियो –४५ वर्षे रेडियो नेपालको सेवा, सङ्गीतप्रतिको समर्पण र कालजयी गीतहरूको उत्पादन। रेडियो नेपालसँगको दीर्घकालीन आवद्धता केवल पेशागत स्थायित्वको द्योतक मात्र होइन, बरु संस्थागत सांस्कृतिक उत्पादनमा कलाकारको निरन्तर सहभागिता, प्रतिबद्धता र गहिरो संलग्नताको परिचायक पनि हो। आधुनिक, लोक, भक्ति, राष्ट्रिय, नाट्य, पार्श्व, ब्यालेदेखि अपेरासम्मका विविध विधामा उहाँको बहुआयामिक सक्रियता मुखरित हुँदै गयो। फलतः तारादेवीले आफ्नो गायनलाई विविधता र भावनात्मक गहिराइतर्फ उन्मुख गराउन सफल हुनु भयो।

## फगत एक नजरमा

तारादेवीसँगै सम्मानित हुने अर्को व्यक्तित्व – गायक तथा नाटककार हरिप्रसाद रिमाल, जसको जीवन–यात्राबाट नेपाली नाट्य र सङ्गीत इतिहासबिचको अन्तरसम्बन्ध अन्वेषण गर्न सकिन्छ। दरबारिया परिवेशमा बाल्यकाल व्यतीत गर्नु र त्यही परिवेशबाट कलाप्रति आकर्षित हुनु रिमालका कला क्षेत्रमा प्रवेशका सकारात्मक सूचक हुन्। यसबाट तात्कालीन सामाजिक–सांस्कृतिक संरचनाले कलाकार निर्माणमा निर्वाह गरेको भूमिकाबारे समेत अनुमान लाउन सकिन्छ। नाटककार बालकृष्ण समको बौद्धिक मार्गदर्शन तथा पारिवारिक कलात्मक प्रभावले उहाँको व्यक्तित्वलाई परिष्कृत बनाउँदै लग्यो। २००७ सालको प्रजातान्त्रिक रूपान्तरणको ऐतिहासिक सन्दर्भमा उहाँले रेडियो प्रसारणमार्फत प्रस्तुत गरेको 'मेरो दिल टुक्रा बनेर एकदिन...' गीतलाई केवल एक साङ्गीतिक प्रस्तुति मात्र नभई, समय–चेतनासँग अन्तर्सम्बद्ध भावनात्मक अभिव्यक्तिका रूपमा पनि लिन सकिन्छ। कलकत्तामा सम्पन्न उहाँका रेकर्डिङहरूले नेपाली कलाकारहरूको अन्तर्राष्ट्रिय साङ्गीतिक सम्पर्क तथा प्रविधिगत विस्तारको प्रारम्भिक चरणलाई द्योतित गर्दछ। नाट्य क्षेत्रमा 'मुकुन्द–इन्दिरा', 'प्रल्हाद', 'ऊ मरेकी छैन' जस्ता कृतिहरूमा उहाँको अभिनयले दर्शक–श्रोताको मनोविज्ञानमा गहिरो प्रभाव पारेको देखिन्छ। यस परिप्रेक्ष्यमा हरिप्रसाद रिमाल र तारादेवी दुवैलाई केवल कलाकारका रूपमा सीमित गरेर हेर्नु अपूर्ण हुन्छ; उहाँहरू नेपाली आधुनिक सांस्कृतिक चेतनाका निर्माणकर्ता, संवाहक र ऐतिहासिक साक्षीका स्थापित व्यक्तित्वहरू हुनुहुन्छ भन्न सकिन्छ।

## सम्हालेर राख, संगालेर राख

विसं. १९९५ सालमा दार्जिलिङको चोकबजारमा मनुसिंह ठटाल र चन्द्रमाया ठटालको सन्तानका

रूपमा जन्मनुभएकी सङ्गीतकार शान्ति ठटालले शिवप्रसाद सिंह र भानु घोषको मार्गदर्शनमा सङ्गीत सिक्नुभयो। रवीन्द्र सङ्गीत विश्व विद्यालयबाट औपचारिक शिक्षा आर्जन गरी दार्जिलिङ फर्किएपछि उहाँले हिमालय कला मन्दिरमा प्रशिक्षण लिनुभयो। अम्बर गुरुङसँगको सुरम्य सम्बन्ध, अरुणा लामासँगको साङ्गीतिक सहकार्य, गोपाल योन्जन र कर्म योन्जनसँगको मित्रता तथा सिक्किमको सरकारी कार्यालयमा सेवा गर्ने अवसर आदिका संयोगहरूले उहाँले आफ्नो प्रतिभालाई अझ निखार्दै लैजान सक्नुभयो। ठटालले आफ्नो साङ्गीतिक यात्रा निलो सूर्यास्तबाट प्रारम्भ गर्दै 'सम्हालेर राख' गीतमार्फत गायिकाको रूपमा पहिचान बनाउनुभयो। नेपाली चलचित्रकी पहिलो महिला सङ्गीतकारका रूपमा उहाँले 'परालको आगो' लगायतका चलचित्रमा उल्लेखनीय योगदान दिनुभयो। विसं. २०७३ मा रेडियो नेपालबाट राष्ट्रिय स्रष्टा सम्मानबाट सम्मानित ठटालले २०० भन्दा बढी गीतमा सङ्गीत दिनुभएको छ। 'उडी जाउँ भने म पन्छी हैन', 'आकाशमा एक्लो तारा', 'मेरो दुखी मन' जस्ता गीतहरू उहाँका सशक्त साङ्गीतिक पहिचान हुन्। नेपाली गीत–सङ्गीतप्रति गहिरो प्रतिबद्धता राख्दै विदेशी अवसर अस्वीकार गर्नु उहाँको स्वाभिमान र सांस्कृतिक निष्ठाको ज्वलन्त उदाहरण हो। सङ्गीतकार शान्ति ठटाललाई प्रदान गरिएको सम्मान केवल एक व्यक्तिप्रतिको कदर मात्र नभई, नेपाली सङ्गीतको विकासमा अमूल्य योगदान पुऱ्याउने दार्जिलिङका समग्र स्रष्टा–सर्जकहरूको पुनः स्मरण र सम्मानको एक सशक्त दृष्टान्तका रूपमा अनुभूत गरिएको छ।

## ए दुरका सीतारा

गीतकार किरण खरेल रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान–२०७८ द्वारा सम्मानित स्रष्टा हुनुहुन्छ। विसं. २०१४ सालमा बटुककृष्ण ज्वालाको स्वरमा रेकर्ड भएको उहाँको 'ए दुरका सीतारा ...' बोलको गीतले गीति लेखन यात्राको नयाँ क्षितिज पहिल्यायो। २०१६ सालमा राजा महेन्द्रको सहयोगमा कलकत्तामा उहाँका केही गीतहरू रेकर्ड भएपछि उहाँको चर्चा बढ्दै गयो।

गीतकार खरेल रेडियो नेपालका पूर्व कार्यक्रम प्रस्तोता पनि हुनुहुन्छ। २०२२ देखि २०२९ सालसम्म उहाँले रेडियो कार्यक्रमहरू उत्पादन तथा प्रसारण गर्नुभयो। प्रस्तोता धन लामासँगको युगल प्रस्तुतिमा उहाँले 'सुन्दर सुशील' कार्यक्रम प्रस्तुत गर्नु भयो, जुन रेडियो नेपालको एक चर्चित कार्यक्रममा पर्दछ। गीति लेखनमा उहाँको सक्रियता उर्जाशील रह्यो। रेडियो नेपालद्वारा आयोजित आधुनिक सङ्गीत प्रतियोगितामा विसं. २०२०, २०२२ ,२०२६ र २०२८ मा ४–४ पटक गीति रचनामा उत्कृष्ट रचनाकारको पुरस्कार प्राप्त गर्नु त्यसको ज्वलन्त उदाहरण हो। तिमी सुन्दर छौ तिमीलाई आज (उदीतनारायण झा), ऐना नभए तिम्रो अनुहार (प्रेमध्वज), मेरो बिटुलो विश्वास (माणिकरत्न), तिमीले हेरिरह्यौ बोलाउन सकिन (दीपक जङ्गम), लहर हो लोग्ने मान्छे (तारादेवी), सोधुँ सोधुँ लाग्छ, (तारादेवी, अम्बर गुरुङ), तिम्रो माया कागजको, (ध्रुव के.सी.), आदि खरेलका केही चर्चित गीति रचनाहरू हुन्। नेपाली चलचित्रमा उहाँले असंख्य पार्श्व गीतहरू लेख्नु भयो। ती गीतले श्रोता –दर्शकको मनमा आज पनि गहिरो स्थान बनाएका छन्।

## घुम्तीमा नआऊ है

प्रेमध्वज प्रधानले रेडियो नेपालबाटै साङ्गीतिक भविष्य अज्माउनु भयो । गायक प्रधानले रेडियो नेपालसँगको संवादमा भन्नु भएको थियो –'रेडियो नेपाल नभएको भए म प्रेमध्वज प्रधान हुन्न थिएँ' । रेडियो नेपालले जन्माएका गायक प्रधानले नेपाली सङ्गीतको श्रीवृद्धिमा खन्याउनु भएको जीवन समर्पणको उच्च कदर गर्दै २०७७ सालमा रेडियो नेपालको ७१औँ वार्षिकोत्सवका अवसरमा उहाँलाई सम्मान अर्पण गरिएको थियो ।

विसं. १९९४ असार षष्ठी तिथिमा सिन्धुपाल्चोकको चौतारामा जन्मनुभएका प्रेमध्वज, रत्नध्वज र प्राणदेवीका एकमात्र सन्तान हुनुहुन्थ्यो । वाद्यशिरोमणि गणेशलालबाट सङ्गीत सिक्नुभएको उहाँले आफ्नी आमा प्राणदेवीलाई पहिलो गुरु मान्नुभयो । विसं. २०१३ मै रेडियो नेपालमा हिन्दी गीत गाएर स्वर परीक्षा उत्तीर्ण उहाँले त्यसैबेलादेखि नै रेडियो नेपालमा गीत गाउन थाल्नुभएको थियो । विसं. २०१८ मा मुम्बई पुगेर आफ्नै लगानीमा एल्बमका गीतहरू रेकर्ड गर्नुभयो । 'घुम्तीमा नआऊ है', 'गोरेटो त्यो गाउँको', 'पर लैजाऊ फूलहरू' आदि गीतहरू त्यसै समयमा रेकर्ड भएका हुन् । नेपाली साङ्गीतिक जगत्मा उहाँको नामसँगै 'गोल्डेन भ्वाइस', 'मखमली स्वर', 'रोमान्टिक गायक' जस्ता अनेक उपाधिहरू जोडिएका छन् ।

## यति धेरै माया दिई

रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान प्राप्त गर्ने अर्का भाग्यमानी सङ्गीतकार हुनुहुन्छ दीपक जङ्गम । उहाँले यो सम्मान विसं. २०७८ मा रेडियो नेपालको ७२औँ वार्षिकोत्सवका अवसरमा प्राप्त गर्नुभएको हो । साङ्गीतिक जीवनलाई पछाडि फर्केर हेर्दा वि.सं. २०१९ मा रेडियो नेपालमा पाइला टेक्नुभएका जङ्गमको बाल्यकाल सङ्गीत, साहित्य, नाटक र रङ्गमञ्चमा कला प्रस्फुटन गर्दै बितेको थियो । बाल कार्यक्रममा गुन्जिएका उहाँका आवाजहरू स्मृतिमा अझै ताजा छन् ।

नेपाली सङ्गीतको एक दरिलो स्तम्भका रूपमा स्थापित दीपक जङ्गमलाई एकपटक मेहदी हसनले भनेका थिए– दीपक जङ्गम एक अलौकिक सङ्गीतकार हुन्, उनको सङ्गीतमा गीत गाउने मेरो पनि ठूलो रहर छ । त्यही सन्दर्भमा पाकिस्तानी गजल गायक गुलाम अलीले पनि उहाँको सङ्गीत गर्ने गुणको खुलेर प्रशंसा गरेका थिए । नभन्दै गुलाम अलीले उहाँकै सङ्गीतमा एकसेएक गीतहरू रेकर्ड गराए, जसले मविवि शाहलाई समेत चर्चामा ल्यायो । 'किन किन तिम्रो तस्बिर मलाई निको लाग्छ', 'लोलाएका ती तिम्रा', 'के छ र दिउँ तिमीलाई मैले', 'गाजलु ती ठूला ठूला आँखा' जस्ता गीतहरू नेपाली सङ्गीतका मानक बनेका छन् । अग्रज गायक–गायिकादेखि नव पुस्तासम्मले उहाँका सङ्गीतमा गाएर आफ्नो भविष्य अज्माएका छन् । त्यसैगरी नारायण गोपालको स्वरमा 'तिमीलाई म के भनूँ', 'एउटा मान्छेको मायाले कति', 'साउनको झरी बनी', 'यति धेरै माया दिई' जस्ता गीतहरूले श्रोता–दर्शकको मन र हृदयमा गहिरो स्थान बनाएका छन् । नेपाली सङ्गीतका विषयवस्तुलाई विश्वविद्यालयस्तरीय पाठ्यक्रममा समावेश गर्न र त्यसको व्यवस्थापकीय स्तर निर्माण गर्नमा उहाँले निर्वाह गर्नु भएका भूमिकाहरू

समेत स्तुत्य छन्। सङ्गीतकार दीपक जङ्गमलाई गरिएको सम्मान नेपाली सङ्गीतको प्राज्ञिक उन्नयन र सिर्जनात्मक विशिष्टता प्रतिको उच्च कदर हो।

## जीवन भन्नु त घात छ

रेडियो नेपालको ६९ औँ वार्षिकोत्सवका अवसरमा भजन शिरोमणि भक्तराज आचार्यलाई यो सम्मान प्रदान गरिएको हो। भक्तराजका गीतहरूले मानविय संवेदनाको उचाइ, र सुरको गहिराई चुम्दै नेपाली सङ्गीत र भक्तराज आज एक अर्काको पर्याय बनेका छन्।

विसं. १९९९ साल असोज १६ गते धनकुटाको कुरुले तेनुपा गाउँमा जन्मनु भएका भक्तराज सानै उमेरदेखि गीत गाउने गर्नु हुन्थ्यो। कुनै राम्रो रचना भेट्ना साथ धुन हालेर गाउने प्रयास गर्नु हुन्थ्यो। शायद त्यहीँबाट नै भक्तराजको साङ्गीतिक जीवनको स्वर्णिम पर्दा उघ्रिन थालिसकेको थियो। उज्यालो पक्षलाई हेर्ने हो भने – रोजगारीको सिलसिलामा डुवर्सको बास, शास्त्रीय सङ्गीतको अध्ययन र अभ्यास, त्यहाँ एक गायन प्रतियोगितामा रेडियो नेपालका गायक माणिकरत्नसँगको सुखद जम्काभेट, प्रतियोगितामा उत्कृष्टता, काठमाडौँको यात्रा, र रेडियो नेपालसँगको सहकार्य भक्तराजका साङ्गीतिक उडान भर्ने र सफलताको क्षितिज चुम्ने आयामहरू हुन्। भक्ति सङ्गीत र आधुनिक सङ्गीत समर्पणमा रेडियो नेपालमा जीवनै खर्चिनु भएका उच्चकोटीका साधक भक्तराज आचार्य प्रतिको सम्मान साधना, समर्पण र सिर्जनशीलताको उज्ज्वल इतिहासप्रतिको सादर नमन हो।

## आमा दिदी बैनी हो

विसं. २०७५ मा भजन शिरोमणि भक्तराज आचार्यसँगै राष्ट्रिय स्रष्टा सम्मान प्राप्त गर्ने प्रखर प्रगतिशील गायक हुनुहुन्थ्यो – जेबी टुहुरे। सामाजिक जागरणका स्वरका रूपमा चिनिनु भएका जनवादी गायक जेबी टुहुरे विसं. २०१९ मा मोरङको मधुमल्लाबाट काठमाडौँ आई रेडियो नेपालमा लोकगीत गाउन थाल्नुभयो। २०२४ सालसम्म उहाँले रेडियो नेपालमा सक्रिय रूपमा गीत गाउनु भयो। उहाँको पहिलो रेकर्डेड गीत 'हा हा काली, हा छैन नि माली' थियो। पारिजात, रामेश, रायन, मञ्जुलजस्ता प्रगतिशील स्रष्टाहरूसँगको सङ्गतपछि उहाँ पूर्ण रूपमा जनवादी सांस्कृतिक आन्दोलनमा समर्पित हुनुभयो। 'बसाइँ हिँड्नेको ताँतीले', 'आमा दिदी बैनी हो', 'जान्न म त नि गोर्खा भर्ती' 'पुर्खाले सोचे सन्तानको लागि, 'हजार वर्ष बितेर गयो' लगायतका गीतमार्फत् उहाँले सामाजिक चेतना फैलाउन महत्त्वपूर्ण भूमिका खेल्नुभयो। जनसांस्कृतिक आन्दोलनका प्रतिनिधि रूपमा उहाँ संविधान सभामा सभासदसमेत बन्नुभयो। नेपाली सङ्गीतमा उहाँको योगदान अतुलनीय र सदैव स्मरणीय रहनेछ।

## 'सुन्दर सुशील'

रेडियो नेपालको ७३ औँ वार्षिकोत्सवमा प्रसारण क्षेत्रबाट धन लामा सम्मानित हुनु भयो। आफ्नै आमाबाट

कखरा सिक्नुभएकी धनको प्रारम्भिक शिक्षा सङ्घर्षमय थियो। ट्युसन पढाउने गुरुले कुनै कमजोरी हुँदा सिस्नुको पात हातले माड्न लगाएको दुखद क्षण उहाँको स्मृतिमा अझै ताजा छन्। एकपटक विद्यालयबाट आफ्ना सहपाठीहरूसँग घुम्न धन रेडियो नेपाल पुग्नुभएको थियो। त्यही बेला प्रसारक शकुन्तला शर्मा रेडियोमा बोलिरहेकी थिइन्। त्यसैबेला धनको मनमा 'म पनि एकदिन रेडियो नेपालमा यसरी नै बोल्छु' भन्ने भाव पैदा भयो। नभन्दै, एकदिन रेडियो नेपालमा कार्यक्रम प्रसारकहरू मागिएको थाहा पाएपछि उहाँले आवेदन दिनुभयो। कार्यक्रम प्रसारक निरोधराज पाण्डेले स्वर परीक्षा दिन खबर गरिदिनुभयो। स्वर परीक्षामा उहाँले कविता र लेख वाचन गरेर नाम निकाल्नुभयो। त्यसपछि रेडियोमा बोल्न थालेपछि उहाँको स्वर र प्रस्तुतिको चर्चा हुन थाल्यो।

प्रसारक पाण्डवले पहिलोपटक उहाँलाई निजगढ लिएर जानुभयो। त्यहाँ 'रेडियोमा बोल्ने धन लामा आएकी छिन्' भन्दै मानिसहरूले घेरेको देख्दा रेडियोको बोलीको प्रभाव उहाँले पहिलोपटक अनुभूति गर्नुभयो। धनले रेडियो नेपालमा सूचनामूलक, शिक्षामूलक र मनोरञ्जनात्मक सबै प्रकारका कार्यक्रमहरू सञ्चालन गर्नुभयो। किरण खरेलसँग मिलेर बाल कार्यक्रम पनि सञ्चालन गर्नुभयो। पछि बासुदेव मुनाल रेडियो नेपालमा आएपछि उक्त कार्यक्रम उहाँलाई जिम्मा दिइयो। प्रसारक दामोदर अधिकारीसँग मिलेर पनि उहाँले कार्यक्रम सञ्चालन गर्नुभयो। वि.सं. २०४२ मा रेडियो नेपालबाट पहिलो प्रायोजित कार्यक्रम 'सुन्दर सुशील' प्रसारण हुन थाल्यो, जसमा किरण खरेल र धनले युगल रूपमा सञ्चालन गर्नुभयो। यो कार्यक्रम अत्यन्त लोकप्रिय बन्यो। वि.सं. २०३२ मा नेपाल बैंकमा चार वर्ष नासु तहको जागिर, त्यसपछि चलचित्र संस्थानमा अधिकृत तहको जिम्मेवारी, विभिन्न स्टेज उद्घोषण, 'वुमन एक्ट' एनजीओमा संलग्नता, तथा श्रव्य–दृश्य आदानप्रदान कार्यक्रममार्फत सार्क राष्ट्रहरूमा रेडियोसम्बन्धी भ्रमण–यी सबै उहाँको जीवनका सक्रिय मोडहरू हुन्।

## झन् सम्झ्यो रुन्छ मन

रेडियो नेपालको ६८ औँ वार्षिकोत्सवमा सम्मानित हुने एक स्रष्टा हुनुहुन्छ –सङ्गीतकार गणेश परियार। सङ्गीतकार गणेश परियारको जन्म विसं. १९९८ माघ १५ गते काठमाडौँको क्षेत्रपाटीमा कप्तान दिलबहादुर सुनाम र ललितादेविका सुपुत्रका रूपमा भएको हो। उहाँको घरमा बिहानैदेखि सेक्सोफोन, क्लारिनेट, ट्रम्पेट, भायोलिन, बाँसुरीजस्ता वाद्ययन्त्रहरूको धुनले गुन्जिने–एक प्रकारले सङ्गीतको मन्दिरझैँ थियो। बुबाको गहिरो लगावकै प्रभावले उहाँ बाल्यकालदेखि नै सङ्गीतमा रमाउँदै अघि बढ्नुभयो र अन्ततः प्रख्यात सङ्गीतकारका रूपमा स्थापित हुनुभयो।

विसं. २०१९ मा रेडियो नेपालमा वाद्यवादनतर्फ अडिसन उत्तीर्ण गरेसँगै परियारको व्यावसायिक यात्रा सुरु भयो। रेडियो नेपालमा भायोलिन, गितार, हार्मोनियम लगायत विभिन्न वाद्ययन्त्र बजाउँदै सङ्गीत संयोजक र वाद्यवादकका रूपमा २०४० को दशकसम्म उहाँले महत्त्वपूर्ण योगदान दिनुभयो। अरुणा लामाले गाएका 'मलाई यही जीवन' र 'एक्लै बस्दा सधैँ मलाई' जस्ता सदाबहार गीतदेखि लिएर आफ्नै स्वरमा गाएको 'झन् सम्झ्यो रुन्छ मन'सम्म, उहाँका दुई सयभन्दा बढी आधुनिक तथा लोकगीतहरू

रेडियो नेपालको प्रसारणमार्फत लोकप्रिय बनेका छन् । नेपाली सङ्गीतमा उहाँको योगदान अत्यन्त महत्त्वपूर्ण र स्मरणीय रहेको छ ।

## जदौ श्रोता, जदौ – खुल्यो साहित्य संसारको दैलो

रेडियो नेपालको ६८औँ वार्षिकोत्सवका अवसरमा राष्ट्रिय स्रष्टा सम्मान प्राप्त गर्ने अर्का स्रष्टा हुनुहुन्छ– रेडियो प्रसारक यज्ञनिधि दाहाल । खोटाङको धारापानीमा विसं. २०१० साउन ८ गते जन्मनुभएका दाहाल २०३० सालदेखि साहित्यमा लाग्नुभयो । उहाँले २०३४ सालदेखि रेडियो नेपालमा कार्यक्रम सञ्चालन गर्न थाल्नुभयो । पञ्चायतकालमा रेडियो प्रसारकहरू आजको जस्तो खुलेर आफ्ना विचार राख्न सक्दैनथे, त्यस्तो प्रतिकुल अवस्थामा समेत उहाँले स्वतन्त्र र निर्भीकतापूर्वक विषयवस्तु प्रसारण गर्न हिम्मत राख्नु भयो ।

रेडियो नेपालमा 'साहित्य संसार' कार्यक्रम सञ्चालन गर्ने क्रममा उहाँले लोक जनजीवनलाई सजीव रूपमा प्रस्तुत गर्नुभयो । 'जदौ श्रोता, जदौ–खुल्यो साहित्य संसारको दैलो' भन्ने उद्घोषमार्फत् गाउँ–गाउँका श्रोता माझ परिचित बन्नुभयो । बोलीमा मिठास, भाषामा लयात्मकता र झर्रोपनासहितका साहित्यिक विचारले परिस्कृत उहाँले लोकतान्त्रिक साहित्यिक आन्दोलनका क्रममा आफ्नो अनामनगरस्थित निवासलाई 'गणतन्त्र काव्यटार' घोषणा गर्नुभएको थियो । अनामनगरको नामकरणसमेत उहाँकै योगदान मानिन्छ । उहाँको यस्तै विशिष्ट योगदानको कदर गर्दै रेडियो नेपालले उहाँलाई राष्ट्रिय स्रष्टा सम्मान प्रदान गरेको हो । रेडियो नेपालको साहित्यिक विकासमा उहाँले आफ्नो कार्यक्रमको माध्यमबाट खेल्नु भएको रचनात्मक भूमिकाको उच्च मूल्याङ्कन गर्दै उहाँलाई यो सम्मान गरिएको हो । यो सम्मान रेडियो नेपालको साहित्य संस्कृतिप्रतिको गहिरो निष्ठा हो ।

## एक जुगमा एकदिन एकचोटी आउँछ

रेडियो नेपालको ७५ औँ वार्षिकोत्सवमा जनवादी गायक रामकृष्ण दुवाल सम्मानित हुनु भयो । विसं. २००७ असार ३ गते काठमाडौँको कीर्तिपुरमा जन्मनुभएका दुवालले नेपालमा सामाजिक तथा सांस्कृतिक जागरण ल्याउनमा महत्त्वपूर्ण योगदान दिनुभएको छ । उहाँले देशका कुना–कन्दरामा पुगेर जनपक्षीय गीतहरू प्रस्तुत गर्दै जनताको मन जित्नुभयो । राजनीतिक परिवर्तनका निम्ति भएका विसं. २०४६ र २०६२–६३ को जनआन्दोलनमा समेत परिवर्तनका आवाजहरू गीतमार्फत मुखरित गर्नु भयो ।

'एक जुगमा एकदिन एकचोटी आउँछ', 'गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ' जस्ता गीतमार्फत उहाँले सांस्कृतिक ऊर्जा भर्ने र भावनात्मक उद्वेलना सिर्जना गर्ने कार्यहरू गर्नुभयो । नेपालको लोक–सांस्कृतिक विरासतलाई उकास्न उहाँले खेल्नुभएको भूमिका तथा पारम्परिक गीत–सङ्गीतको उत्थानका निम्ति गर्नुभएका सत्कर्महरूको उच्च मूल्याङ्कन गर्दै रेडियो नेपालले उहाँप्रति सम्मान व्यक्त गरेको हो ।

## चिट्ठी तिमीलाई लेखूँ भन्छु

२०७३ सालमा गायक शम्भु राइले सङ्गीतकार शान्ति ठटालसँगै रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान प्राप्त गर्नु भयो। गायक राई नेपाली लोकजीवनका प्रतिनिधि स्वर मात्र नभई सांस्कृतिक चेतनाका गतिशील संवाहक पनि हुनुहुन्छ। उहाँको साङ्गीतिक यात्रालाई द्विधारात्मक संरचनामा बुझ्न सकिन्छ, जसले नेपाली सङ्गीतभित्रको विचारधारात्मक र सौन्दर्यात्मक रूपान्तरणलाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्दछ। पहिलो धारमा उहाँका जनवादी गीतहरू प्रतिकारात्मक सांस्कृतिक अभिव्यक्तिका रूपमा देखा पर्छन्, जहाँ वर्गचेतना, सामाजिक न्याय र अधिकारको खोजी सशक्त रूपमा अभिव्यक्त भएका छन्। विसं. २०३५–३६ सालतिर उहाँले नेतृत्व गर्नु भएको प्रगतिशील गीति अभियानले सङ्गीतलाई सामाजिक रूपान्तरणको प्रभावकारी माध्यम बनायो। यस सन्दर्भमा उहाँका गीतहरू 'वैचारिक औजार' का रूपमा जनचेतना निर्माणमा निर्णायक बने।

दोस्रो धारमा उहाँका सिर्जनाहरू 'सौन्दर्यपरक यथार्थवाद' को प्रतिनिधित्व गर्छन्, जहाँ माया–प्रेम, प्रकृति र ग्रामीण जीवनका अनुभवहरू सजीव भाषिक संरचनामार्फत प्रस्तुत भएका छन्। घाँस–दाउरा, मेलापात, गोठालो जीवन, खेती–किसानी र पानी पँधेराजस्ता प्रतीकहरूले लोकजीवनको सांस्कृतिक पुनर्निर्माण मात्र होइन, एक प्रकारको 'साङ्गीतिक नृविज्ञान' को रूप पनि ग्रहण गरेका छन्। वि.सं. २०४१ मा रेडियो नेपालमा प्रवेशसँगै उहाँको साङ्गीतिक दृष्टिमा पनि महत्त्वपूर्ण रूपान्तरण देखिन्छ। 'कला जीवनका लागि' बाट 'कला कलाका लागि' तर्फको यो संक्रमणलाई 'कलात्मक स्वायत्तताको पुनर्स्थापना' का रूपमा बुझ्न सकिन्छ। यस चरणमा उहाँका गीतहरूमा भावनात्मक परिष्कार र ध्वन्यात्मक सन्तुलन अझ सघन रूपमा अभिव्यक्त भएको पाइन्छ। यसपछिका 'चलेछ बतास सुस्तरी मनै सरर', 'चिट्ठी तिमीलाई लेखूँ भन्छु', 'बाटो हेरे हुन्छ आमा' जस्ता गीतहरूले व्यक्तिवादी संवेदनशीलतालाई मुखरित बनाउँछन्। यसरी, उहाँका कृतिहरूले व्यक्ति र समुदायबीचको सन्तुलित संवादलाई सङ्गीतमार्फत अभिव्यक्त गरेको पाइन्छ। शम्भुराईको सम्मान उहाँको प्रगतिशील र सिर्जनशील गीत सङ्गीतप्रतिको समर्पणभाव प्रतिको निष्ठायुक्त सम्मान हो।

## सिमली छायामा बसी

जनवादी गायक जीवन शर्माले विसं. २०७७ सालमा, रेडियो नेपाल को ७१औँ वार्षिकोत्सवका अवसरमा मखमली स्वरका धनि गायक प्रेमध्वज प्रधानसँगै 'रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान' ग्रहण गर्नु भयो। वि.सं. २०१६ साल चैत २६ गते बाग्लुङको राङ्खानीमा जन्मनु भएका शर्माको साङ्गीतिक यात्रा केवल कलात्मक अभिव्यक्तिमा मात्र सिमीत नभई 'चेतना–परिवर्तनको सांस्कृतिक अभियान' का रूपमा विकसित भएको पाइन्छ। हार्मोनियम, मादल र गितारजस्ता साधनलाई परिवर्तनमुखी आवाजको माध्यम बनाउँदै उहाँले सङ्गीतलाई सामाजिक रूपान्तरणको उपकरणका रूपमा प्रयोग गर्नुभयो। गाउँ–गाउँ पुगेर जनवादी गीतमार्फत जनतालाई सुसूचित, सचेत र संगठित बनाउने उहाँको प्रयासलाई सांस्कृतिक हस्तक्षेपका रूपमा पनि व्याख्या गर्न सकिन्छ।

उहाँका ‘सिमली छायाँमा बसी भरिया लामो सास फेरेका’, ‘चाहिँदैन मलाई शिशाको महल’, ‘सानो बुकुरो पहराको छेउमा मेरो घर’, ‘उर्लेर आउँदा गण्डकीको भेलले’, ‘समयसँग सम्झौता हैन, सङ्घर्ष गर’ जस्ता गीतहरू जनपक्षीय साङ्गीतिक अभिव्यक्तिका आधारस्तम्भ हुन् । यी गीतहरूले वर्गीय असमानता, श्रमजीवी जीवनको यथार्थ र सामाजिक न्यायको आकाङ्क्षालाई सशक्त रूपमा अभिव्यक्त गर्दै ‘जनताको आवाज’ लाई सङ्गीतमार्फत संरचित गरेका छन् ।

पाँच सयभन्दा बढी गीत रेकर्डिङ तथा करिब पाँच दर्जन एल्बम प्रकाशन गर्नु भएका शर्मा मूलतः गाउँ–बेसीका जीवनानुभवलाई स्वर दिने गायकका रूपमा परिचित हुनुहुन्छ । उहाँका सिर्जनाहरूलाई ‘लोक–जनवादी संवेदनाको समिश्रण’का रूपमा बुझ्न सकिन्छ, जहाँ स्थानीय जीवनविश्व र वैचारिक प्रतिबद्धता एकैसाथ अभिव्यक्त हुन्छन् । ‘ठुली’, ‘पूजा’, ‘नालापानीदेखि कालापानीसम्म’, ‘सिम्मा’ जस्ता गीति–नाटकहरूमा सङ्गीत प्रदान गर्दै नाट्य–सङ्गीतको क्षेत्रमा समेत उहाँले योगदान दिनुभएको छ । यसले उहाँको साङ्गीतिक व्यक्तित्वलाई केवल गायनमा सीमित नराखी ‘बहुआयामिक सांस्कृतिक’ सर्जकका रूपमा स्थापित गर्दछ ।

उहाँले विदेशमा श्रमरत नेपाली युवाहरूलाई लक्षित गर्दै स्वदेशमै श्रम र आत्मनिर्भर जीवनको सन्देश दिने गीतहरू मार्फत प्रवासमा समेत सांस्कृतिक चेतना विस्तार गर्नुभएको छ । यसलाई प्रवासी चेतनाको साङ्गीतिक पुनर्संयोजनका रूपमा बुझ्न सकिन्छ । साङ्गीतिक क्रियाशीलताको सिलसिलामा विसं. २०४२ देखि २०४६ सम्मको भूमिगत जीवनले उहाँको परिवर्तनप्रतिको उत्कट इच्छालाई बिम्बित गर्दछ ।

## देश बनाउन

विसं. २०८० रेडियो नेपालको ७४औँ वार्षिकोत्सवमा गायक, सङ्कलक तथा सारङ्गीवादक काशिराम बुढा मगर (झङ्कार बुढा) लाई ‘रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान’ प्रदान गरियो । रेडियो नेपालका गीत–सङ्गीत र वाद्यधुन सुन्दै हुर्किनुभएका झङ्कार प्रगतिशील सांस्कृतिक आन्दोलनका सशक्त कलाकार हुनुहुन्छ । सानैमा पितृवियोग भोगेर हजुरबुबाको मार्गदर्शनमा अघि बढ्नुभएका उहाँले सारङ्गीमार्फत नेपाली जनजीवनका पीडा, यथार्थ र आशालाई जीवन्त बनाउनु भएको छ । रोल्पा–थवाङ क्षेत्रलाई केन्द्रमा राखी सामाजिक जागरण र देशभक्तिका गीतहरू सिर्जना गर्नु उहाँको विशेष पहिचान हो । ‘कहिले हामी पूर्व कहिले हामी पश्चिम’, ‘मुटुभरी समाजवाद’, ‘देश बनाउन अब सबले’ नरोक्नु यात्रा’, ‘घर्ति गाउँको बाटो’, ‘जनताले चाहेको’, ‘रोल्पा गाउँ नै राम्रो’, लगायत सयभन्दा बढी गीतमार्फत उहाँले जनताको आवाज सशक्त रूपमा प्रस्तुत गर्नुभएको छ ।

## गलबन्दीमा रातो धागो

२०८१ सालमा रेडियो नेपालको ७५ औँ वार्षिकोत्सवमा नेपालका लोकप्रिय डेउडा गायक नन्दकृष्ण जोशी लोक गायनको क्षेत्रबाट सम्मानित हुनु भयो । बझाङ जिल्लाको तलकोटमा जन्मिएर मौलिक भाका सङ्कलन, गायन र प्रवर्द्धनमा योगदान दिनु भएका सङ्गीतका अथक यात्री डेउडा गायक तथा

सङ्कलक नन्दकृष्ण जोशी खासगरी प्रकृति प्रेम, ग्रामिण परिवेशका जीवनशैली, संस्कार संस्कृति र देवीदेवताका इतिहास र समाजको दुख सुखका कथाहरू आफ्नो गायन मार्फत प्रस्तुत गर्ने जेहेन्दार र मेधावी सङ्गीतकर्मी हुनुहुन्छ। उहाँको कला र गलाले नेपाली माटो र जीवनलाई गहिरो गरी छोएको पाइन्छ। 'भ्याम्म भ्याम्म' बोलको उहाँको गीत त्यसको एक दृष्टान्त हो, जसमा उहाँको जनबोलीयुक्त गायकीको परिचय र पहिचान समेत खुलेको छ।

डेउडा गीत सुदूरपश्चिम नेपालको अत्यन्त प्रचलित लोकगीत हो। यो विशेषगरी सुदूरपश्चिम प्रदेशका अछाम, बझाङ, बाजुरा, डोटी, डडेलधुरा, कैलाली र कञ्चनपुर जिल्लामा गाइने परम्परागत लोकसङ्गीत हो। नन्दकृष्णका डेउडा गीतमा समूहमा गोलो घेरा बनाएर नाच्दै प्रश्न–उत्तर शैलीमा गीत गाएको पाइन्छ, जसले स्थानीय जीवन, माया–प्रेम, संस्कृति र सामाजिक विषयलाई अभिव्यक्त गरेको छ। यसर्थ, नन्दकृष्णलाई सुदूरपश्चिमको पहिचान र सांस्कृतिक धरोहरहरूको प्रवर्द्धन गर्ने स्रष्टाका रूपमा सम्मान गर्न पाउँदा स्वयम् रेडियो नेपालले समेत सम्मानित भएको महसुस गरेको छ।

## सँगसँगै हिँडेका ती पाइला

प्रगतिशील गायक तथा सङ्गीतकार मोहित श्रेष्ठ (माधव श्रेष्ठ) को जन्म विसं. २०३७ मा रोल्पाको एक किसान परिवारमा माहिलो सन्तानका रूपमा भएको हो। विसं. २०५४ मा एसएलसी दिए पनि पढाइलाई निरन्तरता दिन नसकी उहाँ त्यही समयदेखि सशस्त्र द्वन्द्वमा समर्पित हुनुभयो। झण्डै अढाई दशकदेखि जनवादी गीत–सङ्गीतमा सक्रिय उहाँ सामाजिक उत्पीडन, अन्याय र अत्याचारविरुद्ध न्याय, समानता र मुक्तिको आवाज उठाउने स्रष्टाका रूपमा चिनिनुहुन्छ। प्रतिरोध सांस्कृतिक समूहमा रहेर गीत सङ्गीतको माध्यमबाट जनचेतना जगाउँदै सशस्त्र सङ्घर्षका क्रममा उहाँले विद्रोही भावनाका गीतहरूमार्फत जनतालाई भावनात्मक ऊर्जा प्रदान गर्नुभयो। सङ्गीतप्रतिको गहिरो समर्पणका कारण उहाँले आफ्नै पुर्ख्यौली जमिन बेचेर समेत गीत रेकर्ड गर्नुभयो। 'सँगसँगै हिँडेका ती पाइला', 'कसले भन्छ क्रान्ति यहाँ सफल हुँदैन', 'यात्रा हाम्रो लामो छ', 'उठ यो अत्याचारमा', 'देशको माया छ भने' लगायतका गीतहरू उहाँका चर्चित सिर्जनाहरू हुन्।

## स्पष्ट, र निडर प्रसारक

विसं. २०८० सालमा आयोजित रेडियो नेपालको ७४औँ वार्षिकोत्सवमा प्रसारण क्षेत्रबाट रेडियो प्रसारक शान्ता श्रेष्ठलाई रेडियो राष्ट्रिय स्रष्टा सम्मानद्वारा सम्मानित गरियो। सन् १९३५ मा मोहन माया श्रेष्ठ र आनन्दलालको परिवारमा जन्मिनु भएकी शान्ताले काठमाडौँस्थित शान्ति निकुञ्जमा प्रारम्भिक शिक्षा हासिल गर्नु भयो। त्यसपछि भारतका लखनऊ र इलाहाबादबाट उच्च शिक्षा हासिल गर्दै आफ्नो ज्ञानको दायरा फराकिलो बनाउनु भयो। रेडियो नेपालको प्रसारण सेवामा ३५ वर्षसम्म कार्यक्रम निर्माताको रूपमा रहँदै उहाँले महिलाहरूका सामाजिक मुद्दाहरूमा केन्द्रित कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्नु भयो, जसले समाजमा सचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो।

विद्यार्थी जीवनदेखि नै नेतृत्वदायी व्यक्तित्वका रूपमा चिनिनु भएकी श्रेष्ठ शान्ति निकुञ्जमा अध्ययनरत रहँदा विद्यार्थीहरूको हकहितका लागि निर्भीक रूपमा आवाज उठाउनु हुन्थ्यो। १६ वर्षकै उमेरमा उहाँले राणा शासन विरोधी आन्दोलन (२००७ साल) मा सक्रिय सहभागिता जनाउँदै आफूलाई प्रजातन्त्रको सशक्त हिमायतीका रूपमा स्थापित गर्नु भयो। सोही समय उहाँलाई एक साहसी महिलाको रूपमा पनि सम्मान गरिएको थियो।

रेडियो नेपालमा कार्यरत रहँदा शान्ताले आफ्नो जिम्मेवारीहरू अत्यन्त अनुशासित ढङ्गले पूरा गर्नुका साथै कर्मचारीहरूको हकहितका लागि पनि सक्रिय भूमिका निर्वाह गर्नु भयो। स्पष्ट, निडर र सत्यप्रति अडिग स्वभाव थियो उहाँको। आफूलाई लागेको कुरा कुनै मोलाहिजाविना व्यक्त गर्ने हक्कीपन पनि थियो उहाँको। साहित्यका क्षेत्रमा पनि उहाँको योगदान उल्लेखनीय रहेको छ। उहाँले १०८ वटा कविता, ३० वटा कथा, साथै नाटक, संस्मरण र प्रतिबिम्बहरूको एक सङ्ग्रह कृति प्रकाशित गर्नु भएको छ, जसले नेपाली साहित्यलाई समृद्ध बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

## निष्कर्ष तथा सुझाव

सङ्गीत सिर्जना र गायनमा जीवन समर्पण गर्नुभएका स्रष्टाहरूलाई सम्मान गर्नु भनेको स्वयम् रेडियो नेपाल पनि सम्मानित हुनु हो। यो केवल स्रष्टाको कदर मात्र नभई  राष्ट्रको सांस्कृतिक स्मृति, इतिहास र पहिचानलाई जोगाउने एक जीवित परम्परा पनि हो। "रेडियो नेपाल राष्ट्रिय स्रष्टा–सम्मान" लाई समयसापेक्ष सुधार र नवप्रवर्तनसँग जोड्दै अगाडि बढ्नु पर्ने आवश्यकता देखिन्छ। सम्मानित स्रष्टाहरूका कृतिहरू–अडियो, भिडियो तथा दस्तावेजहरूलाई व्यवस्थित डिजिटल अभिलेखका रूपमा सुरक्षित राख्न अत्यन्त जरुरी छ, ताकि भावी पुस्ताले पनि यी अमूल्य धरोहरहरूबाट प्रेरणा लिन सकून्। साथै, ओझेलमा परेका स्रष्टाहरूको खोजी र पहिचानमा विशेष ध्यान दिन आवश्यक छ।

वरिष्ठ स्रष्टा र नयाँ पुस्ताबिच सेतु निर्माण गर्दै संवाद, कार्यशाला तथा सहकार्यका कार्यक्रमहरू सञ्चालन गर्न सके "सम्मान" केवल पुरस्कारमा सीमित नरही ज्ञान र अनुभव हस्तान्तरणको पनि प्रभावकारी माध्यम बन्न सक्छ। प्रविधिको विकाससँगै रेडियो नेपालले पोडकाष्ट, डिजिटल रेडियो जस्ता नयाँ माध्यम अपनाउँदै अग्रज स्रष्टाहरूका परम्परागत सामग्रीलाई आधुनिक ढाँचामा प्रस्तुत गर्नुपर्ने आवश्यकता देखिन्छ। सम्मानित स्रष्टाहरूका कृतिहरूलाई विशेष कार्यक्रममार्फत पुनःप्रसारण गर्दा संस्थाको प्रभावकारिता अझ सुदृढ हुनेछ।

अन्त्यमा, नेपाली सङ्गीत र स्रष्टालाई अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउने दिशामा पनि रेडियो नेपालले सक्रियता देखाउनुपर्छ। स्पष्ट, पारदर्शी र मापदण्डमा आधारित सम्मान प्रणालीलाई दीर्घकालीन नीतिसँग जोड्दै "रेडियो नेपाल राष्ट्रिय स्रष्टा–सम्मान" लाई संस्थागत संस्कारका रूपमा स्थापित गर्न सकियो भने, यसले नेपाली सांस्कृतिक पूँजीलाई अझ सशक्त बनाउनेछ।

## सन्दर्भ सामग्री


प्रधान, प्रेमध्वज (चैत्र २०७६), 'रेडियो नेपाल नभएको भए म प्रेमध्वज प्रधान हुन्न थिएँ', झङ्कार, रेडियो नेपाल, वर्ष ६८ ।

प्रधान, शकुन्तला (२०६२), सङ्गीत सोपान, भाग २ (दो.सं.) भुँडी पुराण प्रकाशन ।

बराल, कृष्णहरि (२०७९), गीत सिद्धान्त र इतिहास, (दो.सं.), विद्यार्थी पुस्तक भण्डार।

भण्डारी, टीका (२०८१), रेडियो नेपालका ७५ वर्ष : १०१ स्रष्टा, सार्वजनिक सेवा प्रसारण, रेडियो नेपाल ।

भण्डारी, टीका (२०७५) कार्यपत्र, नेपाली सङ्गीतका चुनौती र अवसरहरू, सङ्गीतकार सङ्घ नेपाल र सङ्गीत तथा नाट्य एकेडेमी।

भण्डारी, टीका (२०७२), कार्यपत्र, नेपाली सङ्गीतः हिजो आज र भोलि, सङ्गीत तथा नाट्य एकेडेमी

भण्डारी, टीका (२०७२), उकाली ओरालीहरूमा तारादेवी, राजधानी दैनिक ।

मुकारुङ, बुलु (कार्तिक ६, २०७१), नेपाली सङ्गीतको अभिलेख, निर्माण प्रकाशन ।

सायमी, प्रकाश (२०६५), नेपाली सङ्गीतको सतक, भावक अभियान नेपाल ।

सुवेदी, दीपक (२०६७), सङ्गीत शिखर भक्तराज आचार्य, एकता बुक्स डिष्ट्रीब्युटर्स ।


*(लेखक रेडियो नेपालका पूर्व निर्देशक तथा वरिष्ठ सङ्गीतकार हुनुहुन्छ ।)*


मधेश प्रदेश सरकार
**गृह सञ्चार तथा कानुन मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम
जनचेतनामूलक सूचना

१. आगलागी सम्बन्धी सचेतना

**आगलागीका मुख्य कारण र सावधानीः**

- ❑ खाना पकाउँदा चुलो, वा ग्याँस नजिक ज्वलनशील वस्तु नराख्नुहोस् ।
- ❑ विद्युत् तारमा ओभरलोड नगर्नुहोस् र पुराना तार तथा उपकरण समय–समयमा जाँच गर्नुहोस् ।
- ❑ बालबालिकाको पहुँचबाट माचिस, लाइटर र ज्वलनशील पदार्थ टाढा राख्नुहोस् ।
- ❑ सुत्नु अघि सबै विद्युतीय उपकरण बन्द गर्नुहोस् र ग्याँसको मुख्य भल्भ बन्द गर्नुहोस् ।
- ❑ घाँस छाना भएका घरहरूमा बढी सतर्कता अपनाउनुहोस् ।
- ❑ खेतमा डढेलो नलगाउनुहोस् वा नजिकको बस्तीमा असर पर्ने गरी पराल आदि नजलाउनुहोस् ।

आगलागी भएमा तुरुन्त गर्नुपर्ने कामः

- ❑ घरका सबै सदस्यलाई सुरक्षित स्थानमा निकाल्नुहोस् र ढोका–झ्याल बन्द गर्नुहोस् ।
- ❑ तुरुन्त राष्ट्रिय आपतकालीन नम्बर १०० (प्रहरी) वा १०१ (दमकल) मा फोन गर्नुहोस् ।
- ❑ प्रारम्भिक अवस्थामा भए फायर एक्स्टिंग्विशर वा पानी प्रयोग गरी आगो नियन्त्रण गर्ने प्रयास गर्नुहोस् ।
- ❑ धुवाँमा श्वास लिँदा तल झुकेर वा भिजेको कपडाले मुख छोपेर निस्कनुहोस् ।
- ❑ जलिरहेको भवनमा लिफ्ट प्रयोग नगर्नुहोस् ।

२. हावाहुरी सम्बन्धी सचेतना

हावाहुरी आउनु अघि गर्नुपर्ने तयारीः

- ❑ मौसम पूर्वानुमान र रेडियो/टेलिभिजनका सूचनाहरूलाई नियमित रूपमा ध्यान दिनुहोस् ।
- ❑ घरको छत, ढोका, झ्याल र पर्खालको स्थिति राम्रोसँग जाँच गर्नुहोस् र कमजोर भए मर्मत गर्नुहोस् ।
- ❑ घर वरपर भएका ढिलो रुख, बाँस र टहरा जस्ता संरचनाहरू सुरक्षित बनाउनुहोस् ।
- ❑ आवश्यक खाना–पानी, टर्च, व्याट्री र प्राथमिक उपचार सामग्री सधैँ तयार राख्नुहोस् ।
- ❑ पशुधनलाई सुरक्षित आश्रयस्थलमा राख्नुहोस् ।
- ❑ महत्त्वपूर्ण कागजातहरू जस्तै नागरिकता, जग्गाधनी प्रमाण पुर्जा आदि सुरक्षित स्थानमा राख्नुहोस् ।

## कृषि, पर्यटन, स्थानिय कृषि र पूर्वाधार,
## समृद्ध तमानखोला निर्माणको आधार ॥

तमानखोला गाउँपालिकाको अनुरोध

- ❑ आफ्नो घर आँगन टोलबस्ती सधैँ सफा र हराभरा राखौँ ।
- ❑ गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔँ ।
- ❑ बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौँ ।
- ❑ आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौँ ।
- ❑ जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔँ ।
- ❑ जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौँ ।
- ❑ सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौँ ।
- ❑ बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔँ । बालमैत्री ब्यवहार कायम गरौँ ।
- ❑ आफ्नो घर वरपर रुख विरुवा रोपी हरियाली र सुन्दर नगर बनाऔँ ।
- ❑ अर्गानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ्य जीवन बिताउँ ।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त **गर्दछौं ।**

अध्यक्षः जोकलाल बुढा मगर
उपाध्यक्षः हिरा कुमारी छन्त्याल
प्रमुख प्रशासकिय अधिकृतः अमित परियार
एवम् तमानखोला गाउँकार्यपालिकाको कार्यालय परिवार
बोङ्गादोभान, बागलुङ, गण्डकी प्रदेश

## कृषि, पर्यटन, स्थानिय कृषि र पूर्वाधार ः
## समृद्ध गल्कोट निर्माणको आधार ॥

गल्कोट नगरपालिकाको अनुरोध

- ❖ सकारात्मक सोचका साथ विकासीय कार्यमा सहयोग गरौं ।
- ❖ आफ्नो घर आँगन टोलबस्ती सधैँ सफा र हराभरा राखौं ।
- ❖ गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔं ।
- ❖ बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं ।
- ❖ आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौं ।
- ❖ जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं ।
- ❖ जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं ।
- ❖ सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- ❖ अर्गानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ्य जीवन बिताउँ ।

**रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

मेयरः भरत शर्मा गैरे
उपमेयरः फमलाल निउरे
प्रमुख प्रशासकिय अधिकृतः डम्बर बहादुर जिसि
एवम् गल्कोट नगरकार्यपालिकाको कार्यालय परिवार, हरिचौर,
बागलुङ, गण्डकी प्रदेश

## कृषि, पर्यटन, स्थानिय कृषि र पूर्वाधार,
## समृद्ध तमानखोला निर्माणको आधार ॥

ढोरपाटन नगरपालिकाको अनुरोध

- ❑ सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौँ ।
- ❑ आफ्नो घर आँगन टोलबस्ती सधैँ सफा र हराभरा राखौँ ।
- ❑ गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔँ ।
- ❑ बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौँ ।
- ❑ आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौँ ।
- ❑ जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔँ ।
- ❑ जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौँ ।
- ❑ नगरपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौँ ।
- ❑ बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔँ । बालमैत्री ब्यवहार कायम गरौँ ।

**रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

मेयरः देव कुमार नेपाली
उपमेयरः धन बहादुर कायत
प्रमुख प्रशासकिय अधिकृतः चिरिञ्जिवि घिमिरे
एवम् ढोरपाटन नगरकार्यपालिकाको कार्यालय परिवार, बुर्तिवाङ,
बागलुङ, गण्डकी प्रदेश

## कृषि, पर्यटन, स्थानिय कृषि र पूर्वाधार ः
## समृद्ध गल्कोट निर्माणको आधार ॥

बडिगाड गाउँपालिकाको अनुरोध

- ❖ आफ्नो घर आँगन टोलबस्ती सधैँ सफा र हराभरा राखौँ ।
- ❖ गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔँ ।
- ❖ बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौँ ।
- ❖ आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौँ ।
- ❖ जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔँ ।
- ❖ जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौँ ।
- ❖ सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौँ ।
- ❖ बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔँ । बालमैत्री ब्यवहार कायम गरौँ ।
- ❖ आफ्नो घर वरपर रुख विरुवा रोपी हरियाली र सुन्दर नगर बनाऔँ ।
- ❖ अर्गानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ्य जीवन बिताउँ ।

**रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

अध्यक्षः गण्डकी थापा अधिकारी
उपाध्यक्षः भिमसेन वन
प्रमुख प्रशासकिय अधिकृतः कृष्णप्रसाद ज्ञवाली
एवम् बडिगाड गाउँकार्यपालिकाको कार्यालय परिवार, ग्वालीचौर,
बागलुङ, गण्डकी प्रदेश

# अन्तर्राष्ट्रिय मञ्चमा रेडियो नेपाल



डा. जनार्दन बिष्ट

आम सञ्चार माध्यम र त्यसमा पनि रेडियो प्रसारण जस्तो सशक्त माध्यमको भूमिका र योगदानको चर्चा गर्दा मूलत यसलाई राष्ट्रिय परिधिको घेराभित्र मात्र राखेर हेर्ने गरिएको पाइन्छ। रेडियो नेपालको सन्दर्भमा पनि यसले साँढे सात दशकदेखि आफ्नो प्रसारण मार्फत समग्र नेपाली समाजको चेतनाको विकासमा पुऱ्याएको योगदानलाई स्मरण गर्ने गरिन्छ। निश्चय पनि यो सत्य हो। रेडियो नेपालले सम्पूर्ण नेपालीको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, वैचारिक, नैतिक चेतनाको जग निर्माण गर्नुका साथै शिक्षा, स्वास्थ्य, लगायत जनजीविकाका यावत् सवालहरूमा अतुलनीय योगदान दिँदै आएको छ।

अर्कोतिर, रेडियो नेपालले आफ्नो प्रसारण मार्फत राष्ट्रिय एकता, राष्ट्रिय स्वाधिनता, राष्ट्रिय अखण्डता, मुलुकको सार्वभौभिकता, विभिन्न जातजाति, भाषाभाषी एवम् समुदायबिच आपसमा सौहार्द एवम् सामञ्जस्यपूर्ण सम्बन्ध स्थापित गर्न विगतदेखि नै अविच्छिन्न योगदान पुऱ्याइरहेको तथ्य उजागर नै छ र त्यसको वेला वेलामा चर्चा नहुने गरेको पनि होइन। तर यस लेखमा रेडियो नेपालको योगदानको क्षेत्र त्यतिमा मात्र सीमित नरही यसले अन्तर्राष्ट्रिय मञ्चहरूमा निर्वाह गरिरहेको भूमिका र त्यसले पारेको प्रभाव समेतलाई चर्चा गर्न खोजिएको छ।

वास्तवमा सञ्चार माध्यमहरू कुनै पनि राष्ट्रले अवलम्बन गर्ने सफ्ट कुटनीति (Soft Diplomacy) को एउटा त्यस्तो महत्त्वपूर्ण हिस्सा हो, जसले आफ्नो मुलुकलाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउन, बुझाउन र विदेशी नागरिकमाझ जनस्तरको आपसी सम्बन्ध विकासमा निकै ठूलो योगदान पुऱ्याउँछ। रेडियो नेपालले पनि अन्तर्राष्ट्रिय मञ्चहरूमा राखेको आफ्नो उपस्थितिले त्यस तर्फ टेवा पुग्दै आइरहेको छ।

हुन त रेडियो नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको ढोका खोल्ने प्रारम्भिक अभ्यास वैदेशिक तालिम नै हो। यस अर्थमा, रेडियो नेपालले कोलम्बो प्लान अन्तर्गत पहिलो पटक आफ्ना कर्मचारीलाई तालिमका लागि २०११ सालमा भारत र २०१८ सालमा अमेरिका पठाएको प्रसङ्ग आउने गर्दछ। त्यसपछि पनि रेडियो नेपालका प्रसारक तथा कर्मचारीहरू वैदेशिक तालिममा जाने अभ्यास अद्यापि कायम नै छ। त्यस्ता तालिमहरूमा हुने सहभागीताले निश्चय पनि तालिम प्रदायक संस्था र तालिममा सहभागी अन्य मुलुकका पत्रकारहरूसँग नेपाल र रेडियो नेपालका विविध विषयहरूमा अपसी विचार आदान प्रदान हुनुलाई समग्र मुलुक र संस्थाको अन्तर्राष्ट्रिय सम्बन्ध विकासको एक आयामका रूपमा व्याख्या गर्न सकिन्छ। तर संस्थागत रूपमा अन्तर्राष्ट्रिय मञ्चहरूमा आबद्ध भई व्यवस्थित रूपमै रेडियो नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा उभ्याउने कामको थालनी भने एशिया प्रशान्त ब्रोडकाष्टिङ युनियन (Asia-Pacific Broadcasting Union, ABU) मा संस्थापक पूर्ण सदस्यका रूपमा सन् १९६४ जुलाइ १ मा रेडियो नेपालको प्रवेश नै हो। त्यसपछि सन् १९७७ अगष्ट १२ मा प्रसारण क्षेत्रको

विकासमा केन्द्रित अर्को महत्वपूर्ण संस्था एशिया प्रशान्त प्रसारण विकास संस्था (Asia-Pacific Institute for Broadcasting Development, AIBD) को पूर्ण सदस्यका रूपमा आबद्ध हुनु हो ।

एशिया प्रशान्त ब्रोडकाष्टिङ युनियन (ABU) मा प्रवेश गरेदेखि नै रेडियो नेपालले संस्थापक सदस्यका रूपमा सो संस्थाका महत्त्वपूर्ण जिम्मेवारीहरूमा रहेर काम गरिसकेको छ । एशिया प्रशान्त राष्ट्रहरूको प्रसारण विकासमा केन्द्रित ब्युग गैरनाफामूखी, गैर सरकारी एवम् गैर राजनीतिक विशुद्ध व्यावसायिक संस्था हो जो एशिया प्रशान्त क्षेत्रको प्रसारण विकासमा केन्द्रित छ । स्थापनाको ६ दशक पार गरिसक्दा यस संस्थामा ६२ राष्ट्रका २२४ प्रसारण संस्थाहरू सदस्य छन् । विशेत प्रसारण प्रविधिको विकासमा बढी केन्द्रित हुने यो संस्थाले प्रसार सामग्रीहरूको उत्पादन र विकासमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । ABU ले हरेका वर्ष विभिन्न विषयहरूमा गर्ने सम्मेलनमा रेडियो नेपालको तर्फबाट हुने प्रस्तुति र सक्रिय सहभागिता रेडियो नेपालको अन्तर्राष्ट्रिय उपस्थितिको अर्को कडी हो । एशिया प्यासिफक क्षेत्रका मिडिया प्रतिनिधिहरूबिच विश्वव्यापी चासो र समस्यामा नेपाल र रेडियो नेपालको दृष्टिकोण सहितको धारणा प्रस्तुत हुनु समग्र मुलुककै छवि र अन्तर्राष्ट्रिय सम्बन्धको प्रवर्द्धन हो । रेडियो नेपालले पटक पटक सो संस्थाको कार्यकारी परिषद् (Administrative Council) मा निर्वाचित भएर एशिया प्यासिफिक क्षेत्रको प्रसारण विकासको दीर्घकालीन नीति तथा रणनीति तर्जुमामा समेत योगदान दिँदै आएको छ । ब्युग को हरेक वर्ष हुने साधारण सभा र आवधिक रूपमा हुने नेतृत्व चयनमा पूर्ण सदस्यका रूपमा पूर्ण मताधिकार सहित रेडियो नेपालले आफूलाई प्रस्तुत गर्दै आएको छ । यस अतिरिक्त रेडियो नेपालले ABU को सम्मेलन तथा कार्यशालाहरूको आयोजनामा पनि सहयोग गर्दै आएको छ । नेपालमा सन् २०१९ मा एप्रिल २५ देखि २६ सम्म ABU ले आयोजना गरेको जलवायु परिवर्तन र विपद् तयारी सम्बन्धी ५ औँ अन्तर्राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न रेडियो नेपालले पनि आफ्नो तर्फबाट प्रभावकारी भूमिका निर्वाह गरेको थियो । रेडियो नेपालले एशिया प्रशान्त क्षेत्रका प्रसारण माध्यमहरूका जनशक्तिको क्षमता अभिवृद्धिमा केन्द्रित एबीयु मिडिया एकेडेमी (ABU Media Academy) मा समेत रहेर विभिन्न प्रकारका तालिमको योजना तथा ढाँचा निर्माणमा पनि योगदान दिँदै आएको छ ।

ABU ले एशिया प्यासिफिक क्षेत्रका प्रसारण माध्यमहरूबाट प्रसारण भएका प्रसार सामग्रीहरूबिच प्रतिष्पर्धा गराई उत्कृष्ट घोषणा गर्ने र पुरस्कार प्रदान गरी गुणस्तरीय सामग्री उत्पादनलाई प्रेरित गर्ने गरेको र त्यसमा रेडियो नेपालले वेला वेलामा सहभागीता जनाउने गरेको छ । रेडियो नेपालले उत्पादन तथा प्रसारण गरेका प्रसार सामग्रीहरू यसरी अन्तर्राष्ट्रिय मञ्चमा प्रवेश पाउनु पनि समग्र मुलुक र रेडियो नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा महत्त्वपूर्ण हुन्छ नै । साथै, ABU ले प्रतिष्पर्धामा रहेका प्रसार सामग्रीहरूको छनौटमा मूल्याङ्कन कमिटि बनाई रेडियो नेपाललाई पनि सहभागी गराउने गरेको र लेखक स्वयम् धेरै पटक सो कमिटिमा आबद्ध रही मूल्याङ्कनकर्ताको भूमिका निर्वाह गरेकोले पनि रेडियो नेपालको उपस्थिति कार्यक्रमहरूमा सहभागीका रूपमा मात्र सीमित नभई विज्ञका रूपमा निर्णय प्रक्रियामा पनि हुने गरेको प्रतीत हुन्छ ।

ABU सँगको आबद्धताको अर्को महत्वपूर्ण पाटो पनि रहेको छ । ABU ले नेपालका विभिन्न चाड पर्व संस्कृति झल्काउने गीत सङ्गीतहरू रेडियो नेपालको आर्काइभबाट लगेर एशिया प्रशान्त क्षेत्रका रेडियोमा पनि प्रसारण गर्ने गरेको छ । विशेष गरेर होली पर्वका वेला होलीका गीतहरू, तिहारका वेला देउसी भैलो गीतहरू लगेर एशिया प्रशान्त क्षेत्रका विभिन्न देशका रेडियो स्टेसनहरूबाट प्रसारण गर्नाले नेपालको संस्कृति, गीत सङ्गीत एवम् भाषाको चिनारी भई ती देशका जनतासँग जनस्तरको सम्बन्ध विकासमा पनि सहयोग पुग्ने गरेको छ । साथै, विश्व रेडियो दिवस लगायत प्रसारण क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय समारोह तथा अवसरहरूमा रेडियो नेपालका सन्देशहरू अन्तर्राष्ट्रिय क्षेत्रमा प्रसारण गर्नुले पनि मुलुकको अन्तर्राष्ट्रिय छवि उजिल्याउन सहयोग पुगेको छ ।

रेडियो नेपालको अन्तर्राष्ट्रिय उपस्थितिको अर्को महत्त्वपूर्ण मञ्च एशिया प्रशान्त प्रसारण विकास संस्था (Asia-Pacific Institute for Broadcastig Development, AIBD) हो । १२ अगष्ट १९७७ मा मलेशियाको राजधानी क्वालालम्पूरमा स्थापना भएको र सुरुमा २४ सदस्य राष्ट्र सम्मिलित सो संस्थामा नेपालले सुरुदेखि नै संस्थापक सदस्यका रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । AIBD संयुक्त राष्ट्र संघ अन्तर्गतको शैक्षिक, वैज्ञानिक एवम् सांस्कृतिक संगठन युनेस्कोमा आबद्ध राष्ट्रका राष्ट्रिय प्रसारण माध्यमहरू सदस्य रहने अन्तरसरकारी संगठन हो, जसले एशिया प्रशान्त क्षेत्रको विद्युतीय प्रसारण माध्यमको विकासमा योगदान दिने गरेको छ । यो संस्थामा हाल एशिया प्रशान्त क्षेत्रका ४५ राष्ट्रका ९२ प्रसारण संस्थाहरू सदस्य छन् । रेडियो नेपालले संस्थापक सदस्यको हैसियतले यस संस्थाको नीति निर्माण, योजना तर्जुमा, नेतृत्व चयन लगायतका हरेक महत्त्पूर्ण जिम्मेवारीमा रहेर योगदान दिंदै आएको छ । हाल सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्ट, AIBD को कार्यकारी बोर्डको उपाध्यक्षको जिम्मेवारीमा हुनुहुन्छ । साथै, रेडियो नेपाल पटक पटक AIBD को रणनीतिक योजना तर्जूमा समिति (Strategic Planning Team) को सदस्यको भूमिकामा पनि रहँदै आएको छ । यस संस्थासँग पनि रेडियो नेपालले विभिन्न तालिम तथा कार्यशाला सञ्चालनमा सहकार्य गर्दै आएको छ ।

रेडियो नेपालले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्क सदस्य राष्ट्रका रेडियो प्रसारण सेवाहरूसँग त अझ नजिकको सम्बन्ध विस्तार गरेको छ । २०७२ साल बैशाख १२ गते आएको विनासकारी भूकम्पमा रेडियो नेपालले आपतकालीन प्रसारणको अभ्यास गर्दै २४ सै घण्टा प्रत्यक्ष प्रसारणमा रही नागरिकहरूको थप जनधनको क्षति हुन नदिन र उनीहरूको नजिकको साथीका रूपमा भूमिका निर्वाह गरेको थियो । सो कुराबाट प्रभावित भई भुटानको राष्ट्रिय प्रसारण–भुटान ब्रोडकाष्टिङ सर्भिसले (Bhutan Broadcasting Service, BBS) ले आफ्ना पत्रकारका लागि तालिम प्रदान गर्न आग्रह गरे बमोजिम रेडियो नेपालले सो संस्थाका १२ जना पत्रकारका लागि सिंहदरबारस्थित आफ्नो परिसरमा आफ्नै स्रोत व्यक्ति तथा प्रशिक्षकहरू प्रयोग गरी ३ दिने विपद् प्रसारण तालिम सञ्चालन गरेको थियो । यसलाई पनि रेडियो नेपालको विस्तारित अन्तर्राष्ट्रिय योगदानको एउटा पाटोका रूपमा लिन सकिन्छ ।

रेडियो नेपाल सार्वजनिक प्रसारण संस्थाका रूपमा रूपान्तरित भइसकेपछि पनि यो अभ्यासले

निरन्तरता पाइनै रहेको छ। पछिल्लो पटक विपद् तथा मौसम सञ्चार सम्बन्धमा प्रसार भारति अन्तर्गतको दूरदर्शन र आकाशवाणीले कस्ता सामग्रीहरू उत्पादन तथा प्रसारण गर्दछन् भन्ने अवलोकन गर्न र नेपालको अनुभव समेत साट्न BBC मिडिया एक्सनको संयोजनमा सन् २०२६ जनवरीमा नयाँ दिल्लिस्थित दूरदर्शन र आकाशवाणी भवनमा रेडियो नेपालको पहलमा भएको कार्यशालालाई पनि रेडियो नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विकासको प्रयासका रूपमा लिन सकिन्छ। रेडियो नेपालले क्षेत्रीय तथा विश्व स्तरका विभिन्न संस्थाहरू मुलतः प्रसारण संस्थाहरूसँग अन्तर्राष्ट्रिय सम्बन्ध मजबुत बनाउँदै तिनले प्रदान गर्ने विभिन्न मञ्चहरूमा सक्रिय र अर्थपूण सहभागीता जनाउँदै रेडियो नेपाल र समग्र मुलुकको विदेश सम्बन्धमा योगदान दिँदै आएको छ। विषेशगरी त्यस्ता संस्थाहरूमा बेलायतको BBC, hfkfgsf] NHK, दक्षिण कोरियाको KBS, दक्षिण कोरियाको The Korea Radio Promotion Association (RAPA), इट्लीको RAI Italia, टर्कीको The Turkish Radio and Television Corporation (TRT), नेदरल्याण्ड्सको पत्रकारिता तथा आम सञ्चार तालिम प्रदायक संस्था RNTC, चीनको China Media Group, CGTN, लगायतका रहेका छन्।

अन्त्यमा, रेडियो नेपालको अन्तर्राष्ट्रिय आबद्धताले रेडियो नेपालको मात्र नभई समग्र मुलुककै अन्तर्राष्ट्रिय सम्बन्ध राम्रो बनाउन सहयोगी भूमिका निर्वाह गरेकोमा दुई मत छैन। तर, मुलुकको कमजोर आर्थिक अवस्थाका कारण सरकारी खर्चमा परेको दबाबले त्यस्ता संस्थाहरूमा रेडियो नेपालले व्यहोर्नु पर्ने सदस्यता शुल्कजस्ता न्यूनतम आर्थिक दायित्व हालका वर्षहरूमा समयमै पूरा गर्न नसक्नु र रेडियो नेपाल स्वयम्को पहल र खर्चमा नेपालमै प्रसारण क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय सभा सम्मेलन आयोजना गर्न नसक्नुले निश्चय पनि त्यस्ता मञ्चहरूमा नेपालको उपस्थिति अझ सोचे जस्तो प्रभावकारी बन्न नसकिरहेको यथार्थ भने रहेको छ।

*(लेखक रेडियो नेपालका उपनिर्देशक हुनुहुन्छ।)*



गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुमौडाडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

गोरखा नगरपालिकाबाट सर्वसाधारणको हितको लागि जारी सूचना

डेंगीका लक्षण :
-उच्च ज्वरो आउनु,
-जोनी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
-आँखाको गेडी दुख्नु,
-अत्याधिक टाउको दुख्नु,
-शरीरमा राता बिबिराहरु आउनु,
-वाकवाकी लाग्नु वा वान्ता हुनु ।
लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ, त्यसैले:
-लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
-घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
-लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
-घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
-सुत्ने बेलामा झुल लगाएर सुतौ,
-एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।
"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।"



सिँचाइ पूर्वाधार कृषि विकासको मुल आधार
सिँचाइ गरौं, उत्पादन बढाऔं ।

- नहरमा ठूला रुख, मुडा र स्याउलाले पानी बग्न रोकिन सक्छ, बेला बेला नहरको मुहान सफा गरौं ।
- सिँचाइ आयोजनाको संरक्षण गरौं ।
- पानी ल्याउने नहर भत्किएमा, पानी खेर गएमा उपभोक्ता मिलेर मर्मत गरौ ।
- पानीको मुहान वरपर वन फडानी नगरौं ।
- नहरको संरक्षण गर्न सक्यौं भने पर्याप्त सिंचाई हुनसक्छ, सिंचाई पर्याप्त
- भए हाम्रो उब्जनी बढ्छ । किसानलाई खेतीपातीमा सजिलो हुन्छ ।
- सबै मिलेर सिञ्चाई आयोजना र नहरको संरक्षण गरौं ।

जलस्रोत तथा सिंचाइ विकास
डिभिजन कार्यालय, गोरखा



गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

अनुरोध
- महिलामा लगानी: सभ्य र समुन्नत समाजको थालनी
- लैङ्गिक समानता कायम गरौं
- लैङ्गिक हिंसा अन्त्य गरौ: कुरा होइन काम गरौं
- लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानीको ऐक्यवद्धता
- सामाजिक न्याय र आर्थिक सशक्तीकरण: मानव वेचविखनको निर्मूलन
- महिला र पुरुष एक रथका दुई पाङ्गा हुन् ।
- हामी सबैको सरोकार: लैङ्गिक समानतामैत्री समाज निर्माण
- लैङ्गिक मैत्री व्यवहार गरौ: सामाजिक समानता कायम गरौं
- महिलामाथि हुने सबै प्रकारका भेदभावको अन्त्य गरौं
- सुरक्षित मातृत्व तथा प्रजनन् अधिकार सम्बन्धी ऐनको बारेमा जानकारी प्रदान गरौं
- ज्येष्ठ नागरिकहरुको सम्मानजनक र सुरक्षित जीवनको सुनिश्चितता गरौं
- बालश्रम न्यूनिकरण गरौं
- अपाङ्गता भएका व्यक्तिहरुको हरेक क्षेत्रमा सहभागीता सुनिश्चित गरौं
- बालअधिकारका चार आयामहरु (बाँच्न पाउने, संरक्षण,

विकास र सहभागीता)को प्रचार प्रसार गरौं ।
बाल अधिकार: सबैको सरोकार



हार्दिक अनुरोध

- विकास निर्माण लगायत भौतिक पूर्वाधार निर्माण गर्ने क्रममा वातावरणमैत्री उपायहरुलाई अपनाऔं ।
- वातावारणीय क्षती हुनेगरी सडक तथा अन्य पूर्वाधार निर्माण कार्य सञ्चालन नगरौं ।
- सार्वजनिक सडक लगायत सम्पत्तिहरुको अतिक्रमण नगरौं
- मानवीय संरचनाहरु व्यवस्थित, किफायती, सुरक्षित र वातावरण अनुकूल बनाउ ।
- सडकमा निर्माण सामाग्री नथुपारौं ।
- सम्बन्धित निकायको अनुमति बिना सडक खन्ने, होडिङ बोर्ड गाड्ने, संरचना निर्माण गर्ने कार्य नगरौं र नगरौं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग
गोरखा सडक योजना, गोरखा

## मेरी आमाको जीवन रूपान्तरण गर्ने रेडियो : मेरो आत्मविश्वासको माध्यम



*महेश्वरी बिष्ट रावल*

जीवनमा सूचनाले जति आत्मविश्वास कुनै कुराले बढाउँदैन भन्ने बलियो विस्वास राख्छु म। सूचना भएकै कारणले कतिपय विषम परिस्थितिसँग सामना गर्नसकेको अनगिन्ति अनुभवहरू सँगालेकी छु मैले। सूचनाहरू आफूसँग भएकै कारणले कतिपय जान्नेसुन्नेहरूको नजरमा कहिल्यै कमजोर हुन परेन, बरू सम्मानजनक व्यवहार पाइरहेकी छु। मैले नेपाल सरकारको जागिर महिला विकास अधिकृतको रूपमा ३३/३४ वर्ष अगाडि सुरु गरेँ। त्यो समयमा महिलाहरूले बिरलै जागिर गर्थे, गरिहालेकालाई समेत पुरुषको बोलवाला रहेको क्षेत्र भएकोले महिलाहरूलाई पत्याउँदैनथे। जिल्लामा कार्यालय प्रमुखको रूपमा पुरुषहरूको भिडमा एकमात्र महिला विकास अधिकृत हुनुपर्थ्यो। महिला विकास प्रमुखको मूख्य जिम्मेवारी भनेको जिल्लामा विभिन्न सरकारी कार्यालयमा उपलब्ध सेवामा महिलाको पहुँच अभिवृद्धि गर्ने हुन्थो। महिला विकास अधिकृत आफैँले सबैको निकायमा उपलब्ध हुने सेवाका बारेमा केही न केही जानकारी राख्न जरुरी हुन्थ्यो। त्यतिमात्र नभएर सङ्किर्ण मानसिकता बोकेको समाजबाट नै हुर्केर गएका कार्यालय प्रमुखहरू, अधिकांश कर्मचारीहरू र जनप्रतिनिधिहरू पुरूष नै हुन्थे। उनीहरूले आफूहरूलाई निकै जान्नेसुन्ने ठान्थे। जिल्लामा पुरुषहरूसँग समानान्तर सह–अस्थित्व बनाएर काम गर्न समसामयिक जानकारी त्यसै पनि राख्नुपर्दथ्यो। मेरो आफ्नै हरेकसमय केही न केही अध्ययन गरिरहने र रेडियो सुनिरहने भएकोले आत्मविश्वास उच्च भइरहन्थ्यो। कसैले कम आँक्ने सवालै हुँदैनथियो।

सूचनालाई जीवनको शक्ति मानेकै कारणले आफ्नो जीवन र जिम्मेवारीसँग जोडिएका सूचनाबाट सुसज्जित हुन सदैव प्रयास गरिरहेकी हुन्छु। मेरो सूचनाको स्रोत मुख्यतया रेडियो नै हुनेगरेको छ। त्यसबाहेक आवश्यक पुस्तक, समसामयिक लेख/रचना र आफ्ना कामसँग सम्बन्धित दस्तावेजहरू अध्ययन गर्ने, डिजिटल पत्रपत्रिका आदि नियमित पढने बानी छ। हरेक क्षण केही न केही कार्यमा व्यस्त रहन मनपर्ने, घरबाहिरको जिम्मेवारी मात्र नभएर घरभित्र परिवारको व्यवस्थापनमा समेत व्यस्त भइरहनुपर्ने भएकोले टेलिभिजन अगाडि बसिरहन गाह्रो हुने गर्दछ। बिरलै बसिन्छ टेलिभिजन हेर्न। टेलिभिजन हेर्ने भनेको विषेश कार्यक्रम आएको बेला मात्र हो। जता आफू गयो उतै लानसकिने र कामसँगसँगै जानकारी लिन पाइने भएकोले पनि होला टेलिभिजनले भन्दा रेडियो नै बनेको छ मेरो सूचनाको मुख्य स्रोत। म मज्जाले भन्न चाहन्छु रेडियोले सशक्त बनाएको छ मेरो जीवन।

### रेडियो नेपालले मेरी आमामा ल्याएको रूपान्तरण:

मेरी आमाले जीवनमा कहिल्यै स्कूल टेक्नुभएको रहेनछ। मेरो जेठो दाजु महेन्द्रले आफै भर्खर स्कुल

पढ्दा पढाएर मात्र पढ्न जान्ने हुनुभएकी रे। मैले थाहा पाएदेखि आमाले सधैँ नै रेडियोमा समाचार लगाएत विभिन्न कुरा सुन्ने र पत्रपत्रिका पढिरहने गरेको देखेको। अझ आमाले रेडियो सुन्ने र पढ्ने मात्र नभई आफूले दिनभर सुनेको/पढेको कुरा हामी सबैलाई साँझ खानाखान जम्मा हुँदा सुनाउने समेत गर्नुहुन्थ्यो। हाम्री आमा धेरै नै पढेलेखेको हो भन्ने लाग्थ्यो हामीलाई। अलि ठुलै भएपछि मात्र थाहापायौँ स्कूल नटेकेरै पढन जान्नुभएको कुरा। मेरी आमाको साथमा जतिबेला पनि रेडियो भइरहन्थ्यो। सबैभन्दा बढी रेडियो नेपाल नै सुन्नुहुन्थ्यो आमाले। त्यसपछि बढी सुन्ने गरेको भनेको भारतको पूर्वी क्षेत्रको नेपाली भाषामा बज्ने "रेडियो सिलोङ" थियो। त्यसको साथसाथै भारतीय प्रसारण "अलइन्डिया रेडियो" थियो। "रेडियो सिलोङ" नेपाली भाषामा नै बज्थ्यो। एकदम आर्कै शैलीको नेपाली। त्यतिवेला सुनेको सिलोङ्गी आवाज र सिकाएका कुरा अहिले पनि अलि अलि कानमा गुञ्जिन्छ। सिलोंगी नेपाली भाषा बडो मिठो पनि लाग्थ्यो मलाई। आमा रेडियो सुनेरै भारतको त्यकताकाका प्रभानमन्त्री ईन्दीरा गान्धीबाट निकै प्रभावित हुनुहुन्थ्यो। आफू दुर्गम गाउँमा जन्मेर स्कुल जान नपाएकोमा दुख मान्नुहुन्थ्यो।

रेडियो सुनेर सिकेका कुरा सकेसम्म आफ्नो जीवनमा लागु गर्नुहुन्थ्यो। आमाले कहिल्यै कुनै तालिम नलिएको भए पनि टोलमा कसैको नवजात शिशु बिरामी पर्दा दौडाएर अत्तालिँदै ल्याएर "लौन के भयो ? हेरिदिनु पर्‍यो भन्दै आमाको काखमा हालेको देख्थैँ। आमाले ओलाएको र रातोपिरो भएको नवजात शिशुलाई ओल्टाइपल्टाई हेरेर सहज बनाएको पनि देख्थैँ। टोलका आमाहरूले मलाई भन्नुहुन्थ्यो "नानीको आमाले बच्चाको बिरामीको बारेमा धेरै जान्नुहुन्छ, आफूले नसके तरुन्तै अस्पताल लैजाउ भन्नुहुन्छ। हुन पनि अत्तालिएर रुँदै आएका टोलका आमाहरू खुसी भएर बच्चा बोकेर फर्केको देख्थैँ पनि। यतिमात्र हैन आमामा समाजमा घुलमिल गर्ने, आपसी सहयोग आदानप्रदान गर्ने, बोलीचालीमा शिस्टता, खानपिनमा शुद्धता र पोषण, व्यक्तिगत र घर भित्रबाहिरको सरसफाइको चेतना र व्यवहार समेत उदाहरणीय नै थियो। उहाँले जानेका हरेक व्यवहार टोलछिमेक र हामीलाई पनि अपनाउन लगाउनु हुन्थ्यो। घरआँगनीमा फूलरोप्न खासै चासो नदेखाउने त्यो समयमा पनि आमाले कौशी लगायतका ठाउँमा गमलाहरूमा बेसिजनका फूलहरू ढकमक्क फुलाएर घरको वातावरण रमाइलो बनाएर राख्नुहुथ्यो।

त्यतिमात्र नभएर आमाको बोलीचाली, लगाइखुवाइ, उठबस, रहनसहन, सरसफाइ, खानपिनको चेतना हामी हुर्केको समाज भन्दा बेग्लै थियो। समुदायलाई गर्ने सहयोग पढेलेखेको व्यक्तिको जस्तो थियो। उहाँलाई देखेर साथीहरू र बाहिरका मानिसहरूले मलाई सोध्थे "तिम्रो आमा त पढेलेखेको र अफिस गर्ने हुनुहुँदो रहेछ ? कहाँ कुन अफिसमा काम गर्नुहुन्छ ? आमालाई अरूले दिएको सम्मानले हामीलाई गर्व लाग्थ्यो आमाको रहनसहन देख्दा। मेरी आमा गाउँमा जन्मेको मान्छे स्कूल समेत टेक्न नपाएको रे। तर मान्छे आफूले देखिरहेको अरू आमाहरू भन्दा आर्कै। धेरैपछि उहाँको दौतरीहरू धेरै फरक। उहाँसँगै हुर्केका दौतरी भेट्दा पनि उहाँ जत्तिको देखिनँ। आजकाल यसो मनन् गर्छु,। आमाको जीवन रेडियो सुनेर, मासिक/साप्ताहिक पत्रपत्रिका पढेर र सुनेको, पढेको, देखेको कुरा परिवारमा बसेर चर्चा गर्ने गरेकोले नै होला त्यसरी परिवर्तन भएको।

## भ्रामक समाचारले यसरी आतङकित भइसकेकी छु

हुनत म पनि आजको उच्चतम प्रविधि प्रयोगको युगमा छु। स्मार्ट मोबाइल हातमा हुनु ठूलो कुरा भएन। औँला चलाएकै भरमा विभिन्न किसिमका सामाजिक सञ्जालबाट संसार भर भइरहेको कुरा रेडियो टेलिभिजन भन्दा पहिला पनि आइपुग्छ। सामाजिक सञ्जालमा आउने अधिकांश जानकारी सस्तो लोकप्रियता कमाउन, विभिन व्यावसायिक, राजनीतिक र अन्य स्वार्थ पुरा गर्नका लागि समुदायलाई प्रभावित गर्ने खालको गलत, भ्रामक र झूटा समेत हुने गरेकोले सिधै विश्वास गर्न सकिन्न। त्यसैले सामाजिक सञ्जालबाट पाएका सूचनालाई एकीन गर्न समेत रेडियो नै सुन्ने गरेकीछु। झन् आजकाल लोकप्रिय हुँदै गएको एआइ अर्थात् कृतिम बौद्धिकताको प्रयोगबाट जस्तोसुकै खबर वास्तविक जस्तै गरी भिडियोको माध्यमबाट पस्कन सकिने भएपछि झुक्किने खतरा बढेकोछ।

## रेडियो सुन्ने विकास भएको मेरो बानी

सायद ४/५ वर्षको हुँदादेखि होला सुन्न थालेको मैले रेडियो नेपाल। त्यतिबेला प्राय सुन्ने भनेको रेडियो नेपाल नै हो। रेडियो पनि साइजमा ठुला हुन्थे। आफू सानी भएर पनि होला रेडियो निक्कै ठुलो लाग्थ्यो। सकिनसकि बोकेर बाबाआमाको नजिकमा रेडियो पुर्‍याएको र बजाइदेउ भन्दा बजाईदिएको देख्दा ठूलै काम गरेको जस्तो खुसी लागेको सम्झना अझै ताजा छ। कहिलेकाँही रेडियोको कान बटारिरहँदा आउने थरीथरीका चिरविर आवाज खुब रमाइलो लाग्थ्यो। रेडियो सुनिरहने मेरो बानी ममा खास मेरी प्यारी आमाबाट आएको हो। मैले रेडियो सुन्न थालेको ५५/५६ वर्ष भएछ। बाल्यकालदेखि बुवा आमाले आफू जताजता जानुहुन्थ्यो उतै–उतै रेडियोसँगै लगेर बजाएर सुनेको देख्थेँ। जीवनको सिकाइ आमाबाबालाई देखेर हुनेरहेछ। मेरो पनि स्कुल पढ्दैगर्दा देखि नै उहाँहरूले झैँ जतिवेला पनि रेडियो सुन्ने बानीको विकास भएछ। पढ्दा होस् वा र कुनै पनि कामगर्दा रेडियो सुनेर मात्र गर्ने गर्थें। नानीदेखि लागेको बानी आज पनि उस्तैछ। रेडियोमा आउने कुराकानी, समाचार सुनेर जानकारी बटुल्दै र बेलाबेलामा बज्ने गीत सुनेर मस्त रमाउँदै काम गर्न खुब मन पर्छ। काम सुरु गर्नु अघि पहिले रेडियो तयार गर्ने गरेकी छु। देशको कुनाकाप्चामा घुम्न जाँदा होस् वा कहिलेकाँही पुगिने विदेशमा होस् रेडियो नेपाल बजाउन पाए सुनमा सुगन्ध भनेझैँ दङ्ग पर्छु म।

## रेडियो नेपालसँगको सानिध्यता

२०४९ सालमा नेपाल सरकारको महिला विकास अधिकृत भएर सेवामा प्रवेश गरेँ। काम यसरी गरेँ कि एक वर्षमा नै डडेल्धुराको कार्यक्रम रहेको क्षेत्रको महिला मात्र नभएर पुरै समुदाय नै चलायमान भइसकेको थियो। २०५० सालमा सबै जिल्लाहरूमा सञ्चालन भइरहेको “महिला विकास कार्यक्रम“ को राष्ट्रिय स्तरको वार्षिक समीक्षा गोष्ठी काठमाडौँमा थियो। काठमाडौँतिर हुर्केकी नपत्याउँदो केटीले दुर्गम डडेल्धुरामा गरेको कामको प्रशंसा गरेर गोष्ठि सकिएको अर्को दिन रेडियो नेपालमा अन्तरवार्ता दिन जानु भनियो महाशाखाबाट। जिल्लामा गरिरहेको महिला विकास कार्यक्रम बारे कुराकानी गर्न सिंहदरबामा रहेको रेडियो नेपाल जान भन्नु भयो। पहिलो पटक रेडियोमा कुराकानी

गर्न अवसर पाइने भएपछि खुसी भएर हुन्छ भनेँ। त्यो भन्दा अगाडि रेडियोमा कहिल्यै नबोलेको मनमा कौतुहल छँदै थियो। जिल्लामा जिम्मेवारी भन्दापनि बढी र नौलो ढङ्गले काम गरेका साथै आफ्नो जिम्मेवारीसँग सम्बन्धित दस्तावेज खोजीखोजी पढ्ने, मनन् गर्ने बानी भएकोले विषयवस्तु सम्बन्धमा कुनै डर थिएन। पहिलो अनुभव भएपनि मज्जाले सहज कुराकानी भयो। आफैँले गरिरहेको काम र ग्रामीण महिलाहरूको जीवनमा परिरहेको सकारात्मक प्रभावको कुरा गर्न पाउँदा खुब सन्तुष्ट र खुसी थिएँ। दुर्गम जिल्लाको जागीर भएकोले प्रसारण हुने समयमा कहाँ हुन्छु सुन्न पाउँछु पाउँदिन समेत थाहा थिएन। आफ्नो आवाज र बोलेको कुरा कस्तो भएछ सुन्न मन खुबै थियो।

त्यतिबेला काठमाडौँबाट डडेल्धुरा जिल्ला पुग्न २/३ दिन नै लाग्ने र बाटो समेत डरलाग्दो भिरपाखा भएकोले जिल्लामा पुगेपछि आउन मुश्किल हुन्थ्यो। काठमाडौँ आउँदाको समयमा नै नजिकै रहेको हेटौँडा माइतीमा आमाबाबासँग भेटघाट गर्न भनेर गएँ। साथीसँग हेटौँडा बजारमा हिँड्दै गर्दा आफ्नो आवाज रेडियो नेपालमा बजेको सुनेँ। बढो कौतुहल भयो आफैँलाई अनौठो र रमाइलो दुवै लाग्यो। म यस्तो पो सुनिदोरहेछु भन्ने लाग्यो। उत्साहित भएर रेडियो बजेको पसल नजिक गएर सुनेँ। आफ्नो आवाज आफैँले पहिलो पटक सुन्दा अचम्मै लाग्यो। आफूले बोलेका विषयवस्तु खुब ध्यान दिएर सुन्दा आफैँलाई मन पर्‍यो। महिला विकास कार्यक्रमले ग्रामीण महिलाहरूमा ल्याएको उत्साहको कुरा अरूलाई सुनाउन पाउँदा बढो खुसी भएको थिएँ। अझै काम गर्ने हौसला बढेको थियो ममा। रेडियो नेपालमा बजेको त्यो आवाजपछि विभिन्न एफ.एम. रेडियो, टेलिभिजन, अन्य दृश्य कार्यक्रमहरूमा अनगिन्ती पटक कुराकानी गर्ने अवसरहरू पाइरहेँ र निरन्तर अझै पाइरहेकी छु। रेडियोमा मलाई सुन्नेहरूले यहाँको कुराकानी पुरै र पटक पटक सुन्छौँ भन्नुहुन्छ। यहाँलाई सुनेर हामीले महिला सशक्तीकरणको विषयमा निकै जानकारी पाउँछौँ। यहाँको आवाज, विषयवस्तुको प्रस्तुती र बोलाई एकदमै स्पष्ट हुनाले सुन्न मन पराउँछौँ भन्दा थप हौसला बढ्ने गरेको छ।

रेडियो नेपालसँगको अरू पनि अनुभवहरू छन्। "आजका नारी" कार्यक्रममा कुराकानीमा सहभागि हुने अवसर पनि पाएकी छु। नियमित सुन्ने गरेकी छु पनि । महिलाको विभिन्न विषयलाई सबैसामु पस्केर सुन्नेहरूलाई सुसूचित हुने र प्रेरणा दिनेगरेको पाएकी छु "आजका नारी" कार्यक्रमले। हरेक क्षेत्रको महिलाहरूले गरेको संघर्ष र सफलताको अनुभवलाई साझा गर्दा संघर्ष गरेकाहरूको हौसला समेत बढाइरहेको छ। आजका नारी कार्यक्रमले यस्लाई अझै विभिन्न भाषामा नै प्रसारण गर्नसके र दूरदराजमा महिलाहरूले गरिरहेको संघर्षका लुकेर बसेका कथाहरू खोतलेर प्रस्तुत गर्नसके हुन्थ्यो भन्ने लाग्छ मलाई।

आजका नारी कार्यक्रममा मेरो आफ्नै पहलमा ललितपुर जिल्लाभित्र महिलाहरूको मोबिलिटी बढाएर सशक्तीकरण गर्दै समाज रूपान्तरण गर्ने उद्देश्यले सञ्चालन भइरहेको "महिलाको लागि महिला अभियान" बाट साइकल सिकेर जीवन परिवर्तन गरेका महिलाहरूको कथाले पनि स्थान पाएको छ। आफ्नो फेरिएको जीवनको कथा रेडियोमा आउँदा महिलाहरू निकै उत्साहित भएका छन्।

त्यसैगरी रेडियो नेपाल सार्वजनिक प्रसारण संस्थाको रूपमा रूपान्तरण भएपश्चात् रेडियोका नियमित श्रोता, सरोकारवाला संघसंस्था र विविध क्षेत्रका विज्ञहरूसँग गरिएको अन्तरकृया र सुझाव

सङ्कलन गर्ने ऐतिहाँसिक कार्यक्रममा सहभागी हुने अवसर समेत पाएको थिएँ। उक्त अवसरमा आफूले लामो समय बिताएको महिला सशक्तीकरण क्षेत्रमा रेडियो नेपालले समस्या पहिचान गरी काम गरोस्। दूरदराजमा सरकारले उपलब्ध गराइरहेको सेवाको समेत जानकारी नहुने भएकाले महिला, किशोरीहरू धेरै पीडित भएका हुन्छन्। सचेतना जगाउने काम गर्न अत्यन्तै जरुरी छ भन्ने सुझाव दिएकी थिएँ।

## महिला सशक्तिकरण र समाज रूपान्तरणमा रेडियोको हुनसक्ने भूमिका

आज हिजोको भन्दा परिस्थिति निकै बदलिएको छ। महिलाहरूको सार्वजनिक क्षेत्रमा सहभागिता बढ्न थालेको पनि छ। देशमा संविधान, कानुन र नीति महिलाको पक्षमा बनेको अवस्था पनि छ। तर सरकारी तवरबाट व्यवस्था भएका सेवा, सुविधा, नीति र कानुनको जानकारीको अभावले शहरदेखि ग्रामीण भेगसम्म अधिकांश महिलाहरू अन्यायमा पर्दा समेत बोल्न र न्याय माग्न नसकेर पीडित भएरै बसिरहेको अवस्था पाइन्छ। परिवार र समाजको चेतनास्तर अझै नबढिसकेको कारणले साथ सहयोग नदिइरहेको पाउछौँ जस्का कारण दैनिक महिलाहरू विभिन्न कारणले पीडित भइरहेको देख्छौँ। सूचनाको अभावले औपचारिक शिक्षा पाएका र आर्थिक उजार्जन गरेर आत्मनिर्भर भएका भनिएका महिलाहरूमा आत्मविश्वासको अभाव भएको प्रशस्तै घटनाहरू हामी समक्ष आइरहने गर्दछ। रेडियो घरघरमा र व्यक्तिव्यक्तिमा पुग्न सक्ने सस्तो र सुलभ सञ्चार साधन पनि हो। अझ त्यसमा पनि रेडियो नेपालको सर्वेक्षणले रेडियो नेपाल ९४ प्रतिशत भूभागमा सुनिने गरेको देखाएको छ। महिलाहरूले आफ्नै बोलीचालीमा आफूलाई उपयोगी हुने कार्यक्रम सुन्न पाउने हो भनें जस्तोसुकै कमजोर आर्थिक अवस्था भएका पाँच सात सय खर्च गर्न सक्छन्। अझ महिलाहरूको आत्मविश्वास बढाउन रेडियो नेपालको पहलमा एक महिला एक रेडियो उपलब्ध गराएर "सूचनामा महिलाको पहुँच" अभियान समेत सूचना तथा सञ्चार मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँगको सहकार्यमा गर्न सकिन्छ।

यसरी करिब सबैको घरमा पुगिसकेको विश्वसनीय र लोकप्रिय सार्वजनिक सेवा प्रसारणले देशको ५० प्रतिशत महिलाहरूको सशक्तीकरण गर्दै समाज रूपान्तरणमा योगदान दिन अहम् भूमिका निर्वाह गर्न सक्छ। अझ सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भइसकेको रेडियो नेपाललाई नागरिक केन्द्रित र प्रभावकारी बनाउन कार्यक्रमहरूलाई औपचारिक नभई जनमानसले अपनत्व महसुस गर्नेगरी साधारण, सहज र सकेसम्म स्थानीय बोलीचालीमा लक्षित समुदायसँग नै सहकार्य गरेर समस्याको पहिचान र समाधानका विकल्प समेत मागेर समुदायसँगकै साझेदारीमा निर्माण र प्रसारण गर्नसके उद्देश्य अनुसार  नागरिक केन्द्रित प्रभावकारी कार्यक्रम बन्ने छ।

*(लेखक नेपाल सरकारका पूर्व उपसचिव हुनुहुन्छ।)*

हरेक क्षेत्रमा सबैको कृयाशिलता :

सबल एवम सक्षम चन्द्रकोट, भ्रष्टचारमा शुन्य सहनशीलता ॥

चन्द्रकोट गाउँपालिका गाउँपालिकाको अनुरोध

- चन्द्रकोट गाउँपालिका गाउँपालिकाको अनुरोध
- आफ्नो घर आँगन टोलबस्ती सधैं सफा र हराभरा राखौं ।
- गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔं ।
- बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं ।
- आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौं ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं ।
- जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं ।
- सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔं । बालमैत्री व्यवहार कायम गरौं ।
- आफ्नो घर वरपर रुख विरुवा रोपी हरियाली र सुन्दर नगर बनाऔं ।
- अर्गानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ्य जीवन बिताउँ ।

**रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

अध्यक्षः युवराज केसी,
उपाध्यक्षः विष्णुप्रसाद भण्डारी,
प्रमुख प्रशासकिय अधिकृतः लक्ष्मणप्रसाद चालिसे
एवम् चन्द्रकोट गाउँकार्यपालिकाको कार्यालय परिवार, शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश



प्रदेश सरकार
ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोरखा
सार्वजनिक अपिल

१. फिल्टर गरेर वा क्लोरिनेशन गरेर वा उमालेर वा प्राकृतिक रुपमा नै शुद्धिकरण भएको खानेपानी पिउने गरौं ।
२. खानेपानीको मुहान सम्बन्धमा वादविवाद नगरौं। खानेपानी मिलीजुली सबैले प्रयोग गर्नुपर्दछ भन्ने अवधाराणाको विकास गरौं, सकरात्मक सोचौं । सकरात्मक सोच गर्ने धारणाको विकास गरौं ।
३.खानेपानीको मुहान, पाइप लाइन, पानी टंकी, डिस्ट्रिब्युशन च्याम्बर, धारा लगायतका खानेपानीका संरचनाहरुको सम्भार गरौं, सफा सुध्धर राखौं ।
४.खाना खानु अघि, खाना खाए पछि, शौचालय प्रयोग गरि सके पछि फोहोर वस्तु वा किटाणुजन्य बस्तुलाई छोएपछि साबुन पानीले हात धोऔं । को भिड(१९ बाट बचौ र अरुलाई समेत बचाऔं ।
५.सेप्टिक ट्याङ्क सहितको चर्पि बनाऔं । सेप्टिक ट्याङकीको ढकनी आरासिसी। को बनाऔं प्यान जडित चर्पि घर बनाऔं ।
६.पूर्ण सरसफाईको सूचकको अबस्था :
- .साबुन पानीले हात धुने सुविधा सहितको पक्की वर्षिको प्रयोग भएको हुनुपर्ने।
- पानी प्रयोग सम्बन्धि सुरक्षित व्यबहार गर्नुपर्ने ( पानी प्रयोग गर्ने भाडा सफा तथा पानी शुद्धिकरण भएको हुनुपर्ने।
- व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने, नङ काट्ने, दांत माध्ने, नुहाउने, कपडा धुने, आदि भएको हुनुपर्ने)।
- खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार (भान्सा कोठा सफा, पकाएको र नपकाएको खानेकुरा छुट्टाछुट्टै राखे, खाना राम्रोसंग पकाउने, छोपेर राखे आदि भएको हुनुपर्ने)

यी सूचकहरु पालाना हुने गरि आ(आफ्नो गाउ, टोल, बस्तीलाई व्यवस्थित गरि पूर्ण सरसफाई भएको घोषणा गरी, सभ्य बनी, समाजलाई सभ्य बनाऔं ।



प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास कार्यालय, गोरखा
गण्डकी प्रदेश नेपाल

योजना सम्झौता गर्दा आवश्यक पर्ने कागजातहरु

१.उपभोक्ता समिति गठन (न्युनतम ७ जनाको समिति जसमा ३३ प्रतिशत महिला हुनुपर्ने), उपस्थिति तथा कुन ठाँउमा कुन काम गर्ने भन्ने स्पष्ट निर्णय
२.समिति गठन गर्दा अनुगमन समिति पनि गठन गर्नुपर्ने (न्युनतम तिन जना)
३.स्थानिय तहको योजना सम्झौता गरिदिने सिफारिस साथै सिफारिसमा उक्त योजनामा अन्य निकायबाट बजेट विनियोजन भएरनभएको एकिन खुलाउन पर्ने विवरण
४.उपभोक्ता समितिको सम्पूर्ण पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५.योजना सम्झौता गरिपाउँ भन्ने समितिको निवेदन (अध्यक्षको तर्फबाट निवेदन)
६.अनुसुची १ र २ मा उल्लेखित विवरण भर्नुपर्ने



खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाः
पोषण सम्बन्धी मुख्य सन्देशहरु

१. गर्भवती महिलाले हरेक दिन सधैं खाईरहेको भन्दा एक पटक थप खाना खानुपर्छ जसले गर्दा बच्चा स्वस्थ, बलियो र प्रसुतीको अवस्थामा आमा र बच्चालाई फाइदा पुग्छ ।
२. बच्चा जन्मेको १ घण्टा भित्र बच्चालाई आमाको विगौति दुध (पहिँलो बाक्लो दुध) खुवाउनु पर्छ । ६ महिना पूरा नभएसम्म आमाको दुधमात्र खुवाउनु पर्छ ।
- बालबालिकाको खानामा न्युनतम खाद्य विविधिकरण ९:म्म(ऋ० पूरा भयो भने, बच्चाको उचाइ र तौल राम्रो बढ्छ, कुपोषणबाट जोगाउँछ र शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याउँछ ।
३. महिलाहरूको खानामा न्युनतम खाद्य विविधिकरण ९:म्म(७० पूरा भयो भने
- आमालाई कमजोरी र रगतको कमी वा रक्तअल्पता (एनिमिया) हुन दिँदैन,
- गर्भस्थ शिशुको तौल र विकास राम्रो हुन्छ, सुत्केरीपछि दुध उत्पादनमा सहयोग गर्छ,
- रोग प्रतिरोधात्मक शक्ति बढाउँछ साथै स्वस्थ वच्चा जन्माउन सहयोग गर्छ ।



खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना आयोजना
कलष्टर इकाइ, गोरखा

# पत्रकारितामा प्रविधिमैत्री रूपान्तरण



*जीवन भण्डारी*

पत्रकारितामा प्रयोग हुने साधन र प्रविधिको रूपान्तरणले पत्रकारिता अन्योलमा परेको छ। प्रविधिले ल्याएको रूपान्तरणलाई सही तरिकाले प्रयोग गर्न नजान्दा पत्रकारिता अन्योलमा छ। पत्रकारिताको प्रविधि साधन वा माध्यम परिवर्तन भएपनि प्रक्रिया र न्यूनतम मूल्य मान्यता परिवर्तन हुँदैन। तर यहाँ प्रविधि रूपान्तरण हुँदा पत्रकारिताको प्रक्रिया नै रूपान्तरण गर्न थालिएको छ। पत्रकारिताको प्रक्रिया भन्नाले सूचना सङ्कलन गर्नु, समाचार तयार पार्नु, सम्पादन गर्नु, प्रकाशन तथा प्रसारण गर्नु, सामाजिक उत्तरदायित्वको ख्याल गर्नु, समाजको आवश्यकता अनुसारको मार्गदर्शक बन्नु, सञ्चारमाध्यम व्यक्तिवादीभन्दा संस्थागत हुनु हो । तर अहिले यी सबै प्रक्रिया ओझलमा पारिएको छ। यो सर्वथा गलत हो। पुराना पत्रकारहरूले पत्रकारिताको प्रक्रिया मात्रै सबै कुरा हो जस्तो गरेर प्रविधिमा ध्यान दिएनन्। तर नयाँ पत्रकारहरूले प्रविधिलाई धेरै ध्यान दिए पनि प्रक्रियालाई कम ध्यान दिए। यही दुई चरित्रका कारण पत्रकारितामा प्रविधिको रुपान्तरणसँगै अन्योलता बढेको हो। पत्रकारिता क्षेत्रमा देखिएको अन्योलता र अस्पष्टतालाई न्यूनीकरण गर्न पत्रकारिताको प्रक्रियालाई व्यवहारिक र स्वीकार्य बनाउनु आवश्यक छ भने अर्को तर्फ प्राविधिक सीप र अभ्यासलाई पनि आत्मसाथ गर्नु पर्दछ ।

हुन त १५औँ शताब्दीमा जोहनेस गुटेरबर्गको छापाखाना सुरुवातदेखि नै पत्रकारितामा परिवर्तन र चुनौती सदाबहार देखिएकै हो । सत्रौँ शताब्दीमा सुरु भएको छापा पत्रकारितालाई २० औँ शताब्दीमा रेडियो र टेलिभिजन पत्रकारिताले चुनौती दिएका थिए । पत्रिकाभन्दा सस्तो, प्रभावकारी, पहुँचयोग्य र निरक्षरलाई पनि उपयोगी हुने सञ्चार माध्यमको रुपमा रेडियोको आगमन हुँदा पत्रिका बन्द हुन्छ भन्ने भविष्यवाणी थियो। तर सञ्चारमाध्यमको पहुँच नभएको नयाँ वर्ग र क्षेत्रमा रेडियोले उपस्थिति देखाए पनि पत्रपत्रिकाको संख्या खुम्चिएनन्, बरु थपिँदै गए। पत्रपत्रिकाको संख्या बढ्दै गइरहेको र रेडियोको लोकप्रियता चढ्दै गइरहेका बेला २०औँ शताब्दीमै टेलिभिजनको अभ्यास सुरु भयो। हेर्न पनि पाइने, सुन्न पनि पाइने टेलिभिजन आएपछि सुन्न मात्र मिल्ने रेडियोको काम छैन भन्नेहरू र भोलिपल्टसम्म कुरेर पढ्नुपर्ने पत्रिकाको औचित्य छैन भन्नेहरू पनि त्यतिबेला प्रशस्तै थिए। तर आज पर्यन्त रेडियोहरू गाउँ गाउँमा घन्किरहेकै छन्, पत्रिकाहरू निस्किरहेकै छन् । भलै यसको गुणस्तर र संख्यामा कमी आएको सत्य हो। यसरी हरेक चरणमा चुनौती झेल्दै, अस्तित्वको प्रश्नबाट घेरिदै आएका पत्रिका, रेडियो र टेलिभिजन स्वरूपका सञ्चार माध्यमले अहिले अर्को चुनौती सामना गर्नुपरेको छ। त्यो हो डिजिटल चुनौती । यो चुनौतीले अघिल्ला चुनौतीहरूले भन्दा बढी घेराबन्दी गरेका छन्। तर त्यही घेराभित्र परम्परागत सञ्चारमाध्यमका स्वरूप र पत्रकारिताको स्वरूपले आफ्नो अस्तित्व रक्षाको सङ्घर्ष गरिरहेका छन् ।

अब यहाँ प्रश्न उठ्छ, हाम्रो चिन्ता सञ्चारमाध्यमको स्वरूप जोगाउनुमा हुनुपर्ने हो कि पत्रकारिताको प्रक्रियागत स्वरूप जोगाउनुमा हुनुपर्ने हो ? खासमा हाम्रो चिन्ता पत्रकारिताको प्रक्रियागत स्वरूप

जोगाउनुमा हुनुपर्ने हो । तर हामी अलमलिएर पत्रकारिताको सञ्चारमाध्यमको स्वरूप जगाउनेमा केन्द्रित भएका छौं । फलत पत्रकारिताको प्रक्रियागत स्वरूप जोगाउने विषय ओझेलमा परेको छ । यसले पत्रकारिताको प्रक्रिया र सञ्चार माध्यमको स्वरूप दुवैलाई संकटमा पारेको छ । हामीले पत्रकारिताको प्रक्रियालाई जोगाउन ध्यान दिएको भए यसले नयाँ माध्यम आए पनि पत्रकारिताको अस्तित्व कम हुने थिएन । तर हामीले पत्रकारिताको प्रक्रियालाई कम ध्यान दिएकाले र नयाँ माध्यमको आगमनले हाम्रा पाठक, दर्शक र श्रोता नयाँ माध्यमतर्फ आकर्षित भएका हुन् । अब हामीले नयाँ माध्यमलाई आत्मसाथ गर्दै पत्रकारिताको मूल मर्म र प्रक्रियालाई बलियो बनाउने तर्फ ध्यान दिनुपर्दछ । पत्रकारिताको मूल मर्म र प्रक्रिया बिर्सिएर हुने रूपान्तरणले पत्रकारिताभन्दा हामी अर्कै काम गर्न पुग्छौं । त्यसैले पत्रकारिता जोगाइ राख्ने हो भने पत्रकारिताको माध्यममा भन्दा प्रक्रिया र मर्ममा ध्यान दिनु आवश्यक छ । पत्रकारिताको प्रक्रिया र मर्मलाई जीवित राख्दै पत्रकारिताको माध्यम तथा स्वरूपमा रूपान्तरण गर्नु उपयुक्त हुन्छ । त्यसले पत्रकारिताको अस्तित्व पनि जोगाउँछ र समाजलाई पत्रकारिताको अभाव हुन दिँदैन । त्यसैले पत्रकारितालाई जोगाइ राख्न पत्रकारिताको माध्यममा निम्नअनुसारको रूपान्तरण आवश्यक छ ।

१) पत्रकारिताको साधनमा रुपान्तरण– पत्रकारिता मानवका लागि गरिन्छ । मानवको जीवनशैली परिवर्तन भइरहेको छ । मानवीय जीवनशैलीमा आएको परिवर्तनसँगै उनीहरूले प्रयोग गर्ने साधनसँग मिल्ने गरी पत्रकारिताको साधनमा पनि परिवर्तन गर्नुपर्छ । होइन भने हाम्रो लक्षित मानव समुदाय एकातर्फ पत्रकारिता अर्कोतर्फ हुन पुग्छ । त्यसैले मानवले अपनाएको साधन अनुरूप एकाकार हुने गरी पत्रकारिताको साधनमा पनि परिवर्तन गरिनु स्वभाविक सर्त हो । यहाँ भन्न खोजेको मानवजाति इन्टरनेट र डिजिटल संसारमा झुम्मिएको छ भने हाम्रो पत्रकारिता पनि त्यतै लैजानु आवश्यक छ । न कि इन्टरनेट र डिजिटल बाहिर निकै कम मात्रै रहने मानव समुदायलाई इन्टरनेट र डिजिटल बाहिरको सञ्चारमाध्यमकोअर्थ हुँदैन । त्यसैले हाम्रा सञ्चारमाध्यमहरूलाई इन्टरनेट र डिजिटल संसारमै फैलाउनु पर्दछ ।

२) पत्रकारिताको प्रस्तुतिकरणमा रूपान्तरण– मानवीय जीवनशैली परिवर्तन भएपछि उनीहरूले उपभोग गर्ने शैली पनि परिवर्तन हुन्छ । मानिसले सञ्चारमाध्यमलाई विगतमा जसरी उपभोग गर्दै आइरहेका थिए, अब फरक तरिकाले उपभोग गर्न खोज्दछन् । अझ भनौं, विगतमा लामो समय लगाएर पत्रपत्रिका पढ्ने, समय कुरेर रेडियो र टेलिभिजनका बुलेटिन तथा कार्यक्रम हेर्ने तथा सुन्ने बानी अहिले परिवर्तन भएको छ । हरेक सूचना, मनोरञ्जन र ज्ञान तत्काल प्राप्त हुन सक्ने साधनमा मानव समुदाय अभ्यस्त भइसकेको अवस्थामा मानवीय धैर्यता नरहेको जीवनशैलीलाई ध्यान दिएर पत्रकारिताको प्रस्तुतिकरण पनि छोटो, छिटो र प्रभावकारी बनाउनु पर्दछ । प्रत्यक्ष प्रसारण पत्रकारिता र छोटो भिडियो पत्रकारिता अहिले मौलाउँदै गएको छ ।

३) पत्रकारिताको कार्यशैलीमा रूपान्तरण– पत्रकारिताका साधन र उपभोक्ताको जीवनशैलीमा परिवर्तन आएसँगै पत्रकारिताको कार्यशैलीमा पनि परिवर्तन आउनु स्वभाविक आवश्यकता हो । विगतमा लामो समय लगाएर समाचार सामग्री तयार पारिन्थ्यो, पत्रकारिताको एउटा काम एउटा व्यक्तिले गर्ने प्रचलन

थियो भने अहिले ठिक उल्टो भएको छ। समाचार सामग्रीहरू जति सक्दो चाँडो दिनुपर्ने र त्यसका लागि इलभ :बल व्यगचलबष्कि भन्ने अवधारणा अनुरुप पत्रकारिताका सबै काम एउटै मान्छेले गर्नुपर्ने अवस्था आइलागेको छ। त्यसैगरी ठूलो अफिस राख्ने, अफिसमै जम्मा भएर धेरै जनाले काम गर्ने प्रवृत्ति पनि उल्टिएर संसारको जुनसुकै ठाउँमा रहेर पनि एक्लै वा सानो समूह बनाएर काम गर्नुपर्ने स्थिति छ ।

४) विषयवस्तुमा रूपान्तरण– सूचना, शिक्षा र मनोरञ्जनका लागि विगतमा सञ्चारमाध्यमले जे दियो त्यही ग्रहण गर्नुपर्ने अवस्था थियो भने अहिले उपभोक्ताका बीचमा अनेक विकल्पहरू आएका छन्। त्यसैले उपभोक्ताको रुचि र आवश्यकतालाई केन्द्रमा राखेर सञ्चार माध्यमले विषयवस्तुहरू पस्कनु पर्दछ। विगतमा जस्तो पत्रकारिताका पात्रहरूको रुचि र उनीहरूले ठानेको आवश्यकताका आधारमा मात्रै विषयवस्तु प्रस्तुत गर्ने प्रवृत्ति अहिले असान्दर्भिक भएका छन्। विगतमा सैद्धान्तिक, वैचारिक र राजनीतिक विषयवस्तुहरू बढी सम्प्रेषण गरिन्थ्यो भने अहिले उत्पादन, बजार, सिप, रोजगारी, स्वास्थ्य, जीवनशैली, खेलकुद, मनोरञ्जन जस्ता विषयवस्तुप्रति मानवीय रुचि बढी देखिएको छ ।

५) आम्दानीको स्रोतमा रूपान्तरण– संचार माध्यमको आम्दानीको मुख्य स्रोत विज्ञापन थियो। तर अहिले विज्ञापन बजार ह्वात्तै घटेको छ। विज्ञापन दिनेहरूले संचार माध्यममा दिनुभन्दा सामाजिक सञ्जाल मै दिनु प्रभावकारी हुने ठान्न थालेका छन्। त्यसैले अब पनि सञ्चारमाध्यमहरू विज्ञापनबाट मात्रै चलाउँछु भन्नु मूर्खता हुन्छ। अतः विज्ञापन बजारलाई पनि नछोड्ने र मोनिटाइजेसनको अवसरबाट पनि फाइदा उठाउनुपर्छ। तर मोनेटाइजेसनका लागि जे पनि गर्ने प्रवृत्ति निरुत्साहित गर्नु अति आवश्यक छ। त्यसका लागि राज्यले नियमनलाई प्राथमिकता दिएर प्रभावकारी बनाउनुपर्छ । गलत गर्नेलाई कारबाही गर्नुपर्छ र राम्रो गर्नेलाई प्रोत्साहित गर्नुपर्छ। अहिले डिजिटल माध्यममा राम्रो गर्नेलाई पहिचान र प्रोत्साहन छँदै छैन। खराब गर्नेलाई पर्याप्त कारबाही पनि छैन। त्यसैले 'मोनिटाइजेसन पत्रकारिता' हावी भएको छ । यो नै पत्रकारिता अन्योलमा पर्नुको मुख्य जरो हो।

रुपान्तरणका यी कार्यहरू गरेर पत्रकारिता बचाउन राज्य नै अगाडि सर्नुपर्छ। राज्य मुकदर्शक भएर बसेको धेरै समय भयो। पत्रकारिता ओझेलमा र अन्योलमा पर्यो भने समाज भाडिन्छ, दण्डहिनता मौलाउँछ र राज्यले थेग्न नसक्ने अवस्था आउँछ। जसरी भौतिक समाजलाई डोर्याउने काम सञ्चार माध्यमहरूले गर्दै आएका थिए, त्यसैगरी डिजिटल संसारलाई डोर्याउने काम पनि सञ्चारमाध्यमले नै गर्नुपर्दछ। विचार, सूचना, सन्देश र चेतनामा विविधता हुनु स्वाभाविक हो। तर ती सबै आआफ्नो तालले फैलिएर निकास निस्कँदैन। निकासका लागि समझदारीको नजिक पुग्न एउटा साझा बिन्दु चाहिन्छ, त्यो साझा बिन्दु पत्रकारिताको माध्यम हो, सञ्चारमाध्यम हो। त्यसैले सञ्चारमाध्यमलाई बलियो बनाउनु राज्यको पनि कर्तव्य मात्रै नभएर आवश्यकता पनि हो। त्यसका लागि राज्यले केही कामहरू तत्काल गरिहाल्नुपर्ने खाँचो छ।

(क) डिजिटल साक्षरता राष्ट्रिय अभियान– सबै नागरिक डिजिटल संसारमा गइसकेका छन्। तर यहाँ के कस्तो व्यवहार गर्नुपर्ने हो भन्ने कुरा धेरैलाई थाहा छैन। त्यसैले जानी नजानी त्यसको दुरुपयोग भएका छन् भने कतिपयलाई व्यक्तिगत रुपमा पनि क्षति पुगेको छ। सामाजिक र राजनीतिक रूपमा

भएको क्षति अझ ठूलो दायरामा दीर्घकालीन असर पर्ने खालको छ । त्यसलाई न्यूनीकरण गर्न डिजिटल संसारमा के गर्नुहुन्छ, के गर्नु हुँदैन, कुनै अपराध भयो भने त्यसका विरुद्ध के कस्ता उपचारका उपाय छन् भन्ने बारेमा आम नागरिकलाई पर्याप्त जानकारी गराउनु अत्यावश्यक देखिन्छ । त्यो जानकारी नभएकैले आम नागरिक हरेक दिन धेरै विषयमा दिग्भ्रमित हुने गरेको पाइएको छ । जब नागरिक भ्रममा पर्छ, उसको बुझाइ गलत हुन्छ र समाज नै गलत बाटो तर्फ जान्छ । त्यसैले नागरिकलाई सही सूचना छुट्याउने उपाय सिकाउन धेरै ढिला भइसकेको छ । त्यसका लागि डिजिटल साक्षरताका विभिन्न कार्यक्रमहरू विद्यालय, सामाजिक संघसंस्था, सार्वजनिक निकाय, स्वयम डिजिटल माध्यम, सञ्चारमाध्यम लगायतबाट सञ्चालन गर्नु प्रभावकारी हुन्छ ।

(ख) पुराना पत्रकारलाई सिप– पुराना पत्रकारहरू अझै पनि परम्परागत माध्यम र शैलीमा सिमित हुँदा पत्रकारिता ओझेलमा परेको छ । त्यसैले आम नागरिक डिजिटल संसारमा छन् भने पत्रकारिता पनि डिजिटल संसारमै प्रवेश गरेर प्रभावकारी उपस्थिति देखाउन आवश्यक छ । हुन त डिजिटल संसारमा पत्रकारिता नगएको होइन, तर उपस्थिति प्रभावकारी हुन भने नसकेकै हो । डिजिटल माध्यममा पत्रकारिता बलियो बनाउन पुराना पत्रकारहरूलाई डिजिटल माध्यमको प्रयोग र परिचालन सम्बन्धी सिप र स्रोत साधनको व्यवस्था गरिनुपर्छ ।

(ग) नयाँ पत्रकारलाई प्रशिक्षण– डिजिटल माध्यमको खुल्लापनको फाइदा उठाउँदै गाउँ गाउँबाट असिमित सञ्चारकर्मीहरूको उदय भएको छ । उनीहरू धेरैजसो राज्यका कुनै पनि निकायमा आबद्ध भएका छैनन् । राज्यका कुनै निकायमा नजोडिदा उनीहरूको कामको अनुगमन र मूल्याङ्कन हुन समेत सकेको छैन । त्यसैले उनीहरूलाई राज्यले कुनै निकायमा जोडिन खुला रुपमा आह्वान गर्ने र उनीहरूलाई पत्रकारिताको प्रक्रिया, मर्म, धर्म र जिम्मेवारी बारेमा प्रशिक्षण दिनु अति आवश्यक छ । उनीहरूले अहिलेसम्म आफूले जे जाने त्यही गर्दै आइरहेका छन् । कसैले सिक्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छैन । अर्कातर्फ नसिकी भइरहेको काममा पृष्ठपोषण दिने अभ्यासको पनि अभाव छ । पत्रकारिता पेशालाई न्यूनतम मूल्य मान्यतामा ल्याउनका लागि पत्रकारिता गर्न चाहनेहरूलाई आधारभूत अभिमुखीकरण खाँचो हुन्छ । त्यसैले डिजिटल माध्यमका नयाँ सञ्चारकर्मीहरूलाई पत्रकारिताको प्रशिक्षण अभियान चलाउन धेरै ढिला भइसकेको छ ।

(घ) कानुनी उपचारको प्रभावकारिता– जसरी भौतिक संसारमा हुने अपराधका विरुद्धमा कानुनी उपचारको व्यवस्था गरिएको छ । त्यसैगरी डिजिटल संसारमा हुने अपराधका विरुद्धमा कानुनी उपचारको व्यवस्था पनि पर्याप्त हुनुपर्दछ । विगतमा डिजिटल माध्यमको प्रयोग कम हुने भएकाले अपराध पनि कम भएका थिए र त्यसको उपचारका लागि राज्यले गर्ने काम पनि कम हुन्थ्यो । तर अहिले डिजिटल संसारमा धेरै मान्छे धेरै समय सक्रिय रहने भएकाले अपराधको सङ्ख्या पनि त्यही मात्रामा बढ्दै गएको छ । त्यसैले अपराधको सङ्ख्या बढेअनुसार नै त्यस विरुद्धको उपचारको व्यवस्था पनि राज्यले बढाउनुपर्दछ । त्यसका लागि अहिले भइरहेका कानुनी व्यवस्थाहरूलाई थप प्रभावकारी कार्यान्वयन गराउने र आवश्यकता अनुसार अरु कानुनी व्यवस्था थप्न पनि आवश्यक देखिन्छ । तर कानुनको अभाव नै भएको भने होइन । बरु ती कानुनहरूको कार्यान्वयनका लागि

राज्यको तदारुकता र स्रोत साधन भने बढाउनुपर्ने खाँचो छ ।

यसबाहेक पनि सञ्चारमाध्यमलाई प्रविधिमैत्री रूपान्तरण गर्दै बलियो बनाउन राज्यले गर्नु पर्ने सूक्ष्म कामहरू दर्जनौं छन् । तर पत्रकार तथा सञ्चारकर्मीहरूलाई दक्ष र जिम्मेवार बनाउने, गलत गर्नेलाई निरुत्साहित गर्ने र राम्रो गर्नेलाई प्रोत्साहित गर्ने कार्य मात्र गर्न सकियो भने धेरै हदसम्म उपलब्धि हासिल हुन सक्दछ । त्यसका लागि सरोकारवाला सबैले आआफ्नो ठाउँबाट गर्न सकिने कामहरू गर्ने र राज्यलाई खबरदारी गर्ने अभियान सुरु गरिहाल्नु पर्ने भएको छ । ढिला गऱ्यो भने पत्रकारिता बिलाउदै जाने खतरा रहन्छ ।

*(लेखक पत्रकारिताका अध्यापक तथा डिजिटल पत्रकारिताका पैरवीकर्ता हुनुहुन्छ ।)*


**'हाम्रो कर, हाम्रो प्रदेशको समृद्धि'**

सम्पूर्ण करदाता महानुभावहरुलाई सूचित गरिन्छ कि आर्थिक वर्ष २०८२/८३ को प्रादेशिक राजस्व बुझाउने समय नजिकिँदै छ । तसर्थ प्रदेश सरकारले सङ्कलन गर्ने देहायका करहरु तो किएको समयमा सम्बन्धित कार्यालय वा अनलाइन माध्यमबाट बुझाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

देहायः

- ❑ घर जग्गा रजिष्ट्रेशन शुल्क
- ❑ विज्ञापन कर
- ❑ कृषि आयमा लाग्ने कर
- ❑ दहत्तर बहत्तर शुल्क
- ❑ प्रचलित कानूनले तोकेको अन्य राजस्व तथा शुल्कहरू ।
- ❑ सवारी साधन कर
- ❑ मनोरञ्जन कर
- ❑ पर्यटन शुल्क
- ❑ वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय,
जनकपुरधाम, धनुषा



**परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको अनुरोध**

- व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र नजिकको वडा कार्यालयमा गई दर्ता गर्ने बानी बसालौं ।
- गाउँघर ,टोल सफा र स्वच्छ राखी सभ्य नागरिकको परिचय दिऔं ।
- चर्पीमा मात्रै दिसापिसाब गरौं ।
- प्लास्टिकजन्य फोहोरहरूको उचित व्यवस्थापन गरौं ।
- सार्वजनिक सम्पत्तीको संरक्षण गरौं र समृद्ध गाउँपालिका निर्माण अभियानमा सहकार्य र साझेदारी गरौं ।
- बालश्रमको अन्त्य गरी बाल अधिकारको सुनिश्चित गरौं ।
- घरेलु हिंसाविरुद्ध डटेर लडौं र सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- वातावरण जोगाउँन रुख रोपी हरियाली बढाऔं ।

अध्यक्ष : रामक्षेत्री प्रसाद कुर्मी
उपाध्यक्ष : सुगन्धी देबी कनुईन
प्रमुख प्रशासकिय अधिकृत : मुन्ना साह रौनियार

एवम्
परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल,बारा

# पिएसबीमा डिजिटल प्रविधि : २०८२ को निर्वाचनमा यसको सफल प्रयोग


प्रमोद दाहाल


अनिल हुमागाईं

मुलुकको पहिलो र अग्रणी दुई विद्युतीय प्रसारण माध्यम रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै छातामुनि ल्याउन नेपालको पहिलो सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबी) कार्यान्वयनमा आएको एक वर्ष पुग्नै लाग्दा २०८२ भदौ २३ र २४ गते नवयुवा (जेनजी) पुस्ताबाट भएको आन्दोलन र तत्पश्चात्को घटनाक्रमले परम्परागत राजनीतिक दिशालाई नै बदलिदिएको छ ।

नेपालको कानुनअनुसार दर्ता नगरे सामाजिक सञ्जालहरूमाथि रोक लगाउने तात्कालीन सरकारको निर्णयसमेतको पृष्ठभूमिमा भएको भदौ २३ र २४ को अकल्पनीय घटनाले नै प्रष्ट्याउछ कि नेपाली समाज, खासगरी युवा पुस्ता, इन्टरनेटमा आधारित उन्नत प्रविधिको प्रयोगप्रति कति आकर्षित छ भन्ने कुरा ।

यसै पृष्ठभूमिमा सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबी) को गठन भएदेखि नै प्रसारण माध्यमका रूपमा अब रेडियो नेपाल र नेपाल टेलिभिजन मात्र होइन, ती दुबैसँगसँगै छुट्टै डिजिटल प्लाटफर्म पनि अघि बढाउनुपर्ने आवश्यकता बोधका साथ आवश्यक तयारी हुँदै गर्दा भदौको घटना हुन पुग्यो । भदौ २३ र २४ को घटनाले मुलुकमा नियमित भन्दा दुई वर्षअघि नै आम निर्वाचनमा जानुपर्ने अवस्था सिर्जना भयो । फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुने घोषणा गरियो । तोकिएकै मिति फागुन २१ गते देशभर एकै चरणमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भई नयाँ प्रतिनिधिसभा र सरकार समेत गठन भइसकेको छ ।

डिजिटल प्रविधि र प्लाटफर्मलाई पिएसबीको तेस्रो महत्त्वपूर्ण अङ्गका रूपमा सञ्चालनको तयारी प्रारम्भ गरिँदा नगरिँदै घोषित निर्वाचनका कारण कम्तिमा निर्वाचनको कभरेजका लागि रेडियो र टेलिभिजनका साथै डिजिटल प्लाटफर्मलाई तत्कालै प्रयोगमा ल्याएर प्रभावकारी रूपमा अघि बढ्ने चुनौती थपियो । सिमित स्रोत साधन, सूचना प्रविधिमा आधारित जनशक्तिको कमी तथा पिएसबीपूर्वको अवस्थामा रेडियो नेपाल र नेपाल टेलिभिजनको व्यवस्थापकीय क्षमतासँगै कर्मचारी एवम् प्रसारकहरूको मनोवृत्ति र मनोदशाले मुखमै आइलागेको चुनौतीलाई चिर्न कति सम्भव छ भन्ने प्रश्न उठ्नु स्वाभाविक थियो । उठ्यो पनि । यस्तो अवस्थामा यसपटकको निर्वाचनमा पिएसबीले आफ्ना सबै माध्यमहरूलाई डिजिटल प्रविधिमैत्री बनाउदै निर्वाचनसँग सम्बन्धित सबै सूचना तथा जानकारी श्रोता तथा दर्शकबिच विनारोकावट पुऱ्याउन सफल भएको छ । तर, यो यति छोटो अवधिमा कसरी सम्भव भयो त भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । त्यसका लागि पृष्ठभूमितर्फ फर्कनुपर्छ ।

पिएसबीको औपचारिक शुभारम्भसँगै यसको सञ्चालक समितिले पिएसबी केवल रेडियो नेपाल र

नेपाल टेलिभिजन, अर्थात् दुई खम्बा (पिलर) मा मात्र सिमित नरही ओदान, अर्थात् तीन खम्बाको रूपमा स्थापित हुनुपर्छ भन्ने नीतिगत अवधारणालाई स्वीकृत गऱ्यो। तेस्रो खम्बा अर्थात् डिजिटल प्लेटफर्म।

यससँगै पिएसबीले डिजिटल प्रविधि र प्लेटफर्ममा आफ्नो पाइला विस्तारै अघि सार्दै छ। पिएसबीले रेडियो र टेलिभिजन जस्तै अब डिजिटल प्रविधि र प्लेटफर्मलाई पनि आफ्नो विभागीय अङ्गका रूपमा स्थापित गर्न कानुनी प्रबन्धहरू गर्दैछ। उच्च व्यवस्थापनको स्पष्ट अवधारणा, मार्गदर्शनको आधारमा माथिल्लो व्यवस्थापनको नेतृत्वमा गठन भएको कार्यदलले डिजिटल प्रविधि र प्लेटफर्मको संगठन तथा व्यवस्थापनको प्रस्ताव गरिसकेको छ। केही कानुनी प्रावधान पूरा हुनासाथ पिएसबीको तेस्रो खुट्टा डिजिटल प्लेटफर्मले आफूलाई अगाडि बढाउने छ। त्यसको प्रस्थानविन्दू प्रतिनिधिसभाको निर्वाचनमा भएको डाटा प्रणालीलाई मान्न सकिन्छ।

रेडियो र टेलिभिजन पिएसबीमा रूपान्तरण भएपछि यसको मेरुदण्डको रूपमा डिजिटल प्रविधि उभिन आइपुगेको छ। रेडियो र टेलिभिजनका प्रसारणलाई एनालग प्रणालीबाट डिजिटल प्रणालीमा रूपान्तरण गर्ने प्राविधिक प्रक्रिया मात्र हो भन्ने ठान्नु अपूर्ण हुन्छ। वास्तवमा यो संस्थागत कार्यशैली, व्यबस्थापन प्रणाली, सामग्री उत्पादनको ढाँचा र दर्शक–श्रोतासँगको सम्बन्धलाई पूर्णतः पुनर्संरचना गर्ने एक समग्र प्रक्रिया हो। उदाहरणका लागि अहिले प्रसारण र प्रकाशनका माध्यमहरू समेत सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्म, मोबाइल एप तथा स्ट्रिमिङ सेवामार्फत् चौबीसै घण्टा उपलब्ध हुन थालेका छन्, जसले सूचना पहुँचलाई अझ सहज, छिटो र व्यापक बनाएको छ।



डिजिटल प्रविधिले पारदर्शिता, उत्तरदायी र समावेशीताको स्तर पनि उकासेको छ। नागरिक अब केवल सूचना ग्रहण गर्ने निष्क्रिय उपभोक्ता होइनन्, उनीहरू प्रत्यक्ष रूपमा प्रतिक्रिया दिने, बहसमा सहभागी हुने र सामग्री निर्माणमा समेत योगदान गर्ने सक्रिय साझेदारका रूपमा विकसित भएका छन्। यसले पिएसबीलाई अझ लोकतान्त्रिक, जनमुखी र उत्तरदायी बनाउने दिशामा प्रेरित गरेको छ।

यस अर्थमा पिएसबीले हालै सम्पन्न निर्वाचन, त्यसअघि र पछि के गऱ्यो ? के गर्ने छ ? भन्नेतर्फ ध्यान दिन आवश्यक छ। यसपटकको निर्वाचनमा पिएसबीले डिजिटल प्रविधिको उच्च प्रयोग कसरी गऱ्यो भन्ने उल्लेख गर्नुअघि डिजिटल रूपान्तरणका मुख्य स्तम्भहरूको चर्चा गर्न सान्दर्भिक छ।

- ❑ पूर्वाधार विकासः क्लाउड कम्प्युटिङ, उच्च गतिको इन्टरनेट र आधुनिक स्टुडियो उपकरणहरूको प्रबन्ध
- ❑ सामग्री व्यबस्थापन (Content Management) : डिजिटल आर्काइभिङ र बहुभाषी सामग्रीको

उत्पादन र प्रसारण

❑ वितरण प्रणाली : ओटिटी, मोबाइल एप र सामाजिक सञ्जालको एकीकृत प्रयोग

❑ दक्ष जनशक्ति : सूचना प्रविधिको राम्रो ज्ञान भएको र परिवर्तनलाई आत्मसात् गर्न सक्ने जनशक्ति

## अवसर : प्रविधिले जुराएको नयाँ सम्भावना



डिजिटल रूपान्तरणले सार्वजनिक सेवा प्रसारणका लागि ढोकाहरू यसरी खोलिदिएको छ ।

❑ पहुँचमा व्यापकता : पहिले रेडियो र टेलिभिजनका पहुँच भौगोलिक सीमा र टावरको रेञ्जमा सिमित थियो । अब इन्टरनेटको माध्यमबाट विश्वभर रहेका नेपालीहरूले आफ्नो सुविधा अनुसार सामग्रीहरू पढ्न, हेर्न र सुन्न सक्छन् ।

❑ ऐतिहासिक अभिलेखको संरक्षण (Digital Archiving): रेडियो नेपाल र नेपाल टेलिभिजनमा रहेका ऐतिहासिक अडियो टेप र भिडियो रिलहरूलाई डिजिटलाइज्ड गरी सुरक्षित राख्न र सजिलै खोज्न सकिने बनाउन सकिन्छ । यो कार्य प्रारम्भ भई नै सकेको छ ।

❑ प्रत्यक्ष अन्तरक्रिया र पृष्ठपोषणः विगतमा परम्परागत प्रसारण एकतर्फी थियो । डिजिटल प्लेटफर्मले श्रोता र दर्शकसँग सिधा संवाद गर्ने अवसर प्रदान गरेको छ । लाइभ च्याट, सर्भेक्षण, सामाजिक सञ्जालका कमेन्टहरूले प्रसारित सामग्री र प्रसारणको गुणस्तरमा सुधार गर्न सहयोग पुग्छ ।



❑ लागत न्यूनीकरण र कार्यक्षमतामा प्रभावकारिता : क्लाउडमा आधारित प्लेआउट र रिमोट प्रोडक्सनले भौतिक उपकरण र जनशक्तिमा हुने ठुलो मात्राको खर्चलाई घटाउछ । एउटै न्यूज रुमबाट रेडियो, टिभी र अनलाइनका लागि सामग्री उत्पादन गर्न सकिने कन्भर्जेड मिडियाको अवधारणा लागु गर्न सकिन्छ ।

माथि उल्लेखित विषयहरूका आधारमा यसपटक सार्वजनिक सेवा प्रसारण नेपाल–पिएसबीले २०८२ फागुन २१ गते सम्पन्न निर्वाचनमा डिजिटल प्रविधि र प्लेटफर्महरूको भरपूर उपयोग गऱ्यो । निर्वाचनमा हामीले डिजिटल प्रविधि र प्लेटफर्महरूको सफल प्रयोग कसरी गऱ्यौ भन्ने सन्दर्भ छोटोमा यसरी उल्लेख गर्छौं ।

❑ रियल टाइम डाटाः यसपटकको निर्वाचनको मत परिणाम प्रसारणका लागि पिएसबीका जिल्ला संवाददाताहरूले प्रत्यक्ष रूपमा मतपरिणाम सङ्कलन गरेर केन्द्रमा स्थापना गरिएको सफ्टवेयरमा अद्यावधि गरिने व्यवस्था मिलाइएको थियो । संवाददाताले पठाएको मतपरिणाम (उम्मेदवारको नाम, निर्वाचन चिन्ह र दलको नामसहितको अद्यावधिक विवरण, निर्वाचितको नाम, दल, दलगत संख्या,

समानुपातिकको दलगत मत विवरणको अद्यावधिक अवस्था आदि) को नियमित अपडेट, निर्वाचित हुनासाथ केन्द्रीय कमाण्डले भेरिफाइड गरेपछि सिधै रेडियोको अनएयर, टिभीको स्क्रिन र पिएसबी तथा रेडियो र टेलिभिजनका अनलाइन पोर्टलमा प्रसारण गरिएको थियो। यसबाट सूचनामा एकरूपता र विश्वसनियता कायम हुन सक्यो।



यो प्रक्रियाले विगतमा प्रयोग गरिदै आएको टेलिफोनमार्फत् सम्वाददाताहरूसँग विवरण संकलन गर्ने र त्यसलाई टाइप गरी पढ्ने तरिकालाई प्रतिस्थापित गर्न मद्दत पुग्यो। जसका कारण प्रसारण पनि छिटो, भरपर्दो र पारदर्शी भयो। खासगरी अङ्क टिपोटमा हुने गल्ती, डाटा दोहरिने समस्या, डेस्कबाट स्टूडियोसम्म पुगेर गरिने प्रसारणमा हुने ढिलाई र त्यस अवधिमा प्राप्त हुने नयाँ डाटा प्रसारणमा अपडेट हुन नसक्ने जस्ता मानवीय त्रुटी लगभग शुन्य नै हुन पुग्यो।

समाचार डेस्क, रिपोर्टिङ, अनलाइन र प्रत्यक्ष प्रसारणका लागि एउटै वर्क स्टेशन खडा गर्नुका साथै सात वटै प्रदेशबाट डाटा संकलनका लागि सात वटै डेस्क तयार गरी ह्वाट्स एप, मेसेन्जर र इमेलको ग्रुप बनाएर कार्य विभाजन गरिएको हुँदा प्रसारणमा सहजता थपिएको थियो।

अत्याधुनिक भिजुअलाइजेशन (Graphics): प्राप्त डाटालाई दर्शक र पाठकहरूले सजिलै बुझ्ने गरी API-Application Programming Interface प्रयोग गरेर सार्वजनिक सेवा प्रसारणका वेभ साइटहरू: radionepalonline.com, nepaltvonline.com, nepaltvworld.com, psbnepal.gov.np र मोबाइल स्क्रिनमा नेपाली र अंग्रेजी भाषामा आकर्षक ढङ्गले प्रस्तुत गरिएको थियो।

❑ डिजिटल पोर्टल र एप : रेडियो र टेलिभिजनमा मात्र सीमित नभई हामीले आफ्नै वेब पोर्टल र मोबाइल एप्लिकेसनमार्फत् २४ सै घण्टा लाइभ अपडेट गरिरह्यौँ। यसले गर्दा प्रवासमा रहेका नेपालीहरूले पनि आफ्नो जिल्ला र क्षेत्रको चुनावी नतिजा हातहातमै प्राप्त गर्न सके। यो प्रविधिको प्रयोगले सार्वजनिक सेवा प्रसारणको विश्वसनीयतालाई बढाएको छ। साथै, रेडियो र टिभीका फेसबुक पेज, युट्युब र अनलाइन जस्ता सामाजिक सञ्जालमा सब्स्क्राइब बढेको छ।

## चुनौती :

❑ प्राविधिक खाडल (Digital Divide): नेपालका सबै भू–भागमा इन्टरनेटको पहुँच समान छैन। रेडियो नेपाल र नेपाल टेलिभिजनको पहुँच पनि सबै भू–भागमा अझै पुगिसकेको छैन। त्यसैले प्राविधिक खाडललाई पुर्नतर्फ ध्यान दिन आवश्यक छ।

❑ साइबर सुरक्षाको जोखिम : जति धेरै हामी डिजिटल हुन्छौं, त्यति नै धेरै साइबर आक्रमणको



जोखिम बढ्छ। राज्यको प्रसारण संयन्त्रको वेबसाइट, एप र डाटाबेसलाई सुरक्षित राख्न उच्चस्तरीय Firewall र सुरक्षा संयन्त्रको व्यवस्था हुनुपर्दछ।

❑ दक्ष जनशक्तिको कमी : नयाँ प्रविधि भित्र्याउन जति सजिलो छ, त्यसलाई चलाउन सक्ने दक्ष जनशक्तिको आवश्यकता पर्दछ र त्यो जनशक्तिलाई टिकाइ राख्न पनि सक्नु पर्दछ। पिएसबी नेपालमा सूचना प्रविधिसँग जनशक्तिको कमी छ र भएका जनशक्तिलाई थप ज्ञान, सीपमा पोख्त बनाउन आवश्यक छ।

❑ नीतिगत र कानूनी व्यवस्था: पुरानो ऐन र कानूनले डिजिटल युगको मागलाई समेट्न नसक्ने हुँदा सार्वजनिक सेवा प्रसारणको छुट्टै प्रविधिमैत्री नीति बनाउन आवश्यक देखिन्छ।

## निष्कर्ष

डिजटल रूपान्तरण कुनै रहर नभएर आजको अनिवार्य आवश्यकता हो। सार्वजनिक सेवा प्रसारण नेपालले आफुलाई समयसापेक्ष परिमार्जन गर्दै प्रविधिको उच्चतम प्रयोग गरेर प्रसारणलाई सहज, विश्वसनीय, व्यापक र भरपर्दो बनाउन जरुरी छ। अन्यथा, श्रोत्ता, दर्शकको यसप्रति रुचि विस्तारै घट्न थाल्नेछ। त्यसतर्फ राज्य, तालुक मन्त्रालय र पिएसबीको व्यवस्थापनले समयमै तदारुकता देखाउन अब ढिला गर्न हुन्न।

*(लेखक दाहाल रेडियो नेपालका उपनिर्देशक र हुँमागाई सूचना प्रविधि विज्ञ हुनुहुन्छ।)*

## हार्दिक अनुरोध

❖ विकास निर्माण लगायत भौतिक पूर्वाधार निर्माण गर्ने क्रममा वातावरणमैत्री उपायहरूलाई अपनाऔं।
❖ वातावारणीय क्षती हुनेगरी सडक तथा अन्य पूर्वाधार निर्माण कार्य संचालन नगरौं।
❖ सार्वजनिक सडक लगायत सम्पत्तिहरुको अतिक्रमण नगरौं
❖ मानवीय संरचनाहरू व्यवस्थित, किफायती, सुरक्षित र वातावरण अनुकुल बनाउ।
❖ सडकमा निर्माण सामाग्री नथुपारौं।
❖ सम्बन्धित निकायको अनुमति बिना सडक खन्ने, होडिङ बोर्ड गाड्ने, संरचना निर्माण गर्ने कार्य नगरौं र नगरौं।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय**
**पालुङ्गटार, गोरखा**

## हार्दिक अनुरोध

- पिउने पानी सबैले फिल्टर गरेर रतताएर मात्रै पिउने बानी गरौं। चर्पी गरिसकेपछि साबुन पानीले हात मिचिमिची धुने गरौं।
- पानीको मुहान वरपर सधैं सफा राखौ।
- खाना खानुअधि र खाईसकेपछि अनिवार्य हात धुने बानीको विकास गरौं।
- फोहोर पानीको कारणले गर्दा विभिन्न प्राणघातक रोग लाग्ने भएकाले अनिवार्य रुपमा सफास्वच्छ पानीको प्रयोग गरी सबैको जीवनको रक्षा गरौं।

**खानेपानी तथा सरसफाई**
**डिभिजन कार्यालय, स्याङ्‌जा**

### मध्यविन्दु नगरपालिका
### चोरमारा, नवलपरासी (ब.सु.पू.), गण्डकी प्रदेश, नेपाल
### सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाई

मध्यबिन्दु नगरपालिकाले सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाईमार्फत फोहोरमैला व्यवस्थापन ऐन, २०७९ तथा सरसफाइ प्रवर्द्धन एवम् वातावरण संरक्षणसम्बन्धी नीतिअनुसार सरसफाई तथा वातावरण संरक्षण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुँदै आएको व्यहोरा सम्पूर्ण नगरबासीमा जानकारी गराइन्छ।
आजको विश्वव्यापी प्रदूषण, जलवायु परिवर्तन तथा वातावरणीय असन्तुलनलाई मध्यनजर गर्दै वातावरण संरक्षण गरी स्वच्छ, सुरक्षित र स्वस्थ नगर निर्माणका लागि प्रत्येक घरपरिवारले कुहिने र नकुहिने फोहोर अनिवार्य रुपमा छुट्याई व्यवस्थापन गर्न आम नगरबासीहरुलाई अनुरोध गरिएको छ। हालसम्म १४,५०० भन्दा बढी घरधुरी सरसफाई कार्यक्रममा आबद्ध भई सक्रिय रुपमा सहभागी भइरहेका छन्।
हाम्रा घर तथा भान्साबाट दैनिक उत्पादन हुने कुहिने र नकुहिने फोहोरलाई वैज्ञानिक तवरबाट व्यवस्थापन गर्नु आजको चुनौतीपूर्ण कार्यलाई नगरपालिकाले प्राथमिकतामा राखी यसको उचित व्यवस्थापन गरिहेको र यसको दिगोपनालाई निरन्तरता दिन सम्पूर्ण नगरबासी, टोल विकास संस्था, विद्यालय, महिला समूह तथा सरोकारवालाहरुको सहयोग र सचेतना नगरपालिकाले अपेक्षा गरेको छ। वातावरण संरक्षणमा सचेत, जिम्मेवार र सक्रिय भई घरमै फोहोर वर्गीकरण गर्ने, जैविक मलको प्रयोगलाई प्रोत्साहन गर्ने तथा सरसफाइ अभियानमा सहभागी हुन हार्दिक अनुरोध गरिन्छ। स्वस्थ नगर, स्वस्थ जीवन हाम्रो सामना प्रतिवद्धता॥

नगर प्रमुखः भिमलाल अधिकारी
उप प्रमुखःपूर्णकला चौधरी
प्रमुख प्रशासकिय अधिकृतः विपिन क्षेत्री
एवम् मध्यविन्दु नगरपालिकाको कार्यालय, परिवार, चोरमारा, नवलपरासी (ब.सु.पू.)

### गैडाकोट नगरपालिका, नगरपालिकाको कार्यालय
गैडाकोट,नवलपरासी,बर्दघाट सुस्तापूर्व
**हार्दिक शुभकामना।**

नेपाली जनताको अभिव्यक्ति, स्वतन्त्रता र सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक तथा अन्य महत्वपूर्ण गतिविधि जनसमक्ष पुर्‍याउदै आएको मुलुकको विश्वसनीय , गुणस्तरीय र अग्रणी प्रसारण संस्था रेडियो नेपालको ७६ वार्षिकोत्सवको अवसरमा सार्वजनिक सेवा प्रसारण रेडियो नेपाललाई जनताको विश्वासिलो सञ्चार माध्यम बनाउन अथक प्रयास गर्नु भएका सम्पूर्ण सञ्चारकर्मी तथा श्रोता महानुभावमा हार्दिक शुभकामना एवम् रेडियो नेपाल परिवारलाई उत्तरोत्तर प्रगतिको अनन्त शुभकामना व्यक्त गर्दछौं।
ऋषि मुनिहरुको तपोभूमि, गण्डकी प्रदेशको धार्मिक पर्यटकीय नगर गैंडाकोटको सुप्रसिद्ध धार्मिक स्थल
मौलाकाली मन्दिरको गरिमालाई देश विदेशसम्म पुर्‍याउन बिगतका दिनहरुमा रेडियो नेपालले खेलेको भूमिका प्रशंसनीय रहेको र भविष्यमा पनि यस नगरको गरिमा जनमानसमा पुर्‍याउन प्रभावकारी भूमिकाको आशा राख्दै हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं।

नगर प्रमुख : मदन भक्त अधिकारी
उप प्रमुखः शान्ती कोईराला
प्रशासकीय अधिकृतःश्री रामचन्द्र लामगादे

# रेडियो नेपाल युगौँयुग बजिरहनुपर्छ



*युवराज शर्मा*

हामी रेडियो नेपालको आकाश भनौँ नेपाली आकाशमा छौँ। नेपाली बस्तीहरूमा लामो समयसम्म देशको मात्रै नभएर विश्वव्यापी सूचनाको एकमात्र आधार थियो, रेडियो नेपाल। राजादेखि जनताका घर घरको स्थायी सदस्य। न निर्जीव भन्न मिल्ने, न सजीव। तर वास्तविकतामा भन्नुपर्दा मानव निर्मित उपकरण। मैले मेरो नाम युवराज कुन दिनदेखि उच्चारण गर्न थालेँ ठ्याक्कै तिथि मिति याद छैन। त्यसैगरी मैले कुन दिनदेखि रेडियो नेपाल सुन्न थालेँ मलाई याद छैन। गाउँमा रेडियोको कहानी बुझ्दा मैले आमाको गर्भमा हुँदै रेडियो नेपाल सुन्दै आएको कुरामा म विश्वस्त छु।

सम्झनामा रेडियो नेपालका धेरै कार्यक्रमहरू छन्। बाल्यकालदेखि सुनेको हुँदा बाल कार्यक्रम "आओ मेरा प्यारा, प्यारा, भाइ बैनी हो, रेडियोको नजिक आओ अब सुरु गरौँ, आजको हाम्रो बाल कार्यक्रम।" वासुदेव मुनालको बाल आकर्षणको स्वर अहिलेसम्म ताजै छ। साथमा कार्यक्रम सञ्चालकहरू ताराप्रसाद वस्ती, चन्दा विष्टलगायत पनि मस्तिष्कमा हुनुहुन्छ।

पहिलो चरणमा बाल्यकालकै प्रसङ्गमा जाउँ। देशमा ८१% जनता हिन्दू धर्मावलम्बी भएको जानकारी पुस्तकका पानामा पढियो। अग्रजका मुखबाट सुनियो। धर्मप्रतिको आस्था र विश्वास जगाउने शुभप्रभातका धार्मिक कार्यक्रम मन मस्तिष्कमा ताजै छन्। उक्त समयका भजन "हर हर हर महादेव, ॐ जय जगदीश हरे।" धार्मिक कार्यक्रमले आध्यात्मिक जागरण र नैतिकवान बनाउनमा निकै ठूलो भूमिका खेलेको कुरा जगजाहेर छ। समाजमा पूर्वीय सभ्यता जोगाउन र यसको निरन्तरताका लागि यस प्रकारका कार्यक्रमहरूको आवश्यकता निरन्तर रहिरहने गर्छ।

८१% हिन्दु धर्मावलम्बी मात्रै होइन। कृषि गणनाअनुसार हाम्रो नेपाल ६२% कृषक परिवार र निर्वाहमुखी कृषिमा रहेको गाउँ नै गाउँले भरिएको देश। म पनि किसान परिवारको सदस्य। खेतबारीमा समयअनुसार खेतीपाती र गोठमा गाई गोरु भैंसी बाख्रा हाम्रा पारिवारिक सदस्य। हर साँझ किसानलाई केन्द्रित गरी ६:४० मा कृषि कार्यक्रम लिएर आउने विनोद गिरी र बुढी आमा अहिले पनि सम्झन्छौँ। सम्भावित रोग र उपचार विधि धेरै टिपियो र आवश्यक पर्दा उक्त ज्ञान र सूचना उपयोग पनि। यस प्रकारका कार्यक्रमहरू राज्य जनताप्रति उत्तरदायी छन् भनेर देखाउने उत्कृष्ट उदाहरणहरू हुन्।

राज्यले दुर्गम घोषणा गरेको, प्यूठानको हाल मल्लरानी गाउँपालिका वडा नम्बर ३, साविक रसपुरकोट गाउँ विकास समिति वडा नम्बर ७ चौरपानीमा बसी देशको राजधानी काठमाडौँबाट प्रसारण भएको रेडियो नेपाल सुन्थ्यौँ हामी। समाचारमा मेचीदेखि महाकालीसम्मका खबर सुन्थ्यौँ। बाल मस्तिष्कमा लाग्थ्यो चीन र भारतलाई सिमाना छुने ताप्लेजुङ र दार्चुला कस्तो होला ? पहिलो पटक सूर्योदय हुने

इलाम कस्तो होला? हिमाली जिल्ला सोलुखुम्बु र जुम्लाका हामी जस्ता केटाकेटीले कसरी पढ्छन् होला ? समय र पेशाले देशका ७७ जिल्लामा पुऱ्याउनु पूर्वमा नै बाल जिज्ञासा मेटिए । देशका कुनकाप्चामा पुग्दा अहिले पनि रेडियो नेपाल सुन्छु । मेरा बालापन सम्झन्छु । रेडियोका समाचारले मलाई कौतुहलता जगाएको अर्को प्रसङ्ग छ । प्रसङ्ग हो अन्तर्राष्ट्रिय समाचार । समाचारमा वाचन हुने विश्वका विभिन्न देशका राजधानीको नाम, शहरको नाम भएका समाचार र घटना । मलाई लाग्थ्यो कसरी संसारका सबै देशका नाम राजधानी र शहर थाहा पाएका होलान् ? समयले सबै उत्तर दिइसकेको छ मलाई ।

व्यक्तिगत रुचिका आधारमा राजनैतिक र साहित्यिक कार्यक्रम अलि बढि सुनैं । रेडियोको अन्तर्वार्तामूलक कार्यक्रम अन्तरसंवाद, परिवेश र विश्लेषणात्मक कार्यक्रम घटना र विचार निकै सुनियो । देशका राजनैतिक नेतृत्वको उत्तर निकै सुनियो । बाल्यकालमा राजनीतिप्रति निकै ठूलो चासो र भविष्य पनि देखेको थिएँ । राजनीतिशास्त्र पढ्दै जाँदा देशको मूलनीति नैतिकता र समाजसेवी भावनाबाट च्यूत भएपछि मेरो मनमा राजनीतिप्रति चासो र चिन्तन यथावत् छ तर रुचि छैन ।

रेडियो नेपाल सुन्न मिटर घुमाउँदा घुमाउँदै मलाई अल इण्डिया रेडियो, खर्साङ रेडियो, सिआरआई नेपाली सुन्न, चिन र भारत बुझ्न पनि रेडियो नेपालले नै सहयोग गरेका हुन् । रेडियोको विशालता निकै थियो । अहिले इन्टरनेटको युगले विश्व साँघुरिएको छ । तर रेडियोबाट प्रसारण हुने ज्ञान सूचना जानकारीको विशालता आकास जत्तिकै लाग्दथ्यो । रेडियोले नेपाली जातजाति र भाषाभाषीका पक्षलाई मात्र नसमेटेर विश्वलाई समेटेर जुन कार्यक्रम प्रसारण गर्दथ्यो । त्यसले नेपाली गाउँबाट हामी विश्व पढिरहेका र जानीरहेका हुन्थ्यौँ ।

क्रमशः साहित्यिक कार्यक्रम सुन्ने रुचि बढ्यो । बेलाबखत पोष्ट बक्स नम्बर ६३४ मा चिठी पत्र पठाइयो । दाहाल यज्ञनिधीको नेतृत्वदायी स्वरमार्फत साहित्य संसार, समाजको मझेरीमा साहित्य निकै सचेतपूर्ण तवरले सुनिथ्यो । अत्यन्तै चर्चित साहित्यिक कार्यक्रम मधुवन र सुरसंगम सुखदुःखको साथी नवराज लम्सालको साथमा निकै सुनियो । 'साइली रिमै चौरीगाई झऱ्यो रिमै मधुवनैमा ।' मधुवनको बसाइँ सकभर नछुटाई सुनिन्थ्यो । बेलाबखत देशका कुनामा पुगेर त्यहाँको भाषा, साहित्य, संस्कृति परिवेशहरू स्थानीय आवाजमा सुन्न पाउँदा निकै खुशी लाग्ने गर्दथ्यो । जुम्लाको कहानी, देवघाट महिमा, स्वर्गद्वारीको वर्णन कार्यक्रममा सुन्दा एकपटक नेपाल घुम्ने पर्ने लक्ष्य बाल्यकालमा तय गरियो । जुन अहिले पूरा भएको छ । रमेश पौडेलको आवाजमा गागरमा सागर अटाउने अर्को महत्त्वपूर्ण साहित्यिक कार्यक्रम विम्ब प्रतिविम्ब निकै सुनियो । मुक्तकअनुसारको चटक्क मिल्दो गीत पनि सुनेको सम्झना ताजै छ । कार्यक्रम उद्गार रेडियो नेपालमा सुनेर हामी साहित्यमा लालायित भयौँ ।

अमरध्वज लामाको सुमधुर स्वरमा बुधबार राति प्रसारण हुने संगीत सरोवर कार्यक्रम हाम्रो साथी भएर आउथ्यो । गीतीकथा सुन्दै विद्यालयका पुस्तक पढ्दै दश सहजै बज्थ्यो । रेडियोमा बिहानीमा बज्ने स्वदेश गीत र राति ९:३० पछि बज्ने देशभक्तिका गीतहरूले मलाई गीत लेखनमा निकै सधाए । मलाई लाग्थ्यो रेडियो नेपालमा मेरो पनि गीत बज्न पाए । त्यो इच्छा पनि पूरा भएको छ, दर्ता नम्बर ६००२ मा मेरा केही स्वदेश गान रेडियो नेपालको म्युजिक लाइब्रेरीमा दर्ता भएर बजिरहेका छन् । रेडियो नेपाल

सुन्दै पलाएका आशा अहिले पूरा भएका छन्। रेडियो नेपालले चेतनाको विकास र लक्ष्य निर्माणमा पुऱ्याएको योगदानप्रति धेरै–धेरै धन्यवाद।

रेडियो नेपाल 'नेपालीको रेडियो' भन्ने सन्देश रेडियोले आजका दिनसम्म दिइरहेको छ। देशका उत्सवहरूमा प्रत्यक्ष प्रसारणका माध्यमबाट देशभर श्रोतालाई खुशीयाली दिइरहेको इतिहास छ। प्रजातान्त्र दिवस, महाशिवरात्री, हरितालिका तिज, संसदमा हुने गतिविधी लगायत अन्य। त्यसैगरी दुःखको समयमा पनि रेडियो नेपाल 'नेपालीको घरको साथी' बनेको छ। भूकम्पको समयमा होस् वा देशमा बाढी पहिरो विपद्को समयमा होस् कोरोना महामारीको समयमा होस नेपालीलाई सूचना र जानकारी लगातार प्रसारण गरेर नेपालीको मनमनमा बसेको छ। यसलाई निरन्तरता दिँदै इतिहास बचाई राख्न रेडियो नेपालले निरन्तर लागि नै रहने छ।

साहित्यिक कार्यक्रममा अतिथिका रुपमा बोलाउने साहित्यकारसँगका अन्तरसंवाद निकै चाखपूर्वक सुन्ने बानी अहिलेसम्म पनि छ। साहित्यकारका विचार, रचना सिर्जना, अनुभव र समाजलाई बुझ्ने दृष्टिकोण निकै मन पर्छ। बाल्यकालमा म पनि कविता, कथा, गीत लेखेर देशको केन्द्रीय प्रसारण रेडियो नेपालमा बोल्न पाए कस्तो होला? लागेको थियो। साहित्यप्रतिको रुचि र निरन्तर साधनाले गर्दा मैले पनि त्यो अवसर प्राप्त गरे। मिति २०८० असार १६ गते रेडियो नेपालको लोकप्रिय साहित्यिक कार्यक्रम साहित्य संसारमा लोकप्रिय कार्यक्रम सञ्चालक ताराप्रसाद वस्तीज्यूसँग साहित्यिक संवाद गर्दै साहित्यिक रचना सुनाउने अवसर प्राप्त भएको थियो। नेपालीमा उखान छ 'जहाँ इच्छा त्यहाँ उपाय' त्यसलाई मूर्तरुप दिन पाएकोमा मलाई निकै खुशी लागेको छ। त्यसका लागि रेडियो नेपाल परिवारलाई हृदयदेखि धन्यवाद दिँदै आएको छु।

रेडियो नेपालका कार्यक्रम र प्रस्तोताका आवाजसँग म निकै परिचित थिए। रेडियोका कार्यक्रम सञ्चालकहरू आफ्नो अत्यन्तै नजिकको अभिभावक जस्तो लाग्ने गर्दथ्यो। जीवनको एक समयमा म रेडियो सुनेर यति बज्यो सहजै भन्न सक्ने थिएँ। रेडियोमा कार्यक्रमहरूमा "असल शासन, हाकाहाकी, रामविलास र धनिया, साथीसँग मनका कुरा, के म तिम्रो साथी बन्न सक्छु, राजधानीको सन्देश, फोन इन, विज्ञान तथा प्रविधि, फर्माइस, रेडियो नाटक, दिनप्रतिदिन, सांसदलाई प्रश्न, परदेशीको सन्देश, कबुलियति वन। वर्तमानमा रोजगारीको स्वरूप स्थलगत रूपमा देशका धेरै ठाउँमा खटिनु पर्ने छ। देशका वस्तीहरूमा यो देशका वन जंगलमा नदीका किनारामा सबै ठाउँमा माटोको स्पर्श गर्नुपर्ने काममा छु। म पुगेको ठाउँमा रेडियो नेपाल हरसमय हर साथमा बजाउँछु। त्यसका साथै म पुगेको ठाउँमा मैले बजाउँने अर्को महत्त्वपूर्ण कुरा देशभक्तिका गीतहरू हुन्। देशका टाकुराहरूमा अनकन्टार जंगलहरूमा रेडियोको आवाज र देशभक्ति गीत बजाएर नेपाली माटोमा देशभक्तिपन जगाउन पनि मलाई निकै मन लागिरहन्छ।

रेडियो निकै सुनिरहने बानी परेको थियो। कार्यक्रमको समय तालिकामा एउटा वाणी आउथ्यो राति ११:०० बजे– 'आजको हाम्रो सम्पूर्ण सेवा यही समाप्त हुनेछ'। मलाई लाग्थ्यो बजिरहेको रेडियो कसरी बन्द होला। निर्धारित समयमा रेडियो बन्द हुन्थ्यो स्वा.............आवाज आउथ्यो। त्यसदिन मलाई लाग्यो

सायद मानिसको मृत्यु पनि यसरी नै बोल्दाबोल्दै रेडियो बन्द भएझै बोली बन्द भएर हुन्छ होला। तर रेडियो युगौंयुग बजिरहनुपर्छ, मानव सभ्यता रहेसम्म। जसले समाजलाई, देशलाई, जनतालाई निरन्तर जगाइरहनु आवश्यक छ।

विश्वव्यापी रुपमा सूचना प्रविधिको विकाससँगै रेडियोको मार्गमा केही चुनौती अवस्य आएका छन्। प्रथमतः हामीले नयाँ र समय सुहाउँदो कार्यक्रम प्रसारण गर्नुपर्छ। दोस्रो हामीले अरूबाट सिक्ने कुरामा पछि पर्नु हुँदैन। देशभर आवाजको पहुँच पुऱ्याउन रेडियो नेपालले रिले स्टेसन र एफएमहरू स्थापना गरेको कार्य अत्यन्तै सराहनीय छ। विश्वव्यापी रूपमा जलवायु परिवर्तन तीव्र गतिमा भैरहेको तथ्य सर्वत्र पढ्न पाइन्छ। यसको प्रभाव र उच्च जोखिममा  हाम्रो देश नेपाल रहेको छ। नेपाली हिमालको सौन्दर्य र पर्यावरण भावी सन्ततिहरूका लागि पनि बचाउनु पर्छ भन्ने विश्वव्यापी सन्देश बोकेका। सचेतनापूर्ण कार्यक्रमहरू पनि अब रेडियो नेपालको प्राथमिकतामा पर्नुपर्छ।

यस धर्तीका सुन्दर फूलहरू वास्तवमा बालबालिका नै हुन्। घरपरिवारमा बालबालिको गतिविधि हुँदा जसरी घरै उज्यालो हुन्छ। त्यसरी नै देशका बालबालिका जति ज्ञानी विवेकशील र नैतिकवान भए देशको भविष्य त्यति नै उज्ज्वल हुन्छ। बालबालिका नै राष्ट्रका भविष्य र गहना हुन्। बालबालिकालाई नैतिकवान्, चरित्रवान्, देशभक्त, समाजसेवी बनाउने केन्द्रित कार्यक्रमहरू धेरै भन्दा धेरै प्रसारण गरिएमा यसले दीर्घकालसम्म राज्यलाई भौतिक बौद्धिक फाइदा भइरहन्छ। बालबालिका केन्द्रित प्रतियोगितात्मक कार्यक्रममा उपयोगी ज्ञानका पुस्तक पुरस्कार उपलब्ध गराएर बालबालिका केन्द्रित कार्यक्रम थप श्रोतामुखी र प्रभावकारी बनाउने दिशामा अगाडि बढे रेडियो नेपालले नै समुन्नत नेपालको मार्ग निर्देश गर्न सक्छ।

रेडियो सुन्ने एउटा उमेर समूह प्रौढ समूह हो। उमेरले परिपक्व निकै अनुभव ज्ञान हासिल गरेको समूहलाई लक्षित गरी धेरै कार्यक्रम चलाउन सकिन्छ। फोनद्वारा र प्रत्यक्ष भेटघाटबाट केस्रा केस्रा केलाएर कार्यक्रम प्रसारण गर्न सके उहाँका अनुभवहरू प्रसारित मात्रै हुदैनन् महत्त्वपूर्ण दस्तावेजहरू लामो समयसम्म सुरक्षित र संरक्षित पनि हुन्छन्। जसले राज्यलाई निकै ठूलो टेवा पुऱ्याउन सक्छ र श्रोताको संख्यामा वृद्धि हुन्छ। यस प्रकारका कार्यक्रममा रेडियो नेपालको दृष्टि पर्नु आवश्यक छ।

रात्रिकालीन यात्रालाई सम्बोधन गरी साहित्य र सुरक्षित यात्राका लागि रेडियो नेपालले कार्यक्रम सञ्चालन गर्नु राम्रो देखिन्छ। यात्राको अनुभव प्रत्यक्ष प्रसारण र यात्रामा हुने हिंसा, गैरकानुनी गतिविधि र लापरबाहीबारे तत्काल सम्बन्धित निकायलाई सम्पर्क बनाउने कार्यक्रम पनि अबको दिनमा उपयोगी हुन सक्छ। जनतामा संविधान र कानुनी ज्ञान फैलाउन निरन्तर हक, अधिकार र कर्तव्य, न्याय सिद्धान्त पनि रेडियो कार्यक्रममा जोडिनुपर्छ।

बीबीसीले आफ्नो लोकप्रियता कायम गरेकै छ। सिआरआई दिनप्रतिदिन नयाँ नयाँ कार्यक्रम गर्दै अगाडि बढेको छ। हामी प्रत्येकबाट नयाँ र हाम्रो लागि उपयोगी कुरा सिक्न जरुरी छ। सिआरआईले कन्फ्युसियस र ताओका दर्शनलाई विभिन्न भाषाका माध्यमबाट र वेबसाइटबाट विश्वभर पुऱ्याउन लागिरहेको छ। पूर्वीय सभ्यता र दर्शनको केन्द्र नेपालले पनि यहाँका असंख्य प्राचीन ग्रन्थ प्रचार गर्न

सक्नुपर्छ। धार्मिक कार्यक्रममा वर्षको एकपटक तिथि अनुसार स्वस्थानी कथा वाचन गरेजस्तो वेद, महाभारत, पुराण, उपनिषद् , त्रिपिटक, मुन्धुमलाई नियमित रूपमा राष्ट्रिय प्रसारणका माध्यमबाट विश्वभर पुऱ्याउन नयाँ कदम चाल्नुपर्ने देखिन्छ।

नेपालको मूल विधान नै दिव्योपदेश हो। यसमा व्यक्त विषयवस्तुले सोही दर्साइरहेको छ। जुन नेपाल एकीकरणका सूत्राधार पृथ्वीनारायण शाहले आफ्नो अनुभवका आधारमा दिनुभएको थियो। दिव्योपदेश नेपाल, भारत र चीनको तत्कालीन अवस्था बुझ्न अत्यन्तै सहयोग गर्ने दस्तावेज पनि हो। यसलाई बहुभाषामा नियमित प्रसारण गर्न रेडियो नेपाल अगाडि बढ्नुपर्ने देखिन्छ। जसले आगामी विश्वलाई नेपाल कसरी तत्कालीन समयमा उपनिवेश बन्नबाट बच्यो बताउँनेछ। यसका साथै वीर गोर्खाली मात्रै होइन बौद्धिक र कुटनैतिक गोर्खालीको इतिहास विश्वलाई बुझाउन सकिनेछ।

नेपाल आन्तरिक बाह्य पर्यटनको लागि एक सर्वोकृष्ट गन्तव्य हो। आन्तरिक र बाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरू ल्याउन सके नेपाली सुन्दरताको प्रचारप्रसार व्यापक रूपमा हुने थियो। त्यसका साथै अर्थतन्त्र चलायमान र विदेशी मुद्रा आर्जन पनि हुने थियो। यस प्रकारका कार्यक्रममा स्थान परिचयको साथसाथै पर्यटक गाइड र पर्यटकको अनुभव आम श्रोतालाई सुनाउन पाए नेपालको पर्यटन प्रवर्द्धनमा रेडियो नेपालको भूमिका उच्च देखिने थियो।

देशमा शिक्षा अनुसारको रोजगारीको अभावमा युवा पुस्ताको पलायन तीव्र छ। रेडियो नेपालले स्वदेशमै उद्यमशीलताका नयाँ नयाँ क्षेत्र देखाउँदै यसलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरू प्रसारण गर्नुपर्दछ। पछिल्लो समय देशमा खेतियोग्य जमिन बाँझो हुने क्रम तीव्र छ, यसलाई सम्बोधन हुने कृषिमा आधुनिकता र सामुहिक खेती र बजारीकरण प्रवर्द्धनमा सहयोग पुग्ने कार्यक्रम प्रसारण गर्न सके प्रभावकारी हुने देखिन्छ।

पछिल्लो समय नेपाली जनमानसमा राष्ट्र र राष्ट्रियता अत्यन्तै कमजोर भएको छ। राष्ट्रियता मजबुत हुने सवाललाई सम्बोधन गर्ने गरी रेडियो नेपालले नियमित कार्यक्रमभित्र समेटिनु पर्छ। विगतमा जिल्लाको प्रतिनिधित्व हुने गर्दथ्यो। अब प्रत्येक स्थानीय सरकारको प्रतिनिधित्व हुने कार्यक्रम र सूचना रेडियो नेपालले दिनुपर्छ। प्रत्येक स्थानीय तहलाई राजधानीसँग जोड्न पनि रेडियो नेपालले भूमिका खेल्नुपर्छ। जस्तो कि स्थानीय उत्पादन, पर्यटन, ऐतिहासिक पक्ष, भाषा, कला, संस्कृति, प्रतिभा, विपद्, उद्धार आदि। राज्यको आधिकारिक सार्वजनिक सेवा प्रसारणले राज्य सबैको हो भन्ने अनुभूति मेचीमहाकाली आकाशभित्र बस्ने सबैलाई दिनुपर्छ। नयाँ कार्यक्रमका लागि विभिन्न सरकारी, गैरसरकारी निकाय निजी क्षेत्रसँग समन्वय र देश समाजमा अन्तर्क्रिया र सुझाव सङ्कलन गरेर पनि समयको आवश्यकता बोध  हुने कार्यक्रम तय गर्नुपर्ने देखिन्छ।

पछिल्लो समय अत्यन्तै चर्चित पोडकास्ट शैलीका कार्यक्रम रेडियो नेपालबाट आउनु आवश्यक छ। जसले रेडियो नेपालको लोकप्रियतालाई थप उचाइमा पुऱ्याउन मद्दत पुऱ्याउनेछ। रेडियो नेपालले अडियो बुक उत्पादन गर्न अब विलम्ब गर्नुहुँदैन। कार्यव्यस्ततामा रहेको मानव समुदाय दृश्य होइन वाणी सुन्न सुरक्षित मान्छ। अब रेडियो नेपाल भनौं सार्वजनिक सेवा प्रसारणले समाचार र आफ्नो डिजिटल

प्लेटफर्म छिटोभन्दा छिटो अपडेट गर्नुपर्ने देखिन्छ। समाचारका विभिन्न अनलाइनहरूका माझमा राज्यको समाचारको उपस्थिति छिटो, विश्वासिलो र भरपर्दो भन्ने जनमानसको मन जित्न सबै कार्य गर्न जरूरी छ। नेपाली निजी क्षेत्रबाट पनि सिको गर्न हामी लाज मान्नुपर्दैन, सिकाइ निरन्तर प्रक्रिया हो भनेर रेडियो नेपालले देशलाई बुझाएको छ। अब रेडियो नेपाल आफैँले बुझ्ने समय आएको छ। रेडियोबाट प्रसारण हुने विविध कार्यक्रमहरूमा श्रोताको रुचि र चाख बढाउन सकिएन भने रेडियो पनि इतिहासका पानामा र विश्व रेडियो दिवस फेब्रुअरी १३ मा मात्र सुरक्षित हुनसक्छ। नेपाली जनताको लागि रेडियो नेपालको आवाजको उपस्थिति नै राज्यको उपस्थिति हो। रेडियो नेपालले बजाउने नाराले पनि यही बताउँछ "आवाजले छुने सम्पूर्ण नेपाल, रेडियो नेपाल" घर घरको साथी र घर घरमा सरकार बनेर रेडियो नेपाल निरन्तर अगाडि बढोस्। शुभ कामना।

*(लेखक रेडियो नेपालका नियमति श्रोता एवम् अमर ज्योति साहित्यिक त्रैमासिकका कार्यकारी सम्पादक हुनुहुन्छ।)*


**"तानसेनको गौरव, शिक्षा,स्वास्थ्य,पर्यटन,कला र पौरख"**

**तानसेन नगरपालिकाको अनुरोध।**

- तानसेनका पर्यटकीय स्थल रानीमहल, श्रीनगर, गुफचौर, कमलपोखरी ताल, पाल्पा दरबार, अर्गली दरवार, भगवती मन्दिर, अमर नारायण मन्दिर, ऋषिकेशब धाम, लिपिन्देबी मन्दिर, बोल्नेपानी कुवा, कोकलदेबी लगायतका स्थान भ्रमण गरि पर्यटन प्रवर्द्धन गरौँ।
- तानसेन सफा राखौँ, सार्वजनिक स्थलमा फोहर नगरौँ, घरबाट निस्कने फोहर छुट्टाएर मात्र फोहर संकलन गर्ने गाडीमा राखौँ।
- सडक पेटी नमिचौँ, तोकिएको स्थानमा मात्र सवारी पार्किङ्ग गरौँ।
- सार्वजनिक सम्पत्ति, प्राकृतिक र ऐतिहासिक धरोहरको संरक्षण गरौँ।
- कर समयमै तिरौँ, जिम्मेवार नागरिकको परिचय दिऔँ।
- प्लास्टिकको प्रयोग नगरौँ, स्थानीय उत्पादनको प्रयोगलाई बढाऔँ। पाल्पाली ढाका र करुवाको प्रयोग गरौँ।
- तानसेन सुन्दर राख्न सबै तानसेनबासीले योगदान दिऔँ। पहाडकी रानीको उपमालाई साकार पारौँ।
- तानसेन आउने पाहुनालाई स्वागत र सम्मान गरौँ।

रेडियो नेपालको ७६ औँ वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।

| | | |
|---|---|---|
| नगर प्रमुख<br>सन्तोषलाल श्रेष्ठ | उपप्रमुख<br>प्रतिक्षा गाहा सिंजाली | प्रमुख प्रशासकिय अधिकृत<br>चेतनाथ गिरी |

# नागरिक शिक्षा प्रवर्द्धनमा रेडियो नेपाल



उद्धव सिंह च्वाँगढी

नागरिक शिक्षाको महत्त्वकाबारे विभिन्न शिक्षाविद् तथा दार्शनिकहरूले महत्त्वपूर्ण धारणा राखेका छन्। विसौं शताब्दीका शिक्षाविद् Paul Frier का अनुसार नागरिक शिक्षा मानिसलाई सचेत, आलोचनात्मक सोच भएको र सामाजिक परिवर्तनका लागि सक्रिय बनाउने माध्यम हो।

"Civic education is a means to make individuals conscious, develop critical thinking, and become active agents of social change."

त्यसैगरी दार्शनिक Aristotle ले नागरिक शिक्षालाई असल नागरिक निर्माणको आधार मानेका छन्।

"The aim of civic education is to make the good citizen."

अर्का दार्शनिक Plato ले नागरिक शिक्षा र राज्यको समृद्धिबिच गहिरो सम्बन्ध रहेको बताएका छन्।
"Civic education has a deep connection with the prosperity of the state."

नागरिक शिक्षा भनेको एउटा व्यक्तिलाई असल नागरिक बनाउने गतिलो औजार हो। किनकि नागरिक शिक्षाले व्यक्तिलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत मात्र बनाउँदैन, यसले जिम्मेवार र अनुशासित नागरिकका रूपमा विकास गर्न मद्दत गर्छ। नागरिक शिक्षामार्फत एउटा व्यक्ति लोकतान्त्रिक मूल्य–मान्यता, कानुनको सम्मान, सामाजिक सहअस्तित्व, सहिष्णुता र नैतिक आचरणबारे जानकार हुन्छ। यसले समाजमा शान्ति, सुव्यवस्था र सुशासन कायम गर्न सहयोग पुऱ्याउनुका साथै व्यक्तिलाई राष्ट्रप्रति उत्तरदायी र सक्रिय बनाउँछ। त्यसैले समुन्नत र सभ्य समाज निर्माणका लागि नागरिक शिक्षा अपरिहार्य मानिन्छ।

नागरिक शिक्षा घर–परिवारबाट सुरु हुन्छ। किनकि व्यक्तिको पहिलो सिकाइको केन्द्र घर नै हो। परिवारमा आमाबुबा तथा अभिभावकबाट सिकाइने अनुशासन, जिम्मेवारी, सहकार्य, सहिष्णुता र अधिकार–कर्तव्यको ज्ञान नै नागरिक शिक्षाको आधार बन्छ। जब घरमै बालबालिकालाई सत्य बोल्ने, अरूको अधिकारको सम्मान गर्ने, नियम पालन गर्ने र समाजप्रति उत्तरदायी बन्ने बानी बसालिन्छ, तब उनीहरू असल नागरिकका रूपमा विकसित हुन्छन्। त्यसैले सुदृढ पारिवारिक वातावरणले नै सचेत, जिम्मेवार र कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

घरपछि नागरिक शिक्षा प्रवर्द्धन गर्ने औपचारिक संस्था विद्यालय हो। किनकि विद्यालयले विद्यार्थीलाई अधिकार र कर्तव्य, नियम–कानुनको पालन, लोकतान्त्रिक मूल्य–मान्यता, सहअस्तित्व र सामाजिक उत्तरदायित्वबारे ज्ञान प्रदान गर्छ। कक्षा शिक्षण, अतिरिक्त क्रियाकलाप तथा व्यावहारिक अभ्यासमार्फत विद्यार्थीमा अनुशासन, नेतृत्व क्षमता, सहकार्य र सहिष्णुताको विकास गरिन्छ, जसले उनीहरूलाई जिम्मेवार र सचेत नागरिक बन्न सहयोग पुऱ्याउँछ। त्यसैले विद्यालय समाजका लागि योग्य र चरित्रवान

नागरिक निर्माण गर्ने महत्त्वपूर्ण केन्द्र हो।

नागरिक शिक्षाको महत्त्वलाई आत्मसात् गर्दै सार्वजनिक सेवा प्रसारण रेडियो नेपालले मिति २०८२ साल साउन १५ गतेदेखि नागरिक शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ र तत्पश्चात् सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजनबाट पनि नागरिक शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ।

रेडियो नेपालबाट हरेक बिहीबार बिहान ९:२० देखि ९:४५ बजेसम्म प्रसारण हुने कार्यक्रममा विश्वविद्यालयका प्राध्यापक, शिक्षक, शिक्षाविद्, नागरिक अगुवा, अभियन्ता, सञ्चारकर्मी, नेपाल सरकारका अधिकारी,विद्यार्थी तथा समाजसेवामा समर्पित व्यक्तित्वहरूसँग नागरिक शिक्षाको महत्त्व र अपरिहार्यताका बारेमा छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ। यो आलेखमा नागरिक शिक्षा कार्यक्रममा सहभागी प्रतिनिधि पात्रका रूपमा केही अतिथिहरूले व्यक्त गरेका विचारसँगै राष्ट्रको समृद्धिका लागि नागरिक शिक्षाको महत्त्वकाबारे थप चर्चा गर्ने प्रयास गरिएको छ।

नागरिक शिक्षाको पहिलो अङ्कमा हामीले निम्त्याएका प्राध्यापक देवराज दाहालले नागरिक शिक्षाले नागरिकलाई जागरूक, सक्रिय र चैतन्यमुखी बनाउन मद्दत गर्ने कुरामा जोड दिनुभएको छ। उहाँको स्पष्ट भनाइ छ–नागरिक शिक्षाले एउटा व्यक्तिलाई आफ्नो अधिकार मात्र होइन, कर्तव्यनिष्ठ हुन पनि सिकाउँछ।

यसैगरी अर्को अङ्कमा आमन्त्रित त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमाले नागरिक शिक्षाको कमीका कारण देशमा सुशासन कायम हुन नसकेको बताउनुभएको छ। उहाँका अनुसार नागरिक शिक्षाको अभावमा कतिपय व्यक्ति वा समूहबाट देशको आत्मसम्मानमा ठेस पुग्न सक्छ, त्यसैले पाठ्यक्रममै नागरिक शिक्षा अनिवार्य विषयका रूपमा लागू गर्नुपर्ने आवश्यकता रहेको छ।

नागरिक शिक्षा सबै नागरिकका लागि अति आवश्यक छ तैपनि नागरिक शिक्षा नवयुवाहरूका लागि अत्यन्त आवश्यक छ, किनकि यसले उनीहरूलाई जिम्मेवार, सचेत र सक्रिय नागरिक बन्न सहयोग गर्छ। नवयुवाहरूलाई समाज र राष्ट्रप्रति कर्तव्यबोध, अधिकारको सही प्रयोग, कानुनको सम्मान र सामाजिक मूल्य–मान्यताको पालन गर्ने ज्ञान नागरिक शिक्षाबाट प्राप्त हुन्छ।

विशेषगरी लोकतान्त्रिक व्यवस्थामा युवाहरूले मतदान, नेतृत्व र सामाजिक सहभागितामा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने भएकाले नागरिक शिक्षाले उनीहरूमा आलोचनात्मक सोच, सहिष्णुता र निर्णय क्षमता विकास गराउने पूर्व प्रमुख निर्वाचन आयुक्त डा. अयोधि प्रसाद यादवको भनाइ रहेको छ। उहा भन्नुहुन्छ– नागरिक शिक्षाले गलत सूचना, विभेद र असहिष्णुताबाट टाढा राखी सकारात्मक सामाजिक परिवर्तनमा योगदान गर्न प्रेरित गर्दछ, जसले अन्ततः समुन्नत र सुशासित राष्ट्र निर्माणमा मद्दत पुऱ्याउँछ।

नागरिक शिक्षा र सञ्चारबिच घनिष्ठ सम्बन्ध हुन्छ, किनकि सञ्चारका माध्यमहरूले नागरिक चेतना फैलाउन महत्त्वपूर्ण भूमिका खेल्छन्। रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा डिजिटल माध्यममार्फत नागरिकका अधिकार, कर्तव्य, कानुन, लोकतान्त्रिक मूल्य–मान्यता र सामाजिक जिम्मेवारीबारे

जानकारी प्रवाह हुन्छ। प्रभावकारी सञ्चारले गलत सूचना नियन्त्रण गर्दै सत्य र तथ्यमा आधारित ज्ञान प्रदान गर्न सहयोग गर्छ, जसले नागरिकलाई सचेत, जिम्मेवार र सक्रिय बनाउँछ। त्यसैले सञ्चार प्रणाली सुदृढ भएमा नागरिक शिक्षा अझ प्रभावकारी भई समाजमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुऱ्याउँछ।

वरिष्ठ सञ्चारकर्मी युवराज घिमिरेले नागरिक शिक्षा प्राप्त मतदाता भएमा शासकलाई जिम्मेवार र जवाफदेही बनाउन सकिने बताउनुभएको छ। उहाँ भन्नु हुन्छ– लोकतान्त्रिक मूल्य–मान्यता र संस्कारसहितको राजनीतिक वातावरण सिर्जना गर्न हरेक सञ्चारकर्मीले नागरिक शिक्षाको अनुसरण गर्दै यसको प्रवर्द्धनमा जोड दिनुपर्छ।

नागरिक शिक्षा र लैङ्गिक समानताबिच पनि गहिरो सम्बन्ध रहेको पाइन्छ। जब नागरिक शिक्षाले महिला र पुरुषबिच समान अधिकार, समान अवसर र समान प्रतिनिधित्वको महत्त्वलाई प्रवर्द्धन गर्छ, तब समाजमा लैङ्गिक भेदभाव घट्छ। यसका माध्यमबाट व्यक्तिहरूले लैङ्गिक समानता केवल कानुनी अधिकार मात्र नभई सामाजिक मूल्य पनि हो भनेर बुझ्न सक्ने वरिष्ठ सञ्चारकर्मी एवम् अधिकारकर्मी बबिता बस्नेतको भनाइ छ।

यदि नागरिक शिक्षा पर्याप्त रूपमा कार्यान्वयन हुँदैन भने लैङ्गिक असमानता बढ्ने जोखिम रहन्छ। त्यसैले प्रभावकारी रूपमा नागरिक शिक्षा लागु हुँदा मात्रै समान अधिकार, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्न सम्भव हुने अधिकारकर्मी बस्नेतको तर्क रहेको छ।

नागरिक शिक्षा र वैदिक तथा प्राच्य वाङ्मयबिच पनि गहिरो सम्बन्ध रहेको पाइन्छ। वेद तथा प्राचीन ग्रन्थहरूले नैतिक मूल्य, कर्तव्य, अनुशासन र सामाजिक आचरणबारे महत्त्वपूर्ण शिक्षा दिएका छन्। यी सिद्धान्तहरू आधुनिक नागरिक शिक्षासँग मेल खान्छन्।

नेपाल संस्कृत विश्वविद्यालय, दाङका कुलसचिव प्राध्यापक माधव अधिकारीका अनुसार–"जसरी वेदमा आधारित प्राच्य वाङ्मयले आत्मज्ञान, अनुशासन र नैतिकता सिकाउँछ, त्यसरी नै नागरिक शिक्षाले सत्य, इमान्दारी र नैतिकताको बाटोमा हिँड्न प्रेरित गर्छ।"

त्यस्तै, नागरिक शिक्षा, लोकसंस्कृति र पूर्वीय दर्शनबिच पनि घनिष्ठ सम्बन्ध रहेको छ। यी सबैले व्यक्तिलाई नैतिक, जिम्मेवार र सचेत नागरिक बनाउन योगदान पुऱ्याउँछन्।

धर्मशास्त्रका व्याख्याता एवम् वाल्मीकि विद्यापीठका प्राध्यापक डा. प्रियम्बदा काफ्ले भन्छिन्–"मातृदेवो भवः, पितृदेवो भवः, आचार्य देवो भवः जस्ता मूल्यहरू बाल्यकालदेखि सिकाउँदा समाजले संस्कारयुक्त व्यक्ति पाउँछ र अन्ततः समाज समृद्ध बन्छ।"

बौद्ध दर्शन र नागरिक शिक्षाबिच पनि गहिरो अन्तरसम्बन्ध रहेको पाइन्छ, विशेषगरी मानिसको आचरण शुद्ध बनाउने सन्दर्भमा। बौद्ध दर्शनले "मन, वचन र कर्म" लाई मानव जीवनको मूल आधार मानेको छ। जहाँ शुद्ध सोच (सम्यक दृष्टि), सत्य र हितकारी बोली (सम्यक वचन) र नैतिक कार्य (सम्यक कर्म) मा जोड दिएको त्रिभुवन विश्व विद्यालय बौद्ध अध्ययन केन्द्रीय विभागका प्रमुख डा. चन्दकला घिमिरेले बताउनु भएको छ।

नागरिक शिक्षाले पनि यिनै मूल्यहरूलाई आत्मसात गर्दै जिम्मेवार, अनुशासित र नैतिक नागरिक निर्माण गर्ने लक्ष्य राख्छ। जब व्यक्तिले आफ्नो मनमा सकारात्मक सोच विकास गर्छ, वचनमा सत्यता र शालीनता अपनाउँछ र कर्ममा इमान्दार तथा उत्तरदायी व्यवहार प्रदर्शन गर्छ, तब उसले समाजमा सद्भाव, शान्ति र सुशासन स्थापना गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउँन सक्ने डा. घिमिरेको कथन रहेको छ। उहाँ भन्नु हुन्छ– बौद्ध दर्शनले प्रतिपादन गरेको मन, वचन र कर्मको शुद्धताको सिद्धान्त नागरिक शिक्षाको आधारभूत तत्त्वका रूपमा रहँदै सभ्य र उत्तरदायी समाज निर्माणमा मार्गदर्शन गर्दछ।

नेपाल सरकारले विक्रम संवत् २०५६ सालदेखि विद्यालय तहमा सामाजिक अध्ययनमार्फत नागरिक शिक्षाको प्रवर्द्धन गर्दै आएको छ। यसले विद्यार्थीलाई अधिकार, कर्तव्य, संविधान र लोकतान्त्रिक मूल्यबारे ज्ञान दिन सहयोग गरेको पाठ्यक्रम विकास केन्द्रका निर्देशक दिनानाथ गौतमले नागरिक शिक्षा कार्यक्रममा बताउनु भएको छ। यद्यपि, यसको प्रभावकारिता बढाउन व्यावहारिक अभ्यासमा जोड दिनु आवश्यक देखिन्छ।

नेपालमा नागरिक शिक्षाबारे गहन रूपमा चर्चा कम भएको पाइन्छ। शिक्षामा समावेश भए पनि व्यावहारिक अभ्यास र जनचेतनामा कमी देखिन्छ। विशेषतः ग्रामीण क्षेत्रमा नागरिक शिक्षाको पहुँच अझै कमजोर छ।

नागरिक शिक्षा कार्यान्वयनमा कमजोरी हुँदा भ्रष्टाचार, असमानता र कानुन उल्लङ्घनका घटना बढ्न सक्ने प्राध्यापक दाहाल र पूर्व सचिव गोपीनाथ मैनालीको ठम्याइ छ।

पुर्वसचिव मैनाली भन्नुहुन्छ – कर्मचारीतन्त्रमा अनुशासनको कमीका कारण देशमा भ्रष्ट्राचार बढेको छ, कठोर अनुशासन कायम गर्न सके मात्र देश सुशासनको मार्गमा अघि बढ्छ।

सारांशमा भन्नुपर्दा, नागरिक शिक्षा प्राप्त व्यक्तिमा जिम्मेवारीबोध, अनुशासन, सहिष्णुता र कर्तव्यनिष्ठा जस्ता गुणहरू विकास हुन्छन्। यस्ता व्यक्तिहरूले आफ्ना अधिकार मात्र होइन, अरूको अधिकारको पनि सम्मान गर्छन्।

नागरिक शिक्षा प्राप्त व्यक्तिहरूबाट बनेको समाज शान्त, सुव्यवस्थित र प्रगतिशील हुन्छ। यस्तो समाजमा सुशासन, पारदर्शिता र विकासका कार्यहरू प्रभावकारी रूपमा अगाडि बढ्छन्। त्यसैले नागरिक शिक्षा व्यक्ति मात्र नभई समग्र समाजको समृद्धिका लागि अत्यन्त आवश्यक छ।

अन्तमा, रेडियो नेपालबाट नागरिक शिक्षा कार्यक्रम प्रसारणमा प्रेरणा र मार्गदर्शन गर्ने सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्ट तथा कार्यक्रम महाशाखा प्रमुख ताराप्रसाद वस्तीप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै कार्यक्रम सञ्चालनमा सक्रिय सहकर्मी भानुभक्त खड्का र विमला राईप्रति धन्यवाद। आमनागरिकबाट सुधारका लागि सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछु।

आगामी दिनमा पनि नागरिक शिक्षा कार्यक्रममार्फत जिम्मेवार र अनुशासित समाज निर्माणमा हाम्रो अभियान जारी रहनेछ। धन्यवाद।

*(लेखक रेडियो नेपालका मुख्य कार्यक्रम अधिकृत हुनुहुन्छ।)*

## "सुन्दर, स्वच्छ, समृद्ध जनकपुरधाम"

### जनकपुरधाम उप–महानगरपालिका

जनकपुरधाम

हार्दिक बधाई

नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य महत्त्वपूर्ण गतिविधि जनसमक्ष पुर्याउँदै आएको मुलुककै विश्वसनीय, गुणस्तरीय र अग्रणी प्रसारण संस्था रेडियो नेपालको ७६ औं वार्षिकोत्सवको अवसरमा रेडियो नेपाललाई जनताको विश्वासिलो सञ्चार माध्यम बनाउन अथक प्रयास गर्नु भएका सम्पूर्ण सञ्चारकर्मी तथा श्रोता महानुभावमा हार्दिक बधाई एवम् रेडियो नेपाल परिवारलाई उत्तरोत्तर प्रगतिको अनन्त शुभकामना व्यक्त गर्दछौं।

जगत् जननी जानकीको पावन जन्मभूमि, राजर्षि जनकको राजधानी तथा ऋषि मुनिहरुको तपोभूमि, धार्मिक पर्यटकीय समृद्ध नगर, मधेश प्रदेशको राजधानी जनकपुरधामको धार्मिक, सांस्कृतिक गरिमालाई देश विदेशसम्म पुऱ्याउन विगतका दिनहरुमा रेडियो नेपालले खेलेको भूमिका प्रशंसनीय रहेको र भविष्यमा पनि जनकपुरधामको गरिमा जनमानसमा पुऱ्याउन प्रभावकारी भूमिकाको आशा राख्दै जनकपुरधाम उप–महानगरपालिका परिवारका तर्फबाट पुनः हार्दिक बधाई एवम् शुभ व्यक्त गर्दछौं।

साथै,

१. नगर क्षेत्रलाई सफा राखौं, जताभावी फोहोरमैला नफालौं। २. छाडा चौपाया बाँधेर राखौं, खुल्ला नछाडौं।

३. सार्वजनिक



किशोरी साह

उप–प्रमुख

जनकपुरधाम उप–महानगरपालिका परिवार

जनकपुरधाम, धनुषा मधेश प्रदेश (नेपाल)



मनोज कुमार साह

नगर प्रमुख

## डिभिजन वन कार्यालय धनुषाको हार्दिक अपिल

राष्ट्रिय वन फाड्ने वा वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिजकार्य उत्खनन गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, वा अतिक्रमण गर्ने वा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरे वा गराएमा वन ऐन २०४९ बमोजिमको सजाय हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं।

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पर्न सक्छ।

त्यसैले डढेलोबाट जोगिन :

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घा'स जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रुपमा व्यवस्थापन गरौं।
- चुरोट,बीडी, आगोका फिल्का भएका वस्तु जथाभावी नफालौं।
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं।
- डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं।
- बन संरक्षणमा योगदान दिऔं, ।

मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, धनुषा

## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बिरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

**१. आगलागी सम्बन्धी सचेतना**

आगलागीका मुख्य कारण र सावधानीः
- खाना पकाउँदा चुलो, वा ग्याँस नजिक ज्वलनशील वस्तु नराख्नुहोस्।
- विद्युत् तारमा ओभरलोड नगर्नुहोस् र पुराना तार तथा उपकरण समय–समयमा जाँच गर्नुहोस्।
- बालबालिकाको पहुँचबाट माचिस, लाइटर र ज्वलनशील पदार्थ टाढा राख्नुहोस्।
- सुत्नु अघि सबै विद्युतीय उपकरण बन्द गर्नुहोस् र ग्याँसको मुख्य भल्भ बन्द गर्नुहोस्।
- घाँस छाना भएका घरहरूमा बढी सतर्कता अपनाउनुहोस्।
- खेतमा डढेलो नलगाउनुहोस् वा नजिकको बस्तीमा असर पर्ने गरी पराल आदि नजलाउनुहोस्।

**२. हावाहुरी सम्बन्धी सचेतना**

हावाहुरी आउनु अघि गर्नुपर्ने तयारीः
- मौसम पूर्वानुमान र रेडियो/टेलिभिजनका सूचनाहरूलाई नियमित रुपमा ध्यान दिनुहोस्।
- घरको छत, ढोका, झ्याल र पर्खालको स्थिति राम्रोसँग जाँच गर्नुहोस् र कमजोर भए मर्मत गर्नुहोस्।
- घर वरपर भएका ढिलो रुख, बाँस र टहरा जस्ता संरचनाहरू सुरक्षित बनाउनुहोस्।
- आवश्यक खाना–पानी, टर्च, व्याट्री र प्राथमिक उपचार सामग्री सधैं तयार राख्नुहोस्।
- पशुधनलाई सुरक्षित आश्रयस्थलमा राख्नुहोस्।

| सन्तोष कुमार शर्मा | तुलसा कुमारि पाण्डे | जित नारायण यादव |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | नगर उप–प्रमुख | नगर प्रमुख |

गणेशमान चारनाथ नगरपालिका



## मधेश प्रदेश सभा सचिवालय
जनकपुरधाम, धनुषा

### हार्दिक बधाई एवम् शुभकामना

नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य महत्वपूर्ण गतिविधि जनसमक्ष पुऱ्याउँदै आएको मुलुककै विश्वसनीय, गुणस्तरीय र अग्रणी प्रसारण संस्था रेडियो नेपालको ७६ औं वार्षिकोत्सवको अवसरमा रेडियो नेपाललाई जनताको विश्वासिलो सञ्चार माध्यम बनाउन अथक प्रयास गर्नु भएका सम्पूर्ण सञ्चारकर्मी तथा श्रोता महानुभावमा हार्दिक बधाई एवम् रेडियो नेपाल परिवारलाई उत्तरोत्तर प्रगतिको अनन्त शुभकामना व्यक्त गर्दछौं।

संघीय शासन व्वस्थाअनुसार बदलिदो राष्ट्रिय राजनितिक परिदृष्यमा प्रादेशिक संरचनाले ल्याएको बिकास तथा जन चाहना अनुसारको सेवा सुविधा समेतलाई उजागर गर्दै आम जनताको थप आवश्यकता एवम आकाङ्क्षाहरुका साथै मधेशको गरिमा तथा लोकतन्त्रको भावनालाई जनमानसमा आफ्नो विभिन्न कार्यक्रम मार्फत प्रस्तुत गरी दिनु हुनेछ भनी अपेक्षा गर्दछु।

साथै जगत् जननी जानकीको पावन जन्मभूमि, राजर्षि जनकको राजधानी तथा ऋषि मुनिहरुको तपोभूमि, धार्मिक पर्यटकीय समृद्ध मधेश प्रदेशको राजधानी धार्मिक, सांस्कृतिक गरिमालाई देश विदेशसम्म पुऱ्याउँन विगतका दिनहरूमा रेडियो नेपालले खेलेको भूमिका प्रशंसनीय रहेको र भविष्यमा पनि मधेश प्रदेशकोको गरिमा जनमानसमा पुऱ्याउँन प्रभावकारी भूमिकाको आशा राख्दै प्रदेश सभा सचिवालय तर्फबाट पुनः हार्दिक बधाई एवम शुभ व्यक्त गर्दछौं।

मा. राम अशिष यादव
सभामुख
मधेश प्रदेश

## बुटवल उपमहानगरपालिका

## समानता, स्वाभिमान र अवसर, बस्न योग्य, बुटवल शहर

## बुटवल उपमहानगरपालिकाको स्वास्थ्य सम्बन्धी सन्देश

१.नगर प्रमुख स्वास्थ्य शिशु कार्यक्रम अन्तर्गत लुम्बिनी प्रादेशिक अस्पताल, आम्दा अस्पताल र सेमलार स्वास्थ्य चौकी (बथडि सेन्टर) मा सुत्केरी भएका बुटवल उपमहानगरपालिकाका स्थाई बासि सुत्केरी आमाहरुले सुत्केरी पोषण रकम रु २०००/–आ आफ्नो वडा कार्यालयमा सम्पर्क गरी भुक्तानी लिनुहुन अनुरोध छ ।

२. गर्मीको समयमा नियमित रुपमा पानी, कागतीको सर्बत, मोही जस्ता तरल पदार्थ सेबन गरौं ।

३. चर्को घाममा सकेसम्म बाहिर ननिस्कने बाहिर निस्कन परेमा छाताको प्रयोग गर्ने ।

४. गर्मिको समयमा लामखुट्टेको वृद्धि हुने हुदा झुलको प्रयोग गरौ ।

पानी जम्ने खाडल पुर्ने र बाताबरण सफा स्वच्छ राख्ने गरौं ।

५. शारीरिक तथा मानसिक स्वस्थताको लागि स्वस्थ जीबन शैलीको (योग, ध्यान, प्राणायाम तथा स्वस्थ आहार) अनुशरण गरौ ।

६.स्वास्थ्य संस्थामा गई सुत्केरी गराऔं, आमा र नवजात शिशु लाई बचाओं स्वास्थ्य संस्थामा निशुल्क सुत्केरी सेवा र यातायात खर्च पनि पाइन्छ ।

७. शिशु जन्मेको एक घण्टा भित्र आमाको दुध खुआओं। शिशु छ महिना हुदासम्म आमाको दुधमात्र खुवाउने गरौं ।

८. झाडापखला, जण्डिस र हैजा जस्ता रोगहरुबाट बच्न खानेकुरा छुनु वा खानु अघि, बालबालिकालाई खाना खुवाउनु अघि दिसापिसाव गरेपछि लगतै साबुन पानीले मिचिमिचि हात धुनुपर्छ ।

९. बालबालिकालाई विभिन्न रोगबाट बचाउन राष्ट्रिय खोप तालिका अनुसार पूर्ण खोप लगाउनुपर्छ ।

१०. पानीलाई सुधिकरण गरेर मात्र पिउनुपर्छ । पानीलाई उमालेर वा क्लोरिनेसन वा फिल्टर वा सोडिस गरी फिडरण गर्नुपर्छ ।

११.गर्भमा रहेका ९ महिना र जन्मेपछिका दुई वर्षसम्मको १००० दिन बालबालिकाको स्वास्थ्य र समृद्ध भविष्यका लागी महत्त्वपूर्ण अवसर हो ।



मित्रमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत



सावित्रादेवी अर्याल
उप प्रमुख



खेलराज पाण्डेय
नगर प्रमुख

बुटवल उपमहानगरपालिका परिवार, रुपन्देही, लुम्बिनी प्रदेश

"सहिदभूमिको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"

## सहिदभूमि गाउँपालिका धनकुटाको अनुरोध

- बाटोघाटो पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्नो व्यक्तिगत कार्य नगरौं ।
- आफ्नो घर आँगन, टोल तथा वडा सधैं सफा राखौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गर्ने बानी बसालौं ।
- समयमै कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार र सम्मान गरौं ।
- गाउँपालिकाभित्र रहेका पर्यटकीय तथा धार्मिक स्थलहरुको










संरक्षण गरौं भन्दै, नयाँ वर्ष २०८३ सालको सुखद अवसरमा सहिदभूमि गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सूर्य बहादुर भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत

**रत्नश्वरी राई**
उपाध्यक्ष

**मनोज राई**
अध्यक्ष

**सहिदभूमि गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय,
पिप्ले, धनकुटा

## जिल्ला अस्पताल धनकुटाको अनुरोध

जिल्ला अस्पताल धनकुटामा तपसिलका विशेषज्ञ सेवाहरु उपलब्ध भएकाले उक्त स्वास्थ्य समस्याहरु भोगी रहनु भएका सम्पूर्ण आमाबुवा, दाजुभाइ, दिदी बहिनीहरुलाई अस्पतालमा सम्पर्क गरी सेवाको फाइदा लिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

१. फिजिसियन विशेषज्ञ डाक्टरबाट प्रेसर, डायबिटिज, थाईराइड, मुटु रोग, बाथ रोग, पेट तथा कलेजो सम्बन्धी रोगको चेक जाँच तथा उपचार एव हेमोडायलासिस सेवा,

२. हाडजोर्नी तथा नसा रोग विशेषज्ञबाट हाड जोर्नी दुख्ने र सुन्निने, बाथ रोग, मेरुदण्ड र कम्मर दुख्ने घाँटी र हात दुख्ने, हाड भाँचिने र मर्किने, नशा च्यापिने सम्बन्धी समस्याको पहिचान, परामर्श एव शल्यक्रिया सहित उपचार सेवा,

३. विशेषज्ञ सर्जनहरुबाट हर्नियाँ, हाइड्रोशील, एपेन्डिक्स, स्तनमा पिप जमेको तथा स्तनका गाँठागुठीहरु लगायतका शल्यक्रिया सेवा,

४ प्रसूति तथा स्त्री रोग सम्बन्धी विशेषज्ञ डाक्टरबाट सामान्य प्रसूति सेवा सहित शल्यक्रीयाद्वारा बच्चा जन्माउने, आङ खस्ने, पिसाब चुहिने, पाठेघरको समस्या भएका महिलाहरुको उपचार, पाठेघर निकाल्ने लगायतका सेवाहरु,

५ वाल रोग विशेषज्ञबाट १४ वर्ष मुनिका बालबालिकाहरुको उपचार सेवा,

६ प्रत्येक १५ दिनको शनिवार रेडियोलोजिस्ट विशेषज्ञ बाट भिडियो एक्सरे (USG) सेवा,

७ प्रत्येक महिनाको अन्तिम मङ्गलबार मानसिक रोग सम्बन्धी विशेषज्ञ चिकित्सकबाट उपचार सेवा

**जिल्ला अस्पताल, धनकुटा**

# राष्ट्रभाषामा प्रसारण : चुनौती र सम्भावना



*तिलबिक्रम चेम्जोङ*

## थालनी

'रेडियो नेपाल आधुनिक नेपालको समावेशी आवाज' रेडियो नेपालले सबैभन्दा बढी प्रवर्द्धन गर्न खोजेको एक प्रोमो हो। हुन त समावेशी शब्द हाम्रो जस्तो विविधताले भरिएको देशमा जहाँ पनि प्रयोग हुँदै आएको छ। रेडियो नेपालले भने सबै क्षेत्र, वर्ग, लिङ्ग, जाति, धर्म वा समुदायको आवाजलाई समेटेर सामाग्री प्रसारण गर्ने भएकोले समावेशी आवाज भनेको हुन सक्छ। त्यो भन्दा पनि रेडियो नेपालले सुदूर पूर्वका भाषा लिम्बू, राई, वान्तावा हुँदै सुदूर पश्चिमका राना थारु र बैतडेली भाषाहरू समेट्दै अहिले २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम प्रसारण गर्ने भएकोले आफूलाई समावेशी भनेर प्रमाणित गर्न खोजेको छ। आर्थिक सर्वेक्षण (२०८१) अनुसार ९४ प्रतिशत जनतामा पहुँच रहेको रेडियो नेपालले विभिन्न राष्ट्रभाषालाई समेट्दै पृथक सामग्रीका साथ प्रसारण माध्यमहरू बिचमा आफूलाई सशक्त रूपमा प्रस्तुत गर्दै आएको छ।

## प्रसारणमा मातृभाषा

ई.सं. १९४० मा नागरिकको दबाबपछि न्युजिल्याण्डको रेडियोले त्यहाँका माओरी भाषालाई हप्तामा २ पटक १५/१५ मिनटको समाचार बुलेटिन प्रसारणको थालनी गरेको थियो (Browne, 2005)। त्यसैगरी ई.सं. १९४० को दशकमा बोलिभियामा मजदुरहरूको अधिकारका लागि आन्दोलन र साक्षरता बढाउन मजदुरहरूको लगानीमा खोलिएको 'द माइनर्स' रेडियोबाट मातृभाषा समाचार तथा कार्यक्रम प्रसारण गरिएको थियो (युनेस्को, २००१)। नेपालमा पनि क्रान्तिको बिच सुरु भएको रेडियो प्रसारणको सुरुवाती चरणमै मातृभाषामा समाचार प्रसारण भएको थियो। २००७ मङ्सिर २४ गते मुक्तिसेनाले भोजपुर कब्जा गरेपछि त्यहाँ रहेको आकाशवाणी वायरलेसलाई ब्रोडकाष्टिङ रेडियो स्टेसन बनाएको थियो। त्यही स्टेसनबाट बिहान बेलुका प्रसारण हुने नेपाली भाषामा समाचार जयन्द्रबहादुर थपलियाले वाचन गरेका थिए (थुलुङ, २०४५:९७)। रेडियो नेपालको औपचारिक रूपमा स्थापना हुनुअघि २००७ साल माघ २० गतेदेखि विराटनगरमा मुक्तिसेनाले सञ्चालन गरेको 'प्रजातन्त्र नेपाल रेडियो'बाट प्रसारण भएका समाचार नेपालीमा तारिणी प्रसाद कोइराला, अङ्ग्रेजीमा विजयालक्ष्मी कोइराला, हिन्दीमा तारिणी प्रसाद निर्झर र नेवारीमा गजाधरभक्त माथेमाले वाचन गरेका थिए (वन्त, २०७८:४९)। विसं. २००७ साल चैत्र २० गते औपचारिक रूपमा रेडियो नेपालको स्थापना भएको ११ औँ दिन अर्थात् २००८ साल बैशाख १ गते सुरु भएको नेवारी भाषाको समाचार भने हरि श्रेष्ठले वाचन गरेका थिए (श्रेष्ठ, २०५६: पृ. ५)। यो समाचारसँगै सुरु गरिएको नेवारी भाषाको 'जीवनदबुं' कार्यक्रमले नेवार समुदायको हक अधिकारसम्बन्धी सचेतना बढाएकोले बिचैमा यसलाई बन्द गरिएको थियो।

भाषाको समाचार तथा कार्यक्रम प्रसारणको भूमिका वर्णन गर्दै समाचारवाचक हरि श्रेष्ठले आफ्नो पुस्तक रेडियो नेपालः एक सम्झनामा यसरी लेख्नु भएको छ "रेडियो नेपालबाट प्रसारण हुने नेपाल भाषाका समाचार तथा कार्यक्रमहरू भाषा संरक्षण र प्रवर्द्धनका लागि महत्त्वपूर्ण आफ्नो माध्यम बनेका छन्। यस्ता कार्यक्रमहरूले समुदायलाई आफ्नै भाषा र संस्कृतिप्रति गर्व बढाउन मात्र होइन नयाँ पुस्तालाई भाषा सिक्न र बुझ्न प्रेरित गर्ने काम गरेका छन् (श्रेष्ठ २०५६: ३७)।" यद्यपि निर्दलीय पञ्चायती व्यवस्थाका कारण हिन्दी र नेपालभाषा समाचार बुलेटिन अप्रिल १३, १९६५ मा बन्द हुन पुगेको थियो (विष्ट, २०२३: पृ ६६)। विशेष अवसरहरूमा आयोजित सांस्कृतिक कार्यक्रमहरूमा प्रस्तुत हुने विभिन्न भाषाका गीतहरू रेडियो नेपालले प्रसारण गर्नुका साथै रेकर्ड पनि गर्दै ल्याएको थियो। खास गरी विसं. २०१३ मा तत्कालीन राजा महेन्द्रको राज्यभिषेकको दौरानमा विभिन्न ठाउँबाट ल्याइएका गायक गायिका र टोलीहरूले आफ्नो मातृभाषामा गाएका गीतहरूलाई रेडियोले प्रसारण गरेको थियो भने कतिपय गीतहरू रेकर्ड पनि गरेको थियो। सो अवसरमा प्रस्तुत गरिएको गुरुङ भाषाको गीतमा प्रयोग भएको सङ्गीतबाट रेडियो नेपालको समाचारको धुन समेत तयार पारिएको थियो (मुकारुङ, प्रत्यक्ष संवाद, २०८२)। यस्तै राजा रानीका जन्मोत्सव जस्ता विशेष अवसरहरूमा प्रस्तुत हुने विभिन्न जातिका भाषाका गीतहरू रेडियो नेपालले सङ्कलन गरी प्रसारणको व्यवस्था समेत गर्दै आयो। रेडियो नेपालले विसं. २०४० ताका त्यही विविध मातृभाषाका गीतहरू समेटेर फुलबारी कार्यक्रम सञ्चालन गरेको थियो जुन निकै लोकप्रिय कार्यक्रम रहेको थियो। किनकि रेडियो नेपालको त्यो एउटा त्यस्तो कार्यक्रम थियो जहाँ आफ्नो मातृभाषाको गीत गाउन र सुन्न पाइन्थ्यो।

### फूलबारी कार्यक्रम

पञ्चायतकालमा 'एउटै भाषा एउटै भेष' को राष्ट्रिय नीतिले गर्दा नेपाली भाषा बाहेक अन्य भाषाले फुल्ने फल्ने मौका पाएका थिएनन्। रेडियो नेपालमा गीत गाउनको लागि स्वर परीक्षा उतीर्ण गरेको हुनुपर्थ्यो, जसले वर्षमा ३ वटा गीत गाउन पाउने व्यवस्था रहेको थियो। आफ्नो भाषामा गीत गाउन प्रवल इच्छा राख्ने तेह्रथुमका भगत सुब्बाले विसं. २०३४ सालमा रेडियो नेपालबाट स्वर परिक्षा उत्तीर्ण गरेका थिए। त्यसपछि आफ्नो भाषामा गीत गाउन पाइने कुरा थाहा पाएर खुशी हुदै ३ वटा गीत लेखेर गाउनका लागि पेश गर्दा आफू छाँगाबाट खसे झै भए। उनले लिम्बू भाषाको गीत पेश गरेका थिए, तर रेडियो प्रशासनले नेपाली भाषामा गीत गाउन पाउने भनेको रहेछ। त्यसो भए लिम्बू भाषामा गीत गाउन के गर्नु पर्छ भनी सोधखोज गर्दा मौसूफ सरकार समक्ष विन्तिपत्र हाल्नुपर्छ भन्ने रेडियोका प्रशासकहरूको अनुरोधलाई मान्दै २ पटक विन्तिपत्र पेश गरे पनि उनी सफल हुन सकेनन्। सङ्गीतका पारखी भएकाले उनको दिन प्रतिदिन रेडियो नेपालका सङ्गीतकार तथा अगुवा गायकहरूसँग सम्बन्ध विस्तार हुँदै गयो। त्यही क्रममा २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा भएको भोलिपल्ट राजालाई पनि विभिन्न भाषाका मानिस चाहिन्छ कि भन्ने मनसायले पुनः विन्तिपत्र चढाउने सुरले रेडियो नेपाल परिसर पुगेका थिए। रेडियो नेपालका प्रशासकहरूसँग फेरि पनि आफ्नो कुरा राखेपछि विन्तिपत्र टाइप गर्न टाइपिष्ट

रिता अमात्यलाई दिएका थिए। त्यही क्रममा अमात्यले भाषाको गीत गाउनलाई एक जना मात्र नभई धेरै भाषालाई समेट्न धेरै जनाको नाम राख्न सुझाएकी थिइन्। त्यसपश्चात् आवश्यक सरसल्लाह गरी लिम्बू, राई, तामाङ, गुरुङ, मगर लगायत ६/७ वटा भाषाबाट नाम राखेर हस्ताक्षर गरी दरबारको दक्षिण गेटमा रहेको वक्समा विन्तिपत्र हालेका थिए। नभन्दै भोलिपल्ट मौसूफ सरकारबाट रेडियो नेपालमा विभिन्न भाषाबाट गीत सम्प्रेषण गर्न पाउने हुकुम वक्स भएको समाचार रेडियोबाट नै प्रसारण भएको थियो। अब गीत गाउन पाइने भइयो भनी खुशीका साथ पुनः रेडियो नेपाल पुग्दा त्यसको लागि प्रक्रिया पूरा हुन समय लाग्ने थाहा पाए। जसको लागि जिङ्गल बनाएर प्रसारण गर्नुपर्ने, कार्यक्रमको नाम जुराउनु पर्ने, विभिन्न उपकरण राख्ने ठाउँको व्यवस्थापन, जिम्मेवारी लिने व्यक्ति र बजेट सहितको व्यवस्थापन गर्न २/३ महिना लाग्ने जवाफ पाएका थिए। त्यसपछि राज्यले लिएको भाषाप्रतिको खुकुलोपनसँगै भगत सुब्बाले लिम्बू भाषामा, लालबहादुर तामाङले तामाङ भाषामा, गुरुङ भाषामा राम गुरुङ लगायतले गीत गाउने अवसर प्राप्त गरेका थिए। यसरी विभिन्न मातृभाषामा गीत रेकर्ड भएसँगै ती गीतहरूलाई प्रसारण गर्न फूलबारी कार्यक्रमको आरम्भ भएको थियो (भगत सुब्बा, व्यक्तिगत सञ्चार, २०८२)।

## राष्ट्रिय भाषामा समाचार थप

विसं. २०४६ सालको जनआन्दोलनपछि जारी नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाल बहुजातीय वहुभाषिक राष्ट्र भएको स्पष्ट पार्दै सबै मातृभाषाले राष्ट्रिय भाषाको दर्जा प्राप्त गरे। त्यतिमात्र होइन भाषा, संस्कृतिलाई मौलिक हकमा राख्दै मातृभाषामा शिक्षा पाउने हक सहित भाषाका आधारमा भेदभाव नहुने स्पष्ट व्यवस्था भयो। त्यसैले नेपाली भाषापछि दोस्रो सबैभन्दा बढी जनसंख्याले बोल्ने मैथिली भाषाको समाचार रेडियो नेपालबाट २०४९ पुस १६ गतेदेखि मैथिली भाषामा समाचार प्रसारण आरम्भ भयो। मैथिली भाषाको समाचार वाचन प्रथम पटक डा.चन्देश्वर शाहले गरेका हुन् (हृ.झा. व्यक्तिगत सञ्चार, २०८२)। यही सेरोफेरोमा नेपालको वहुभाषिक र वहुसांस्कृतिक विविधतालाई सम्बोधन गर्दै प्रसारण क्षेत्रलाई व्यवस्थित गर्न ल्याइएको राष्ट्रिय प्रसारण ऐन २०४९ ले राष्ट्र भाषाको प्रयोगलाई अपरिहार्य बनायो। यसलाई व्यवहारमा उतार्न २०५० जेठ १४ गते श्री तिलबिक्रम नेम्बाङ (बैरागी काइला)को संयोजकत्वमा गठित ११ सदस्यीय राष्ट्रिय भाषानीति सुझाउ आयोगले रेडियो नेपालबाट प्रसारित हुने कार्यक्रमलाई अझ प्रभावकारी र लाभदायक तुल्याउन प्रतिवेदनमा सुझाउ दिएको थियो। आयोगले प्रतिवेदनमा आमसञ्चारका माध्यममध्ये रेडियो सबैभन्दा सुगम, सुलभ र कम खर्चिलो उल्लेख गर्दै रेडियो नेपालको समाचार तथा कार्यक्रम देशको कुनाकाप्चामा सुन्न सकिने र निरक्षरले पनि बुझ्न सक्ने उल्लेख गरेको छ। समितिले श्रव्य दृष्यतर्फ दिएको सुझाउ नं २ मा "सार्वजनिक, सांस्कृतिक र स्थानीय महत्त्वका कुराहरूलाई समाचार र अन्य कार्यक्रमद्वारा प्रसार गर्न क्रमिक रूपमा विभिन्न राष्ट्रिय भाषाहरूको प्रयोग गर्दै लैजानुपर्ने हुन्छ। हाल मैथिली, नेवारी र हिन्दीमा जस्तै केही अन्य राष्ट्रिय भाषाहरूमा पनि समाचार प्रसारण आरम्भ गर्न सकिन्छ। केन्द्रीय र क्षेत्रीय दुवै

प्रसारणहरूको व्यवस्था गरेर भए पनि राष्ट्रिय भाषाहरूको प्रयोगलाई विस्तार गर्दै लैजान सकिन्छ (आयोग, २०५०)।" योसँगै रेडियो नेपालबाट राष्ट्रिय भाषाहरूमा समाचार प्रसारण गर्न तत्कालीन श्री ५ को सरकारले २०५०/१०/२९ गते गरेको निर्णयानुसार 'रेडियो नेपालबाट राष्ट्रिय भाषाहरूबाट समाचार प्रसारण गर्ने बारे सुझाव दिन' सांसद मा. नरहरि आचार्यको अध्यक्षतामा भाषाविद्हरू समावेश गरिएको ९ सदस्यीय कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले विसं. २०५१ बैशाख २८ मा कूल जनसंख्याको कम्तिमा एक प्रतिशतभन्दा बढीले बोल्ने राई वान्तावा, लिम्बू, तामाङ, मगर, भोजपुरी, अवधी, गुरुङ र थारु (पूर्वेली र पश्चिमा) गरी आठ वटा राष्ट्रिय भाषामा समाचार प्रसारणको लागि सिफारिस सहितको सुझाव पेश गऱ्यो (जर्नल, २०५१)। सोही बमोजिम विसं. २०५१ भदौ १ गतेदेखि रेडियो नेपालको सिंहदरबार स्थित केन्द्रीय कार्यालयमा रहेको स्टुडियोहरूबाट समाचार वाचन गरी जातिको वाहुल्यता अनुसार रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रहरूमा लिङ्क गरी समाचार प्रसारण गर्ने कार्य सुरु भयो। जसअनुसार राई वान्तावा, पूर्वेली थारु र लिम्बू भाषाको समाचार धनकुटाबाट, तामाङ र भोजपुरी भाषाको समाचार काठमाडौंबाट, गुरुङ र मगर भाषाको समाचार पोखराबाट र अवधी र पश्चिमा थारु भाषाको समाचार सुर्खेतबाट प्रसारण हुन थाल्यो। यस अघि नै रेडियो नेपालको केन्द्रीय प्रसारणबाट मैथिली, नेपाल भाषा र हिन्दी भाषाको समाचार प्रसारण भैरहेका थिए। रेडियो नेपालबाट जुन समुदायको भाषामा समाचार प्रसारण हुन थाल्यो, उसको लागि गर्वको विषय त बन्ने नै भयो तर समाचार तयार गर्न र प्रसारण गर्न त्यति सहज थिएन। नेपाली भाषामा तयार गरी वाचन गरिएको समाचार बुलेटिनलाई भाषामा अनुवाद गरेर समाचार तयार गर्नु पर्थ्यो। लिम्बू भाषाका पहिलो समाचार वाचक बालकृष्ण मावुहाङका अनुसार समाचारमा प्रयोग हुने शब्दहरू भाषामा नहुँदा नयाँ नयाँ शब्दहरू निर्माण गर्नु पर्दा समाचार प्रमुखसँग विवाद गर्नुपरेको थियो। उहाँका अनुसार राजसंस्थासँग सम्बन्धित पदावली र विभिन्न कार्यालय, संघसंस्थाका नामलाई परिवर्तन नगर्न निर्देशन दिइएको थियो। तर त्यसो गर्ने हो भने लिम्बू भाषामा समाचार दिनुको अर्थ नहुने अडान राख्दै 'श्री ५ महाराजा' जस्ता पदावलीलाई लिम्बू भाषामा नयाँ शब्द निर्माण गरेर भाषामा शुद्धता ल्याउने प्रयास भएको थियो (माबुहाङ, व्यक्तिगत सञ्चार, २०८२)। सम्बन्धित भाषामा औपचारिक शिक्षा प्राप्त गर्ने अवसर नहुँदा जनशक्तिको अभावमा करिब १३ लाख ४० हजार अर्थात् कुल जनसंख्याको ७.२४ प्रतिशत (जनगणना, २०४८) हाराहारीमा रहेको मगर जातिको मातृभाषाको समाचार वाचकको रूपमा दुर्गा रायमाझी नियुक्त हुनु भएको थियो (सारु, व्यक्तिगत सञ्चार, २०८२)। यसरी नै रेडियो नेपालले समयानुसार विभिन्न राष्ट्रभाषाहरूलाई समावेश गर्दै ल्याएको छ। यसै क्रममा २०८२ बैशाख २९ गते देखि सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल कर्णाली प्रादेशिक प्रसारण केन्द्र सुर्खेतबाट नेपाली भाषाको उद्गम स्थल सिंजा राज्यको खस भाषालाई २६ औँ भाषाको रूपमा समावेश गर्दै समाचार प्रसारण सुरु भएको छ। अहिले २२ वटा राष्ट्र भाषा (संविधान, २०७२) सहित नेपाली, अंग्रेजी, हिन्दी र संस्कृत गरी २६ भाषामा रेडियो नेपालले समाचार संप्रेषण गरिरहेको छ।

## विभिन्न भाषामा कार्यक्रम

भदौ १, २०५१ बाट सुरु भएको राष्ट्रिय भाषाको समाचार प्रसारणको क्रम रेडियो नेपाल सिंहदरबारबाट २०५३ चैत्र १९ सम्म कायम रहेको थियो। त्यसपछि श्रोताहरूको बाहुल्यता जहाँ रहेको छ सम्बन्धित भाषाको समाचार तथा कार्यक्रम त्यही रहेको क्षेत्रीय प्रसारण केन्द्रबाट प्रसारण हुनुपर्छ भन्ने रेडियो नेपालको नीति अनुसार २०५३ चैत्र २० गतेदेखि सम्बन्धित क्षेत्रीय प्रसारण केन्द्रबाट राष्ट्रिय भाषाका समाचार तयार गरी वाचन गर्न थालियो (चेम्जोङ, २०८०)। सम्बन्धित क्षेत्रमा भाषाका समाचारवाचकहरू उपलब्ध भएपछि समाचारका अतिरिक्त कार्यक्रम पनि तयार गरी प्रसारण गर्न व्यवस्थापनले निर्देशन दियो। करिब २ महिनाको तयारी पश्चात् प्रसारण समय निर्धारणपछि साप्ताहिक रूपमा १५ मिनटको कार्यक्रम तयार गरी २०५४ असारको पहिलो हप्ताबाट विभिन्न भाषाका कार्यक्रम प्रसारण हुन थालेको थियो। प्रसारण माध्यममा रेडियो नेपालले एक छत्र राज गरेको बेला आफ्नै भाषामा समाचार तथा कार्यक्रम प्रसारणले श्रोतामा उत्साह थपेको थियो। अर्को तिर भाषामा कार्यक्रम उत्पादनका लागि चाहिने गीत, धुन र भाषामा माइक सामना गर्न सक्ने श्रोता सहभागीको अभावमा कार्यक्रम सञ्चालकले निक्कै कठिनाइ झेल्नु परेको थियो। १५ मिनट अवधिका कार्यक्रमहरू अहिले धेरैजसो राष्ट्रभाषामा ४० मिनटका हप्तामा २ पटक प्रसारण हुन्छ। ती कार्यक्रमहरूमा राष्ट्रभाषाका गीत सङ्गीत, कविता, नाटक, संस्कार संस्कृति, अधिकारका कुराहरू समेटिएको हुन्छ। यसमा अन्तर्वार्ता र टेलिफोनमा आधारित कार्यक्रमलाई बढी प्राथमिकता दिइएको छ। यी कार्यक्रमहरू प्रादेशिक प्रसारणको निर्धारित अवधि दिनको २:१५ देखि ६:०० बजे भित्रमा प्रसारण हुन्छन्।

सार्वजनिक सेवा प्रसारण रेडियो नेपालबाट प्रसारण भइरहेका राष्ट्रभाषाहरूको विवरण :

| प्रदेश | क्र. सं. | भाषा | प्रसारण सुरु मिति | प्रथम समाचार वाचक | कार्यक्रमको नाम र अवधि हप्तामा | कार्यरत जनशक्ति |
|---|---|---|---|---|---|---|
| कोशी | १ | याक्थुङ/लिम्बू | २०५१/०५/०१ | बालकृष्ण माबुहाङ | नुनाम्फुङ ४० मिनट<br>नुनाम्फुङ ४० मिनट | २ स्थायी<br>१ बुलेटिन वेशिस |
| | २ | राई वान्तावा | २०५१/०५/०१ | चन्द्रकला राई | आम्नो लेमासी ४० मिनट<br>आम्नो मिन्मासी ४० मिनट | १ स्थायी<br>१ करार<br>१ बुलेटिन वेशिस |
| सञ्चार ग्राम | ३ | पूर्वेली थारु | २०५१/०५/०१ | भूदेव नारायण भगत | आपन बात आप्ने आवाजमे ४० मिनट<br>संगेसंगे तोरेसिया संगे ४० मिनट | २ स्थायी<br>१ करार |
| | ४ | राजवंशी | २०८१/०३/३० | दीपिका राजवंशी | नाया बागान ४० मिनट<br>हामार गाहाना ४० मिनट | २ बुलेटिन वेसिस |
| मधेश | ५ | मैथिली | २०४९/०९/१६ | डा. चन्देश्वर शाह | आपन मिथिला ४५ मिनट<br>गामघर ४५ मिनट | १ स्थायी<br>१ बुलेटिन वेशिस |
| | ६ | मगही | २०७२/०७/१६ | सिमा शर्मा | बैठार ४५ मिनट<br>मगही भाषा संस्कृति ३० मिनट | १ करार<br>२ बुलेटिन वेसिस |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७ | बज्जिका | २०८०/११/०१ | बिमलेश कुमार झा | बज्जिका हलचल ३० मिनट<br>सङ्गीतलहर ३० मिनट | २ वुलेटिन वेसिस |
| | ८ | भोजपुरी | २०५१/०५/०१ | राकेश सिंह | रसमंजरी ४५ मिनट<br>भोजपुरिया सनेस ४५ मिनट | १ करार |
| बागमती | ९ | तामाङ | २०५१/०५/०१ | रमिता वल | स्यालगार ४५ मिनट<br>स्यालगार ४५ मिनट | १ स्थायी<br>१ करार |
| | १० | नेपालभाषा | २०५१/०५/०१ | हरी श्रैष्ठ | हिउपां हःगु नुगः सः ४५ मिनट<br>जीवन दबू ४५ मिनट | १ करार<br>१ बुलेटिन वेशिस |
| | ११ | शेर्पा भाषा | २०५३/०३/०१ | खोन्पो ङवाङ होसेर | शेवी डोलुगकी ल्यारीम ४५ मिनट | २ बुलेटिन बेसिस |
| | १२ | उर्दु भाषा | २०५२/०५/०१ | मो. वलिउल्लाह | गुल्शने नेपाल ४५ मिनट | १ करार<br>१ बुलेटिन वेशिस |
| | १३ | दनुवार भाषा | २०८१/०७/३० | सरस्वती राई दनुवार | हामई दनुवार ४५ मिनट | २ बुलेटिन वेशिस |
| गण्डकी | १४ | गुरुङ | २०५१/०५/०१ | गोविन्द गुरुङ | ङ्योई क्ह्युई ङ्योइ छ्या २५ मिनट<br>ङोसेमिसे २५ मिनट | २ जना स्थायी<br>१ जना करार |
| | १५ | मगर | २०५१/०५/०१ | हर्क बहादुर आले | कानुङ ढुट कानुङ रोस २५ मिनट<br>रिन्हाक २५ मिनट | २ जना स्थायी |
| लुम्बिनी | १६ | अवधी | २०५१/०५/०१ | दिग्वीजय मिश्र | दुवारे मुहारे ३० मिनट<br>अपन भाषा अपन गीत ३० मिनट | १ स्थायी<br>१ करार |
| | १७ | पश्चिमा थारु | २०५१/०५/०१ | नेमसिंह थारु | हमार पहुरा ३० मिनट<br>हमार गीत ३० मिनट | २ बुलेटिन वेसिस |
| | १८ | खाम मगर | २०५७/०३/०९ | जुक्ति प्रसाद पुन | गिमी कुईख्याङ ३० मिनट<br>गिमी गीत ३० मिनट | २ करार |
| कर्णाली | १९ | खस भाषा | २०८२/०१/२९ | अप्सरा विष्ट | हब्बैको बोली ३० मिनट<br>हाम्मा कुडा ३० मिनट<br>फोन इन | २ करार |

## सार्वजनिक सेवा प्रसारण रेडियो नेपालको केन्द्रीय प्रसारणबाट भइरहेका भाषाहरूको विवरण

| | | | |
|---|---|---|---|
| अन्य | २३ | नेपाली | २००७/१२/२० |
| | २४ | अङ्ग्रेजी | २००७/१२/२० |
| | २५ | हिन्दी | २००७/१२/२५ |
| | २६ | संस्कृत | २०५१/१२/३० |

*स्रोत: लम्साल (२०२१), विष्ट (२०२३) मा उद्धृत गरे अनुसार*

## नेपाल टेलिभिजन

| च्यानल | क.सं. | भाषा | प्रसारण सुरु मिति | प्रथम समाचार वाचक | प्रसारित कार्यक्रमको नाम र अवधि | कार्यरत जनशक्ति |
|---|---|---|---|---|---|---|
| कोहलपुर | १ | पश्चिमा थारु | २०७९/१२/०६ | कृष्ण चौधरी | | २ जना करार |
| | २ | डोटेली | २०८०/०९/०१ | महेन्द्र बहादुर बम | | २ जना करार |
| काठमाडौं | ३ | गुरुङ | २०७९/१०/१७ | अनिता गुरुङ | डेतां २५ मिनट साप्ताहिक | २ जना करार |
| | ४ | तामाङ | २०७९/१०/१५ | शान्ति वाईवा | फ्याफुल्ला २५ मिनट साप्ताहिक | २ जना करार |
| | ५ | नेपालभाषा | २०८१/०६/३० | सकुन्तला महर्जन | नेवा दर्गु २५ मिनट साप्ताहिक | २ जना करार |
| ईटहरी | ६ | मैथिली | २०८०/०४/०५ | दिपक कुमार कर्ण | भानस २५ मिनट पाक्षिक<br>अपन मिथिला २५ मिनट पाक्षिक | २ जना करार |
| | ७ | लिम्बू | २०७९/११/०५ | विनु चेम्जोङ | | २ जना करार |

*स्रोत: समाचार वाचकसँग प्रत्यक्ष संवाद चैत्र, २०८२।*

भाषामा समाचार तथा कार्यक्रम प्रसारणको प्रभाव

रेडियो नेपालले आफ्नो स्थापना कालदेखि नै बहुभाषिक विविधतालाई समेट्दै प्रसारणलाई समावेशी बनाएर राष्ट्रिय एकता र पहिचानलाई सुदृढ बनाउँदै ल्याएको छ। रेडियो नेपालबाट प्रसारण भइरहेका विभिन्न राष्ट्रभाषाका समाचार तथा कार्यक्रमहरूले भाषा, साहित्य तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्ता हस्तान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। प्रादेशिक प्रसारण केन्द्रहरूबाट विभिन्न भाषामा प्रसारण हुन थालेको समाचार तथा कार्यक्रमले तीन दशक पार गर्दा डा. जनार्दन विष्टको अध्ययन (२०२३) अनुसार 'रेडियो नेपालका करिब ९० प्रतिशत लक्षित श्रोताले आफ्नै मातृभाषामा समाचार सुन्ने गरेका, ६० प्रतिशतले ती सामग्री पूर्ण रूपमा बुझ्ने गरेका, ९० प्रतिशत भन्दा बढीले यसलाई विश्वसनीय मानेका र ७८ प्रतिशतले प्रत्यक्ष लाभान्वित भएको महसुस गरेका छन्।' त्यसैले नेपाली भाषा राम्ररी नबुझ्ने र शिक्षामा पहुँच नभएका समुदायका लागि आफ्नै भाषामा प्राप्त सूचना, शिक्षा, मनोरञ्जनले उनीहरूको सामाजिक रूपान्तरणमा सघाउ पुऱ्याएको छ। प्राकृतिक प्रकोप र महामारीमा मातृभाषामा दिइएका जीवनरक्षक सन्देशले उनीहरूको जीवन जोगाइमा विपद्को साथी बनेको छ। त्यसैगरी 'मेरो भाषा पनि रेडियोमा बज्छ' भन्ने भावले समुदायको राज्यप्रतिको अपनत्व र आफ्नो संस्कृतिप्रति गौरव गर्ने वातावरण सिर्जना गरी विविधतामा एकता कायम गर्न सफल भएको छ।

## समस्या र चुनौतीहरू

नेपालमा रहेका १२४ मातृभाषा (जनगणना, २०७८) देशका लागि राष्ट्रिय सम्पत्ति हुन्। यसको संरक्षण संवर्धन गर्नु राज्य र आम नागरिकको उत्तिकै दायित्व रहेको हुन्छ। नेपालको संविधानले नै व्यवस्था गरे बमोजिम मातृभाषाको संरक्षण संवर्धन गर्न मातृभाषामा शिक्षा, आमसञ्चारमा प्रसारण तथा प्रकाशन, विभिन्न तहमा सरकारी कामकाजको भाषा जस्ता नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुँदै गर्दा कागजी रूपमा लक्ष्य प्राप्त भएको तर यथार्थमा त्यति सफल भएको पाइँदैन। मातृभाषामा शिक्षा केही नगन्य विद्यालयहरूमा बाहेक पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणलाई नै उपलब्धि मान्नु परेको छ। राज्यले सञ्चालन गरेका आमसञ्चार संस्थाहरू गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन र राष्ट्रिय समाचार समितिले विभिन्न मातृभाषामा समाचार, कार्यक्रम तथा लेखहरू प्रकाशन/प्रसारण गरिरहेका छन्। तापनि सम्बन्धित पक्षले सोचेजस्तो व्यावहारिक नतिजा हात पार्न सकेको छैन। विशेष गरी रेडियो नेपालको सन्दर्भमा देखिएका मुख्य समस्या र चुनौतीहरू निम्न छन्:

### १. सामग्री उत्पादनमा समस्या

- अनुवादमुखी प्रवृत्तिः लक्षित श्रोताको रुचि र मौलिकतालाई ध्यान दिनुको साटो नेपाली भाषाको समाचार बुलेटिनलाई सिधै अनुवाद गरेर प्रसारण गर्ने 'जागिरे प्रवृत्ति' हावी हुनु।
- मौलिकताको अभावः स्थानीय सन्दर्भ र मौलिक कार्यक्रमहरू उत्पादन हुन नसक्नु।

### २. जनशक्ति व्यवस्थापन

❑ दक्षताको अभावः भाषाको ज्ञान र आवश्यक शैक्षिक योग्यता दुवै भएका जनशक्तिको कमी हुनु।

❑ वृत्ति विकासमा अवरोधः मातृभाषामा काम गर्ने कर्मचारीहरू जुन तहमा प्रवेश गरे, त्यहीँबाट अवकाश हुनुपर्ने बाध्यता, एउटै तहमा सँगै प्रवेश गरेका अन्य सेवाका कर्मचारीहरू व्यवस्थापकीय ओहोदामा पुग्दा समेत भाषाकर्मीहरू भने जहाँको तही रहनुपर्दा विभेदको महसुस गर्न बाध्य हुनु।

❑ प्रोत्साहनको कमीः उनीहरूको बहुसिपलाई उचित कदर र उपयोग नगरिनु।

### ३. संस्थागत र संरचनागत

❑ दरबन्दी व्यवस्थापनमा अस्पष्टताः पहिलेको नियमावलीमा प्रत्येक भाषाका लागि १ सम्पादक र २ सह–समाचार वाचकको व्यवस्था गरिएकोमा पछिल्लो समय त्यसलाई निरन्तरता दिई पारदर्शी बनाउन नसक्नु,

❑ विभेदकारी दृष्टिकोणः पछिल्लो समयमा भाषाको दरबन्दी कटौती गरिनु वा भएको दरबन्दीलाई अन्य सेवामा सारेर दरबन्दी हटाउँदै मातृभाषाका कर्मचारीलाई 'दोस्रो दर्जा' को रूपमा व्यवहार गरिनु।

### ४. नीतिगत समस्या

❑ स्पष्ट नीतिको अभावः भाषाहरूको संख्या थप्दै जाने तर सोही अनुसारको स्रोत र साधन व्यवस्थापन नगर्नु,

❑ अनुगमन र मूल्याङ्कनको कमीः उपलब्ध स्रोतको सदुपयोग र प्रसारित सामग्रीले समाजमा पारेको प्रभावबारे आधिकारिक अध्ययन वा मूल्याङ्कन गर्ने संयन्त्र कमजोर हुनु।

### ५. प्रविधि र आधुनिकता

❑ प्लेटफर्म परिवर्तनः श्रोताहरू रेडियो सेटबाट अन्य डिजिटल प्लेटफर्ममा सरेका छन्, तर रेडियो नेपालका सामग्री सोही अनुसार परिमार्जन हुन नसक्नु,

❑ अन्तरक्रियात्मकताको अभावः 'कन्टेन्ट क्रिएटर' ले श्रोताले चाहेको समयमा सामग्री उपलब्ध गराउने र तत्काल आउने प्रतिक्रियालाई सम्बोधन गर्ने सक्रियता नदेखाउनु,

❑ प्रवर्द्धनको कमीः सामग्री प्रसारण गरेपछि पनि त्यसलाई धेरैभन्दा धेरै श्रोतासम्म पुऱ्याउनका लागि गरिने गोडमेल वा प्रवर्द्धनात्मक प्रयासको अभाव देखिनु।

### समाधानका उपायहरूः

राष्ट्र भाषाका प्रसारणमा देखिएका माथिका गम्भीर समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न निम्न समाधानका उपायहरू प्रभावकारी हुन सक्छन्ः

### १. सामग्री उत्पादनमा सुधारः

❑ अनुवादबाट मौलिकतातिरः नेपाली समाचारको हुबहु अनुवाद गर्ने अनुवादक मात्र नभई मौलिक

सामग्री उत्पादन गर्नुपर्ने, समुदायको संस्कार, संस्कृति, लोककथा र समुदायका समस्या समेटिएका मौलिक सामाग्रीलाई प्राथमिकता दिने।

❑ समुदायको सहभागिता: लक्षित समुदायका व्यक्तिहरूसँग नियमित अन्तरक्रिया गरी उनीहरूको रुचि र आवश्यकताका आधारमा कार्यक्रमहरूको खाका तयार गरी उत्पादन गर्ने।

## २. जनशक्ति र वृत्ति विकास

❑ समान अवसर र पदोन्नति: मातृभाषामा कार्यरत कर्मचारीहरूलाई दोस्रो दर्जाको रूपमा हेर्ने परिपाटी अन्त्य गरी उनीहरूको योग्यता र अनुभवका आधारमा आन्तरिक बढुवा र वृत्ति विकासको सुनिश्चितता गर्ने,

❑ तालिम र क्षमता अभिवृद्धि: भाषाको ज्ञान भएका व्यक्तिहरूलाई आधुनिक पत्रकारिता, डिजिटल प्रविधि र मल्टिमिडिया सम्पादनका तालिमहरू नियमित रूपमा प्रदान गर्ने,

❑ बहुसिपको कदर: एउटै व्यक्तिले भाषा, प्रविधि र व्यवस्थापन सम्हाल्न सक्छ भने उसलाई उचित मूल्याङ्कन गरी अवसर दिनुपर्ने।

## ३. संस्थागत र संरचनागत सुधार:

❑ पारदर्शी दरबन्दी: नियमावलीमा भएको पहिलेको दरवन्दी (सम्पादक १, सहसमाचार वाचक २)लाई पूर्ण रूपमा कार्यान्वयन गर्दै पछि थप भएका भाषाको पनि दरबन्दी थप गर्दै परिमार्जन गर्नु पर्ने, भाषाको दरबन्दी कटौती गर्ने वा अर्को सेवामा मिलान गर्ने कार्य रोक्ने,

❑ प्रादेशिक सशक्तीकरण:केन्द्रबाट सबै भाषालाई नियन्त्रण नगरी सम्बन्धित भाषा बोलिने प्रदेश प्रसारण केन्द्रहरूलाई बढी अधिकार र स्रोत साधन दिने,

❑ मातृभाषाको ब्राण्ड: अन्य कुनै प्रसारण माध्यममा नरहेको २६ वटा भाषामा प्रसारण गरिरहेको संस्था हो भनि ब्राण्डिङ गर्ने।

## ४. नीतिगत र अनुगमन पक्ष:

❑ दीर्घकालीन रणनीति: भाषाहरू थप्ने मात्र नभई ती भाषाका समाचार तथा कार्यक्रमलाई कसरी टिकाउ र प्रभावकारी बनाउने भन्ने स्पष्ट समावेशी प्रसारण नीति तर्जुमा गर्ने,

❑ प्रभाव मूल्याङ्कन: प्रत्येक वर्ष स्वतन्त्र निकाय मार्फत श्रोता सर्वेक्षण गरी कुन भाषाको कार्यक्रम कति प्रभावकारी भयो र सुधार गर्नु पर्ने पक्ष के हुन् भन्ने प्रतिवेदन सार्वजनिक गर्ने,

❑ स्तरीकरण: भाषा प्रसारणले पारेको प्रभावलाई वैज्ञानिक संयन्त्र तयार गरी सर्वेक्षण र मूल्याङ्कन पछि प्राप्त नतिजाका आधारमा उक्त भाषा प्रसारणलाई स्तरीकरण गर्दै जनशक्ति व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउँदै लाने।

## ५. प्रविधि र डिजिटल रूपान्तरण:

❑ मल्टिप्लेटफर्म उपस्थिति केवल परम्परागत रेडियो तरङ्गमा मात्र भर नपरी फेसबुक, युट्युव,

टिकटक र रेडियो नेपालको मोबाइल एप मार्फत भाषाहरूका बेग्लाबेग्लै प्लेलिष्टहरू उपलब्ध गराउने,

❑ अन डिमाण्ड सामग्रीः श्रोताले चाहेको समयमा 'जहाँ पनि जहिले पनि' सुन्न सक्ने बनाउन मातृभाषाका समाचार र कार्यक्रमलाई डिजिटल भण्डारण गर्ने,

❑ अन्तरक्रियात्मकः प्रसारणका क्रममा फोन, म्यासेज वा सोसल मिडिया मार्फत श्रोतासँग प्रत्यक्ष संवाद गर्न सक्ने वातावरण मिलाउने।

## निष्कर्षः

रेडियो नेपाललाई वास्तविक सार्वजनिक सेवा प्रसारण (PSB) बनाउनका लागि राज्यले मातृभाषाको संरक्षण र प्रवर्द्धन सहित समाज रूपान्तरणका लागि खटिएका पत्रकारलाई 'कर्मचारी' मात्र नभई 'सांस्कृतिक संवाहक' का रूपमा सम्मान र सुविधा दिनुपर्छ। जबसम्म भाषाकर्मीले आफ्नो भविश्य सुरक्षित देख्दैनन् तबसम्म प्रसारणमा गुणस्तर ल्याउन कठिन हुन्छ।

## सन्दर्भ सामग्री


आचार्य, भानुभक्त (२०७३), आम सञ्चार र पत्रकारिता अध्ययन, प्रधान बुक हाउस।

चेम्जोङ, तिल बिक्रम (२०८० चैत्र १८), याक्थुङ भाषा रेडियो प्रसारणमा, चुम्लुङ निप्पोन, वर्ष १ (१), (पृ.१०३ – १०९)।

झङ्कार (मिति उल्लेख नभएको), रेडियो नेपालको मुखपत्र (विभिन्न अङ्कहरू), रेडियो नेपाल।

तामाङ, अमृत योन्जन (२०६९), नेपालका मातृभाषा (भाग १), नेपाल प्रज्ञा प्रतिष्ठान।

नेपाल सरकार (२०७२), नेपालको संविधान, नेपाल कानुन आयोग।

बिस्ट, जनार्दन (२०२२), रेडियो नेपालको समावेशी प्रसारण प्रभावकारिता अध्ययन (अप्रकाशित पाण्डुलिपि), रेडियो नेपाल।

यादव, योगेन्द्र र अवस्थी, लवदेव (सम्पादक) (मिति उल्लेख नभएको), Perspectives on Mother Tongue-Based Multilingual Education in NepalI शिक्षा विभाग र युएसएड।

यात्रु, कुमार (२००४), रेडियो नेपाल र जनजाति, हुमागाईं, देवराजं (सम्पादक), रेडियो नेपालको सामाजिक इतिहास, मार्टिन चौतारी।

वन्त, प्रत्युष (सम्पादक), (२०६१), रेडियो नेपालको सामाजिक इतिहास, काठमाडौँः मार्टिन चौतारी।

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७९), राष्ट्रिय जनगणना २०७८ को राष्ट्रिय प्रतिवेदन (नेपालको जनगणना २०७८), नेपाल सरकार।

राष्ट्रिय भाषानीति सुझाव आयोग (२०५०) प्रतिवेदन २०५० तथा नेपालको भाषिक स्थिति।

रेडियो नेपाल (२०२३), साङ्गठनिक रूपरेखा र कार्यक्रम तालिका (२०२३)।

रेडियो प्रसार सेवा विकास समिति (मिति उल्लेख नभएको), कर्मचारी सेवा शर्त नियमावली, २०७७।

श्रेष्ठ, रीता लाखे (२०२२), रेडियो नेपालबाट प्रसारण हुने 'नेपालभाषा'को समाचारले काठमाडौं उपत्यकाका नेवार समुदायमा पारेको प्रभाव स्नातकोत्तर तहको शोधपत्र, पूर्वाञ्चल विश्वविद्यालय ।

श्रेष्ठ, हरि (२०५६), रेडियो नेपाल एक सम्झना, काठमाडौं ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (२०८१), सार्वजनिक सेवा प्रसारण ऐन र नियमावली ।

सिघक, विष्णुकुमारी (२०१८), Impact of Limbu news bulletins in Tehrathum, स्नातकोत्तर तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

हुमागाईं, देवराज (मिति उल्लेख नभएको), सरकारी नीति योजनामा रेडियो नेपाल र रेडियो नेपालका कार्यक्रम अर्धशताब्दी समीक्षा, रेडियो नेपालको सामाजिक इतिहास, मार्टिन चौतारी ।

Bista, J. (2023). Effectiveness of Multilingual Broadcasting: A Case Study of Radio Nepal. Heritage Journal.

Browne, D. R. (2005), Ethnic minorities and indigenous peoples: The role of the media. UNESCO/SAGE Publications.

Journal of Limbu Literature and Culture 2051, Magh, Kathmandu.

Sharecast Initiative Nepal (2022), Nepal media survey 2022.

*(लेखक रेडियो नेपाल धनकुटाका कार्यालय प्रमुख हुनुहुन्छ ।)*



**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स
पुतलीसडक, काठमाडौं
फोन नं.:५३६०३८६/५३१६०६८/५३४०१५०

CDSC

**धितोपत्र कारोबारको सम्बन्धमा लगानीकर्तालि ध्यान दिनु पर्ने कुराहरू**

१. धितोपत्र कारोबारको राफसाफ सम्बन्धमा

क. धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट T+२ मा हुने भएकोले राफसाफ समय भित्र बिक्री गरेको धितो पत्र तथा खरिद गरे बराबरको रकम निर्धारित समयमा जम्मा गरी सक्नु पर्दछ।

ख. E–DIS, Close–Out तथा धितोपत्रको भारित औसत लागत सम्बन्धमा

अ. कारोबार गरेको भोलिपल्ट (T+1) भित्र E–DIS गरी आफुले बिक्री गरेको धितोपत्र सम्बन्धित ब्रोकरको पुल खातामा जम्मा गरी सक्नु पर्दछ।

आ. Free Balance मात्र बिक्री गर्न मिल्ने हुँदा "मेरो शेयर" मा Free Balance रहेको यकिन गरी बिक्री गर्नु पर्ने र तोकिएको समय भित्र E–DIS गरी सक्नु पर्ने हुन्छ अन्यथा Close–Out बापत २० प्रतिशत जरिवाना तिर्नु पर्दछ।

इ. पूंजीगत लाभकर गणनाका लागि आफ"ले बिक्री गरेको धितोपत्र हस्तान्तरण गर्नु अघि भारित औसत लागत तथा Short–Term, Long–Term Holding गणना गर्नु पर्दछ।

२. हितग्राही खाता तथा "मेरो शेयर" प्रत्येक बर्ष नवीकरण गर्नु पर्दछ।

३. "मेरो शेयर" को युजरनेम (ग्कभचलकभ) र पासवर्ड (एबककधयचम) लगायत हितग्राही खाता संग सम्बन्धित विवरण गोप्य ⁄राखी सिडिएससिको आधिकारीक प्रणाली मात्र प्रयोग गर्नु पर्दछ।

४. एउटै कम्पनीको धितोपत्रको सार्वजनिक निष्काशनमा एक भन्दा बढी हितग्राही खाताबाट आवेदन गर्नु हुँदैन।

५. घरायसी तथा मृत्यु नामसारी गर्दा सम्बन्धित निक्षेप सदस्य मार्फत आवश्यक कागजात रुजु गराई सोही निक्षेप सदस्य मार्फत प्रकृया अगाडि बढाउनु पर्दछ।

६. सार्वजनिक निष्काशनमा भएका धितोपत्र सम्बन्धी पर्याप्त जानकारी लिए पश्चात लगानी गर्नु पर्दछ।

७. धितोपत्र कारोबार गर्दा हुने जोखिम लगायत अन्य पर्याप्त जानकारी लिएर मात्र कारोबार गर्नु पर्दछ।

८. पुरानो भौतिक शेयर प्रमाणपत्रहरु भएमा डिम्याट गरी सुरक्षित रुपमा राख्नुहोला।

९. गुनासो, सुझाव तथा जानकारीका लागि सिडिएससिको WhatsApp, Viber, Mobile No.९७०९११८५४३ तथा Facebook PageM https:www=facebook.com÷CDSnClearing मा सिधै सम्पर्क गर्नुहोला।



## वाकिटकी लगायतका रेडियो उपकरणहरूको आयात, बिक्री वितरण तथा प्रयोगसम्बन्धी सूचना

नेपालमा वाकीटकी लगायतका रेडियो फ्रिक्वेन्सी प्रयोग भई सञ्चालन हुने रेडियो यन्त्रहरूको आयात गर्न, बिक्री वितरण गर्न, उत्पादन गर्न, राख्न तथा प्रयोग गर्नका लागि रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम लाइसेन्स लिनुपर्ने प्रावधान रहेको छ। हाल विभिन्न वेवसाइट, Online Shopping Platform तथा सामाजिक सञ्चाललगायतका माध्यमहरूमार्फत् विज्ञापन समेत गरी लाइसेन्स लिएर आयात, बिक्री वितरण तथा प्रयोग गर्नुपर्ने रेडियो यन्त्रहरू अवैधानिक रूपमा लाइसेन्स नलिई बजारमा तथा अनलाइन माध्यमबाट बिक्री वितरण तथा प्रयोग भइरहेको भन्ने विषयमा विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

यस विभागबाट लाइसेन्स/अनुमति नलिई वाकिटकी लगायतका रेडियो उपकरणहरू आयात, बिक्री वितरण तथा प्रयोग गर्ने कार्य तत्काल बन्द गरी नियमानुसार लाइसेन्स लिई मात्रै त्यस्तो कार्य गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ। अन्यथा प्रचलित कानून बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ।

**सूचना तथा प्रसारण विभाग**



खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
**नेपाल आयल निगम लि.** को

## अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

### ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"*
उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१–४२६३४८५, ४२६३४८१

# रेडियो नेपाल, उद्यमशीलता र युवा



अर्जुन श्रेष्ठ

रेडियो नेपाल नेपालको सञ्चार इतिहासमा एउटा प्रसारण सेवाको विकासक्रम, लोकतान्त्रिक चेतना र सांस्कृतिक पहिचानको अभिन्न अङ्ग र नेपाली समाज परिवर्तनको जीवित अभिलेख हो। परिपक्व अनुभव, सामाजिक विश्वास र ऐतिहासिक विरासत बोकेको रेडियो नेपाल समाजलाई दिशा दिने, चेतना जगाउने र सम्भावनाको ढोका खोल्ने सशक्त माध्यम पनि हो।

साढे सात दशकदेखि निरन्तर 'राष्ट्रको सञ्चार'का रूपमा आफ्नो पहिचान स्थापित गरेर देशका दूरदराजदेखि शहरी क्षेत्रका जनतासँग सशक्त सम्बन्ध कायम राखिरहेको रेडियो नेपाल समाज परिवर्तन र सांस्कृतिक जागरणको पर्याय पनि हो। आपत्विपत् र महामारीजस्ता कठिन घडीहरूमा नागरिकको नजिकको सारथी बनेको रेडियो नेपालको राजनीतिक, सामाजिक र सांस्कृतिक जागरण र सकारात्मक परिवर्तनमा महत्त्वपूर्ण योगदान छ।

सार्वजनिक सेवा प्रसारणको उद्देश्य व्यावसायिक नाफाभन्दा पर, सामाजिक उत्तरदायित्वमा आधारित छ। यसले नागरिकलाई सूचित मात्र होइन, सचेत, सक्षम र सक्रिय बनाउने लक्ष्य राख्छ। यही दृष्टिकोणअनुसार रेडियो नेपालले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र सामाजिक न्यायका विषयमा विविध कार्यक्रम उत्पादन गर्दै आएको छ। विशेषगरी उद्यमशीलता जस्ता व्यवहारिक र जीवनोपयोगी विषयलाई प्राथमिकतामा राखेर कार्यक्रम प्रसारण गर्नु यसको सकारात्मक पक्ष हो। आजको परिवर्तित सन्दर्भमा, विशेषतः उद्यमशीलता प्रवर्द्धन र युवा सशक्तीकरणमा रेडियो नेपालको योगदान अझ सान्दर्भिक छ।

रेडियो नेपालले सूचना र मनोरञ्जनमात्र हैन, मुलुकभित्रै सम्भावना देखाउने, श्रमको सम्मान, उद्यम, नवप्रवर्तन र सामूहिक ऊर्जालाई बढवा दिदै सकारात्मक सोचको विकास र अवसरहरूको पहिचान गर्न सहयोग पुर्‍याएको छ। देशभित्रै भएका असल अभ्यास र सकारात्मक परिवर्तनहरूको प्रवर्द्धन गर्दै नागरिकमा आशा र विश्वास जगाउने कार्यलाई मूल प्राथमिकतामा राखेको छ। युवा शक्तिलाई देशभित्रै सम्भावना देखाउने र सकारात्मक भावना जागृत गराउने प्रकृतिका कार्यक्रमहरूलाई प्राथमिकता दिएर प्रसारण गरिरहेको छ।

नेपालजस्तो भौगोलिक विविधता र सीमित पूर्वाधार भएको मुलुकमा रेडियो अझै पनि सबैभन्दा प्रभावकारी माध्यम हो। रेडियो नेपालले यही शक्तिलाई प्रयोग गर्दै गाउँ–सहर, हिमाल–पहाड–तराईका नागरिकलाई एउटै सूचनात्मक धागोमा बाँध्ने सार्वजनिक प्रसारणको जिम्मेवारी पूरा गर्दै गर्दा उसले पाएको 'लोकप्रियता' नागरिकको विश्वास पनि हो। शिक्षा, सूचना र मनोरञ्जनसँगै विपत्को सारथी बनेको रेडियो नेपालले देशभित्रै भएका सम्भावनाहरूको उजागर गर्दै प्रयत्नशील युवाहरूलाई/ उद्यमीहरूलाई प्रोत्साहित गर्दै आएको छ।

रेडियो नेपालले 'पौरखीको कथा', 'सिप र सिर्जना', 'स्वरोजगार', 'युवा संसार' जस्ता युवामा सकारात्मक चिन्तन राख्न प्रेरित गर्दै युवा लक्षित कार्यक्रमहरू तयार गरेर प्रसारण गरिरहेको छ। कृषि, पर्यटन, उद्यमशीलता र नवप्रवर्तनमा सफल व्यक्तिहरूको कथालाई कार्यक्रममा समेटेर 'गरे सकिन्छ' भन्ने सन्देश प्रवाह गरिरहेको छ। आफ्नै देशमा परिवारसँगै बसेर उद्यम रञ्चालन गरिरहेका युवाहरूको सफलताको कथाले विदेश पलायन हुने युवाहरूलाई एकपटक सोच्ने र स्वदेशमै अवसर खोज्ने प्रेरणा दिएको छ।

रेडियो नेपालमा प्रसारण हुने युवा लक्षित कार्यक्रममध्ये 'पौरखीको कथा'ले विशेषतः स्वदेशमा नै अवसर देख्नेहरूलाई कार्यक्रममा समेट्ने गरेको छ। कार्यक्रममा उद्यम सुरु गरेदेखिका अनुभव र भोगाई समेट्दै उद्यमीको आँखाले देखेको अन्य अवसरसमेत राख्ने गरिन्छ। लामो अनुभवबाट खारिएका उद्यमीको अनुभव र भोगाइमा आधारित सफलताका सूत्रहरूसमेत राख्ने गरिन्छ। यसले सम्भावनाको खोजीमा रहेका युवालाई अवसरको पहिचान गर्न मद्दत गर्ने र सहकार्यको अवसर समेत जुराइदिएको छ।

विद्यार्थी जीवनमै सम्भावना खोजीमा रहेका युवाहरू अर्जुन साह, विवेक न्यौपाने, राजकुमार घिमिरे र दिनेश ठकुरीले मिलेर तराईमा छठी पूजाको प्रसादका रूपमा प्रयोग गर्ने 'ठेकुवा'लाई ब्राण्डिङ गरेर बजारीकरण गर्दै गर्दा दर्जनौं महिलालाई रोजगारी दिएर मासिक लाखौं रुपैयाँको कारोबार गरिरहेको कथा, अमेरिकामा पिएचडीसम्मको अध्ययन सकेलगत्तै त्यहाँको अवसर त्यागेर नेपालमा ६० प्रकारका शृङ्गारका सामग्री उत्पादन गरिरहेको हर्वेदा बोटानिकल्स सञ्चालन गर्ने उद्यमी प्रतिभा पाण्डेको कथाले 'यहाँ केही छैन', 'गरेर केही हुँदैन' भन्ने नकारात्मक भाष्य निर्माण गर्नेहरूलाई 'गर्न सकिन्छ' भनेर सम्भावना र आशाको किरण देखाएको छ।

सिन्धुलीमा जुनार उत्पादन गर्ने निर्मल रम्तेलको लोभलाग्दो आम्दानीको कथा, टुकुचे मुस्ताङका स्याउ कृषक निरज तुलाचनले वार्षिक ६० लाख रुपैयाँ आम्दानी गरिरहेको कथा, चितवनकी आश्मा पौडेलको 'असली हिमाली'को कथा, जुम्लाका उद्यमी टक्क बहादुर नेपालीको सफलताको कथा, सडकमा चिया बेचेर सुरु गरेको उद्यम आज करोडौँको कारोबार गर्ने उद्यम बनेको ललितपुरका युवा उद्यमी वर्षा रञ्जितकारको कथा मात्र हैन, विष्णुमतीमा बालुवा चालेर गुजारा चलाउन छाडेर 'नेपाली मन' अचार उद्योगमार्फत करोडौँको आचार कारोबार गर्ने बशुमाया तामाङ जस्ता सयौं पौरखीहरूको कथाले देशभित्रै सम्भावना देखाउने र युवालाई अवसरको पहिचानमा उत्प्रेरित गरिरहेको छ।

बढ्दो बेरोजगारी, वैदेशिक रोजगारीप्रति निर्भरता र सीमित आर्थिक अवसरका बिच उद्यमशीलता एउटा प्रभावकारी विकल्प हो। यस्तो अवस्थामा रेडियो नेपालले नागरिकलाई केवल जानकारी, सूचना र मनोरञ्जन दिने मात्र होइन, नागरिकलाई आत्मनिर्भर बन्न प्रेरित गर्ने वातावरण पनि निर्माण गरिरहेको छ। विशेषतः उद्यमशीलता र युवा सशक्तीकरणको क्षेत्रमा यसको भूमिका पछिल्ला वर्षहरूमा अझ अर्थपूर्ण छ।

रेडियो नेपालबाट प्रसारण हुदै आएका यस्ता प्रकृतिका कार्यक्रमहरूले नागरिकलाई सपना देख्न

सिकाउँछ र त्यो सपना साकार पार्न मार्गदर्शन पनि दिन्छ। उद्यमशीलता प्रवर्द्धनमा रेडियो नेपालले प्रेरणादायी कथासँगै व्यवहारिक सूचना पनि उपलब्ध गराउँछ। सरकारी सहुलियत, सहुलियतपूर्ण ऋण, सिप विकास तालिम, कृषि प्रविधि, बजार पहुँच, स्टार्टअपका अवसरजस्ता विषयमा यस्ता कार्यक्रमहरूले युवालाई आवश्यक जानकारी प्रदान गर्ने गरेका छन्। सूचना र प्रेरणाको यो संयोजन नै उद्यमशीलताको आधार तयार गर्ने महत्त्वपूर्ण पक्ष पनि हो।

बेरोजगारी र वैदेशिक रोजगारीप्रति निर्भरता अझै पनि नेपालको गम्भीर चुनौती हो। धेरै युवाले अवसरको खोजीमा देश छाड्ने र बेरोजगारीका कारण सिर्जित समस्याको विकल्पमा देशभित्रै सम्भावना देखाउने र अवसरको पहिचान गर्न प्रेरित गर्नु सार्वजनिक प्रसारणको दायित्व पनि हो। 'यहाँ केही छैन', 'गरेर केही हुँदैन' भनेर सधैँ नकारात्मक भाष्य निर्माण भइरहेको बेला यसलाई चिर्न पनि सार्वजनिक प्रसारणको हैसियतले रेडियो नेपालले युवा लक्षित उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमहरू प्रसारण गर्न आवश्यक छ।

'स्वरोजगार', 'सिप र सिर्जना', 'युवा संसार', 'पौरखीको कथा', जस्ता कार्यक्रमहरू मार्फत् रेडियो नेपालले देशभित्रै सम्भावना खोज्न प्रेरित गरिरहेका छन्। स्वदेशभित्रै अवसर र सम्भावनाहरू छन् भन्ने आत्मविश्वास जगाउनु नै यसको सबैभन्दा ठूलो योगदान हो। जब कुनै युवा आफ्नो गाउँमै बसेर सफल उद्यमीको पहिचान बनाउन सक्छन् त्यसले केवल व्यक्तिको जीवन मात्र होइन, समग्र समुदायको आर्थिक र सामाजिक अवस्था सुधार्ने आधार तयार गर्छ।

यद्यपि, समयसँगै सञ्चारका माध्यमहरूको स्वरूपमा परिवर्तन आइरहेको छ। डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल र अनलाइन सामग्रीको बढ्दो प्रयोगले रेडियो समक्ष नवीन अवसर प्रदान गरेको छ। रेडियो नेपालले आफ्नो सामग्रीलाई पोडकास्ट, अनलाइन स्ट्रिमिङ र अन्तरक्रियात्मक बनाउँदै एकसाथ नयाँ पुस्तासम्म व्यापक बनाउन सक्छ। यो अवसरको प्रयोग गर्दै युवा सहभागिता, उद्यमशीलता प्रवर्द्धन र अवसर पहिचानमा राज्यका नीति तथा कार्यक्रमलाई जोडेर सामग्री निर्माण गर्नु पर्नेछ।

रेडियो नेपालले सार्वजनिक सेवा प्रसारणको मर्मलाई आत्मसात् गर्दै युवा र उद्यमलाई जोडेर उद्यमशीलता र युवा सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ। 'पौरखी' युवाका कथाहरू केवल प्रेरणाका स्रोत मात्र होइनन्, ती परिवर्तनका जीवित उदाहरण हुन्। यदि यस्ता कथाहरूलाई अझ व्यापक रूपमा प्रस्तुत गर्न सकियो र आधुनिक प्रविधिसँग समायोजन गर्न सकियो भने, रेडियो नेपालले आगामी दिनमा लाखौँ युवाको जीवनमा सकारात्मक परिवर्तन ल्याउने शक्ति कायम राख्नेछ। समृद्ध, आत्मनिर्भर र उद्यमशील नेपालको परिकल्पनामा यसको भूमिका अझ सशक्त र अपरिहार्य बन्नेछ।

*(लेखक रेडियो नेपालका वरिष्ठ कार्यक्रम अधिकृत हुनुहुन्छ।)*

## नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !
## अवकासपछिको जीवन सुरक्षित बनाऔं !!

**कोषका अवकास योजना/कार्यक्रमहरू :**

- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

**विस्तृत जानकारीका लागि :**
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।





### नेप्से अनलाइन ट्रेडिङ सिस्टम (नट्स) सम्बन्धी जिज्ञासा र जवाफ

नेपाल स्टक एक्सचेन्ज(नेप्से) लिमिटेडले सञ्चालनमा ल्याएको अनलाइन ट्रेडिङ सिस्टम प्रयोग सम्बन्धमा सर्वसाधारणले व्यक्त गरेका जिज्ञासालाई सम्बोधन गर्न यो जानकारीमूलक सामग्री तयार गरिएको छ ।

**अनलाइन प्रयोग गर्न युजरनेम र पासवर्ड कहाँ लिने ?**
नेप्सेको सदस्यता प्राप्त धितोपत्र दलालहरू र उपत्यका बाहिर तिनीहरूका शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम र पासवर्ड प्राप्त गर्न सकिन्छ। धितोपत्र दलालहरूको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट धधधालभउबकितयअपाअयक तथा www.nepalstock.com.np मा उपलब्ध छ ।

**युजरनेम र पासवर्ड निःशुल्क हो ?**
हो ।

**अनलाइन भुक्तानी/फन्ड ट्रान्सफर कसरी गर्ने ?**
ग्लोबल आइएमई, नेपाल इन्भेस्टमेन्ट, प्रभु र सिद्धार्थ गरी चार वटा Clearing Bank नेप्से TMS संग आवद्ध छन्। ट्रेड म्यानेजमेन्ट सिस्टमको माध्यमबाट सम्बन्धित बैंकको भ(द्यबलपष्लन एयचतबा मा गई लगानीकर्ताले ब्रोकरको Account मा ँगलमरत्रञ्चयाबितभचबा त्वबलकाभच गरी कारोवार गर्न सक्छन्। नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ।

**कारोबार सीमा भनेको के हो ?**
ब्रोकरले हरेक लगानीकर्तालाई आवश्यकता अनुसार कारोबार सीमा (Trading Limit) दिई कारोवारको जोखिम न्यूनीकरण गरेका हुन्छन्। ब्रोकरले आफ्नो ट्फक बाट कुन ग्कभच ले कति धितो (Collateral) प्रयोग गरेको छ भन्ने जानकारी समेत पाउन सक्छन्।

**मार्केट वाच र मार्केट डेप्थबाट के गर्न सकिन्छ ?**
Market Watch/Market Depth तथा Buy/Sell Window मा गई कारोवारको आदेश प्रविष्टि गर्न सकिन्छ। Market Depth Window मा गई त्यहाँ रहेको Buy/Sell Button मा Click गरी आदेश प्रविष्टि गर्न सकिन्छ। यसले गर्दा आदेश प्रविष्टिका लागि Buy/Sell Stock Menu मा गई रास्नु पर्दैन।

नेपाल स्टक एक्सचेञ्ज लि.
युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं ।

# युवा पुस्तामा रेडियोको सान्दर्भिकता



*यशोदा अधिकारी*

अहिलेको युवा पुस्ता डिजिटल अन्तक्रियात्मक पुस्ताका रूपमा चिनिन्छन्। उमेरले लगभग ३० वर्ष पार गरेका युवाहरू आफ्नो जीवनको संघर्षबाट प्राप्त उपलब्धि उपभोग गर्नेक्रममा छन् भने सन् १९९७ पछि सन् २०१२ सम्म जन्मेकाहरू जेनेरेशन जेड हुन्। यो उमेर समूहलाई म्ष्नष्तब ल्भितष्खभ भनिन्छ। उनीहरू इन्टरनेट, स्मार्ट फोन र सामाजिक सञ्जालसँग अन्तरर्क्रिया गर्दै हुर्किरहेका हुन्छन्। किनकि यो पुस्ता जन्मदा विश्वमा इन्टरनेटको तीव्र विकास हुँदै थियो। कम्प्युटर र मोबाइल फोनको प्रयोग बढ्दो थियो। त्यसकारण यो पुस्ता जन्मेदेखि नै डिजिटल संसारसँग जोडिन पुगे। विस्तारै विश्व बजारमा स्मार्ट फोनको प्रयोग बढ्दै गयो। नयाँ नयाँ सामाजिक सञ्जालहरू एकपछि अर्को गर्दै विस्तार हुँदै गए। सामाजिक सञ्जालको प्रयोग सँगै जेनजी पुस्ताको सोचाइ जीवनशैली र व्यवहारमा प्रभाव पर्दै गयो। उनीहरूले हातमै रहेको फोनबाट डिजिटल प्लेटफमहरू प्रयोग गर्न थाले। यो पुस्ताले कोरोना (COVID-19) महामारी, विश्व आर्थिक सङ्कट र विभिन्न समयमा अघोषित युद्धको अवस्थालाईसमेत अनुभूत बाध्य भयो। त्यो समयले उनीहरूलाई स्वास्थ्यप्रति सजग रहँदै डिजिटलमाध्यमको शिक्षामा प्रवेश गर्ने अवसर दियो।

## युवाको मिडिया प्रयोग

जेनजीपुस्ता स्माट फोनमार्फत् नै सूचना र सन्देशहरू ग्रहण गर्दछन्। परम्परागत माध्यमहरू पत्रपत्रिका, रेडियो टेलिभिजन अनलाइन माध्यमभन्दा पनि छोटो भिडियो (Short form video) अत्याधिक मन पराउँछन्। मूलतः TikTok, snapchat, Instagram, reels, Reddit / Discord जस्ता माध्यमबाटै उनीहरू नयाँ सूचना प्राप्त गर्न रुची राख्दछन्। यसै समयमा परम्परागत मिडियाबाट डिजिटल मिडियातर्फ व्यापक परिवर्तनसँगै यो पुस्तामा छोटो भिडियो, meme / vine लोकप्रिय हुन थाले यतिसम्म कि, उनीहरू आफै आफ्ना उमेर समूहका लागि content creation गर्न पनि अग्रसर देखिए। जेनजीहरूले उल्लेखित सामाजिक सञ्जालहरूमा आउने यथार्थ (authenticity) बढी रुचाउँछन्। सामाजिक सञ्जालबाट प्राप्त हुने सामग्रीलाई उनीहरू सेलेब्रेटी र मिडियामा आएका सूचनाभन्दा बढी पत्याउँछन् पनि। जेनजीको मिडिया प्रयोग नितान्त व्यक्तिगत हुन्छ। जहाँ सामाजिक सञ्जालका एल्गोरिदमहरूले उनीहरूको रुची अनुसार सामग्री देखाउदै जाने हुनाले हरेक प्रयोगकर्ताको अनुभव फरक फरक हुने गर्दछ।

मुख्यतः उनीहरू त्यस्ता सञ्जालहरू समाचार स्रोतका रुपमा, सामान सर्च गर्ने माध्यम (product discovery) का रुपमा र मनोरञ्जनका लागि प्रयोग गरिरहेका हुन्छन्। छिटो, छोटो, तत्काल, डिजिटल र व्यक्तिगत रुचिका सामग्रमी जेनजीले जहिल्यै खोज्ने गरेका हुन्छन्। अहिले त त्यो पुस्ता प्रविधिमा यति दक्ष छ कि, जतिसक्दो छिटो नयाँ सूचना तत्काल थाहा पाउन उनीहरू उत्साहित हुन्छन् । सामाजिक

मुद्दाहरूप्रति सचेत देखिन्छन् भने परम्पराको सट्टामा आधुनिक अर्थात् नवनिर्माण गर्न उनीहरू खुबै रुचाउँछन्। उनीहरूलाई कसैले नियन्त्रण गर्न खोज्यो भने तत्काल प्रतिवाद गरिहाल्छन्। त्यसैले स्वतन्त्र, सचेत र नवनिर्माणका पुस्ताका रुपमा उनीहरूलाई लिने गरिन्छ।

## युवामा मिडियाको प्रभाव

भनिन्छ, युवा जोश जाँगर शक्तिशाली हुन्छ।सामाजिक, राजनीतिक व्यवस्थाले युवाहरूलाई उद्यमशीलातामा लागेर मुलुक विकास गर्ने अवसर दिनेदेखि वेतिथिविरुद्ध तातो रगत उमाल्नेसम्मको अवस्थामा पुर्‍याउँछ। यो पुस्ता संगठित हुँदा स्थिर व्यवस्थालाई पल्टाएर कायापलट समेत गर्न सक्दछ। जब युवाहरू संगठित हुन्छन्, तव ती सबै सम्भव पनि हुन्छन्।

विश्वमा कुनै बेला मिडियाको प्रयोगलाई यस हिसावले गरिन्थ्यो कि त्यसको तत्काल प्रभाव परेर नतिजासमेत तत्कालै आउँथ्यो। जस्तो समाचारको पुरानो सिद्धान्त मानिने Hypodermic theory को प्रयोग भएको एउटा विश्व घटना यहाँ उल्लेख गर्न लायक रहन्छ।

सन् १९३८ मा Orson Welles ले अमेरिकाको रेडियोमा एउटा नाटक प्रसारण गरे। यो रेडियो नाटक The war of the worlds भन्ने उपन्यासमा आधारित थियो। त्यतिखेरको समयमा रेडियो यति प्रसिद्ध थियो कि त्यसका प्रयोगकर्ताहरू अत्याधिक थिए। त्यो नाटक पनि हज्जारौ युवाहरूले सुने। नाटकलाई अधिक श्रोताले रेडियोबाट सुन्दा र live news का रुपमा ग्रहण गरे। नाटकमा एलियनहरूले पृथ्वीमा आक्रमण गरेको कथा प्रस्तुत थियो। अर्थात् अन्तरिक्षबाट आएको वस्तु भरखरै पृथ्वीमा खस्यो भनेर सुनेपछि लाखौ श्रोता डरले घरबाहिर निस्किए। हज्जारौ मानिसमा त्रास फैलियो। सुरक्षा संयन्त्रसम्म पनि खबर पुग्यो। त्यो अबर सुनेर त्यसबेला लाखौ मानिसहरू भ्रम डर र प्यानिकको अवस्थामा रहन पुगे। तर वास्तविकता त्यो थिएन। त्यो त रेडियो नाटक मात्रै थियो। रेडियो नाटक सुन्नुअघि उनीहरले रेडियो ध्यान दिएर सायद सुनेनन् त्यसको परिणाम साँच्चै हो भन्ने गरि आइदियो। प्रभावका हिसाबले त्योसँग मिल्दो जुल्दो घटना घट्यो गत भदौ २३ र २४ गतेको नेपालको जेनजी आन्दोलन।

भ्रष्टाचार अन्त्य र सुशासन कायमको विषयलाई लिएर युवाहरूले सुरु गरेको आन्दोलनमा त्यसबेलाको प्रसारण माध्यमजस्तै सामाजिक संजाल डिस्कर्ड प्रयोग गरियो। Discord को प्रयोगलाई सिधै हाइपोडर्मिक सिद्धान्त नमाने पनि यसले सीधा आन्दोलनमा जोडिन चाहने युवालाई तत्काल प्रभाव पारेको देखियो। डिस्कर्ड जस्तो प्लेटफर्मलाई प्रयोग गरेर युवा अर्थात् जेनजीहरू देशभर मात्रै नभई विश्वभरबाट जोडिए। त्यही समूहमा छलफल, बहस, निर्देशन भएअनुसार संसदभवनदेखि सिंहदरबार, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास, सर्वोच्च अदालत, मन्त्रीहरू र राजनीतिक दलका निवास तथा कार्यालयमाथि आक्रमण गरियो। पुराना दस्तावेजहरू जलाइयो। डिस्कर्डबाटै जोडिएका युवाले लगभग २७ घण्टाको अवधिमा यो मुलुकको सत्ता कव्जा गरेजस्तै गरी आन्दोलनलाई उत्कर्षमा पुर्‍याए। अन्ततःडिस्कर्डबाटै युवाहरूले मुलुकको कार्यकारी प्रमुख छनौट पनि गरे। सरकार बदलियो। संसद बदलियो र अरु धेरै संयन्त्र र संरचना बदलिनेक्रममा छन्। उमेर मिल्ने, विचार मिल्ने, दैनिकी मिल्ने

युवा डिस्कर्डबाट जसरी निर्णायक आनदोलनमा उत्रिए त्यसैगरी अमेरिकामा रेडियो नाटक सुनेर श्रोताहरू तत्काल घरबाहिर आएका थिए भन्न सकिन्छ । घटना फरक तर प्रभाव झण्डै उस्तैउस्तै तर प्रविधि र माध्यम फरक । सायद त्यसबेलाको सर्वाधिक विश्वसनीय माध्यम रेडियोको स्थान अहिलेको सामाजिक सञ्जालले लिन सफल भएको हुनुपर्दछ ।

## युवा र रेडियो

युवाहरू भन्छन् "हामी युवा छौँ, रेडियो बुढो भएर लगभग मरिसक्यो ।" यो भनाइ धेरैहदसम्म सत्यजस्तै छ । किनकि विश्वमा रेडियो सन् १९२० को दशकपछि उदाएको प्रसारण माध्यम हो । भाग्यमानी मानिसहरू शताव्दी समय काटेर यो संसारबाट जान्छन् । अहिलेका केटाकेटीलाई रेडियोको इतिहास सुनायो भने भन्छन् रेडियो अझै किन जीवित छ ? त्यस्ता जिज्ञासामा रेडियोका अभियान्ताहरू भन्छन् "रेडियो मासिनजस्तो मरेर जाने चिज होइन । यसको अस्तित्व युगौयुग रहिरहन्छ । भलै त्यसको प्रयोग घटिबढी हुन सक्छ । किनकि अहिले पनि विश्वमा रेडियोको प्रयोग कम भए पनि लोकप्रियता भने घटेको छैन ।"

## युवामा छापः विपद्को साथी रेडियो नेपाल

२०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनमा जेनजी युवाहरूले आक्रोश व्यक्त गर्नेक्रममा सिंहदरबारका मुख्य भवनाहरू जलाइदिए । सिंहदरबारकै हाताभित्र रहेको रेडियो नेपालमा आगजनी गर्न पुगेका जेनजी युवा जत्थाले भने रेडियोमाथि आक्रमण प्रयास गरे तर ड्युटिमा खटिएकाहरूले रेडियो नेपालले २०७२ सालको महाभुकम्पका बेला जोखिम मोलेर निरन्तर प्रसारण मार्फत् सूचना प्रदान गरेको स्मरण गराएपछि रेडियो नेपाल जलाउन कोरिएका सलाइका आगो निभएर उनीहरू फर्किए । त्यतिखेर उनीहरूले कोरोना महामारी र भूकम्पका बेला रेडियो नेपाल सुनेर सूचना प्राप्त गरेको पनि बताएका थिए । रेडियो नेपाल विपद्मा साथी बन्दै आएको र दूरदराजमा सूचनामा पहुँच पुर्‍याउँदै आएको माध्यम भन्दै उनीहरूले रेडियोप्रति श्रद्धा भाव व्यक्त गरे । आफ्ना अभिभावक खाडीमा श्रम गर्न विवश भएको, आफूहरूले अध्ययन गरेको विश्वविद्यालयमा समयमा परीक्षा र रिजल्ट नआएको शिक्षा, स्वास्थ्य र रोजगारीमा अवसर नपाएको गुनासो गर्दै त्यहाँ आगजनी गर्न पुगेका युवाले मुलुकमा वेतिथि बढेको कुरालाई समाचार तथा कार्यक्रममा उठाइदिन आग्रह गरे । सिंहदरबार जलाएर रेडियो नेपाल पुगेका जेनजीहरूले सिंहदरबारभित्र शासक, प्रशासकहरू मात्रै बस्दैनन् त्यहाँ विपद्को साथी रेडियो नेपाल पनि छ, जसले सँधै राष्ट्रिय विपद्मा आम जनतालाई सही सूचना दिएर सरुक्षित रहन मद्दत गरिहेको छ भन्ने अनुभूत गरेर फर्किए ।

## युवा र रेडियो कार्यक्रम

जेनजीले रुचाएका सामाजिक सञ्जालमार्फत् रेडियोले रेडिट, डिस्कर्ड, इन्ट्रग्राम, टिकटक, रिल्स, फेसबुक, पिन्टेस्ट आदिमा छोटो आकर्षक कार्यक्रम र समाचार पस्कने हो भने रेडियो फेरि यो पुस्ताले अधिक मन पराउन सक्छन् । रेडियो स्टेशनबारेदेखि प्रसारण गर्ने सामग्रीबारे पनि छोटा छोटा भिडियो बनाएर ती मिडियामा प्रस्तुत गर्न सक्दा रेडियोको प्रयोगलाई धेरथोर जेनजीसम्म पुर्‍याउन सकिन्छ

किनकि उनीहरू लामो र बोरिङ लाग्ने कुनै पनि सामग्री रुचाउँदैनन् । जस्तै ५ देखि १० मिनेटसम्मको मनोरञ्जनात्मक कुराकानी interesting talks, fun, facts खाले कार्यक्रम उनीहरूले मन पराउँछन् । रेडियो प्रसारणलाई युवाबीच लोकप्रिय भइरहेका समाजिक सञ्जालसँगै एकसाथ जोडेर लान सकिन्छ । उनीहरूले trending गीतसंगीत पनि निकै नै मन पराउँछन् । पप, हिपप, रिमिक्स र टिकटकमा अत्याधिक चलेका र ट्रेन्डिंगमा रहेका गीतहरू पनि उनीहरूको रोजाइमा पर्दछ । रेडियोले त्यस्ता गीतसंगीत छनोटलाई प्राथमिकता दिन सक्छ ।

परम्परावादी मिडियामा अन्तरक्रिया  गर्न कठिन हुन्छ । ढिला र लामो प्रकृयाबाट हुने अन्तरक्रिया युवाहरूले रुचाउँदैनन् । उनीहरूले त फोन कल, म्यासेज अथवा लाइभ अन्तरक्रिया र participate गर्न मन पराउँछन् । GenZ Lifestyle, mental health, career confusion, Relationship, love आदिलाई समेटेर कथा, नाटक एवम् real story मा छोटो रेडियो नाटक र हास्यव्यंग्य विधामा विभिन्न सूचनालाई realistic र dialogue सहित प्रस्तुत गर्न सके रेडियो युवा पुस्तामा फेरि पनि लोकप्रिय बन्न सक्छ ।

## युवाका लागि समाचार

समाचार नयाँ जानकारी हो । पत्रपत्रिकामा प्रकाशन हुने तथा रेडियो वा टेलिभिजनबाट प्रसारण हुने वा इन्टरनेटको सहायतामा सार्वजनिक गरिएका जनचासोका समसामयिक घटना क्रियाकलाप वा विचार समाचार हो । अझ छोटकरीमा भन्दा तत्कालका सूचना समाचार हुन् । डिजिटल नेटिभहरू विश्वका नयाँ सूचना तत्काल जान्ने रुचि राख्छन् र सोही अनुसारको माध्यम प्रयोग पनि गरिरहेका हुन्छन् । रेडियोलाई युवा पुस्तामा समाचार सुन्न आकर्षित गर्ने हो भने लामो बुलेटिन भन्दा छोटो समाचार छिटो प्रसारण गर्नुपर्छ । जस्तो कि, एकदेखि २ मिनेटमा बुझिने गरी समाचार दिन सक्नुपर्छ । पढ्नेभन्दा हेर्नेतिर उनीहरूको रुचि रहने हुँद छोटो भिडियो, टिकटक युटुयुब, इस्न्ट्राग्राम, रिल्समा अपलोड गर्नुपर्छ । औपचारिक नभइ बोलीचालीको सजिलो भाषा प्रयोग गरी समाचार पस्कनुर्दछ । उनीहरू मिडिया हेरेर तत्काल प्रभावित हुन्छन् त्यसकारण फेक न्यूज उनीहरूले मन पराउँदैनन् । influencer बाट प्रस्तुत भएको भएता पनि trustable हुनुपर्दछ । उनीहरू intrerractive jf opinion मा आधारित कमेन्ट गर्न पाउने अवस्थामा रेडियो प्रयोग गर्न सक्छन् । त्यस्तै reaction, poll / share गर्न मिल्ने समाचार उनीहरूका हितमा हुने गर्दछ । ट्रेन्डिंङ, शीर्षक, समाजिक संजालमा भाइरल भएका विषयहरूमा उनीहरू बढी चासो राख्छन् ।

## युवा श्रोताका लागि  रेडियो नेपालले के गर्न सक्छ ?

विश्वमा सञ्चारको इतिहास केलाउँदा विभिन्न काल र खण्डमा सञ्चारका माध्यम र साधनहरू फरक फरक देखिएका छन् । ती माध्यमहरू तत्कालीन समयमा निकै उपयोगी र समसामयिक पनि रहेको देखिन्छ ।  नेपालको सन्दर्भमा कुरा गर्दा प्रारम्भिक कालमा छापा माध्यमको लोकप्रियता थियो । वि.स १९५८ मा गोरखापत्रको प्रकाशन सुरु भएपछि पत्रिकाबाट पाठकहरू सूचना ग्रहण गर्थे  । विश्वमा २०औं शताव्दीको सुरुवातमा आएको रेडियो प्रविधिको विकासले नेपाल प्रवेश गर्दा वि.सं. २००७ साल

कुर्नुपर्‍यो ।

राणाशासनको दबदबा रहेका बेला प्रजातन्त्रको बिगुल बनेर रेडियो नेपाल वि.स.२००७ साल चैत २० गते औपचारिकरुपमा स्थापना भयो । नेपालको प्रसारण इतिहासमा लामो एकछत्रता कायम गरेको रेडियो नेपालसँग प्रतिस्पर्धा गर्न कुनै समय रेडियो स्थापना र संचालनको बाढी नै आयो। पछिल्लो दशक इन्टरनेटको प्रयोग र पहुँच विस्तारसँगै न्यू मिडियाको स्थापना हुनेक्रम विगतमा रेडियो स्थापनाकै जस्तो बाढी आउनेक्रममा छ । सहभागितामुलक पत्रकारितासँगै मल्टिमिडिया, जे व्लगिङ, अनलाइन समाचार पोर्टल र सोसल मिडिया पत्रकारिता मौलाउँदो अवस्थामा छ। पत्रकारितामा नागरिक सहभागिता, स्मार्टफोन र एआइ प्रविधिको प्रयोग बढ्दै गएको छ। कृत्रिम बौद्धिकतालाई पत्रकारितामा नीति नै बनाएर सहयोगीका रुपमा प्रयोग गर्नेक्रम पनि जारी छ। मिडियाको स्वरुप र पद्धतिमा आएको परिवर्तनजस्तै जेनजी युवा पुस्तामा पनि नयाँ सोच र फरक जीवनशैली छ ।

सार्वजनिक सेवा प्रसारण संस्था अन्तर्गत रहेको रेडियो नेपालले आफूलाई कसरी यो पुस्तामैत्री बनाउन सक्छ ? भनेर समीक्षा गर्दै अगाडि जानुपर्नेछ । हुन त रेडियो नेपालले केन्द्रीय प्रसारण, तीनवटा मिडियम वेभ प्रसारणसहित प्रादेशिक प्रसारण, विभिन्न ३६ वटा एफएम रिलेस्टेशन मार्फत् प्रसारण सेवा विस्तार गरेको छ । वेभ पोर्टल, रेडियो नेपाल mobloe app माफर्त् विश्वभरि नै पहुँच पर्‍याउने पहल पनि गरेको छ। समाचार तथा कार्यक्रममा भाषिक विविधतासहित विषयवस्तुमा विविधता प्रदान गरेको छ । गीतसंगीत, कार्यक्रम र समाचारलाई एकैचोटी पढ्न, सुन्न र हेर्न सक्ने गरी मल्टिमिडियाका रुपमा रेडियो नेपाल अघि बढेको छ। युवापुस्ता लक्षित र समयसुहाउँदो टिकटक, युट्युब, फेसबुकजस्ता सामाजिक संजालहरूमार्फत् समाचार र सूचना दिने प्रयत्ना पनि गर्दै आएको छ तर त्यो पर्याप्त हुन सकिरहेको छैन ।

रेडियो नेपालमा अब के गर्न सकिन्छ ?

१.जेनेरेशन जेड अर्थात् जेनजी युवा लक्षित विषयवस्तुहरू जस्तै स्वदेश तथा विदेशको पढाइ, रोजगारीका अवसर, प्रविधि, विभिन्न क्षेत्रमा कृत्रिम बौद्धिकता (एआइ)को प्रयोग, उद्यमशीलता, mental health status, freelancing जस्ता विषयलाई युवाले रेडियो सुनेर ग्रहण गर्दा मेरो जीवनसँग जोडिन्छ कि ? भन्ने फिलिङ्स दिएर प्रस्तुत गर्न सकिन्छ ।

२. simple but conversational language मार्फत् साथीभाइले मसँग कुराकानी गर्दैछ भन्ने शैली अपनाउन सकिन्छ ।

३.युवाहरू छिटो र छोटो सूचना लिन चाहन्छन् । सामाजिक सञ्जालमा आएका कुरामा विश्वास गर्ने बानी उनीहरूमा हुन्छ त्यसकारण उनीहरूलाई fake news मन पर्दैन । त्यसबाट बच्न सक्नुपर्दछ ।

४. युवालक्षित कार्यक्रमहरू जस्तैः, youth talk वा genz talk भनेर युवाहरूलाई नै कार्यक्रम संचालनमा जोड्न पनि सम्भव छ ।

५ युवा लक्षित विषयहरू caareer, stress, relationship, love, fun, positive talk आदिमा खुल्ला छलफल गर्न सकिन्छ ।

६. डिस्कर्डको प्रयोग गर्ने, जहाँ युवाहरूबिच निश्चित नियमभित्र रही लाइभ वहस र छलफल गर्न सक्छन् ।

७ social media trend जस्तै टिककट रिल्स इन्ट्रामा आएका भाइरल topic मा छलफल गर्न सकिन्छ ।

८.नेपालमा युवाहरूको अवस्था, संघर्ष, युवाहरूमा घर समाजले दिने प्रेसरदेखि सफलताका कथाहरू अनौपचारिक भाषामा युवाहरूले नै real stories प्रस्तुत गर्न सकिन्छ ।

९.रेडियोले गर्दै आएको अन्तक्रियात्मक गीतसँगीतसहितको फोन इन कार्यक्रममा अहिलेका भाइरल विषयहरू र ट्रेन्डिंङ गीतहरू प्रस्तुत गर्ने ।

१०. ५ देखि ७ मिनेटसम्मका छोटा नाटकहरू जहाँ जेनजी कै विषयवस्तु उठाउन सकिन्छ । जस्तै मोबाइल प्रयोगको लत, सामाजिक संजालको प्रयोग, पारिवारिक द्धन्द्ध, प्रविधिमा आधारित अवसर, आदि

११. रेडियो प्रसारणलाई सोसल मिडिया mix model मा लैजान सकिन्छ ।

१२.प्रसारण गरिएका समाचार तथा कार्यक्रमका ससाना र छोटा भिडियो बनाएर सामाजिक सञ्जालहरूमा अपलोड गर्न सकिन्छ । रेडियो प्रसारणलाई विश्वमा पुर्याउन अंग्रेजी भाषाका समाचार कार्यक्रमका छोटा भिडियो बनाएर टिकटक, इन्स्ट्रा, युट्युब, फेसबुक रिल्स आदिमा अपलोड गर्न सकिन्छ ।

## निष्कर्ष

रेडियो नेपाल नेपालको प्रसारण इतिहासमा अग्रणी संस्था हो । स्थापना भएको ७६ वर्षसम्म आइपुग्दा यसले विभिन्न शासन व्यवस्थाको अनुभूत गर्न पाएको छ । राणा शासनको अन्त्य, पञ्चायती व्यवस्था, प्रजातन्त्र पुनरवहाली, बहुदलीय व्यवस्था, शाही शासनकाल लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा र युवा आन्दोलनको जगमा स्थापित युवा नेतृत्व । विगतका व्यवस्थाहरूमा नागरिकलाई सूसुचित गर्ने मुस्व्य साधनका रुपमा रहेको रेडियो नेपाल सार्वजनिक सेवा प्रसारण संस्था अन्तरगत रहेको अवस्थामा युवा आवाजलाई मुखरित गर्दै अघिल्लो पुस्ताले गरेका योगदानहरूप्रति सम्मान गर्ने संस्कृति सिकाउने पाठशाला बन्न सक्दछ । रेडियो प्रसाणलाई भिडियोसहित युवाहरूबिच लोकप्रिय सामाजिक सञ्जालहरूमा जोडेर लानैपर्ने देखिन्छ । त्यसका लागि स्रोत साधन, प्रविधि र जनशक्ति पनि सोही अनुसार गुणस्तीय हुनुपर्ने त छदैछ ।

*(लेखक रेडियो नेपालका संवाददाता हुनुहुन्छ ।)*

## अनलाइन सञ्चारमाध्यम नवीकरणसम्बन्धी सूचना

छापाखाना र प्रकाशनसम्बन्धी (दोस्रो संशोधन सहित) नियमावली, २०४९ अनुसार सूचना तथा प्रसारण विभागमा दर्ता भएका अनलाइन सञ्चार माध्यमले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त नहुँदै दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ। उक्त नियमावलीमा तोकिएको अवधिभित्र नवीकरण नगराउने अनलाइन सञ्चार माध्यमको नवीकरणमा १० (दश) प्रतिशतदेखि २०० (दुई सय) प्रतिशतसम्म दस्तुर लाग्ने र एक आर्थिक वर्षसम्म पनि नवीकरण नगराउने अनलाइन सञ्चारमाध्यमहरूको प्रमाणपत्र स्वतः रद्द हुने व्यवस्था भएकाले नियमावलीले तोकेको अवधिभित्र अनलाइन सञ्चारमाध्यम नवीकरण गराउनुहुन अनुरोध छ।

सूचना तथा प्रसारण विभाग


नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
Head Office: Kamaladi-28, Kathmandu, 01-4545885/86/87
info@nepalfinance.com.np www. nepalfinance.com.np

BRANCH OFFICE:

- Kamaladi, Kathmandu, 01-4545885/86/87
- Pulchowk, Lalitpur, 01-5268584, 01-5268683
- Banepa, Kavre, 011-665364/65
- Sainamaina, Murgiya, 071-440411, 071-440414
- Gaindakot, Nawalparasi east., 078-501031/41
- Machhapuchhre, Kaski, 061-422100/101
- Lagankhel, Lalitpur, 015425115, 015423850
- Newroad, Kathmandu, 01-5315846, 01-5315676
- Dhanushadham, Dhanusa, 041-414075/76
- Hetauda, Makwanpur, 057-590884/85
- Tilottama, Rupandehi, 071-438277, 071-438269
- Palungtar, Gorkha, 064-400011, 064-400014

EXTENSION COUNTER: Kalimati, Kathmandu, 01-5315255

नेपालको निजि क्षेत्रको पहिलो फाईनान्स कम्पनी

तपाईको कृषि कार्यलाई नयाँ उचाईमा पुऱ्याउन
स्वर्णिम अवसर !
ADBL
कृषि
कर्जा





सर्वसुलभ ब्याजदर
किसानलाई अवसर
साझा समृद्धिका लागि सबैको रोजाईको बैंक
The Bank of Choice for Shared Prosperity
कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA

*यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस्।*

• धितोपत्रकोमूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस।

• धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुंदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको वास्तविक वस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस। साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याङ्कन समेत गर्नुहोस।

• धितोपत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरु मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरुको विश्लेषण गर्नुहोस्।

• नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस्।

ड्डधितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यवस्थापनमा परिवर्तन, भावी योजनाहरु, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरु (Earnings Per Share, Dividend Per Share, Price/ Earnings Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरुको अध्ययन गर्नुहोस्।

•दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (ट + २ ) हुनुपर्ने कुराको जानकारी लिनुहोस्।

ड्डआफूसंग भएको धितोपत्र ( कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीकरण गर्नुहोस्।

•धतोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस्।

•धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस्।

•धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरु भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि नं. १६६०–०१–४४४३३ (निःशुल्क) वा हटलाइन नं ५२५४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस्।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१–५२५४०५७, ५२५३१६२, ५४४४०७७,
फ्याक्सः ०१–५५४१०५८, टोल फ्रि नं. १६६०–०१–४४४३३
ईमेल ठेगानाः support@sebon.gov.np
वेबसाइटः www.sebon.gov.np

## नेपाल नागरिक उड्डयन प्राधिकरण
### द्वारा
### सरोकारवाला नागरिक समक्ष जारी सन्देशमूलक जानकारी

❖ विमानस्थल वा हेलिप्याड नजिक भवन, घर, टहरा, टावर, प्रसारण लाइन, एन्टेना, चिम्नी, क्रेन, लट्ठा, वा अन्य कुनै भौतिक संरचना निर्माण वा खडा गर्न वा पुनर्निर्माण गर्नुपूर्व नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम प्राधिकरणले तोकेको शर्त एवं मापदण्डमा उल्लिखित व्यवस्था बमोजिम अनिवार्य रुपमा पूर्वस्वीकृति लिनु पर्नेछ।

❖ प्राधिकरणले विमानस्थल वा हेलिप्याड नजिक पूर्वस्वीकृति बिना कुनै भौतिक संरचना निर्माण वा पुनर्निर्माण गरेमा निर्मित वा पुनर्निर्मित भौतिक संरचना पूरै वा केही भाग भत्काउन, उखेल्न वा काट्न लगाउनेछ। साथै प्राधिकरणले सो बापत लागेको सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति/पक्षबाट असल उपर गरी आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाउनेछ।

❖ गैरसैनिक हवाई उडान नियमावली, २०५२ र नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ मा भएको व्यवस्था बमोजिम कुनै पनि व्यक्ति महानिर्देशक वा अधिकार प्राप्त व्यक्तिको आदेश बिना विमानस्थल क्षेत्रमा प्रवेश गर्न हुँदैन।

❖ गैरसैनिक हवाई उडान नियमावली, २०५२ र नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ मा भएको व्यवस्था बमोजिम विमानस्थल क्षेत्रको तीन किलोमीटर वरपर कसैले पनि बधशाला स्थापना गर्नु हुँदैन।

❖ गैरसैनिक हवाई उडान नियमावली, २०५२ र नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ मा भएको व्यवस्था बमोजिम विमानस्थल क्षेत्रको कम्तीमा तीन किलोमीटर वरपर कसैले पनि वातावरण दूषित पार्ने किसिमले खुला रुपमा फोहरमैला आदि अव्यवस्थित तवरले थुपार्न र फ्याक्न हुँदैन। जथाभावी फोहोरमैला गर्ने व्यक्ति वा संस्थालाई प्राधिकरणले समय–समयमा निर्धारण गरे अनुसार दण्ड जरिवाना गर्न सक्नेछ।

# स्टुडियो नम्बर ६: एक अर्ग्यानिक नोष्टाल्जिया



दीपक समीर

'रेडियो नेपालको पोखरीको डिलमा कैयौं दिन भोकभोकै बसेर आइपुगेको हूँ म यो ठाउँमा !', कहिलेकाहीँ छोराछोरीलाई इमोसनल ब्ल्याकमेलिङ गर्न मैले प्रयोग गर्ने अस्त्र हो यो ।

०००

वरिपरि प्राय रुख र झाडीहरू भएका खाली जमिन । गेटभित्र पस्ने बेलामा तलदेखि माथिसम्म नियालेर हेर्ने गेटपालेहरू । गेटभित्र पसेपछि फराकिलो बगैँचा । पश्चिमपट्टि रहेको पोखरी र त्यसको लेउ नै लेउ लागेको घिनलाग्दो डिल । त्यसको आडैमा करिब करिब अस्थिपञ्जर मात्रै बाँकी रहेको पुरानो भवनको अन्डरग्राउन्डमा रहेको आदिम क्यान्टिन । त्यहाँको चुल्ठे साहूँले अमिलो मुख लगाएर दिने चना, अण्डा, मिल्क टि लगायत...। र अन्त्यमा, कार्यालयको पूर्वी कुनामा रहेको, भित्र पस्दा केमिकल र मेसिनहरूको ह्वास्स गन्ध आउने 'स्टुडियो नम्बर ६ ।' त्यसैको गन्ध सुँघ्न, कहिले कहिले मदनदास श्रेष्ठ, श्रीराम रायमाझीको खप्की व्यहोर्न जिन्दगीका उज्याला सपना र मलिन अनुहार बोकेर त्यतै कतै आशातित आँखा ओछ्याउने केही थान मनुष्यहरू । जम्माजम्मी यिनै हुन पचासको दशकमा नाटक कलाकार र लेखक बन्न चाहने म र म जस्ता अधिकांशको रेडियो नेपालसँग जोडिने माइक्रो स्मृति बिम्बहरू । अर्थात्, रेडियो नेपाल एउटा सिङ्गो इतिहास । र त्यस इतिहासभित्र हाम्रो त्यति सरोकार कसलाई पो हुन्थ्यो र ! एउटा कठोर तर उत्साहित समय, एउटा कठिन तर शिखर भेटिने सुरुङ, झुसिलकिरा नै झुसिलकिराले भरिएको सुन्दर बगैँचा, हजारथरी सपना बोकेर, भित्र पसेका सयौं मान्छेहरू, ब्युरोक्रेसी र ब्युरोक्र्याट्सले थिचेर कमलपित भएजस्ता सर्जकहरू, कतै मान्छेहरूका अकाट्य प्रेम, कतै अर्धमान्छेहरूका तिरस्कार...। एउटा फिरन्तेको नजरमा तीन दशक अगाडिको रेडियो नेपाल जसको सम्झना आज पनि ताजै छ । सायद रहला भोलि पनि !

नाटकमा बोले बापत पन्ध्र प्रतिशत सरकारी ट्याक्स काटेर महिनौँपछि पाइने पचासी रूपैयाँले एक हप्ता बिहानको चिया र चना खान पुग्थ्यो । कुनैबेला त्यस्तै परेर अरू कसैको पैसा पनि तिरिदिनु पर्‍यो भने चाहिँ ब्यालेन्स बिग्रन्थ्यो ।

नाटक लेखियो र रेकर्ड भयो भने चाहिँ दुई–तीन हजार नै पाइन्थ्यो । तर हरेक हप्ता यी अवसर आउँदैनथे किनकि उज्यालो भविष्यको कल्पना बोकेर त्यो कठोर बाटोमा यात्रा गर्ने यात्रीहरू थुप्रै थिए । तर, नाटक विशेष दिवस र चाडपर्व बाहेक हप्तामा एकपटक मात्र प्रसारण हुन्थ्यो । हुन पनि रेडियो नेपालले 'म तिम्रा सबै आवश्यकता पूरा गरिदिन्छु तिमी नाटकमा बोल्न वा लेख्न आउ' भनेर हामीकहाँ दरखास्त हालेको त थिएन, त्यो थियो त केवल हाम्रै प्यासन र पागलपन । हो, म पनि त्यही धरातलमा टेकेर, तिनै

अग्रजसँग त्यही परिसरमा सिकेर लेख्ने र बोल्ने प्रयास गर्दै सञ्चारको दुनियाँमा उड्दै गरेको एक फिरन्ते थिए। माउसुली झैँ रेडियो नेपालका भित्ता भित्ता चहार्दा चहार्दै ६ नम्बर स्टुडियोबाट फुत बाहिर निस्केर नाटक नै पढ्न युरोपसम्म पुगेको पागल यात्री। रेडियो नेपालका तत्कालीन कर्मचारीहरू रविन शर्मा, अमरध्वज लामाले बाटो देखाइदिएको त्यो टर्निङ पोइन्ट। जसले पछि बीबीसी मिडिया एक्सन, इक्वेल एक्सेस नेपाल, एन्टेना फाउन्डेसन लगायत केही बगैँचाहरूमा निस्फिक्री डुल्न बाटो खोलिदियो। मैले पनि मज्जाले डुलैँ, आखिर म फिरन्ते जो थिए। समयको कालान्तरमा पछि पछि अत्याधुनिक स्टुडियोहरू बने, नयाँ नयाँ प्रविधि आए तर पनि त्यो कुनामा रहेको बबुरो ६ नम्बर स्टुडियोको फरक महत्त्व थियो किनकि त्यहाँ त्यसबेलाको सर्वाधिक चर्चित 'नाटक' रेकर्ड हुन्थ्यो। शनिबार दिउँसो १:३० बजे प्रसारण हुने त्यो नाटक निकै चर्चित थियो। प्रत्येक गाउँवेसीका बस्ती बस्तीका घर आँगनमा त्यो नाटक पुग्थ्यो। हो, त्यही सपनाको संसार स्टुडियो नम्बर ६ मा बोल्ने र नेपालका हरेक घर आँगनमा गुन्जिने सपना बोकेर म जस्ता केही दर्जन मान्छेहरू बिदाको दिन बाहेक हरेक बिहान रेडियो नेपाल जान्थ्यौँ। जब धेरै लामो प्रतीक्षा पछि नाटकमा बोल्ने या लेख्ने अवसर पाइन्थ्यो तब सानोतिनो विजय उत्सव नै मनाउँ जस्तै आनन्द लाग्थ्यो किनकि त्यतिबेला त्यसले दिने खुसीको सीमा अर्कै थियो।

ooo

रेडियो नेपाल स्थापना भएको दोस्रो वर्ष विसं. २००८ सालमा रेडियो नेपालबाट पहिलो पटक नाटक प्रसारण भयो। चाखलाग्दो कुरा के भने त्यसबेलामा नाटक प्रत्यक्ष प्रस्तुत गरिन्थ्यो। रेकर्ड गर्ने सुविधा थिएन। यो क्रम छ वर्ष चल्यो र पछि विसं. २०१४ सालमा बल्ल नाटक रेकर्ड गर्ने सिस्टम आयो। ६ नम्बर स्टुडियोको विगत सम्झिने क्रममा कहिलेकाहीँ म कल्पना गर्छु, २००८ सालमा नेपालमैं पहिलो पटक प्रत्यक्ष प्रसारण भएको नाटकमा आवाज दिँदा श्यामदास वैष्णव, हरिप्रसाद रिमाल, जनार्दन समहरूको उत्साह कस्तो थियो होला? थाहा छैन त्यहाँ डरको मात्रा बढी थियो या खुसीको! तर यो चाहिँ पक्का हो, त्यो दिन नेपाली रेडियो नाटकको इतिहास रचिएको पहिलो दिन थियो। करिब चार वर्ष रेडियो नेपालको नाटकले नेपाली नाटक क्षेत्रमा एक छत्र राज गर्यो। तर एफएमहरूले रेडियो नेपाललाई दिन थालेको 'चेक', श्रोताको बदलिदो रूचि, सामाजिक सञ्जालको बढ्दो प्रभाव र रेडियो नेपालको अपडेट हुन नसकेको आदिम शैलीका कारण समग्र रेडियो नेपालका श्रोता संख्यामा ह्रास आउने क्रममा रेडियो नाटक करिब करिब कोमामा पुग्यो। फेरि रेडियो नेपालको मात्र होइन, अन्य मै हुँ भन्ने प्रोडक्सन हाउस र मिडियाहरूका नाटक त झन् ब्रह्मनालमै थिए। यद्यपि नेपाली कला क्षेत्रमा स्थापित थुप्रै कलाकारलाई अभिनयको कखरा सिकाउने रेडियो नेपाल, त्यहाँका नाट्यकर्मी तथा समग्रमा स्टुडियो नम्बर ६ को योगदान नेपाली समाजले कहिल्यै भुल्न सक्दैन र भुल्न दिनु पनि हुँदैन। आज यो लेख मार्फत मैले सन्दर्भहरूले मागेबाहेक रेडियो नाटकमा योगदान गरेका अग्रज, अनुज, निर्देशक, लेखक, कलाकार, प्राविधिक कसैको पनि नामहरू समावेश गर्ने छैन किनकि त्यो लिष्ट निकै लामो हुनेछ। त्यो भन्दा ठूलो डर यदि कसैको नाम छुट्यो भने मैले जिवनभर दुश्मनी व्यहोर्नु पर्ने हुन्छ।

**डियर कलिग्स् !**

तपाईँहरू पक्कै बुझ्नुहुन्छ, यो लेख म दुश्मनी कमाउन होइन, न कि पछिल्लो पुस्तालाई नाटक पढाउन, त्यो समय  ओकल्न यो लेख लेख्दैछु। हामी सबैलाई था'छ, हरेक दियोको मुनि अँध्यारो पाटो छ  । रेडियो नेपालका सुरुवाती संघर्षका दिनहरूमा केही अप्ठ्यारा क्षण पनि कटाएँ। केही चुनौती ठोक्किन आए। केही 'सफ्ट एब्युज' समेत भोगे। तर, ती समयको अन्तरालमा डाडाँको घाम झैँ हुँदै गए किनकि वास्तवमा तिनैले जीवनको पाठ पढाए। संसार बुझायो र संघर्षको मैदानमा होमिन सिकायो। शायद, अभाव हुन्थेन भने, अग्रजहरूको कडा निगरानी हुँदैन थियो भने आज यो लेख लेख्ने हैसियतमा म पुग्ने थिइन। यी सबैको प्रतिनिधि पात्रको रूपमा मैले गौरवसाथ लिने एउटा नाम हो– 'मदनदास श्रेष्ठ।' त्यतिबेलाको चर्चित श्री स्वस्थानी नाटकमा महिषासुर राक्षसको डरलाग्दो हाँसो उहाँको पहिचान थियो। अनुजहरूलाई प्रेरित गरिरहने, माया पनि गर्ने। तर यदि कसैले लापरवाही गर्यो भने 'हप्की' को सिर्कना समेत भेट्ने। हुनत अहिले म एउटै छानामुनि रहेको सार्वजनिक सेवा प्रसारण अन्तर्गत नेपाल टेलिभिजनमा जागिरे छु। त्यहाँ काम गरेबापत टेलिभिजनले तलब दिन्छ। त्यसकै सहयोगमा जिन्दगी चल्दै छ। परिवार हाँसीखुशीमा लुटपुटिएको छ र यसमा गाँसिएका कथा, उप–कथा बेग्लै छ। तर म निःसन्देह भन्छु, मेरो सञ्चार र लेखनको धरातल रेडियो नेपाल हो। त्यसमा पनि ६ नम्बर स्टुडियो अनि त्यो स्टुडियोका मेरा अग्रजहरू– बिना मिश्रणको, बिना विषादीको, बिना कृतिम रङ्गको त्यो नोस्टाल्जिया विशुद्ध अर्ग्यानिक पो ! छ त। अनि, ६ नम्बर स्टुडियोको त्यो लड्ड पार्ने गन्ध जो आज पनि उत्तिकै स्मृतिमा प्रिय बनेर बसेको छ।

000

कहिलेकाहीँ जागिरमा टाइम करप्सन गरेर बरालिँदै त्यता पुग्दा त्यो स्टुडियो र मेरा धमिला स्मृतिसँग जोडिएका हरेक वस्तुले भनेझैँ लाग्छ– 'हेलो समिर, मिसिङ यु अ लट !'

*(लेखक नेपाल टेलिभिजनका प्रमुख निर्माता हुनुहुन्छ ।)*

# वनडढेलो नियन्त्रण तथा रोकथामसम्बन्धी जनचेतनामूलक सन्देश

*प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,*

नेपालमा फागुनदेखि जेठ महिनासम्मको सुख्खायाम लाई वनडढेलोको उच्च जोखिमको समय मानिन्छ। यसअवधिमा मुलुकभर नै वनडढेलोका घटनाहरू बढ्ने गर्दछन्। सुदूरपश्चिम प्रदेश पनि यस बाट अछुतो रहँदैन। हाम्रो प्रदेशका पहाडी, भित्री मधेश र तराई(चुरे क्षेत्रका वनहरू पनि यस अवधिमा वनडढेलोको जोखिमको हिसाबले निकै संवेदनशील छन्। यस मन्त्रालयले सबै नागरिकको सहयोग र सहभागिताका लागि यो सन्देश जारी गरेको छ।

नेपालमा लाग्ने वनडढेलोका अधिकांश घटना मानवीय गतिविधि र लापरबाहीका कारणले हुने गर्दछन्। खेतबारीको अनावश्यक झारपात जलाउँदा आगो नियन्त्रण बाहिर गएर वनमा फैलिने, वन क्षेत्रभित्र सिकार गर्ने उद्देश्यले आगो लगाउने, चुरोट वा बिडीको ठुटो लापरबाहीपूर्वक फाल्ने, पिकनिक आदिमा आगोको प्रयोग गर्ने, र वनभित्र मह वा घाँस दाउरा सङ्कलन गर्ने क्रममा आगो सल्कने जस्ता कारणले अधिकांश वनडढेलो लाग्ने गर्दछन्। यस्ता मानवीय क्रियाकलापहरू नै हाम्रा वनहरूको लागि ठूलो खतरा हुन्। वनडढेलोको रोकथाम र नियन्त्रणको जिम्मेवारी केवल सरकारको मात्र होइन, यो हामी सबैको साझा दायित्व हो। वनडढेलो रोकथाम र नियन्त्रणका लागि हामी सबै तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय) र समुदाय सबैको सहकार्य आवश्यक हुन्छ। रोकथामका लागि हामी सबैले निम्न कुराहरूमा ध्यान दिनुपर्छः

- खेतबारीमा हुने पराल वा अन्य अनावश्यक झाडीलाई नजलाउनु होस्। यसलाई आगो लगाउनु भन्दा मलको रुपमा प्रयोग गर्नु बढी फाइदाजनक हुन्छ।
- वन भित्र कहिल्यै पनि चुरोट, बिडी, लगायतका चिज वस्तु नसल्काउनुहोस्। जथाभावी नफाल्नुहोस्।
- वनक्षेत्रमा पिकनिकजस्ता कार्यक्रम आयोजना गर्दा आगोको प्रयोगमा अत्यधिक सावधानी अपनाउनुहोस्।
- वनक्षेत्रमा उल्लेखित मापदण्ड अनुसार अग्निरेखा (Fire Line) निर्माण गर्न स्थानीयस्तरबाट पहल गर्नु होस्। यसले आगो गाउँमा पस्न बाटपनिजोगाउँछरवनमालागेकोआगोनियन्त्रणगर्नसहजहुन्छ।
- सामुदायिक वन उपभोक्ता समूह, युवाक्लब, महिला समूहहरू सक्रियभई वनडढेलो नियन्त्रणका लागि आवश्यक पूर्वतयारी (उपकरण, पानीको व्यवस्था, मानवस्रोत) गर्नुहोस्। विद्यालय, टोल र धार्मिक स्थलहरूमा वनडढेलोबाट हुने क्षतिबारे छलफल गर्नुहोस्। आफ्ना बालबच्चालाई पनि यस बारेजानकारी दिनुहोस् ।प्रदेश सरकारले वनडढेला नियन्त्रणका लागि विभिन्न प्राविधिक तथा भौतिक व्यवस्थापन गरिरहेको छ। वनडढेलोको प्रारम्भिक चरणमै पहिचान गरी नियन्त्रण गर्न जरुरी छ। त्यसैले, आउनुहोस् हामी सबै मिलेर हाम्रा वनलाई वन डढेलोबाट जोगाऔं। सम्झौं, वनडढेलोको रोकथाममा हाम्रो सानो सजगता र सहकार्यले ठूलो परिवर्तन ल्याउन सक्छ। हरियो वन हाम्रो प्रदेशको पहिचान र समृद्धिको आधार हो। यसलाई जोगाउनु हामी सबैको कर्तव्यहो।

**सुदूरपश्चिम प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**धनगढी, कैलाली**

# त्यो रेडियो नेपाल


सन्तोष पौडेल

बगैंचा त्यो बेलापनि थियो। फुल यसैगरी झुल्थे। फुलका बास्ना नाकमै ठोक्किन आइपुग्थे। र, आँखामा अनेकन दृश्य। त्यसबेलाको श्यामश्वेत दृश्य अझै टाँसिएका छन, चुइगम झैं! ए भाइ, देखाउ पो! कसरी? मन उसैउसै फुरूङ्ग हुन्छ रेडियो नेपाल छिर्दा...! 'गीत–सङ्गीतको मन्दिर पो !...', के भनूँ? कुन्नी, के सोच्नु भो ! उहाँले एकैछिन रोकिनु भो ! उहाँका समधुर स्वरमा गुन्जिरहेका स्मृतिको कोलाजमा म भने हराउँदै थिए। आँखा मेरा च्यातिएका तर डुल्दै थिए यतैकतै...! सलको फुर्को भुइँमा लछारिएछ उहाँको। मिलाउन खोज्नु भो ! 'पैतला पर्नसाथ म त उसैउसै फुर्किन्छु, है !', यो मन्दिरसँग जोडिएको के–के पो छैन हौँ? मनमा थपक्क बसेका ती सम्झना।

तीनै सम्झनका पोका फुकाउन अघि उहाँ बेजोडले एकपटक हाँस्नु भो !

ooo

सुन्नु भा'छ अरूणा लामा। मैले 'छु र छैन' को मुन्टो एकै पटक परक्क बटारें। उहाँ अकमकिनु भो ! त्यो दिनको कुरा भाइ–अरूणा लामा बित्नु भो !', ए हो र? मैले सुरुमै अनुहार मलिनो बनाए। एफ.एम. हरू स्थापना हुँदै थिए। ५२/५३ सालपछिको कुरा हुनुपर्छ। रेडियो नेपालको स्टुडियोहरू भाडामा लगाइन्थे। हातले देखाउँदै– यिनै कोठाहरू जहाँ क्यै ! एफ.एम.हरू सञ्चालनमा थिए। भाइलाई अचम्म लाग्यो होला है सुनेर। कान्तिपुर, इमेज, क्लासिक, सिटी र स्टार एफ.एम.को सुरुवात यै प्राङ्गण र यिनै पुराना भवनमा सुरु भएका थिए। रबि लामिछाने त्यसबेला काम गर्नुहुन्थ्यो इमेज एफ.एम.मा। उहाँले विर्सनु भयो कि? आँखी भो थोरै माथ्तिर उठाउँदै पुलुक्क मलाई हेर्नु भो र लामो साँस तान्दै फेरी फुसफुसाउन थाल्नु भो ! ओहो ! यो त गज्जबको कुरो रैछ नि !', मेरो बोली खस्न नपाउँदै उहाँ हतारिएर बोल्नु भो ! अहिले 'टेप लाइबेरी' रैछ, त्यसबेला यहाँ इमेज एफ.एम.को स्टुडियो थियो। म कुरा गर्दै थिएँ नि ! अरूणा लामा बित्नु भएको दिन। उहाँको शव 'साहित्य एकेडेमी' मा राखेको थियो। त्यहाँ रबि'जी बिहानै पुग्नु भएको रै'छ। मलाई देख्नु भो ! क्यै ! नभनी मोटोरसाइकलमा बस्न आग्रह गर्नु भो। मैले पनि क्यै नसोधी चुपचाप बाइकको पछाडि बसी गएँ। रेडियो नेपालको प्राङ्गणमा पुगेर पो ! बाइक रोकियो। रबिजीका आँखा टिलपिल टिलपिल थिए। दिदी, अब एक घण्टा कार्यक्रम चलाउँछु। तपाइले भने बिचबिचमा गीत गाउँनुपर्छ। हामीले त्यसदिन एकघण्टा 'लाइभ' कार्यक्रम गर्यौं। अरूणा लामाप्रति समर्पित गर्यौं त्यो कार्यक्रम।

ooo

टेबलमा कफी आइपुग्यो। मैले लामो सुस्केरा तानें। उहाँले मलाई निकैबेर हेर्नु भो ! भाइले त मलाई 'त्यो बेलाको रेडियो नेपाल'का बारेमा सुनाउँनुस्, है ! भन्नु भएको थियो। टन्नै पो ! छन् है प्रसङ्ग। के–के पो ! सुनाउँ? उहाँ थोरै अकमकिनु भो ! मैले कफी पिउन आग्रह गरें। कुन्नी के सोच्दै हुनुहुन्थ्यो?

यतिका वर्ष देशले कोल्टे नफेरेपनि समयले भने कोल्टे फेरिसकेछ। म त ऋणी पो ! छु यो माटोप्रति ! यो संस्थाप्रति !

मैले उहाँलाई प्रश्नै गर्न परेनँ। उहाँले आफैँ प्रसङ्ग उप्काउन थाल्नु भो ! कफीको चुस्कीसँगै अतितका स्मृतिमा डुबुल्की मार्दै...! नातिकाजी था'छ भाइलाई ! मैले 'छ' को इशारा आँखाबाटै फ्याकेँ। उहाँ फिस्स मुस्कुराउनु भो...

नातिकाजी सङ्गीत निर्देशक हुनुहुन्थ्यो। तीर्थ गन्धर्व र झलकमान गन्धर्व लोकगीत गाउन रेडियो नेपाल आउनु भएछ। उहाँहरूको प्रतिभा देखेर दंगदास हुनुभएछ। सारङ्गी र गीतका भाकाले उहाँको हृदय सायद लोभ्यायो। तत्कालै 'जागिर' अफर गर्नु भएछ। त्यसबेला राम्रो गाउने र बाजा बजाउने मान्छे त देख्नै नहुने। प्रतिभा हुनेहरूका लागि यहाँको दैलो सदैव खुल्ला थियो। झन् अर्को प्रसङ्ग रोचक छ, सुनाउनु अघि अर्को घुट्की कफी निल्नु भो। मेरा कान चनाखो नहुने कुरै थिएन। सन्तोष भक्त श्रेष्ठ जो प्रख्यात वाद्यवादक। उहाँको मुखबाट सन्तोष नाम उच्चारण हुनसाथ मैले उहाँलाई रोक्दै– 'नामै जुध्यो त', 'ए भाइको नाम पनि सन्तोष है !', यति भनेर उहाँ पुरानै लयमा फर्किनु भयो।...उहाँ नेपालकै शायद आजपनि 'इसराज' बाजा बजाउने एकमात्र व्यक्ति हुनुहुन्छ। त्यो बाजा बजाउन निकै गाह्रो हुन्छ। तेह्र वर्षकै उमेरमा उहाँले सिक्नु भएको रैछ। उहाँको यो अद्भूत कला देखेर नातिकाजी हायलकायल हुनु भएछ। उहाँलाई पनि 'जागिरै' अफर गर्नुभएछ। बरा, १३ वर्षे ठिटो। 'जागिर' भनेकै था'रैनछ। धेरैपछि पो ! सुनाउनुहुन्थ्यो रे– 'सरकारी सेवा अफर गर्नु भएको रैछ', मैले कुरो बुझिन। १३ वर्षको बच्चोले के बुझ्थ्यो ?

सलको फुर्को मिलाउदै उहाँ फेरी खित्का छोडेर हाँस्नु भो...!

000

उहाँसँग मेरो यो पहिलो भेट थियो। कस्तो हंसमुख अनुहार। गायिका जसले एघार सय गीत गाउनु भएको छ तर एटिच्युड जिरो। विनम्रता उस्तै। उहाँको सुमधुर स्वर र गफ गर्ने शैली झनैँ लोभलाग्दो। उहाँ गफिनु अगावै उहाँका सुरिलो 'स्वर' ले हृदय झङ्कृत पार्दै थियो– यही स्वर जसले श्रोताका असीम माया पाएको थियो समयको अन्तरालमा... त्यो ओझ। र, उस्तै अनुहारको तेजोबोध।

ओहो ! चैत्र महिना है ! उत्सवको समय। त्यसबेला वार्षिक उत्सवको समयमा देशभरिबाट राष्ट्रव्यापी गीत प्रतियोगिताको फर्म भर्न र भ्वोइस टेष्ट दिन आउनेहरूको भिड थामिनसक्नुको हुन्थ्यो। के हो ? अहिले त सुनसान छ त। उहाँ एकैछिन मौन हुनु भो ! एकैछिन उसैउसै हराउनु भयो र पुनः आँखाको डिल पुछ्दै मलाई स्थापित गायिका रेडियो नेपालले नै बनाएको हो नि ! उहाँ थोरै सम्हालिन खोज्नु भो। त्यसैले त भाइ, म रेडियो नेपालबाट कहिल्यै टाढा हुन सक्दिन। मेरा गीत यहाँबाट प्रसारण भए। नेपालका सबै गाउँठाउँ पुगे। रेडियो नेपाल र म कसरी अलग हुनसक्छौँ? त्यसबेला घरमा काम छैन भनेपछि 'रेडियो नेपाल' गइहाल्ने। त्यस्तो माहोल पो थियो त। यहाँ त चौबिसै घण्टा सङ्गीतको उत्सव/महोत्सव हुने। गीतहरू रेकर्ड भएको सुन्न/देख्न पाइने। गेट खुल्लै। अहिले 'मुख्यद्वार' छ नि ! त्या'बाट पो ! छिर्ने हौँ, हामीहरू। भाइलाई त अचम्म लाग्दै होला, नलागोस् पनि किन? अहिले समय अर्कै छ। आम मान्छेलाई सिंहदरबार छिर्नै सकस। अनि, भाइ रेडियो नेपाल र नेपाल टेलिभिजन त एउटै

भएको सुन्दैछु नि !, के हो? उहाँले भर्खर प्रश्न गर्नु भयो कि माग्नु भो ! उत्तर। म एकछिन अलमलिए। खैर, अब भने गीतसङ्गीतको लागि गज्जबको काम हुने भो। उहाँले थोरै आशाको लामो साँस फेर्नु भो। भाइ, अब रेडियो नेपालले गीत–सङ्गीत बनाउने/रेकर्ड गर्ने। त्यसको नाट्य रूपान्तर टेलिभिजनबाट प्रसारण गर्ने। आहा ! कस्तो गज्जब हुने भयो नि ! राष्ट्रका मुर्धन्य साहित्यकाहरूको शब्दलाई सङ्गीतमा ढालेर टेलिभिजनबाट देखाउन पाए। प्रदर्शनी गर्न पाए। र, रेडियो नेपालबाट प्रसारण गर्न पाए। ओहो ! यसरी अर्काईभ गर्नु त राष्ट्रकै सम्पत्ति हो नि ! झन् कलाको माध्यमबाट पछिल्लो पुस्तामा पुस्तान्तरण गर्न पाए। त्यो पाठ, त्यो नैतिकता र त्यो अनुशासन पछिल्लो पुस्तासम्म पुग्थ्यो र कलाको भूमिका र महत्त्वले सार्थकता पाउथ्यो।

०००

'यतिबेरसम्म कफी रित्तिएको गिलास मात्र बाँकि थिए। हामी दुवै जना रोक्किएर एकछिन वरपरको वातावरणमा घुलमिल हुन खोज्यौं। उहाँ भने परपरसम्म आँखा डुलाउँदै हुनुहुन्थ्यो। भन्दै हुनुहुन्थ्यो– धेरैपछि पो ! रेडियोको प्राङ्गण टेक्न पाएँ। सायद, मनमा खेलिरहेका थिए होला– 'अतितका अनेक कुरा...!'

यो त एशियाकै टप स्टुडियो हो नि ! उहाँ एकाएक एक्साइटेड हुनु भो ! गुलाम अली गीत रेकर्ड गर्न आउँदा आश्चर्यमा पर्नु भएछ। चकित नै। उहाँले पाकिस्तानमा समेत यत्तिको ठूलो रेकर्डिङ्ग स्टुडियो नभएको बताउनु भएछ। स्टुडियोको निकै तारिफ गर्नु भएछ। त्यसैगरी भारतीय कलाकार डेनी डेन्जोङ्पाले समेत बम्बैमा समेत यत्तिको स्टुडियो नभएको बताउनु भएको रैछ। यो स्टुडियो देखेर तीन छक पर्नु भएछ। यो स्टुडियोको गरिमा निकै गह्रुङ्गो पो ! छ त। तर, यसको सदुपयोग? सैयौं जना म्युजिसियन एकैपटक उपस्थित भई गाउन सकिने स्टुडियो। यो स्टुडियोमा 'सिम्फोनी' तयार गर्न सय जनासम्म अट्न सक्छ? कहाँ छ यत्रो स्टुडियो? उसै सङ्गीतप्रेमीले पवित्र स्थल भनेका हुन् ? म नै भाइ तीनपटक बम्बै गएँ। त्यहाँको स्टुडियो पनि देखें तर रेडियो नेपालको जत्रो छैन। यसको गरिमा अर्कै छ। यहाँ गीत रेकर्डिङमा समस्या पटक्कै छैन/थिएन। बरू एक टेकमा गाउनेहरूको चर्चा पो हुन्थ्यो त्यसबेला। फलानो गायकले एकै टेकमा गीत गाउन सक्छ रे ! जस्तैः दीप श्रेष्ठले वन टेकमा गाए। अरूण थापा। त्यसैगरी तारादेवी। डर पो ! लाग्थ्यो हौ। वन टेकमा गाउनका लागि धेरै साधना गर्नुपर्ने। सुरतालमा मिहिनेत उस्तै। शायद त्यसबेलाको गायक/गायिकाको निखारता उसै आएको होइन? म्युजिसियनहरूले धेरै टेक लिन्छ भन्ने डर एकातिर, अर्को आफू गायकै पो होइन कि भन्ने त्रास उस्तै। अहिले त यो ठाउँमा लाइब्रेरी भएछ। हातले देखाउँदै पहिला त रेकर्डिङ्ग स्टुडियो थियो यो। यो पुरानो स्टुडियो हो जुन अमेरिकाले बनाएको थियो। नारायण गोपालका प्रायः गीतहरू यही स्टुडियोमा रेकर्ड भए। जापानले बनाएको नयाँ रेकर्डिङ स्टुडियोमा चैं आधुनिक गीतहरू रेकर्ड हुन्थे। पुरानो स्टुडियोमा चैं प्रायः लोकगीत।

भाइले 'कार्टेज' सुन्नु भएको छ? मैले 'छैन' को मुन्टो धानको बाला झैं सुस्तरी हल्लाएँ।

ओहो ! अहिलेका केटाकेटीलाई के'था? साढे तीन मिनेटको गीत अट्थ्यो। प्रत्येक गीतहरूको छुट्टा छुट्टै सिङ्गल 'कार्टेज' हुन्थ्यो। रेडियो नेपालका पुराना गीतहरू स्पुल रेकर्डिङ्ग हुँदाका बखत प्रायः सबै

गीतहरू साढे तीन मिनेट हुनुको कारण यही कार्टेजको कमाल थियो। यो 'कार्टेज' अमेरिकाले 'सप्लाइ' गर्थ्यो। रेकर्ड भएका गीतको सर्जक/गायक–गायिकाको नाम कार्टेजको बाहिर लेखिन्थ्यो। अनि, अर्काइभ गरिन्थ्यो। ती अर्काइभ गरिएका गीतहरू अहिले छन् कि छैनन्? उहाँले थोरै चासो राख्नु भयो। कार्टेज साढे तीन मिनेट समयावधिको हुने भएकोले गीतहरू साढे तीन मिनेटभित्र अटाउनुपर्थ्यो। त्यो बेलाका गीतहरू छरिता र राम्रा बन्नुमा कार्टेजको पनि धेरथोर हात छ। साढे तीन मिनेटभित्र गित भ्याइसक्नुपर्ने। सुरुमा बज्ने गीत–सङ्गीतको प्रि–लुड आउनैपर्यो। शब्द/लिरिक्सको स्थायी/अन्तरा अटाउनैपर्यो। र, बिच बिचको सङ्गीत र अन्त्य हुनैपर्यो। अनि, क्षमता/दक्षता नभएकाहरूलाई एरेन्ज गर्न त निकै सकस पर्थ्यो। एरेन्जरको काम भनेकै गीतको समयावधिभर कहाँ–कहाँ म्युजिक राख्ने न हो। दक्षता नभएकोले त धुन भर्नै नसक्ने। तबलाको धुन, सनाई, सारङ्गी, मादल, जलतरङ्ग, पियानो लगायत अन्य म्युजिक भर्न कम्ता दकस हुन्थेन? मिहिन ढङ्गले साधना नगरे गीत बनाउनै गाह्रो। त्यसबेलाको म्युजिक निर्देशक नै दिग्गज। त्यसैले त कालजयी गीत रेकर्ड भए/बने। क्षमतावान सर्जकहरूको कुरै भएन। मन छुने लिरिक्स। स्वर उस्तै दमदार। धुन जोड्ने शिल्पीको के कुरा?

ooo

'मैले फेरी अर्को कप कफी मगाएँ। उहाँले यसपटक भने दुधको फर्माइस् गर्नु भो! एउटा भनाइ छ के भाइ 'कालो कफी पिउनेहरूको मन पनि कालै हुन्छ, रे!', भाइ, अब सेतो कफी पिएर मन पनि सफा/सेतो बनाउ है! कस्तो वेफिक्री हाँसो ? क्यै! कुराको प्रवाह छैन। ढल्कदो उमेर। उस्तै जवान स्वर। मन्त्रमुग्ध पार्ने गीत। म हराउँदै थिएँ उहाँको दुनियाँमा...! तर, मलाई रेडियो कै दुनियाँमा छिर्नु थियो। मैले अचानक प्रश्न तेर्साएँ–'तपाई चैं कसरी जोडिन आइपुग्नु भयो रेडियो नेपाल?', उहाँ थोरै झस्किनु भो! ओहो! लामो कहानी पो! छ त। टायम कति छ? सबै उतार्न सक्नुहुन्छ त? उहाँले थोरै चिन्ता व्यक्त गर्नु भयो। म भने छिट्छिटो औंलाहरू चलाउन...!!

त्यसबेला सङ्गीत प्रतियोगीता प्रत्यक्ष प्रसारण हुन्थ्यो। रिजल्ट भने तीनदिनपछि आउथ्यो। त्यो क्षण, कति सकसपूर्ण थियो भने...? प्रथम हुँदा मलाई विश्वास नै लागेको थिएन । बिहानको सात बजे समाचारमा रिजल्ट प्रसारण भएको थियो। नाम त प्रसारण भयो तर अझै पत्यार लागेकै थिएन। मैले त्यसदिनको गोरखापत्र नै किन्नुपर्यो। गोरखापत्रमा नाम देखेपछि भने विश्वास नगरेर भयो त ? गीत–सङ्गीतको लागि त उर्बर समय नै थियो नि! त्यसबेला रेडियो नेपालमा हप्ताभरि रेकर्ड भएका नयाँ गीत शुक्रबार प्रसारण गरिन्थ्यो। कुन–कुन गीत नयाँ रेकर्ड भएछ भन्ने कुरा आम नागरिकले सहजै था'पाउथे। श्रोताहरूको रुचि/रूझान अनुरूप नयाँ/पुराना गीत सन्तुलन तरिकाले प्रसारण हुन्थे/सुन्न पाउँथे। यो सिष्टम रेडियो नेपालको पुरानो शैली नै हो। त्यसबेला नयाँ रेकर्ड भएका गीतहरूका लागि छुट्टै कार्यक्रम थियो। पुराना–पुराना गीतहरूको कार्यक्रम/प्रसारण तालिका फरक हुन्थ्यो। विसं. २००७ साल पछिका गीतहरू प्रसारण हुने समय तालिका छुट्टै थियो। श्रोताले 'फर्माइस' गर्ने गीतहरूको सन्दर्भमा कार्यक्रम छुट्टै बन्थे। त्यसबेला लगभग सबै गीतहरू श्रोताका कानसम्म पुग्थे। गीत प्रसारणमा सन्तुलन थियो। सबै भाषाभाषी, जातजाती, समुदाय र वर्गको प्रतिनिधित्व

समभावमै भेटिन्थे गीतहरूमा... ।

उहाँले कुन्नि ! को... परबाट आउँदै गरेको देख्नु भो ! लु अब चैं मैले नचिन्ने भै'छु, सबै नयाँ । रेडियोसँगको यादमात्र पो रह्यो, पुरानो । उहाँ एकैछिन मौन हुनु भो ! गालामा हात राख्दै हतास मनोभावमा फेरि पोखिन थाल्नु भयो...

रेडियो नेपालमा मैले भोइस टेष्ट पास गरेँ । विसं. २०४४ सालको देशव्यापी आधुनिका गीत प्रतियोगीतामा भाग लिएँ । प्रथम नै भए । त्यतिबेला मलाई जिताउने गीत थियो– 'टाढा टाढा नभइजाऊ तिमी...!', भूपेन्द्र रायमाझी दाइ र मैले संयुक्त रूपमा लेखेका थियौँ यो गीत । सङ्गीत भूपेन्द्र दाइले भर्नु भयो । प्रत्येक गीत त्यसबेला लाइभ गाउनु पर्ने । वास्तवमा लाइभ गाउनु रेडियोको परम्परा र परिचय हो । त्यो देशव्यापी प्रतियोगितामा निर्णायकमा आदरणीय अग्रज सर्जकहरू हुनुहुन्थ्यो । नारायण गोपाल, माष्टर रत्नदास प्रकाश, योगेश वैद्य र फत्तेमान । त्यसबेला भर्खरै टेलिभिजन स्थापना भएको थियो तर कलाकारहरूको अनुहार भने देख्न पाइएको थिएन । साक्षात्कार हुने अवसर विरलै भेटिन्थ्यो । धेरै पछि पो ! मलाई था'भो ! नारायण गोपालको 'स्वर्णीम सन्ध्या' हुन गइरहेको रैछ । भूपेन्द्र दाइलाई 'अस्ति तिम्रो गीत गाएर प्रथम हुने केटीलाई बोलाउ त', त्यो कार्यक्रममा उहाँसगै गीत गाउन मैले अवसर पाएँ । कार्यक्रम एकेडेमीमा थियो । त्यसपछि मैले बुटवल, धनगढी, सिलगढी लगायतका विभिन्न ठाउँमा डोएट गीत गाएँ उहाँसँग । श्रोताले अत्यधिक मन पराएको गीत चैं–'माया गर्नेको चोखो माया देखियो...', 'टियू सन्ध्या' भन्ने कार्यक्रम प्रज्ञा भवनमा विसं. २०४६ सालमा मैले नारायण दाइसँग डोएट गाएको थिए । विसं. २०४७ सालमा त नारायण दाइ बित्नु भयो । यो गीत रेकर्ड हुनै पाएन । कालिप्रसाद रिजालको शब्द । नारायण गोपालको सङ्गीत । भाइ, त्यो बेलाका दिग्गज कलाकारहरूको भेटघाटको हुने 'जक्सन' हो नि ! रेडियो नेपाल...नारायण दाइ रेडियोको क्यान्टिनमा प्रायःभेटिनुहुन्थ्यो । उहाँ मलाई 'ठुल्छोरी' भनेर बोलाउनु हुन्थ्यो । मेरो नाम लिएर कहिल्यै बोलाउनु भएन । बोलिरहने स्वभाव उहाँको थिएन । कम बोल्ने । गम्भीर स्वभावको व्यक्तित्व । कुनै पनि कुराको गहन अध्ययन गर्ने । अर्काको मनोभाव बुझ्ने कोसिस गर्ने । गीतसङ्गीतप्रति उहाँको लगाव र बुझाइ निकै उचो । नातीकाजी, शिवशंकर दाइहरू पनि त्यसबेला रेडियो नेपालमै भेटिनुहुन्थ्यो, प्रायः । उहाँहरू सदैव मलाई राम्रा गीत लिएर आउनु है, भन्नु हुन्थ्यो । त्यसपछि त मैले धेरै गीतहरू पो रेकर्ड गराएँ । झण्डै लाइभ रेकर्ड भएका दुई सय पचास जति गीतहरू छन् मेरा । व्यक्तिगत रूपमा सोध्नु हुन्छ भने लाइभ गाउन यति मज्जा आउने कि? सजिलो उस्तै । लाइभमा त बाजाका धुन र सङ्गीत साधकहरूसँगैको सामिप्यता । के चाहियो यो भन्दा गज्जबको माहोल । आफैँले गाइरहेको गीत आफैँले 'लाइभ' सुन्न पाइने । आफैँ पहिलो श्रोता । आजभोलि त ट्र्याकमा गीत गाउँदा कानमा इयरफोन हुन्छ । सङ्गीत सिँधै कानमा ठोक्किन आइपुग्छ । कलाकारहरूसँगको सामिप्यता अनुभूत गर्न पाइदैन । ज्यूँदो सङ्गीत त लाइभ गाउँदा हुन्थ्यो जुन रेडियो नेपालको स्टुडियोमा अनुभूत गर्न पाइन्थ्यो ।

...यत्ति भनिसकेर उहाँ थोरै मुस्कुराउनु भो ! आँखा तर्दै कपाल मिलाउन थाल्नु भयो । सेतो कफी पनि सकियो । म्याम, सफा भो ! त मन? म जिस्किन खोजेँ । उहाँले भेउ पाइहाल्नु भो ! धत् लाटा– मन सफा हुन त अब कालो च्या पिउँनुपर्छ । हामी दुवैजना मज्जैले हास्यौँ । सायद, त्यो हाँसो रेडियोको कोलाजमा

कतै टाढा टाढासम्म पुगेर बिलायो।

त्यसबेला रेडियो नेपालमा दुई सिफ्टमा काम हुन्थ्यो। बिहानको समय 'रत्न रेकर्डिङ्ग संस्थान'ले देशका दिग्गज कलाकालहरूको गीत रेकर्ड गर्थ्यो। यसले बजारमा एल्बम पुऱ्याउँथ्यो। दिउँसोको समयमा भने रेडियो नेपालले गीतहरू रेकर्ड गर्थ्यो। एउटा 'इन्ट्रेस्टिङ्ग' प्रसङ्ग छ। मैले 'हृदय छोई पुँजा गरे' भन्ने गीत रेकर्ड गराएँ। विसं. २०४५ सालमा भारतले नाकाबन्दी लगाएको थियो। तेल पाइदैन थियो। प्रायः सबैजसो काम बिजुलीबाट हुन्थे। पाँच बजे रेडियो नेपालका सम्पूर्ण सेवा बन्द हुन्थ्यो। पाँच बजे बन्द हुनुपर्ने कारणले गर्दा स्थायीको अन्तिम एउटा लाइन रेकर्ड हुनै पाएन। वासुदेव रायमाझी रेकर्डिष्ट हुनुहुन्थ्यो। स्थायी गाएर सक्कायौँ। अन्तरा पनि सक्कियो तर अन्तिमको स्थायी गाउने बेला बत्ती झ्याप्प गयो। वासुदेव दाइले सुरुको स्थायीलाई एउटा स्कुलबाट अर्को स्कुलमा सारेर त्यो फित्ता जोडी गीत पुरा गर्नुभयो। त्यसबेला सङ्गीत शाखाको रौनक र कर्मचारीहरू दत्तचित्त भएर काम गर्थे। एउटा स्वर्णिम समय नै थियो कलाकारहरूको लागि..। अहिले यसो फर्केर हेर्दा त दुख पो ! लाग्छ भाइ, उहाँ मुस्कुराउन खोज्नु भयो तर सक्नु भएन। मन कता कता बहलिएको पाएँ। भाइ, 'लाइभ' गाउन त 'साधना'ले माझिएका गायक/गायिकाले मात्र सक्थे। त्यो यति प्रफर्केक्ट हुनुपर्थ्यो कि कुनै कारणवस् कसैले क्यै ! बिगारे पुनः सरुदेखि नै गाउँनु पर्ने हुन्थ्यो। ती गीत उसै कालजयी भएका होइन नि ! आज त गीतहरू कम्प्युटरले मिलाइदिन्छ। सर्जकको के काम? खै ! मिहिनेत ? उहाँ अचानक झर्किनु भो...!

000

कालो च्या आइपुग्यो। के मन सफा होला त म्याम अब? भइसक्यो, मन त..। मैले मनकै दहमा जमेका स्मृतिहरू पोख्न पाएँ। भाइले टिप्न। च्या–कफीले होइन रैछ, गफैले हुने रैछ मन सफा। उहाँले आफ्ना कुराहरू राख्दैगर्दा यति धेरै हाँस्नु भयो कि म समेत नहाँसी बस्न सकिन। हाम्रो गफ क्यान्टिनका ठिटाहरू समेत चाख मानेर सुन्दै थिए। च्या–खाजा खाँन आएका क्यै ! जत्था समेत 'को रैछ ?' को आश्चर्य मानेर उहाँलाई नियाल्दै थिए...।

त्यसबेला रेडियो नेपालभित्र आउन पास चाहिदैन थियो। कुनै छेकवार थिएन। अहिलेको मुख्यद्वारबाट प्रवेश पाइन्थ्यो। कति मान्छेहरू त रेकर्डिङ मात्र हेर्न आउथे। रेकर्डिङ नै नहुँदा पनि सर्जकहरू उसै टहलिन आउथे। प्रायः सबै कलाकारहरूको जमघट भइरहन्थ्यो। अरूण थापा, नारायण गोपाल, बच्चु कैलाश र भक्तराज आचार्य। सबैसबै। त्यो बेलाका कालाकारहरू यति अनुशासित थिए कि कसैले कसैको चासो/प्रवाह गर्दैन थिए। कसैको 'हानी–नोक्सानी' हुने कार्य गर्दैन थिए। प्रतिस्पर्धा भन्ने कुरो त गीतसङ्गीतमा मात्र हुन्थ्यो। भाइ कलाकार मात्र हो र? प्रशासनिक कार्य पनि सिस्टममा चल्थ्यो। गीत गाउन डेट लिनुपर्थ्यो। गीत–सङ्गीतको पारिश्रमिक समयमै पाइन्थ्यो।

मैले कति पाउनुहुन्थ्यो पारिश्रमिक भन्दा उहाँले नाक खुम्चाउनु भयो। एकछिन सोचमा पर्नु भयो...।

पचहत्तर रुपैयाँ नि ! पहिलो गीत गाएर पाएकी हुँ। त्यो पैसो धेरै हो त्यसबेला। महिनाभरको दालभातको जोहो हुन्थ्यो। पछिपछि त एउटै गीतको एघार समयसम्म पारिश्रमिक पाएँ। रेडियो नेपाल

त भाइ, गीत–सङ्गीतको विराट ज्ञान पाइने एउटा पवित्र स्थाल हो नि ! यहाँ दिग्गज कलाकारको अनुभव मिसिएको छ । त्यो 'डेडिकेशन', त्यो 'प्यासन' यही थलोले जन्माएको हो । एउटा कुरा भनूँ, रेडियो नेपालमा भएका स्टुडियोको जस्तो 'गुणस्तरीय' रेकर्ड बाहिर कतै हुँदैन थियो । त्यो गुणस्तर अझै छ । त्यसैले त म भन्छु – 'स्टुडियोले काम पाउनुपर्छ', गीत गाउन/रेकर्ड गर्नकै लागि जापानले पैसो खन्याएको हो । यहाँबाट उत्पादन भएका गीत उसै उच्च कोटीका बनेका हुन् र? रेडियो नेपालले आउँदा दिनहरूमा नयाँ–पुराना कलाकारहरूको लागि सहज वातावरण बनाओस् भन्ने कामना गर्छु । अहिलेका राम्रा गीत गाउने भाइबहिनीहरूले यहाँ टेक्ने अवसर पाउँन् र पाउँन् यो 'स्पेस' को भरपुर सदुपयोग गर्न...

०००

मैले अन्तिम घुट्को च्या पिउँदै जाँदाजाँदै क्यै ! भन्नु छ म्याम? मैले अब भने बसाइलाई विट मार्ने निधो गरे ।

भाइ, 'टाढा टाढ नभइजाउ...', गीत आत्माको नजिक छ । पहिलो सन्तान विशेष हुँदो रैछ । जन्माउने ठाउँ/ जननी–यही रेडियो नेपाल भइदियो । श्रोताहरूले पनि यही गीतको 'डिमाण्ड' बढी गर्छन् । म त गीत –सङ्गीतमा काम गर्ने मान्छे । मेरो काम साहित्यलाई सङ्गीतमा ढाल्नु हो । भानुभक्तको रामायणको सातै काण्ड बनाएँ/गाएँ । महाकवि लक्ष्मीप्रसाद देवकोटा, राष्ट्रकवि माधवप्रसाद घिमिरे, धरणीधर कोइराला, भीमनिधि तिवारी र कवि शिरोमणी लेखनाथ पौड्यालका रचनाहरू सङ्गीतबद्ध गर्ने प्रयास गर्दैछु । मलाई त भाइ रेडियो नेपाल भन्नासाथ– गीतसङ्गीतको हब लाग्छ । त्यसैले यहाँको बाजा थन्किनु राम्रो होइन । राष्ट्रका गहना मानिने काव्यहरूको रेकर्ड होस् । साहित्य/सर्जकका गहकिला रचना 'अर्काइभ' हुन् । राष्ट्रिय सम्पत्ति ठानिने उत्कृष्ट कृति रेकर्ड होस् । अर्काइभ गर्नु राज्यको पनि दायित्व/पूँजी दुवै हो । सँस्कृति जगेर्ना गर्नु त पुण्यकै कार्य हो नि ! नयाँ–पुराना कालाकारले यहाँ काम पाउँन् । सार्वजनिक सेवा प्रसारण भएछ । अब रेडियो नेपालले गीत–सङ्गीत/सँस्कृति/लोकभाका र पुराना कालजयी गीतहरूको 'अर्काइभ' बनाओस् । नाट्य एकेडेमीसँग सहकार्य गरोस् । दृश्यमा टेलिभिजनले साथ दिओस् । धेरै काम पो छ, हौ?

...यत्ति कुरा एकै सासमा राखेर उहाँ अन्तिम पटक हाँस्नु भो ! यसपटक भने उहाँको अनुहारमा छुट्टै किसिमको आभा देखिन्थ्यो । चवालिस सालपछिको त्यो एउटा स्वर जसका भाकाको वान्कीहरूमा मन्त्र बनेका शब्दका झङ्कार अझै लाखौं कानमा गुञ्जिरहेका छन्  गायिका लोचन भट्टराई । कस्तो लोचनयुक्त हाँसो यो उमेरमा पनि...! म उहाँको हाँसोका तरङ्गहरूमा हराँउदै गर्दा– सायद आउँदा दिनहरूमा यसैगरी हाँस्नेछ एकदिन रेडियो नेपाल...! र पक्कै फेरि फर्किनेछ एउटा सुन्दर युग । के–के पो ! सोच्दै थिएँ आफ्नै लयमा, कताकता हराउँदै– खै ! निकैबेर...!

*(लेखक रेडियो नेपालका व्यापार अधिकृत हुनुहुन्छ ।)*

# सेती प्रादेशिक अस्पताल

## सेती प्रादेशिक अस्पतालमा उपलब्ध सेवाहरूबारे जानकारीमुलक सन्देश

१.अन्तरङ्ग तथा वहिरङ्ग सेवाहरु :

जनरल मेडिसिन, जनरल सर्जरी, हाडजोर्नी तथा नशा रोग, प्रसूति तथा स्त्री रोग, पेडियाट्रिक, इ.एन.टी, डेन्टल, मानसिक रोग, मुटुरोग, न्युरो सर्जरी, युरोलोजी, ग्यास्ट्रोलोजी, हेपाटोलोजी, एनेस्थेसियोलोजी, फिजियोथेरापी, डर्माटोलोजी सेवा।

२. रेडियोलोजी सेवाः CT.Scan, MRI, USG, X.RAY, OPG,

३. प्रयोगशाला सेवाः चौविसै (२४) घण्टा Biochemistry, Hematology, Microbiolohy, Serology, Cytology, Histology, Parasitology,

४. फार्मेसी सेवाः चौविसै (२४) घण्टा।

५. इमरजेन्सी सेवाः  चौविसै (२४) घण्टा।

६. अपरेशन (शल्य चिकित्सय सेवा)ः इमरजेन्सी केशको हकमा चौविसै (२४) घण्टा

७. यसका साथै इन्डोस्कोपी, कोलोनोस्कोपी, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, निसन्तान उपचार केन्द्र, एम.सि.एच. क्लिनिक, इ.सि.एच.ओ., इ.सि.जी., एआरटी, डट्स क्लिनिक, लेप्रोसी क्लिनिक, टेलीमेडिसिन, आइ.सि.यु, एन.आइ.सि.यु, एम्बुलेन्स सेवा।

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हामी सम्पूर्ण सेती प्रादेशिक अस्पताल परिवारको तर्फबाट तपाई सम्पूर्णमा सुख शान्ति, सुस्वास्थ्य र समृद्धिको शुभकामना व्यक्त गर्दछु। नयाँ वर्षले सम्पूर्ण नेपालीको जीवनमा नयाँ उर्जा, आशा र सफलताको उज्यालो ल्याओस्।

सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालको ७६औँ वार्षिकोत्सव तथा
नयाँ वर्ष २०८३ सालको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौ।

डा.हेमराज पाण्डे
मेडिकल सुपरिटेण्डेन्ट
सेती प्रादेशिक अस्पताल, धनगढी

## सुदूरपश्चिम प्रदेश सभा
धनगढी, कैलाली

### सुदूरपश्चिम प्रदेश सभा सचिवालयको जानकारीमूलक सूचना

सुदूरपश्चिम प्रदेश सभा स्थापना भएदेखी हालसम्म सुदूर पश्चिम प्रदेश सभा बैठकबाट ७८ वटा विधेयक पारित भएको सरोकारावाला सबैलाई जानकारी गराउदछौं।
नयाँ वर्ष २०८३ सालको सुखद अवसरमा प्रदेश सभा सदस्य, राष्ट्रसेवक कर्मचारी एवम् सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य, दिर्घायु एवम् उत्तरोत्तर प्रगतीको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

माा.भीमबहादुर भण्डारी
सभामुख
देवबहादुर बोगटी
सचिव



## कृषि ज्ञान केन्द्र, कैलाली

### कृषि ज्ञान केन्द्र कैलालीबाट जनहितमा जारी सन्देश

विषादीबारे बुझौं।

१. बालीनालीमा लाग्ने रोगकिरा, चरामुसा, घुनपुतला नियन्त्रण गर्न प्रयोग गरिने सबै विषहरु विषादी हुन्, औषधी होइनन्।
२.विषादीको पहिलो असर तिनै प्रयोगकर्ता वा किसान वा घर परिवार र वातावरणमा पर्न जान्छ। त्यसैले सचेत रहौं।
३.विषादीको अन्धाधुन्ध र अनियमित प्रयोगले शरीरमा क्यान्सर तथा मस्तिष्क पक्षघात जस्ता रोग लाग्न सक्छ।
४.विषादीको असरले पानीका श्रोत, पाठापाठी,पशुपन्छीमा नकारात्मक असर देखाउँछ।
५. विषादीको समाजमा धेरैजसो आत्महत्याका घटना घटेको देखिन्छ तसर्थ विषादीप्रति आकर्षित होइन वितृष्णा जगाऔं।
६. विषादीको विकल्पमा रहेर खेती गर्न सकन्छि, जानकारी लिने बानी बसालौं।



## प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई
धनगढी, कैलाली

### पर्यटन पूर्वाधार : समृद्ध प्रदेशको आधार

हिमालले छोएको आकाश, भिरमा फुलेको सुनगाभा र अनन्त शान्तिको खोजी, यो हो सुदूरपश्चिम प्रदेश। अपि, साइपाल, खप्तडको काखमा हराएको स्वर्ग, बडिमालिकाको आस्था र उग्रताराको शक्ति। यहाँ हरेका पाइलमा इतिहास छ, हरेक ढुङ्गामा आस्था, समृद्ध संस्कृती, तर अझै चिन्न बाँकी, चिनाउन बाँकी छ, सुदूर पश्चिम।
स्थानीय उत्पादनको पहिचान, पूर्वाधारको विकास र युवा पुस्ताको सिपले मात्र सम्भव छ, यो सपना। आउनुहोस्, हामी सबै मिली सुदूरपश्चिमलाई विश्व पर्यटन नक्सामै अब्बल बनाऔं। यो हाम्रो मात्र होइन, आउने पुस्ताको पनि गौरव हो।



## राष्ट्रिय खोप तालिका

### कुन उमेरमा, कुन खोप, जानी राखौं

१. गर्भवती महिला : टि.डी. खोप – पहिलो गर्भमा कम्तिमा एकमहिनाको अन्तरमा २ पटक र त्यसपछिको प्रत्येक गर्भमा १ पटक।
२.जन्मने बित्तिकै सकेसम्म छिटो : जि.सि.जी. खोप।
३. ६ हप्तामा : रोटा (पहिलो मात्रा)। पोलियो (पहिलो मात्रा)। पि.सि.भी. (पहिलो मात्रा)। डि.पि.टी. हेप.बी हिब (दोस्रो मात्रा)।
४. १० हप्तामा : रोटा (पहिलो मात्रा)। पोलियो (पहिलो मात्रा)। पि.सि.भी. (पहिलो मात्रा)। डि.पि.टी. हेप.बी हिब (दोस्रो मात्रा)।
५. १४ हप्तामा : पोलियो (दोस्रो मात्रा)। एफ.आइ.पि.भी. (पहिलो मात्रा)। डि.पि.टी. हेप.बी हिब (दोस्रो मात्रा)।
६. ९ महिनामा : एफ.आइ.पि.भी. (दोस्रो मात्रा)। दादुरा-रुवेला (पहिलो मात्रा)। पि.सि.भी. (तेस्रो मात्रा)
७. १२ महिना : जापानीज इन्सेफलाइटिस् ।
८. १५ महिनामा : दादुरा रुवेला (दोस्रो मात्रा)। टाइफाइड।
९. कक्षा ६ की छात्रा र विद्यालय नजाने १० वर्षकी किशोरी : एच.पि.भी. खोप

प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र
धनगढी कैलाली

# रेडियो प्रसारण र यसको महत्त्व



*मनोजकुमार साह*

## समयमै जानकारी प्रदान गर्ने माध्यम रेडियो

विपद्को समयमा रेडियोको सबैभन्दा महत्त्वपूर्ण कार्यहरूमध्ये एक सूचनाको दुरुस्त प्रसार हो । आपतकालीन संस्थाहरूले चेतावनी, सुरक्षा निर्देशनहरू र राहत सेवाहरूको बारेमा जनतालाई जानकारी दिन रेडियो प्रसारणहरू प्रयोग गर्छन् ।

सङ्कटको समयमा, जीवन बचाउन र तनाव कम गर्नको लागि सही जानकारी आवश्यक छ । रेडियो स्टेसनहरूले वास्तविक – समय अद्यावधिकहरू र आपतकालीन घोषणाहरू ठूलो जनसङ्ख्यालाई एकै साथ प्रसारण गर्न सक्छन् । अन्तर्राष्ट्रिय दूरसञ्चार अध्ययनहरूका अनुसार, रेडियो प्रसारण विशेष गरी विपद् परिस्थितिहरूमा प्रभावकारी हुन्छन् किनभने यसले अन्य सञ्चार प्रणालीहरू असफल हुँदा प्रभावित समुदायहरूलाई समयमै र व्यावहारिक जानकारी प्रदान गर्न सक्छ । (ITU)

थप रूपमा, मानवीय रेडियो कार्यक्रमहरूले प्रभावित समुदायहरूलाई मनोवैज्ञानिक सहयोग र स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गर्न सक्छ । अध्ययनहरूले देखाउँछन् कि त्यस्ता प्रसारणहरूले सामुदायिक लचिलोपनलाई बढवा दिन र प्रकोप पछि शारीरिक र मनोसामाजिक पुनः प्राप्तिलाई समर्थन गर्दछ । (MDPI)

## परिचय

आपतकालीन र विपद्को समयमा सूचना सञ्चार गर्न आमसञ्चार माध्यमले महत्त्वपूर्ण भूमिका खेल्छ । मिडियाका सबै रूपहरूमध्ये, रेडियो सबैभन्दा भरपर्दो र पहुँचयोग्य सञ्चार उपकरणहरूमध्ये एक हो । बिजुली, इन्टरनेट सेवाहरू, र मोबाइल नेटवर्कहरू असफल भएको अवस्थामा, रेडियो प्रसारण अझै पनि ब्याट्री –सञ्चालित रिसिभरहरू र साधारण प्रसारण प्रविधिहरू प्रयोग गरेर सञ्चालन गर्न सकिन्छ ।

भूकम्प, बाढी, आँधी र महामारी जस्ता प्रकोपहरूले सामान्य सञ्चार प्रणालीलाई बाधा पुर्‍याउँछ र भरपर्दो सूचनाको तत्काल आवश्यकता सिर्जना गर्छ । त्यस्ता सन्दर्भहरूमा, रेडियोले चेतावनीहरू, सुरक्षा निर्देशनहरू, र राहत जानकारीहरू प्रसारण गरेर समुदायहरूको लागि जीवन रेखाको रूपमा काम गर्दछ । रेडियोले सङ्कटको समयमा नागरिकलाई अलर्ट, चेतावनी र महत्त्वपूर्ण निर्देशनहरू प्रदान गरेर 'मुख्य विपद् व्यवस्थापन सार्वजनिक सेवा' मा ठूलो भूमिका खेल्छ । (UNESCO, 2021)

यसरी रेडियोलाई विपद् सञ्चारका लागि उत्कृष्ट माध्यम मानिन्छ र विपद् तयारी, प्रतिक्रिया र पुनः प्राप्तिमा यसको ठूलो महत्त्व छ ।

## दुर्गम र रीमान्तकृत समुदायहरूमा पुग्न सजिलो

टेलिभिजन वा इन्टरनेटको पहुँच सीमित हुन सक्ने दुर्गम र सीमान्तकृत समुदायहरूमा पुग्न रेडियो

प्रसारण सहज छ। ग्रामीण जनसङ्ख्या प्रायः रेडियोको सूचनाको प्राथमिक स्रोतमै भर पर्छन्।

उदाहरणका लागि, नेपालमा सन् २०१५ को भूकम्पपछि गरिएका अध्ययनहरूले रेडियो कार्यक्रमहरूले समुदायहरूलाई सुरक्षित पुनर्निर्माण अभ्यासहरू र विपद् जोखिम न्यूनीकरण प्रविधिहरू बुझ्न मद्दत गरेको पाइएको छ। यी कार्यक्रमहरूका नियमित श्रोताहरू अधिक जानकार थिए र उनीहरूमा अरू भन्दा सुरक्षित पुनर्निर्माण अभ्यासहरू अपनाउने सम्भावना बढी थियो।

राहत र रिकभरी प्रयासहरूलाई समर्थन गर्दै

रेडियोले विपद् उद्धार कार्यको समन्वयमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ। सरकारी एजेन्सीहरू, मानवीय संस्थाहरू, र स्वयम्सेवकहरूले प्रभावित जनसङ्ख्यालाई खाना, पानी, चिकित्सा सेवाहरू र आश्रयको उपलब्धताको बारेमा जानकारी दिन रेडियो प्रसारण प्रयोग गर्ने गर्छन्।

## आम सञ्चारको माध्यमको रूपमा रेडियो

रेडियो एक इलेक्ट्रोनिक माध्यम हो जसले विद्युत चुम्बकीय तरङ्गहरू मार्फत फराकिलो श्रोताहरूमा जानकारी पठाउँछ। प्रारम्भिक चरण – बिसौं शताब्दीमा यसको आविष्कार पछि, रेडियो व्यापक रूपमा समाचार, मनोरञ्जन, शिक्षा, र सार्वजनिक सेवा संचारको लागि प्रयोग भएको छ।

रेडियोको मुख्य विशेषता भनेको यसको सरलता र पहुँच हो। रेडियो रिसिभरहरू सस्तो, पोर्टेबल, र प्रयोग गर्न सजिलो छन्। तिनीहरू ग्रामीण वा आर्थिक रूपमा विपन्न समुदायहरूमा पनि सजिलोसँग उपलब्ध हुन्छ। रेडियोलाई उच्च स्तरको साक्षरता वा प्राविधिक ज्ञानको श्रोत मानिन्छ।

अर्को महत्त्वपूर्ण विशेषता यसको व्यापक भौगोलिक पहुँच हो। रेडियो सिग्नलहरूले ठूला क्षेत्रहरू कभर गर्न सक्छन् र अन्य सञ्चार प्रविधिहरू उपलब्ध नहुन सक्ने दुर्गम क्षेत्रहरूमा पुग्न सक्छन्। यो विशेषताले विकासोन्मुख देशहरू र प्रकोप क्षेत्रहरूमा सार्वजनिक सञ्चारको लागि रेडियोलाई प्रभावकारी माध्यम बनाएको छ।

## विपद् पूर्वतयारी र जागरूकता प्रवर्द्धन

विपद्को सामना गर्नुका साथै विपद् पूर्वतयारी र जोखिम न्यूनीकरणका लागि रेडियो पनि एउटा महत्त्वपूर्ण उपकरण हो। शैक्षिक कार्यक्रमहरू, सार्वजनिक सेवा घोषणाहरू, र विशेषज्ञहरूसँग अन्तर्वार्ताहरू मार्फत, रेडियो स्टेसनहरूले विपद् जोखिम र सुरक्षा उपायहरूको बारेमा सचेतना जगाउन सक्छन्।

प्रसारण मिडियाले व्यापक रूपमा समुदायहरूलाई तयारी रणनीतिहरू, निकासी योजनाहरू, र आपतकालीन प्रतिक्रिया प्रविधिहरूको बारेमा शिक्षित गर्न सहयोग पुर्‍याउँदछन्। प्रसारण माध्यमहरूलाई यसरी नै प्रयोग गरिएको देखिन्छ। यी प्रयासहरूले समुदायहरूलाई भविष्यका प्रकोपहरूसँग जुध्नको लागि अझ राम्रोसँग तयार हुन मद्दत गर्दछ।

## विपद् सञ्चारमा रेडियोको केस स्टडिज

❑ नेपाल भूकम्प (२०१५)

नेपालमा विनाशकारी भूकम्पपछि, रेडियोले प्रभावित जनसङ्ख्यालाई पुनर्निर्माण अभ्यास र सुरक्षा दिशानिर्देशहरू बारे जानकारी गराउन महत्त्वपूर्ण भूमिका खेलेको थियो। सामुदायिक रेडियो

कार्यक्रमहरूले व्यावहारिक जानकारी प्रदान गऱ्यो जसले नागरिकहरूलाई उनीहरूको घरहरू अझ सुरक्षित रूपमा पुनर्निर्माण गर्न र प्रकोप तयारीमा सुधार गर्न मद्दत गऱ्यो।

❑ फिलिपिन्समा हैयान टाइफुन

सन् २०१३ मा टाइफुन हाइयानपछि, प्रभावित समुदायहरूमा महत्त्वपूर्ण सन्देशहरू र स्वास्थ्य – सम्बन्धित जानकारीहरू प्रसारण गर्न रेडियो स्टेशनहरू प्रयोग गरियो। यी प्रसारणहरूले पीडितहरूलाई चिकित्सा सेवाहरू, खाना वितरण, र राहत कार्यहरूबारे आवश्यक जानकारी प्राप्त गर्न मद्दत गऱ्यो।

❑ अन्य मिडियाको अनुपस्थितिमा रेडियोको महत्त्व

प्राकृतिक प्रकोपहरूले प्रायः सञ्चार पूर्वाधारहरू जस्तै मोबाइल टावरहरू, इन्टरनेट केबलहरू र बिजुली लाइनहरूलाई क्षति पुऱ्याउँछन्। यस्तो अवस्थामा धेरै आधुनिक सञ्चार प्रविधिहरू प्रयोग गर्न नसकिने अवस्था सिर्जना हुनछन्।

तथापि, रेडियो, ब्याट्री – सञ्चालित रिसिीभरहरू वा पोर्टेबल ट्रान्समिटरहरू प्रयोग गरेर सञ्चालन जारी राख्न सक्छ। यो लचिलोपनले रेडियोलाई आपतकालीन अवस्थामा सबैभन्दा भरपर्दो सञ्चार उपकरण बनाउँछ। अनुसन्धानले यो पनि देखाउँछ कि पूर्वाधारमा गम्भीर क्षति पुगेको क्षेत्रहरूमा पनि रेडियो प्रससाणले ठूलो जनसङ्ख्यामा पुगी सहयोग गर्न सक्छ। (MDPI)

❑ दुर्गम र सीमान्तकृत समुदायहरूमा रेडियो

टेलिभिजन वा इन्टरनेटको पहुँच सीमित हुन सक्ने दुर्गम र सीमान्तकृत समुदायहरूमा पुग्ने रेडियोको क्षमता छ। ग्रामीण जनसङ्ख्या प्रायः सूचनाको प्राथमिक स्रोतको लागि रेडियो प्रसारणमा रूपमा भर पर्छन्।

उदाहरणका लागि, नेपालमा सन् २०१५ को भूकम्पपछि गरिएका अध्ययनहरूले रेडियो कार्यक्रमहरूले समुदायहरूलाई सुरक्षित पुनर्निर्माण अभ्यासहरू र विपद् जोखिम न्यूनीकरण प्रविधिहरू बुझ्न मद्दत गरेको पाइएको छ। यी कार्यक्रमहरूका नियमित श्रोताहरू अधिक जानकार थिए र सुरक्षित पुनर्निर्माण अभ्यासहरू अपनाउने सम्भावना उनीहरूमा बढी पाइएको थियो।

रेडियोले विपद् उद्धार कार्यको समन्वयमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ। सरकारी एजेन्सीहरू, मानवीय संस्थाहरू, र स्वयंसेवकहरूले प्रभावित जनसङ्ख्यालाई खाना, पानी, चिकित्सा सेवाहरू र आश्रयको उपलब्धताको बारेमा जानकारी दिन रेडियो प्रसारणहरू प्रयोग गर्छन्।

## सार

रेडियोको महत्त्व – रेडियो एक सस्तो, सजिलो र प्रभावकारी सञ्चार माध्यम हो। यसले गाउँ–सहर सबै ठाउँमा समाचार, शिक्षा, मनोरञ्जन र जनचेतना फैलाउन ठूलो भूमिका खेल्छ। प्राकृतिक विपत्ति वा आपतकालीन अवस्थामा पनि रेडियोले छिटो र विश्वसनीय जानकारी पऱ्याउँछ। इन्टरनेट वा टेलिभिजन नपुगेका स्थानहरूमा समेत रेडियो सजिलै सुन्न सकिने भएकाले यसको महत्त्व अझ बढ्छ। त्यसैले रेडियो जनसञ्चारको महत्त्वपूर्ण साधन हो।

**References:**

Hugelius, K., Adams, M., & Romo-Murphy, E. (2019). The power of radio to promote health and resilience in natural disasters: A review. International Journal of Environmental Research and Public Health. (MDPI)

Romo-Murphy, E., & Vos, M. (2014). The role of broadcast media in disaster preparedness education. Media Asia.

UNESCO. (2021). Radio: Lifesaver during disasters and pandemics. (UNESCO)

International Telecommunication Union (ITU). (2016). World Radio Day focuses on role of radio in disaster management. (ITU)

Hugelius, K., et al. (2016). Disaster radio for communication of vital messages and health-related information: Experiences from Typhoon Haiyan. Disaster Medicine and Public Health Preparedness. (PubMed)

ScienceDirect. (2021). Communicating to reduce disaster risk through radio in Nepal. (ScienceDirect)

*(लेखक रेडियो नेपालका मुख्य प्राविधिक अधिकृत हुनुहुन्छ ।)*




**जिल्ला अस्पताल बाजुरामा स्थापना गरिएको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) बाट निशुल्क प्रदान गरिने सेवाहरु सम्बन्धी जानकारी ।**

१. स्वास्थ्य उपचार
- निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार
- आवश्यक औषधी र स्वास्थ्य सेवा

२. मनोसामाजिक परामर्श र चिकित्सकजन्य कानुनी परिक्षण (विधि विज्ञान परिक्षण) आत्मविश्वास बढाउन सहयोग ।

३. सुरक्षित आवास ९क्बाभ कजभतिभच०
- असुरक्षित अवस्थामा रहेका पीडितका लागि अस्थायी सुरक्षित बसोबास र मानसिक रोगको उपचार
- मानसिक तनाव कम गर्न काउन्सेलिङ

४. कानुनी परामर्श तथा सहयोग
- कानुनी प्रक्रियासम्बन्धी जानकारी ।
- न्याय पाउन सहयोग ।

५. सुरक्षा सेवा
- आवश्यकताअनुसार सुरक्षा निकायसँग समन्वय ।
- पीडितको सुरक्षा सुनिश्चित ।

६. पुनर्स्थापना सहयोग
- समाजमा पुनःस्थापना गर्न सहयोग
- सिप, रोजगारी तथा सामाजिक समर्थन आदि ।

पीडितलाई छिटो, गोप्य र प्रभावकारी सेवा प्रदान गर्दै सुरक्षित र सम्मानजनक जीवन सुनिश्चित गरौं ।

डा.चन्द्रशेखर यादव
कार्यालय प्रमुख जिल्ला अस्पताल बाजुरा,
निशा रोकाया
फोकल पर्शन
जिल्ला अस्पताल बाजुरा

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजपुर, डोटीद्वारा सन्देश

१. पानी शुद्धीकरणका कुनै एक विधि अपनायाई सधैँ स्वच्छ सफा पिउने पानीको प्रयोग गरौँ ।

- फिल्टर गरेर ।
- उमालेर (कम्तिमा १५ मिनेट उमाल्ने)
- क्लोरिन झोल (पियुस,वाटर गार्ड) राखेको ३० मिनेटपछि प्रयोग गर्ने ।
- घाममले पानी शुद्धीकरण गरेर (पारदर्शी प्लाष्टिक बोतलमा पानी भरेर पारिलो घाममा एक दिनभरि राख्ने) ।

२.व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइमा नियमित ध्यान दिऔँ ।

३. खानेपानीका स्रोतहरूको संरक्षणका लागि हातेमालो गरौँ ।

४. मुहान वरिपरि बोटविरुवा रोपौँ ।

५. खानेपानी आयोनाका मेन र शाखाका पाइपलाइनहरुलाई ९० से.मी.जमीनमुनी पुरेर (गाडेर)मात्र प्रयोग गरौँ ।

६. पाईपलाइन टुटफुट वा ब्लक भएमा समयमै मर्मत संभार गरौँ ।

७. धारामा टुटी लगाई पानीको सदुपयोग गरौँ ।

८. खेर गएको पानीलाई करेसाबारी बनाई प्रयोग गरौँ ।

डिभिजन प्रमुख
गोविन्द प्रसाद देवकोटा
खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डोटी

## जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय राजपुर डोटीद्वारा जनहितमा जारी सन्देश

कृषि उत्पादन वृद्धि गर्न र आर्थिक समृद्धि हासिल गर्न, प्रभावकारी सिंचाइ प्रणाली र एकीकृत बाली पानी व्यवस्थापनको उपयोग अत्यन्त महत्त्वपूर्ण छ । यसले जलस्रोतको उचित उपयोग गर्दै, बालीको उत्पादनशीलता बढाउन मद्दत पुऱ्याउँछ ।

यस सन्दर्भमा, निम्न बुँदाहरूमा ध्यान दिनु आवश्यक छः

१. सिँचाइ प्रणालीको उचित व्यवस्थापनः सिँचाइ प्रणालीहरूको नियमित मर्मतसम्भार र सुधार गरी, पानीको वितरणमा हुने नोक्सान कम गर्नुपर्छ । यसले प्रणालीको दक्षता बढाउँछ र किसानहरूको उत्पादनमा सकारात्मक प्रभाव पार्छ ।

२. एकीकृत बाली पानी व्यवस्थापनः सिँचाइ प्रणालीको पुनर्स्थापना र सुधारसँगै, कृषि गतिविधिहरूको उचित समन्वय आवश्यक छ । यसले सिँचाइको पानीको उचित उपयोग गर्दै, उत्पादन र नाफा बढाउन मद्दत पुऱ्याउँछ ।

३. उन्नत सिँचाइ प्रविधिको अपनत्वः ड्रिप सिँचाइ जस्ता आधुनिक प्रविधिहरूको प्रयोगले पानीको उपयोग दक्षता बढाउन र उत्पादनशीलता सुधार गर्न सकिन्छ । यसले सुक्खा मौसममा पनि पोषक तत्वयुक्त बाली उत्पादन गर्न मद्दत पुऱ्याउँछ ।

४. पानीको न्यायोचित वितरणः पानीको समान वितरण सुनिश्चित गर्न 'वाराबन्दी' जस्ता प्रणालीहरूको अपनत्वले सिँचाइमा अनुशासन र समानता ल्याउँछ, जसले उत्पादनमा वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

उपरोक्त बुँदाहरूको प्रभावकारी कार्यान्वयनले हाम्रो कृषि उत्पादनमा वृद्धि गरी, आर्थिक समृद्धि हासिल गर्न मद्दत पुऱ्याउँने छ । सबै किसान दाजुभाइ तथा दिदीबहिनीहरूलाई यस दिशामा अग्रसर हुन हार्दिक अनुरोध छ । धन्यवाद !!

ललीतबहादुर माली
नि. डिभिजन प्रमुख
जल श्रोत तथा सिचाई बिकास डिभिजन कार्यालय
राजपुर, डोटी

## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल डोटीको अनुरोध

*पशुपक्षी पालनमा रोग लाग्न नदिन अपनाउनुपर्ने उपायहरु :*

- गोठ तथा फर्मभित्र अनावश्यक रुपमा अन्य जनावरहरू मुसा र चरा आदी पस्न नदिऔँ ।
- गोठ तथा फर्मको वरिपरि झाडी फोहर पानी जम्न नदिऔँ । पानी जमेको तथा फोहर ठाउँमा चुन छर्कने गरौँ ।
- गोठ तथा फर्ममा पस्दा गोठमै प्रयोग गर्ने हेतुले एप्रोन गमबुट लगाउने बानी वसालौँ ।
- गोठ तथा फर्ममा पशुपक्षी तथा पशुजन्य पदार्थको सम्पर्कमा आएपछि साबुन पानीले राम्रोँसग हात धोऔँ ।
- पशुपक्षीजन्य पदार्थको ढुवानी गर्दा यातायतको साधन तथा प्याकिङ्ग गर्ने वस्तुलाई सङ्क्रमणमुक्त गरेर मात्र प्रयोग गरौँ ।
- "एक विश्व एक स्वास्थ्य" को अवधारणा अनुसार पशुपक्षीलाई स्वस्थ्य राखेर मात्र आफू स्वस्थ्य हुन्छौँ भन्ने कुरालाई मनन गरौँ ।
- मरेका पशुपक्षीलाई जथाभावी खोला , नाला तथा चरिचरनमा नफाली जमिनमा गाड्ने गरौँ ।
- आफ्ना घरपालुवा पशुपक्षीलाई नियमित रुपमा जुका नाम्लेको औषधी खुवाऔँ तथा सङ्क्रामक रोगहरूका विरुद्ध खोप लगाऔँ ।

अन्य विस्तृत जानकारीका लागि नजिकको पशु सेवा निकाय वा जिल्ला पशु सेवा कार्यालयमा सम्पर्क राखौँ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
दिपायल, डोटी, फोन नं. ०९४ ४४०१४६ / ४४०१३२
Email adress- dolfddoti @ gmail.com

## डिभिजन वन कार्यालय बाजुराको अनुरोध

वनमा आगो लगाउनु अपराध हो । आगोले रुख बिरुवा मात्रै हैन, जमिनमा बस्ने जिवजन्तु तिनको गुँड, अण्डा, बच्चा सबै जल्छन् । त्यसैले वनमा डढेलो लगाउनु पाप मात्र हैन महापाप हो । कानुनमा पनि वनमा डढेलो लाग्ने कार्य गरे/गराएमा डढेलोबाट भएको क्षतिको बिगो भराइ ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यव्स्था रहेको छ ।

वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि डिभिजन वन कार्यालय बाजुराको यो अभियानमा तपाईंहरु पनि साथ, सहयोग एवम् सहभागी हुन हार्दिक अनुरोध गर्दछौँ ।

डिभिजन प्रमुख
सुरेश चन्द्र डि.सि.
डिभिजन वन कार्यालय बाजुरा

# जलवायु परिवर्तन चेतनामा रेडियो नेपालको भूमिका



*बालिका मादेन*

केही दशक अघिसम्म स्थिर, अटल र सेतै हिउँभरि उभिएको देखिने हिमालको गरिमालाई शाश्वत प्राकृतिक सम्पत्तिको रूपमा व्याख्या गरिन्थ्यो। विद्यालयका कलिला मतिष्कहरूमा नेपाल ब्राजिलपछिको जलस्रोतको ठूलो सम्भावना भएको देश हो भनी कन्ठस्थ पनि गराइन्थ्यो। तर पछिल्ला केही दशकमा भने हिउँसरी हिमालको यो गरिमा विस्तारै बदलिँदै गएको छ। हिमनदीहरू पग्लिरहेका छन्, हिमतालहरू बन्ने र फुट्नेक्रम बढ्दा तटीय क्षेत्र अर्थात् नदी किनारका बस्तीहरूमा बाढी तथा पहिरोको जोखिम तीव्र रूपमा बढ्दै गएको छ।

जलवायु परिवर्तन आज नेपालका लागि कुनै दूरको वैज्ञानिक बहस नभई यो प्रत्यक्ष रूपमा देखिने र अनुभव गर्न सकिने वास्तविक जोखिम बनिसकेको छ। वैज्ञानिकहरूले जलवायु परिवर्तनलाई केवल वातावरणीय समस्या मात्र नभई आर्थिक, सामाजिक, मानवीय विकाससँग जोडिएको बहुपक्षीय सङ्कटका रूपमा व्याख्या गरेका छन्। जलवायु सङ्कटकै कारण विश्वका ४० प्रतिशत हिमनदीहरू जिर्ण (हिउँविहीन पत्थर) बनेको अध्ययन प्रतिवेदनहरूले देखाएका छन्।

विश्वको तापक्रम औद्योगिकीकरणको समयभन्दा पूर्वावस्थामा कायम गर्न नसकिएको अवस्थामा तापमान वृद्धिले मौसमी प्रभावहरू अत्याधिक बढेर जाने र सन् २०४० सम्ममा हिमनदीहरूमा क्षति पुग्नुका साथै ८० प्रतिशतसम्म हिमनदीहरू पग्लिएर जाने कुरा हालै प्रकाशित "जलवायु सङ्कटले विश्वव्यापी रूपमा प्रति वर्ष हजारौं हिमनदीहरू मेटाउने पूर्वानुमान, पानी आपूर्ति र साँस्कृतिक सम्पदालाई खतरा" शीर्षकको इसिमोडको रिर्पोटले देखाएको छ।

## जलवायु सङ्कट र नेपाल

विडम्बनापूर्वक एक सत्य के हो भने नेपाल विश्वको हरितगृह ग्यास उत्सर्जनमा अत्यन्त न्यून योगदान गर्ने देशहरूमध्ये एक हो। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको हिस्सा करिब ०.०३ प्रतिशत मात्र रहेको अनुमान गरिएको छ। तर जलवायु जोखिमको हिसाबले नेपाल विश्वका उच्च संवेदनशील देशहरूको सूची भित्र छ। नेपाल जलवायु परिवर्तनको जोखिमयुक्त मुलुकभित्र पर्ने कारणहरूमा एक विकासोन्मुख मुलुकका साथै भौगोलिक बनावट, हिमाली पारिस्थितिकी प्रणाली र कृषिमा आधारित अर्थतन्त्र लगायतका आन्तिरिक पक्षहरू पर्दछन्।

वैज्ञानिक अध्ययनहरूले देखाएका छन् कि हिमाली क्षेत्रमा तापक्रम वृद्धि औसतभन्दा छिटो भइरहेको छ। तापक्रमको यो वृद्धिले हिमनदीहरू तीव्र रूपमा पग्लिन थालेका छन। सन् १९८० यता नेपालका हिमनदीहरूको क्षेत्रफल करिब २५ प्रतिशतसम्म घटिसकेको तथ्य अध्ययनहरूले देखाउँछन्।

हिमनदीहरू पग्लिँदा हिमतालहरूको सङ्ख्या र आकार दुवै बढिरहेका छन्। नेपालमा अहिले दुई हजारभन्दा बढी हिमताल रहेको अनुमान गरिएको छ, जसमा करिब २० भन्दा बढी उच्च जोखिममा रहेका हिमताल छन्। यी हिमतालहरू फुटेमा तल्लो क्षेत्रमा रहेका बस्ती, सडक, जलविद्युत आयोजना

र कृषि प्रणालीमा ठूलो क्षति पुग्न सक्छ।

नेपालसँग सर्वोच्च हिमालहरू छन्, तालहरू छन् जसलाई जलस्रोतको सकारात्मक स्रोत तथा अवसरका रूपमा लिन सकिन्छ तर त्यही हिमाल पगलिएर बनेका तालहरू फुट्नाले जाने बाढी, पहिरो चाहीँ अर्को जोखिम तथा सङ्कट बनिसकेका घटनाहरू हामीले देखिसकेका छौँ, भोगिरहेका छौँ। एक ज्वलन्त उदाहरणका रूपमा विसं. २०८२ साल असारमा हिमताल फुटेर रसुवा जिल्लामा आएको बाढीले पुऱ्याएको मानवीय क्षतिका साथै सार्वजनिक तथा निजी संरचना, सम्पत्तिको क्षतिलाई लिन सकिन्छ। आगामी दिनमा जलवायुजन्य घटनाहरू वृद्धिहुँदै जाने र अग्रिम सावधान रहन पनि अनुसन्धानकर्ताहरूले चेतावनी दिँदै आएका छन्। यस्तै नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सम्बन्धमा संघीय संसदको विकास आर्थिक मामिला तथा सुशासन समितिले तयार पारेको जलवायु परिवर्तनसम्बन्धी अध्ययन प्रतिवेदन–२०८२ मा विगत तीन–चार दशकको तथ्याङ्क हेर्दा हिमालमा हरेक दशक ०.०५ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको र यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र रूपमा बढिरहेको कुरालाई प्रतिवेदनमा गम्भीरताका साथ उठाइएको छ।

उक्त प्रतिवेदनमा विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करिब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ भने नेपालका हिमताल तापक्रम १.५ डिग्री नपुग्दै विस्फोट हुने गरेको स्थिति रहेको उल्लेख गरिएको छ।

उक्त प्रतिवेदनले हालको हरितगृह ग्यास उत्सर्जनको स्तरले गर्दा २१०० इस्वीसम्ममा हिमालयका दुईतिहाइ हिमनदीहरू हराउने अनुमान गरेको छ भने यसको रोकथाम र न्यूनीकरणका लागि सुझावहरू पनि दिएको छ। "जलवायु परिवर्तनबाट उत्पन्न हुने चुनौतीहरूको सामना गर्न नेपालले आफ्नो जलवायु अनुकूलन क्षमता बढाउने, दिगो विकासको विविधिकरणमा जोड दिनुपर्ने देखिन्छ।" प्रतिवेदनमा उल्लेख छ।

जलवायु परिवर्तनको असर केवल हिमाली क्षेत्रमा मात्र सीमित छैन। तराईदेखि पहाडसम्म यसको प्रभाव स्पष्ट देखिन थालेको छ। पछिल्ला वर्षहरूमा मनसुनको वर्षा झन् अनियमित हुँदै गएको छ। कहिले अत्याधिक वर्षा भएर बाढी र पहिरो आउँछ, त कहिले लामो समयसम्म वर्षा नहुँदा खडेरीको समस्या देखिन्छ।

नेपालको अर्थतन्त्र अझै पनि ठूलो मात्रामा कृषिमा निर्भर छ। तर मौसमको अनिश्चितताले खेती प्रणालीलाई अस्थिर बनाउँदै लगेको छ। जाडो मौसममा हुने खडेरी र अनियमित वर्षाले कृषि क्षेत्रलाई प्रभाव पार्दा खाद्य सुरक्षामा समेत चुनौती थपिदिएको छ।

यस्तै पानीका स्रोतहरूमा (कुवा, इनार, धारा) पनि जलवायु परिवर्तनको प्रभाव देखिन थालेको छ। पहाडी र हिमाली क्षेत्रका धेरै प्राकृतिक मुहानहरू सुक्दै गएका छन्। गाउँहरूमा पानीको अभाव बढ्दै जाँदा धेरै समुदायहरू बसाइँसराइ गर्न बाध्य भइरहेका छन्। यसलाई अहिले "जलवायु आप्रवासन" भन्ने अवधारणाले चिनाउन थालिएको छ। जब वातावरणीय परिवर्तनले मानिसलाई आफ्नो बसोबास स्थान छोड्न बाध्य बनाउँछ, त्यो केवल पर्यावरणीय समस्या मात्र होइन, सामाजिक र आर्थिक सङ्कट पनि बन्न पुग्छ। आन्तिरक बसाइँसराइ दर पहाडी र हिमाली क्षेत्रबाट तराई तथा शहरकेन्द्रित बढी भइरहेको तथ्याङ्कहरूले देखाएका छन्। पूर्वी पहाडी क्षेत्रका खोटाङ, ताप्लेजुङ, भोजपुर, तेह्रथुम, धनकुटा,

संखुवासभालगायत जिल्लाका बासिन्दाहरू पानीको स्रोतहरू सुक्दै जादा भोग्नु परेको आर्थिक तथा सामाजिक प्रभाव र यसको प्रभावले कसरी बसाइँ सरी जान बाध्य हुन्छन् भन्ने विषय म आफैँले पनि समाचार रिपोर्टिङ गर्दैगर्दा केही अनुभवहरू तथ्य र यर्थाथमा बटुलेकी छु। विसं. २०८२ असार २६ गते सार्वजनिक भएको नेपालमा आन्तरीक बसाइँसराइ प्रतिवेदनले सबैभन्दा बढी आफ्नो जन्मथलो छोडेर जाने दर पहाडमा देखाएको छ। पहाडबाट ३२ प्रतिशत मानिसहरू बसाइँ सर्ने कुरा प्रतिवेदनले जनाएको छ। आन्तरिक बसाइँसराई ७७ जिल्लाको विश्लेषण गर्दा १८ जिल्लाले आफ्नो जिल्लामा जन्मिएका २० प्रतिशत जनसङ्ख्या गुमाएका छन्।

## जलवायु पत्रकारितामा रेडियो नेपालको भूमिका

नेपालमा जलवायु सङ्कटका मुद्दाहरू जनतासम्म पुर्‍याउन सञ्चार माध्यमहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। विशेष गरी सार्वजनिक सेवा प्रसारणका रूपमा जुन उद्देश्यका साथ रेडियो नेपालले देशका सुगमदेखि दुर्गम क्षेत्रसम्म सूचना, सन्देश, शिक्षा तथा मनोरञ्जनको सञ्चार गर्ने दायित्व लिएको छ, सोही रूपमा आर्थिक, सामाजिक, साँस्कृतिक र दैनिक जीवनयापनसँग सम्बन्धित विषयहरूको उठान गरी समाज रूपान्तरणको आवाज बन्ने अभिभारा पनि रेडियो नेपालको हो।

नेपालका धेरै हिमाली र ग्रामीण क्षेत्रहरूमा अझै पनि रेडियो नै सबैभन्दा सहज सूचना स्रोतका माध्यमको रूपमा रहेको छ। यस्तो अवस्थामा जलवायु परिवर्तन, मौसमको जोखिम, बाढी–पहिरोको सम्भावना, कृषिसम्बन्धी जलवायु जानकारी आम नागरिकासम्म पुर्‍याउन रेडियो पत्रकारिताको भूमिका झनै महत्त्वपूर्ण हुन्छ।

पछिल्ला वर्षहरूमा रेडियो नेपालले वातावरण र जलवायु परिवर्तनसम्बन्धी समाचार, विशेष रिपोर्ट, अन्तर्वार्तामार्फत चेतनामूलक, विश्लेषणात्मक समाचार तथा कार्यक्रमहरू प्रसारण गरेर वातावरण क्षेत्रको मुद्दाहरूलाई प्राथमिकता दिन थालेको छ। हिमाली क्षेत्रमा पग्लिँदो हिमनदी, तराईमा बढ्दो बाढी जोखिम, किसानहरूले भोगिरहेको मौसमी अनिश्चितता, सुक्दै गएका खानेपानीको मुहान जस्ता विषयलाई रेडियो नपालले प्राथमिकताका साथ प्रसारण गर्दै श्रोता सचेतनामा खेलेको भूमिका प्रशंसायोग्य छ।

जलवायु सञ्चारकर्मीले केवल तथ्य प्रस्तुत गर्नु मात्र होइन, मानवीय कथा पनि उजागर गर्नुपर्छ भन्ने मान्यता राख्दछ। रेडियो नेपालले आफ्नो प्रसारणमा, पानी सुक्दा गाउँ छोड्न बाध्य भएका परिवारहरूको रिर्पोट, बाढीले बगाएको खेतबारीको पीडा, अनिश्चित मौसमसँग जुधिरहेका किसानहरूको अनुभव, मौसमी अनिश्चिततामा किसानले भोग्नु परेका समस्या, वायु प्रदुषण र स्वास्थ्य, फोहोरमेला व्यवस्थापन, पग्लिँदै गएका हिमालहरूसँग सम्बन्धित विषयहरू उठान गर्दै आएको छ। जुन आजको जलवायु सङ्कटका वास्तविक अनुहारहरू हुन्।। विपद् र जलवायु पविर्तनले पारेका असर तथा प्रभावका विषयहरू जानकारी दिन रेडियो नेपालबाट साप्ताहिक रूपमा दुई वटा कार्यक्रम प्रसारण भैरहेका छन् – 'जलवायु र जीवन' तथा 'विपद्का कुरा' कुरा कार्यक्रममा जलवायु पविर्तनको असर, न्यूनीकरणका उपायहरू र सचेतनाका विषय समेट्ने गरिएको पाइन्छ। यद्यपि रेडियो नेपालले हालसम्म उठाउँदै आएका र समेटेका मुद्धाहरू पूर्ण र पर्याप्त भने छैनन्।

## आगामी दिनमा के कस्ता कदम चाल्न सकिन्छ ?

आजको विश्वमा जलवायु परिवर्तन केवल वातावरणीय विषय मात्र होइन, मानव अस्तित्व, विकास र भविष्यसँग प्रत्यक्ष रूपमा जोडिएको विषयका रूपमा पर्यावरणीय खोज, अनुसन्धानमूलक प्रसारणमा रेडियो नेपालले आफ्नो प्रसारण विषयवस्तु अझ फराकिलो बनाउन आवश्यक छ। अनियमित वर्षा, बाढी–पहिरो, खडेरी, कृषि उत्पादनमा गिरावट तथा जैविक विविधताको ह्रास जस्ता घटनाहरूले दैनिक जीवनमै प्रभाव पारिरहेका छन्। यस्तो अवस्थामा जलवायु जोखिमबारे समाजलाई तथ्यपरक, वैज्ञानिक र जिम्मेवार तरिकाले जानकारी गराउनु आजको महत्त्वपूर्ण दायित्व तथा अभिभारा सञ्चार जगत्को हो।

यस्तै सञ्चार माध्यमले जलवायु सङ्कटबारे सही सन्देश दिन नसकेमा समाजमा भ्रम, उदासीनता वा गलत धारणा फैलिने सम्भावना उत्तिकै रहन्छ। त्यसकारण सञ्चार माध्यमले तथ्याङ्क, अनुसन्धान, वैज्ञानिक दृष्टिकोण तथा स्थानीय अनुभवलाई समेटेर गहिरो र सन्तुलित रिपोर्टिङ गर्न आवश्यक हुन्छ। जलवायु परिवर्तनका कारण र प्रभाव मात्र होइन, यसको समाधान, अनुकूलन (अडाप्टेसन) र न्यूनीकरण (मिटिगेसनका) उपायहरूबारे पनि ध्यान दिनु जरुरी बनेको छ। यस्ता समाधानमुखी पत्रकारिताले नीति निर्मातादेखि आम नागरिकसम्म सबैलाई जिम्मेवारीबोध गराउन मद्दत गर्छ।

यही सन्दर्भमा देशको सार्वजनिक प्रसारण संस्थाका रूपमा रहेको रेडियो नेपालको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन आउछ। नेपालका धेरै स्थानहरूमा अझै पनि रेडियो सूचना प्राप्त गर्ने सबैभन्दा सहज माध्यम हुँदा जलवायु परिवर्तनजस्तो जरुरी र जटिल विषयलाई जनस्तरसम्म पुऱ्याउन रेडियो पत्रकारिता प्रभावकारी माध्यम बन्न सक्छ।

रेडियो नेपालले समाचार, विशेष कार्यक्रम, बहस, अन्तर्वार्ता तथा फिचर कार्यक्रममार्फत जलवायु परिवर्तनसम्बन्धी मुद्दालाई कुनै न कुनै रूपमा निरन्तर उठाइरहेको छ र अबका दिनमा त झन दर्बिलोरूपमा उठाउन आवश्यक छ। नागरिकले प्रत्यक्ष भोगेका, देखेका अनुभवलाई स्थानीय आवाजसँग जोडेर प्रस्तुत गर्नु अत्यन्त आवश्यक छ। जब स्थानीय समुदायको अनुभव र वैज्ञानिक तथ्य एकैसाथ प्रसारण हुन्छन्, तब नागरिकमा विषयप्रति गहिरो समझदारी र चेतना विकास हुन्छ।

भविष्यमा जलवायु पत्रकारितालाई अझ प्रभावकारी बनाउन केही महत्त्वपूर्ण पक्षहरूमा ध्यान दिन आवश्यक छ जुन निम्नानुसार छन् :

पहिलो – रेडियो नेपालमार्फत प्रसारण हुने जलवायु परिर्वतन, विपद्, वातावरणसम्बन्धी कार्यक्रम तथा समाचारहरूलाई थप विश्लेषणात्मक, खोजमूलक बनाउनु र डेटामा आधारित रिपोर्टिङलाई प्राथमिकता दिनु।

दोस्रो, स्थानीय नागरिक, सीमान्तकृत समुदाय तथा भौगोलिक रूपमा दुर्गम क्षेत्रका बासिन्दालाई परेका जोखिम, सङ्कट र अनुभवहरूलाई प्राथमिकता दिनुपर्छ। सरकार र आम नागरिककोबिच सम्बन्धसेतुको काम गर्न रेडियो नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु सक्नुपर्छ। जुन रेडियो नेपालको जिम्मेवारी पनि हुन आउछ। जलवायु परिवर्तनको असर सबैभन्दा बढी हिमाली, ग्रामीण र सीमान्तकृत समुदायहरूले भोगिरहेका छन्। उनीहरूको अनुभव र समाधानका प्रयासहरूलाई राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा उठाउनु जरुरी भैसकेको छ।

तेस्रो, समाधानमुखी प्रसारणलाई प्रोत्साहन गर्नुपर्छ। जलवायु सङ्कटको चर्चा गर्दा केवल समस्या देखाउनु मात्र पर्याप्त हुँदैन; सम्भावित समाधानहरू पनि देखाउन सक्नुपर्छ। जस्तैः जलवायु अनुकूल कृषि, नवीकरणीय ऊर्जा, स्थानीय अनुकूलन कार्यक्रम, जलवायुमैत्री आदिवासी जनजातिका ज्ञान, सीप र जीवनशैली आदि।

चौथो, रेडियो नेपाल आफैँमा शक्तिशाली प्रसारण संस्था हो। प्राविधिक तथा दक्ष जनशक्तिको सही परिचालन गरी जलवायु सूचना सेवा विस्तार गर्न सक्दछ। जसलाई जलवायु ब्यूरोका रूपमा परिचालन गर्न सकिन्छ। मौसम पूर्वानुमान, बाढी चेतावनी र किसानहरूका लागि उपयोगी जलवायु जानकारीहरू, प्रविधिमैत्री सामग्रीहरू श्रोतादर्शकमैत्री बनाई नियमित प्रसारण गरिनु अर्को अपरिहार्य कार्य हो।

यस्तै रेडियो नेपालजस्ता सार्वजनिक प्रसारण संस्थाहरूले अझ सक्रिय र दीर्घकालीन भूमिका खेल्न सक्दछन्। देशभरको व्यापक संरचना, नेटवर्क र जनशक्तिको समूचित परिचालनमार्फत जलवायु परिवर्तनसम्बन्धी विषयलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउन अहम भूमिका खेल्न सक्छ।

यसर्थ जलवायु परिवर्तन, हिमालको पग्लिँदो हिउँ केवल प्राकृतिक परिवर्तनको सङ्केत मात्र होइन; यो मानव सभ्यताका लागि चेतावनी पनि हो। नेपाल जस्तो हिमाली देशका लागि यो चेतावनी अझ गम्भीर छ।

यदि समयमै यसको गम्भीरता बुझ्न नसक्ने हो भने यसको असर केवल हिमालमा मात्र सीमित रहने छैन। जलवायु सङ्कटको मुद्धा केवल वातावरणको व्यथा होइन, यो हाम्रो अस्तित्व, विकास र भावी पुस्ताको भविष्यसँग जोडिएको विषय पनि भएकोले वातावरणका मुद्धालाई समाज र सरोकारवालासम्म पुऱ्याउने अहम जिम्मेवारी पुरा गर्नु सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालको दायित्व हुन आउछ। विशेष गरी त्यस्तो प्रसारण जसले सत्यतथ्य, सन्तुलन कायम गर्दै आमनागरिकका आवाजलाई उजागर गर्ने उद्देश्यका साथ राष्ट्रको सञ्चारको रूपमा सात दशक बढी समयदेखि अनवरत प्रसारणमा छ।

अन्तमाः रेडियो नेपालले राष्ट्रिय रेडियो, राष्ट्रको सञ्चारको रूपमा दर्शक श्रोतामाझ अटुट उपस्थिति बनाइराख्न नविनतम् सूचना प्रविधि तथा माध्यमको प्रयोगमार्फत आफ्ना प्रसारण सामग्री आम दर्शकश्रोतामैत्री बनाउन आवश्यक छ। अहिलेको सूचना प्रविधिमैत्री युगमा हरेक श्रोताको हातहातमा स्मार्ट फोन तथा डिभाइस्को पहुँच छ, यस्ता श्रोताहरूलाई लक्षित गरेर वैज्ञानिक तथ्यपरक, सरल र सहज सञ्चार सामग्रीमार्फत (युजर जेनेरेटेड कन्टेड) वातावरण, जलवायुका विषय बढी प्रभावकारी तवरले आमश्रोता दर्शकतामाझ पुऱ्याउन सकिन्छ। जसले श्रोता र प्रसारणबिच थप गहिरो विस्वास र बलियो सम्बन्ध स्थापित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँदछ।

*(लेखक रेडियो नेपालका सह–संवाददाता हुनुहुन्छ।)*

नयाँ वर्ष २०८३ को पावन अवसरमा बाजुराबासी सबैमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

यस नयाँ वर्षले कृषक तथा पशुपालक समुदायमा नयाँ ऊर्जा, उत्साह र सफलताको प्रेरणा प्रदान गरोस् भन्ने हाम्रो विश्वास छ। पशुपालन क्षेत्रको विकास, आधुनिक प्रविधिको प्रयोग र स्वस्थ पशु-सम्पदाको संरक्षणमार्फत समृद्ध बाजुरा निर्माणमा सबैको सहकार्य रहने अपेक्षा गरेका छौं। आगामी दिनहरूमा पनि यहाँहरूको सेवा र सहयोगमा सधैं प्रतिबद्ध रहने प्रतिबद्धता व्यक्त गर्दछौं। नयाँ वर्ष २०८३ ले सबैको जीवनमा नयाँ आशा, उज्यालो भविष्य र खुसीका अनगिन्ती अवसरहरु ल्याओस्। नयाँ वर्षको हार्दिक मङ्गलमय शुभकामना !

सिद्धराज जैशी
कार्यालय प्रमुख
भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुरा

## पाटन नगरपालिकालाई सफा स्वच्छ र नमुना नगर बनाउन लागि परौं।

-नगरपालिका क्षेत्रभित्र रहेका सडक र सार्वजनिक स्थलमा जथाभावी फोहोर नफालौं।
-नगरपालिका क्षेत्रभित्र रहेको सडक तथा बाटोहरुमा छाडा पशु चौपाया नछौडौं।
- निर्माण सामग्री सडकमा थुपारेर बाटो अवरोध नगरौं।
- सडक अवरोध हुने गरी व्यापार व्यवसाय सञ्चालन नगरौं।
-घर बनाउँदा नगरपालिकाबाट इजाजत लिएर तथा नक्सापास गराएर मात्र निर्माण गरौं।
-व्यवसाय सञ्चालन गर्दा अनुमती लिएर मात्र गर्ने गरौं र समयमै नवीकरणम गरौं।
- उपभोक्ताको आचारसंहिता पालन गरौं।
-घरेलु हिंसाविरुद्ध डटेर लडौं र सभ्य समाजको निर्माण गरौं।
-व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाइँसराइ, विवाह र सम्बन्धविच्छेद) समयमै दर्ता गराऔं।
- बच्चाजन्मिएको १वर्षभित्र सबै खोप लगाऔं।
-आप्ना छोरा छोरीको २० वर्ष उमेर नपुगीविवाहनगरौ नगराऔं।
- वन क्षेत्रहुने आगलागीनियन्त्रण गरि बहुमकुल्य जडीबुडी, वनयजन्तु, चराचुरगी र जैविकविविधताको संरक्षण गरौं।

| उप-प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |
|---|---|---|
| कमल सिंह बोहरा (अपि) | टेकराज अर्याल | गौरी सिंह रावल |

पाटन नगरपालिका परिवार
बैतडी

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाटन, बैतडीको अनुरोध

☞ दुग्धजन्य पदार्थ उमालेर मात्रउपभोग गरौं।
☞ दुग्धपान बढाऔं, मद्यपान घटाऔं।
☞ मानिसबाट पशु र पशुबाट मानिसमा सर्ने जुनोटिक रोगबाट बचौं र बचाऔं।
☞ खोर सुधार गरी पशुपन्छीहरूलाई समयमै खोप लगाऔं।
☞ पिपिआर खोप लगाई मासु उत्पादमा वृद्धि गरौं।
☞ मासु उपभोग गर्दा फ्रिजिङ गरेर मात्रउ पभोग गरौं।
☞ रेविज रोगबाट बच्नका लागि घरपालुवा कुकुरलाई रेविज विरुद्धको खोप लगाऔं।
☞ खोरेत, लोहमुते र खरि रोगबाट पशुहरूलाई बचाउन भकारो सुधार गरौं।
☞ खरि रोगबाट पशुहरूलाई बचाउन पेन्टासल्फेट खुवाउने गरौं।
☞ आली कान्लामा डाले घाँस लगाई पशु आहारा वृद्धि गरौं।
☞ पशुहरूलाई निरोगी वनाउन समयमै खोप लगाई गोठ सुधार गरौं।

प्रदेश सरकार
गुमानी दत्त पन्त
कार्यालय प्रमुख तथा
भेटेरिनरी अस्पताल तथापशु सेवा विज्ञ केन्द्र
पाटन, बैतडी परिवार

## जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पाटन बैतडीको अनुरोध

❑ भिरालो जग्गामा गह्रा सुधार गरी खेति गरौं।
❑ थोपा सिँचाई प्रविधि अपनाई मौसमी तथा बेमौसमी तरकारी खेती गरौं।
❑ परम्परागत कुलोको संरचना नबिग्रने गरी सिँचाइ योजना निर्माण गरौं।
❑ मुहानमा कम पानी भएका ठाउँहरूमा पोखरी निर्माण गरी सिँचाइ गरौं ।
❑ सिचाई योजनानिर्माण गर्दा उपभोक्ताको कर्तव्य निर्वाह गरौं ।
❑ मुहान संरक्षणका लागि रिचार्ज पोखरी निर्माण गरौं।
❑ राष्ट्रिय सिँचाइ नितिअनुरुप योजनाहरूको निर्माण गरौं।
❑ सिँचाइ योजना निर्माण गर्दा गुणस्तर कायम गरौं।
❑ सिँचाइ योजना निर्माण गर्दा वातावारण संरक्षणमा ध्यान दिऔं।
❑ जल उपभोक्ता संस्था समयमै नवीकरण गरी कानुनी मान्यता प्रदान गरौं।

रामरथ खरेल
डिभिजन प्रमुख एवम्
जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय
परिवार, पाटन, बैतडी

**"बस्न योग्य, हेर्न लायक समृद्व बुलिङटार"**

**वुलिङ्गटार गाँउपालिकाको अनुरोध**

- गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔं।
- बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- जन्म, मृत्यु, बसाईँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं।
- जन्म, मृत्यु, बसाईँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- समयमै कर तिरौं। कर तिर्नु हरेक नागरिकको कर्तब्य हो र सेवा प्राप्त गर्नु हाम्रो अधिकार हो।
- सास्कृतिक, प्रकृतिक सम्पदाहरुको संरक्षण गरौ।
- समृद्व पालिका निर्माणमा हातेमालो गरौ।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्षः ई.दिपेन्द्र सुनारी

उपाध्यक्षः दिलमाया राना

प्रमुख प्रशासकिय अधिकृतः विष्णुबहादुर थापा

एवम् वुलिङ्गटार गाँउपालिकाको कार्यालय, परिवार, वुलिङ्गटार नवलपरासी,(ब.सु.पू)

**बर्दघाट नगरपालिकाको अनुरोध**

- बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- जन्म, मृत्यु, बसाईँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- जेष्ठ नागरिकहरूलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं।
- नगरपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौं।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

नगर प्रमुखः शम्भुलाल श्रेष्ठ

उपप्रमुखः रुद्र प्रकाश उपाध्याय

प्रमुख प्रशासकिय अधिकृतः बाबुराम पौडेल

एवम् बर्दघाट नगरपालिकाको कार्यालय, परिवार, बर्दघाट नवलपरासी(ब.सु.प)

**विनयी त्रिवेणी गाँउपालिकाको अनुरोध**

- बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- जन्म, मृत्यु, बसाईँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं।
- गाँउपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौं।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्षः घनश्याम गिरी

उपाध्यक्षः भगवती वैदवार क्षेत्री

प्रमुख प्रशासकिय अधिकृतः सुमन पण्डित

एवम् विनयी त्रिवेणी गाँउपालिकाको कार्यालय, परिवार, दुम्कीवास, नवलपरासी,(ब.सु.पू)

**प्रतापपुर गाँउपालिकाको अनुरोध**

- बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- जन्म, मृत्यु, बसाईँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं।
- गाँउपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौं।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्षः उमेश चन्द्र यादव

उपाध्यक्षः मानकुमारी चौधरी

प्रमुख प्रशासकिय अधिकृतः अनिता वि.क. थारु

एवम् प्रतापपुर गाँउपालिकाको कार्यालय, परिवार, बेलाटारी,

# तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम: रेडियो नेपालको नयाँ आयाम



*बलराम दाहाल*

## पृष्ठभूमि

प्रजातन्त्र स्थापनाको उषाकालसँगै विसं. २००७ साल चैत्र २० गते स्थापना भएको रेडियो नेपाल प्रसारण क्षेत्रको मातृ संस्थाको रूपमा रहेको छ। जहाँनिया राणा शासन विरुद्धको जनसंघर्षमा क्रान्तिको ज्वाला बोकेर उदाएको रेडियो नेपालले नागरिकको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने अधिकारको रक्षा गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, साङ्गीतिक, साहित्यिक तथा भाषिक क्षेत्रको विकास र उत्थानमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। नेपालको सात वटै प्रदेशमा प्रादेशिक प्रसारण विस्तार गरेर रेडियो नेपालले देशको विविध भूगोल, जातजाति, धर्म, भाषा तथा सम्प्रदायलाई एकताको सूत्रमा बाँध्दै सूचना, शिक्षा, समाचार र मनोरञ्जनात्मक सामग्री प्रसारण गर्दै आएको छ।

## रेडियो नेपालको उद्गम स्थल विराटनगर

हाल कोशी प्रदेशको राजधानी रहेको पूर्वको ऐतिहासिक शहर विराटनगर नेपालको प्रजातान्त्रिक आन्दोलनको केन्द्रका रूपमा परिचित छ। रेडियो प्रसारणमा पनि यस ठाँउको बेग्लै इतिहास छ। यस भन्दा पहिले पनि नेपालमा रेडियो प्रसारणको प्रयास नभएको भने होइन। पद्म शमशेरको पालामा काठमाडौँको बिजुली अड्डाबाट विसं. २००३ साल माघ १४ गतेबाट नेपाल ब्रोडकाष्टिङको नाममा रेडियो प्रसारण भएको पाइन्छ। यस्तै मोहन शमशेरले पनि रेडियो प्रसारणको विकासमा उदारता देखाएका थिए। उनले रेडियोका लागि आवश्यक प्रविधि, जनशक्ति तथा उपकरणका लागि बजेटको प्रबन्ध गराएर देशका विभिन्न भागमा मोहन आकाशवाणीका नाममा रेडियो प्रसारण गर्ने व्यवस्था गरेका थिए । विसं. २००७ को क्रान्तिकै समयमा मङ्सिर २५ गते प्रजातान्त्रिक योद्धा नारदमणि थुलुङ लगायतको सक्रियतामा भोजपुरबाट वायरलेस मार्फत रेडियो प्रसारण भयो। भोजपुरमा स्थापना भएको रेडियोमा पहिलो आवाज प्रसारण गर्ने व्यक्ति हुन जयन्द्र थपलिया। यो खबर सुनेपछि विराटनगर मोर्चामा लडिरहेका तारिणीप्रसाद कोइरालाले पनि रेडियो प्रसारण गर्ने योजना बनाए। विसं.२००७ साल मङ्सिर २८ गते दिँउसो २ बजेतिर विराटनगरको रानीमा रहेको रघुपति जुटमिलको एउटा सानो कोठाबाट क्रान्तिका बारेमा आम नागरिकलाई सूचना प्रवाह गर्न र राणा विरोधी सन्देश प्रचार गर्न प्रजातन्त्र नेपाल रेडियो सञ्चालन गरियो। यसको सूत्रधार तारिणीप्रसाद कोइराला थिए। पहिलो पटक माइक समातेर तारिणीप्रसाद कोइरालाले भनेका थिए "यो प्रजातन्त्र नेपाल रेडियो हो, हामी मुक्तिसंग्रामको अज्ञात मोर्चाबाट बोलिरहेका छौँ।" त्यस बेला मुक्ति सेनाको मनोबल बढाउन, राणा शासनको अत्याचारको भण्डाफोर गर्न र राणाविरुद्ध आमनागरिकलाई जागरुक गराउन रेडियोले ठूलो योगदान पुऱ्याएको थियो। प्रजातान्त्रिक रेडियो नेपाल पूर्वी नेपाल, काठमाडौँलगायत देशका विभिन्न ठाँउ र भारतको गोरखपुर, बनारस, कोलकत्ता, दार्जिलिङसम्म सुनिएको थियो। आफ्नो गुणगान मात्र सुनेका राणाहरूले प्रजातन्त्र रेडियोबाट खुलेर राणाविरोधी सन्देश प्रसारण भएपछि जनताले रेडियो सुन्न नसकून भनेर प्रसारणको समय बिहान ८ देखि दिँउसो २ बजेसम्म विद्युत आपुर्ती बन्द

गरिदिन्थे। त्यस बेला नागरिकले व्याट्रीको सहयोगले रेडियो सुन्ने गर्थे। रेडियोबाट प्रसारण भएका क्रान्तिका गीत, सूचना र समाचारले आम नेपालीमा राणाशासन विरुद्ध जागरण ल्यायो। परिणाम स्वरूप विसं. २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको उज्यालो घाम उदायो। प्रजातन्त्र स्थापना भएपछि त्यही रेडियो काठमाडौँको सिंहदरबारबाट विसं. २००७ साल चैत्र २० गते देखि नेपाल रेडियोको नाममा प्रसारण भयो। पछि नाम परिवर्तन गरेर रेडियो नेपाल भयो । जुन अहिले पनि निरन्तर प्रसारण भइरहको छ।

## सञ्चारग्राम स्थापनाको औचित्य

हाल सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएको रेडियो नेपालको स्थापनामा तारिणीप्रसाद कोइरालाले अग्रणी भूमिका खेल्नुभएको इतिहासका पानामा जगजायर छ। कोइरालाले रेडियो नेपालको स्थापनामा पुऱ्याउनु भएको योगदानको कदर गर्दै उहाँको स्मृतिमा विराटनगर महानागरपालिका वडा नं. ४ खारजीमा “तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम” स्थापना गरिएको छ। नेपाल सरकारको पन्ध्रौँ पञ्चवर्षीय योजनामा उल्लिखित “प्रदेश स्तरमा आधुनिक र प्रविधियुक्त सञ्चारग्राम स्थापना” गर्ने रणनीतिअनुसार यो सञ्चारग्राम स्थापना गरिएको हो।

नेपालको पूर्वी क्षेत्रको गहनाको रूपमा रहेका मौलिक सङ्गीत, कला, साहित्य, संस्कृतिको जगेर्ना, संरक्षण, संवर्धन एवम् खोज र अनुसन्धान कार्यलाई व्यवस्थित बनाउन रेडियो नेपालको कार्य क्षेत्रलाई विस्तार गर्ने अभिप्रायले यो सञ्चारग्राम स्थापना भएको हो।

आर्थिक वर्ष २०७२ र ०७३ को बजेटमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम अन्तर्गत “तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम” का लागि जग्गा खरीद गर्न बजेट विनियोजन गरिएको थियो। यस क्रममा, २०७३ जेठ ७ गते रेडियो नेपाल र विराटनगर उपमहानगरपालिकाबिच भएको सम्झौताअनुसार सञ्चारग्राम स्थापनाका लागि आवश्यक भवन निर्माण गर्न विराटनगर उपमहानगरपालिकाले वडा नं. ४ खारजी स्थित ६ कट्ठा १८ धुर जग्गा उपलब्ध गराउने तथा भवन निर्माण कार्य पुरा भएपछि सो जग्गा “श्री तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर” का नाममा हस्तान्तरण गर्ने  सम्झौतामा उल्लेख छ।

सो सम्झौताअनुसार, मिति २०७९ पौष २६ गते विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाको बैठकले निर्णय गरी हाल महानगरपालिकाको नाममा दर्ता कायम रहेको तथा सञ्चारग्रामको भवन निर्माण भएको विराटनगर–४, खारजी स्थित ६ कट्ठा १८ धुर जग्गा नियमानुसार सञ्चारग्रामको नाममा हस्तान्तरण गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारसँग सहमति माग गर्ने निर्णय गरेको छ। जग्गा हस्तान्तरणको कार्य भने हालसम्म पुरा हुन सकेको छैन।

## सञ्चारग्रामको भौतिक पूर्वाधार

विराटनगर महानगरपालिकाबाट जग्गा प्राप्ति भएपछि सञ्चारग्रामको लागि मेटल फ्रेम स्टक्चरमा सुविधा सम्पन्न अत्याधुनिक चार तले भवन निर्माण भएको छ। भवन निर्माणका लागि स्वीकृत कार्ययोजना अनुसार नेपाल सरकारले बजेट उपलब्ध गराएको थियो। सो भवन निर्माणको शिलान्यास तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नु भएको थियो भने विसं. २०७८/१२/१८ गते सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्की र विराटनगर महानगरपालिकाका नगर प्रमुख भीम पराजुलीले




संयुक्त रूपमा उद्घाटन गर्नु भएको थियो। भवनमा आधुनिक सुविधाको रूपमा सेन्ट्रल एसी, दुई इलेक्ट्रिक लिफ्ट, स्मोक सेन्सर, फायर अलार्म, सीसी( टीभी, १६० के.भी.ए जेनेरेटर र ५ के.भी.ए यु.पी.एस. को व्यवस्था गरिएको छ। भवनको तल्लो तलामा कार्यालय प्रमुखको कक्ष तथा लेखा प्रशासन शाखा, पहिलो तलामा रेडियो म्युजियम, इ–लाइब्रेरी, दोस्रो तलामा कार्यक्रम हल, बैठक हल, निर्देशकको कार्यालय, तेस्रो तलामा अन एयर स्टुडियो, उत्पादन स्टुडियो र म्युजियक स्टुडियो रहेका छन्। यसका साथै कार्यक्रम, समाचार, व्यापार र इञ्जिनियरिङ शाखा रहेका छन्।

## सञ्चारग्रामका उद्देश्यहरू

नेपाल सरकारको नीतिअनुसार स्थापना भएको तारिणीप्रसाद स्मृति सञ्चारग्रामलाई रेडियो नेपालले नयाँ जिम्मेवारी र दायित्वको रूपमा स्विकार गरेको छ। तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम, विराटनगर स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ को दफा ४ मा सञ्चारग्रामको उद्देश्यहरू उल्लेख गरिएको छ। जुन यसप्रकार रहेका छन्।

(क) महानगरपालिका भित्र कला, साहित्य र सूचनासम्बन्धी गतिविधि समेट्ने गरी महानगर एफ.एम. रेडियो सञ्चालन गर्ने।

(ख) क्रियाशील सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि गर्न केन्द्र तथा प्रदेश स्तरको तालिम र गोष्ठी/कार्यशाला सञ्चालन गर्ने।

(ग) पूर्व क्षेत्रमा रहेका सर्जकहरूको सृजना एवम् गीत सङ्गीतलाई सर्वसुलभ ढङ्गले आम जनसमुदाय समक्ष पुऱ्याउने तथा रेडियो नेपालको व्यावसायिक क्षमता बढाउने रेकर्डिङ स्टुडियोको स्थापना गरी नियमित रूपमा गीतरसङ्गीत र अन्य श्रव्य सामग्रीहरू उत्पादन गर्ने।

(घ) पूर्वेली लोक संस्कृति र मौलिक धुनहरू, परम्परागत वाद्ययन्त्र, विभिन्न शैलीका गीत र सङ्गीत लगायत विभिन्न भाषाभाषीका लोक संस्कृतिको विस्तृत अध्ययन र अनुसन्धान गरी संरक्षण तथा संवर्धन गर्ने।

(ङ) रेडियो नेपालको प्रसारण सेवालाई अझ विस्तार गर्न सञ्चारग्राममलाई प्रदेश प्रसारण कार्यालयको रूपमा सञ्चालन गर्ने।

(च) रेडियो नेपालले आफ्ना समाचार तथा कार्यक्रमहरूलाई अझ समसामयिक, प्रभावकारी र स्रोत सहित बनाउन सबै प्रकारका सञ्चार माध्यमहरूसँग नियमित अन्तरक्रिया गर्ने थलोको रूपमा सञ्चारग्राममलाई विकास गर्दै लैजाने।

(छ) स्थानीय क्षेत्रका संवाददाताहरूलाई परिचालित गरी समाचार सङ्कलन र सम्प्रेषण गर्ने कार्यलाई व्यवस्थित गर्न समाचार ब्यूरोको रूपमा कार्य गर्ने।

(ज) सञ्चारग्राममलाई रेडियो सङ्ग्राहलय (म्युजियम) को रूपमा पनि बढाउने।

## उद्देश्य प्राप्तिका प्रयासहरू

कोशी प्रदेशकै नमुना मिडिया हव तथा अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने उद्देश्यका साथ स्थापना भएको यस सञ्चारग्रामले लिएको उद्देश्य प्राप्तिका लागि विभिन्न प्रयासहरू भएका छन्। जुन यस प्रकार छन्।



*म्युजियम अवलोकन गर्दै पूर्व शिक्षा मन्त्री महाविर पुन*

### रेडियो सङ्ग्राहलय

सञ्चारग्राममा रेडियो सङ्ग्राहलय (म्युजियम) स्थापना गरिएको छ। यो कोशी प्रदेशको मात्र नभई देशकै पहिलो रेडियो सङ्ग्राहलय हो। रेडियो प्रसारणमा प्रयोग भएका विभिन्न उपकरणहरू रेडियो सेटहरू, विभिन्न मोडलका टेलिफोन, माइक्रोफोन, ओ.आर.टी मेसिन, टेप, कार्टिज, अडियो मिक्सचर तथा नेपाली मौलिक लोकबाजाहरू मादल, हार्मोनियम, तवला, तनपुरा, सितार आदि वाद्ययन्त्रहरू, उपकरणहरू राखिएको छ। रेडियो प्रविधिको विकास, पुरानादेखि नयाँ उपकरणहरूको बारेमा थाहा पाउन यो सङ्ग्राहलयको महत्त्व धेरै छ। यो सञ्चारग्राम आमसञ्चार, इन्जिनरिङलगायत सबै विषय पढ्ने विद्यार्थी, सञ्चारकर्मी, अनुसन्धानकर्ता तथा रेडियो प्रसारणको बारेमा अध्ययन गर्न रुचि भएकाहरूका लागि यो सङ्ग्राहलय उपयुक्त छ। साथै रेडियो संङ्ग्राहालय अवलोकन गर्न आउनेहरूलाई रेडियो नेपालको नेपालको इतिहास र तारिणीप्रसाद कोइरालाको जीवनी समेटिएको ३० मिनेट अवधिको डकुमेन्ट्री समेत देखाइने व्यवस्था गरिएको छ।



## सङ्गीत स्टुडियो

पूर्वी नेपालको लोकसङ्गीत, लोकभाका तथा मौलिक धुनहरू यस क्षेत्रको पहिचान मात्र नभई अमूल्य गहना हुन्। लोक संस्कृति यहाँको शृङ्गार हो। नारीलाई सुन्दर देखाउन जसरी गहना र शृङ्गारको आवश्यकता पर्दछ। यस क्षेत्रको सुन्दरतालाई उजिल्याउन सङ्गीत र संस्कृतिको अमूल्य योगदान छ। यसै कुरा ध्यानमा राखेर पूर्वेली लोकभाका, मौलिक धुनहरू, सङ्गीत र राष्ट्रभाषाका गीतको रेकर्ड गरी विकास, संरक्षण र संवर्धन गर्ने उद्धेश्यले सञ्चारग्राममासुविधा सम्पन्न सङ्गीत स्टुडियो निर्माण गरिएको छ। यो स्टुडियो निर्वाण भएपछि पहिलो पटक मुडियारी भाषाको केही गीतहरू, राजवंशी भाषाको गीत र अन्य केही गीत सङ्गीत रेकर्ड गरिएको छ। लोक संस्कृतिको विस्तृत अध्ययन र अनुसन्धान गरी संरक्षण तथा संवर्धन गर्ने उद्धेश्यले सङ्गीत स्टुडियो निर्माण गरिएको हो।



## महानगर एफ.एम सञ्चालन

विराटनगर महानगरपालिकासँगको सहकार्यमा रेडियो नेपाल १०३ मेगाहर्जमा महानगर एफ.एम सञ्चालन गरिएको छ। विसं. २०८० साल भदौ १५ गतेबाट प्रसारण प्रारम्भ भएको एफ.एमले महानगरपालिका भित्रको कला, साहित्य र सूचनासम्बन्धी गतिविधिसँगै विविध मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्दै आएको छ। हरेक दिन बिहान ११:०५ देखि दिउँसो २:०० बजेसम्म प्रसारण हुँदै आएको यस एफ.एमबाट संस्कृतिसम्बन्धी कार्यक्रम समाज र संस्कृति, स्वास्थ्य सम्बन्धी स्वास्थ्य सरोकार, महानगर भित्रका विविध गतिविधि समेटिएको तपाईँसँग महानगर, श्रोता सहभागितामूलक नमस्ते महानगर, प्रश्नमाला, महिलासम्बन्धी रूपान्तरणका स्वरहरू, समावेशी आवाज आदि कार्यक्रमका साथै विविध राष्ट्रभाषाका गीत सङ्गीत पनि प्रसारण हुँदै आएको छ। यस्तै हरेक दिन दिउँसो १:३० बजे विराटनगर महानगरसँगै आसपासका समाचार समेटेर महानगर खबर प्रसारण हुदै आएको छ।



छोटो समयमै महानगर एफ.एम. कोशी प्रदेश र आसपासका क्षेत्रमा लोकप्रिय भएको छ। एफ.एम. सञ्चालनका लागि रेडियो नेपालको व्यवस्थापनमा प्रसारण तथा प्राविधिक कर्मचारीसँगै महानगरको तर्फबाट कार्यक्रम र समाचारमा तिन जना कर्मचारी नियुक्त गरेर जनशक्ति व्यवस्थापन गरिएको छ।

## प्रादेशिक प्रसारण सञ्चालन

रेडियो नेपालको प्रसारण सेवालाई थप

विस्तार गरी सञ्चारग्राममलाई प्रदेश प्रसारण कार्यालयको रूपमा सञ्चालन गर्ने उद्देश्य अनुसार विसं. २०८१ पौष १ गतेबाट कोशी प्रादेशिक प्रसारण अन्तरगत सञ्चारग्रामबाट दिउँसो २:१५ देखि साँझ ६:०० बजेसम्म प्रादेशिक प्रसारण अन्तरगतका कार्यक्रम प्रसारण सुरु भयो। यस अघि प्रादेशिक प्रसारण केन्द्र धनकुटाबाट प्रसारण हुँदै आएको पूर्वेली थारु भाषाको समाचार तथा कार्यक्रम र महानगर एफ.एमबाट प्रसारण भइरहेको राजवंशी भाषाको कार्यक्रम र समाचार सोही दिनबाट कोशी प्रादेशिक प्रसारण अन्तरगत सञ्चारग्रामबाट प्रसारण गरिदै आएको छ। प्रादेशिक प्रसारण अन्तरगत सञ्चारग्रामबाट प्रदेश समाचार, तारिणीको तरङ्ग, ज्ञान दपर्ण, सञ्चारग्राम साहित्य, अनुभव र अनुभूति, समय परिवेश, आजको संवाद, प्रदेश डायरी, पशुपालन र जनजीवन, आदि कार्यक्रम प्रसारण हुँदै आएको छ।

## इ–लाइब्रेरी

सञ्चारकर्मी सूचना खोज्न, अध्ययन अनुसन्धान गर्न सहज होस् भनेर इ–लाइव्रेरीको स्थापना गरिएको छ। समाचार तथा कार्यक्रमका लागि तथ्य सङ्कलन गर्न तथा त्यसको विश्लेषण गर्न सहयोग होस् भन्ने उद्देश्यले इ–लाइव्रेरी स्थापना गरिएको हो। यसको सेवा सञ्चारकर्मीमात्र नभई शिक्षक, विद्यार्थी, खोजकर्ता सबैले लिन सक्नेछन्। त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयको सहयोगमा यो इलाइव्रेरी सञ्चालन गरिएको हो। अहिले इन्टरनेटको विस्तार, प्रविधिको सहज पहुँच तथा कृतिम बुद्धिमत्ता (एआई) को व्यापक प्रयोगले हुन सक्छ इलाइव्रवरीको तर्फ प्रयोगकर्ताको रुचि देखिदैन। जुन आशा र अपेक्षाले इ–लाइव्रेरी स्थापना भएको थियो सो अनुसार त्यसको उपयोग भएको पाइदैन। तथापि कसरी प्रयोगकर्ताको आकर्षण बढाएर इ–लाइब्रेरीलाई कामयावी बनाउन सकिन्छ, यस तर्फ भने ध्यान दिनु जरुरी छ।



## अन्य गतिविधि

पूर्वेली सङ्गीत र लोकभाकाको संरक्षण गर्न विसं. २०७७ साल माघ १५ गतेदेखि २०७८ बैसाख १४ गतेसम्म विविध विधामा ३ महिने सङ्गीत प्रशिक्षण सञ्चारग्राम विराटनगरमा सम्पन्न गरिएको थियो। यसमा जम्मा ८३ जना नवकलाकारले प्रशिक्षण लिएका थिए।

समावेशी प्रसारण नीतिअनुरूप कोशी प्रादेशिक प्रसारण केन्द्रबाट प्रसारण भइरहेको पूर्वेली थारु, राई बान्तवा र लिम्बू भाषाको कार्यक्रम तथा समाचारको प्रभावको बारेमा विसं. २०८० असार २९ गते सोही भाषा विज्ञहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। यस्तै कोशी र मधेश प्रदेशका कार्यक्रम तथा समाचारमा कार्यरत प्रसारकहरूका लागि २०८०/३/३० र ३१ गते समावेशी कार्यक्रम/समाचार उत्पादन तथा प्रसारणमा डिजिटल सामग्रीको प्रयोगसम्बन्धी तालिम सम्पन्न भयो। यसैगरी विसं. २०८१ असार ३० गते भव्य कार्यक्रमका बिच प्रमुख अतिथि विराटनगर महानगरपालिकाका नगर प्रमुख नागेश कोइराला र तत्कालीन रेडियो नेपालका कार्यकारी निर्देशक तथा सञ्चारग्राम सञ्चालक समितिका अध्यक्ष बुद्धिबहादुर केसीज्यूबाट संयुक्त रूपमा शिलालेख अनावरण गरी महानगर एफएम

विराटनगरबाट राजवंशी भाषामा समाचार प्रसारण प्रारम्भ गरियो ।

यसैगरी विसं.२०८१ फागुन १८ गते सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालको आयोजनामा सञ्चारग्राम विराटनगरमा राष्ट्रभाषाको समाचार तथा कार्यक्रम प्रसारणको सवाल र प्रदेश सरकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राष्ट्रभाषाका समाचार तथा कार्यक्रम प्रसारणमा केही सहयोग गर्नु परे वा अन्य भाषा थप्नुपरे सुझावका आधारमा प्रदेश सरकारले योगदान गर्न सक्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो। यसै गरी विशिष्ट अतिथि रहनु भएको आन्तरिक मामिला तथा कानून मन्त्री रेवतीरमण भण्डारीले रेडियो नेपालले परिवर्तित घटना क्रममा खेलेको भूमिकाको चर्चा गर्दै सार्वजनिक सेवा प्रसारण भएपछि रेडियो नेपाल र नेपाल टेलिभिजनसँग बजेट, नीति र कार्यक्रम मार्फत समन्वयत्मक सम्बन्ध राख्ने बताउनुभयो। कार्यक्रममा सहभागीहरूले रेडियो नेपालले विविध राष्ट्रभाषामा समाचार र कार्यक्रम प्रसारण गरेकोमा प्रशंसा व्यक्त गर्नुभयो। विविध राष्ट्र भाषामा समाचार तथा कार्यक्रम प्रसारण भएपछि भाषिक समुदायमा आएको परिवर्तन र त्यसको प्रभाव मूल्याङ्कन गर्न जरुरी भएकोमा सार्वजनिक सेवा प्रसारण नेपाल, सञ्चालक समितिका सदस्य डा. भूमिराज चापागाईंले जोड दिनु भयो। कार्यक्रममा विभिन्न जातिय संस्थाका प्रमुख तथा प्रतिनिधि, विभिन्न कार्यालय, सामाजिक संघ संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीको उल्लेखनीय सहभागिता रहेको थियो। सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

यसै क्रममा विसं. २०८२ असार २३ गते तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुव्वा गुरुङले सञ्चारग्राम विराटनगरको अवलोकन गर्नु भयो। सो क्रममा मन्त्री गुरुङले सञ्चारग्रामलाई पूर्ण क्षमतामा व्यवस्थित रूपमा सञ्चालन गर्नु पर्नेमा जोड दिनु भयो।

यसैगरी गत माघ १८ र १९ गते सार्वजनिक सेवा प्रसारण नेपाल रेडियो नेपालको आयोजनामा तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राममा समावेशी प्रसारण सामाग्री उत्पादन तथा प्रसारणसम्बन्धी प्रशिक्षण सम्पन्न भयो। कार्यक्रममा मधेश र कोशी प्रदेशका कार्यालय प्रमुख, लेखा शाखा प्रमुख, समाचार तथा कार्यक्रम उत्पादनमा संलग्न रहेका सञ्चारकर्मीका साथै जिल्ला संवाददाताहरूको सहभागिता रहेको थियो। कार्यक्रममा बोल्दै सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा. महेन्द्र विष्टले सामाजिक सञ्जालमा आउने भ्रमपूर्ण समाचार र विचारहरूलाई ध्यानमा राखेर सन्तुलित तथा यथार्थपरक समाचार र सूचना दिने दायित्व सार्वजनिक प्रसारकहरूको रहेको बताउनु भयो। यस्तै सार्वजनिक सेवा प्रसारण नेपालका कायम मुकायम प्रमुख प्रशासकीय अधिकृत विष्णुराम न्यौपानेले प्रशिक्षणमा सहभागीहरूले समावेशी सामग्री उत्पादन तथा प्रविधिको बारेमा सिकेको सिपलाई व्यवहारमा उतार्ने विश्वास व्यक्त गर्नु भयो। यसरी सञ्चारकर्मीको क्षमता विकाससम्बन्धी विभिन्न प्रशिक्षण, तालिम र कार्यक्रम तथा समाचारको प्रभाव बारेमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम हुँदै आएको छ।

## उपसंहार

तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम रेडियो नेपालको गौरवसँगै थप जिम्मेवारी पनि हो। यसले

पूर्व क्षेत्रमा सञ्चारको विकास, कला साहित्य तथा संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। जसका लागि यसको सञ्चालन र व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ। गुणस्तरीय प्रसारण सामग्री उत्पादन गर्न समय समयमा कर्मचारीलाई आवश्यकता र उद्देश्यका आधारमा सेवाकालीन तालिम दिनुपर्छ। दरबन्दी कायम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्छ। सञ्चारग्रामको प्रसारणलाई रेडियो नेपालको दोस्रो च्यानलको रूपमा विकास गरेर सार्वजनिक सेवा प्रसारणको मर्म अनुरूप जनमुखी कार्यक्रम तथा समाचार प्रसारण गर्नु पर्दछ। सञ्चारग्रामका उद्देश्य हासिल गर्न सक्षम व्यवस्थापन र सामूहिक प्रयत्न हुनुपर्छ। त्यसका लागि दुरदर्शी दृष्टीकोण, सकारात्मक सोच र उत्प्रेरक क्षमता भएको व्यवस्थापक हुनुपर्छ। पर्याप्त बजेट नभएका कारण कार्यालयको व्यवस्थापकीय कार्यमा समस्या देखिन्छ। त्यसकारण आवश्यकताका आधारमा बजेटको व्यवस्था गर्नु पर्दछ। लिफ्ट सञ्चालन हुन सकेको छैन त्यसलाई सुचारु गर्नुपर्छ। लोक सङ्गीत तथा विविध राष्ट्रभाषाका गीत रेकर्ड गर्न सङ्गीतकार र दक्ष प्राविधिकको व्यवस्था गर्नुपर्छ। सञ्चारग्राम आफैँले नसके निजी संस्था वा कम्पनीलाई भाडामा दिएर भए पनि सङ्गीत स्टुडियोलाई नियमित सञ्चालन गर्नुपर्छ। स्थानीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरेर लोक संस्कृति, लोक भाका तथा मौलिक सङ्गीतको संरक्षण, अध्ययन, अनुसन्धानका लागि विशेष कार्यक्रम ल्याउनु पर्छ। यति गर्न सके रेडियो नेपालका प्रथम डाइरेक्टर तारिणीप्रसाद कोइराला प्रति सम्मान हुने छ र सञ्चारग्राम स्थापनाको औचित्य पनि पुष्टी हुने छ।

*(लेखक रेडियो नेपालका वरिष्ठ कार्यक्रम सहायक हुनुहुन्छ।)*


**कृषि, पर्यटन, स्थानिय कृषि र पूर्वाधार,**
**समृद्ध काठेखोला निर्माणको आधार॥**
काठेखोला गाउँपालिकाको अनुरोध

卐 आफ्नो घर आँगन टोलबस्ती सधैँ सफा र हराभरा राखौँ।
卐 गर्भवती महिलाहरु अनिवार्य रूपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔँ।
卐 बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौँ।
卐 आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौँ।
卐 जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔँ।
卐 जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौँ।
卐 सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौँ।
卐 बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔँ। बालमैत्री ब्यवहार कायम गरौँ।
卐 आफ्नो घर वरपर रुख विरुवा रोपी हरियाली र सुन्दर नगर बनाऔँ।
卐 अर्गानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ्य जीवन बिताउँ।

रेडियो नेपालको ७६ औँ वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।

अध्यक्षः राजु थापा,
उपाध्यक्षः तेज बहादुर थापा,
प्रमुख प्रशासकिय अधिकृतः मुक्ति पौडेल
एवम् काठेखोला गाउँकार्यपालिकाको कार्यालय परिवार,
विहुँकोट, बागलुङ, गण्डकी प्रदेश

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

## धनकुटा नगरपालिकाको अनुरोध

१. सवारी साधनबाटै सडक छेउमा जथाभावी फोहोर नफालौं ।
२. कुहिने र नकुहिने फोहोर छुट्याएर मात्र सरसफाई गाडीमा राखौं ।
३. नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
४. धनकुटा बजारमा लागू गरिएको पालो पार्किङ नियमलाई पालना गरौं ।
५. सडक क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
६. व्यवसाय दर्ता तथा नवीकरण समयमै गरौं ।
७. सडक तथा सार्वजनिक क्षेत्रमा पर्ने गरि पसल व्यवसाय नगरौं ।
८. पसलमा मूल्यसूची सबैले देख्ने गरी राखौं तथा म्याद नाघेका सामान नराखौं ।
९. धनकुटामा पाल्नुहुने अतिथिहरुको न्यानो स्वागत तथा सम्मान गरौं ।
१०. सार्वजनिक सम्पत्ति, प्रकृति र ऐतिहासिक धरोहरको संरक्षण गरौं ।
११. समय मै कर तिरौं ।


एभोकाडो स्तम्भ


तीङ्वा स्तम्भ

**दशरथ राई**
प्रमुख प्रशासकीय अधिकृत

**भिमादेवी खनाल**
उपप्रमुख

**चिन्तन तामाङ**
प्रमुख

**धनकुटा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, धनकुटा

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको उपलक्ष्यमा साथी भाई, इष्टमित्र, शुभचिन्तक, निर्माण व्यवसायी लगायत समस्त स्वदेश तथा विदेशमा रहनु भएका आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु–स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।






साथै
निर्माणसम्बन्धी काम गर्दा आवश्यक पर्ने उपकरणहरु जे.सि.बि., स्काईभिटर, म्याकुम लोडर, ट्र्याक्टर, टिपर लगायतका सेवा आवश्यक परेमा सधैं हामीलाई सम्झनुहोस् ।



समाजसेवी तथा निर्माण व्यवसायी
यज्ञ बहादुर राई
एवाई कन्स्ट्रक्सन, धनकुटा–७ चुलीवन

## जयपृथ्वी नगरपालिका बभ्फाङको अनुरोध !

१. सदरमुकाम रहेको चैनपुर बजार क्षेत्रलाई सफा र सभ्य शहर बनाऔं ।
२. जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरौं ।
३. आआफ्नो घर आँगन बाटोघाटो टोल आफै मिलेर सफा गरी सफा स्वच्छ शान्त वातावरण निर्माण गरौं ।
४. सबै योजनाको आमभेला बसौं । अनुगमन गराऔं । सुशासनमा जोड दिऔं ।
५. नगरपालिकाको सन्दर्भमा केही गुनासो सुझाव सल्लाह छन् भने खुलेर आफ्ना भनाइ कार्यालयमा आएर राखौं ।
६. नगरपालिका भित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरू नगरपालिकामा दर्ता गरौं ।
७. सामाजिक कुरीति हटाऔं सकारात्मक सोचका साथ केही न केही उद्यम गरी अगाडि बढौं ।
८. जयपृथ्वी नगरपालिकाको परिकल्पना, समृद्ध नगर सुखी नगरवासी हाम्रो चाहना ।

**नगर प्रमुख : चेतराज बजाल**

**उप प्रमुख : रतन बहादुर सिंह**

## थलारा गाउँपालिका बभ्फाङ्गको अनुरोध

कृषी शिक्षा प्रर्यटन र पूर्वाधार
थलारा गाउँपालिकाको समृद्धिको आधार ।

१. थलारा गाउँपालिकाभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण सम्वर्द्धन गरौं ।
२. सामाजिक कुरीति कुलत हटाऔं । समय खेर नफालौं । केही न केही उद्यम आयआर्जन हुने काम गरौं ।
३. गाउँपालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरू पालिकामा दर्ता गरौं ।
४. जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरौं ।
५. घर आँगन बाटो सडक सफा राखौं ।
६. सभ्य बनौं र सभ्य नागरिकको परिचय दिउँ ।
७. पालिकाको सेवा प्रवाहप्रति केही गुनासो प्रतिक्रिया छ भने भेटेर वा टेलिफोन गरेर जानकारी गरौं ।

अध्यक्ष : प्रकाश बहादुर रोकाया
उपाध्यक्ष : रामबहादुर खाती
थलारा गाउँपालिका बभ्फाङ्ग

## सुर्मा गाउँपालिका बभ्फाङ्गको अनुरोध

सुर्मा गाउँपालिकाको विकासको आधार,
शिक्षा कृषि पर्यटन र पूर्वाधार

१ जडिबुटीहरुको अनावश्यक दोहन नगरौं ।
२ चोरी सिकारी बन्द गरौं । वन जोगाऔं
३ सार्वजनिक सम्पति मठ मन्दिर तालहरुको संरक्षण गरौं ।
४ कुरीति कुप्रथा हटाऔं ।
५ जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं ।
६ योजनाहरुको पारदर्शिता दिगो काम गरौं ।

अध्यक्ष : खडकबहादुर बोहरा
उपाध्यक्ष : रमिलाकुमारी मण्डेल पुजारा
सुर्मा गाउँपालिका बभ्फाङ्ग

## साइपाल गाउँपालिका बभ्फाङ्गको अनुरोध ।

१. बन जङ्गल जडिबुटी जङ्गली जिव जन्तु जनावर हरुको संरक्षण गरौं ।
२. हिमाली क्षेत्रमा फोहर नगरौं ।
३. आयआर्जन र उद्योग भेडा बाखा पालनमा जोड दिऔं ।
४. कुलत र सामाजिक कुरीतिहरु हटाउन सबै जुटौं ।
५. पालिकामा बुझाउनु पर्ने राजस्व कर बुझाऔं ।
६. सभ्य सुसंस्कृत नागरिक भएर पालिकाको गौरब बढाऔं र सहभागितामूलक विकासबाट साइपालको मुहार फेरौं ।

अध्यक्ष :मानबहादुर बोहरा
उपाध्यक्ष : डोल्मा तामाङ
साइपाल गाउँपालिका बभ्फाङ्ग

# युवा पुस्ताको दृष्टिमा रेडियो नेपाल



*निर्मला कुँवर*

सूचना र सञ्चारको स्थापना विकास र प्रयोग तथा पहुँचको अभावमा कहाली लाग्दो र अन्धकारमय जीवन व्यतित गरिहेका नागरिकको जीवनमा सञ्चार को उज्यालो ज्योति छर्ने र १०४ वर्षीय जहाँनिया राणा शासनको शोषण, दमन, अन्याय र अत्याचारको अन्त्यका निम्ति २००७ सालको जनक्रान्तिलाई सघाउ पुऱ्याउने उद्देश्यका साथ पूर्वबाट उदाउने उज्यालो घामजस्तै पूर्वी भूगोलबाट प्रजातन्त्र नेपाल रेडियो नामले उदाएको रेडियो अनेक बाधा अड्चन, आरोह अवरोह र असहज परिस्थितिको सामना गर्दै राणा शासनको अन्त्य र विसं.२००७ साल फागुन ७ मा प्रजातन्त्र प्राप्तिसँगै २००७ साल चैत २० गते विधिवत् रूपमा सिंहदरबार काठमाडौँबाट रेडियो नेपालको नामले स्थापना भएर निरन्तर प्रसारण हुँदै हालसम्म पनि झनै परिष्कृत र परिमार्जित रूपले २४ सै घण्टा निरन्तर प्रसारण भइरहेको छ।

सूचना, सञ्चार र चेतनाको अभावमा अन्धकारमय जीवन बाँचिरहेका नागरिकको जीवनमा रेडियो नेपालको स्थापना भएसँगै उज्यालो घाम छरिएको पाइन्छ। रेडियो नेपालले दशकौँ दशकसम्म एकल प्रसारण माध्यमको रूपमा सूचना, सञ्चार, मनोरञ्जन, शिक्षा र चेतनाको जिम्मेवारी दरिलो स्तम्भ बनेर एक्लै थामेको देखिन्छ। देशका शहरी क्षेत्रदेखि लिएर गाउँ–गाउँ, विकट बस्ती र कुना कन्दरासम्म रेडियो तरङ्ग पुग्दा सर्वसाधारण नागरिकले पनि रेडियो नेपालबाट सूचना, शिक्षा, चेतना र मनोरञ्जनको भरपुर आनन्द लिएको पाइन्छ।

करिब ४५ वर्षसम्म रेडियो तरङ्गको रूपमा एकल प्रसारणको भूमिका निभाएको रेडियो नेपालले विसं.२०५२ सालमा एफ.एम. प्रसारणको पनि बाटो खोलेको पाइन्छ। त्यसपछि निजी क्षेत्रबाट एफ.एम. रेडियोहरू प्रशस्त स्थापना हुँदै गएपनि रेडियो नेपालको महत्त्व र उचाइ कहिल्यै घटेन। दुःख पीडा आपत्विपत् र सङ्कटको समयमा रेडियो नेपाललाई नै भरपर्दो र विश्वसनीय सञ्चार माध्यम ठान्ने हरूको जमात पनि उस्तै रहिरह्यो। हाल देशमा सूचना र प्रविधिले ह्वात्तै फड्को मारेर हामी सामाजिक सञ्जाल र डिजिटल युगमा प्रवेश गरिरहँदा कतिपयले अब रेडियोलाई चुनौती छ र रेडियो सुन्ने श्रोता घट्दै जाने हुन् कि? भन्ने आशङ्का व्यक्त गरिरहँदा अहिलेका युवा पुस्ताले हालको सार्वजनिक सेवा प्रसारण रेडियो नेपाललाई कसरी बुझिरहेका छन्? र रेडियो नेपालप्रति युवाको दृष्टिकोण र अपेक्षा के छ ? अनि रेडियो नेपालले युवा पुस्ताको लागि के गर्नुपर्छ? भनेर यहाँ देशका ७ ओटै प्रदेशका २/२ जना प्रतिनिधि युवाहरूको दृष्टिकोण, राय सझाव र अपेक्षा बुझ्ने कोसिस गरिएको छ। जस नुरूप देशको मुटु ठानिएको बागमती प्रदेशको भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिकामा बसोबास गर्नुहुने बैंकिङ क्षेत्र र साहित्य साधनामा रमाइरहनु भएका ३६ वर्षिय युवा राजकुमार श्रेष्ठले रेडियो नेपालप्रतिको दृष्टिकोण र अपेक्षा यसरी राख्नु भएको छ :

“रेडियो नेपाल प्रसारण माध्यमको मेरुदण्ड भएको हुँदा रेडियो नेपालले युवा पुस्ताका समसामयिक समस्या पहिचान गर्न उनीहरूकै बस्तीमा गएर सहभागितामूलक कार्यक्रम सञ्चालन गरी समस्याको

पहिचान गर्नुपर्छ र ती समस्याहरू समाधान गर्न सम्बन्धित निकायमाझ पुल वा सेतुको काम गर्नुपर्छ। हाल श्रम वा कामलाई तुच्छ ठान्ने नेपाली समाजमा श्रमको सम्मान गर्नुपर्छ र गर्नसके नेपालमै श्रम गरेर सुखी जीवन बाँच्न सकिन्छ भन्ने कुरामा रेडियो नेपाल भरोसाको केन्द्र बन्ने र यस्तै चेतना समग्र समुदायमा सम्प्रेषण गरिरहनु पर्छ। सामाजिक सञ्जाल, अनलाइन र डिजिटल प्रविधिमा रेडियो नेपालको प्रसारण अझै रूपान्तरण हुँदै जानुपर्छ।"

त्यस्तै यसै सन्दर्भमा बागमती प्रदेशकै काभ्रेपलान्चोक जिल्ला वनेपा नगरपालिका वडा नं.१२ निवासी १७ वर्षिय युवा सलिन विष्टले रेडियो नेपालप्रतिको दृष्टिकोण र सुझाव यसरी दिनुहुन्छ :

"रेडियो नेपालको गौरवमय इतिहास र यसको मौलिक पहिचानलाई अक्षुण राख्दै आजका युवा पुस्ताको गतिशिल चहानासँग एकाकार हुनु वर्तमानको मुख्य आवश्यकता हो। रेडियो नेपाल केवल सूचनाको माध्यम मात्र नभई नेपालीपनको संवाहक पनि हो। त्यसैले आफ्नो ऐतिहासिक साखलाई जोगाउँदै रेडियो नेपालले युवाहरूका नवीन सोच, तर्क, जिज्ञासा र चाहनालाई समेट्न एउटा साझा बौद्धिक चौतारीको भूमिका निर्वाह गर्नुपर्छ। रेडियो नेपाल एउटा यन्त्र मात्र नभई हरेक युवाको अभिन्न सहयात्री र राष्ट्र निर्माणको बलियो आधार स्तम्भ बन्न सक्नुपर्छ।"

बागमती प्रदेशबाट लुम्बिनी प्रदेशतर्फ लागेर स्वर्गद्वारीको यादसँगै प्युठान पुग्दा प्युठान नगरपालिका ९ निवासी शिक्षण पेशामा आवद्ध २५ वर्षिय युवा भविष्य घर्ति मगरले रेडियो नेपालप्रतिको दृष्किोण र अपेक्षा यसरी दर्शाउनु भएको छ :

"रेडियो नेपालले युवा पुस्ताको लागि सदैव अभिभावकीय भूमिका खेल्नुपर्छ। अबको समयमा रेडियो नेपालले परम्परागत शैलीलाई आधुनिक प्रविधिसँग जोड्दै युवा लक्षित कार्यक्रमलाई प्राथमिकतामा राखेर देश र जनताको अवस्थामा कुनै न कुनै सुधार र परिवर्तन आउने गरी आफ्नो प्रसारणलाई निरन्तरता दिनुपर्छ।"

स्वर्गद्वारीसँगै पुरनधारा झरना सम्झिएर लुम्बिनी प्रदेशको अर्को जिल्ला दाङ पुग्दा तुलसीपुर उपमहानगरपालिका स्थायी बसोबास भई हाल वैदेशिक रोजगारीमा रहनु भएका ३२ वर्षिय युवा इन्द्र के.सी. ले रेडियो नेपालप्रतिको आफ्नो दृष्टिकोण र चाहना यसरी व्यक्त गर्नुभएको छ :

"रेडियो नेपाल हरपलको साथी हो। रेडियो नेपालले आम नेपालीलाई आकर्षित गर्ने उनीहरूको आवाज उठाउने कार्यक्रमहरू प्रसारण गर्नुपर्छ। डिजिटल माध्यमहरूमा विस्तार गरेर अधिक जनसङ्ख्यालाई समेट्ने र आकर्षित गर्ने कार्यमा रेडियो नेपाल जुटिरहनु पर्छ।"

अर्कोतर्फ क्षेत्रफलको आधारमा देशकै ठूलो प्रदेश कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्ला छेडागाड नगरपालिका निवासी साहित्यमा चोटिलो कलम चलाउनु हुने २० वर्षिया जयन्ता सुधाले रेडियो नेपाललाई अत्यन्त प्रिय सञ्चार माध्यम ठान्दै आफ्नो कुरा यसरी राख्नु भएको छ :

"रेडियो नेपाल युवाको मात्र नभई बालबालिका, युवा र ज्येष्ठ नागरिकको पनि एकदमै राम्रो साथी हो। आज पनि बिजुली नपुगेका गाउँ, सडक यातायात नपुगेका बस्तीमा रेडियो नेपाल पुगेको छ। रेडियो नेपालले हरेक घण्टा समाचार दिन्छ, हरेक दिन सूचना, शिक्षा र मनोरञ्जन दिन्छ। आजको सामाजिक सञ्जालको पहुँचयोग्य समयमा पनि रेडियो नेपाल गाउँघरको साथी हो अनि हलकारा हो। रेडियो

नेपाल एउटा विश्वसनीय, लोकप्रिय र भरपर्दो सञ्चार माध्यम हो। रेडियो नेपालले विश्वव्यापी प्रसारणको भूमिका खेलिरहनु पर्छ । पछिल्लो समयमा सामाजिक सञ्जालको दुरूपयोगको कारण कलिला बालबालिका तथा युवामा मनोसामाजिक समस्याहरू तीव्र गतिमा बढिरहेको पाइन्छ। यो समस्याको निराकरणको लागि रेडियो नेपालले चेतनाको संवाहक भएर महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ।"

जयन्ता सुधाको ओझपूर्ण दृष्टिकोण र सुझावसँगै कर्णाली प्रदेशकै जुम्ला जिल्ला तिला गाउँपालिका निवासी विद्यार्थी तथा पत्रकारिता पेशामा रमाइरहनु भएका २१ वर्षिय युवा विक्रम तिरुवा सलिनसम्म पुग्दा रेडियो नेपालप्रति जुम्लाको स्याउ जस्तै रसिलो र स्वादिष्ट सुझाव यसरी दिनुभएको छ :

"रेडियो नेपालले युवा पुस्ताको विचार, भावना, क्षमता वृद्धि र युवाहरूको जागरणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। वर्तमान समयमा पठन संस्कृति र सृजनात्मक क्षमताको ह्रास हुँदै गएको अवस्थामा रेडियो नेपालले युवाहरूको सृजनात्मक क्षमता र पठन संस्कृतिको विकास गर्न भूमिका खेल्नुपर्छ। रेडियो नेपालबाट जे जति सामग्री प्रसारण हुन्छन् त्यसको विश्वव्यापी प्रसारण र व्यापकतामा ध्यान दिनुपर्छ। अहिलेको दृष्टिकोणबाट रेडियो नेपाललाई थप प्रभावकारी बनाउन प्रविधिको व्यापक तर निक्कै सकारात्मक प्रयोग गर्न सकियो भने रेडियो नेपालको लोकप्रियता झनै चुलिनेछ।"

कर्णाली प्रदेशपछि सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको खप्तडसँगै सुदुरपश्चिमकी रानी भनेर चिनिने रामारोसन क्षेत्रलाई मनमा सङ्गाल्दै अछाम जिल्ला साँफेबगर पुग्दा त्यहाँ भेटिनु भएकी सञ्चारकर्मी तथा स्वास्थ्यकर्मी २३ वर्षिय काजल रैकाले अहिलेका युवा पुस्ता र उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यको चिन्ता गर्दै रेडियो नेपालले यसप्रति भूमिका खेल्नुपर्ने सुझाव यसरी दिनुहुन्छ :

"रेडियो नेपालले पछिल्लो समयमा उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै युवा पुस्ताका सवालमाथि कार्यक्रम उत्पान गरी प्रसारण गर्नुपर्छ। पछिल्लो समय धेरै युवाले आफूलाई कुलतमा फसाइरकेका छन्। यसले गर्दा व्यक्ति, परिवार, समुदाय र राष्ट्रलाई नै घाटा पुगिरहेको छ। तसर्थ यसको रोकथाम र निराकरणमा रेडियो नेपालले जागरण र चेतना प्रवाह गर्नुपर्दछ। पछिल्लो समय बेरोजगारीको कारण देशप्रति युवा पुस्तामा निराशा छाइरहेको अवस्थामा देशमा पनि रोजगारी र श्रम गरेर बाँच्न सकिन्छ भन्ने खालका कार्यक्रममा जोड दिनुपर्छ। विभिन्न कारणले युवा पुस्तामा झाँगिदै गएको मानसिक स्वास्थ्य समस्याको सवालमा रेडियो नेपालले अझै ध्यान पुऱ्याउनु पर्छ। अन्तराष्ट्रिय रेडियोहरूसँग सहकार्य र अनुभव आदाप्रदान गरी समायानुकूल रेडियो नेपाल अगाडि बढ्नुपर्छ।"

काजल रैकापछि सुदूरपश्चिम प्रदेशकै कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका ८ निवासी १९ वर्षिय युवा सुवासचन्द्र विश्वकर्मा रेडियो नेपालको सन्दर्भमा आफ्नो दृष्टिकोण र अपेक्षा यसरी राख्नुहुन्छ :

"रेडियो नेपाल भनेको सार्वजनिक सेवा प्रसारणको सबैभन्दा ठूलो र भरपर्दो माध्यम हो। रेडियो नेपालको प्रसारण देशव्यापीसँगै विश्वव्यापी बन्न थालेको छ। रेडियो नेपालले अहिलेका युवा पुस्तामा फैलिएको देशप्रतिको निराशाको रोकथाम र उनीहरूका हरेक समस्याको पहिचान गरी यस्ता समस्यालाई सम्बन्धित निकायमार्फत समाधान गर्न सक्ने खालको विषय र सामग्री उठान गर्नुपर्छ। डिजिटल समयमा रेडियो नेपाल पनि समय सापेक्ष परिमार्जन र परिष्कृत भएर प्रसारण गरिनुपर्छ।"

बागमती, लुम्बिनी,कर्णाली र सुदूरपश्चिम प्रदेशको फन्को लगाएर तराईको समथर भूमिले भरिपूर्ण

मधेस प्रदेश आइपुग्दा सिराह जिल्लाको धनगढीमाई नगरपालिकामा २१ वर्षिय युवा अजय दनुवार भेटिनुहुन्छ । बाहिरी आँखाले संसार देख्न नसक्ने उहाँ भित्री दृष्टिले विश्व नियाल्नु हुन्छ । रेडियो नेपाल नियमित रूपमा सुनिरहने र सहभागिता जनाइरहने उहाँले रेडियो नेपाल आफ्नो अभिन्न सारथी ठान्दै रेडियो नेपालप्रतिको माया यसरी पोख्नुहुन्छ :

"नेपाली रेडियो जगत्मा रेडियो नेपाल सधैं अग्रणी र अब्बल भूमिकामा रही आएको छ। देशका कुना कन्दर ादेखि विश्वव्यापी रूपमा यसको प्रसारण झाँगिदै गएको छ। रेडियो नेपालबाट प्रसारित जति पनि सामग्री फुर्सदको समयमा सुन्न मिल्ले गरी व्यवस्थापन मिलाइनु पर्छ। विद्यार्थी वर्गका लागि विषयगत श्रव्यपाठ कार्यक्रमलाई निरन्तरता दिनुपर्छ । त्यसैगरी रेडियो नेपालले समय समयमा जनतासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी उनीहरूका समस्या र पीडा सरोकारवाला समक्ष पुऱ्याई जनहितका लागि खबरदारी गरिदिनु पर्छ ।"

अजय दनुवारको दूरदृष्टिले भरिपूर्ण दृष्टिकोणपछि मधेस प्रदेशको सर्लाही जिल्ला लालबन्दीमा पत्रकारिता पेशामा आवद्ध भएर महत्त्वपूर्ण भूमिका खेलिरहनु भएका ३० वर्षिय युवा जनार्जन खत्री रेडियो नेपाललाई यसरी बुझ्नुहुन्छ :

"रेडियो नेपाल महत्वपूर्ण सञ्चार माध्यम भएको हुँदा रेडियो नेपालले संस्कार, संस्कृति र रीतिरिवाजको संरक्षण, र जर्गेना गर्ने भूमिका खेल्नुपर्छ। सामाजिक सञ्जालको प्रयोग गरेर युवा लक्षित कार्यक्रमहरूमा जोड दिनुपर्छ। अहिलेका युवामा रोजगारको खाँचो छ। त्यसैले रोजगार र स्वरोजगारको लागि प्रेरणदायी भूमिका रेडियो नेपालले खेल्नुपर्छ।"

मधेस प्रदेशपछि विश्वकै सर्वोच्च शिखर सगरमाथासमेत रहेको कोसी प्रदेश आइपुग्दा मोरङ जिल्ला सुन्दर हरैंचा नगरपालिका वडा नं.५ का १५ वर्षिय जिवितेस कट्टेलले उमेर सानै भए पनि रेडियो नेपाललाई गहिरो दृष्किोणले हेरेर यसरी आफ्नो अपेक्षा राख्नु भएकोछ :

"रेडियो नेपाल युवा वर्गको चेतनाको दीयोलाई प्रज्वलित गर्ने माध्यम बनाइनु पर्छ । रेडियो नेपाल सबै भन्दा पहिलो प्रसारण माध्यम भएको हुँदा यसको परम्परागतसँगै डिजिटल प्रविधिलाई पनि अङ्गाल्दै व्यापक पहुँच विस्तार गर्नुपर्छ । देशको सबै वर्ग, क्षेत्र र समुदायको आवाजलाई समेट्दै रेडियो नेपाल अगाडि बढ्नुपर्छ ।"

यसैगरी कोसी प्रदेशकै खोटाङ जिल्लामा जन्मनु भई हाल धनकुटा नगरपालिका वडा नं. ४ मा बसोबास गर्नुहुने २२ वर्षिय विद्यार्थी तथा स्रष्टा डि.आर फुँयाल रेडियो नेपालप्रतिको दृष्टिकोण र सुझाव यसरी दिनुहुन्छ :

"रेडियो नेपाल भरपर्दो र पुरानो सञ्चार माध्यम हो । जसले सूचना, सञ्चार, शिक्षा, चेतना र मनोरञ्जनको क्षेत्रमा ठूलो योगदान दिइएको छ। रेडियो नेपालले युवा जागरणको निम्ति विविध दृष्टिकोणले टेवा पुऱ्याउनु पर्छ। हाल गलत सूचनाले चाँडै फैलावट पाउने र त्यसको कारण जनमानसमा छिटो असर पर्न गएको परिप्रेक्षमा रेडियो नेपालले त्यसको निराकरणको निम्ति भूमिका खेल्नुपर्छ।"

कोसी प्रदेशपछि गण्डकी प्रदेश पुग्दा पर्यटकीय प्रदेश गण्डकी प्रदेशको सुन्दरता अनुपम छ । त्यसमा पनि आदिकवि भानुभक्त आर्चायको जन्म भएको तनहुँ जिल्लाको इतिहास बेग्लै छ। तनहुँमा पुग्दा व्यास

नगरपालिका वडा नं. १ दमौलीमा रहनु भएकी पत्रकारिता पेशामा आवद्ध २९ वर्षीय सम्झना रसाइलीले रेडियो नेपलप्रति आफ्नो दृष्टिकोण र अपेक्षा यसरी प्रकट गर्नुभएको छ :

“रेडियो नेपालले सूचना, शिक्षा र मनोरञ्जनात्मक विषय मात्रै प्रस्तुत नगरी युवा पुस्तालाई मार्गदर्शन दिने विविध प्रकारका विषय पस्कनु पर्छ। युवालाई सही मार्गदर्शन गर्न सके उनीहरूसँगै देशको भविष्य पनि सुमार्गमा पुग्ने देखिन्छ। राष्ट्रिय सञ्चारको रूपमा स्थापित रेडियो नेपालले युवाहरूको शक्ति, विचार र क्षमतालाई दिशानिर्देश गर्ने खालका कार्यक्रम गर्नसके राष्ट्र निर्माणमा नै टेवा पुग्न जान्छ। गलत र सही सूचनाको छलफल गर्ने खुलामञ्चको रूपमा रेडियो नेपाल स्थापित हुनुपर्छ। हालको अवस्थामा बढ्दो सामाजिक सञ्जालको प्रयोगले सामाजिक सञ्जाल प्रयोगकर्तामाझ धेरै अफवाह र गलत सूचना फैलने भएकोले सत्य, तथ्य र आधिकारिक सूचना र जानकारी रेडियो नेपालले छिटो सम्प्रेषण गरिदिनु पर्छ। रेडियो नेपालले विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सवालमा समावेशी विषय उठान गरेर कुनै आधारमा मानिसमाथि हुनेगरेका भेदभावको निराकरणको लागि विशेष भूमिका खेल्नुपर्छ।”

त्यस्तै गण्डकी प्रदेशकै बागलुङ जिल्ला गलकोट नगरपालिका निवासी युवा हरि चालिसे एविसी जो शिक्षण पेशामा आवद्ध भएर धेरै विद्यार्थीहरूको भविष्य निर्माण गरिरहनु भएको छ। उहाँले रेडियो नेपालप्रतिको लगाव, माया र आत्मियता अविस्मरणीय र यादगार ढङ्गले यसरी दर्शाउनु भएको छ :

“रेडियो नेपाल शब्द सुन्दा होस् या रेडियो नेपाल शब्द सम्झदा होस् विसं. २०५७ सालदेखि २०६० को परिधिमा छु जस्तो लाग्छ। रेडियो नेपाल यति धेरै सुनें कि वरिपरिका छिमेकी मात्र होइन बाटो हिँड्ने मानिसहरू पनि रेडियो नेपालको आवाजले लठ्ठ परे होलान् भन्ने आवास हुन्थ्यो। त्यो बेला मैले दैनिक ८/१० ओटा पत्र रेडियो नेपालका कार्यक्रममा रजिष्ट्रि गरेर पठाएको अहिले जस्तै लाग्छ। रेडियो नेपालका कार्यक्रम सञ्चालकको नाम र आवाज अहिले पनि सम्झिरहन्छु। हिजोका दिनमा रेडियो नेपाल हरेक नेपालीको मनमुटुमा बस्न सफल थियो। कार्यक्रम प्रस्तोता, समयशैली सबै मिले जस्तो लाग्थ्यो। आज पनि रेडियो नेपालले हिजोको साख बचाइरहेको जस्तो लाग्छ। अहिलेको समयमा हरेक व्यक्तिलाई डिजिटल र भिजुअल माध्यमले आकर्षित गरेको अवस्थामा रेडियो नेपालबाट प्रसारित कार्यक्रमहरूलाई अझै फेसबुक, टिकटक, यूट्युव लगायतका माध्यम मार्फत् जोड्न सक्नु आजको आवश्यकता देखिन्छ। यसैगरी पछिल्लो समय जतिसुकै सामाजिक सञ्जाल र सञ्चार माध्यमको विकास भए तापनि यथार्थ कुरा विश्वास गर्न लायक र सर्वसाधारणलाई के गलत र के सही छुट्याउनै गाह्रो परेको अवस्थामा रेडियो नेपालले सत्यतथ्य जानकारी तत्कालै आफ्नो रेडियो र सञ्जालबाट प्रसारण गरिने व्यवस्था मिलाउनु पर्छ। रेडियो नेपालले हरेक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा जति गरे पनि सकिदैन। आगामी दिनमा पनि रेडियो नेपाललाई सबैको रेडियो र सधैंको रेडियो भन्ने दिलाउन सम्बन्धित र सरोकारवाला कसैले कुनै कसर बाँकी नराखी समर्पित हुनुपर्छ।”

यसरी हेर्दा रेडियो नेपालप्रति अहिलेका युवा पुस्ताको दृष्टिकोण अत्यन्तै सकारात्मक रहेको पाइन्छ। अहिले समय र प्रविधिले फड्को मारेर सामाजिक सञ्जाल र डिजिटल समययमा प्रवेश गरिरहँदा पनि अहिलेका युवा पुस्ताले रेडियो नेपाललाई एउटा विश्वसनीय र भरपर्दो सञ्चारको धरोहरको रूपमा

मनमा सजाएको देखिन्छ। अहिले जस्तो सूचना र प्रविधिको डिजिटल समय आउला भनेर कुनै कल्पना समेत नगरिएको त्यो आजभन्दा ७६ वर्षभन्दा पहिलेको समयमा कठिन संघर्ष झेल्दै उदाएको रेडियो नेपाल हजुरबा पुस्तादेखि नाति पुस्तासम्म आइपुग्दा अहिलेसम्म पनि निरन्तर रूपमा झनै परिस्कृत रूपले प्रसारण भइरहनु चानचुने कुरा होइन। रेडियो नेपाल जस्तो ऐतिहासिक, गर्विलो, विश्वसनीय र भरपर्दो सञ्चार माध्यमको महिमा र उचाइलाई आगामी दिनमा पनि अझै उच्च र पृथक बनाउन रेडियो नेपालसँग आवद्ध र सरोकारवाला सबैले रेडियो नेपाललाई हृदयमा सजाएर कर्म गरिरहनु पर्छ।

*(लेखक रेडियो नेपालका वरिष्ठ कार्यक्रम सहायक हुनुहुन्छ।)*


## सुस्ता गाँउपालिकाको अनुरोध

❖जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔँ।
❖ जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौँ।
❖ सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौँ।
❖ गाँउपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौँ।

रेडियो नेपालको ७६ औँ वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।

अध्यक्षः टेकनारायण उपाध्याय
उपाध्यक्षः गीता चौधरी
प्रमुख प्रशासकिय अधिकृतः हुमलाल भुसाल
एवम् सुस्ता गाँउपालिकाको कार्यालय परिवार, कुडिया
नवलपरासी(ब.सु.प)

## सुनवल नगरपालिकाको अनुरोध

- बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौँ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔँ।
- जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौँ।
- पसल व्यवसाय संचालन गर्दा अनुमति लिएर मात्र गर्ने गरौँ र समयमै वार्षिक नवीकरण गरौँ।

**रेडियो नेपालको ७६ औँ वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।**

नगर प्रमुखः विमला अर्याल
उपप्रमुखः सूर्यप्रसाद दूबे
प्रमुख प्रशासकिय अधिकृतः शेषकान्त पौडैल
एवम् सुनवल नगरपालिकाको कार्यालय, परिवार,
नवलपरासी,(ब.सु.प)

## पशुपन्छी पालक कृषकहरुमा सूचना

- व्यवसायिक रुपमा पशु–पन्छी पालन गर्नु भएका कृषक बर्गले अनिवार्य रुपमा संक्रामक रोग विरुद्ध खोरेत, पिपिआर, सिग्रस. अफ, रानीखेत लगायत खोपहरु लगाई सम्भावित जोखिम न्युनिकरण गरौं,
- आहारा व्यवस्थापन, वैज्ञानिक गोठ व्यवस्थापन, नश्ल सुधार, पशु कल्याण, नियमित स्वास्थ्य जाँच लगायतका कुरामा विशेष ध्यान दिई असल पशुपालन अभ्यास अवलम्बन गरी उत्पादकत्व वृद्धि गरौं,
- आफ्नो फार्ममा नयाँ खालको रोग देखा परेमा र पशुपन्छिहरु अकस्मत धेरै संख्यामा विरामी भएमा नजिकको पशु सेवा शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तत्काल जानकारी गराई रोग नियन्त्रणको विधि अवलम्बन गरौं,
- पशुपालन व्यवसाय सन्चालन गर्नुपूर्व कृषकहरुले अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहका पशु सेवा शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सुचिकृत गरौं ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
धनकुटा

## खाद्य स्वच्छता र गुणस्तर सम्बन्धी अनुरोध

### उपभोक्ताका लागि

- प्याकेटका खानेकुरा किन्दा उत्पादन र उपभोग्य मिति, ब्याच नम्बर, तौल र अनुमतिपत्र नम्बर अनिवार्य हेरौं ।
- अत्यधिक रङ प्रयोग गरिएका मिठाई, ढुसी परेका, किरा लागेका वा अस्वभाविक गन्ध आउने खाद्य वस्तु प्रयोग नगरौं ।
- खानेकुरा पोको पार्न वा भण्डारण गर्न पत्रपत्रिका वा रङगिन कागजको प्रयोग नगरौं ।
- होटलमा भान्सा फोहोर भएमा वा तेल र घिउलाई पटक–पटक तार्न प्रयोग गरिएको पाइएमा त्यस्ता खानेकुरा नखाऔं ।

### व्यवसायीका लागि

- खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम सबै व्यवसायीले समयमै अनुमतिपत्र लिन र नवीकरण गर्नुपर्नेछ ।
- हाल विभागका सम्पूर्ण सेवाहरु डिजिटल भईसकेकाले अनलाइन पोर्टल (https://neffils.dftqc.gov.np) मार्फत सेवा लिन सकिनेछ ।

### थप जानकारीका लागि

कार्यालयको फोन न. ०२६–५२३३७६ मा सम्पर्क गर्न सकिनेछ ।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, धनकुटा ।**

## आमचोक गाउँपालिका भोजपुरको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र दर्ता गरी निःशुल्क सेवा लिऔं ।
- विकास निमार्णका कार्यमा जनसहभागिता जुटाऔं ।
- गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण गरौं ।
- गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य सेवाको उपयोग गरौं ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।
- खानेपानीका मुहानहरु सदैव सफा राखौं, जथाभावी फोहोर नफालौं ।
- समयमै कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- खाद्यान्न तथा पेय पदार्थ खरिद गर्दा उत्पादन मिति हेरी खरिद गर्ने बानी बसालौं ।
- डेङगु रोग निवारणको लागि आफ्नो घर आँगन सफा राखौं, झुल टाँगेर सुत्ने बानी बसालौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं, दुर्घटना हुनबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ भन्दै

किरातीहरुको महान चाड उभौली २०८३ को अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण आमाबुवा दाजुभाई तथा दिदीबहिनी, आफन्तजन तथा शुभचिन्तक तथा आमचोकबासीमा सुख, शान्ति, दिर्घायु तथा समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

**आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको**
कार्यालय बालखा, भोजपुर

"पाख्रीबासको दृष्टि : शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि"

## पाख्रीबास नगरपालिका धनकुटाको अनुरोध

- नक्सा पास गराएर मात्र घर निर्माण गरौं ।
- बाटोघाटो पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्नो व्यक्तिगत कार्य नगरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र दर्ता गरी निःशुल्क सेवा लिऔं ।
- नगर सफा र स्वच्छ राखी सभ्य नागरिकको परिचय दिऔं ।
- नगरपालिकामित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण गरौं ।
- जथाभावी फोहोर नफालौं, तोकिएको स्थानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।
- नगरपालिकामित्रका स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुने स्वास्थ्य सेवाको उपभोग गरौं ।

नम्रता गौतम
उपप्रमुख

ज्ञानबहादुर गुरुङ
नगर प्रमुख

सुनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**पाख्रीबास नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास, धनकुटा

# पुस्तक समीक्षा – रेडियो नेपालका ७५ वर्षः १०१ स्रष्टा



*दुर्गाप्रसाद घिमिरे*

सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल आम नेपाली भाषिक जनसमुदायको मानक आवाज हो। सत्य, तथ्य र प्रामाणिक सञ्चार, सूचना तथा मनोरञ्जन एवम् नवीनतम जानकारीहरू प्रसारण र प्रकाशन गरेर आमनागरिकहरूलाई सूचनाको हक प्रत्याभूत गराउनु रेडियो नेपालको मुख्य दायित्व हो भने शिक्षा, स्वास्थ्य, विकास प्रवर्द्धन तथा चेतनामूलक सामग्रीहरू उत्पादन गरी प्रसारण गरेर आम नागरिकहरूलाई सुसूचित गराउनु रेडियो प्रसारण सेवाको नियमित दिनचर्या हो।

रेडियो नेपालले उत्पादन गरेका महत्त्वपूर्ण सामग्रीहरू विद्युतीय माध्यमबाट प्रसारण गरेर मात्र आम श्रोता समक्ष पुग्दैनन, पुगे पनि उक्त सामग्री श्रोताहरूले स्थायी रूपले ग्रहण गर्न सक्तैनन्। त्यसैले दीर्घकालीन महत्त्व राख्ने कालजयी सामग्रीहरूको दस्तावेजीकरण गरिनुपर्छ। सोही मान्यता अनुरूप सार्वजनिक सेवा प्रसारण रेडियो नेपालले आफ्नो 'हीरक महोत्सव २०८१' को अवसरमा **रेडियो नेपालका ७५ वर्षः१०१ स्रष्टा** नामक पुस्तक प्रकाशन गरेको थियो।

प्रस्तुत आलेखमा उक्त पुस्तकबारे पाठको पठन अनुभूति तथा समीक्षात्मक टिप्पणी प्रस्तुत गरिएको छ।

'रेडियो नेपालका ७५ वर्षः१०१ स्रष्टा' नामक पुस्तक रेडियो नेपालले आफ्नो ७५औं वर्ष गाँठ तथा हीरक महोत्सव २०८१ को शुभ अवसरमा प्रकाशित गरेको एक मानक कृति हो। पहिलो संस्करणमा सिमित संख्यामा प्रकाशित यो कृति नेपाली सङ्गीत, भाषा, साहित्य र ललितकलामा अभिरुचि राख्ने पाठक, अनुसन्धानविद्, सोधकर्ता सबैका निम्ति एक दुर्लभ दस्तावेज हो।

डा. टीका भण्डारीद्वारा लिखित/सम्पादित यो कृतिमा रेडियो नेपालको उदयदेखि विभिन्न कालखण्डमा रेडियो नेपालमा प्रत्यक्ष संलग्न रहेर वा नरहेर पनि नेपाली गीत सङ्गीत, कला, साहित्यको भणडारलाई अतुलनीय योगदान दिने १०१ स्रष्टा तथा साधकहरूको जीवन गाथा यो कृतिमा समेटिएको छ।

गीत सङ्गीत मानव जीवनको अभिन्न अङ्ग हो। हाम्रा मेलापात, चाडपर्व र लोक परम्परा गीत सङ्गीतविना अपूर्ण छन्। राणाकालीन युगमा पनि नेपाली गीतसङ्गीत तथा नाट्य परम्परा जीवित र उर्जाशील रहेको पाइन्छ। राणाकालीन दरबारहरूमा भारतीय भूमिबाट गीत सङ्गीतका ठूलाठूला उस्तादहरू आएर उपशास्त्रीय सङ्गीत विधाका टप्पा, ठुमरी, दादर, होली, कजरी, चैती, गजल, भजन तथा राष्ट्रिय महत्त्वका विविध सन्दर्भमा प्रयोग हुने भक्ति सङ्गीत, लोक सङ्गीत तथ सुगम सङ्गीतमा आफ्नो प्रस्तुति दिई नेपाली सङ्गीतलाई समृद्ध बनाएर राणा शासकहरूका हातबाट उपहार लिएर जाने गर्थे। दरबारभित्र पनि दरबारिया कलाकारहरूलाई सङ्गीत, गायन, वाद्यवादन तथा नाट्य विधा सम्बन्धी प्रशिक्षण दिएर सङ्गीत, गायन र नाट्य परम्पराको प्रवर्द्धन गरेको पाइन्छ। नेपाली आधुनिक सङ्गीतकी प्रथम गायिका मेलवादेवी चन्द्र शमशेरको दरबारमा पनि गाउने गर्थिन्।

विसं. २००७ साल चैत्र २० गते विधिवत् रूपमा रेडियो नेपालको स्थापना भएपछि नेपाली गीत सङ्गीत,

वाद्यवादन तथा हाम्रो परम्परागत मौलिक लोक जनजीवनको संरक्षण, संवर्द्धन र सुदृढीकरण हुँदै आएको छ।

प्रस्तुत कृति रेडियो नेपालका ७५ वर्ष: १०१ स्रष्टामा नेपाली सङ्गीतका रचना, स्वर र वाद्यवादनका स्रष्टाहरूलाई समेट्ने प्रयत्न गरिएको छ। कृति बहुआयामिक र बृहत्तर छ। यसमा नेपाली भूमिमा रेडियो प्रसारणको आधार स्तम्भ तयार गरेर आधुनिक रेडियो प्रसारण सेवाको सुरुआत गर्ने तारिणीप्रसाद कोइराला, हरिप्रसाद रिमाल, रानुदेवी अधिकारीजस्ता अग्रज स्रष्टादेखि नेपाली भाषा साहित्यलाई अनवरत योगदान गर्नु हुने महाकवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धचरण श्रेष्ठ, सङ्गीत प्रवीण नरराज ढकाल, स्वरसम्राट नारायण गोपाल, स्वरकिन्नरी तारादेवीसम्मको जीवनी समेटिएको छ। त्यसैगरी नेपाली सङ्गीतमा विद्यावारिधि गरेका किरण प्रधानदेखि नेपाली काव्य विधामा मदन पुरस्कार विजेता दिनेश अधिकारी तथा आफ्नो सम्पूर्ण जीवन नेपाली गीत सङ्गीतको उन्नयनमा समर्पित गर्नुहुने रमोलालेवी शाह 'छिन्नलता' सम्मका स्रष्टाहरूको आरोह–अवरोह समेटिएको छ।

यस कृतिमा नेपाल बाहिर भारत प्रवासमा बसेर नेपाली भाषा, साहित्य, कला, सङ्गीत र संस्कृतिको उन्नयनमा महत्त्वपूर्ण योगदान दिने स्रष्टाहरू गोपाल योञ्जन, कर्म योञ्जन, दिव्य खालिङ, सिके रसाइली, रञ्जित गजमेर, शान्ति ठटाल आदिबारे उल्लेख गरिएको छ।

गीत सङ्गीत स्रष्टाहरूको क्षणिक आवेग मात्र होइन यो त युगको चेतना पनि हो। चालिसको दशकमा चलचित्र कन्यादानका निम्ति चेतन कार्कीले लेख्नुभएको 'तीजको रहर आयो बरिलै...' होस् वा रत्न शमशेर थापाले लेख्नुभएको 'बिछोडको पिढा नसकी खप्न दशैंको वेलामा...' अर्थात् दिनेश अधिकारीले चलचित्र विजय पराजयका निम्ति लेख्नुभएको भाइटीका सम्बन्धी गीत 'निधारमा लर्काएर सप्तरङ्गी टिको...' भन्ने लयका शीर्ष गीतहरूले दशकौँदेखि हाम्रा नेपाली मौलिक चाडपर्वहरू तीज, दशैं र तिहारलाई जीवन्त बनाइरहेका छन्। राष्ट्रियताको सवालमा पुष्प नेपालीले गाउनु भएको 'ब्युझ हे पहरेदार हो...', गोपाल योञ्जनले गाउनु भएको 'देशले रगत मागे....', नातिकाजीले गाउनु भएको 'रहुला कहाँ नेपाल लै नरहे...' जस्ता असाध्यै अब्बल गीतहरू सिर्जना भएका छन्।

रेडियो नेपालको ७५ वर्ष:१०१ स्रष्टामा उल्लिखित केही स्रष्टाहरू अति विशिस्ट श्रेणीका छन् जसले कला, गला अथक परिश्रम र साहित्य साधना गरेर नेपाली समाजमा पृथक पहिचान बनाएर आफ्नो क्षेत्रमा सोनामधन्य भएका छन्। यी व्यक्तित्वहरूले आफ्नो क्षेत्रको शिखर आरोहण गरी विजयको झण्डा फहराएका छन्। मन, वचन र कर्मले प्रेरित भई निरन्तर आफ्नो कर्ममा समर्पित भएर आफूलाई अब्बल सावित गरेका यी स्रष्टाको योगदानको सम्मान गर्दै, नेपाल सरकार हुलाक सेवा विभागले उनीहरूको तस्बिर अङ्कित हुलाक टिकट प्रकाशित गरेर सम्मान गरेको छ। त्यस्तो सौभाग्य प्राप्त गर्ने स्रष्टाहरूमा सिद्धिचरण श्रेष्ठ, नातिकाजी, नारायण गोपाल, मास्टर मित्रसेन, तारादेवी, भूपि शेरचन आदि पर्दछन्।

## केही सुझाव तथा टिप्पणी

१०१ स्रष्टाहरूको जीवन गाथा समेटिएको कृतिमा नारी पात्रहरू १५ जना मात्र समेटिएका छन्। समानुपातिक समावेशी सिद्धान्त अनुरूप पनि ३३ प्रतिशत नारी स्रष्टाहरूलाई समावेश गर्न सकेको भए

सुनमा सुगन्ध हुने थियो । रेडियो नेपाल शुभारम्भ हुँदाकि उद्घोषिका तथा कार्यक्रम सञ्चालिका रश्मी राज्यलक्ष्मी राणालाई समेत समाविष्ट नगदाँ कृति अपूर्ण भएजस्तो लाग्यो ।

पुस्तकको वाहिरी आवरणमा स्रष्टाहरूको तस्बिर रङ्गीन भए पनि भित्री पृष्ठमा श्याम स्वेत तस्बिर भएको हुँदा कतिपय स्रष्टाहरूको मुखाकृति प्रष्ट चिन्न सकिदैन । सम्भव भएसम्म आगामी संस्करणहरूमा सुधारको अपेक्षा गर्दै यसतर्फ प्रकाशन गृहको ध्यानाकर्षण गराउन चाहन्छु ।

आगामी संस्करणमा नेपाली राष्ट्रिय गानका रचयिता व्याकुल माइला, शंकर लामिछाने, गायिका लोचन भट्टराई, सूर्य थुलुङ्ग, नवराज लम्सालगायतका स्रष्टाहरूलाई क्रमशः जोड्दै लैजानुपर्छ किनकि रेडियो नेपालको इतिवृत्तमा वहाँहरूको अति नै महत्त्वपूर्ण योगदान रहेको छ ।

*(लेखक रेडियो नेपालका नियमित श्रोता हुनुहुन्छ ।)*


**"आर्थिक,सामाजीक,पर्यटन र पूर्वाधार ः समृद्ध रैनादेबी छहराको मूल आधार"**

**रैनादेवी छहरा गाउँपालिकाको अनुरोध**

- रैनादेवी छहराका मुख्य धार्मिक तथा पर्यटकीय स्थल रैनादेवी मन्दिर, बल्डेङ्गगढी, तिलकथान पार्क, भ्रमण गरी पर्यटनको विकासमा टेवा पुऱ्याऔं ।
- जन्म, मृत्यु, बसाईंसराई, बिवाह, सम्बन्ध बिच्छेदजस्ता घटना ३५ दिन भित्र दर्ता गरौं ।
- सुन्तला, अकबरे खुर्सानी, अदुवा, तरकारीजस्ता नगदेबाली खेती प्रवर्द्धन गरी आत्मनिर्भर बनौं ।
- अगलागीबाट धनजनको क्षति हुने भएकाले आगो बाल्दा सावधानी अपनाऔं ।
- सफा पानी पिऔं, पानीको स्रोत सधै सफा राखौं ।
- गर्भवती महिलाले कम्तिमा ४ पटक स्वास्थ्यकर्मीबाट गर्भ जाँच गराऔं ।
- बेरोजगार बस्नु भन्दा केही न केही काम गरौं । सहयोग र सल्लाह चाहिए पालिकामा सम्पर्क गरौं ।

**रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

अध्यक्षः रुक्माङ्गत भट्टराई

उपाध्यक्षः युवराज थापा

प्रमुख प्रशासकिय अधिकृतः विबेक रणपाल परियार

रैनादेवी छहरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

छहरा-पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

**'सुखी समृद्ध,सुसंस्कृत शहर, समुन्नत रामपुर,हाम्रो रहर ।'**

**रामपुर नगरपालिकाको अनुरोध**

- रामपुर नगरपालिकालाई सफा, सुन्दर, ब्यबस्थित नगरको विकास गर्न सबै नगरबासीले हातेमालो गरौं ।
- ज्येष्ठ नागरिकको सम्मान गरौं । ज्येष्ठ नागरिक बिद्यालयमा गई अनुभब र संस्कार सिकौं ।
- नगर भित्रका धार्मिक तथा पर्यटकीय स्थलले संरक्षणमा नगरबासी जुटौं ।
- सडक पेटी नमिचौं, तोकिएको स्थानमा मात्र सवारी पार्किङ्ग गरौं ।
- तालपोखरा, सीताकुण्ड, रामधाट धाम, सिद्धबाबा धाम, ज्याग्दी बृहत पार्क, राम्चे सामुदायीक बन, केलादी धाम, टापु धाम, छाङदी झरना, बालासिद्ध मन्दिर लगायतका स्थानको भ्रमण गरौं । पर्यटन प्रवर्द्धनमा जोड दिऔं ।
- अगलागीबाट धनजनको क्षति हुने भएकाले आगो बाल्दा सावधानी अपनाऔं ।
- सफा पानी पिऔं, पानीको स्रोत सधै सफा राखौं ।
- गर्भवती महिलाले कम्तिमा ४ पटक स्वास्थ्यकर्मीबाट गर्भ जाँच गराऔं ।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नगर प्रमुखः रमण बहादुर थापा

उपप्रमुखः बालकुमारी थापा

प्रमुख प्रशासकिय अधिकृतः सूर्य दर्शन पण्डित

रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

रामपु,र पाल्पा ।

**"समृद्ध बगनासकाली गांउको सारः समग्र विकासको दिगो आधार"**

**बगनासकाली गाउँपालिकाको अनुरोध**

❖ कुरीलो खेती, सुन्तला खेती, अकबरे खुर्सानी खेती, मौरीपालन, तरकारी खेती, पशुपालन गरौँ। स्वरोजगार बनौँ।

❖ बालमैत्री गाउँपालिका हामी सबैको प्राथमिकता।

❖ स्वादेशी उत्पादनको प्रयोग गरौँ। घरघरका ढोकामा बगनासे साँचोको प्रयोग गरौँ।

❖ सार्वजनिक सम्पत्ति, प्राकृतिक र ऐतिहासिक धरोहरको संरक्षण गरौँ।

❖ कर समयमै तिरौँ, जिम्मेवार नागरिकको परिचय दिऔँ।

❖ जन्म, मृत्यु, बसाईँसराई, विवाह, सम्बन्ध बिच्छेदजस्ता घटना ३५ दिन भित्र दर्ता गरौँ।

**रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।**

**अध्यक्षः सरस्वती दर्लामी चिदी**

**उपाध्यक्षः हरि प्रसाद पाठक**

**प्रमुख प्रशासकिय अधिकृतः प्रकाश पाण्डे**

**बगनासकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चिर्तुङ्गधारा–पाल्पा, लुम्बिनी प्रदेश, नेपाल।**

**"शिक्षा,स्वास्थ्य र रोजगार पर्यटन सहितको पुर्वाधारः प्रकृति र मगर सस्कृती निस्दीको आधार"**

**निस्दी गाउँपालिकाको अनुरोध**

- मगर संस्कृति र सभ्यताको केन्द्रको रूपमा निस्दी गाउँपालिकालाई विकास गरौँ।
- निस्दीको अम्रिसो, सिमी, अदुवा जस्ता नगदेबाली खेती तथा पूप्रवर्द्धन गरि आर्थिक विकासमा सहभागी बनौँ।
- पूर्वाधार विकासमा सबै निस्दीबासीले हातेमालो गरौँ।
- जन्म, मृत्यु, बसाईँसराइ, विवाह, सम्बन्धविच्छेदजस्ता घटना ३५ दिन भित्र दर्ता गरौँ।
- बालविबाह नगरौँ नगराऔँ। गर्नेलाई कानुनी दायरामा ल्याऔँ।
- सबै बालबालिकालाई विद्यालय पढाऔँ।

**रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।**

**अध्यक्षः ...दुर सारु**

**उपाध्यक्षः तीरण कुमारी श्रेष्ठ**

**प्रमुख प्रशासकिय अधिकृतः पूर्ण बहादुर चितौरे**

एवम् निस्दी गाउँपालिकाको कार्यालय, मित्याल, पाल्पा लुम्बिनी प्रदेश

गुणस्तरीय आर्थिक,सामाजीक,भौतिक पूर्वाधार विकासको माध्यमबाट समृद्ध रिब्दीकोट

**रिब्दीकोट गाउँपालिकाको अनुरोध**

- रिब्दीकोटका प्रमुख धार्मिक तथा पर्यटकीय स्थान भैरबनाथ मन्दिर, जलेश्वर धाम, लिस्ने भिर, रिब्दीकोट लेक, साठी हाते झरना, कालिकागढी गुराँसेडाँडा, पुरानीकोट लगायतका स्थानको प्रचार गरि पर्यटन विकास गरौँ।
- सुन्तला, अकबरे खुर्सानी, अदुवा, तरकारखेती जस्ता नगदेबालीको खेती गरि आर्थिक उन्नती गरौँ।
- कर समयमै तिरौँ, जिम्मेवार नागरिकको परिचय दिऔँ।
- जन्म, मृत्यु, बसाईँसराई, बिवाह, सम्बन्ध बिच्छेदजस्ता घटना ३५ दिन भित्र दर्ता गरौँ।
- एक बोट सयको नोट कार्यक्रमको फाईदा उठाऔँ।
- अगलागीबाट धनजनको क्षति हुने भएकाले आगो बाल्दा सावधानी अपनाऔँ।
- सफा पानी पिऔँ, पानीको स्रोत सधै सफा राखौँ।
- गर्भवती महिलाले कम्तिमा ४ पटक स्वास्थ्यकर्मीबाट गर्भ जाँच गराऔँ। सकेसम्म सरकारी स्वास्थ्य संस्था नै रोजौँ।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।

**अध्यक्ष : नारायण बहादुर कार्की**

**उपाध्यक्ष : कान्ता अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत : सुरेश भुसाल**

रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय परिवार, खस्यौली ,पाल्पा

**कृषि, पर्यटन, स्थानिय कृषि र पूर्वाधार समृद्ध बरेङ निर्माणको आधार॥**

**बरेङ गाउँपालिकाको अनुरोध**

- आफ्नो घर आँगन टोलबस्ती सधैँ सफा र हराभरा राखौँ।
- गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔँ।
- बालविबाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौँ।
- आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौँ।
- जन्म, मृत्यु, बसाईँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔँ।
- गाउँपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौँ।
- बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔँ। बालमैत्री ब्यवहार कायम गरौँ।
- आफ्नो घर वरपर रुख विरुवा रोपी हरियाली र सुन्दर नगर बनाऔँ।
- अर्गानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ्य जीवन बिताउँ।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।

**अध्यक्षः कृष्ण प्रसाद शर्मा,**

**उपाध्यक्षः दिलिप कुमार पुन,**

**प्रमुख प्रशासकिय अधिकृतः बद्रिनाथ पोखरेल**

एवम् बरेङ गाउँकार्यपालिकाको कार्यालय परिवार, हुग्दीशिर, बागलुङ, गण्डकी प्रदेश

# रेडियो नेपालको वार्षिक योजना र सम्पन्न गतिविधि : २०८२



सुरेन्द्रप्रसाद यादव

२००७ साल चैत्र २० गतेबाट विधिवत् रूपमा प्रसारण आरम्भ गरेको रेडियो नेपाल २०८२ साल चैत्र २० गतेबाट ७६ औँ वर्षमा प्रवेश गर्दैछ। यस पावन अवसरमा रेडियो नेपाललाई यो अवस्थासम्म ल्याउन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग सद्भाव प्रदान गर्नुहुने आदरणीय श्रोता, गीत, सङ्गीत एवम् साहित्य सर्जक, स्रष्टा, नेपाल सरकार तथा सरकारका विभिन्न मन्त्रालय विभाग एवं सरकारी तथा गैह्र सरकारी कार्यालयहरू, नीजि संघ, संस्थाहरू, विज्ञापन दाता तथा सरोकारवाला सवैमा हार्दिक आभार सहित कृतज्ञता व्यक्त गर्दछौं।

नेपालको संविधानद्धारा नेपाली जनतालाई प्रत्याभूत गरिएको सूचनाको हक र अभिव्यक्तिको स्वतन्त्रता अनुरूप रेडियो नेपालले विभिन्न कार्यक्रम तथा समाचारहरू एवम् समावेशी प्रसारण मार्फत विभिन्न भाषा एवम् भूगोलमा बसोबास गर्ने समुदाय बिच आपसी सद्भाव र भाइचारा कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै, राष्ट्रिय एकता कायम गर्ने र समृद्ध नेपाल निर्माण गर्न सही सूचना प्रसारण मार्फत योगदान गर्दै आइरहेको छ। शुभारम्भमा प्रसार विभाग हुँदै "विकास समिति ऐन, २०१३" अनुसार रेडियो नेपाल २०४१ साल भदौ १ गतेदेखि २०८१ सालसम्म ४० वर्षभन्दा बढी रेडियो प्रसार सेवा विकास समितिका रूपमा सञ्चालन भएको थियो। हाल विसं. २०८१ कार्तिक २३ (इ.सं. ८ November २०२४) बाट "सार्वजनिक सेवा प्रसारण ऐन, २०८१" अनुसार रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरी सार्वजनिक सेवा प्रसारण नेपाल, (Public Service Broadcasting PSB Nepal) मा रूपान्तरित भएको छ।

आगामी दिनहरूमा आम नागरिकको चासो र सरोकारका सवालमा थप जिम्मेवार हुँदै अगाडि बढ्नुपर्ने चुनौती र जिम्मेवारी बहन गर्नुपर्ने महसुस भएको छ। यसै सन्दर्भमा २०८२ बैशाखदेखि २०८२ फागुन मसान्तसम्ममा वार्षिक स्वीकृत कार्यक्रम अनुसार रेडियो नेपालले सम्पन्न गरेका मुख्य-मुख्य उपलब्धिहरूको सङ्क्षिप्तमा चर्चा गरिएको छ।

## प्रसारण प्रविधि तर्फः-

भू-सतही प्रविधि मार्फत देशको सवै भू-भागमा प्रसारण पहुँच पुर्‍याउने उद्देश्य अनुसार यस वर्ष गण्डकी प्रदेशको उपल्लोकोटमा एफ.एम. रिले प्रसारण केन्द्र स्थापना भएसँगै देशै भरिमा रेडियो नेपालका एफ.एम. रिले केन्द्रहरूको संख्या ३६ पुगेको छ। यी एफ.एम. रिले केन्द्रहरूका अतिरिक्त रेडियो नेपालले ३ वटा मिडियम वेभ स्टेसनबाट समेत आफ्नो प्रसारण सेवा सञ्चालन गरिरहेको छ।

त्यसैगरी प्रविधिमा आएको परिवर्तन र श्रोताका चाहनाअनुसार डिजिटल प्लेटफर्म अन्तर्गत अनलाइन न्यूज पोर्टल, रेडियो नेपाल एप, ओ.टी.टी र सोसल मिडिया मार्फत आफ्नो प्रसारणलाई संसारभरि फैलाएको छ भने भू-सतही प्रविधि प्रसारण पहुँच वृद्धि गर्ने सिलसिलामा हालसम्म ९४ प्रतिशत

जनसंख्यामा रेडियो नेपालका पहुँच पुगेको छ भने श्रोताको रोजाइ र प्रभावकारी प्रविधिका कारण रेडियो नेपालले एफ.एम. व्याण्डमा आफ्नो सेवालाई देशैभरि विस्तार गर्दै लगेको छ। यसै आर्थिक वर्ष भित्र मधेश प्रदेशको जनकपुरमा नयाँ एफ.एम. प्रसारण केन्द्र स्थापना गर्ने कार्य अघि बढेको छ।

यसै वर्ष प्रादेशिक प्रसारण कार्यालय कर्णाली प्रदेश सुर्खेतबाट खस भाषामा समाचार तथा कार्यक्रम प्रसारण सुरु भएको छ। यसरी रेडियो नेपालबाट प्रसारित हुने समाचार २६ भाषामा र २५ भाषामा कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको छ।

श्रोता समक्ष गुणस्तरीय प्रसारण पुऱ्याउन केन्द्रीय स्टुडियोदेखि प्रादेशिक प्रसारण केन्द्रसम्म र एफ.एम. रिले केन्द्रसम्म ई लिङ्क स्थापना गर्ने क्रममा गण्डकी प्रदेशको पोखरा, बन्दीपुर, दाउन्ने, गोरखा, कोशी प्रदेशको इलाम, भेडेटार धनकुटा तथा मधेश प्रदेशको बर्दिबास जितपुर सिमरा लगायतका स्थानहरूमा Program Distribution Network Link स्थापना भएको छ। लुम्बिनी प्रदेशको दाङमा एकस्टिक सहितको स्टुडियो भवन र प्रादेशिक प्रसारण कार्यालयको भवन निर्माण कार्य सम्पन्न भई नयाँ स्टुडियोबाट कार्यक्रम उत्पादन र प्रसारण सुरु हुन लागेको छ।

- प्रसारण निरन्तरताका लागि यसै वर्ष प्रादेशिक प्रसारण केन्द्र धनकुटा र पोखरामा नयाँ Audio Mixer जडान गरिएको। जुम्ला एफ.एम. प्रसारण केन्द्रका लागि नयाँ Monitor खरिद गरी जडान गरिएको।
- रोल्पा प्रसारण केन्द्रको UPS मर्मत संभार गरिएको।
- त्यसैगरी दाङ, बुडितोला र पाल्पा रिलेकेन्द्रका ट्रान्समिटर मर्मत संभार गरी संचालन गरिएको।
- भेडेटार स्थित एफ.एम. १०० मेघाहर्जको मर्मत संभार गरी सुदृढ गरिएको
- V–sat Link भैसेपाटी, पोखरा र बर्दिबासमा जडान गरिएको।
- Desktop, Router, Hard disk लगायतका उपकरणहरू जडान गरी Digital Platform थप सुदृढ गरिएको छ।
- त्यसैगरी केन्द्रीय प्रसारणमा एक Digital Studio स्थापना, प्रादेशिक प्रसारण कार्यालय बर्दिबासमा एकस्टिक सहितको स्टुडियो र धरान प्रसारण केन्द्रमा स्टुडियो सहित Connectivity Link स्थापना गरी नियमित प्रसारण सञ्चालन गर्ने कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने प्रक्रियामा रहेको छ।

### प्रसारण सामग्रीतर्फः

सार्वजनिक सेवा प्रसारणमा रूपान्तरित भएको रेडियो नेपालले आफ्ना सबै प्रसारण सामग्रीमा सार्वजनिक सेवा प्रसारणका विशेषता अनुरूप कार्यक्रमहरू प्रसारण गर्न तालिम, अन्तरक्रिया र कार्यशाला गोष्ठीहरू सम्पन्न गरेको छ। देशका विभिन्न स्थानहरू जस्तैः सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ् र उदयपुर लगायतका स्थानहरूमा स्थलगत रिपोर्टमा आधारित बहस सम्पन्न गरी कार्यक्रम उत्पादन तथा प्रसारण गरिएको छ। जस्ले गर्दा स्थानीय स्तरमै रेडियो नेपालका प्रसारकहरू पुगी आम नागरिकका समस्या उजागर हुनुका साथै सरोकारवाला निकायहरूको ध्यानाकर्षण हुन थप

दबाब सिर्जना हुनुका साथै स्थानीय स्तरका सम्भावना, अवसर र पहिचानलाई बढावा दिन मद्दत पुग्ने विश्वास छ।

यसै वर्ष सम्पन्न आम निर्वाचन २०८२ तथा विगत २०७२ को विनाशकारी महाभूकम्प र कोभिड १९ महामारी जस्ता विपद्का बेलामा पनि रेडियो नेपालले २४ सै घण्टा आफ्नो नियमित प्रसारण मार्फत विगत देखि नै रेडियो नेपालले सार्वजनिक सेवा प्रसारणको भूमिका र अभ्यास गर्दै आएको छ।

रेडियो नेपालका समावेशी कार्यक्रमहरूमा राज्यको समावेशी नीति अनुरूप समेट्नु पर्ने विषयवस्तुको उद्देश्य अनुरूप यस वर्ष सार्वजनिक सेवा प्रसारणको सुदृढीकरण कोशी प्रदेश सरकारसँग संवाद र सहकार्य विषयक अन्तरक्रिया कार्यक्रम विराटनगरमा सम्पन्न गरिएको छ। त्यसै गरी मधेश प्रदेश वर्दिबास, कोशी प्रदेश धनकुटा र सञ्चारग्राम विराटनगरका कार्यक्रम र समाचारमा कार्यरत कर्मचारीहरू एवम् स्थानीय संवाददाताहरूलाई समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारणसम्बन्धी २ दिने तालिम विराटनगरमा सम्पन्न गरिएको छ।

बागमती प्रदेशअन्तर्गत समाचार/कार्यक्रममा कार्यरत कर्मचारीहरू एवम् स्थानीय संवाददाताहरूको लागि समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारण सम्बन्धी २ दिने तालिम केन्द्रीय कार्यालय सिंहदरबारमा सम्पन्न गरिएको छ भने सुदूरपश्चिम, कर्णाली तथा लुम्बिनी प्रदेशको कार्यक्रम र समाचार तथा स्थानीय संवाददाताहरू र कर्मचारीहरूलाई समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारणसम्बन्धी २ दिने तालिम लुम्बिनी प्रदेशको कोहलपुरमा सम्पन्न गरिएको छ। रेडियो नेपालका कार्यक्रमहरू थप समावेशी बनाउन र सोही अनुरूपका विषयवस्तुलाई स्थान दिन तथा परिमार्जन गर्न महत्त्वपूर्ण पृष्ठपोषण भएको छ। सार्वजनिक महत्त्वको विभिन्न पर्व, दिवस तथा अन्य राष्ट्रिय विशेष समारोह कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण सहित विशेष कार्यक्रमहरू उत्पादन र प्रसारण गर्नुले पनि सार्वजनिक सेवा प्रसारणको रूपमा रेडियो नेपालले भूमिका निर्वाह गरिरहेको व्यतित नै हुन्छ।

रेडियो नेपालमा रहेका गीत/सङ्गीत र अन्य महत्त्वपूर्ण श्रव्य सामग्रीहरूलाई संरक्षण संवर्धन गरी ओ.टि.टि. एप्स मार्फत थप आय आर्जन गर्ने व्यवस्था समेत मिलाइएको छ। यस वर्ष ४००० वटा र हालसम्म करिब १४७०० वटा श्रव्य सामग्रीहरू नयाँ आर्काइभ सिष्टममा डिजिटाइज्ड भएको तथा पुरानो आर्काइभ सिष्टममा ४६३५८ वटा श्रव्य सामग्रीहरू डिजिटाइज्ड भएर सङ्गृहीत छन्। यसरी पुरानो प्रविधिमा रहेका कालजयी गीत सङ्गीत र अन्य महत्त्वपूर्ण श्रव्य सामग्रीहरू नयाँ डिजिटल प्रविधिमा रूपान्तरण गर्ने कार्य निरन्तर सञ्चालन गर्नुपर्ने देखिन्छ। गीत, सङ्गीतको संरक्षण, संवर्धन, र प्रवर्द्धन गर्ने उद्देश्यले रेडियो नेपालले यस वर्ष पनि शास्त्रीय सङ्गीत सम्मोलन गर्नुका साथै रेडियो नेपालको स्टुडियोमा शास्त्रीय सङ्गीत कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको छ।

### विकास निर्माण तर्फः–

यस वर्ष रेडियो नेपालको प्रादेशिक प्रसारण कार्यालय, लुम्बिनी प्रदेश दाङको प्रशासनिक भवन र स्टुडियो भवन (एकस्टिक सहित) को निर्माण कार्य सम्पन्न भएको छ। यसपश्चात् प्रादेशिक प्रसारणमा उत्पादन र प्रसारण हुने रेडियो कार्यक्रममा गुणस्तरीयता ल्याउन सहज भएको छ। त्यसैगरी यसै आ.व. भित्र प्रादेशिक प्रसारण कार्यालय मधेश प्रदेशको बर्दीबासमा प्रशासनिक भवन र एकस्टिक

सहितको स्टुडियो निर्माण कार्यका लागि प्रकृया अगाडि बढिसकेको छ।  अन्य प्रादेशिक प्रसारण केन्द्रहरूमा भवन तथा पर्खालहरूको मर्मत सम्भार कार्य र एफ.एम. रिले केन्द्रहरूमा प्लम्बिङ, विद्युत वाएरिङ लगायत मर्मत सम्भार कार्यहरू सम्पन्न भएका छन्। सिंहदरबार स्थित रेडियो नेपालको ऐतिहासिक (२००७) साल भवनको पूनः निर्माणको कार्य संघीय सरकारको सहयोगमा सम्पन्न भई हस्तान्तरण हुने प्रक्रियामा रहेको छ।

अन्तमा मुलुकको जेठो अग्रणी प्रसारण संस्था रेडियो नेपाल २०८२ चैत्र २० गते ७५औं वर्ष पूरा गरी ७६ औं वर्षमा प्रवेश गर्दै गरेको सन्दर्भमा ७६ औ वार्षिकोत्सव भव्यताका साथ मनाउन विविध कार्यक्रमहरूका साथै गीत, संगीत, कला क्षेत्रमा लामो समय योगदान पुऱ्याउने हुने स्रष्टाको सम्मान, शास्त्रीय सङ्गीत सम्मेलन लगायतका विभिन्न कार्यक्रमहरू सम्पन्न हुँदैछ।

२०८१ कार्तिक २३ गतेबाट लागु हुने गरी रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारण नेपालमा रूपान्तरित भई पहिलो वर्षगाठ गत कार्तिक २३ गते भव्य समारोहका बिच मनाइएको छ। यस १ वर्षको अवधिमा रेडियो नेपालले अझ बढी नागरिक केन्द्रित जनउत्तरदायी, निष्पक्ष सूचना, समाचार तथा कार्यक्रम उत्पादन र प्रसारण गरी सार्वजनिक महत्त्वका विषयवस्तुलाई समेट्ने कार्यमा श्रोताहरूको साथ र सहयोग प्राप्त भएको छ। हालै सम्पन्न आमनिर्वाचन २०८२ को पूर्वतयारी अवस्था, निर्वाचनको समयमा र निर्वाचन पश्चात् मतगणनाको परिणम सहितको सम्पूर्ण जानकारी प्रत्यक्ष रूपमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण श्रोता समक्ष पऱ्याउन सफल भएको छ।

यसरी स्रोताका चासो र आवश्यकतालाई मध्यनजर गर्दै समसायीक विषयवस्तु पस्कन निरन्तर जुटिरहनु पर्ने देखिन्छ तथा सार्वजनिक सेवा प्रसारण ऐन २०८१ मा व्यवस्था भए बमोजिम सम्बन्धित निकाय र  श्रोता मार्फत सुझाव सल्लाह र मार्गनिर्देशन प्राप्त हुने अपेक्षा छ। आगामी दिनमा रेडियो नेपालको प्रसारण पहुँच वृद्धि, गुणस्तरीय प्रसारण र  युग सुहाउँदो नयाँ प्रविधि अङ्गिकर गर्दै, प्रसारण सामग्रीलाई थप समावेशी र समय सापेक्ष सार्वजनिक सेवा प्रसारणको मुल मर्मअनुरुप सञ्चालन गर्दै लैजानु पर्ने प्रतिवद्धता सहित ७६ औं वार्षिकोत्सवको यस पुनित अवसरमा पुनः एक पटक आदरणीय श्रोता, स्रष्टा र सर्जक एवम् विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरू, विज्ञापन दाताहरू र सरोकारवाला सवै प्रति हार्दिक आभार प्रकट गर्दछौं।

*(प्रस्तुतकर्ता रेडियो नेपाल योजना विकास तथा विस्तार महाशाखा प्रमुख हुनुहुन्छ।)*

**श्रम सहकारी, पर्यटन, कृषी उद्योग र पूर्वाधारः**
**गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार ॥**

**ताराखोला गाउँपालिकाको अनुरोध**

- ❑ सबै गाउँपालिकाबासीले आफ्नो टोल, चोक गल्ली, बाटोघाटोका सबै सार्वजनिक जग्गा, मठ-मन्दिर, पाटी-पौवा, नदिनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं।
- ❑ गाउँपालिकालाई बुझाउनुपर्ने करहरु (सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगाएत अन्य सबै किसिमका कर तथा दस्तुरहरु) समयमै बुझाऔं।
- ❑ गाउँपालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौं।
- ❑ व्यक्तिगत घटनाहरु (जन्म, विवाह, बसाइसराई, सम्बन्धविच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गर्ने गरौं।
- ❑ गाउँपालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै गाउँपालिकाबासीले सहयोग गरौं।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्षः धन बहादुर वि.क.
उपाध्यक्षः भिम बहादुर रोका
प्रमुख प्रशासकिय अधिकृतः बिमल रिजाल
एवम् ताराखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
अर्गल बागलुङ

**श्रम सहकारी, पर्यटन, कृषी उद्योग र पूर्वाधारः**
**गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार ॥**

**बागलुङ नगरपालिकाको अनुरोध**

- ❑ राष्ट्रिय आर्थिक गणना २०८३ सफल बनाउन आफ्नो घर, व्यवसाय र संस्था सम्बन्धि यथार्थ विवरण उपलब्ध गराऔं।
- ❑ गणक र सुपरिवेक्षकहरुलाई आवश्यक सूचना उपलब्ध गराउने, सहजीकरण गर्ने र उनिहरुको कार्यमा सहजवातावरण सिर्जना गरौं।
- ❑ उद्योग, व्यापार, सेवा, सहकारी लगाएत सबै आर्थिक गतिविधिमा संलग्न व्यक्ति तथा संस्थाहरुले अनिवार्य सहभागिताका साथ तथ्यांकलाई पूर्ण र विश्वसनिय बनाउन सहयोग गरौं।
- ❑ आर्थिक गणनालाई राष्ट्रिय अभियानका रुपमा ग्रहण गरौं।
- ❑ सही र यथार्थ विवरण प्रदान गर्नु नागरिकको दायित्व र कर्तव्य भएको ले सुचना नलुकाऔं, गलत सुचना नदिऔं।
- ❑ गणना अवधिभर नगरपालिका संग समन्वय, सहकार्य र सद्भाव कायम राख्दै अभियान सफल पारौं।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

नगर प्रमुख : बसन्त कुमार श्रेष्ठ
उपप्रमुख : राजु खड्का,
प्रमुख प्रशासकिय अधिकृत : इश्वरी प्रसाद शर्मा
बागलुङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
गण्डकी प्रदेश, बागलुङ, नेपाल

**कृषि, पर्यटन, स्थानिय कृषि र पूर्वाधार,**
**समृद्ध निसिखोला निर्माणको आधार ॥**

**निसिखोला गाउँपालिकाको अनुरोध**

- ☞ निसेलढोरको सम्पदा पहिचान र संरक्षण गरौं।
- ☞ आफ्नो घर आँगन टोलबस्ती सधैं सफा र हराभरा राखौं।
- ☞ गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔं।
- ☞ बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- ☞ आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौं।
- ☞ जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- ☞ गाउँपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौं।
- ☞ बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔं। बालमैत्री ब्यवहार कायम गरौं।

रेडियो नेपालको ७६ औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्षः सूर्य बहादुर घर्ति,
उपाध्यक्षः प्रेम बहादुर घर्ति मगर,
प्रमुख प्रशासकिय अधिकृतः जिवन पुन मगर
एवम् निसिखोला गाउँकार्यपालिकाको कार्यालय परिवार, देविस्थान,
बागलुङ, गण्डकी प्रदेश

**'शिक्षित जनशक्ति, सभ्य समाजः**
**समृद्ध गोरखाको मुख्य आधार।'**

आउनुहोस्, सामाजिक कुरीती, विभेद र हिंसा विरुद्ध एकजुट बनौं।

आफ्ना बालबालिकालाई विद्यालय पठाऔं, युवालाई सीप सिकाऔं र ज्येष्ठ नागरिकको सम्मान गरौं। हाम्रो सानो प्रयासले नै समाज परिवर्तन सम्भव छ।



एकीकृत सेवा कार्यालय, गोरखा

## वार्षिक तालिम गतिविधिहरूको एक झलक


*कुमार धिताल*

सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालले गत वर्षहरू झैं यस वर्ष (२०८१ चैत २१ गतेदेखि २०८२ फागुन मसान्तसम्म) पनि कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न विषयगत तालिम, कार्यशाला, गोष्ठी र अन्तर्क्रिया सञ्चालन भएका छ। रेडियो नेपालमा सञ्चालन भएका कार्यक्रमका अतिरिक्त अन्तर्राष्ट्रिय स्तरको तालिम/कार्यशालामा समेत सहभागिता जनाएका छौं। अन्तराष्ट्रिय प्रसारण संगठन Asia ( Pacific Broadcasting Union (ABU) 1 July, 1964 / Asia - Pacific Institute for Broadcasting Development (AIBD) 12 August, 1977 को संस्थापक सदस्य भएको र यी संस्थाबाट सञ्चालन भएका सूचना/प्रविधि र विकास विस्तारसम्बन्धी तालिम/कार्यशाला/सेमिनारहरूमा सहभागी हुँदै आएको छौं। साथै, सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालले तालिम/कार्यशाला सञ्चालनको संयोजन तथा व्यवस्थापन प्रशासन महाशाखा अन्तर्गत तालिम शाखाले गर्दै आएको छ। सामान्यतया: देहायका कार्यहरूको संयोजन गर्दछ:

- ❑ तालिम/कार्यशालाको प्रशासनिक कार्यहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने,
- ❑ अन्तर्राष्ट्रिय तालिम/कार्यशालामा सहभागीताका लागि कर्मचारी मनोनयन गर्ने,
- ❑ सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको समग्र कार्यपद्धति तथा प्रणालीको अवलोकन गर्न सरकारी, गैर सरकारी, शैक्षिक सस्था र सूचना तथा प्रविधि सम्बन्धी तालिम दिलाउने प्रशिक्षण केन्द्रबाट आउने विद्यार्थी तथा प्रशिक्षर्थीहरूका लागि सहजीकरण गर्ने,
- ❑ प्रविधि, कार्यक्रम तथा समाचारसँग सम्बन्धित विषयमा अध्ययनरत विद्यार्थीहरूका लागि माग भए बमोजिम क्ष्लतभचलकजष्ठ को व्यवस्था मिलाउने,
- ❑ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आयोजन गर्ने सेवाकालीन तालिम तथा अन्य विषयगत तालिम/कार्यशालामा सहभागिताका लागि मनोनयनको प्रशासनिक कार्य गर्ने।

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालमा कार्यरत कर्मचारीहरूको कार्य क्षमतामा अभिवृद्धिको लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने संस्थाहरू:

- ❑ Asia - Pacific Broadcasting Union (ABU) International Training
- ❑ Asia - Pacific Institute for Broadcasting Development (AIBD) International Training
- ❑ दक्षिण कोरिया K-Link को ICT Expert Training Program
- ❑ BBC Media Action (BRIDGES Project)
- ❑ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
- ❑ अन्य गैर सरकारी संस्थाबाट संचालन हुने सूचना र प्रविधि सम्बन्धी तालिम।

❑ नेपाल सरकार र सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालबाट संचालन हुने आन्तरिक तालिमहरू

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालले अर्न्तराष्ट्रिय प्रसारण संगठन संस्था AIBD र ABU को संस्थापक सदस्य रहेकोले अर्न्तराष्ट्रिय जगतमा सञ्चालन हुने सूचना तथा प्रविधिको विषयमा हुने विकास विस्तार सम्बन्धी तालिम, गोष्ठी, कार्यशाला र अन्य गतिविधिहरूमा सहभागी हुँदै आएको छ ।

| | | |
|---|---|---|
| डा. महेन्द्र विष्ट<br>कार्यकारी अध्यक्ष<br>सार्वजनिक सेवा प्रसारण नेपाल | AIBD Asia Media Summit & Pre - Summit Workshop (AMS) | 21 - 24 July, 2025<br>Siem Reap Combodia |
| डा. महेन्द्र विष्ट<br>कार्यकारी अध्यक्ष<br>सार्वजनिक सेवा प्रसारण नेपाल | 9th ABU Media Summit on Climate Action and Disaster Prevention | 25-27 November, 2025<br>Sri Lanka |
| श्री नेहा श्रेष्ठ<br>डिभिजनल ईन्जिनियर | Media & Culture days 2025<br>ABU | |
| डा.जनार्दन विष्ट<br>उप–निर्देशक | AIBD Strategic Planning Team (SPT) Members | 2026-2027<br>Nomination |

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आयोजनामा वार्षिक कार्य तालिका अनुसार नेपाल सरकारका सरकारी र सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरूको दक्षता/क्षमता अभिवृद्धि गर्न सेवाकालीन तालिम संचलान गर्दै आएको छ । उक्त संस्थाले रेडियो नेपालका कर्मचारीहरूको वृद्धि विकासका साथै संस्थागत कार्यसम्पादनमा सहजीकरण गर्न तालिम प्रदान गर्दै आएको छ । यसवर्ष सेवाकालिन ता( लममा सहभागी कर्मचारीहरू:

| | | |
|---|---|---|
| श्री मनोज कुमार चौधरी<br>निर्देशक | Training Program on Financial management: ( Financial, Analysis, Capital Budgeting and Procurement) | २०८२ वैशाख २२ देखि २६ गते सम्म ५ कार्यदिन |
| श्री क्षेत्रबहादुर भण्डारी<br>प्रशासकीय अधिकृत | Professional Course on Management (PCMD) | २०८२।०४।२२ गते देखि ३२ कार्य दिने |

| | | |
|---|---|---|
| श्री हेमन्तराज उप्रेती<br>कार्यक्रम अधिकृत | Professional Course on Management (PCMD) | २०८२।०४।२२ गते देखि ५ कार्य दिने |
| श्री अनुराधा थापा<br>उप निर्देशक<br>श्री राजनकुमार कार्की<br>मुख्य कार्यक्रम अधिकृत | Management Development Program | २०८२।०८।०८ गते देखि १२ गते सम्म जावलाखेल, ललितपुर |
| श्री धर्मेन्द्र रावल<br>वरिष्ठ प्रशासकीय अधिकृत | Negotation Skillt | २०८२।०८।१५ गते देखि १८ गते सम्म |
| श्री किरण अर्याल<br>मुख्य प्रशासकीय अधिकृत | Advanced Course on Management and Development (ACMD 4) | २०८२।०८।११ गते देखि ४० कार्य दिन |
| श्री विमल अधिकारी<br>प्रशासकीय अधिकृत | Professional Course on Management and Development (PCMD 8) | २०८२।०८।१० गते देखि ३२ कार्य दिन |
| श्री वेग बहादुर पुलामी<br>प्रशासकीय अधिकृत | Professional Course on Management and Development (PCMD 8) | २०८२।०८।१० गते देखि ३२ कार्य दिन |

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाललाई विभिन्न विषयमा सरकारी ताथा गैर सरकारी संस्थाबाट समेत तालिमको अवसर प्राप्त हुने भएकोले यस वर्ष क्रियाशिल पत्रकार महिला (WWJ) र सेन्टर फर मिडिया रिसर्च नेपाल (CMR) को संयूक्त आयोजनामा बालकुमारी, ललितपुरमा सञ्चालन भएको र उक्त अडियो र भिडियो पत्रकार विषयक तालिममा कार्यक्रम सञ्चालक श्री रुक्मिणी पोखरेल (मिति २०८२।०८।१५ गते देखि १९ गते) सहभागी हुनु भएको छ ।

त्यसैगरी BBC Media Action र सार्वजनिक सेवा प्रसारण बिच भएको BRIDGES परियोजनाको सन्दर्भमा रेडियो नेपाल र नेपाल टेलिभिजनका कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न तालिम/कार्यशाला तथा अन्तर्क्रिया सम्पन्न भएका छन् । खास गरेर जलवायु तथा मौसम सूचना प्रणालीका सम्बन्धमा जानकारीमूलक कार्यक्रमहरू सम्पन्न भए ।

## कार्यक्रम तथा समाचारका विषयसँग सम्बन्धित अन्तर्क्रिया

१. सार्वजनिक सेवा प्रसारण नेपाल रेडियो नेपालको विविधता, विशिष्टता, पहुँच, प्रभाव र प्रवर्द्धन सरोकारवालासँग विषयवस्तुको रूपान्तरण बहस कार्यक्रम २०८२ जेठ ९ गते ।

सार्वजनिक सेवा प्रसारण नेपालले आफ्ना कार्यक्रम तथा समाचारका विषयवस्तुका क्षेत्रमा आगामी वर्षको कार्ययोजना निर्माणका लागि विज्ञ तथा सरोकारवालाहरूसँग छलफल गरि प्राप्त सुझाव समेटी कार्ययोजनालाई चुस्तदुरुस्त (SMART), विशिष्ट (Specific), मापनयोग्य (Measurable), हासिल

गर्न सकिने (Achievable), यथार्थ (Realistic) र समयसीमा (Timely) भित्र सम्पन्न गर्न सकिने र नागरिक केन्द्रित विषयवस्तु निर्माण गर्ने सन्दर्भमा सरोकारवला विज्ञ तथा कर्मचारीहरूको सहभागीतामा गहन छलफल गरी राय/सुझाव संकलन गरियो ।

| क्र.स. | प्रतिनिधित्व समूह | नामथर | संस्थाको नाम |
|---|---|---|---|
| १. | अपाङ्गता | डा. वीरेन्द्रराज पोखरेल | विशेष शिक्षा परिषद्, विज्ञ सदस्य संयोजक एविलिस फाउन्डेशन पूर्व अध्यक्ष, राष्टिय अपाङ्ग महासंघ नेपाल |
| २. | जेष्ठ नागरिक | श्री विजया दाहाल | अग्र समाज नेपाल |
| ३. | जेष्ठ नागरिक | श्री गोविन्द निरौला | अग्र समाज नेपाल |
| ४ | महिला | श्री ननिता खत्री | समुदायस्तर यूवा |
| ५. | महिला /समाज सेवा | श्री महेश्वरी विष्ट | सामाजिक अभियन्ता |
| ६. | युवा | डा.दीपेश घिमिरे | त्रिभुवन विश्वविद्यालय |
| ७. | दलित | श्री गौरा नेपाली | महासचिव, दलित महिला नेपाली |
| ८. | पर्यटन | श्री भरतबन्धु थापा | पर्यटन प्रवर्धक |
| ९. | पर्यटन | श्री देवीकृष्ण रोकाय | मुगु, श्रोता, युवा व्यावसायी |
| १० | उपभोक्ता हक अधिकार | श्री माधव तिमिल्सिना | अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च |
| ११. | साहित्य | डा. पुरण राई | साहित्यकार |
| १२. | विपद् | श्री विनोद पराजुली | विपद् । जलवायु, गैरसरकारी संस्था |
| १३ | गीत–संगीत | श्री चन्द्र शर्मा | पूर्व अध्यक्ष, राष्ट्रिय लोकदोहरी प्रतिष्ठान |
| १४ | दनुवार भाषा | श्री सूर्यमाया दनुवार | उपप्रमुख, पांचखाल नगरपालिका, काभ्रे |
| १५. | तामाङ भाषा | श्री बाबुलाल तामाङ | श्रोता |
| १६. | उर्दु भाषा | श्री जाकिर हुसेन | मुस्लिम समाज, सुनसरी |
| १७ | शेर्पा भाषा | श्री पेम्वा शेर्पा | श्रोता |
| १८. | नेपाल भाषा | श्री कृष्णराम किसी | ख्वपः कलेज, पत्रकारिता विभाग प्रमुख |
| १९. | हिन्दी भाषा | श्री चुडामणि यादव | अधिवक्ता |

## रेडियो नेपालको तर्फबाट सहभागीहरू

| | | | |
|---|---|---|---|
| १. | कार्यकरी अध्यक्ष | डा.महेन्द्र विष्ट | सार्वजनिक सेवा प्रसारण नेपाल |
| २. | सञ्चालक समिति सदस्य | श्री अनिता गुरूङ | सार्वजनिक सेवा प्रसारण नेपाल |
| ३. | का.मु. प्रमुख प्र.अधिकृत | श्री विष्णुराम न्यौपाने | सार्वजनिक सेवा प्रसारण नेपाल |
| ४. | नायव कार्यकारी निर्देशक | श्री चन्द्रभुषणलाल दास | सार्वजनिक सेवा प्रसारण नेपाल |
| ५. | नि.ना.का. निर्देशक | श्री पुष्करराज गौतम | सार्वजनिक सेवा प्रसारण नेपाल |
| ६. | निर्देशक, व्यापार महाशाखा | श्री गोपाल थापा | सार्वजनिक सेवा प्रसारण नेपाल |

| | | | |
|---|---|---|---|
| ७. | निर्देशक | श्री मनोजकुमार चौधरी | सार्वजनिक सेवा प्रसारण नेपाल |
| ८. | निर्देशक, समाचार महाशाखा | श्री पवनकुमार प्याकुरेल | सार्वजनिक सेवा प्रसारण नेपाल |
| ९. | प्रमुख कार्यक्रम महाशाखा | श्री ताराप्रसाद वस्ती | सार्वजनिक सेवा प्रसारण नेपाल |
| १०. | उपनिर्देशक समाचार | श्री जनार्दन विष्ट | सार्वजनिक सेवा प्रसारण नेपाल |
| ११. | उपनिर्देशक कार्यक्रम | श्री माया (प्रज्ञा) वली | सार्वजनिक सेवा प्रसारण नेपाल |
| १२. | उपनिर्देशक समाचार | श्री प्रमोदकुमार सिंह | सार्वजनिक सेवा प्रसारण नेपाल |

लगायत कार्यक्रम, समाचार र इन्जिनियरिङ महाशाखामा कार्यरत ५२ जना कर्मचारीहरू

२. तीज विशेष कार्यक्रम/तनाव व्यवस्थापन (मनोपरामर्श) विषयक १ दिने कार्यक्रम २०८२ भाद्र १ गते।



सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालमा कार्यरत महिला कर्मचारी र पूर्व महिला कर्मचारीहरूका लागि रेडियो नेपालको तालिम हल सिंहदरबारमा मिति २०८२ भाद्र १ गते आइतवार हरितालिका तिजको अवसरमा तनाव व्यवस्थापन (मनोपरामर्श) विषयक १ दिने अर्न्तक्रिया कार्यक्रमको आयोजना रेडियो नेपाल र रेडियो नेपालमा कार्यरत दिदी वहिनी समुहको उपस्थितीमा सम्पन्न भयो।

उक्त कार्यक्रमको प्रमुख अतिथी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्रीमान् राधिका अर्यालले सामाजिक विविधताको पर्वका रुपमा रहेको हरितालिका तीजको सकरात्मक पक्ष ग्रहण गर्दै अगाडि वढ्नुपर्नेमा जोड दिनु भयो। साथै, सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा. महेन्द्र विष्टले यस पर्वलाई सामाजिकीकरणको विषयसंग जोडेर हेर्नुपर्ने विषयमा जोड दिनुभयो। अन्तरक्रिया कार्यक्रमा विज्ञ प्रशिक्षक मनोविद् खिमा रिजालले महिला कर्मचारीको समस्या, कार्यवातावरणको अवस्था र दैनिक रुपमा पारिवारिक व्यवस्थापन लगायतका विषयले निम्त्याउने तनावलाई कम गर्न प्रशिक्षण दिनु भएको थियो। उहाँले वर्तमान समयको जटिल परिस्थितिबाट सिर्जित समस्या निरुपणमा वैयक्ति तथा सामुहिक अभियानबाट नै समाधान खोज्नुपर्ने विषयमा जोड दिनुभयो।

त्यसैगरी, दिदीवहिनी समुहका अध्यक्ष प्रज्ञा शरद र उपाध्यक्ष चन्दाविष्टले यस्तो प्रकारका कार्यक्रमबाट दिदीबहिनीहरूबिच सकारात्मक सोचको विकास हुने र अगाडिको यात्रालाई मजबुत गर्न सहयोग पुग्ने धारण समेत राख्दै तीज पर्वको शुभकामना दिनु भयो र उक्त कार्यक्रमको संचालन भने यशोदा अधिकारीले गर्नु भएको थियो।

३. सार्वजनिक खरिद सम्बन्धी आधारभूत तालिम २०८२ माघ २८ गते देखि फागुन १ गते सम्म ।

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको आयोजना तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको प्राविधिक सहयोगमा रेडियो नेपालतर्फ २२ र नेपाल टेलिभिजनतर्फबाट १२ जना कर्मचारीहरूको क्षमता/दक्षता अभिवृद्धि गर्न सार्वजनिक खरिद सम्बन्धी तालिम संचालन गर्ने योजना अनुसार २०८२ माघ २६ गतेको निर्णय अनुसार मिति २०८२।१०।२८ गते देखि २०८२।११।०१ गते सम्म ३ दिन सार्वजनिक खरिद सम्बन्धी आधारभूत तालिम रेडियो नेपालको तालिम हल, सिंहदरवारमा संचालन भएको थियो । उक्त तालिम/कार्यशाला सार्वजनिक खरिद अनुगमन कार्यालयका निर्देशक श्री रचिन्द्र डंगोलको संयोजकत्व र शाखा अधिकृत श्री ताम्रप्रसाद काफ्लेको पूर्ण सहयोगमा संचालन भयो र तालिममा विज्ञ प्रशिक्षक र प्रशिक्षार्थी उच्च सहभागीता थियो ।

### सार्वजनिक खरिद अनुगमन कार्यालयको विज्ञ प्रशिक्षकहरूः

१. सहसचिव डा. धर्मेन्द्र कुमार झा
२. निर्देशक श्री विनोद कोइराला
३. निर्देशक श्री कृष्ण पुडासैनी
४. निर्देशक श्री मिना चगुठी
५. शाखा अधिकृत श्री दिलिप खड्का
६. ईन्जिनियर श्री सुभाष कुमार खड्का क्षेत्री
७. ईन्जिनियर श्री आशिष श्रेष्ठ
८. खरिद विज्ञ श्री कृष्णराज पन्त
९.कम्प्यूटर ईन्जिनियर श्री शरद कुमार दाहाल
१०. पूर्व कर्मचारी विज्ञ श्रीरामचन्द्र दंगाल

रेडियो नेपालको तर्फबाट सहभागीहरू

१. उप निर्देशक अनुराधा थापा
२. डिभिजनल ईन्जिनियर श्री नेहा श्रेष्ठ
३. मु.प्र.अधिकृत श्री किरण अर्याल
४. मु. प्रा. अधिकृत श्री मनोज कुमार साह
५. व.लेखा अधिकृत श्री निशान अर्याल
६. व.लेखा अधिकृत श्री नारायणीदेवी पोखरेल
७. व.लेखा अधिकृत श्री मनोज सिंह भण्डारी
८. व.प्र. अधिकृत श्री धर्मन्द्र कुमार रावल
९ व.प्राविधिक अधिकृत श्री भिम बहादुर वि.क.
१०. प्र. अधिकृत श्री विद्याप्रसाद उपाध्याय
११. लेखा अधिकृत श्री धनेश्वर खनाल
१२. लेखा अधिकृत श्री गौरव न्यौपाने
१३. प्राविधिक अधिकृत श्री ओम तखांछें श्रेष्ठ
१४. प्रशासकीय अधिकृत श्री देवकी पाण्डेय
१५. प्रशासकीय अधिकृत श्री क्षेत्रबहादुर भण्डारी
१६. प्राविधिक अधिकृत कृष्ण कुमार श्रेष्ठ
१७. प्रशासकीय अधिकृत श्री मनिषा आचार्य
१८. लेखा अधिकृत श्री लक्ष्मी कुंवर
१९. प्राविधिक अधिकृत श्री रामप्रकाश महतो
२०. सिभिल ईन्जिनियर श्री उज्वला सुवाल
२१. मेकानिकल ईन्जिनियर श्री नवीन चौधरी
२२. लेखापाल श्री तुलसीराम पौडेल
२३. प्रधान सहायक श्री तारा खतिवडा

## नेपाल टेलिभिजनको तर्फबाट सहभागीहरू

१. प्रमुख ईन्जिनियर श्री ओम प्रकाश श्रेष्ठ
२. कार्यकारी ईन्जिनियर श्री हरिप्रसाद भण्डारी
३. कार्यकारी ध्वनिनियन्त्रक श्री रामवावु अधिकारी
४. कार्यकारी ईन्जिनियर श्री सुनिल कुमार श्रेष्ठ
५. कार्यकारी लेखा अधिकृत श्री जमुनादेवी भट्टराई
६. ईन्जिनियर श्री अर्जुन कुमार बटाला
७. वरिष्ठ लेखा अधिकृत श्री हेमप्रसाद घिमिरे
८. कम्प्युटर अधिकृत श्री मधुकर विश्वकर्मा
९. प्राविधिक अधिकृत श्री लोक बहादुर खत्री
१०. प्रशासन अधिकृत श्री माया खत्री
११. वरिष्ठ सहायक ध्वनी श्री सुशिल अधिकारी
१२. वरिष्ठ सहायक प्रशासन श्री सन्ध्या पौडेल

तालिमको समापन कार्यक्रममा सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा. महेन्द्र विष्ट, सञ्चालक समिति सदस्य श्री अनिता गुरु र का.मु.प्रमुख प्रशासकीय अधिकृत श्री विष्णुराम न्यौपानेको उपस्थिति थियो। समापन कार्यक्रमको समापन मन्तव्य राख्दै रेडियो नेपालका निर्देशक श्री मनोज कुमार चौधरीले यस्ता तालिमले कर्मचारीको कार्यशैलीमा सहयोग गर्ने र सेवासम्बन्धी अभिमुखिकरण समय समयमा सञ्चालन गर्नुपर्ने धारण राख्नु भएको थियो। त्यसैगरी, तालिममा सहभागी ३४ जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरियो र प्रशिक्षार्थीको तर्फबाट रेडियो नेपालका उप–निर्देशक श्री अनुराधा थापाले सार्वजनिक खरिद सम्बन्धी आधारभूत तालिमले आगामी दिनमा खरिद सम्बन्धी काम गर्न निकै सहयोग पुग्ने धरणा राख्दै कार्यक्रम संयोजन गरीदिनु भएकोमा सावर्जनिक खरिद अनुगमन कार्यालयलाई समेत धन्यवाद दिनु भयो, अर्का सहभागी श्री रामबाबु अधिकारीले तालिम उपयोगी भएको र वैयक्तिक कार्यक्षमता अभिवृद्धिमा मद्दत पुगेको धारण राख्नु भयो।

कार्यक्रमको समापन मन्तब्यमा प्रशिक्षकको तर्फबाट सार्वजनिक खरिद अनगमन कार्यलयको निर्देशक श्री मिना चगुठीले सहभागी प्रशिक्षार्थीहरूलाई धन्यवाद ब्यक्त गर्दै उक्त तालिमले कर्मचारीहरूको दक्षता अभिबृद्धि हुने, खरिद सम्बन्धी काम गर्न सजिलो हुने र जुनसुकै खरिदसम्बन्धी समस्या आइपरेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सहयोग गर्ने धारण राख्नु भयो। त्यसैगरी सार्वजनिक सेवा प्रसारण नेपालका का.मु. प्रमुख प्रशासकीय अधिकृत श्री विष्णुराम न्यौपानेले खरिदसम्बन्धी सिकेको ज्ञान खरिद प्रक्रियाको काममा उपयोग हुने र खरिद सम्बन्धी समस्या समाधानमा सहयोग पुग्ने धारणा राख्नु भयो। साथै, सार्वजनिक सेवा प्रसारण नेपालका सञ्चालक समिति सदस्य श्री अनिता गुरुङले तालिममा सिकेका ज्ञानलाई व्यवहारमा उतार्न जोड दिनुभयो। कार्यक्रमको अन्त्यमा कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले सार्वजनिक खरिद अनुगमन कार्यालयको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक खरिद सम्बन्धी आधारभुत तालिमले खरिद सम्बन्धी आइपर्ने तमाम् समस्या समाधानमा सहयोग पुग्ने, प्रशिक्षार्थी कर्मचारीहरूको कार्यशैलिमा सुधार हुने र खरिदको क्षेत्रमा देखिनेगरी नतिजा प्राप्त हुने विश्वास व्यक्त गर्दै सार्वजनिक खरिद अनुगमन कार्यालयलाई तालिम सञ्चालन गरिदिनु भएकोमा धन्यवाद दिनु भयो। समापन तालिमको उद्घोषण प्रशासकीय अधिकृत श्री विद्याप्रसाद उपाध्यायले

गर्नु भएको थियो भने तालिम शाखा प्रमुख श्री ताराप्रसाद वस्तीले तालिम संचालनमा सहयोग प्रदान गर्नु गर्नुका साथै सार्वजनिक खरिद अनुगमन कार्यालय, सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष, सञ्चालक समिति सदस्य, का.मु. प्रमुख प्रशासकीय अधिकृत, विज्ञ प्रशिक्षक, रेडियो नेपाल र नेपाल टेलिभिजनका व्यवस्थापक, नायव कार्यकारी निर्देशक, महाशाखा प्रमुख, सहभागी प्रशिक्षार्थीहरू लगायत तालिम व्यवस्थापनमा सहयोग पुऱ्याउने सबैमा धन्यवाद व्यक्त गर्नु भयो।

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालले २६ भाषामा समाचार तथा २५ भाषामा कार्यक्रमहरू प्रसारण गर्दै आएको छ। रेडियो नेपालले श्रोताहरूको चाहना अनुरूपका कार्यक्रम प्रसारण गर्नुका साथै समाचार तथा कार्यक्रमलाई समावेशीकरण गरी मातृभाषा, कला, साहित्य र संगीतको संरक्षण तथा सम्वर्द्धन गर्न समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारण सम्वन्धी तालिम सञ्चालन समेत गर्दै आएको छ। यसै सन्दर्भमा समाचार सम्पादक, संकलक र कार्यक्रम प्रस्तोता, प्रदेशका स्थानिय सम्वाददाताहरूलाई दक्षता अभिबृद्धि गर्न तपशिलका तालिम सञ्चालन तथा सम्पन्न भएको छ।

| | | | |
|---|---|---|---|
| १. | कोशी र मधेश प्रदेशका स्थानिय सम्वाददाता, र प्रदेश प्रसारण कार्यालय धनकुटा र तारिणीप्रसाद कोइराला सञ्चारग्राममा समाचार र कार्यक्रममा संलग्न कर्मचारीहरू ४० जना | सार्वजनिक सेवा प्रसारण तथा समावेशी पत्रकारिता सम्वन्धी तालिम | मितिः २०८२।१०।१८ र १९ गते तारिणीप्रसाद कोइराला सञ्चारग्राम विराटनगर। |
| २. | कोशी प्रदेश सरकार र सरोकारवाला प्रतिनिधिहरू संग अन्तरक्रिया कार्यक्रम। | प्रदेशमा समावेशी प्रसारणको सुद्धिढीकरण विषयक अन्तरक्रिया कार्यक्रम | मितिः २०८२।१०।१८ र १९ गते तारिणीप्रसाद कोइराला सञ्चारग्राम विराटनगर। |
| ३. | लुम्बिनी कर्णली प्रदेशका स्थानिय सम्वाददाता, र प्रदेश प्रसारण कार्यालयमा समाचार र कार्यक्रममा संलग्न १६ जना कर्मचारीहरू | समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारण सम्वन्धी तालिम र प्रतिनिधि सभा निर्वाचन २०८२ सम्बन्धी तालिम | मितिः २०८२।११।०७ र ८ गते बांके, कोहलपुर। |
| ४. | समाचार र कार्यक्रम महाशाखामा कार्यरत कर्मचारीहरू | प्रतिनिधि सभा निर्वाचनको समाचार रिपोटिङ सम्पादन, प्रसारणका लागि निर्वाचन २०८२ र समावेशी प्रसारण सम्वन्धी तालिम | मितिः २०८२।११।०४ र ५ गते तालिम हल सिंहदरवार। |

समाचार, कार्यक्रम र ईन्जिनियरिङका साथै प्रविधिको क्षेत्रमा आफुले अध्ययन गरेको विषयमा व्यवहारिक ज्ञान हासिल गर्नका लागि विद्यार्थीहरूले अनिवार्य रूपमा Internship गर्नुपर्ने हुदा शैक्षिक संस्था (कलेज, विद्यालय र विश्वविद्यालय) को सिफारिसकाआधारमा रेडियो नेपालले सम्बन्धित विषयमा Internship गराउने व्यवस्था गरेका छ। पत्रकारिता, प्राविधिक र ईन्जिनियरिङ विषयमा Internship गर्न आएका विद्यार्थीहरूको विवरण यस प्रकार रहेको छ।

| क्र.स. | विद्यार्थीको नामथर | क्याम्पस । कलेज | Internship गराउने महाशाखा | अवधी |
|---|---|---|---|---|
| १. | श्री निर्मला मिश्र | पद्यकन्या बहुमुखी क्याम्पस | समाचार महाशाखा | २०८२।०१।१० गते देखि ३ महिना |
| २ं | श्री अस्मिता थपलिया | ग्रमीण आदर्श बहुमुखी क्याम्पस | समाचार महाशाखा | २०८२।०२।०७ गते देखि ३ महिना |
| ३. | श्री सुदिप भण्डारी | काठमाण्डौं ईन्जिनियरिङ कलेज | ईन्जिनियरिङ महाशाखा | २०८२।०४।२२ गते देखि १ महिना |

सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा भएको विकास विस्तारमा अग्रणि भूमिका लिएको राष्ट्रको पहिलो सञ्चार माध्यम रेडियो नेपालबाट प्रसारण हुने शिक्षा, स्वास्थ्य, संस्कृति, कृषि, राजनैतिक, समसामयिक लगायतका कार्यक्रम समाचारका साथै रेडियो नेपालको प्राविधिक गतिविधीहरूमा व्यवहारिक ज्ञान आर्जनको लागि शैक्षिक अवलोकन तथा अध्ययन गर्न आएका शैक्षिक संस्थाहरू।

| क्र.स. | स्कुल/कलेज | विद्यार्थी संख्या | कक्षा | मिति |
|---|---|---|---|---|
| १. | श्री प्रशिद्ध मोडल स्कुल वालाजु, काठमाडौं. | ५० | ५,६ र ७ | २०८२।०४।०९ |
| २ | श्री आदर्श सौल: युवक मा.वि. | ५२ | ११ र १२ | २०८२।०५।०६ |
| ३ | श्री थापाथली क्याम्पस काठमाण्डौं | १७ | वि.ई. | २०८२।०४।२९ |
| ४ | श्री वीलसन एकाडमी काठमाडौं | ५२ | ८ | २०८२।०३।१८ |
| ५ | श्री नेपाली सेना जनसम्पर्क नर्देशनालय काठमाडौं | १४ | अधिकृत तालिम | २०८२।३।१७ |
| ६ | श्री नेपाली सेना जनसम्पर्क निर्देशनालय काठमाडौं | २२ | यूवक अधिकृत तालिम | २०८२।०२।२७ |
| ७ | श्री एसिया प्यासिफिक स्कुल काठमाण्डौ | ७७ | ८ | २०८२।०२।१६ |

| | | | | |
|---|---|---|---|---|
| ८ | श्री नेपाली सेना जनसम्पर्क निर्देशनालय काठमाडौँ | ३० | अन्यदर्जा तालिम | २०८२।०१।३० |
| ९ | श्री सगमाथा ईन्जिनियरिङ क्याम्पस ललितपुर | ४३ | वि.एस.सि.आइटी. | २०८२।०५।०१ |
| १० | श्री देव सुशिल केडिया विश्वभारती स्कुल, ललितपुर | ३० | ९ र १० | २०८२।०५।११ |
| ११ | श्री मध्यपश्चिम विश्वविद्यालय सुर्खेत | ३२ | वि.एससिआइटी | २०८२।९।१८ |
| १२ | श्री पश्चिमाञ्चल क्याम्पस लामाचौर पोखरा | ४८ | वि.ई. | २०८२।१०।०४ |
| १३ | श्री जनकल्याण मा.विद्यालय बौद्ध, काठमाण्डौ | ६० | ११र १२ | २०८२।१०।१४ |
| १४ | श्री पुल्चोक क्याम्पस ललितपुर | २४ | वि.ई. पहिलो | २०८२।१०।२३ |
| १५ | श्री पुल्चोक क्याम्पस, ललितपुर | २४ | वि.ई. दास्रो | २०८२।११।१ |
| १६ | श्री एडभान्स कलेज अफ इन्जिनियरिङ म्यानेजमेन्ट काठमाण्डौ | ५१ | वि.ई. | २०८२।११।०८ |
| १७ | श्री लिटल गार्डेन ईङलिस स्कुल ललितपुर | ३३ | १ २ र ३ | २०८२।११।१ |

अन्त्यमा रेडियो नेपालले जनभावना अनुरूप भाषा, कला, साहित्य, गीत–संगीत, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य लगायत चेतनामूलक समावेशी कार्यक्रम समाचारहरू प्रसारण गर्ने माध्यम भएकाले समयको माग र अन्तराष्ट्रिय स्तरमा भई रहेको सूचना प्रविधिको विकासँग कर्मचारीहरूले समय सापेक्ष कार्य सम्पन्न गर्न सेवाकालिन तालिमहरू आवश्यक हुन्छ। कर्मचारीहरूको वृत्तिविकास लगायत दक्षता अभिबृद्धि गर्नको लागि आन्तरिक तथा वाह्य तालिमहरूमा सहभागीताका लागि आवश्यक व्यावस्थापनको प्रशासनिक कार्यहरू तालिम शाखाले गर्दै आएको छ। यस्ता तालिम सञ्चाल गर्दा कर्मचारीहरूको कार्यक्षमता वृद्धि हुने, गुणस्तरी सेवा प्रदान गर्न सहयोग पुग्ने र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन सहयोग पुग्ने छ।

*(प्रस्तुतकर्ता रेडियो नेपालका प्रशासकीय अधिकृत हुनुहुन्छ।)*

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार : छथर जोरपाटी दिगो विकासको आधार"

**छथर जोरपाटी गाउँपालिका धनकुटाको अनुरोध**

☞ व्यक्तिगत घटना ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
☞ गाउँपालिकामा बुझाउनु पर्ने कर समयमा नै बुझाई जरिवाना तिर्नबाट बचौं ।
☞ गाउँपालिका भित्र रहेका पर्यटकीय तथा धार्मिक स्थलहरुको प्रचारप्रसार तथा संरक्षण गरौं ।
☞ आफ्नो घर टोल तथा वडा सधैं सफा राखौं ।
☞ खाद्यान्न तथा पेय पदार्थ खरिद गर्दा उत्पादन मिति हेरी खरिद गर्ने बानी बसालौं ।
☞ जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

नयाँ वर्ष २०८३ सालको उपलक्ष्यमा छथर जोरपाटी गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गीता गुरुङ खेवा**
उपाध्यक्ष

**छत्रबहादुर सुब्बा**
अध्यक्ष

**छथर जोरपाटी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, जोरपाटी, धनकुटा

"कृषि, पर्यटन र पूर्वाधार, साँगुरीगढी समृद्धीको आधार"

**साँगुरीगढी गाउँपालिका धनकुटाको अनुरोध**

१. व्यक्तिगत घटना घटेको ३५ दिनभित्र दर्ता गर्ने बानी बसालौं ।
२. पर्यटकहरु प्रति उचित व्यवहार र सम्मान गरौं, गाउँपालिकाभित्र रहेको पर्यटकीय तथा धार्मिक स्थलहरुको संरक्षण गरौं ।
३. विकास निर्माण कार्यमा सहभागिता वृद्धि गरौं, विकासका संरचनाको संरक्षण गरौं ।
४. ज्येष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।
५. खानेपानीको मुहानहरु सदैव सफा राखी संरक्षण गरौं ।
६. गर्भवती महिलाले गर्भ अवस्थामा कम्तिमा ८ पटक स्वास्थ्यकर्मीबाट गर्भ जाँच गराऔं ।
७. सुक्खा तथा हावाहुरी चल्ने मौसम शुरु भएकोले आगलागी तथा डढेलोको कारण ठूलो मात्रामा धनजनको क्षति हुने भएकाले समयमै सावधानी र सतर्कता अपनाऔं ।
८. अर्ग्यानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ जीवन विताऔं ।
९. मापदण्ड बमोजिमको शौचालय प्रयोग गरौं, नियमित सरसफाई गर्ने/स्वच्छ र सफा वातावरण निर्माण गरौं ।
१०. गाउपालिका र वडा कार्यालयलाई तिर्नुपर्ने राजश्व समयमा तिरि स्थानीय विकासमा टेवा पुऱ्याउँ ।

नयाँ वर्ष २०८३ सालको उपलक्ष्यमा साँगुरीगढी गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**पुण्य प्रसाद पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

**मुना राई**
उपाध्यक्ष

**जितेन्द्र राई**
अध्यक्ष

**साँगुरीगढी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, भेडेटार, धनकुटा

**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय धनकुटाको अनुरोध**

☞ विभिन्न पानीजन्य रोगहरुबाट बच्न सफा र स्वच्छ खानेपानीको प्रयोग गरौं ।
☞ सरसफाई तथा ढलको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राखौं ।
☞ खानेपानीका मुहानहरु सदैव संरक्षण गरौं ।
☞ डेङ्गु रोग निवारणको लागि आफ्नो घर आँगन सफा राखौं ।
☞ फुल टाँगेर सुत्ने बानी बसालौं,

**भन्दै नयाँ बर्ष २०८३ सालको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख शान्ति, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

आयोजना प्रमुख
एवं
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
कार्यालय परिवार, धनकुटा ।

**हार्दिक अनुरोध**

➲ खाद्यान्न तथा पेय पदार्थ खरिद गर्दा उत्पादन मिति हेरी खरिद गर्ने बानी बसालौं ।
➲ जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।
➲ खानेपानीका मुहानहरु सदैव सफा राखौं ।
➲ आफ्नो घर आँगन, टोल तथा वडा सधैं सफा राखौं ।
➲ सार्वजनिक सम्पत्तिको संरक्षण गरौं भन्दै,

नयाँ बर्ष २०८३ सालको सुखद अवसरमा सहिदभूमि गाउँपालिका निवासी आमा बुवा, दाजुभाई तथा दिदिबहिनी, साथीभाई, इष्टमित्र, शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

समाजसेवी द्वयः
निवास वालिङ राई
बल प्रसाद राई
सहिदभूमि गाउँपालिका वडा नं २ ढोल्मुखा, धनकुटा

# विशेष कार्यक्रम उत्पादन तथा प्रसारण



टंकनाथ खनाल

सार्वजनिक सेवा प्रसारण रेडियो नेपालले २०८२ साल वैशाखदेखि २०८२ चैत्र १५ गतेसम्म आइपुग्दा सूचना, सन्देशका साथसाथै समाचारमूलक, मनोरञ्जनात्मक, खोजमूलक र सार्वजनिक सेवा प्रसारण उन्मुख कार्यक्रमहरूका अतिरिक्त चाडपर्व, दिवस, अन्तर्राष्ट्रिय दिवस लगायतका महत्त्वपूर्ण अवसरहरूमा विशेष कार्यक्रमहरू उत्पादन गरी प्रसारण गर्दै आएको छ। यसका अतिरिक्त सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, विभिन्न मन्त्रालयका सचिवज्यू लगायत सम्बन्धित संघसंस्थाका प्रमुखज्यूहरूले विभिन्न पर्व एवम् अवसरहरूमा दिनुभएको शुभकामना सन्देश समेत प्रसारण गर्दै आएको छ। प्रजातन्त्र दिवस, गणतन्त्र दिवस, संविधान दिवस, भूकम्प सुरक्षा दिवसका अवसरमा आयोजना गरिएको मूल समारोहका कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण लगायत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वचनको निर्वाचन विशेष प्रत्यक्ष प्रसारण रेडियो नेपालले गरेको छ। त्यसैगरी नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट भाषण लगायत सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रका नाममा गर्नुभएको सम्बोधनको प्रत्यक्ष प्रसारण रेडियो नेपालले गर्दै आएको छ। रेडियो नेपालको प्रादेशिक प्रसारण कार्यालयहरूबाट पनि विभिन्न चाडपर्व र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरूमा विभिन्न कार्यक्रमहरू प्रसारण हुँदै आएको छ। यसका अलावा विभिन्न राष्ट्रभाषामा त्यहाँको जातजातिको भाषा, संस्कृती र रितिरिवाजसम्बन्धी कार्यक्रमहरू प्रादेशिक प्रसारण कार्यालयहरूबाट प्रसारण हुने गरेको छ। रेडियो नेपालको केन्द्रीय प्रसारणबाट २०८२ सालमा नियमित कार्यक्रमका अतिरिक्त देहाय बमोजिम थप विषयहरू प्रसारण भएका छन्।

**वैशाख**

- १ गतेः २९ औं वन्यजन्तु सप्ताह, २०८२ का अवसरमा माननीय वन तथा वातावरण मन्त्री ऐनवहादुर शाहीले दिनु भएको शुभकामना सन्देश प्रसारण।
- ५ गतेः विश्व सम्पदा दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ९. गतेः विश्व पृथ्वी दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ११ गतेः लोकतन्त्र दिवसका अवसरमा कार्यक्रम प्रसारण।
- १२ गतेः विश्व औलो दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- १५ गतेः राष्ट्रिय चिया दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- १८ गतेः विश्व श्रमिक दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- १९ गतेः सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौँमा दिउँसो ३ बजे संघीय संसदको दुबै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नु भएको आ.व. २०८२/०८३ को नेपाल सरकारको नीति तथा कार्यक्रमको प्रत्यक्ष प्रसारण। साथै राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- २० गतेः विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- २६ गतेः कानुन दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- २९ गतेः उभौली पर्व/बुद्ध जयन्तीको अवसरमा कार्यक्रम र नाटक प्रसारण।

जेठ

- ❑ १ गतेः विश्व परिवार दिवसको अवसरमा सेरोफेरो कार्यक्रमलाई विशेष प्रसारण।
- ❑ २ गतेः सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यूले सगरमाथा संवाद कार्यक्रममा गर्नु भएको सम्बोधनको प्रत्यक्ष प्रसारण।
- ❑ ३ गतेः विश्व दूरसञ्चार दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ❑ गतेः अन्तर्राष्ट्रिय जैविक विविधता दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ❑ १५ गतेः गणतन्त्र दिवसका अवसरमा विशेष परिसंवाद प्रसारण।
- ❑ गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेल, काठमाडौंमा आयोजना भएको मूल समारोहको प्रत्यक्ष प्रसारण।
- ❑ गणतन्त्र दिवसको अवसरमा गणतन्त्रसम्बन्धी गीत तथा स्वदेश गान प्रसारण।
- ❑ माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सङ्घीय संसदको दुबै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नु भएको नेपाल सरकारको आ.व.२०८२/०८३ को आयव्यय विवरण (बजेट) भाषणको प्रत्यक्ष प्रसारण।
- ❑ १७ गतेः विश्व सूर्तिजन्य पदार्थरहित दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ❑ २१ गतेः जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ❑ २२ गतेः विश्व वातावरण दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ❑ २४ गतेः विश्व खाद्य स्वच्छता दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ❑ २९ गतेः बालश्रम विरुद्धको विश्व दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ❑ ३१ गतेः विश्व रक्तदाता दिवसको अवसरमा कार्यक्रम प्रसारण।

असार

- ❑ १ गतेः लोक सेवा आयोगको ७५औं वार्षिकोत्सवको अवसरमा परिसंवाद प्रसारण।
- ❑ ११ गतेः लागुपदार्थ ओसारपसार बिरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा लागु औषध दुरुपयोग विशेष कार्यक्रम प्रसारण।
- ❑ २० गतेः सहकारी दिवसको अवसरमा समयसन्दर्भ कार्यक्रमलाई सहकारी दिवसविशेष बनाई प्रसारण।
- ❑ २२ गतेः हरिशयनी एकादशीको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ❑ २६ गतेः गुरुपूर्णिमाका अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ❑ २९ गतेः भानु जयन्तीको अवसरमा विशेष कार्यक्रम प्रसारण।

साउन

- ❑ १ गतेः साउने संक्रान्तिको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ❑ १२ गतेः विश्व हेपाटाइटिस दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।

- १३ गतेः नागपञ्चमीको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २३ गतेः राष्ट्रिय भू–संरक्षण दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २४ गतेः ऋषितर्पणी, रक्षाबन्धन, जनैपूणिमाका अवसरमा विशेष कार्यक्रम र प्रवचन प्रसारण। साथै अन्तर्राष्ट्रिय आदिबासी दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- २५ गतेः गाईजात्राको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २७ गतेः अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ३१ गतेः श्रीकृष्णजन्माष्टमीको अवसरमा विशेष कार्यक्रम प्रसारण।

**भदौ**

- ३ गतेः राष्ट्रिय सूचना दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण। साथै विश्व मानवता दिवसको अवसरमा शैक्षिक बहस कार्यक्रमलाई विशेष बनाई प्रसारण।
- ७ गतेः कुशेऔंसी, बुबाको मुख हेर्ने दिनको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ९ गतेः दरखाने (तीज) को अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रमलाई विशेष प्रसारण।
- १० गतेः हरितालिका तीजको अवसरमा शुभेच्छा कार्यक्रमलाई विशेष बनाई कार्यक्रम प्रसारण।
- २० गतेः मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवसको अवसरमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर शाह सुडीले दिनुभएको शुभकामना सन्देश प्रसारण।
- सोही दिवसको अवसरमा समय सन्दर्भ कार्यक्रम विशेष प्रसारण।
- अन्तर्राष्ट्रिय आदिबासी दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- २१ गतेः कुमारी इन्द्रजात्राको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २३ गतेः सोह्रश्राद्ध आरम्भको अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रम विशेष प्रसारण। साथै अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा बालवाटिका कार्यक्रम विशेष प्रसारण।
- ३० गतेः जितिया पर्वको अवसरमा कार्यक्रम प्रसारण।
- ३१ गतेः विश्व ओजोन तह संरक्षण दिवसको कार्यक्रम प्रसारण।

**असोज**

- ३ गतेः संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा नेपाली सैनिकमञ्च टुँडिखेलबाट प्रत्यक्ष प्रसारण, स्वदेश गान/संविधान सम्वन्धी गीत प्रसारण।
- ५ गतेः अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ६ गतेः बडादशैँ घटस्थापनाको अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रम विशेष प्रसारण। दुर्गा सप्तशती नाटक भाग १ देखि भाग ९ सम्म घटस्थापनाको दिनदेखि नवमीसम्म प्रसारण। घटस्थापना नाटक प्रसारण।

- ११ गते: विश्व पर्यटन दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- १२ गते: विश्व रेबिज दिवसको अवसरमा कार्यक्रम प्रसारण। साथै सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस विशेष कार्यक्रम प्रसारण।
- १३ गते: फूलपातीको अवसरमा विशेष कार्यक्रम प्रसारण साथै नाटक महामाया प्रसारण। फूलपातीको अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रमलाई विशेष बनाई प्रसारण।
- १४ गते: महाअष्टमी पर्वको अवसरमा विशेष कार्यक्रम प्रसारण साथै नाटक शुम्भनिशुम्भ वध प्रसारण।
- १५ गते: महानवमीको अवसरमा विशेष कार्यक्रम प्रसारण साथै नाटक महिषासुर वध प्रसारण।
- १६ गते: विजयादशमीको अवसरमा विशेष कार्यक्रम प्रसारण साथै नाटक दशैं प्रसारण।
- १७ गते: बडादशैं एकादशीको विशेष कार्यक्रम प्रसारण।
- २० गते: कोजाग्रत पूर्णिमाको अवसरमा कोजाग्रत पूर्णिमा नाटक प्रसारण। कोजाग्रत पूर्णिमाको अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रम विशेष प्रसारण।
- २४ गते: विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा हाम्रो स्वास्थ्य कार्यक्रम विशेष प्रसारण।
- २७ गते: विश्व प्रकोप जोखिम न्यूनीकरण दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ३० गते: विश्व खाद्य दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- ३१ गते: विश्व गरिबी न्यूनीकरण दिवसको अवसरमा कार्यक्रम प्रसारण।

कात्तिक

- २ गते: तिहारको अवसरमा नाटक यमपञ्चक भाग १ र तिहार सम्बन्धी गीत प्रसारण।
- ३ गते: लक्ष्मीपूजाको अवसरमा नाटक यमपञ्चक भाग २ प्रसारण। हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रम तिहार विशेष प्रसारण।
- ४ गते: तिहारको अवसरमा यमपञ्चक नाटक भाग ३ प्रसारण। लक्ष्मीप्रसाद देवकोटा जयन्ती विशेष कार्यक्रम प्रसारण। तिहारमा खानपानको महत्त्वका विषयमा विशेष कार्यक्रम प्रसारण।
- ५ गते: गोरुतिहार नाटक– यमपञ्चक भाग ४ प्रसारण। गाईपूजा, गोरुपूजाको सन्दर्भ सहित विशेष कार्यक्रम प्रसारण।
- ६ गते: भाइटीकाको अवसरमा नाटक यमपञ्चक भाग ५ प्रसारण र नाटक भाइटीका प्रसारण।
- ७ गते: समय सन्दर्भ कार्यक्रममा चाडबाडपछि आफ्नो गन्तव्यमा फर्कने यात्रुहरूका लागि गरिएको सार्वजनिक यातायात व्यवस्था र सुरक्षाका विषय समेटेर विशेष कार्यक्रम प्रसारण।
- १० गते: छठ पर्वको अवसरमा कार्यक्रम हाम्रो संस्कृति हाम्रो परम्परालाई विशेष बनाई प्रसारण। छठ पर्वको अवसरमा विभिन्न ताल, तलाउ र घाँटबाट प्रत्यक्ष प्रसारण गरिएको।
- ११ गते: छठ पर्वको अवसरमा विभिन्न ताल, तलाउ र घाँटबाट प्रत्यक्ष प्रसारण गरिएको।

- २३ गते: सार्वजनिक सेवा प्रसारण नेपालको वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमको प्रत्यक्ष  प्रसारण।
- २६ गते:  विश्व निमोनिया दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २८ गते:  विश्व मधुमेह दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।

मङ्सिर

- ३ गते:  बालाचतुर्दशी, शतबीज छर्ने दिनको अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रम विशेष प्रसारण।
- ४ गते:  विश्व बाल दिवसको अवसरमा बालबाटिका कार्यक्रम प्रसारण।
- ५ गते:  विवाहपञ्चमीको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- १० गते: १६ दिने महिला हिंसा निर्मूलसम्बन्धी विश्व दिवस शुभारम्भको अवसरमा आजका नारी कार्यक्रम विशेष प्रसारण।
- १७ गते: अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- १८ गते: उधौली पर्व/धान्य पूर्णिमाको अवसरमा विशेष कार्यक्रम प्रसारण।  यमरीपुन्हीको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- १९ गते: अन्तर्राष्ट्रिय स्वयमसेवक दिवसको अवसरमा समय सन्दर्भ कार्यक्रम प्रसारण।
- २३ गते: अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २४ गते: मानव अधिकार दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।

पुस

- ३ गते:  अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- १० गते:  क्रिसमस डेको अवसरमा कार्यक्रम प्रसारण।
- १५ गते:  तमु ल्होसारको अवसरमा कार्यक्रम प्रसारण।
- १९ गते:  श्रीस्वस्थानी व्रतकथा आरम्भका अवसरमा कार्यक्रम प्रसारण।
- २७ गते:  राष्ट्रिय एकता दिवसको अवसरमा कार्यक्रम प्रसारण।

*नोट: पुस १९ गतेदेखि हरेक दिन बिहान ४:३० वजेदेखि श्रीस्वस्थानी व्रतकथा नाटक खुमलटार प्रसारण केन्द्रबाट प्रसारण भएको।*

माघ

- १ गते:  माघे संक्रान्ति, माघी पर्वको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २ गते: २८औं भूकम्प सुरक्षा दिवस २०८२ को अवसरमा भूकम्प सुरक्षा दिवस राष्ट्रिय समितिका अध्यक्ष माननीय गृहमन्त्री ओम प्रकाश अर्यालले दिनुभएको सन्देश र परिसंवाद कार्यक्रम प्रसारण। राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा आयोजित कार्यक्रमको प्रत्यक्ष प्रसारण।
- ९ गते: वसन्तपञ्चमी श्रीपञ्चमीको अवसरमा विशेष कार्यक्रम प्रसारण।

- १० गतेः अन्तर्राष्ट्रिय शिक्षा दिवसको अवसरमा कार्यक्रम प्रसारण।
- १२ गतेः विश्व कुष्ठरोग दिवसको अवसरमा हाम्रो स्वास्थ्य कार्यक्रम विशेष प्रसारण।
- १६ गतेः सहिद दिवसका अवसरमा विशेष कार्यक्रम प्रसारण।
- १९ गतेः विश्व सिमसार दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- २१ गतेः विश्व अर्बुदरोग दिवसको अवसरमा हाम्रो स्वास्थ्य कार्यक्रम विशेष प्रसारण।

फागुन

- १ गतेः विश्व रेडियो दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ३ गतेः महाशिवरात्रीको अवसरमा विशेष कार्यक्रम प्रसारण।
- ६ गतेः ग्याल्पो ल्होसारको अवसरमा शेर्पा भाषामा विशेष कार्यक्रम प्रसारण।
- ७ गतेः राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा नेपाली सैनिक मञ्च टुँडिखेलमा आयोजना गरिएको मूल समारोहको प्रत्यक्ष प्रसारण।
- गतेः विश्व सामाजिक न्याय दिवसको अवसरमा समय सन्दर्भ कार्यक्रम विशेष प्रसारण।
- ९ गतेः विश्व मातृभाषा दिवसका अवसरमा विशेष कार्यक्रम प्रसारण।
- १८ गतेः सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीले देशबासीको नाममा गर्नुभएको सम्बोधनको प्रत्यक्ष प्रसारण। फागुपूर्णिमा (होली)को अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रम विशेष प्रसारण।
- २० गतेः माघ २८ गतेदेखि फागुन २० गतेसम्म रेडियो नेपालबाट नियमित प्रसारण हने कार्यक्रमहरूमा निर्वाचनसम्बन्धी सामाग्री समावेश गरी प्रसारण गरिएको।
- निर्वाचन गतिविधि, मतदाता शिक्षा र निर्वाचन लघु नाटक प्रसारण गरिएको।
- मतदाता शिक्षा प्रवर्धनसम्बन्धी गीत तयार गरी प्रसारण गरिएको।
- निर्वाचन (मतदान) मा सहभागिताका लागि प्रवर्धनात्मक सामग्री तयार गरी प्रसारण गरिएको।
- निर्वाचन आयोगबाट प्राप्त मतदाता शिक्षाका सन्देशहरूलाई पटक पटक प्रसारण गरिएको।
- निर्वाचन गतिविधि/मतदाता शिक्षासम्बन्धी विभिन्न कार्यक्रम उत्पादन गरी सातै प्रदेशबाट प्रसारण हुने राष्ट्रभाषा तथा नेपाली भाषामा उत्पादन गरी प्रसारण गरिएको।
- २१ गतेः नियमित कार्यक्रमहरू रोकेर सबै समाचार बुलेटिन तथा कार्यक्रमहरू निर्वाचन विशेष प्रत्यक्ष प्रसारण गरिएको।
- २२ गतेः यस दिन पनि नियमित कार्यक्रमहरू रोकेर सबै समाचार बुलेटिन तथा कार्यक्रमहरू निर्वाचन विशेष प्रत्यक्ष प्रसारण गरिएको।
- २३ गतेः यस दिन पनि नियमित कार्यक्रमहरू रोकेर सबै समाचार बुलेटिन तथा कार्यक्रमहरू निर्वाचन विशेष प्रत्यक्ष प्रसारण गरिएको।
- २४ गतेः अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हाम्रो संस्कृति हाम्रो परम्परा कार्यक्रम विशेष प्रसारण।

**चैत्र**

- ❑ १ गते: विश्व उपभोक्ता दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण ।
- ❑ ७ गते: विश्व कविता दिवसको अवसरमा साहित्य संसार कार्यक्रम विशेष प्रसारण ।
- ❑ ८ गते: विश्व पानी दिवसको अवसरमा विशेष कार्यक्रम प्रसारण ।
- ❑ १० गते: विश्व क्षयरोग दिवसको अवसरमा हाम्रो स्वास्थ्य कार्यक्रम विशेष प्रसारण ।
- ❑ १३ गते: राम नवमी पर्वको अवसरमा विशेष कार्यक्रम प्रसारण ।

*(प्रस्तुतकर्ता रेडियो नेपालका मुख्य कार्यक्रम अधिकृत हुनुहुन्छ ।)*



"सडक हामी सबैको साझा सम्पती हो, यसको संरक्षण गरौं"

## सडक डिभिजन धनकुटाको अनुरोध

- सडक अतिक्रमण तथा सडक छेउछाउबाट निर्माण सामाग्रीहरु ढुङ्गा, बालुवा, गिट्टि, सिलेट (पत्थर), माटो आदि वस्तु उत्खनन् नगरौं ।
- सडक सीमाभित्र यातायात आवागमन एवं ट्राफिक सुरक्षामा बाधा हुने र सार्वजनिक हित प्रतिकूल हुने कुनै कार्य नगरौं ।
- सडक सीमाभित्र कुनै पनि अस्थायी र स्थायी प्रकृतिको संरचना निर्माण नगरौं, सार्वजनिक यातायात सुर क्षामा सहयोग गरौं ।
- राजमार्गहरुबाट कुनै प्रवेश मार्ग निर्माण गर्नु परेमा पूर्व स्वीकृति लिएर मात्र गर्ने गरौं ।
- सडक छेउको पेटीमा निर्माण सामाग्रीहरु लगायत अन्य वस्तुहरु नराखौं ।
- पैदल यात्रीहरुले सडकको पेटी र किनाराबाटै हिंड्ने बानी बसालौं, सडक दुर्घटना न्युनीकरण गर्न सहयोग गरौं ।
- सडक तथा नालीमा जथाभावी फोहोर नफालौं ।
- सडकमा बालबच्चा र पाल्तु जनावरहरु जथाभावी नछाडौं ।
- गाडी, मोटरसाइकल तथा अन्य सवारी साधनहरु सडकमा राखि कुनै कार्य नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- सबैले ट्राफिक नियम पालना गरौं, सडक प्रयोग गर्दा पूर्व होसियार रही सभ्य नागरिकको परिचय दिउँ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
सडक विभाग
**सडक डिभिजन धनकुटा**

## हतुवागढी गाउँपालिका भोजपुरको अनुरोध

१. व्यक्तिगत घटना घटेको ३५ दिनभित्र दर्ता गर्ने बानी बसालौं ।
२. गाउँपालिकाभित्र रहेको पर्यटकीय तथा धार्मिक स्थलहरुको संरक्षण गरौं ।
३. विकास निर्माण कार्यमा सहभागिता वृद्धि गरौं, विकासका संरचनाको संरक्षण गरौं ।
४. ज्येष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।
५. खानेपानीको मुहानहरु सदैव सफा राखी संरक्षण गरौं ।
६. गर्भवती महिलाले गर्भ अवस्थामा स्वास्थ्यकर्मीबाट नियमित गर्भ जाँच गराऔं ।
७. सुक्खा तथा हावाहुरी चल्ने मौसम शुरु भएकोले आगलागी तथा डढेलोको कारण ठूलो मात्रामा धनजनको क्षति हुने भएकाले समयमै सावधानी र सतर्कता अपनाऔं ।
८. अर्ग्यानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ जीवन बिताऔं ।
९. मापदण्ड बमोजिमको शौचालय प्रयोग गरौं, नियमित सरसफाई गरि स्वच्छ र सफा वातावरण निर्माण गरौं ।
१०. गाउँपालिका र वडा कार्यालयलाई तिर्नुपर्ने राजश्व समयमा तिरी स्थानीय विकासमा टेवा पुऱ्याउँ ।

**नयाँ वर्ष २०८३ सालको उपलक्ष्यमा साँगुरीगढी गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**महेश निरौला**
प्रमुख प्रशासकीय अधिकृत

**सुनिता राई**
उपाध्यक्ष

**प्रेम कुमार राई**
अध्यक्ष

**हतुवागढी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, घोरेटार, भोजपुर

सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल

केन्द्रीय प्रसारण - बिहानको कार्यक्रम प्रसारण तालिका

| समय | आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|---|
| ४:५६ | शंखध्वनि | शंखध्वनि | शंखध्वनि | शंखध्वनि | शंखध्वनि | शंखध्वनि | शंखध्वनि |
| ५:०० | राष्ट्रियगान | राष्ट्रियगान | राष्ट्रियगान | राष्ट्रियगान | राष्ट्रियगान | राष्ट्रियगान | राष्ट्रियगान |
| ५:०१ | प्रारम्भिक उद्घोषण | प्रारम्भिक उद्घोषण | प्रारम्भिक उद्घोषण | प्रारम्भिक उद्घोषण | प्रारम्भिक उद्घोषण | प्रारम्भिक उद्घोषण | प्रारम्भिक उद्घोषण |
| ५:०२ | पशुपतिनाथको आरती गायन | पशुपतिनाथको आरती गायन | पशुपतिनाथको आरती गायन | पशुपतिनाथको आरती गायन | पशुपतिनाथको आरती गायन | पशुपतिनाथको आरती गायन | पशुपतिनाथको आरती गायन |
| ५.०६ | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी |
| ५.१० | जीवन विज्ञान ◈ | जीवन विज्ञान ◈ | जीवन विज्ञान ◈ | जीवन विज्ञान ◈ | जीवन विज्ञान ◈ | जीवन विज्ञान ◈ | जीवन विज्ञान ◈ |
| ५:२५ | अध्यात्म सन्देश◈ | अध्यात्म सन्देश◈ | अध्यात्म सन्देश◈ | अध्यात्म सन्देश◈ | अध्यात्म सन्देश◈ | अध्यात्म सन्देश◈ | अध्यात्म सन्देश◈ |
| ५:५० | संस्कृतमा समाचार | संस्कृतमा समाचार | संस्कृतमा समाचार | संस्कृतमा समाचार | संस्कृतमा समाचार | संस्कृतमा समाचार | संस्कृतमा समाचार |
| ६:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| ६:०५ | अखवार कार्यक्रम (समाचार महाशाखा) | अखवार कार्यक्रम (समाचार महाशाखा) | अखवार कार्यक्रम (समाचार महाशाखा) | अखवार कार्यक्रम (समाचार महाशाखा) | अखवार कार्यक्रम (समाचार महाशाखा) | अखवार कार्यक्रम (समाचार महाशाखा) | अखवार कार्यक्रम (समाचार महाशाखा) |
| ६:३० | अन्तर्संवाद (समाचार महाशाखा) | अन्तर्संवाद (समाचार महाशाखा) | अन्तर्संवाद (समाचार महाशाखा) | अन्तर्संवाद (समाचार महाशाखा) | अन्तर्संवाद (समाचार महाशाखा) | अन्तर्संवाद (समाचार महाशाखा) | अन्तर्संवाद (समाचार महाशाखा) |
| ६:५० | प्रोमो, सूचना, विज्ञापन, सन्देश | प्रोमो, सूचना, विज्ञापन, सन्देश | प्रोमो, सूचना, विज्ञापन, सन्देश | प्रोमो, सूचना, विज्ञापन, सन्देश | प्रोमो, सूचना, विज्ञापन, सन्देश | प्रोमो, सूचना, विज्ञापन, सन्देश | प्रोमो, सूचना, विज्ञापन, सन्देश |
| ७:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| ७:२५ | बीमा सचेतना कार्यक्रम⌘(१५ मी) | सञ्चार तथा सूचना ⌘(२० मी) | स्वदेशगान/ जागरण गीत | कानूनका कुरा(१ र ३) ⌘(१५ मी)(सन्तोष रेग्मी) | बैदेशिक रोजगारी ⌘(१५ मी) | स्वदेशगान/जागरण गीत | आर्थिक नेपाल ⌘(१५मी) |
| ७:४० | स्वदेशगान/जागरण गीत | स्वदेशगान/जागरण गीत | हाम्रो सभ्यता (नवीन दाहाल) | स्वदेशगान/जागरण गीत | स्वदेश गान | " | धितोपत्र तथा वस्तु विनिमय⌘ १ र ३ स्वदेश गान (२, ४ र ५) |

क्रमशः

| समय | आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|---|
| ८:०० | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार |
| ८:१० | शैक्षिक रेडियो कार्यक्रम ( विषयगत पाठ) १-२ | जलवायु र जीवन (पार्वती खड्का) | शैक्षिक बहस (टेकराज अवस्थी) | आजका नारी (चन्दा बिष्ट) | जागरण गीत | हाम्रो स्वास्थ्य (पूर्णचन्द्र घिमिरे) | विपद्का कुरा (गणेश थापा) |
| ८.२५ | " | " | " | " | सुशासन र समृद्धि (हरि गिरी) | " | " |
| ८:३५ | पौरखीको कथा (अर्जुन श्रेष्ठ) | सरोकार (मुकुन्द भण्डारी) | ८.४० मा शास्त्रीय सङ्गीत (१५) | " | " | " | सिप र सिर्जना (गोमा थापा) |
| ८.५५ | प्रोमो, विज्ञापन | प्रोमो, विज्ञापन | प्रोमो, विज्ञापन | प्रोमो, विज्ञापन | प्रोमो, विज्ञापन | प्रोमो, विज्ञापन | प्रोमो, विज्ञापन |
| ९:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| ९:१० | नेपाल भाषामा समाचार | नेपाल भाषामा समाचार | नेपाल भाषामा समाचार | नेपाल भाषामा समाचार | नेपाल भाषामा समाचार | नेपाल भाषामा समाचार | नेपाल भाषामा समाचार |
| ९:२० | ज्येष्ठ नागरिक (राजनकुमार कार्की) | हाम्रो संस्कृति हाम्रो परम्परा (हेमन्तराज उप्रेती) | प्रेमको सन्देश (२५मी)◈ | विश्व परिवेश कार्यक्रम (प्रज्ञा शरद) | नागरिक शिक्षा (नयाँ) (भानुभक्त खड्का) | समय सन्दर्भ (मुकुन्द भण्डारी) | हाम्रो भुगोल (साबित्री केसी) |
| ९:४५ | नेपाली चलचित्रका गीत | नेपाली चलचित्रका गीत | नेपाली चलचित्रका गीत | नेपाली चलचित्रका गीत | " | " | नेपाली चलचित्रका गीत |
| १०:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| १०:०५ | नेपाल भाषाको कार्यक्रम (समाचार महाशाखा) | देश दर्शन (राधा ढुङ्गाना) (२५मि) | म्यूजिक मन्त्र (दिवाकर शर्मा) | लेकबेसी (राजेन्द्र भण्डारी) | लोकलहरी (नरहरि न्यौपाने) | साहित्य संसार (ताराप्रसाद वस्ती/सरोज रिजाल) | स्थलगत रेडियो बहस |
| १०.३५ | " | आधुनिक गीत | " | " | " | आधुनिक गीत | " |
| ११:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |

सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल

## केन्द्रीय प्रसारण - दिउँसोको कार्यक्रम प्रसारण तालिका

| समय | आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|---|
| ११:०५ | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी | कार्यक्रमबारे जानकारी |
| ११:१० | सिलसिला कार्यक्रम (हरि गिरी) | हाम्रो चासो कार्यक्रम (रीता तिमल्सिना) | शुभेच्छा कार्यक्रम (रीता तिमल्सिना) | बदलिँदो जीवन शैली (खुमा वली) | सुरसप्तक (दिवाकर शर्मा) | युवा संसार (दुर्गा अधिकारी) | जीवनयात्रा कार्यक्रम (उषा लोहनी) |
| ११:४० | आधुनिक गीत | लोकदोहोरी | " | लोकगीत | " | लोकदोहोरी | " |
| ११:५५ | सूचना/विज्ञापन | सूचना/विज्ञापन | सूचना/विज्ञापन | सूचना/विज्ञापन | सूचना/विज्ञापन | सूचना/विज्ञापन | सूचना/विज्ञापन |
| १२:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| १२.०५ | परदेशीको सन्देश (५५मी) ◈ | के तिमी मेरो साथी बन्छौ ? (रुक्मिणी पोखरेल) | जीवन सुख कार्यक्रम (चन्दा बिष्ट) | म्यूजिक एण्ड क्वीज (रमेश भट्ट) | सेरोफेरो (माया वली) | स्रष्टा र सिर्जना (रमेश भट्ट) | घरसंसार (रुक्मिणी पोखरेल) |
| १:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| १:०५ | अघिल्लो दिन प्रसारित कृषि कार्यक्रम पुनः प्रसारण◈ | अघिल्लो दिन प्रसारित कृषि कार्यक्रम पुनः प्रसारण◈ | अघिल्लो दिन प्रसारित कृषि कार्यक्रम पुनः प्रसारण◈ | अघिल्लो दिन प्रसारित कृषि कार्यक्रम पुनः प्रसारण◈ | अघिल्लो दिन प्रसारित कृषि कार्यक्रम पुनः प्रसारण◈ | अघिल्लो दिन प्रसारित कृषि कार्यक्रम पुनः प्रसारण◈ | अघिल्लो दिन प्रसारित कृषि कार्यक्रम पुनः प्रसारण◈ |
| १:२० | म्यूजिकल आवर कार्यक्रम | म्युजिक क्याफे (सूर्य लामा) | नेपाली चलचित्रका गीत | सङ्गीत साधना (दुर्गा अधिकारी) | देश दर्शन पुन प्रसारण (राधा ढुङ्गाना) | फ्यानबक्स (अनिता आचार्य) | लोक गीत |
| १:३० | " | " | " | " | " | " | नाटक |
| १:५५ | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन |
| २:०० | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार |
| २:१५ | प्रदेश प्रसारणअन्तर्गत सातै प्रदेशबाट छुट्टाछुट्टै कार्यक्रमहरू | प्रदेश प्रसारणअन्तर्गत सातै प्रदेशबाट छुट्टाछुट्टै कार्यक्रमहरू | प्रदेश प्रसारणअन्तर्गत सातै प्रदेशबाट छुट्टाछुट्टै कार्यक्रमहरू | प्रदेश प्रसारणअन्तर्गत सातै प्रदेशबाट छुट्टाछुट्टै कार्यक्रमहरू | प्रदेश प्रसारणअन्तर्गत सातै प्रदेशबाट छुट्टाछुट्टै कार्यक्रमहरू | प्रदेश प्रसारणअन्तर्गत सातै प्रदेशबाट छुट्टाछुट्टै कार्यक्रमहरू | प्रदेश प्रसारणअन्तर्गत सातै प्रदेशबाट छुट्टाछुट्टै कार्यक्रमहरू |

सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल

## बागमती प्रादेशिक प्रसारण - कार्यक्रम प्रसारण तालिका

| समय | आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|---|
| २:१५ | प्रदेशप्रसारण आरम्भ धून | प्रदेशप्रसारण आरम्भ धून | प्रदेशप्रसारण आरम्भ धून | प्रदेशप्रसारण आरम्भ धून | प्रदेशप्रसारण आरम्भ धून | प्रदेशप्रसारण आरम्भ धून | प्रदेशप्रसारण आरम्भ धून |
| २:१७ | स्वदेश गान | स्वदेश गान | स्वदेश गान | स्वदेश गान | स्वदेश गान | स्वदेश गान | स्वदेश गान |
| २:२० | लोक गीत | लोकगीत | स्वर साधना (विद्या चौधरी) | समय सङ्गीत (अनिता आचार्य) | सम्झना र संदेश (रुक्मिणी पोखरेल) | चलचित्रका गीत | लोकदोहोरी |
| २:५५ | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) |
| ३:०० | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) |
| ३:१५ | दनुवार भाषाको समाचार | दनुवार भाषाको समाचार | दनुवार भाषाको समाचार | दनुवार भाषाको समाचार | दनुवार भाषाको समाचार | दनुवार भाषाको समाचार | दनुवार भाषाको समाचार |
| ३:२५ | आधुनिक गीत | (रेडियो नेपालमा दर्ताभएका नयाँ गीतहरू) | बागमती सेरोफेरो (कल्पना बास्तोला) | राष्ट्रभाषाका गीत | राष्ट्रभाषाका गीत | पौरखीको कथा (पुनः प्रसारण) | सङ्गीत माला (रमेश भट्ट) |
| ३:५५ | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन |
| ४:०० | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) |
| ४:०५ | शेर्पा भाषाको समाचार | शेर्पा भाषाको समाचार | शेर्पा भाषाको समाचार | शेर्पा भाषाको समाचार | शेर्पा भाषाको समाचार | शेर्पा भाषाको समाचार | शेर्पा भाषाको समाचार |
| ४:१५ | वैदेशिक रोजगारी (तामाङ भाषामा)⌘ | तामाङ भाषाको कार्यक्रम स्याल्गार | उर्दु भाषाको कार्यक्रम गुलसन ए नेपाल | नेपाल भाषाको कार्यक्रम जीवनदबु | शेर्पा भाषाको कार्यक्रम श्यार्वी डोलुगकी ल्यारिम | तामाङ भाषाको कार्यक्रम स्याल्गार | दनुवार भाषाको कार्यक्रम हामोई दनुवार |
| ४:३० | बागमती पर्यटन डायरी◈ | " | " | " | " | " | " |
| ४:५५ | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) | प्रोमो/सूचना/विज्ञापन (केन्द्रीय प्रसारण) |
| ५:०० | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) | समाचार (केन्द्रीय प्रसारण) |
| ५:०५ | तामाङ भाषाको समाचार | तामाङ भाषाको समाचार | तामाङ भाषाको समाचार | तामाङ भाषाको समाचार | तामाङ भाषाको समाचार | तामाङ भाषाको समाचार | तामाङ भाषाको समाचार |
| ५:१५ | विषयगत श्रव्य पाठ पुनः प्रसारण (३०मी) ◈ | विषयगत श्रव्य पाठ पुनः प्रसारण (३०मी) ◈ | विषयगत श्रव्य पाठ पुनः प्रसारण (३०मी) ◈ | विषयगत श्रव्य पाठ पुनः प्रसारण (३०मी) ◈ | विषयगत श्रव्य पाठ पुनः प्रसारण (३०मी) ◈ | विषयगत श्रव्य पाठ पुनः प्रसारण (३०मी) ◈ | विषयगत श्रव्य पाठ पुनः प्रसारण (३०मी) ◈ |
| ५:४५ | उर्दु भाषामा समाचार | उर्दु भाषामा समाचार | उर्दु भाषामा समाचार | उर्दु भाषामा समाचार | उर्दु भाषामा समाचार | उर्दु भाषामा समाचार | उर्दु भाषामा समाचार |
| ५:५९ | प्रदेश प्रसारण समाप्त | प्रदेश प्रसारण समाप्त | प्रदेश प्रसारण समाप्त | प्रदेश प्रसारण समाप्त | प्रदेश प्रसारण समाप्त | प्रदेश प्रसारण समाप्त | प्रदेश प्रसारण समाप्त |

सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल

केन्द्रीय प्रसारण - बेलुकीको प्रसारण तालिका

| समय | आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|---|
| ६:०० | मैथिलीभाषामा समाचार (बर्दीबासको हुक गर्ने) | मैथिलीभाषामा समाचार (बर्दीबासको हुक गर्ने) | मैथिलीभाषामा समाचार (बर्दीबासको हुक गर्ने) | मैथिलीभाषामा समाचार (बर्दीबासको हुक गर्ने) | मैथिलीभाषामा समाचार (बर्दीबासको हुक गर्ने) | मैथिलीभाषामा समाचार (बर्दीबासको हुक गर्ने) | मैथिलीभाषामा समाचार (बर्दीबासको हुक गर्ने) |
| ६:१० | प्रदेश समाचार | प्रदेश समाचार | प्रदेश समाचार | प्रदेश समाचार | प्रदेश समाचार | प्रदेश समाचार | प्रदेश समाचार |
| ६:२० | बेलुकी प्रसारण हुने कार्यक्रमबारे जानकारी | बेलुकी प्रसारण हुने कार्यक्रमबारे जानकारी | बेलुकी प्रसारण हुने कार्यक्रमबारे जानकारी | बेलुकी प्रसारण हुने कार्यक्रमबारे जानकारी | बेलुकी प्रसारण हुने कार्यक्रमबारे जानकारी | बेलुकी प्रसारण हुने कार्यक्रमबारे जानकारी | बेलुकी प्रसारण हुने कार्यक्रमबारे जानकारी |
| ६:२५ | बालवाटिका कार्यक्रम (प्रमिला गजुरेल) | बालवाटिका कार्यक्रम (बलराम कोइराला) | स्वास्थ्य गतिविधि⌘ प्रायोजित नभएमा लोकगीत | बालवाटिका कार्यक्रम (विद्या चौधरी) | बालवाटिका कार्यक्रम (बिमला राई) | बालगीत | कृषि मौसम सल्लाह बुलेटिन⌘ |
| ६:४० | कृषि कार्यक्रम ◈ | कृषि कार्यक्रम ◈ | कृषि कार्यक्रम ◈ | कृषि कार्यक्रम ◈ | कृषि कार्यक्रम ◈ | कृषि कार्यक्रम ◈ | कृषि कार्यक्रम ◈ |
| ६:५५ | सूचना/सन्देश/विज्ञापन | सूचना/सन्देश/विज्ञापन | सूचना/सन्देश/विज्ञापन | सूचना/सन्देश/विज्ञापन | सूचना/सन्देश/विज्ञापन | सूचना/सन्देश/विज्ञापन | सूचना/सन्देश/विज्ञापन |
| ७:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| ७:२५ | घटना र विचार | घटना र विचार | शैक्षिक कार्यक्रम◈ | घटना र विचार | घटना र विचार | घटना र विचार | शैक्षिक कार्यक्रम◈ |
| ७:४० | समर्पण राष्ट्का लागि◈ (१२ मि.) (१,३) अन्य स्वदेश गान | प्रहरी कार्यक्रम ◈ | लोकगीत | लोक गीत | प्रहरी कार्यक्रम ◈ | काठमाण्डौ उपत्यकामा खानेपानी◈ (१०मी)(२,४) अन्यमा लोकगीत | लोक गीत |
| ८:०० | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार | अङ्ग्रेजीमा समाचार |
| ८:१० | नेपाली सैनिक ◈ (३०मी) | आधुनिक गीत | आधुनिक गीत | स्वरोजगार कार्यक्रम (टंकनाथ खनाल) | समानता (भीम घिमिरे) | आदर्श जीवन (नवीन दाहाल) | नेपाल एण्ड वियोण्ड (कौशल घिमिरे) |
| ८:२५ | " | विषयगत श्रव्य पाठ प्रसारण (३०मी) १-२ ◈ | विषयगत श्रव्य पाठ प्रसारण (३०मी) १-२ ◈ | विषयगत श्रव्य पाठ प्रसारण (३०मी) १-२ ◈ | विषयगत श्रव्य पाठ प्रसारण (३०मी) १-२ ◈ | विषयगत श्रव्य पाठ प्रसारण (३०मी) १-२ ◈ | विषयगत श्रव्य पाठ प्रसारण (३०मी) १-२ ◈ |
| ८:४५ | शास्त्रीय सङ्गीत | " | " | " | " | " | " |
| ८:५५ | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन | प्रोमो/सूचना/विज्ञापन |

क्रमशः

| समय | आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|---|
| ९:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| ९:१५ | हाम्रो बोली (विद्या चौधरी) | हाम्रो संस्कृति हाम्रो परम्परा (पुन :प्रसारण) | खेल संसार (मनुका कुँवर) | सद्भावीयता र समृद्धि (डिल्ली रिमाल) | स्थलगत रेडियो बहस (पुन :प्रसारण) | हाम्रो स्वास्थ्य कार्यक्रम (पुनः प्रसारण) (पूर्णचन्द्र घिमिरे) | साहित्य संसार (पुनःप्रसारण) (सरोज रिजाल) |
| ९:३० | " | " | " | " | " | | " |
| ९:४५ | सदावहार गीत | सदावहार गीत | सदावहार गीत | सदावहार गीत | " | " | सदावहार गीत |
| १०:०० | हिन्दीमा समाचार | हिन्दीमा समाचार | हिन्दीमा समाचार | हिन्दीमा समाचार | हिन्दीमा समाचार | हिन्दीमा समाचार | हिन्दीमा समाचार |
| १०:१० | सिलसिला कार्यक्रम पुनः प्रसारण (हरि गिरी) | विम्बप्रतिविम्ब (प्रमिला गजुरेल) | गजलगङ्गा (विद्या उपाध्याय) | सङ्गीत साधना कार्यक्रम (पुनःप्रसारण) | मधुरिमा (हिन्दीगीतको कार्यक्रम) मुकेशकुमार मिश्र | रोधी (नरहरि न्यौपाने) | घरदेश परदेश (हेमन्तराज उप्रेती) |
| १०:४० | पुराना गीत | " | " | पुराना गीत | " | " | पुराना गीत |
| ११:०० | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार | समाचार |
| ११:०५ | नियमित प्रसारण सेवा समाप्त अतिरिक्त रात्रिकालीन प्रसारणमा खुमलटारबाट गीतसङ्गीत प्रसारण मिहान ४:५५ सम्म | नियमित प्रसारण सेवा समाप्त अतिरिक्त रात्रिकालीन प्रसारणमा खुमलटारबाट गीतसङ्गीत प्रसारण मिहान ४:५५ सम्म | नियमित प्रसारण सेवा समाप्त अतिरिक्त रात्रिकालीन प्रसारणमा खुमलटारबाट गीतसङ्गीत प्रसारण मिहान ४:५५ सम्म | नियमित प्रसारण सेवा समाप्त अतिरिक्त रात्रिकालीन प्रसारणमा खुमलटारबाट गीतसङ्गीत प्रसारण मिहान ४:५५ सम्म | नियमित प्रसारण सेवा समाप्त अतिरिक्त रात्रिकालीन प्रसारणमा खुमलटारबाट गीतसङ्गीत प्रसारण मिहान ४:५५ सम्म | नियमित प्रसारण सेवा समाप्त अतिरिक्त रात्रिकालीन प्रसारणमा खुमलटारबाट गीतसङ्गीत प्रसारण मिहान ४:५५ सम्म | नियमित प्रसारण सेवा समाप्त अतिरिक्त रात्रिकालीन प्रसारणमा खुमलटारबाट गीतसङ्गीत प्रसारण मिहान ४:५५ सम्म |

**नोटः**

१. ◈ *प्रायोजित कार्यक्रम : प्रायोजक संस्थाके तर्फबाट उत्पादित-व्यापार महाशाखाबाट सम्झौता भई प्राप्त भएमा प्रसारण गरिने, नभएमा गीतसङ्गीत तथा अन्य कार्यक्रम प्रसारण गरिने ।*

२. ⌘ *प्रायोजित कार्यक्रम : रेडियो नेपालको तर्फबाट उत्पादित- व्यापार महाशाखाबाट सम्झौता भई प्राप्त भएमा उत्पादन गरी प्रसारण गरिने, नभएमा गीतसङ्गीत तथा अन्य कार्यक्रम प्रसारण गरिने ।*

३. *सूचना विज्ञापन : व्यापार महाशाखाबाट प्राप्त भएमा मात्र प्रसारण हुने । प्रोमो तथा जनहितकारी सन्देश समयसन्दर्भअनुसार प्रसारण गरिने ।*

सार्वजनिक सेवा प्रसारण, रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय धनकुटाको दैनिक कार्यक्रम तालिका

| समय / बार | २:१५-२:२५ | २:२५-३:०० | ३:००-३:१५ | ३:१५-३:३० | ३:३०-४:०० | ४:००-४:०५ | ४:०५-४:४० | ४:४०-४:४५ | ४:४५-५:०० | ५:००-५:०५ | ५:०५-५:३० | ५:३०-५:४५ | ५:४५-६:०० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आइतवार | सेवा आरम्भ स्वदेशगान | सँगालो कार्यक्रम | केन्द्रीय समाचार | हिन्दी गीत | नाटक | केन्द्रीय समाचार | विषयगत श्रव्य पाठ प्रसारण | प्रोमो | प्रदेश समाचार | केन्द्रीय समाचार | सम्मानको आँगन | प्रादेशिक कृषि<br>पहिलो हप्ता नेपाली<br>दोश्रो हप्ता राई वान्तावा<br>तेश्रो हप्ता लिम्बू<br>चौथो हप्ता पूर्वेली थारु | राई वान्तावा र लिम्बू भाषामा समाचार |
| सोमवार | सेवा आरम्भ स्वदेशगान | साहित्य संगम | केन्द्रीय समाचार | लिम्बू भाषामा कार्यक्रम नुनाम्फुङ |  | केन्द्रीय समाचार | नालीबेली कार्यक्रम/दर्ता तथा रेकर्ड गीत |  | प्रदेश समाचार | केन्द्रीय समाचार | गजल | विषयगत श्रव्यपाठ प्रसारण | राई वान्तावा र लिम्बू भाषामा समाचार |
| मंगलवार | सेवा आरम्भ स्वदेशगान | पशुपालन र जनजीवन पाक्षिक/ पप गीत | केन्द्रीय समाचार | सम्झना कोसेली कार्यक्रम |  | केन्द्रीय समाचार | राई वान्तावा भाषामा आम्नो मिन्यासी |  | प्रदेश समाचार | केन्द्रीय समाचार | चलचित्रका गीत | विषयगत श्रव्यपाठ प्रसारण | राई वान्तावा र लिम्बू भाषामा समाचार |
| बुधवार | सेवा आरम्भ स्वदेशगान | खुल्ला आकाश | केन्द्रीय समाचार | नारी आवाज | हिन्दी गीत | केन्द्रीय समाचार | सदावहार गीत |  | प्रदेश समाचार | केन्द्रीय समाचार | दोहोरी | विषयगत श्रव्यपाठ प्रसारण | राई वान्तावा र लिम्बू भाषामा समाचार |
| बिहिवार | सेवा आरम्भ स्वदेशगान | हाम्रो चिनारी | केन्द्रीय समाचार | एकै कलाकारका गीत | प्रदेश डायरी | केन्द्रीय समाचार | लिम्बू भाषामा कार्यक्रम नूनाम्फुङ |  | प्रदेश समाचार | केन्द्रीय समाचार | आधुनिक गीत | विषयगत श्रव्यपाठ प्रसारण | राई वान्तावा र लिम्बू भाषामा समाचार |
| शुक्रवार | सेवा आरम्भ स्वदेशगान | एकै राष्ट्रभाषाका गीतहरु | केन्द्रीय समाचार | पूर्वेली कलाकारका गीत |  | केन्द्रीय समाचार | लोक गीत |  | प्रदेश समाचार | केन्द्रीय समाचार | विविध गीत | विषयगत श्रव्यपाठ प्रसारण | राई वान्तावा र लिम्बू भाषामा समाचार |
| शनिवार | सेवा आरम्भ स्वदेशगान | चलचित्रका गीतहरु | केन्द्रीय समाचार | रेडियो क्वीज फन एण्ड वीन |  | केन्द्रीय समाचार | राई वान्तावा भाषामा कार्यक्रम आम्नो लेमासी |  | प्रदेश समाचार | केन्द्रीय समाचार | हिन्दी गीत | विषयगत श्रव्यपाठ प्रसारण | राई वान्तावा र लिम्बू भाषामा समाचार |

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल १०३ मेगाहर्ज **महानगर एफ.एम. विराटनगर**को दैनिक कार्यक्रम प्रसारण तालिका :

| समय/ बार | ११:०५ | ११:१५ | ११:३० | १२:०० | १२:१५ | १:०० | १:०५ | १:३० | १:४५-२:०० |
|---|---|---|---|---|---|---|---|---|---|
| आइतबार | स्वदेशगान | राष्ट्र भाषाका गीतहरु | समाज र संस्कृति *संजना चौधरी* | केन्द्रीय समाचार | नमस्ते महानगर (चलचित्रका गीत) दुर्गा केशी *सम्फना, शुभकामना सन्देश* | केन्द्रीय समाचार | बिबिध गीत | महानगर खबर | स्वदेशगान समापन |
| सोमबार | | पुराना हिन्दी गीतहरु | लोक सुशेली गोपालप्रसाद पोखरेल | केन्द्रीय समाचार | नमस्ते महानगर (आधुनिक गीत, गजल) प्रकाश रिजाल *श्रोताले प्रतिभा सुनाउने* | केन्द्रीय समाचार | चलचित्र गीत | महानगर खबर | स्वदेशगान समापन |
| मंगलबार | | थारु गीत | आधुनिक तथा पप गीत | केन्द्रीय समाचार | नमस्ते महानगर ( विविध गीतहरु ) अनुष *झलकका गीत रोज्ने* | केन्द्रीय समाचार | हिन्दी गीत (नयाँ नयाँ) | महानगर खबर | स्वदेशगान समापन |
| बुधबार | | राजबंशी भाषाका गीत | स्वास्थ्य सरोकार दुर्गा केसी | केन्द्रीय समाचार | नमस्ते महानगर (हिन्दी गीतहरु) इन्दिरा भटराई *सम्फना, शुभकामना सन्देश* | केन्द्रीय समाचार | तपाईसँग महानगर (गोपाल, कुमोद, इन्दिरा, अन्जना ) | महानगर खबर | स्वदेशगान समापन |
| बिहिबार | | मैथिली गीत | सञ्चारग्राम साहित्य (पुन प्रसारण) | केन्द्रीय समाचार | नमस्ते महानगर (आधुनिक गीत, गजल) अन्जना पराजुली *श्रोताले प्रतिभा सुनाउने* | केन्द्रीय समाचार | रुपान्तरणका स्वरहरु (इन्दिरा) | महानगर खबर | स्वदेशगान समापन |
| शुक्रबार | | समावेशी आवाज *(बाबुराम मुडियारी)* | पूर्वेली लोकगीतहरु | केन्द्रीय समाचार | नमस्ते महानगर (विविध गीतहरु) बलराम दाहाल *झलकका गीत रोज्ने* | केन्द्रीय समाचार | आधुनिक गीत | महानगर खबर | स्वदेशगान समापन |
| शनिबार | | भोजपुरी गीत | नेपाली चलचित्रका गीत | केन्द्रीय समाचार | प्रश्नमाला *( क्विज कार्यक्रम) ..गोपालप्रसाद पोखरेल* | केन्द्रीय समाचार | लोक दोहोरी | महानगर खबर | स्वदेशगान समापन |

सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल १०३ मेगाहर्ज **महानगर एफ.एम. विराटनगर**को दैनिक कार्यक्रम प्रसारण तालिका :

| समय/ बार | ११:०५ | ११:१५ | ११:३० | १२:०० | १२:१५ | १:०० | १:०५ | १:३० | १:४५-२:०० |
|---|---|---|---|---|---|---|---|---|---|
| आइतबार | | राष्ट्र भाषाका गीतहरु | समाज र संस्कृति *संजना चौधरी* | केन्द्रीय समाचार | नमस्ते महानगर (चलचित्रका गीत) दुर्गा केशी *सम्फना, शुभकामना सन्देश* | केन्द्रीय समाचार | बिबिध गीत | महानगर खबर | स्वदेशगान समापन |
| सोमबार | स्वदेशगान | पुराना हिन्दी गीतहरु | लोक सुशेली गोपालप्रसाद पोखरेल | केन्द्रीय समाचार | नमस्ते महानगर (आधुनिक गीत, गजल) प्रकाश रिजाल *श्रोताले प्रतिभा सुनाउने* | केन्द्रीय समाचार | चलचित्र गीत | महानगर खबर | स्वदेशगान समापन |
| मंगलबार | | थारु गीत | आधुनिक तथा पप गीत | केन्द्रीय समाचार | नमस्ते महानगर ( विविध गीतहरु ) अनुष *झलकका गीत रोज्ने* | केन्द्रीय समाचार | हिन्दी गीत (नयाँ नयाँ) | महानगर खबर | स्वदेशगान समापन |
| बुधबार | | राजबंशी भाषाका गीत | स्वास्थ्य सरोकार दुर्गा केसी | केन्द्रीय समाचार | नमस्ते महानगर (हिन्दी गीतहरु) इन्दिरा भटराई *सम्फना, शुभकामना सन्देश* | केन्द्रीय समाचार | तपाईसँग महानगर (गोपाल, कुमोद, इन्दिरा, अन्जना ) | महानगर खबर | स्वदेशगान समापन |
| बिहिबार | | मैथिली गीत | सञ्चारग्राम साहित्य (पुन प्रसारण) | केन्द्रीय समाचार | नमस्ते महानगर (आधुनिक गीत, गजल) अन्जना पराजुली *श्रोताले प्रतिभा सुनाउने* | केन्द्रीय समाचार | रुपान्तरणका स्वरहरु (इन्दिरा) | महानगर खबर | स्वदेशगान समापन |
| शुक्रबार | | समावेशी आवाज *(बाबुराम मुडियारी)* | पूर्वेली लोकगीतहरु | केन्द्रीय समाचार | नमस्ते महानगर (विविध गीतहरु) बलराम दाहाल *झलकका गीत रोज्ने* | केन्द्रीय समाचार | आधुनिक गीत | महानगर खबर | स्वदेशगान समापन |
| शनिबार | | भोजपुरी गीत | नेपाली चलचित्रका गीत | केन्द्रीय समाचार | प्रश्नमाला *( क्विज कार्यक्रम) ..गोपालप्रसाद पोखरेल* | केन्द्रीय समाचार | लोक दोहोरी | महानगर खबर | स्वदेशगान समापन |

## सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दीबासको दैनिक कार्यक्रम तालिका ( २०८२/१२/०४ )

| बार/समय ⇩ ⇨ | २:१५-२:३० | २:३०-३:०० | ३:००-३:१५ | ३:१५-४:०० | ४:००-४:१५ | ४:१५-४:३० | ४:३०-४:४५ | ४:४५-४:५५ | ४:५५-५:०० | ५:००-५:१५ | ५:१५-५:४५ | ५:४५-५:५५ | ५:५८-५:५९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आइतबार | प्रारम्भ/ स्वदेशगान | बज्जिका हलचल | केन्द्रीय समाचार | हिन्दी गित | केन्द्रीय समाचार र बज्जिका समाचार | बैदेशिक रोजगारी | नेपाली आधुनिक गीत | नेपाली प्रदेश समाचार | मैथिली समाचार | केन्द्रीय समाचार र मगही समाचार | महिनाको पहिलो आइतवार हाम्रो बर्दिवास राम्रो बर्दिवास/ श्रब्य पाठ | भोजपुरी समाचार | समापन/ उद्घोषण |
| सोमबार | प्रारम्भ/ स्वदेशगान | मगही भाषा संस्कृति | केन्द्रीय समाचार | मैथिली अप्पन मिथिला | केन्द्रीय समाचार र बज्जिका समाचा | हिन्दी गित | | नेपाली प्रदेश समाचार | मैथिली समाचार | केन्द्रीय समाचार र मगही समाचार | श्रब्य पाठ | भोजपुरी समाचार | समापन/ उद्घोषण |
| मङ्गलबार | प्रारम्भ/ स्वदेशगान | थारु भाषाको गीत | केन्द्रीय समाचार | भोजपुरीया सनेस | केन्द्रीय समाचार र बज्जिका समाचा | नेपाली भाषाको कार्यक्रम गीत संगीत | | नेपाली प्रदेश समाचार | मैथिली समाचार | केन्द्रीय समाचार र मगही समाचार | श्रब्य पाठ | भोजपुरी समाचार | समापन/ उद्घोषण |
| बुधबार | प्रारम्भ/ स्वदेशगान | बज्जिका संगीत लहर | केन्द्रीय समाचार | मगही भाषाको बैठार कार्यक्रम | केन्द्रीय समाचार र बज्जिका समाचा | भोजपुरी वैदेशिक रोजगारी | हिन्दी गित | नेपाली प्रदेश समाचार | मैथिली समाचार | केन्द्रीय समाचार र मगही समाचार | श्रब्य पाठ | भोजपुरी समाचार | समापन/ उद्घोषण |
| बिहीबार | प्रारम्भ/ स्वदेशगान | नेपाली भाषाको लोकगीत | केन्द्रीय समाचार | भोजपुरी रसमजरी | केन्द्रीय समाचार र बज्जिका समाचा | हिन्दी गित/ अन्तिम विहीवार हाम्रो मलगवा प्यारो मलंगवा | | नेपाली प्रदेश समाचार | मैथिली समाचार | केन्द्रीय समाचार र मगही समाचार | श्रब्य पाठ | भोजपुरी समाचार | समापन/ उद्घोषण |
| शुक्रबार | प्रारम्भ/ स्वदेशगान | मगही भाषाको विकास निर्माण | केन्द्रीय समाचार | मैथिली भाषा गामघर | केन्द्रीय समाचार र बज्जिका समाचा | हिन्दी गित | | नेपाली प्रदेश समाचार | मैथिली समाचार | केन्द्रीय समाचार र मगही समाचार | श्रब्य पाठ | भोजपुरी समाचार | समापन/ उद्घोषण |
| शनिबार | प्रारम्भ/ स्वदेशगान | नेपाली भाषामा अनुरोध संगीत | केन्द्रीय समाचार | मैथिली भाषामा मिथिला संगम | केन्द्रीय समाचार र बज्जिका समाचा | हिन्दी गित | | नेपाली प्रदेश समाचार | मैथिली समाचार | केन्द्रीय समाचार र मगही समाचार | श्रब्य पाठ | भोजपुरी समाचार | समापन/ उद्घोषण |

सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय गण्डकी प्रदेश, पोखराबाटको दैनिक कार्यक्रम तालिका

| बार/समय ⇩ ⇨ | २:१५-२:३० | २:३०-३:०० | ३:००-३:१५ | ३:१५-४:०० | ४:००-४:०५ | ४:०५-४:३० | ४:३०-४:४५ | ४:४५-५:०० | ५:००-५:०५ | ५:००-५:१५ | ५:१५-५:४५ | ५:४५-५:५५ | ५:५५-६:०० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आइतबार | प्रारम्भ/ स्वदेशगान | हाम्रो रीति ,हाम्रै संस्कृति (पुरुषोत्तम न्यौपाने) | समाचार | श्रोता संजाल (सबिता तिमल्सीना) | समाचार | विषयगत श्रव्य पाठ | चलचित्रका गीतहरु | प्रदेश समाचार | समाचार | गुरुङ भाषामा समाचार | .नेपाल बीमा प्राधिकरण,गण्डकी प्रदेशद्धारा प्रायाजित कार्यक्रम मासिकक रुपमा (पहिलो हप्त) .सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकीद्धारा प्रायाजित कार्यक्रम हाम्रो स्वास्थ्य सरोकार( पाक्षिक– दोस्रो र चौथो हप्ता) .तेस्रो हप्ता लोक दोहोरी गीतहरु | मगर भाषामा समाचार | लोकभाका /समापन |
| सोमबार | प्रारम्भ/ स्वदेशगान | गण्डकी संवाद (गोविन्द थापा ) | समाचार | चित्र संगीत (शान्ति कूमारी शाही) | समाचार | कानुङ दुट कानुङ रोष (मगर भाषाको कार्यक्रम) (खेम सारु ) | लोक दोहोरी गीतहरु | प्रदेश समाचार | समाचार | गुरुङ भाषामा समाचार | विषयगत श्रव्य पाठ | मगर भाषामा समाचार | लोकभाका /समापन |
| मङ्गलबार | प्रारम्भ/ स्वदेशगान | गण्डकी कुञ्ज (पुर्णिमा पराजुली ) | समाचार | प्रतिभा मञ्च (गोविन्द थापा | समाचार | आधुनिक गीतहरु | राष्ट्रभाषाका गीतहरु | प्रदेश समाचार | समाचार | गुरुङ भाषामा समाचार | विषयगत श्रव्य पाठ | मगर भाषामा समाचार | लोकभाका /समापन |
| बुधबार | प्रारम्भ/ | समय सन्दर्भ | समाचार | गण्डकीक | समाचार | ड्योइ क्ह्युइ | पप गीतहरु | प्रदेश | | गुरुङ | विषयगत श्रव्य पाठ | मगर | लोकभाका |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वदेशगान | (शान्ति कूमारी शाही ) | | । सुसेली (पुरुषोत्तम न्यौपाने ) | | ड्योइ छ्या( गुरुङ भाषाको कार्यक्रम) (शिला गुरुङ | | समाचार | | भाषामा समाचार | | भाषामा समाचार | /समापन |
| बिहीबार | प्रारम्भ/ स्वदेशगान | स्वर श्रष्टा (पुरुषोत्तम न्यौपाने) | समाचार | अनुरोध संगीत (पुर्णिमा पराजुली) | समाचार | रीन्हाक (मगर भाषाको कार्यक्रम ) (हर्क आले | आधुनिक गीतहरु | प्रदेश समाचार | समाचार | गुरुङ भाषामा समाचार | विषयगत श्रव्य पाठ | मगर भाषामा समाचार | लोकभाका /समापन |
| शुक्रबार | प्रारम्भ/ स्वदेशगान | विकासमा खेलकुद (गोविन्द थापा ) | समाचार | गीत गुञ्जन (दिपा कार्की) | समाचार | डोसेमिसे (गुरुङ भाषाको कार्यक्रम) (इन्दिरा गुरुङ) | गण्डकीका भाकाहरु | प्रदेश समाचार | समाचार | गुरुङ भाषामा समाचार | विषयगत श्रव्य पाठ | मगर भाषामा समाचार | लोकभाका /समापन |
| शनिबार | प्रारम्भ/ स्वदेशगान | गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय अन्तर्गतको प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशद्धारा प्रायोजित कार्यक्रम समुन्नत गण्डकी | समाचार | श्रोता क्वीज | समाचार | उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी द्धारा प्रायोजित कार्यक्रम गण्डकीमा पर्यटन | राष्ट्रभाषाका गीतहरु | प्रदेश समाचार | समाचार | गुरुङ भाषामा समाचार | विषयगत श्रव्य पाठ | मगर भाषामा समाचार | लोकभाका /समापन |

## रेडियो नेपाल प्रादेशिक प्रशारण कार्यालय सुर्खेतको कार्यक्रम प्रसारण तालिका

| बार/समय | २:१५-२:३० | २:३०–३:०० | ३:००–३:१५ | ३:१५– ४:०० | ४:००–४:१५ | ४:१५–४:४५ | ४:४५–५:०० | ५:००–५:१५ | ५:१५–५:४५ | ५:४५–६:०० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आइतबार | स्वदेशगान | आपन भाषा आपन गीत (अवधि) | केन्द्रीय समाचार | पप गीत<br>३:३० देखि आधुनिक गीत | केन्द्रीय समाचार/ मगर खाम समाचार | देउडा गीत<br>वैदेशिक रोजगारी कार्यक्रम | राष्ट्रभाषाका गीत | केन्द्रीय समाचार/ खस भाषामा समाचार | विषयगत श्रव्यपाठ प्रसारण | विपद र कानुनी सचेतना कार्यक्रम |
| सोमबार | स्वदेशगान | गेगेमी कुईख्याङ (मगर खाम) | केन्द्रीय समाचार | लोकथुंगा कार्यक्रम | केन्द्रीय समाचार/ मगर खाम समाचार | कार्यक्रम हाम्मा कुणा (खस) | प्रदेश समाचार | केन्द्रीय समाचार/ खस भाषामा समाचार | विषयगत श्रव्यपाठ प्रसारण | चलचित्रका गीत |
| मङ्गलबार | स्वदेशगान | चलचित्रका गीत | केन्द्रीय समाचार | कार्यक्रम फोन इन | केन्द्रीय समाचार/ मगर खाम समाचार | कार्यक्रम उत्तरार्ध | प्रदेश समाचार | केन्द्रीय समाचार/ खस भाषामा समाचार | विषयगत श्रव्यपाठ प्रसारण | यातयात र सडक सुरक्षा कार्यक्रम (अन्तिम मंगलबार)/ देउडा गीत |
| बुधबार | स्वदेशगान | हमार पहुरा (थारु) | केन्द्रीय समाचार | कार्यक्रम फोन इन | केन्द्रीय समाचार / मगर खाम समाचार | लोक गीत | प्रदेश समाचार | केन्द्रीय समाचार/ खस भाषामा समाचार | विषयगत श्रव्यपाठ प्रसारण | प्रदेश डायरी (दोस्रो र अन्तिम हप्ता)/ लोकदोहोरी गीत |
| बिहीबार | स्वदेशगान | हमार गीत (थारु) | केन्द्रीय समाचार | चलचित्रका गीत<br>३:३० मा कार्यक्रम साहित्य सृजना | केन्द्रीय समाचार/ मगर खाम समाचार | दुवारे मुहारे कार्यक्रम (अवधि) | प्रदेश समाचार | खस भाषामा समाचार केन्द्रीय समाचार/ | विषयगत श्रव्यपाठ प्रसारण | खस भाषाको रेबार (पहिलो र तेस्रो हप्ता) / लोक गीत |
| शुक्रबार | स्वदेशगान | गेमी गीत (खाम मगर) | केन्द्रीय समाचार | कार्यक्रम फोन इन | केन्द्रीय समाचार/ मगर खाम समाचार | कार्यक्रम हबैको बोली (खस) | प्रदेश समाचार | केन्द्रीय समाचार/ खस भाषामा समाचार | विषयगत श्रव्यपाठ प्रसारण | योजना र विकास कार्यक्रम(पहिलो र तेस्रो हप्ता) / देउडा गीत |
| शनिबार | स्वदेशगान | लोकदोहोरी गीत | केन्द्रीय समाचार | कार्यक्रम जनसरोकार<br>(३:४५ देखि) देउडा गीत | केन्द्रीय समाचार/ मगर खाम समाचार | राष्ट्रभाषाका गीत | (४:३० देखि) रेडियो नाटक | केन्द्रीय समाचार/ खस भाषामा समाचार | विषयगत श्रव्यपाठ प्रसारण | कार्यक्रम जलसम्पदा ( दोस्रो र चौंथो हप्ता)/ आधुनिक गीत |

नोटः विशेष पर्व, उत्सव तथा महत्वपूर्ण दिवसहरुमा विशेष कार्यक्रम उत्पादन गरी प्रसारण गरिन्छ।

# देवघाट गाउँपालिकाको अनुरोध

देवघाट गाँउपालिकाको कार्यालय, परिवार, देवघाट तनहुँ गण्डकी प्रदेश

- सकारात्मक सोचका साथ विकासीय कार्यमा सहयोग गरौं।
- आफ्नो घर आँगन टोलबस्ती सधैं सफा र हराभरा राखौं।
- गर्भवती महिलाहरु अनिवार्य रुपले सुविधायुक्त स्वास्थ्य संस्थामा प्रसूति गराऔं।
- बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौं।
- जन्म, मृत्यु, बसाईंसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं। सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौं।
- पसल व्यवसाय संचालन गर्दा अनुमति लिएर मात्र गर्ने गरौं र समय मै वार्षिक नवीकरण गरौं।
- गाउँपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौं।
- बालवालिकाहरुलाई काममा होइन, विद्यालय पठाऔं। बालमैत्री ब्यवहार कायम गरौं।
- आफ्नो घर वरपर रुख विरुवा रोपी हरियाली र सुन्दर नगर बनाऔं।
- अर्गानिक खेतीलाई प्राथमिकता दिई स्वस्थ्य जीवन बिताउँ।

रेडियो नेपालको ७६औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा

सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।



राजिव पन्थी
प्रमुख प्रशासकिय अधिकृत



भुवन सिहं गुरुङ्ग
उपाध्यक्ष



तिल बहादुर थापा मगर
अध्यक्ष

# सरावल गाँउपालिकाको अनुरोध

सरावल गाँउपालिकाको कार्यालय, परिवार,सरावल नवलपरासी(ब.सु.प)

- सकारात्मक सोचका साथ विकासीय कार्यमा सहयोग गरौं।
- आफ्नो घर आँगन टोलबस्ती सधैं सफा र हराभरा राखौं।
- सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौं।
- पसल व्यवसाय संचालन गर्दा अनुमति लिएर मात्र गर्ने गरौं र समय मै वार्षिक नवीकरण गरौं।
- गाउँपालिकामा बुझाउनुपर्ने कर समयमै बुझाई जरिवाना तिर्नबाट बचौं। बालविवाह, बालश्रम तथा बाल शोषणको अन्त्य गरी बाल अधिकार सुनिश्चित गरौं।
- आगलागीका घटना हुन नदिन घर बाहिर चुल्हो बाल्ने कार्य नगरौं।
- जन्म, मृत्यु, बसाईंसराइ, विवाहदर्ता तथा सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र दर्ता गराऔं।
- जेष्ठ नागरिकहरुलाई सम्मानका साथ उचित स्याहार सुसार गरौं।
- गर्भवती महिलाले कम्तिमा ४ पटक स्वास्थ्यकर्मीबाट गर्भ जाँच गराऔं। सकेसम्म सरकारी स्वास्थ्य संस्था नै रोजौं।
- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔ, लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ,घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं, सुत्ने बेलामा झुल लगाएर सुतौ।

रेडियो नेपालको ७६औं वार्षिकोत्सव तथा नयाँ वर्ष २०८३ को अवसरमा

सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।



श्रीप्रसाद गौतम
प्रमुख प्रशासकिय अधिकृत



बासमती चमार
उपाध्यक्ष



सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

बीमा सचेतना



▶ प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसंग खुलाई भर्ने ।

▶ बीमालेखमा उल्लेखित सम्पुर्ण शर्त एवम् सुविधा बारे जानकारी लिएर मात्र बीमा गर्ने ।



▶ बीमितले आफ्नो आवश्यकता, पेशा व्यवसाय एवम् आम्दानीको स्रोत समेतलाई मध्यनजर गरी बीमा गर्नु पर्दछ, अन्यथा समयावधि पुरा नहुँदै बीमालेखलाई निरन्तरता दिन नसकिने हुन सक्दछ ।

▶ बीमालेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय इच्छाईएको व्यक्तिको नाम, बीमालेख बमोजिम दाबी रकम पाउने र नपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडी नै बुझ्नुपर्दछ ।



▶ बीमितले बीमाशुल्क बुझाएपछि यसको आधिकारिक भर्पाई वा रसिद लिनुपर्दछ ।

▶ बीमा गरिसकेपछि आफूले बीमा गरेको बारेमा परिवारका सदस्य तथा इच्छाईएको व्यक्तिलाई जानकारी गराउनुपर्दछ ।

▶ बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वयम् ले भर्नुपर्दछ । बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न नसक्ने भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ ।

▶ बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रोसंग बुझेर मात्र बीमा गर्नुपर्दछ ।

▶ बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमै बीमामलेख नवीकरण गर्नुपर्नेछ ।

▶ बीमा सम्बन्धी नीति नियमहरु बारे जानकारी राख्नुपर्दछ।



▶ आफूले खरिद गरेको बीमालेखसंग सम्बन्धित सम्पूर्ण कागजातहरु सुरक्षित राख्नुपर्दछ ।

▶ प्रविधिको विकाससंगै विभिन्न बैंक तथा डिजिटल माध्यम मार्फत घरमै बसी बीमाशुल्क बुझाउन सकिने भएको हुँदा सो सम्बन्धी यथेष्ट जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ ।

#INSURANCE_PROMOTION
#बीमा_प्रवर्द्धन



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

Lalitpur-10, Kupondole, Nepal
+977-5421079, 5428604, 5438743
1660-01-56789 (Toll Free Number)
info@nia.gov.np, ir@nia.gov.np, ujuri@nia.gov.np, gunaso@nia.gov.np, itsupport@nia.gov.np



# पोखरा महानगरपालिका कास्कीको अनुरोध

पोखरा महानगरपालिका परिवार,कास्की

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा पर्यटकीय राजधानी पोखरा नगरबासी सम्पूर्णमा सुख, शान्ति समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

- पर्यटकहरु हाम्रा पाहुना हुन पाहुनाहरुको स्वागत,सत्कार र सम्मान गरौं ।
- पर्यटकीय स्थलहरुको संरक्षण गरौं । प्राकृतिक सम्पदाहरुको जथाभावी दोहन नगरौं ।
- वडा कार्यलयमा बुझाउनु पर्ने कर समयमा नै बुझाई जरिवाना तिर्न बाट बचौ ।
- बालुवा गिटी तथा निर्माण सामाग्रीहरु सडक बाटोमा थुपारेर सडक अवरोध नगरौं ।
- गमी समयमा सांझपख बाहुला भएको लुगा लगाउँ, राती सुत्दा झुलको प्रयोग गरौ र मलेरिया कालाजार,डेङ्गी जस्ता रोगहरुबाट बचौ ।
- आफ्नो टोल तथा वडा सधैं सफा राखौं ।
- वातावरण जोगाउन रुख रौपौं,हरियाली बनाउँ ।
- सार्वजनिक सम्पत्तीको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा मादक पदार्थ सेवनगरी होहल्ला नगरौं ।
- अग्निजन्य सामाग्री प्रयोग गरिसके पछि सुरक्षित स्थानमा राखौं र आगलागी हुनबाट बचाऔं ।



प्रमुख प्रशासकीय अधिकृत
मुक्तिराम अर्याल



उप प्रमुख
मञ्जुदेवी गुरुङ



प्रमुख
धनराज आचार्य

## एच.आई.भी. संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी जानकारी

एच.आई.भी. संक्रमण अहिलेको समयमा एक जटिल चुनौती रहेपनि समयमै पहिचान र नियमित उपचारले संक्रमित व्यक्ति सामान्य व्यक्ति सरह स्वस्थ र मर्यादित जीवन बिताउन सक्छन् ।

**जान्नै पर्ने मुख्य कुराहरु:**

- नियमित परीक्षण: आफ्नो एच.आई.भी. अवस्था थाहा पाउनका लागि नजिकैको सरकारी स्वास्थ्य संस्था वा (ART) केन्द्रमा गई नि:शुल्क र गोप्य रुपमा रगत परीक्षण गराऔं ।
- नि:शुल्क औषधि: एच.आई.भी. संक्रमित व्यक्तिहरुका लागि नेपाल सरकारले ए.आर.टी.(ART) औषधि नि:शुल्क उपलब्ध गराउँदै आएको छ ।
- भेदभाव नगरौं: एच.आई.भी. संक्रमित व्यक्तिलाई माया, सद्भाव र सहयोग गरौं, उनीहरुलाई समाजमा विभेद गर्नु कानुनी र मानवीय रुपमा गलत छ ।
- सुरक्षित व्यवहार: असुरक्षित शारीरिक सम्पर्कबाट बचौं र सधैं सुरक्षित उपायहरु अपनाऔं ।
- समयमै परीक्षण गरौं, नियमित औषधि सेवन गरौं र मर्यादित जीवन बिताऔं ।
- थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न हुन अनुरोध गर्दै, नयाँ वर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**निर्देशक**
**डा. ज्ञान बहादुर बस्नेत**
एवं, स्वास्थ्य निर्देशनालय परिवार, धनकुटा



## श्री याज्ञवल्क्य संस्कृत मा.वि.ज्ञानकुप
## जनकपुरधाम

### जनकपुरधाम–८, धनुषाको भर्ना सम्बन्धी सूचना

**नयाँ बर्ष २०८३ को उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

आदरणिय अभिभावकज्यू तपाईंहरूको अपार साथ सहयोगका कारण यो विद्यालय आफ्नो छुट्टै स्थान नेपालको शैक्षिक जगत्मा स्थापना गर्न सफल भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा भर्ना हुन २०८२ मा SEE सहभागी विधार्थीहरूका लागि यही २०८३ वैशाख ४ गते देखि तयारी कक्षा सञ्चालन हुने व्यहोरा सहर्ष जानकारी गराईन्छ ।

**कक्षा ११मा संचालित कार्यक्रमहरु**

१. विज्ञान समूहमा भर्ना हुने २० जना छात्रा र ५ जना दलीत विधार्थीलाई बार्षिक रु १०,०००/ छात्रवृति प्रदान गरिनेछ । साथै भर्ना हुने सबै विधार्थीलाई नि:शुल्क पाठ्यपुस्तक दिइनेछ ।
२. बाणिज्य समूह भर्ना हुने सबै विधाथीलाई नि:शुल्क पाठ्यपुस्तक दिइनेछ र छात्रा तथा दलीतका लागि विशेष छात्रवृति प्रदान गरिनेछ ।
३. संस्कृत समूह भर्ना हुने सवै विधाथीलाई नि:शुल्क पाठ्यपुस्तक दिइनेछ साथै १५ जना छात्रालाई विशेष छात्रवृति प्रदान गरिनेछ ।
४. प्राविधिक कम्प्युटर इन्जिनियरिङ समूह भर्ना हुने सबै विद्याथीलाई नि:शुल्क पाठ्यपुस्तक दिइनेछ ।

हाम्रो विशेषताहरु

- दक्ष अध्यापकहरुद्वारा शिक्षण सिकाइ
- डिजिटल कक्षा कोठा
- पूस्तकालयको व्यवस्था भएको
- प्रयोगशालाको व्यवस्था भएको
- यातायातको सुविधा भएको
- एस.एम.एस. सुविधा भएको
- एम.वी.वी.एस. र इन्जिनियरिङमा विगतमा विद्यार्थीहरु छात्रवृतिमा नाम निकाल्न सफल ।



# जीतपुरसिमरा उपमहानगरपालिकाको अनुरोध

- जीतपुरसिमरा उपमहानगरपालिकालाई सफा, स्वच्छ, सुन्दर, समुन्नत र हराभरा बनाउने काममा सधैं जुटौं ।
- जीतपुरसिमरा उपमहानगरपालिका भित्र विभिन्न स्थानमा रहेको वन जङ्गलमा लाग्ने डढेलो नियन्त्रणमा सबैले सहयोग पुऱ्याउँ ।
- उपमहानगरपालिका क्षेत्रभित्र रहेका सडक र सार्वजनिक स्थलमा जथाभावी फोहर नफालौं नगरलाई सफा राखौं ।
- उपमहानगरपालिका क्षेत्रभित्र रहेका सडक तथा बाटोहरुमा पशुचौपाया छाडा नछाडौं ।
- घरेलु हिंसाविरुद्ध डटेर लडौं, सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याउँ ।
- बच्चा जन्मिएको वर्ष दिनभित्र सबै खोप लगाऔं र रोग लाग्नबाट बचाऔं ।
- पसल व्यवसाय सञ्चालन गर्दा अनुमति लिएर मात्रै गर्ने गरौं र समयमै नवीकरण गरौं ।
- उपमहानगरपालिकामा रहेको पर्यटकीय स्थलको संरक्षण, संवर्धन र प्रचारप्रसार गरी आन्तरिक र वाह्य पर्यटक भित्राई जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक समृद्धिमा सहभागी बनौं ।

नगर प्रमुख : राजन पौडेल

उप प्रमुख : भोला प्रसाद अधिकारी

प्रमुख प्रशासकिय अधिकृत : डमरु प्रसाद निरौला

## सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यतामा आयोजित रेडियो नेपालको ७५ औं वार्षिकोत्सव (हीरक महोत्सव), २०८१ का केही झलकहरू













## रेडियो नेपालको ७५औं वार्षिकोत्सव (हीरक महोत्सव) को अवसरमा आयोजित शास्त्रीय सङ्गीत सम्मेलन र राष्ट्रिव्यापी आधुनिक गीत प्रतियोगिताका केही झलकहरू




















तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय जगदीश खरेलबाट रेडियो नेपालको अवलोकन










## कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिमका झलक







तस्विर संयोजन : मिलन ढुँगाना/ रोम थापा


लुम्बिनी
सहयात्रा
बचत खाता
आकर्षक ब्याजदर
सहयात्रा
विश्वास र जिम्मेवारीको...
निःशुल्क
ATM/Visa डेबिट कार्ड
मोबाईल तथा इन्टरनेट बैंकिङ्ग
उच्चतम ब्याजदर सहित बीमा सुविधा
रू. ५ लाखसम्म दुर्घटना बीमा
ईन्स्योरेन्स पार्टनर:
Neco Insurance Ltd.
लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
CUSTOMER CARE: 01-5970369
01-4513232, 01-4513234
Find us in social media

## श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारलाई वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने सेवाहरू:

### आर्थिक सहायता

- करार अवधि र करार अवधि समाप्त भएको एक वर्षभित्र वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएमा कामदारको परिवारको सदस्यलाई १०,००,००० (दश लाख रुपैयाँ)।
- करार अवधि र करार अवधि समाप्त भएको एक वर्षभित्र वैदेशिक रोजगारका क्रममा कामदारको कुनै कारणले अङ्गभङ्ग भएमा वा गम्भीर बिरामी भएमा त्यस्तो कामदारलाई विशेषज्ञ समितिले सिफारिस गरेअनुसार अधिकतम ७,००,००० (सात लाख रुपैयाँ)।
- वैदेशिक रोजगारमा गएको कुनै कामदारको कुनै कारणले मृत्यु भएमा वा अङ्गभङ्ग वा बिरामी भएमा त्यस्तो मृतकको हकवाला वा अङ्गभङ्ग वा बिरामी परेको कामदारले आर्थिक सहायताको लागि बोर्डमा निवेदन दिएमा त्यस्तो हकवाला वा कामदारले एकमुष्ट २५,००० (पच्चिस हजार रुपैयाँ)।

### निःशुल्क शव ढुवानी

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कुनै नेपाली कामदारको विदेशमा मृत्यु भएमा त्यस्तो मृतक कामदारको शव नेपालको अन्तर्राष्ट्रिय विमानस्थलबाट निजको घरठेगाना भएको नजिकको सडक बिन्दुसम्म निःशुल्क ढुवानी।

कामदारको परिवारलाई औषधि उपचार खर्च

- वैदेशिक रोजगारीमा गएका कुनै नेपाली कामदारको परिवारका सदस्य करार अवधिभित्र क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यक्रिया, पार्किन्सन तथा अल्जाइमर जस्ता गम्भीर प्रकृतिका रोगको उपचारका लागि बोर्डको सचिवालयले ५०,००० (पचासहजार रुपैयाँ)मा नबढ्ने गरी एक पटक उपचार खर्च उपलब्ध गराउने।

### छात्रवृत्ति सहयोग

- वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएको/अङ्गभङ्ग/गम्भीर बिरामी भएको कामदारको विद्यालयस्तरमा अध्ययन गर्ने १८ वर्ष उमेर पुरा नभएको छोरा/छोरीलाई कक्षा ८ सम्म वार्षिक १२ हजार रुपैयाँ र कक्षा ९ देखि कक्षा १२ सम्म वार्षिक १६ हजार रुपैयाँ।

### कानूनी सहायता

- कुनै कानूनी कारवाहीमा परेका वा कुनै फौजदारी अभियोग लागेका वा कुनै अभियोग लागि विदेशको कारागारमा बन्दी जीवन व्यतित गरिरहेको श्रम स्वीकृत लिई वैदेशिक रोजगारमा गएका कामदारका निमित्त सम्बन्धित मुलुकमा रहेका नेपाली दुतावास/नियोगसँग आवश्यक समन्वय र सहकार्य गरी कानूनी सहायता/प्रतिरक्षा प्रदान गर्ने।

### मृतक कामदारको शव झिकाउने

- वैदेशिक रोजगारमा गएको कामदारको मृत्यु भई शव अलपत्र परेमा सम्बन्धित मुलुकमा रहेका नेपाली दुतावास/नियोगसँग आवश्यक समन्वय र सहकार्य गरी त्यस्तो अलपत्र परेको शव नेपाल झिकाउने।

### स्वदेश फिर्ता झिकाउने

- कानूनी सजाय पाएको, दुर्घटनामा परेको वा बिरामी भएको कारणले आर्थिक अभाव भई स्वदेश फिर्ता हुन नसकी अलपत्र परेको वा कुनै कारणले स्वदेश फिर्ता गर्नु पर्ने ठहरिएको र करार अवधि समाप्त भएको दुई वर्ष ननाघेको वैदेशिक रोजगारमा गएको कामदारलाई सम्बन्धित मुलुकमा रहेका नेपाली दुतावास/नियोगसँग आवश्यक समन्वय र सहकार्य गरी स्वदेश फिर्ता ल्याउने।

### सुरक्षित गृहको सञ्चालन

- रोजगारी गुमाई वा अन्य कारणले अलपत्र परेका वैदेशिक रोजगारमा गएका कामदारलाई सम्बन्धित मुलुकमा रहेका नेपाली दुतावास/नियोगसँग आवश्यक समन्वय र सहकार्य गरी उद्धार गरी सुरक्षित राख्ने वा नेपाल फर्किएका र तत्काल घर जान नसक्ने अवस्थामा रहेका कामदारलाई केही समय राख्न सुरक्षित गृहको व्यवस्था गर्ने र त्यसको खर्च व्यहोर्ने काम समेत बोर्डले गर्दछ।

### शुल्क सोधभर्ना

- वैदेशिक रोजगारीमा जानका लागि छनोट भएका महिला कामदारले अभिमुखीकरण तालिम लिंदा तिरेको शुल्क उक्त अभिमुखीकरण तालिम लिएको प्रमाण पेश गरेपछि फिर्ता हुने।


**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौं

फोन नं.: ०१-५३२०३११, ५३२०४३३

Email: info@feb.gov.np, welfare@feb.gov.np

Website: www.feb.gov.np

टोलफ्री नं. १६६००१५०००५

टेलिमेडिसिन, इमो, भाइबर, ह्वाटसएप: बिहान (१० बजेदेखि साँझ ६ बजेसम्म)९८५१३४५७०१/७०२

इमो: ९८०१३०००३३, शुल्क नलाग्ने नम्बर: ९८०८०००३३, ०१५९७०००८ (२४ सै घण्टा)

श्रमाधान (कल सेन्टर) ११४१, १६६००१५०००५ NTC बाट निःशुल्क